सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणमा राजनीतिक दलहरू र लोकतन्त्र

दलहरूको नीति निर्माण

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स

सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणमा राजनीतिक दलहरू र लोकतन्त्र

दलहरूको नीति निर्माण

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडीआई) आधारभूत मानवअधिकारलाई मान्यता प्रदान गर्ने र प्रवर्द्धन गर्ने लोकतान्त्रिक समाजहरूमा बाँच्न चाहने विश्वभरीका जनताका आकांक्षाहरूलाई सम्बोधन गर्ने गैरनाफामूलक, तटस्थ गैरसरकारी संस्था हो ।

सन् १९८३ मा स्थापित एनडीआई, र यसका स्थानीय साझेदारहरूले राजनीतिक दल, नागरिक संघसंस्था र संसदहरूको सुदृढीकरण, निर्वाचनहरूको सुरक्षा, र सरकारमा नागरिक सहभागिता, खुलापन र जवाफदेहिता प्रवर्द्धन गर्दै प्रजातान्त्रिक संघसंस्था तथा अभ्यासहरूलाई सहयोग पुऱ्याउने र सुदृढ बनाउने काम गर्दै आएका छन् ।

एक सयभन्दा बढी मुलुकका कर्मचारी र स्वयंसेवी राजनीतिक अभ्यासकर्ताको साथले एनडीआईले व्यक्ति तथा समूहहरूलाई आफ्ना विचार, ज्ञान, अनुभव र विशेषज्ञता आदानप्रदान गर्न एकै ठाउँमा ल्याउने काम गर्दछ।साझेदारहरू अन्तर्राष्ट्रिय लोकतान्त्रिक विकासक्रमका असल अभ्यासहरूसँग विस्तृत रूपमा परिचित हुन्छन्, जसलाई आफ्नो देशको आवश्यकता अनुसार अनुकूलन गर्न सकिन्छ । एनडीआईको बहुराष्ट्रिय अवधारणाले सबैका लागि एउटै लोकतान्त्रिक नमूना नभए पनि केही प्रमुख सिद्धान्तहरू सबै लोकतान्त्रिक मुलुकहरूमा साझा रहने सन्देशलाई पुनःजोड दिन्छ ।

एनडीआईले गर्ने कामले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा स्थापित सिद्धान्तहरूको सम्मान गर्दछ ।यसले नागरिक, राजनीतिक संस्था र निर्वाचित पदाधिकारीहरूबिच सञ्चारको संस्थागत माध्यमको विकासलाई पनि प्रवर्द्धन गर्नुका साथैनागरिकहरूको जीवनको गुणस्तरमा सुधार ल्याउने उनीहरूको क्षमतालाई सुदृढ बनाउँछ । एनडीआईका बारेमा थप जानकारीका लागि कृपया www.ndi.org मा हेर्नुहोस् ।

दलसम्बन्धी कानुन, उमेदवारको छनौट र दलसँग सम्बन्धित आर्थिक मामिला जस्ता विषयहरूमा अनुसन्धानमार्फत एनडीआईले दलीय राजनीतिका विविध पक्षहरूमा तुलनात्मक जानकारी उपलब्ध गराउँदै अझ बढी प्रभावकारी र समावेशी दलहरूको निर्माणमा रहेका व्यवधानहरूका साथै त्यसप्रतिका सम्भावित अवधारणाहरूमाथि प्रकाश पार्दछ । प्राज्ञिक विश्लेषणका साथै व्यावहारिक दलीय अनुभवमा आधारित हुँदै एनडीआईको *सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणमा राजनीतिक दलहरू र लोकतन्त्र* शृङ्खलाले राजनीतिक दलहरूको भूमिका र कार्यसम्पादनमा महत्वपूर्ण रहने विषयहरूको समीक्षा गर्दछ ।

दलहरूको नीति निर्माण
नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट

संसदीय समूहहरू
डा. नोर्म केली, सेन्टर फर डमोक्रेटिक इन्स्टिच्युसन्स र सेफाकोर आसीयागबोर, नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट

संसदीय वा विधायिका उमेदवारहरूको छनौट
सेफाकोर आसीयागबोर, नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट

दलसम्बन्धी कानुन अवलम्बन
डा. केनेथ जाण्डा, नर्थवेस्टर्न विश्वविद्यालय

राजनीतिक वित्तसम्बन्धी नीति, दल र लोकतान्त्रिक विकास
डा. माइकल जोन्स्टन, कोलगेट विश्वविद्यालय

दलसम्बन्धी सञ्चारमा विकास
डा. पिप्पा नोरिस, जोन एफ. केनेडी स्कुल अफ गभर्मेन्ट, हार्वाड युनिभर्सिटी

पार्टीभित्रको आन्तरिकलोकतन्त्रको कार्यान्वयन
डा. सुसन स्कारो, ह्यूस्टन विश्वविद्यालय

संसदीय वा विधायिका उमेदवारहरूको छनौट
सेफाकोर आसीयागबोर, नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट

दलसम्बन्धी कानुन अवलम्बन
डा. केनेथ जाण्डा, नर्थवेस्टर्न विश्वविद्यालय

एनडीआईको राजनीतिक दलसम्बन्धी कार्यक्रमबारे थप जानकारीका लागि वा यी प्रकाशनहरूको विद्युतीय प्रति प्राप्त गर्नको लागि *एनडीआई*को वेबसाइट www.ndi.org हेर्नुहोस् ।

प्रतिलिपि अधिकार © : नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडीआई), २०१३ । सर्वाधिकार सुरक्षित । सामग्रीको स्रोतका रूपमा एनडीआईको नाम उल्लेख गरी र कुनै अनुवादको प्रति उपलब्ध गराई यस प्रकाशनका अंशहरूको गैरव्यावसायिक प्रयोजनका लागि पुनःउत्पादन वा अनुवादन गर्न सकिनेछ ।संयुक्त राज्य अमेरिकामा प्रकाशित ।

४५५ म्यासाच्युशेट्स् एभ्येन्यु, एन.डब्ल्यु.
आठौँ तल्ला
वाशिङ्टन, डिसी २०००१
टेलिफोन : २०२-७२८-५५००
फ्याक्स : २०२-७२८-५५२०

यो प्रकाशन अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) अन्तर्गत सेन्टर अफ एक्सिलेन्स अन डेमोक्रेसी, ह्युमन राइट्स एण्ड गर्भनेन्सले अवार्ड नं डी.एफ.डी-ए-००-०८-००३५०-०० को सर्त अन्तर्गत उपलब्ध गराएको सहयोगबाट सम्भव भएको हो । यहाँ व्यक्त विचारहरू लेखकका हुन् र त्यसले अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी)को धारणालाई प्रतिबिम्बित गर्दैन ।

आइ.एस.बी.एन.: ९७८-१-८८०१३४-३९-९

NDI
NATIONAL DEMOCRATIC INSTITUTE FOR INTERNATIONAL AFFAIRS

USAID
FROM THE AMERICAN PEOPLE

विषयवस्तु

कृतज्ञता १३

प्राक्कथन १५

कार्यकारी सारांश १७

भाग १: तुलनात्मक खण्ड २२

परिचय २२

दलको पहिचान २३

दलको पहिचानलाई प्रभावित गर्ने परिस्थितिजन्य कारकतत्वहरू २४

रेखाचित्र १ :दलको पहिचानलाई प्रभावित गर्ने परिस्थितिजन्य कारक तत्वहरू २५

दल पहिचानका अंशहरू २८

रेखाचित्र २ : दलको पहिचानका विभिन्न आयामहरू २८

टेक्स्ट बक्स १: संयुक्त अधिराज्यको लेबर पार्टीमा युनियनहरू रनीति ३१

विचारधारा र दलको नीति ३४

सामजिक तथा आर्थिक सन्दर्भमा विचारधारा ३४

टेक्स्ट बक्स २ : विभिन्न विचारधाराहरूको उदयमाथि आर्थिक तथा सामाजिक प्रभावहरू ३६

नीति निर्माणमा विचारधाराको भूमिका ३८

तालिका १ : विचारधाराले नीतिलाई कसरी सुसूचित गर्दछ ३९

राजनीतिक सिद्धान्त र मूल्यहरूको विकास र अद्यावधिक गर्ने कार्य ४२

दलमा एकता ४५

नीतिगत चक्र, सरोकारवाला र दलका नियमहरू ४८

नीतिगत चक्र र नीतिका प्रकारहरू ४८

चित्र ३ : आधारभूत नीति निर्माण चक्र ४८

चित्र ४ : दलको नीति विकासका उद्देश्यहरू ४९

टेक्स्ट बक्स ३ : क्रोएसियाको सोसियल डेमोक्रेटिक पार्टीको संरचनाले कसरी नीतिलाई प्रभाव पार्छ ५०

दलको नीति निर्माणका सरोकारवालाहरू ५०

टेक्स्ट बक्स ४ : क्यानेडियन लिबरल पार्टीको पिंक बुक ५३
टेक्स्ट बक्स ५ : संयुक्त राज्य अमेरिकाका थिंक ट्यांकहरू ५६
दलको नीति निर्माणका नियमहरू ५७
दलको नीतिको मस्यौदा लेखन तथा अनुमोदन ६१
नीति मस्यौदा कार्य संयोजनका संयन्त्रहरू ६१
मुद्दा पहिचान र पृष्ठभूमिको अनुसन्धान ६२
चित्र ५ : नीति तर्जुमा र अनुमोदन ६३
चित्र ६ : नीतिगत धारणाको विकास ६६
परामर्श ६७
टेक्स्ट बक्स ६: जनमत अनुसन्धान र दलसम्बन्धी नीति निर्माण ६९
नीतिको अनुमोदन ७३
तालिका २ : दलसम्बन्धी नीति अनुमोदनका विकल्पहरू ७३
चित्र ७: दलको सम्मेलनहरूमा हुने नीतिगत बहसहरूको संरचना ७६
नीति कार्यान्वयन र प्रतिवेदन ७७
तालिका ३ : नीतिगत प्रस्तावहरूको प्रचारप्रसार ७८
चित्र ८: दलसम्बन्धी नीतिको कार्यान्वयन ७९
कार्यकारी अङ्ग ८१
संसदीय समूहहरू ८२
गठबन्धनहरू र सम्झौता ८५
नीतिगत एजेण्डा प्रभावित गर्ने विपक्षीका प्रयासहरू ८८
टेक्स्ट बक्स ७: संसदमा नीति प्रभावित गर्ने विपक्षी प्रयासहरू ८९
निष्कर्ष ९७
अनुसूचीहरू १०६
अनुसूची १: दलका मूल्यमान्यता र सिद्धान्तहरू छलफल मार्गदर्शन १०६
तालिका ४: निश्चित राजनीतिक अवधारणाहरूमा वैचारिक दृष्टिकोण ११०
अनुसूची २ : विभिन्न परामर्श विधिहरूको फाइदा र वेफाइदाहरू ११२
अन्तिम नोटहरू : खण्ड १ ..... ११७
खण्ड २ : घटना अध्ययनहरू १२५
अफ्रिकी नेशनल कङ्ग्रेस, दक्षिण अफ्रिका १२६

टेक्स्ट बक्स ८ : पुननिर्माण र विकास कार्यक्रम....१३०

द कन्जर्भेटिभ पार्टी,.... १३२

संयुक्त अधिराज्य.... १३२

डेमोक्रेटिक र रिपब्लिकन पार्टीहरू, संयुक्त राज्य अमेरिका....१३८

चित्र ९: संयुक्त राज्य अमेरिकाको दुई दलीय प्रणाली....१३८

टेक्स्ट बक्स ९: लबी (पैरवी) समूहहरू १३९

चित्र १०: द डेमोक्रेटिक पार्टी प्लेटफर्म १४१

चित्र ११: द रिपब्लिकन पार्टी प्लेटफर्म १४२

बेल्जियम र क्यानाडाका ग्रीन पार्टीहरू....१४६

द फ्लेमिस ग्रीन पार्टी १४७

क्यानेडियन ग्रीन पार्टी १५१

टेक्स्ट बक्स १०: भिजन ग्रीन....१५२

टेक्स्ट बक्स ११: नीति निर्माणमा क्यानेडियन ग्रीन छायाँ सरकारको भूमिका १५४

टेक्स्ट बक्स १२: क्यानाडाको ग्रीन पार्टी र फ्लेमिस ग्रीन पार्टीबिच तुलना १५६

द इन्स्टीच्ययुशसनल रिभोल्युसनरी पार्टी, मेक्सिको....१५८

टेक्स्ट बक्स १३: द कोलोसियो फाउन्डेसन १६१

लेबर पार्टी, संयुक्त अधिराज्य....१६७

तालिका ५ : नेशनल पोलिसी फोरमका सदस्यहरू १७०

तालिका ६ : सन् २०१५ को घोषणापत्रका लागि आवश्यक क्रियाकलापको समयतालिका....१७५

लिबरल पार्टी, क्यानडा....१७६

टेक्स्टबक्स १४ : लिबरल पार्टीका नीति सम्बन्धी प्रस्तावहरू १७८

रेखाचित्र १२ : सन् २००९ मा आयोजित अधिवेशनपूर्वको समयक्रम १८१

टेक्स्टबक्स १५ : क्षेत्रीय घोषणापत्रहरू.... १८६

लिबरल पार्टी, फिलिपिन्स....१८७

रेखाचित्र १३ : पार्टी निकायहरूको सम्बन्धमा विधानमा उल्लेखित व्यवस्था....१८९

टेक्स्टबक्स १६ : प्रजनन स्वास्थ्य ऐन १९२

न्यु डेमोक्रेटिक पार्टी, ब्रिटिश कोलम्बिया, क्यानडा १९५

टेक्स्टबक्स १७ : 'पुनरावलोकन, नवीकरण, पुनर्निर्माण' प्रयास.....२०३

सोसल डेमोक्रेटिक पार्टी, बोस्निया र हर्जगोभिना..... २०४

युनियन अफ डेमोक्रेटिक फोर्सेस, बुल्गेरिया..... २१०

टेक्स्टबक्स १८ : सुधारका कार्यक्रमहरूको परिणामस्वरूप बनेको युनियन अफ डेमोक्रेटिक फोर्सेसका संचनाहरू... २१३

टेक्स्टबक्स १९ : युनियन अफ डेमोक्रेटिक फोर्सेस पार्टीका नीति विकास समूहहरू.....२१५

द युनियन फर अ पपुलर मुभमेन्ट, फ्रान्स.....२१७

रेखाचित्र १४ : द युनियन फर अ पपुलर मुभमेन्टको सन् २०१२ को घोषणापत्र निर्माण प्रक्रिया २२०

रेखाचित्र १५ : संख्याको आधारमा द युनियन फर अ पपुलर मुभमेन्टको नीति प्रक्रिया २२१

कृतज्ञता

यस प्रकाशन एनडीआईले दलसम्बन्धी नीतिहरूको निर्माणसम्बन्धी विश्वभरीका अनुभवबारे तयार गरेको अप्रत्यक्ष अध्ययन अनुसन्धान र पृष्ठभूमि कार्यपत्रहरूको शृंखलाको सम्मिश्रणमा आधारित छ ।

सेलिटो आरलेगले फिलिपिन्सको लिबेरल पार्टीका सम्बन्धमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभयो । उहाँ मिरियम कलेजमा अन्तर्राष्ट्रिय सम्बन्ध विषयको प्राध्यापक र काउन्सिल अफ एसियन लिबेरल्स् एण्ड डेमोक्रेट्सको कार्यकारी निर्देशक हुनुहुन्छ ।

डेनिस बायेर, विद्यावारिधीले संयुक्त राज्य अमेरिकामा डेमोक्रेटिक र रिपब्लिकन पार्टीहरूसम्बन्धी अध्ययन प्रस्तुत गर्नुभयो । उहाँको विशेषज्ञताका क्षेत्रहरूमा शासन व्यवस्था, राजनीतिक दल र अभियानहरू, अमेरिकी कङ्ग्रेस, लोकतान्त्रिकरण तथा राजनीतिक विकास, महिला तथा राजनीतिक र अनुसन्धान पद्धति रहेका छन् ।

जोहान ह्यामेल्स्ले क्यानडा र बेल्जियमका ग्रीन पार्टीहरूको अध्ययन अनुसन्धान गर्नु भएको छ । उहाँ बेल्जियमको ग्रीन पार्टीको संस्थापक सदस्य हुनुको साथै त्यसको अन्तर्राष्ट्रिय सचिव, राष्ट्रिय सञ्चालक समितिको अध्यक्ष र महासचिवका रूपमा काम गरिसक्नु भएको छ । हाल उहाँ क्यानडाको ग्रीन पार्टीको अन्तर्राष्ट्रिय सम्पर्कव्यक्ति हुनुहुन्छ ।

जामिखाया मासेटीले दक्षिण अफ्रिकाको अफ्रिकन नेशनलन कङ्ग्रेस (एएनसी) पार्टीको अनुभवहरू सम्बन्धमा पृष्ठभूमि कार्यपत्र लेख्नु भएको छ । मासेटीको विशेषज्ञताका क्षेत्रहरूमा विकास अध्ययन र राजनीतिक अर्थतन्त्र विश्लेषण रहेका छन् । उहाँ द सोवेटान, सिटी प्रेस, द स्टार, द सन्डे इन्डिपेन्डेन्ट, द केप टाइम्स् र द न्यु एज पत्रिकाहरूका लागि नियमित स्तम्भकार हुनुहुन्छ ।

डुयानियल मिटोभले बुल्गेरियाको युनियन अफ डेमोक्रेटिक फोर्सेसका अनुभवहरू सम्बन्धी पृष्ठभूमि कार्यपत्र लेख्नु भएको छ । हाल मिटोभ ब्रसेल्स्मा एनडीआईको आवासीय प्रतिनिधि हुन्छ र यस अघि इराकमा राजनीतिक दलसम्बन्धी कार्यक्रमका लागि कार्यक्रम व्यवस्थापकका रूपमा काम गरिसक्नु भएको छ ।

मारियो मित्रेले मेक्सिकोको इन्स्टीट्युसनल रिभोल्युसनरी पार्टी (पिआरआई)को नीति निर्माण विषयमा अध्ययन(अनुसन्धान गर्नुका साथै कार्यपत्रको मस्यौदामा टिप्पणी गर्नुभएको छ । मित्रेले विगतमा एनडीआईको कोलम्बिया र युक्रेनस्थित कार्यालयमा काम गर्नु भएकोछ र ल्याटिन अमेरिका, द क्यारेबियन र पश्चिम अफ्रिकाका राजनीतिज्ञ तथा नागरिक समाजका अगुवाहरूलाई सहयोग गर्नुभएकोछ ।

म्यारी ओ डोनोगुहले ब्रिटिशको लम्बियाको न्यु डेमोक्रेटिक पार्टी (बिसीएनडीपी)सम्बन्धी जानकारी उपलब्ध गराउन योगदान गर्नुभयो । ओ डानोगुह हाल एनडीआईको लिबियास्थित कार्यालयमा शासन व्यवस्था सम्बन्धी निर्देशकका रूपमा कार्यरत हुनुहुन्छ, र यस अघि उहाँ बिसीएनडीपी ककसको कार्यकारी निर्देशकका रूपमा काम गरिसक्नु भएको छ ।

अनिता भान्डेन्बेल्डले क्यानडाको लिबरल पार्टीको नीति निर्माण प्रक्रियाबारे पृष्ठभूमि कार्यपत्र प्रस्तुत गर्नुभएको छ । भान्डेन्बेल्ड समावेशी प्रजातन्त्रका विषयमा अन्तर्राष्ट्रिय परामर्शदाता हुनुहुन्छ र ओटावा वेस्ट-नेपेनमा पूर्व फेडरल लिबरल उमेदवार पनि हुनुहुन्छ । उहाँको संसदीय विकास, राजनीतिक दल तथा निर्वाचन, जवाफदेहिता र सुशासनको क्षेत्रमा विशेषज्ञता रहेको छ ।

बजार्ते तोराले दलको पहिचान सम्बन्धी खण्डका लागि उल्लेखनीय भागको मस्यौदा लेखन गर्नुभएको हो र नर्वेली दलहरूको अनुभव, विशेषगरी गठबन्धन निर्माणसम्बन्धी दृष्टिकोणहरू प्रस्तुत गर्नुका साथै यस प्रकाशनको मस्यौदा प्रतिहहरूमा विभिन्न टिप्पणी सुझावहरू उपलब्ध गराउनु भएकोछ । तोरा ओस्लो सेन्टर फर पिस एण्ड ह्युमन राइट्समा वरिष्ठ सल्लाहकार रहनुभएको छ, र उहाँसँग

इस्टोनिया, केन्या, लात्भिया, लिथुवानिया, रुस र बोस्निया-हर्जगोभिना जस्ता देशहरूका राजनीतिक दलहरूसँग काम गरेको ३० बर्ष भन्दा लामो अनुभव रहेको छ ।

साथै कार्यपत्रले सानोन ओ कोनेलले तयार गरेको एनडीआईको *राजनीतिक दल, सार्वजनिक नीति र सहभागितामूलक लोकतन्त्र*लाई सन्दर्भको रूपमा प्रयोग गरेको छ । सो प्रकाशनमा पहिला समावेश भएको बेलायतको कन्जर्भेटिभ र लेबर पार्टी, र युनियन फर अ पपुलर मुभमेन्टसम्बन्धी घटना अध्ययनहरूको सम्पादित प्रति यस कार्यपत्रमा समावेश गरिएको छ ।

आफ्ना अनुभवहरू बाँड्न सहमत हुने सबै राजनीतिक दलका पदाधिकारी र अभियन्ताहरूप्रति एनडीआई कृतज्ञ छ । उहाँहरूको योगदान बिना यो प्रकाशन सम्भव हुने थिएन । यस प्रकाशनको मस्यौदा प्रतिहरूमाथि टिप्पणी गर्नुहुने युनिभर्सिटी कलेज डब्लिन, स्कूल अफ पोलिटिक्स एण्ड इन्टरनेशनल रिलेसन्स्का प्राध्यापक डा. डेभिड फ्यारेल र अस्ट्रेलियन नेशनल युनिभर्सिटीको क्रफोर्ड स्कूल अफ पब्लिक पोलिसिका प्राध्यापक बेन्जामिन रेइलीलाई एनडीआई धन्यवाद दिन्छ। एनडीआईका कर्मचारीहरू फ्रान्सेस्का बिन्खा र एना राडिकभिचले पनि उपयोगी सल्लाहसुझावहरू प्रदान गरे ।

यस प्रकाशनको विकास र संग्रह गर्ने काम एनडीआईका सेफाकोर आसियागबोरबाट भयो र त्यसमा उनलाई देहायका व्यक्तिहरूको सहयोग प्राप्त भयो : एन्ड्रयु ब्लिंकीनसोफ, ह्याले बोवेन, नेम्जा गिरजिक, मेरेदित कात्ज, सामान्था रेल्जर र फिलिपा वुड ।

प्राक्कथन

सरकार र त्यसमाथि नियन्त्रण र प्रभाव जमाउन चाहने दलहरूले बढ्दो रूपमा जटिल सार्वजनिक मुद्दाहरूको सामना गर्दै आएका छन् । द्रुत रूपमा विकसित हुने घटनाहरूका साथै सञ्चारमाध्यमको २४ घण्टे चक्रका कारण राजनीतिक नेताहरूले सार्वजनिक भएका मुद्दाहरूलाई तत्कालै सम्बोधन गर्नुपर्ने हुन्छ । यस्ता दबाबहरूका कारण परामर्शका लागि सीमित अवसरहरू प्राप्त हुने गर्दछ र हतारमा तयार गरिएका नीतिगत अवधारणाहरूमा गरिएका समायोजनहरू सार्वजनिक भई थप समीक्षाको सामना गर्नुपर्ने हुनसक्छ । साथै युरोपियन सेन्ट्रल बैंक, युरोपियन कोर्ट अफ ह्युमन राइट्स एण्ड जस्टिस, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकलगायताका अन्तर्राष्ट्रिय शक्तिहरू वित्तीय र अन्य सरकारी सार्वजनिक मुद्दाहरूमा बढी प्रभावशाली बन्दै आइरहेका छन् । समानान्तर रूपमा नागरिकहरू सामाजिक सञ्जालका माध्यमहरू र अन्य फोरमहरू उन्मुख भएका छन् र त्यसबाट नीति निर्माण प्रक्रियामा आफ्नो बढ्दो प्रतिनिधित्वको माग गर्दै आफूसँग सम्बन्धित विषयमा बढी नियन्त्रण चाहिरहेका छन् । प्रचारमुखी र उग्रवादी समूहहरूको उदय निम्त्याएको विश्वव्यापी आर्थिक संकटको पृष्ठभूमिमा नागरिकहरूसँग आफ्ना आवश्यकताहरू पूरा गर्ने आफ्ना नेताहरूको क्षमतामाथि प्रश्न उठाउने कारणहरू धेरै छन् ।

नवगठितदलहरू आफैँसँग जल्दोबल्दो सार्वजनिक नीतिगत मुद्दाहरूलाई सम्बोधन गर्न प्रस्तावहरू तर्जुमा गर्ने क्षमता विरलै हुन्छ । त्यसका साथै उनीहरूले अर्थपूर्ण नीतिगत विकल्पहरू तर्जुमा कार्यमा प्रायः उल्लेखनीय निरुत्साहनको सामना गर्नुपर्ने हुन्छ । केही अवस्थामा, अभिभावकत्व मार्फत वा कुनै नेताको लोकप्रियाताको बलमा मतदाताहरूको परिचालन गर्ने कार्य बढी सहज र बढी प्रभावकारी देखिन्छ । प्रभुत्वशाली सत्तारूढ दल र निर्वाचनमा जित्नेले सबै लाने अवधारणाले पनि विपक्षी समूहहरूलाई यति सीमान्तकृत गरिदिन्छ कि उनीहरूको आधारभूत अस्तित्व नै जोखिममा पर्छ, र नीति तर्जुमा गर्ने कार्य विलासिताको विषय बन्न पुग्छ ।

राम्रोसँग सोचविचार गरी तयारी गरिएका नीतिहरूको विकासका लागि प्रायः शक्तिशाली हतोत्साहन हुने गरेको छ भने लोकतान्त्रिक समाजहरूमा नीति तर्जुमा कार्य राजनीतिक दलहरूको आधारभूत भूमिका हो । प्रभावकारी रूपमा सञ्चालित हुँदा राजनीतिक दलहरूले नागरिकहरूका स्थानीय चासोहरूलाई राष्ट्रिय सन्दर्भमा प्रस्तुत गर्दै सामाजिक हितहरूलाई एकीकृत गर्ने काम गर्दछन्। उनीहरूले वैकल्पिक सार्वजनिक नीतिगत प्रस्तावहरू प्रदान गर्दछन् । समाजका लागि भिन्न परिकल्पनाहरूको समर्थनमा नागरिकहरूलाई परिचालन गर्न मद्दत गर्ने र मतदाताहरूलाई शासनका लागि विकल्पहरू प्रदान गर्दछन्। निर्वाचनहरूले नागरिकहरूलाई ती विभिन्न नीतिगत प्रस्तावहरूबिच छनौट गर्ने र सरकारमा उनीहरूको कार्यसम्पादनका लागि दलहरूलाई जवाफदेही ठहऱ्याउने अवसर प्रदान गर्दछ। विभिन्न सार्वजनिक नीतिगत प्रस्तावहरूको प्रस्तुति र त्यसमाथिको बहसले हरेक दललाई आफ्ना धारणाहरू परिष्कृत गर्न र अन्यसँग साझा आधारको खोजी गर्न प्रोत्साहित गर्दछ । यसले जनताका लागि अझ राम्रो परिणामहरू निम्याउने काम गर्दछ । त्यसैकारण, राजनीतिक दलहरूले आफ्ना नीतिहरू कसरी तर्जुमा गर्दछन् र त्यसलाई कसरी अघि बढाउँछन् भन्ने कुराले लोकतान्त्रिक शासन व्यवस्थाको गुणस्तरका लागि व्यापक प्रभाव पार्दछ ।

एनडीआईको सैद्धान्तिक तथा व्यवहारिक दृष्टिकोणमा राजनीतिक दल र लोकतन्त्रको शृङ्खलाको यो पछिल्लो प्रकाशनले विश्वभरी राजनीतिक दलहरूले आफ्ना नीतिगत भूमिकालाई पूरा गर्न प्रयोग गरेका केही अवधारणाहरूलाई व्याख्या गर्दछ । भाग १ ले नीतिगत कार्यविधिहरूलाई सुधार ल्याउन सक्ने दलका विचारधारा, नियम, संरचना र कार्यविधिहरूको विकासमा तुलनात्मक अनुभवहरूलाई उल्लेख गर्दछ । भाग २ मा १२ ओटा घटना अध्ययनहरूले विश्वभरी दलको नीतिगत विकासका व्यवहारिक अनुभवहरूको सिंहावलोकन प्रदान गरिएको छ । यस कार्यपत्रका लागि अध्ययन अनुसन्धानमा सहयोग गर्नुहुने र प्रारम्भिक मस्यौदाहरूमा टिप्पणी गर्ने सबैप्रति कृतज्ञ छु ।

केनेथ वोल्लाक
अध्यक्ष

इभान डोहोर्ती
वरिष्ठ एसोसियट
राजनीतिक दलसम्बन्धी कार्यक्रम निर्देशक

कार्यकारी सारांश

नागरिकहरूले सरकारले आफ्ना आवश्यकता र चाहनाहरू पूरा गरिदिओस भन्ने अपेक्षा राख्दछन् । लोकतान्त्रिक समाजहरूमा राजनीतिक दलहरूले ती मागहरूलाई विविध समूहहरूबाट एकीकृत गरी त्यसको सम्बोधन गर्न सार्वजनिक नीतिका विकल्पहरू अगाडि सार्दछन् । निर्वाचनले मतदाताहरूलाई समाजका आवश्यकताहरू पूरा गर्न फरकफरक प्रस्तावहरू ल्याउने राजनीतिक दलहरूबिच छनौट गर्ने अवसर प्रदान गर्दछ । सार्वजनिक नीति माथि नियन्त्रण र प्रभावित गर्ने आफ्ना प्रयासहरूमार्फत राजनीतिक दलहरूले नागरिकहरूलाई आफ्ना जनप्रतिनिधिहरूसँग जोड्दै र सरकारलाई त्यसको कार्यसम्पादनका लागि जवाफदेही बनाउने प्राथमिक माध्यम बन्दै मध्यस्थकारी भूमिका निर्वाह गर्दछन्। त्यसैकारण, सरकारी कामकारवाहीका लागि आफ्ना प्रस्तावहरूको तर्जुमा र कार्यान्वयन गर्ने विधिका रूपमा रहेको दलको नीति निर्माण कार्य प्रतिनिधिमूलक लोकतन्त्रको स्वस्थ कार्यसञ्चालनका लागि सबैभन्दा महत्वपूर्ण हुन्छ ।

नीति तर्जुमा गर्ने आफ्नो भूमिका पूरा गर्ने क्रममा राजनीतिक दलहरूले विभिन्न चुनौतीहरूको सामना गर्दछन्। विशेषगरी उदाउँदो लोकतान्त्रिक मुलुकहरूमा दलहरूमा स्पष्ट विचारधाराको अभाव हुनसक्ने, स्पष्ट र सामञ्जस्यपूर्ण नीतिगत प्रस्तावहरू प्रस्तुत गर्न असफल हुने, निर्वाचनको प्रचारप्रसारको समयभन्दा बाहिर सुशुप्त रहने कमजोर संरचनाहरू हुने, व्यक्तिगत, क्षेत्रीय वा जातीय सम्बन्धहरूले परिभाषित सीमित र बदलिँदो साथ सहयोगको आधार हुने र संसदमा सामञ्जस्यपूर्ण तरिकाले कदम चाल्न सङ्घर्षरत हुने अवस्था हुनसक्छ। परम्परागत लोकतान्त्रिक मुलुकहरूमा घट्दो क्रममा रहेको सदस्यता र २४ घण्टेचक्रमा चल्ने सञ्चार माध्यमको निगरानीले राजनीतिक दलहरू आफ्ना समर्थकहरूसँग कसरी सञ्चार-सम्पर्कमा रहन्छन्, सङ्लग्न रहन्छन् र परिचालन गर्दछन् भन्ने कुरामा नयाँ पद्धतीहरू निम्त्याइरहेको छ। प्रविधिमा आएको आविष्कारले विश्वव्यापी रूपमा सामाजिक, आर्थिक र राजनीतिक प्रक्रियाहरूलाई व्यापक रूपमा प्रभावित गरिरहेको छ । त्यसका साथै, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र युरोपियन सेन्ट्रल बैंक जस्ता अन्तर्राष्ट्रिय निकायहरूले बढ्दो रूपमा आर्थिक र अन्य नीतिगत विकल्पहरूलाई प्रभावित गरिरहेका छन् ।

प्रकाशित लिखतहरूका साथै राजनीतिक दलका व्यवहारिक अनुभवहरूमा आधारित हुँदै यस कार्यपत्रले नीतिगत प्रस्तावहरूलाई तर्जुमा गर्ने शैलीमा सुधार ल्याउन चाहने, त्यसलाई सरकारी नीतिमा रूपान्तरण गर्ने र आफूले गरेका प्रयासहरूलाई जनतासमक्ष पुऱ्याउन प्रयासरत राजनीतिक दलहरूका लागि तुलनात्मक सूचना तथा जानकारी उपलब्ध गराउँछ । यसले साझा समस्याहरूमाथि प्रकाश पार्दै, त्यसको समाधानका सम्भावित विकल्पहरू प्रस्तुत गर्दै राजनीतिक दलको नीति निर्माणमा सुधार ल्याउनका लागि सिफारिसहरू प्रदान गर्दछ । कार्यपत्रको पहिलो भागमा बेल्जियम, बुल्गेरिया, क्यानडा, क्रोएसिया, फ्रान्स, भारत, आयरल्याण्ड, मेक्सिको, नर्वे, फिलिपिन्स, दक्षिण अफ्रिका, स्पेन, स्वीडेन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र जाम्बियाका राजनीतिक दलहरूका अनुभवहरूमा आधारित हुँदै नीति निर्माणका विविध पक्षहरूको समीक्षा गरिएको छ ।

दलको पहिचान

विश्वका राजनीतिक दलहरूमा रहेका भिन्नताहरू केही हदसम्म उनीहरू सञ्चालित परिस्थिति र हरेक दलको आन्तरिक मूल्यमान्यता र संरचनाहरूको प्रतिफल हो । कार्यपत्रले निर्वाचन प्रणाली, दलका नीति नियम, आर्थिक विकासको स्तर, सामाजिक संरचना, दलको उत्पत्ति र संस्थागत भएको मात्रा जस्ता परिस्थितिजन्य कारकतत्वहरूले राजनीतिक दलको आचरणलाई कसरी प्रभावित गर्दछ भन्ने कुरा व्याख्या गरेको छ । यसले दलको पहिचानलाई सामान्यतया सात ओटा बृहत वर्गहरूमा पर्ने राजनीतिक दलका विभिन्न विशेषताहरूको संयोजनका रूपमा प्रस्तुत गर्दछ : दलको ब्रान्डिङ्ग अर्थात् छवी निर्माण, समर्थनको आधार, व्यक्तित्वमाथि जोड, संरक्षकत्व, सङ्गठनात्मक संस्कृति, नीतिगत झुकाव र विचारधारा । एकीकृत रूपमा ती सबै तत्वहरूले दलले नीति निर्माण कार्यलाई कुन हदसम्म प्राथमिकतामा राख्छ, नीतिका अन्तर्वस्तु र विधिहरू आधारित हुने सिद्धान्त वा आस्थाहरू र सार्वजनिक नीतिमार्फत यसले कुन सामाजिक समूहका स्वार्थहरूलाई प्राथमिकता प्रदान गर्ने प्रयास गर्दछ भन्ने कुरालाई संकेत गर्दछन् ।

विचारधारा र दलको नीति

त्यसपछि कार्यपत्रले स्पष्ट रूपमा परिभाषित राजनीतिक सिद्धान्तहरूले राजनीतिक दलहरूलाई समर्थन, आकर्षित, एकीकृत र परिचालित गर्न, आन्तरिक सङ्गठन र बाह्य कार्यसञ्चालन वातावरणमा हुने उल्लेखनीय परिवर्तनहरूको सामना गर्न र अन्य देशहरूमा रहेको समान विचारधारा बोकेका समूहहरूको पहिचान गर्न मद्दत गर्न सक्छन् भन्ने कुरा व्याख्या गर्दछ। अझ निर्दिष्ट रूपमा भन्नुपर्दा विचारधाराले राजनीतिक दलहरूलाई सामाजिक आवश्यकताहरूको विश्लेषण गर्न, कुनै समस्याहरूको समीक्षा गरी प्राथमिकता निर्धारण गर्न, भविष्यका लागि दूरदृष्टि तय गर्न र सो दूरदृष्टि साकार पार्न आवश्यक नीतिगत कदमहरूको पहिचान गर्ने आधार प्रदान गर्दछ। कार्यपत्रले आफू कार्यरत वातावरणमा आएका परिवर्तनहरूलाई सम्बोधन गर्न र आफ्नो अपिललाई विस्तारित गर्न राजनीतिक दलहरूले आफ्ना सिद्धान्तहरूको कसरी पुनर्व्याख्या गरेका छन् भन्ने कुरा उल्लेख गर्दछ । दलको पहिचानसम्बन्धी खण्डको अन्त्य एकताबद्ध कदम चाल्ने वा आफ्नो समर्थनको आधारलाई विस्तार गर्ने भन्ने दलहरूले प्रायः सामना गर्ने द्विविधाको उदाहरण प्रस्तुत गर्दै दलको एकता माथिको छलफलमार्फत हुन्छ ।

नीतिको चक्र, सरोकारवाला र दलका नीतिनियमहरू

व्यवहारमा, दलको नीतिसम्बन्धी प्रक्रियाहरू प्रायः तरल र जटिल हुने गर्दछन्। यद्यपि दलका नीतिहरूको मस्यौदा तयार गर्ने, अवलम्बन तथा कार्यान्वयन र मूल्याङ्कन गर्ने कार्यहरू समावेश हुने नीति निर्माणको चक्रको अवधारणाको विकास दलको नीति निर्माणका विविध पक्षहरूमा विभिन्न सरोकारवालाहरूको भूमिका पहिचान गर्नका लागि एउटा उपयोगी ढाँचा हो । राजनीतिक दलहरूले दलका लागि आधारहरू विकास गर्ने, निर्वाचनका लागि घोषणापत्र र अन्तरिम नीतिहरू तयार गर्ने प्रक्रियाहरूमाथि ध्यान दिने क्रममा स्पष्ट राजनीतिक सिद्धान्तहरूले सामञ्जस्यपूर्ण र सुसंगत विचारहरू निर्माण गर्न सहयोग गर्नसक्दछन्। त्यसका अतिरिक्त, दलहरूका लागि आफ्ना नीतिगत प्रयासहरूलाई व्यवस्थित गर्न संरचना र नियमहरू आवश्यक हुन्छन् । कार्यपत्रमा दलका नेता, निर्वाचित पदाधिकारी, दलका विभागहरू, सदस्यहरू र आवद्ध समूहहरूका साथै नागरिक समाजका समूह, थिंक ट्यांक र निजी क्षेत्र जस्ता बाह्य सरोकारवालाहरू प्रत्येकले नीति निर्माण कार्यमा कसरी योगदान पुऱ्याउन सक्छन् भन्ने कुरामाथि छलफल गरिएको छ । यसले नीतिको मस्यौदा तयार गर्ने र अनुमोदन विधिको प्रावधान, आवद्ध समूहहरूको सङ्लग्नता र दलका नीतिहरू विकसित गर्ने प्रयासहरूको प्रचारप्रसारका उदाहरणहरू प्रस्तुत गर्दै राजनीतिक दलहरूले आफ्ना नियमहरूमा नीति निर्माणलाई कसरी सम्बोधन गरेका छन् भन्ने कुरा पनि व्याख्या गर्दछ ।

दलसम्बन्धी नीतिको मस्यौदा र अनुमोदन

नीतिको मस्यौदा तयार गर्ने कार्यमा देहाय अनुसारका कार्यहरू समावेश हुन्छन् : नीतिगत ध्यानका लागि प्राथमिकताका मुद्दाहरूको पहिचान ; नीतिगत विकल्पहरूमा अध्ययन अनुसन्धान ; नीतिगत मस्यौदा दस्तावेजहरूको विकासको निगरानी ; विभागहरू र बाह्य विशेषज्ञहरूबाट आवेदनहरूको लागि अनुरोध गर्ने र त्यसको समीक्षा गर्ने ; परामर्शहरूको आयोजना गर्ने र औपचारिक अनुमोदनका लागि नीतिगत दस्तावेजहरू तयार गर्ने । यी जिम्मेवारीहरू प्रदान गरिएका दलका संरचनाहरूको जटिलता, आधार र बनावट फरक हुने गर्दछन् । कार्यपत्रले नीति निर्माण प्रक्रियामा दलका विभिन्न समूह तथा चासोहरूलाई समावेश गर्न राजनीतिक दलहरूले विभिन्न प्रकारका नीतिगत समन्वय संरचनाहरूलाई कसरी प्रयोग गरेका छन् भन्ने कुरा उल्लेख गर्दछ ।

सफल लोकतान्त्रिक राजनीतिक दलहरूले सामान्यतया नीति निर्माण कार्यमा मुख्य तीनओटा उद्देश्यहरूलाई पूरा गर्ने प्रयास गर्दछन् : राष्ट्रिय हितमा योगदान पुऱ्याउने, आफ्ना विचारधारालाई अगाडि बढाउने र आफ्ना राजनीतिक वा रणनीतिक लक्ष्यहरूलाई प्रवर्द्धन गर्ने । आफ्ना सदस्य र जनतासँग परामर्श गर्नु राजनीतिक दलहरूको जिम्मेवारी भए पनि उनीहरूको देहाय अनुसारका दायित्व पनि रहेको छ : सरकारको कामकारवाहीका लागि प्राथमिकताहरू निर्धारण गरी सार्वजनिक नीति तय गर्ने कार्यमा नेतृत्व प्रदान गर्ने ; जनताको विचारका लागि नीतिगत विकल्पहरूको विकास गर्ने ; अन्य अवस्थामा बेवास्ता गरिने नीतिगत मुद्दाहरूबारे जनचेतना फैलाउने ; र कुनै अवसरमा खास अलोकप्रिय नीतिहरू सार्वजनिक हकहितका लागि आवश्यक छन् भन्ने कुरामा जनतालाई आश्वस्त पार्ने । साथै, पर्याप्त प्राविधिक अनुसन्धान र योगदानविना राजनीतिक दलहरूले अस्पष्ट वा अव्यवहारिक प्रस्तावहरूका आधारमा प्रचारप्रसारमा जानु पर्ने जोखिम उठाउनु पर्ने हुनसक्छ, र त्यसले उनीहरूको

विश्वसनियता घटाउन र नागरिकहरूमा असन्तुष्टि सिर्जना गर्नसक्छ । कार्यपत्रले नीतिगत प्राथमिकताहरूको स्थापना गर्न, सम्भावित समाधानहरूको पहिचान गर्न र उनीहरूको नीतिगत प्रस्तावहरूसँग जोडिएर आउने सम्भावित आर्थिक भारको समीक्षा गर्न राजनीतिक दलहरूले अवलम्बन गरेका केही अवधारणाहरूलाई व्याख्या गर्दछ ।

दलको नीति निर्माण कार्यमा सहभागितामूलक अवधारणाले परामर्शमा थकान र अवरुद्धजन्य वा नियन्त्रणमुखी बहसहरू निम्त्याउन सक्ने भए पनि अधिकांश राजनीतिक दलहरूले त्यसबाट प्राप्त हुने लाभ सम्भावित दोष भन्दा धेरै हुने गरेको पाएका छन् ।विश्वभरीका राजनीतिक दलहरूले आफ्ना प्रस्तावहरूको गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउनबढी जनसमर्थन आकर्षित गर्न, आफ्ना सदस्यहरूलाई उर्जा प्रदान गर्न र उमेदवारहरूका साथै निर्वाचित जनप्रतिनिधिहरूका लागि सीप विकास र नेतृत्वका अवसरहरू प्रदान गर्ने माध्यमका रूपमा नीति निर्माणमा अझ बढी समावेशी अवधारणाको अवलम्बन गरेका छन् । नीति निर्माण प्रक्रियाका बारेमा आफ्ना सदस्य र कहिलेकाहीँ अन्य जनतालाई सङ्लग्न गराउन राजनीतिक दलहरूले अनौपचारिक सर्वेक्षण, नीतिगत फोरम, प्रतिनिधिहरूको नीति सम्मेलन र प्रविधि प्लेटफर्मलगायतकाविविध उपायहरूको प्रयोग गरेका छन् । यी अवधारणाहरूबारे उदाहरणहरू कार्यपत्रमा दिइएका छन् ।

दलको नीतिहरू अनुमोदन गर्ने साझा पद्धतिका रूपमा प्रतिनिधिहरूको सम्मेलन अर्थात् अधिवेशन रहेको भए तापनि त्यस्ता कार्यक्रमहरू दलका सदस्य वा प्रतिनिधिहरूलाई संलग्न गराउने प्रभावकारी र अर्थपूर्ण तरिका हो वा होइन भन्नेबारेमा चासो व्यक्त हुने गरेको छ। यसो हुनुमा विशेषगरी २४ सै घण्टा सक्रिय रहने सञ्चारमाध्यमहरू र दलहरूले आफ्ना सदस्यहरूसँग सञ्चार-सम्पर्क गर्ने विकल्पहरूलाई सञ्चारमा आएको क्रान्तिले उल्लेखनीय रूपमा विस्तार गरेको अवस्था रहेका छन्। केही दलहरूले नीति अवलम्बन प्रक्रियामा पूर्णकालीन सदस्यहरूले मतदान गर्ने उपाय पनि अवलम्बन गरेका छन्, जसमा अनलाईन मतदान पनि समावेश छ । त्यसका साथै, केही दलहरूले दलको प्लेटफर्म र निर्वाचनको घोषाणपत्र अनुमोदन गर्ने प्रक्रियामा भिन्नता ल्याएका छन् । मस्यौदा नीति प्रस्तावहरूमा मतदानलाई कसरी प्राथमिकता दिने र संरचना प्रदान गर्ने भन्ने बारे केही उदाहरणका साथ मस्यौदा लेखन कार्य र अवलम्बन सम्बन्धी खण्डको अन्त्य हुन्छ ।

नीतिको कार्यान्वयन र त्यसको प्रतिवेदन

संसदमा र सरकारमा पुगेपछि दलहरूलाई आफ्ना नीतिगत प्रस्तावहरूलाई शासकीय प्रक्रियामा आवद्ध गराउनका लागि रणनीतिहरूको आवश्यकता पर्दछ । व्यवस्थापिका र कार्यपालिका बिचको शक्ति सन्तुलनले कानुन, भिटो, निगरानी जिम्मेवारी, र जनमत संग्रह मार्फत नीतिगत एजेण्डालाई आकार प्रदान गर्न सरकारको कुन अंगले कुन हदसम्म काम गर्न सक्छ भन्ने कुरालाई प्रभावित पार्दछ। कार्यकारीसँग प्रायः प्रयोग गर्न मिल्ने विभिन्न साधनहरू हुन्छन्, जस्तै कार्यकारी आदेश र सार्वजनिक निकायसम्बन्धी मार्गदर्शन जसमार्फत उनीहरूले व्यवस्थापकीय सुधार विना सार्वजनिक नीतिलाई आकार प्रदान गर्न सक्छन् । व्यवस्थापिकाले कदम चाल्नुपर्ने नीतिहरूका लागि कार्यकारी प्रमुखले कुनै विपक्षी दलको नियन्त्रणमा रहेको व्यवस्थापिकाको सामना गर्नसक्छन्, जसले नीतिगत अवरुद्धताको सम्भावना सिर्जना गर्नसक्छ । त्यही समयमा आफ्ना पदमा नीति अधिकारमार्फत कार्यकारीले आफ्ना प्रस्तावहरूका लागि व्यवस्थापकीय समर्थन जुटाउन विश्वासमा लिने, प्रलोभनमा पार्ने र जनमतलाई एकीकृत रूपमा प्रयोग गर्न सक्षम भएका छन् ।

संसदमा व्यवस्थापकीय कार्यविधिहरूलाई प्रभावित गर्नमा दलका विकल्पहरूलाई धेरै कुराहरूले प्रभावित गर्दछ। त्यसमा देहाय अनुसार रहेका छन् : संसदीय समूहको आधिकारिक मान्यता प्राप्त गर्ने मापदण्ड ; संसदीय समूह, व्यक्तिगत सांसद र सत्तारूढ वा विपक्षी समूहले समितिहरूको नेतृत्व गर्ने, विधेयक, प्रस्ताव र प्रश्नहरू टेबल गर्ने अधिकार; र अध्ययन अनुसन्धानका लागि कर्मचारीहरू नियुक्त गर्ने वा प्राप्त गर्ने कार्य । यी नियमहरूले प्रदान गर्ने सम्भावनाहरू भित्र आफ्नो प्रभावबढाउन राजनीतिक दलहरूका लागि आफ्ना संसदीय समूहहरू संगठित गर्न रणनीतिहरूको आवश्यकता पर्दछ । कार्यपत्रले दल र तीनका संसदीय समूहहरूले संसद भित्र एकताबद्ध कार्यलाई प्रवर्द्धन गर्न स्पष्ट अपेक्षाहरू स्थापित गर्न निर्माण भएका कानुनहरू, प्रोत्साहनहरू, राजनीतिक क्षति न्यून भएको समयमा लचकता र दण्डको चेतावनीलाई एकीकृत रूपमा कसरी प्रयोग गरेका छन् भन्नेबारे समीक्षा गर्दछ । संसदीय समूहका सदस्यहरू बिच नियमित बैठक रकार्य विभाजनको व्यवस्थाले पनि समूहको कार्यकुशलता र सौहार्द्रतालाई योगदान पुगेको छ । यद्यपि, केही अवस्थामा स्रोत सम्पन्न संसदीय समूहरू दलको नीतिका लागि मुख्य पथप्रदर्शक बन्न पुगेका छन्, र संसदबाहिरका दलका

संरचनाहरू बहिष्कृत हुनु परेको अवस्था पनि छ ।

कार्यकारी राष्ट्रपति हुने प्रणालीमा होस् वा संसदीय प्रणालीमा, राजनीतिक दलहरूले प्रायः आफ्नो मूल्यमान्यतालाई प्रतिबिम्बित गर्ने आफ्ना नीतिगत प्रस्तावहरूमा सम्झौता गर्ने वा आफ्नो अडान र विश्वासमा अडिग रहने भन्ने दुई विकल्पहरूको सामना गर्दछन्। अधिकांश अवस्थामा, यस्तो विकल्प सिद्धान्ततः सम्झौता गर्ने कि नगर्ने भन्ने नभई कुनै दलले आफ्नो आधारलाई कुन हदसम्म छोड्न तयार हुने भन्ने हुन्छ । कार्यपत्रले गठबन्धनहरूमा रहन र ती निर्णयहरूमा सदस्यहरूको समर्थन प्राप्त गर्नका लागि सम्झौता गर्न राजनीतिक दलहरूले प्रयोग गरेका केही अवधारणाहरूबारेमा छलफल गर्दछ । विपक्षी दलहरू नीतिगत एजेण्डलाई प्रभावित गर्न कसरी सफल भए भन्नेबारेमा उदाहरणहरू पनि यहाँ उल्लेख गरिएका छन् । अन्त्यमा, राजनीतिक दलहरूले आफ्नै दल भित्र र आम जनतामा आफ्ना नीतिगत प्रस्तावहरूलाई कार्यान्वयन गर्न गरेका प्रयासहरूलाई प्रचारप्रसार गर्न प्रयोग गरेका केही विधिहरूका बारेमा सिंहावलोकनसहित कार्यपत्रले निष्कर्ष प्रस्तुत गर्दछ । यसमा दलको सम्मेलनहरूमा प्रतिवेदन प्रस्तुत गर्ने, सार्वजनिक यात्रा कार्यक्रम, मुख्य तालिकाबद्ध नीगित वक्तव्यहरू, मध्यकालीन र आवधिक प्रतिवेदनहरू र सामाजिक सञ्जाल समावेश रहेका छन् ।

निष्कर्ष

अन्तिमको तुलनात्मक खण्डले दलको नीति निर्माणका असल अभ्यासहरू प्रस्तुत गर्नुका साथै यी मध्ये केही मुद्दाहरूको सम्बोधन गर्न विश्वभरीका वर्तमान र पूर्व निर्वाचित पदाधिकारीहरू र राजनीतिक दलका कार्यकारीहरूबाट प्राप्त सल्लाहसुझाव र पाठहरू समावेश गरेको छ । उनीहरूका सिफारिसहरू देहाय अनुसारका विषयहरूमा रहेका छन् :

- सदस्यहरूलाई दलका मूल्यमान्यता र सिद्धान्तहरूमा सङ्लग्न गराउने र त्यसबारे शिक्षित गराउने ;
- दलको नीतिका लागि निर्णय प्रक्रियालाई स्पष्ट खाका दिने नियमहरू निर्धारण गर्ने तर विविध परिस्थिति अनुरूप दलहरूलाई आफ्नै अनुकूलको विधि अवम्बलन गर्ने लचकता प्रदान गर्ने ;
- नीति निर्माणमा दलका विभिन्न एकाइहरूलाई सङ्लग्न गराउने ;
- नीति निर्माण प्रक्रिया अवधिभर सञ्चारसम्पर्कको माध्यम खुला राख्ने, र परामर्श कहिले सम्भव छ र कहिले छैन भन्ने कुरा स्पष्ट गर्ने ;
- विभिन्न नीतिगत विकल्पहरूमा विस्तृत अध्ययन अनुसन्धान गर्ने गराउने ;
- व्यवस्थापकीय र कार्यकारी अंगहरूमा दलको कामकारवाहीका लागि स्पष्ट नीतिगत प्राथमिकताहरू तय गर्ने ;
- संसदीय समूहका सदस्यहरूबिच अपेक्षाहरू स्पष्ट गर्ने र सम्बन्ध सुदृढ गर्न औपचारिक र अनौपचारिक संयन्त्रहरूको सम्मिश्रण मार्फत संसदीय समूहको कार्यकुशलतालाई सुदृढ बनाउने; र
- दलका नीतिहरूलाई अगाडि बढाउन गरिएका प्रयासहरूका बारेमा दलका पदाधिकारी र आम जनतालाई सुसूचित गर्ने ।

घटना अध्ययन

यस प्रकाशनको दोस्रो खण्डमा समावेश गरिएका १२ ओटा घटना अध्ययनहरूले दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कङ्ग्रेस, संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टी, संयुक्त राज्य अमेरिकाको डेमोक्रेटिक र रिपब्लिकन पार्टीहरू, बेल्जियम र क्यानडाका ग्रीन पार्टीहरू, मेक्सिकोको इन्स्टीच्युशनल रिभोल्युसनरी पार्टी, संयुक्त अधिराज्यको लेबर पार्टी, क्यानडा र फिलिपिन्सका लिबरल पार्टीहरू, क्यानडाको ब्रिटिस कोलम्बियाको न्यु डेमोक्रेटिक पार्टी, बोस्नियाहर्जगोभिनाको सोसियल डेमोक्रेटिक पार्टी, बुल्गेरियाको युनियन डमोक्रेटिक फोर्सेस् र फ्रान्सको युनियन फर अ पपुलर मुभमेन्टका दलसम्बन्धी नीति निर्माणसम्बन्धी अनुभवहरूलाई व्याख्या गर्दछन् । विविधतापूर्ण अनुभवहरूले नीति निर्माणमा राजनीतिक दलहरूले सामना गर्ने केही चुनौतीहरूका साथै नीति निर्माण प्रक्रियामा सदस्य र अन्य सरोकारवालाहरूलाई सङ्लग्न गराउन सक्षम भएका विभिन्न विधिहरू माथि थप प्रकाश पार्दछन् ।

भाग १: तुलनात्मक खण्ड

परिचय

नागरिकहरूका आवश्यकता र चाहनाहरू हुन्छन् । उनीहरू यसलाई सरकारले पूरा गरिदेओस् भन्ने अपेक्षा राख्दछन् । लोकतान्त्रिक समाजहरूमा राजनीतिक दलहरूले ती मागहरूलाई विविध समूहहरूबाट एकीकृत गरी त्यसको सम्बोधन गर्न सार्वजनिक नीतिका प्रस्तावहरू अगाडि सार्दछन् । निर्वाचनले मतदाताहरूलाई समाजका आवश्यकताहरू पूरा गर्न फरकफरक प्रस्ताव ल्याउने राजनीतिक दलहरू बिचबाट छनौट गर्ने अवसर प्रदान गर्दछ। सार्वजनिक नीतिलाई नियन्त्रण र प्रभावित गर्ने आफ्ना प्रयासहरूमार्फत राजनीतिक दलहरूले नागरिकहरूलाई आफ्ना जनप्रतिनिधिहरूसँग जोड्दै र सरकारलाई त्यसको कार्यसम्पादनका लागि जवाफदेही बनाउने प्राथमिक माध्यम बन्दै मध्यस्थकारी भूमिका निर्वाह गर्दछन् ।

१९ औं शताब्दीको अन्त्यतिर लेख्दै, वुड्ड्रो विल्सन तर्क गर्छन् :

> *दलहरूले पृथक संस्थाहरूमा रही वाचा गरिएको सिद्धान्त अनुरूप सजिलै चिनिएका नेताहरूअन्तर्गत रहेर काम गर्नुपर्छ, जसले गर्दा मतदाताहरूले आफ्नो मतद्वारा उनीहरूका विगतका कुनै नीतिको भत्सर्नाको घोषणा मात्र नगरी त्यसका लागि जिम्मेवार दलबाट सम्पूर्ण सहयोग फिर्ता लिने र सरकारको भावी प्रशासनका सम्बन्धमा विशेषगरी उनीहरूको इच्छा अनुरूप स्वीकार्य नीतिको अवलम्बन गर्ने वाचा गरेको दललाई सत्तामा ल्याउन सक्छन् ।*[1]

जिम्मेवार दलीय सिद्धान्त अन्तर्गत लोकतान्त्रिक मुलुकहरूमा निर्वाचनले मतदाताहरूलाई सामाजिक आवश्यकताहरू सम्बोधन गर्न स्पष्ट प्रस्तावहरू अघि सार्ने राजनीतिक दलहरूमध्येबाट रोज्ने अवसर प्रदान गर्दछ । निर्वाचित भएपछि सार्वजनिक पदाधिकारीहरूले उनीहरूले र उनीहरूका दलले निर्वाचनमा प्रचारप्रसार गरेको नीतिगत प्रस्तावहरूलाई कार्यकारी र व्यवस्थापकीय निकायहरू वा उनीहरूले प्रभावित गर्ने विधिहरूमार्फत अघि बढाउँछन् । त्यसपछि हुने निर्वाचनहरूमा नागरिकहरूले आफ्नो मत दलहरूलाई पुरष्कृत गर्न वा दण्डित गर्न प्रयोग गर्दछन्, र आफ्नो नीतिगत कार्यसम्पादनका लागि उनीहरूलाई जवाफदेही ठहऱ्याउँछन् । निर्वाचनमा पुनः उमेदवारी दिएका राजनीतिक दल र निर्वाचित जनप्रतिनिधिहरूको कार्यसम्पादनमाथि निर्वाचनमा न्यायनिसाफ गर्ने अवसरका अतिरिक्त, आधुनिक लोकतान्त्रिक मुलुकहरूमा नागरिकहरूले राजनीतिक चक्रको अवधिभर दोहोरो सञ्चारको अपेक्षा गर्दछन् । यसले नागरिकहरूलाई नियमित रूपमा सरकार र निर्वाचित जनप्रतिनिधिहरूका कामकारवाहीहरूको अनुगमन गर्न र उनीहरूका चासोका विषयमा पृष्ठपोषण दिने अवसर प्रदान गर्दछ। यस्तै, राजनीतिक दल र सार्वजनिक पदमा निर्वाचित व्यक्तिहरूले जनतालाई संसदमा आफ्नो कामकारवाही र मतदाताहरूका चासोका विषयहरूलाई सम्बोधन गर्ने प्रयासहरूका बारेमा जानकारी गराउँछन् । यसरी राजनीतिक दलहरूले सरकारी कामकारवाहीका लागि आफ्नो प्रस्तावहरू विकसित गरी कार्यान्वयन गर्ने प्रक्रियाका रूपमा रहेको दलको नीति निर्माण कार्य एउटा प्रतिनिधिमूलक लोकतान्त्रिक मुलुकको स्वस्थ कार्यसञ्चालनका लागि ज्यादै महत्वपूर्ण छ ।

एउटा अध्ययनमा उल्लेख गरेअनुसार:

> *दलको ठोस आदर्श... दुई ओटा स्तम्भहरूमा निर्भर हुन्छन्। पहिलो भनेको कार्यक्रमजन्य नीतिगत प्लेटफर्महरूलाई अगाडि बढाउने सक्षमता, र त्यस कार्यका लागि उनीहरूको रुचि र तत्परता हो । दोस्रो, सरकारमा गएपछि एकताबद्ध भएर काम गर्न सक्ने उनीहरूको क्षमता हो, जसले गर्दा प्लेटफर्महरूलाई नीतिमा परिवर्तन गर्न सकियोस् ... उदाउँदा लोकतान्त्रिक मुलुकहरूमा लोकतान्त्रिक शक्तिको यी दुई स्तम्भहरूमध्ये एउटाको अभाव हुने सम्भावना उच्च हुन्छ ।*[2]

विशेषगरी नवोदित लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक दलहरूमा प्रायः स्पष्ट विचारधाराको अभाव हुनसक्ने, स्पष्ट र समाञ्जस्यपूर्ण नीतिगत प्रस्तावहरू प्रस्तुत गर्न असफल हुने, निर्वाचनको प्रचारप्रसारको समयभन्दा बाहिर सुशुप्त रहने कमजोर संरचनाहरू हुने, व्यक्तिगत, क्षेत्रीय वा जातीय सम्बन्धहरूले परिभाषित सीमित रबदलिँदो साथसहयोगको आधार हुने र संसदमा सामञ्जस्यपूर्ण तरिकाले कदम चाल्न सङ्घर्षरत हुने अवस्था हुनसक्छ ।

परम्परागत लोकतान्त्रिक मुलुकहरूमा घट्दो क्रममा रहेको सदस्यता र २४सै घण्टा सक्रिय रहने सञ्चार माध्यमले राजनीतिक दलहरू आफ्ना समर्थकहरूसँग कसरी सञ्चार-सम्पर्क गर्छन् रसङ्लग्नगराउँछन् र परिचालन गर्दछन् भन्ने कुरामा परिवर्तन ल्याइरहेको छ । प्रविधिमा भएको आविष्कारले विश्वव्यापी रूपमा सामाजिक, आर्थिक र राजनीतिक प्रक्रियाहरूलाई व्यापक रूपमा प्रभावित पारिरहेको छ । जुन जुन कारकतत्वहरूले नागरिक र राजनीतिक दलहरूबिचको सम्बन्धमा परिवर्तन ल्याएका छन्, त्यही त्यही कारकतत्वहरूलेनै लोकप्रियतावादी र उग्रवादी आन्दोलनहरूलाई जनसमर्थन जुटाइ जनपरिचालनगर्न सजिलो बनाइदिएका छन् । जस्तै, आधुनिक सञ्चार उपकरणहरूको सहयोगले उनीहरूले तत्कालै तुलनात्मक रूपमा सानो संरचनाको सहयोगले पनि जनपरिचालन गर्न सक्दछन् । त्यसका साथै, यी नयाँ समूहहरूमा सरकारमा रहेको अनुभव तुलनात्मक रूपमा नहुनु पनि उनीहरूको लागि फाइदाको विषय हो । किनभने,त्यसले गर्दा उनीहरूले कुनै कमीकमजोरीको लागि संस्थापनलाई दोष दिएर सरकारी कमीकमजोरीबाट आफू सजिलै पन्छिने मौका पाउँछन् । आफ्ना जनाधारसँगको सम्बन्धलाई कायम राख्नु पर्ने स्थापित राजनीतिक दलहरूको आवश्यकता भन्दा फरक यी नयाँ दलहरूको त्यस्तो कुनै पूर्वआवश्यक दायित्व हुँदैन र व्यापक आर्थिक मन्दीका कारण फैलिएको नागरिक असन्तुष्टिको लाभ उनीहरूले उठाउँछन् ।[३]

प्रकाशित लिखतका साथै दलका व्यवहारिक अनुभवहरूमा आधारित यस कार्यपत्रले नीतिगत प्रस्तावहरू कसरी तयार गर्ने, विधिमा कसरी सुधार ल्याउने, दलका प्रस्तावहरूलाई सरकारको नीति वा मस्यौदा कानुनमा कसरी रूपान्तरण गर्ने, निर्वाचित जनप्रतिनिधिहरूलाई कसरी सहयोग पुऱ्याउने र त्यसको कार्यान्वयनको अनुगमन कसरी गर्ने भन्ने विषयहरूमा राजनीतिक दलहरूका लागि तुलनात्मक जानकारी उपलब्ध गराउँछन्। यसले साझा चुनौतीहरू माथि प्रकाश पार्दै त्यसलाई न्यून गर्नका लागि सम्भावित विकल्पहरू माथि छलफल गरी दलको नीति निर्माण कार्यमा सुधार ल्याउनका लागि सिफारिसहरू प्रस्तुत गर्दछ ।

दलको पहिचान

विश्वभरीका राजनीतिक दलहरूबिचको भिन्नता केही हदसम्म उनीहरू सञ्चालित परिस्थिति र हरेक दलको आन्तरिक मूल्यमान्यता र संरचनाहरूको परिणाम हो । यससम्बन्धमा बोलिभिया र पेरुको दलसम्बन्धी व्यवस्थाबारे एनडीआईले गरेको अध्ययनहरूले गरिबमुखी नीतिहरूको निर्माणमा राजनीतिक दलहरूको क्षमता र तत्परतालाई प्रभावित गर्ने विविध कारकतत्वहरूको पहिचान गरेको थियो । पेरुमा एनडीआईले देहाय अनुसारको अवस्था रहेको पायोः नागरिकहरू प्राविधिक नीतिगत विकल्पहरू भन्दा पनि विचारधाराको नाममा बढी रुचि राख्छन् ; नीतिगत छलफलहरूका लागि आधार बनाउनका लागि आवश्यक तथ्याङ्कहरूमा राजनीतिक दलहरूको पहुँच नरहेको ; व्यवस्थापकीय गुणस्तर भन्दा व्यवस्थापकीय संख्यामा बढी जोड दिइएको र संसदको अन्य व्यवहारले सुधारमा व्यवधान खडा गरेको । धेरै निर्वाचित जनप्रतिनिधिहरूले गरिबी न्यूनीकरण नीतिलाई अर्थपूर्ण हिसाबले लागु गर्नुको राजनीतिक मूल्य त्यसको सम्भावित लाभ भन्दा बढी रहेको धारणा व्यक्त गरे ।[४] बोलिभियामा प्राप्त निष्कर्षहरू देहाय अनुसार रहेका छन् : राजनीतिक दलहरूमा सञ्चारसम्पर्क माथिल्लो तहबाट तल्लो तहमा हुने गरेको; दलीय थिंक ट्यांकको अभाव रहेको; नीति तर्जुमाले निर्वाचनमा लाभ नदिने राजनीतिज्ञहरूको विश्वास रहेको; र निर्वाचन र भौगोलिक अवस्थितिको सम्मिश्रणले दलहरूलाई ग्रामीण भन्दा पनि सहरी विकासमा केन्द्रित हुन प्रोत्साहित गरेको छ ।[५]

यसैगरी, हालैको एउटा प्राज्ञिक अध्ययनले फ्रान्सेली भाषा बोल्ने अफ्रिकी क्षेत्रहरूमा राजनीतिक दलहरूका लागि नीतिगत प्रस्तावहरू तर्जुमा गर्न वा कुनै खास मुद्दा क्षेत्रहरू माथि विश्वसनीय रूपमा "स्वामित्व" स्थापित गर्न कठिनाई सिर्जना गरिरहेको कारकतत्वहरू उल्लेख गरेको थियो । त्यसमा देहाय अनुसार रहेका छन् : राजनीतिक दलहरूको तुलनात्मक अनुभवहिनता; पश्चिममा शिक्षित कुलीनहरू जसको अनुभव उनीहरूले प्रतिनिधित्व गर्न प्रयास गर्ने अधिकांश व्यक्तिहरू विपरित छ; र सहायता माथिको निर्भरता, जसले दातृ सरकार र संस्थाहरूले सार्वजनिक नीतिका लागि विकल्पहरू तय गर्ने वातावरण सिर्जना गर्ने काम गर्दछ।

यसका साथै, अध्ययनले लोकप्रियताको मापनमा तल रहँदा दलहरू राजनीतिक रूपमा जोखिमपूर्ण हुनसक्ने विवादास्पद मुद्दाहरू उठाउनु भन्दा पनि उल्लेखनीय सहमति भएको मुद्दाहरूमा परिचालित हुन प्रयास गर्नु राजनीतिक रूपमा सुरक्षित हुन पाउने गरेका छन् । परिणाम स्वरूप विकास, लोकतन्त्र र सार्वभौमिकता जस्ता बृहत र गैरविवादास्पद विषयहरूमा समर्थकहरूलाई परिचालित गर्ने प्रयासहरू हुँदै आएका छन्, र ती विषयक्षेत्रहरूलाई सम्बोधन गर्न फरक अवधारणाहरू अघि सार्ने अवसरहरूको फाइदा उठाउने गरेका छैनन् । केही अवस्थामा दलहरू आफैँसँग पछ्याउने पछिल्लो कुनै उपलब्धि नहुने भएकाले यी मुद्दाहरूमा खास दृष्टिकोण वा विशेषज्ञता प्रदर्शन गर्न नेताहरूको व्यक्तिगत अनुभवहरूलाई प्रयोग गर्ने गरिन्छ। यसैबिच विविध नीतिगत मुद्दाहरूलाई "बेवारिसे" छाडिन्छ ।[६]

यी र अन्य अध्ययनहरूले परिस्थितिजन्य कारकतत्व र दलको आन्तरिक विशेषताहरूबिचको पारस्परिक प्रभावले स्पष्ट राजनीतिक सिद्धान्तहरूलाई प्रतिबिम्बित गर्ने नीतिगत प्रस्तावहरूमा राजनीतिक दलहरूको समर्थकहरू परिचालित गर्दछन् वा गर्दैनन् र कसरी गर्दछन् भन्ने कुरालाई निर्धारण गर्ने कुरामा जोड दिन्छन् । दलको आचरणलाई प्रभावित गर्ने मुख्य परिस्थितिजन्य कारकतत्वहरूको पहिचान गर्ने र दललाई संगठित गर्ने विविध प्रकारका पद्धतिहरूलाई व्याख्या गर्ने प्रयासमा राजनीतिशास्त्रीहरूले विभिन्न प्रकारका राजनीतिक दल र दलीय व्यवस्थाहरूलाई वर्गीकरण गर्न विविध प्रकृतिका नमूना र वर्गविधिहरू प्रस्ताव गरेका छन् । दलीय व्यवस्थामा केन्द्रित अध्ययनहरूले विभिन्न प्रकारका सरकार, निर्वाचन प्रणाली, अन्तरदलीय शक्ति सम्बन्ध, आर्थिक तथा सामाजिक अवस्था र अन्य कारकतत्वहरूले दलीय आचरणमा पार्ने प्रभाव बारे छलफल गरेका छन् ।[७] राजनीतिक दलका वर्गविधिहरूमा उनीहरूले समर्थन कसरी परिचालित गर्दछन्, उनीहरूको मूल, आन्तरिक सङ्गठनको शैली र शक्ति सम्बन्ध र सैद्धान्तिक पृष्ठभूमिका आधारमा दलहरूको वर्गीकरण गर्ने प्रयासहरू पर्छन् ।[८] यस खण्डले दलीय पहिचानका विविध पक्षहरूलाई राजनीतिक दलहरूले कसरी सङगठित गर्दछन् र त्यसमाथि छलफल गर्दछन् भन्ने कुरालाई प्रभावित गर्ने केही विभिन्न परिस्थितिजन्य कारकतत्वहरू बारेमा एउटा सिंहावलोकन प्रस्तुत गर्दछ, जसलाई चित्र १ मा पनि प्रतिबिम्बित गरिएको छ ।

दलको पहिचानलाई प्रभावित पार्नेपरि स्थितिजन्य कारकतत्वहरू

निर्वाचन प्रणाली

दलहरूले आफ्ना लागि समर्थन कसरी जुटाउँछन् भन्ने कुरालाई निर्धारण गर्ने काम निर्वाचन प्रणालीका प्रावधानहरूले गर्दछन् । व्यवस्थापकीय निर्वाचनमा बहुमतीय प्रणालीले बृहत भौगोलिक आधार भएका दलहरूलाई फाइदा पुऱ्याउँछ। किनभने विभिन्न निर्वाचन क्षेत्रहरूमा समर्थकहरू छरिएर रहेका साना दलहरूका लागि एउटा मात्र सदस्य निर्वाचित हुने जिल्लाहरूमा सिट जित्न आवश्यक बहुमत सुरक्षित गर्न कठिन हुने गर्दछ । त्यस विपरित, तुलनात्मक रूपमा न्यून थ्रेसहोल्ड अर्थात् थोरै न्यूनतम मत संख्या वा मत प्रतिशत आवश्यक पर्ने समानुपातिक प्रतिनिधित्व प्रणालीहरूले प्रत्यक्ष बहुमतीय प्रणालीबाटनिर्वाचित हुन नसक्ने दलहरूलाई संसदीय प्रतिनिधित्वमा बढी अंश प्रदान गर्दछन् ।[९] त्यसका साथै, समानुपातिक प्रतिनिधित्व प्रणालीमा स्पष्ट बहुमत सहितको व्यवस्थापिका निर्माण गर्ने सम्भावना कम हुने भएकाले साना दलहरूको गठबन्धन निर्माणद्वारा सरकारका नीति र एजेण्डालाई प्रभावित गर्नसक्ने बढी अवसर प्राप्त हुने गर्दछ। समानुपातिक प्रतिनिधित्व अन्तर्गत, बेल्जियम र जर्मनीका ग्रीन पार्टीहरू गठबन्धन सरकार हरूमा सहभागी भएका छन् भने बहुमतीय बहुदल प्रणाली अन्तर्गत क्यानडाको ग्रीन पार्टीले हालै मात्र सङ्घीय संसदमा एउटा सिट सुरक्षित गर्न सफल भएको छ । सन् २००८ मा भएको निर्वाचनमा ६.७ प्रतिशत मत पाएर सङ्घीय संसदमा क्यानडाको ग्रीन पार्टीले प्रवेश पाउन असफल भए पनि जर्मनीमा सन् १९९८ मा भएको निर्वाचनमा ग्रीन पार्टीले संसदमा रहेको ६६९ सिटहरू मध्ये ४७ सिट अर्थात ६.७ प्रतिशत मतप्राप्त गर्दै त्यहाँको ग्रीन पार्टी गठबन्धन सरकारमा सहभागी भएको थियो ।

दलसम्बन्धी कानुन

दल दर्ताका लागि थ्रेसहोल्ड, राजनीतिक दलको निर्णय प्रक्रिया, राजनीतिक दलहरूलाई आर्थिक सहयोग सम्बन्धी कानुनी व्यवस्था र अन्य नियमनकारी विषयहरूले

सार्वजनिक पदका लागि प्रतिस्पर्धा गर्न, सहयोग परिचालन गर्न र आफ्नो आन्तरिक मामिला व्यवस्थापन गर्नका लागि राजनीतिक दलहरूका लागि उपलब्ध हुने विकल्पहरू निर्धारण गर्दछ। केही प्रगतिउन्मुख लोकतान्त्रिक मुलुकहरूमा दलहरू जातीयता, धर्म वा भूगोलमा आधारित रहेको र शान्ति तथा राष्ट्रिय अखण्डता माथिको सम्भावित जोखिमका बारेमा चिन्ता अभिव्यक्त गरिएको छ । फलस्वरूप केही नयाँ लोकतान्त्रिक मुलुकहरूमा सामाजिक विभाजन झन गहिरो वा गम्भीर बनाउन सक्ने राजनीतिक दलहरूको स्थापनालाई प्रतिबिन्धित गर्ने र साभाजिक विभाजन बिना सबैलाई समेट्न गर्ने आकर्षण भएका राजनीतिक दलहरूलाई प्रोत्साहित गर्ने कानुनी व्यवस्था गरे ।[१०] त्यस्त प्रकारका व्यवस्थामा देहाय अनुसार रहेका छन् : धर्म, जातीयता वा क्षेत्रमा आधारित राजनीतिक दलहरूमाथि प्रतिबन्ध; न्यूनतम संख्यामा क्षेत्र वा प्रदेशहरूमा सदस्य तथा समर्थकहरू रहेको हुनुपर्ने आवश्यकता ; दलका उमेदवारहरूमा विविधताको खाका; र मत वितरणसम्बन्धी आवश्यकताहरू रहेका छन् ।[११] एकल जातीय नाम नराखेर, आफ्ना क्षेत्रीय आह्वानहरूलाई छायाँमा पारेर, दर्ताको आवश्यकता पूरा गर्न अस्थायी संरचनाहरूको गठन गरेर वा कानुनलाई भनाईमा मात्र अवलम्बन गरेर राजनीतिक दलहरूले यस्ता आवश्यक कानुनी प्रावधानहरूलाई कहिलेकाहीँ छल्ने काम गरेका छन् । परिणास्वरूप, यी प्रतिबन्धहरूले सोचे अनुसारको उद्देश्य प्राप्त गरेका छन् वा छैनन् भन्ने बारेमा प्रश्नहरू उठ्ने गरेको छ । अझ महत्वपूर्ण रूपमा आलोचकहरूले त्यसले सङ्गठित हुन पाउने अधिकार र अभिव्यक्तिको स्वतन्त्रताको मौलिक हक हनन् गरेको भनी सचेत गराउँछन् ।

माथि उल्लिखित प्रतिबन्धतहरू विपरित, केही देशहरूले अल्पसङ्ख्यक वा सीमान्तीकृत समुदायको हकहितर सार्वजनिक पदहरूमा उनीहरूको सहभागितामा समर्पित राजनीतिक दहरूको स्थापनालाई संरक्षण वा सहजीकरण गर्न स्पष्ट कानुनी प्रावधानहरू निर्माण गरेका छन् । त्यस्ता परिस्थितिहरूमा यी दलहरूलाई विचारविमर्श हुने निकायहरूमा अल्पसङ्ख्यकहरूको प्रतिनिधित्व प्रत्याभूत गर्ने एउटा माध्यमका रूपमा हेरिन्छ । यस्ता प्रावधानहरू अल्पसङ्ख्यक वा अन्य संरक्षित समूहहरूप्रतिको अपिलमा आधारित समर्थन परिचालित गर्न राजनीतिक दलहरूका लागि शक्तिशाली प्रोत्साहन बन्नसक्छन् ।[१२]

आर्थिक विकासको स्तर र सामाजिक संरचना

दलीय आचारणमा हुने भिन्नताहरूको कारण सम्बन्धित देशको आर्थिक विकासको स्तर र सामाजिक संरचनामा रहेको विविधता पनि एक हो भनी राजनीतिशास्त्रीहरूले उल्लेख गरेका छन् ।उदाहरणका लागि, धेरै देशहरूमा विद्यमान रहेको संरक्षकत्वमा आधारित राजनीतिलाई व्याख्या गर्ने प्रयासहरू उच्चस्तरको गरिबीमा केन्द्रित हुँदै अन्ततः आयमा हुने बढोत्तरीले मतदाताहरूलाई भौतिकवादी अपिलहरूतर्फ आकर्षित हुने जोखिम कम गर्ने तर्क राख्छन् ।

रेखाचित्र १ :दलको पहिचानलाई प्रभावित गर्ने परिस्थितिजन्य कारकतत्वहरू



यद्यपि, तुलनात्मक रूपमा गरिब देशहरूमा पनि स्थलगत अभ्यासहरूले सूचना र राजनीतिक सहभागितामा बढ्दो पहुँचले भोट खरिदको प्रभाव कम हुनसक्ने देखाएका छन् । उदाहरणका लागि, बेनिनमा गरिएको अध्ययनले मतदातासँग कुनै प्रकारको छलफल नगरी प्रचलित चुनावी च्यालीहरूका साथै नगद वा वस्तुगत सहयोगको प्रयोग गरी प्रचारप्रसार गर्ने उमेदवारहरूले भन्दा नीतिगत मुद्दाहरूमा मतदाताहरूसँग छलफलमा आधारित बैठकहरू गर्ने उमेदवारहरूले धेरै मतदाताहरूलाई मतदान गर्न प्रोत्साहित गरेको र बढी मत पनि पाएको देखाएको थियो ।[१३]

स्थापित लोकतान्त्रिक मुलुकहरूमा पार्टी सदस्यतामा आएको कमीको कारण सूचनामा बढ्दो पहुँच र उच्चस्तरको शिक्षा हो भनी राजनीतिशास्त्रीहरू बताउँछन्, जसले उनीहरूलाई नीतिगत मुद्दाहरू र उपलब्ध विकल्पहरूलाई पहिचान गर्न र बुझ्न सहयोगका लागि राजनीतिक दलहरूमाथि निर्भर रहन बाध्य पार्दैन । साथै, २४ सै घण्टा चल्ने समाचारको चक्रले सर्वसाधारणमाझ विगतमा लुकेर रहेका राजनीतिक प्रक्रियाका विविध पक्षहरूलाई उजाजर गर्ने काम गरेको छ, जसमा राजनीतिको नियमित पक्षका रूपमा रहेको गोलमटोल लेनदेन, भ्रष्टाचारका घटना र व्यक्तिगत राजनीतिज्ञहरूको निजी असफलताहरू पनि समावेश छन् । सूचना र अधिकांश सूचना प्रविधिमा आधारित साधनहरूमा बढ्दो पहुँचले नागरिकहरूलाई राजनीतिक दलहरूको सङ्लग्नता विना आफू वरिपरिको वातावरणलाई प्रभावित गर्न काम गर्न सक्ने समान सोचका व्यक्तिहरूको पहिचान गर्न विगतको तुलनामा हाल सहज बनाइदिएको छ । यसैबिच, दलका नेताहरू मतदाता सहयोगको व्यवस्थापन र परिचालनका सम्बन्धमा सहयोग पुऱ्याउने राजनीतिक पेशाकर्मीहरू माथि बढी भन्दा बढी निर्भर हुन थालेका छन् । केही अवस्थामा यसले गर्दा दलको सङ्गठनका केही खास क्षेत्रहरूमा बढी शक्तिशाली हुने दलका नेताहरू जन्मन सक्छन्, जसले दलको निश्चित क्षेत्रमा सदस्य सहभागिता बढाउन पनि सक्छन् ।[१४]

स्थापना र संस्थागत गर्ने कार्य

स्थापित लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक दलहरू समयसँगै उदाउँदै गएर क्रमशः आफ्ना सङ्गठनात्मक अभ्यासहरूमा परिवर्तन ल्याउँदै समयको मागसँगै आफ्नो विचारधारा र कार्यक्रमजन्य केन्द्रविन्दुलाई परिष्कृत र विस्तृत बनाउँदै लगे । नयाँ लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक दलहरू तलुनात्मक रूपमा अकस्मात आएको परिवर्तन वा संक्रमणको फलस्वरूप प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिमा उदाएका वा त्यसप्रति अनुकूलित भएको अवस्था बढी देखिन्छ । पहिलो निर्वाचनका लागि राजनीतिक दलहरू हतारमा गठन गरिने हुनाले उनीहरूका सदस्य र नेताहरूका लागि लामो समयदेखि विद्यमान सामाजिक खाडललाई सम्बोधन गर्ने राजनीतिक सिद्धान्तहरू माथि विस्तृत रूपमा छलफल गरी सहमतिमा पुग्न वा प्रभावकारी संरचना र राम्रोसँग सोचविचार गरी तयार गरिने नीतिगत प्रस्तावहरू तर्जुमागर्न खासै समय हुँदैन । त्यसैकारण, नवोदित लोकतान्त्रिक मुलुकहरूमा धेरै दलहरू विचारधारा र नीतिगत अवधारणाहरूलाई स्पष्टसँग परिभाषित गर्न सङ्घर्ष गर्ने अवस्थामा हुन्छन् । यो उनीहरूको विकासको स्तरको प्रतिबिम्ब पनि हुनसक्छ ।

केही अध्ययनहरूले मतदाताहरूले नै त्यस्तो आचरणको निरन्तर अपेक्षा गर्ने भएकाले नीति वा भौतिकवादमा केन्द्रित हुने दलहरू त्यही अवस्थामा रहिरहने तर्क गर्दछन् । अन्य अध्ययनहरूले परिवर्तनका लागि दलहरूको क्षमतालाई स्वीकार गर्दै सुधारलाई प्रभावित वा प्रोत्साहित गर्ने कारकतत्वहरू उल्लेख गर्दछन् ।[१५] उनीहरूले उल्लेख गरेका उदाहरणमा आफ्नो प्रतिस्पर्धीको व्यवहारमा परिवर्तन आएको प्रतिक्रिया स्वरूप र केही स्तरको संस्थागत गर्ने कार्य पछि राजनीतिक दलहरूले कार्यक्रमहरूलाई केन्द्रमा राखेर काम गर्ने गरेको उल्लेख गर्दछन्।

यद्यपि, बलियो संरचना र कार्यविधिहरूको विकास नगरी विशिष्ट नीतिगत प्रस्ताव र वर्गीय विभाजनमा समर्थकहरूलाई परिचालित गरेको उदाहरणहरू छन् । उदाहरण्का लागि, जाम्बियाका राजनीतिक दलहरूबारे गरिएको हालैको एक अध्ययनले सन् २००४ र २००८ बिच राष्ट्रपति माइकल साटाले जातीय विभाजनबाट टाढा रहेको सहरका विस्थापितहरूमाझ आफ्नो समर्थन परिचालित गरे र त्यसका लागि उनले श्रमिक वर्ग र शहरी गरिबहरूका असन्तुष्टिहरूलाई अघि सार्दै सहरी राजनीतिक परिचालन र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू माथिको शंकाको लामो विगतको फाइदा उठाउने रणनीति अवलम्बन गरे ।

प्याट्रियोटिक फ्रन्ट (पीएफ)ले देशव्यापी रूपमा आमसभा र ञ्चालीको आयोजना गर्नुका साथै पहिलो पटक प्रमुख प्रादेशिक तथा जिल्ला केन्द्रहरूमा चुनावी प्रचारप्रसार गऱ्यो । देशको आर्थिक दुरावस्था र खाद्यान्न, इन्धन र मलको बढ्दो मूल्यलाई लक्षित गर्दै पीएफले आम जनताका चासो र आवश्यकताहरूबारे अघि ल्याएका सन्देशहरूले धेरै मतदाताहरूको मन छोयो । सन् २००६ को निर्वाचनमा सत्ताधारी दलले ठुलो अन्तरका साथ विजय हासिल गरेको भए तापिन सान्टाको प्रयासहरूले सत्ताधारी दललाई खनिज पदार्थ तामामा अप्रत्यासित र धेरै कर लगाउन र खनिज पदार्थमा राजश्व शुल्क बढाउन मद्दत गऱ्यो ।[१६]

दल पहिचानका अंशहरू

यो कार्यपत्रले दल पहिचानलाई कुनै एक दलसँग मात्र हुने र त्यसका प्रतिस्पर्धीहरूबाट अलग देखिन मद्दत गर्ने विशिष्ट विशेषताहरूका रूपमा परिभाषित गर्दछ । दलहरूले आफूलाई पहिचान गर्ने र समर्थन जुटाउने विभिन्न तरिकाहरूलाई दृष्टिगत गर्दा कार्यपत्रले दल पहिचानलाई दलका विभिन्न विशेषताहरूको योगका रूपमा व्याख्या गर्दछ । यी विशेषताहरू प्रायः सात ओटा बृहत वर्गहरूमा पर्छन् : दलको ब्रान्डिङ्ग, समर्थनको आधार, व्यक्तित्वमाथिको जोड, संरक्षकत्व, सङ्गठनात्मक संस्कार, नीतिगत अभिमुखीकरण र विचारधारा । एउटा दलको पहिचानका विभिन्न तत्वहरूबिचको अन्तरसम्बन्ध कमजोर वा बलियो हुनसक्छ । उदाहरणका लागि, तुलनात्मक रूपमा एकरूपको समर्थनको आधार भएको राजनीतिक दलहरूमा नेता प्रायः दलको प्राथमिक आधार बन्ने समूहको सदस्य हुनेगर्दछ । त्यसका साथै, व्यक्तित्वमा आधारित दलमा नेताले निर्णय प्रक्रियामा उल्लेखनीय प्रभाव जमाउँछ, जसले सङ्गठनात्मक संस्कारलाई प्रभावित गर्दछ। यसैगरी, कुनै दलको विचारधारा त्यसको नीतिगत अभिमुखीकरणमा प्रतिबिम्बित हुनसक्छ । विभिन्न तत्वहरूबिचको अन्तरसम्बन्ध जति बलियो भयो दलको पहिचान त्यति नै सामञ्जस्यपूर्ण हुन्छ । यद्यपि केही अवस्थामा राजनीतिक दलको पहिचानका विभिन्न तत्वहरू अन्तरसम्बन्धित नरहेको वा एकअर्का विपरित रहेको पनि लाग्न सक्छ । उदाहरणका लागि,कुनै राजनीतिक दलले आफूलाई यथास्थितिवादी, उदारवादी वा सामाजिक लोकतन्त्रवादी भनेर दावी गर्नसक्छ तर त्यो दावी विपरितका देखिने नीतिगत धारणाहरूलाई लगातार पैरवी गरिरहेको हुनसक्छ ।

दलको स्थापना जे-जसरी भएको भए पनि त्यसको पहिचानमा प्रायः त्यसको उत्पत्ति प्रतिबिम्वत हुने गर्दछ, र त्यो सेना, जातीय सगठन, युनियन, स्वतन्त्रता आन्दोलन वा लोकतन्त्रवादी प्रयासहरूमा आधारित हुनसक्छ । राजनीतिक दलको पहिचानका विभिन्न तत्वहरूले एकीकृत रूपमा देहाय कुराको संकेत गर्दछन् : ब्रान्डिङ्ग मार्फत यसले जनतामा प्रवाह गर्न प्रयास गर्ने तस्विर ; शासन व्यवस्थामा राजनीतिक दलहरूको भूमिकालाई यसले परिभाषित गर्ने शैली ; यसले प्राथमिकता दिने र प्रतिनिधित्व गर्न प्रयास गर्ने सामाजिक चासोका विषयहरू; नीतिगत समाधानको निर्माण गर्ने कार्यमा दलले दिने जोड र समर्थन जुटाउनका लागि त्यसलाई आधारमा रूपमा प्रयोग गर्ने कार्य; र समाजका लागि दूरदृष्टीको विकास गर्न र त्यसका समस्यहरू सम्बोधन गर्न यसले अवलम्बन गर्ने सिद्धान्तहरू । कुनै पनि दलका लागि सङ्गठनको समग्र पहिचानलाई परिभाषित गर्न केही तत्वहरू अन्य कुराहरू भन्दा बढी प्रभावशाली हुनेगर्दछन्। यसका अतिरिक्त, यी मध्ये केही तत्वहरू नीति निर्माताहरूका लागि अन्य कुराहरू भन्दा बढी सान्दर्भिक हुने गर्दछन्। उदाहरणका लागि, केही दलहरू कमजोर रूपमा परिभाषित सिद्धान्त र नीतिगत धारणासहित धेरै हदसम्म व्यक्तित्वमा आधारित हुनेगर्दछन् भने अन्य दलका समर्थन विशेषतः उनीहरूका वैचारिक सिद्धान्त र नीतिगत प्रस्तावहरूमा आधारित हुनेगर्दछन्। चित्र १ ले दुई विभिन्न दलको तस्वीर प्रस्तुत गर्दछः एउटा जुन विशेषः व्यक्तित्वद्वारा निर्देशत छ र दोस्रो नीतिगत प्रस्तावहरूमा बढी केन्द्रित छ । चित्रले प्रतिबिम्बित गरे जस्तै यी दलहरूका पहिचानमा अन्य तत्वहरू पनि समावेश हुने गर्दछन् : ब्रान्डिङ्ग, विचारधारा, संरक्षकत्व र सङ्गठनात्मक संस्कृति ।

ब्रान्डिङ्ग अर्थात् छवी निर्माण

ब्रान्डिङ्ग भन्नाले कुनै दललाई औपचारिक वा अनौपचारिक रूपमा पहिचान गर्न प्रयोग गरिने तस्विर, नारा, आवाज वा संकेत चिन्हहरू जस्तै नाम, प्रतीक चिन्ह, झण्डा र सङ्गीतलाई जनाउँछ । ब्रान्डिङ्गका अन्तर्वस्तुहरू प्रायः

रेखाचित्र २ : दलको पहिचानका विभिन्न आयामहरू



दलका प्रकाशनहरू, प्रचारप्रसारका सामग्री, उमेदवार वा समर्थकहरूको पहिचान गराउने वा दलका सदस्यहरूलाई एकीकृत गर्न प्रयोग गरिन्छन्। नीतिगत विकासमा ब्रान्डिङ्गको सीमित प्रभाव हुनेगर्दछ तर दल वा विचारधाराहरूको पहिचान गर्न मतदाताहरूलाई सजिलो माध्यम हुनसक्छ। उदाहरणका लागि, विश्वभरी धेरै सामाजिक लोकतन्त्रवादी दलहरूले आफ्नो ब्रान्डिङ्गमा रातो गुलावको प्रयोग गर्दछन् भने संयुक्त राज्य अमेरिकाको राजनीतिमा डेमोक्रेटिक र रिपब्लिकन दलहरूलाई क्रमशः गधा र हात्तिसँग जोडिने गरिन्छ।

यसका अतिरिक्त केही देशहरूमा रङ्गको विशेष राजनीतिक महत्व हुनेगर्दछ : थाइल्याण्डमा मुख्य राजनीतिक आन्दोलनहरूका दुई समर्थकहरूलाई रातो सर्ट र पहेँलो सर्ट भनेर चिनिने गरिन्छ। अन्य देशहरूमा रातोलाई प्रायः वामपन्थीसँग, निलोलाई मध्य-दक्षिणपन्थी र पहेँलोलाई उदारवादीसँग जोडेर हेर्ने गरिन्छ। नवीकरण प्रक्रियाका रूपमा दलहरूले कहिलेकाँही सुधारको सन्देश प्रवाह गर्न आफ्नो ब्रान्डिङ्गको परिवर्तन वा अद्यावधिक गर्ने गर्दछन्। उदाहरणका लागि, नवीकरण प्रक्रियाका रूपमा संयुक्त अधिराज्यको कन्जर्भेटिभ पार्टीले सन् २००७ को सुरुमा रुखलाई दलको नयाँ प्रतीक चिन्हका रूपमा अवलम्बन गऱ्यो। हातले समातेको मशाललाई प्रतिस्थापन गर्ने रुख सन् १९८० देखि नै दलका ग्राफिक्स्हरूमा धेरै देखिन्थ्यो, र त्यसले नरम तस्विर प्रदान गर्नुका साथै वातावरणीय मुद्दामा नयाँ केन्द्रविन्दुमाथि प्रकाश पार्छ।

अर्कोतर्फ विशेषगरी आफ्नो इतिहासप्रति गर्व गर्ने राजनीतिक दलहरूले मतदाताहरूलाई आफ्ना विगतका योगदानहरूबारे स्मरण गराउँदा बढी लाभदायक होला भन्ने लाग्नसक्छ। उदाहरणका लागि, स्वतन्त्रता वा मुक्ति आन्दोलनहरूको सफल नेतृत्व गरेका दलहरूले लामो समयदेखि रहँदै आएको नाम र प्रतीक चिन्हहरूलाई कायमै राख्न बढी लाभ प्राप्त गर्नसक्छन्। दलहरूमा विभाजन हुनपुग्दा विभिन्न गुटहरूले दलको नाम र संकेत चिन्हहरू माथि नियन्त्रण राख्ने प्रयास गर्ने गरेका छन्, जसले त्यस्तो प्रतीक चिन्हहरू उनीहरूको ब्रान्डिङ्गका लागि महत्वपूर्ण पक्ष रहेको संकेत गर्दछ।

समर्थनको आधार

कुनै पनि देशमा राज्यको भूमिका वा देश कसरी शासित हुनुपर्छ भन्नेबारेमा त्यहाँका जनताको पृष्ठभूमि, विचार, प्राथमिकता वा दूरदृष्टिहरू फरक-फरक हुने गर्दछन्। यी भिन्नताहरूलाई परम्परा, प्रमुख घटना, प्रभावशाली विचारक,

आर्थिक तथा सामाजिक अवस्था, वा भाषा, छालाको रङ्ग, धर्म वा जातीयताका साथै अन्य पक्षहरूले निर्धारण गर्दछन् । राजनीतिक दलहरूले यी भिन्नतालाई कम गर्ने वा त्यसलाई राजनीतिक परिवर्तनका रूपमा रूपान्तरण गर्ने गर्दछन् ।[१७] एकीकरण भएको अवस्थामा यस्ता भिन्न्ताहरू भन्दा माथि रहेर समर्थकहरू परिचालित गर्ने राजनीतिक दलहरू विभिन्न समुदायहरूको सर्मथन प्राप्त गर्न सफल हुन्छन्, र त्यसकारण मध्यम प्रभाव पार्टन् । राजनीतिक भिन्नताहरूले सामाजिक तथा साँस्कृतिक भिन्नता प्रतिबिम्बित गरेको अवस्थामा राजनीतिक दलहरूले निश्चित समूह, विशेषगरी अल्पसङ्ख्यकहरूको विचारात्मक संस्थाहरूमा प्रतिनिधित्व भएको सुनिश्चित गर्ने माध्यम प्रदान गर्नसक्छन् । उदारणका लागि, न्युजल्याण्डमा माओरी पार्टी छ र क्यानडामा क्वेकको समूह छ । बेल्जियममा भाषिक भिन्नताहरूलाई दलका विभाजनहरूमा प्रतिबिम्बित भएको पाइन्छ । वैकल्पिक रूपममा त्यस्ता भिन्नताहरूलाई राजनीतिक भिन्नताका रूपमा रूपान्तरण गदा त्यसले तनाव बढाउने र द्वन्द्वको विजारोपण गर्ने भन्न चिन्ता हुनसक्छ ।

व्यक्तित्वमाथिको ध्यान

विश्वभरी सबै राजनीतिक दलहरूमा आफ्नो दल के कुराको समर्थनमा खडा हुन्छ भन्ने कुराको परिभाषा गर्न र जनताहरूबिच आफूर्लाइ कसरी हेरिनेछ भन्ने कुराको प्रभावित गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। यद्यपि केही अवस्थामा कुनै खास नेताको व्यक्तित्वको बल र उनको व्यक्तिगत सम्पर्क सञ्जालहरू दलका लागि मुख्य आधारका रूपमा काम गर्नसक्छ । त्यस्तो अवस्थामा अधिकांश पदाधिकारीहरूले नेताकै कारण पद प्राप्त गर्दछन् र उनको अभावमा दलले आफ्नो मूलभूत उद्देश्य प्रस्तुत गर्न सङ्घर्ष गर्नुपर्ने हुनुसक्छ वा दल तहसनहस पनि हुनसक्छ । केही अवस्थामा त्यस्ता दलका नेतहरूले आफ्नो विरासत परिवारका सदस्यहरूलाई वा आफूले छनौट गरेको अन्य कुनै उत्तराधिकारीलाई प्रदान गरी वंशमा आधारित सङ्गठन निर्माण गर्दछन्। मुख्यतः व्यक्तित्वमा आधारित राजनीतिक दलहरू स्पष्ट नीतिगत प्रस्तावहरू प्रस्तुत गर्न प्रायः संघर्ष गर्दछन् र एउटा व्यक्तिमाथि सामूहिक निर्भरता हुने कारणले सामाजिक तथा आर्थिक मुद्दाहरूमा दल भित्र बहस हुने अवसर पनि सीमित हुनसक्छ ।

संरक्षकत्व

विश्वको हरेक भागमा संरक्षकत्वले राजनीतिमा भूमिका निर्वाह गर्दछ । उमेदवार र उनीहरूका दलका लागि समर्थनको वदलामा व्यक्ति र समूहहरूले प्रायः देहाय कुरा प्राप्त गर्ने गर्दछन् : निर्णयकर्ताहरू सम्म प्राथमिकताका साथ पहुँच; सरकारमा पद; र आफ्ना कार्यक्रमहरूका लागि सार्वजनिक स्रोत । यद्यपि जहाँ दलका नेता र उनीहरूका समर्थकहरू बिच सङ्लग्नताको मुख्य आधार संरक्षकत्व हुन्छ त्यहाँ सामूहिक हितका लागि विकसित अस्पष्ट प्रस्तावहरू माथि दलका नेता र उनीहरूका समर्थकहरूले पनि देखावटी समर्थन जनाउँदै व्यवहारमा भने आफ्ना 'ग्राहक'का लागि व्यक्तिगत लाभ र अन्य निश्चित फाइदाहरू प्रदान गर्नमा केन्द्रित हुनेगर्दछन् । संरक्षकत्वले दल र मतदाताहरू दुवैलाई फाइदा पुऱ्याएको छ । राजनीतिज्ञहरूले सार्वजनिक नीतिगत प्रस्तावहरूका आधारमा समर्थन जुटाउनको सट्टा व्यक्तीहरू वा समूहहरूको समर्थन प्राप्त गर्न तिर लागेका छन् भने नागरिकहरूले पनि प्रभावकारी सार्वजनिक सेवा प्रवाहको अभावमा आफ्ना व्यक्तिगत र तत्कालका आवश्यकहरूलाई सम्बोधन गर्न संरक्षकत्वमा निर्भर हुने गरेका छन् । वर्तमान पदाधिकारीहरूका लागि निर्वाचनको दृष्टिकोणले यस्तो व्यवहार प्रभावकारी सावित हुनसक्छ भने सार्वजनिक स्रोतसाधनमा उस्तै पहुँच नहुने कुनै पदमा नरहेकाहरूले मत खरिदको उपाय अवलम्बन गर्नसक्छन् । व्यक्तित्वमा आधारित दलहरू जस्तै संरक्षकत्वमा आधारित दलहरूले पनि नागरिकरूप्रति जवाफदेही हुने लोकतान्त्रिक शासकीय संघसंस्था र कार्यविधिहरूको निर्माणमा व्यवधान खडा गर्ने गर्दछन्।

सङ्गठनात्मक संस्कृति

सङ्गठनात्मक संस्कृतिमा दलको संरचनाको प्रकृति, संस्थागत नियम र बाहिरी पहुँच तथा निर्णय प्रक्रियाका अभ्यासहरू समावेश हुन्छन् । यसमा दलको नीति निर्धारण गर्ने नियम; प्राविधिक क्षमता वा नीतिगत प्रस्तावहरूको निर्माणमा त्यसलाई प्राप्त गर्न सक्ने क्षमता; र यी प्रक्रियाहरूमा सदस्यहरू र दलबाहिरका समूहहरूलाई कुन हदसम्म सङ्लग्न गराउने कार्य पर्छन् । केही दलहरू धेरै अघि स्थापना भएका, जनतामा आधारित, शाखाहरूको विस्तृत

बक्स १: संयुक्त अधिराज्य बेलायतको लेबर पार्टीमा युनियनहरू र नीति

संयुक्त अधिराज्य बेलायतको लेबर पार्टी र बेलायती ट्रेड युनियनहरू बिचको सम्बन्ध धेरै गहिरो रहँदै आएको छ । पार्टीको गठन सन् १९०० मा ट्रेड युनियन र समाजवादी समूहरूबाट भएको थियो । दलको सुरुका दिनहरूमा दलको सदस्य बन्न र युनियनको प्रस्तावमा विधायक बन्नका लागि युनियनको सदस्य हुन आवश्यक थियो । त्यसका अतिरिक्त, दलको नीति तथा संगठनले दशकौं सम्म दलको नीति निर्माणमा युनियनहरूको शक्तिशाली प्रभावलाई सुनिश्चित गर्ने काम गऱ्यो । लेबर पार्टीको वार्षिक सम्मेलनमा युनियनहरूको ८० देखि ९० प्रतिशत सिट हुने गर्दथ्यो । यहाँ दलको नीति अवलम्बन हुन्थ्यो र ब्लक भोटिङ्ग विधिले गर्दा आफूलाई प्राप्त सबै मतहरू हरेक युनियनले एउटै एकाईका रूपमा मतदान गर्न स्वीकृति प्रदान गर्दथ्यो । त्यसले गर्दा दलको नीति निर्माणमा युनियनको प्रभुत्व सुनिश्चित हुने गर्दथ्यो ।[१] यद्यपि, नीतिका विषयहरूमा युनियनहरूको अधिकार निरपेक्ष भने थिएनन् । नीति माथि अन्तिम अधिकार कसको हो, दलको महाधिवेशनको कि संसद्मा रहेको दलको नेतृत्वको भन्ने कुरा निरन्तर बहसको विषय रहँदै आाएको छ ।[२]

सन् १९६० र १९७० को दशकमा संयुक्त अधिराज्यमा चलेको लामो समयको आर्थिक मन्दीले युनियन र लेबर पार्टी बिच ज्यालाको विषयमा विवाद सिर्जना भयो । यसले सन् १९७९को प्रख्यात विन्टर अफ डिसकन्टेन्ट निम्त्यायो । सन् १९७८ को अन्त्यमा लेबर पार्टीका नेताहरूले महङ्गी नियन्त्रण गर्न तलबमा सीमा तोकिनुपर्ने कुरामा जोड दिइरहेका थिए । त्यस्तो सीमालाई अस्वीकृत गर्दै युनियनको नियन्त्रणमा रहेको दलको सम्मेलनले नीतिगत प्रस्ताव पारित गऱ्यो । तर सो प्रस्तावको उपेक्षा गर्दै दलको नेतृत्वले प्रस्तावित ५ प्रतिशत भन्दा बढी ज्याला बढाउने सरकारी ठेकेदारहरूमाथि कारवाही गऱ्यो । यो कदमले युनियनका तर्फबाट मुख्य सार्वजनिक क्षेत्रमा कारवाही भयो । र १५ लाख कामदारहरूले हडताल गर्दा अभाव र अशान्ति हुन गयो । लाश गाड्ने श्रमिकहरू पनि हडतालमा सहभागी हुँदा लाशहरू सडकमै छाडिएको अवस्था सहित देशमा हड्तालले पारेको प्रभावका कारण सो समयलाई "विन्टर अफ डिसकन्टेन्ट" भन्ने नाम दिइयो । र त्यसैको परिणाम स्वरूप सन् १९७९ मा मार्गरेट थ्याचरको कन्जर्भेटिभ पार्टीले लेबर पार्टीलाई सरकारबाट प्रतिस्थापन गऱ्यो ।[३]

विन्टर अफ डिसकन्टेट पछिका दशकहरूमा लेबर पार्टी नेतृत्वले निर्वाचनमा जित सुनिश्चित गर्नका लागि दलमाथिको युनियनको प्रभुत्वलाई क्रमशः कम गर्दै लग्यो । जोन स्मिथको नेतृत्वमा दलले सन् १९९३ मा संसदीय छनौटहरूमा रहेको युनियनहरूको सामूहिक भोटको व्यवस्थालाई खारेज गरिदियो ।४ टोनी ब्लयेरको नेतृत्वमा दलले पछि युनियन मतहरूको संख्या दलको सम्मेलनमा ५० प्रतिशत बनायो । सन् १९९७ मा दलको नीतिसम्बन्धी कार्यविधिमा भएको थप परिवर्तनले दलको नीति निर्माणको निगरानी गर्न राष्ट्रिय नीति मञ्चको गठन गऱ्यो । यो निकायमा युनियनहरूका साथै दलका अन्य संरचनाहरूको प्रतिनिधित्वको व्यवस्था गऱ्यो ।[५]

हालैका बर्षहरूमा पनि विवाद कायम छ । सन् २००४मा स्कटिस सोसियलिस्ट पार्टीलाई समर्थन गरेका कारण रेल, पानीजहाज र ढुवानी श्रमिकहरूको राष्ट्रिय युनियन दलको इतिहासमा निष्काषित हुने पहिलो युनियिन बन्न पुग्यो[६] । ज्यालासम्बन्धी चरम विवादपछि लेबर पार्टीबाट आफूलाई औपचारिक रूपमा अलग गर्ने फायर ब्रिगेड्स युनियन पहिलो युनियन हुनपुग्यो ।[७] त्यसका साथै संयुक्त अधिराज्यमा आएको पछिल्लो आर्थिक मन्दीले युनियन-दल सम्बन्धमा नकारात्मक प्रभावलाई निरन्तरता दियो । सन् २०११मा भएको लेबर पार्टीको सम्मेलनमा संयुक्त अधिराज्यको सबैभन्दा ठूलो युनियन युनाइटका अध्यक्षले हडताल विरुद्धको नयाँ कानुनलाई समर्थन गर्ने लेबर पार्टीका विधायकहरूलई दिइएको समर्थत फिर्ता लिने चेतावनी दिए, र मितव्ययिताका उपायहरू र सार्वजनिक क्षेत्रमा तलब कटौतीका विषयमा लेबर पार्टीका नेता ऐड मिलिबाण्ड र युनियनहरू बिच आरोप-प्रत्यारोप सन् २०१२ सम्म चल्यो ।[८] यसरी

लेबर पार्टी र बेलायती युनियनहरू बिचको संस्थागत सम्बन्ध सन् १९८०को दशक अघि युरोपमा सबैभन्दा बलियो युनियन/पार्टी सम्बन्ध रहेको भएपनि संयुक्त अधिराज्यमा हाल युनियनहरूको नीति निर्माण कार्यमा विगतको भन्दा कम प्रभाव रहने गरेको छ ।[९]

सन्दर्भ सामग्री

१. क्वीन, थोमस । "ब्लक भोटिङ्ग इन द लेबर पार्टी : अ पोलिटिकल एक्चेन्ज मोडल" पार्टी पोलिटिक्स ८:२ (सन् २००२) : २१५
२. पूर्वोक्त, २२०
३. हे, कोलिन्स् । "क्रोनिकल्स् अफ अ डेथ फरटोल्ड: द विन्टर अफ डिसकन्टन्ट एण्ड कन्स्ट्रक्सन अफ द क्राइसिस अफ ब्रिटिश केनेसियनिजम ।" पार्लियमेन्टरी एफ्यर्स् ६३:३ (सन् २०१०) : ४४६-४७०
४. युके लेबर पार्टी । "हिस्ट्री अफ द लेबर पार्टी" : http://www.labour.org.uk/historyofthelabourparty3.
५. युके लेबर पार्टी । द लेबर पार्टी रुल बुक २०१० । http://www.leftfutures.org/wp-content/uploads/2011/02/labour-Party-rule-Book-2010. pdf, 25.
६. क्राम्ब, उसलान र मिलिवर्ड, डेभिड । "आरएमटी दु वि द फर्स्ट युनियन एक्पेल्ड इन लेबर्स हिस्ट्रि" । द टेलिग्राफ, फेब्रुवरी ७, २००७ । http://www. telegraph.co.uk/news/uknews/1453685/rmt-to-be-first-union-expelled-in-labours-history.html.
७. मेगुएर, केभिन ।"फायर ब्रिगेड्स युनियन टु सिभियर लिङ्क विथ लेबर ।" द गार्जियन, जुन १६, २००४। http://www. guardian.co.uk/politics/2004/ jun/17/uk.firefighters.
८. डेभिज, लिजी र विन्टोयर, प्याट्रिक, "एड मिलिब्याण्ड रिटर्न्स युनाइट युनियन लिडर्स फायर ।" द गार्जियन, जनवरी १७, २०१२ । http://www.guardian.co.uk/politics/2012/jan/17/labour-spending-cuts-harman.
९. इरिक्सन, म्याट्स । टुगेदर वी आर स्ट्रङ्गर: ए मेथड अवाउट ट्रेड युनियन-पोलिटिकल कोअपोरेसन । स्टकहोम :ओलोफ पाल्मे इन्टरनेशनल सेन्टर, २०११

सञ्जाल भएको, तुलनात्मक रूपमा पर्याप्त स्रोत भएको र स्वयंसेवी र तलबी व्यवसायिक कर्मचारी वा परामर्शदातारुको संयुक्त प्रयोग गर्ने गर्दछन्। अन्य दलहरू भने बढी सम्भ्रान्त वर्गमा केन्द्रित, सरकारमा रहेको कुनै अनुभव नभएको, सीमित संरचनाहरू रहेको र सीमित बजेटमा सञ्चालित हुन संघर्षरत रहेको हुनसक्छन् । यी विशेषताहरू दलको आवश्यकता वा स्रोतहरूको उपलब्धता अनुसार समयसँगै परिवर्तन हुनसक्छ, जसले नीतिगत निर्माणको पक्षलाई उनीहरूले कसरी सम्बोधन गर्दछन् भन्ने कुरालाई प्रभावित गर्दछ ।

केही सिद्धान्तनिष्ठ परिवारहरूको सङ्गठनात्मक व्यवस्थापनका विषयहरूमा कुनै धारणा वा प्राथमिकताहरू हुने गर्दछन् । उदाहरणका लागि, फ्रेन्च समाजशास्त्री र राजनीतिज्ञ मउरिस दुवेजरले संसद भित्र गठन भएका राजनीतिक दलहरूलाई पुँजीपतीको प्रतिनिधित्व गर्ने र संसदबाहिर उदाउने दलहरूले समाजवादीहरूको प्रतिनिधित्व गर्ने भनी वर्गीकरण गरेका छन् । उनको तर्क अनुसार दोस्रो किसिमका दलहरूले अन्तारिक लोकतन्त्रका केही पक्षहरू कायम राख्ने बढी सम्भावना रहन्छ र त्यसकारण दलको नीति परिवर्तन गर्ने कुरा अन्य दलहरूको तुलनामा बढी विस्तृत हुनेगर्दछ। केहीले विगतका बर्षहरूमा सङ्गठनात्मक परिवर्तनहरू गरेपनि ग्रीन पार्टीहरूको निर्णय प्रक्रियामा सदस्यहरूको सहभागिता अधिकतम बनाउने, साझा नेतृत्व प्रोत्साहित गर्ने र वर्गीकरणलाई न्यूनतममा राख्ने विधिहरूमाथि बढी प्राथमिकता दिने गर्दछन्।[१८] ग्रीन पार्टीहरूका निर्णय प्रक्रिया र दलीय संरचनाहरूका बारेमा थप जानकारी यस प्रकाशनको खण्ड २ मा बेल्जियम र क्यनडाका ग्रीन पार्टीहरूको नमूना अध्ययनमा उपलब्ध छ । सैंदान्तिक रूपमा साम्यवादी तर्फ ढल्केका धेरै राजनीति दलहरूको ट्रेड युनियिनहरूसँग बलियो सम्बन्धहरू हुने गर्दछन्। आफू सम्बद्ध दलका लागि समर्थन जुटाउन यी समूहहरूले प्रायः शक्तिशाली भूमिका निर्वाह गर्दछन् र दलको निर्णय प्रक्रियामा उल्लेखनीय भूमिका हुनेगर्दछ। उदाहरणका लागि, अस्ट्रेलियन लेबर पार्टीमा आवद्ध ट्रेड युनियनहरूको दलको महाधिवेशनमा प्रतिनिधि पठाउने अधिकार हुन्छ र विभिन्न मुद्दाहरूमा छलफल गर्न

दल र युनियनका पदाधिकारीहरूलाई एउटै मञ्चमा ल्याउने सल्लाहकार परिषदहरूमा पनि सहभागी हुन्छन् । त्यसका साथै, लेबर पार्टीका सबै विधायकहरूले आफूले प्रतिनिधित्व गर्ने भौगोलिक क्षेत्रमा रहेको युनियनका अभियन्ताहरूसँग परामर्श गर्नुपर्छ ।[१९]टेक्स्ट बक्स १ मा संयुक्त अधिराज्यको लेबर पार्टीका नीतिगत कार्यविधिहरूमा ट्रेड युनियनका भूमिकाहरूको उदयबारे व्याख्या गरिएको छ । संयुक्त अधिराज्यको लेबर पार्टीका नीतिगत प्रक्रियाहरूबारे थप जानकारीका लागि यस प्रकाशनको खण्ड २ को घटना अध्ययन हेर्नुहोस् ।

नीतिगत अभिमुखीकरण

नीतिगत अभिमुखीकरण भन्नाले मुद्दामा आधारित नीतिहरूको विकास र प्रचारप्रसारमा दलले कुन हदसम्म ध्यान दिन्छ र मतदाताहरूले दलको नीतिगत प्राथमिकताहरूलाई पचिहान गर्नसक्ने स्तरलाई जनाउँछ । दलका घोषणापत्र र अन्य नीगित दस्तावेजहरूले प्रायः कुनै दलको नीति कतातिर उन्मुख छ भन्ने कुराको केही संकेत दिन्छन् । यद्यपि, नीतिगत कार्यसम्पादन शासन गर्ने वा नीतिगत एजेण्डालाई प्रभावित गर्ने अवसर प्राप्त भएमा दलले वास्तविका रूपमा के गर्दछ भन्ने कुरा पनि महत्वपूर्ण छ । यहाँ फेरिपनि विश्वभरी विविध प्रकारका संस्कारहरू उपलब्ध छन् । केही दलहरूले नीतिमाथि कम ध्यान दिन्छन् र अन्यले भने सामाजिक समस्याहरू समाधान गर्नका लागि आफ्ना प्रस्तावहरूको आधारमा प्रतिस्पधा गर्दछन् । यसका साथै केही दलहरूले निश्चित विषय क्षेत्रमा नीतिहरूको निर्माण गर्ने कार्यमा केन्द्रित रहन्छन् भने अन्यले विविध विषयहरूमा प्रतिस्पर्धा गर्ने प्रयास गर्दछन्। दलमा पुगेपछि वा सरकारको नजिजको दलहरूले प्रायः विस्तृत नीतिगत अवधारणाहरू विकास गर्दछन्। उदाहरणका लागि, ग्रीन पार्टीहरू सुरुमा वातावरण संरक्षण र दिगो विकासका नीतिहरू माथि सीमित केन्द्रविन्दुका साथ उदाएका हुन् तर समयसँग आफ्ना नीतिगत धारणालाई विस्तार गर्दै लगेका छन् । दलको सिद्धान्तहरूको निर्माण र अद्यावधिक कार्यसम्बन्धी खण्डमा र खण्ड २ को घटना अध्ययनमा थप छलफल गरिएजस्तै बुल्गेरियाको युनियन अफ डेमोक्रेटिक फोर्सेस (युडिएफ) समान्यवादी शासनको अन्त्य गर्ने उद्देश्यका साथ गठन भएको थियो तर पछि निजीकरणसहित शासनका विभिन्न चुनौतीहरूबारे नीतिगत समाधानहरूको विकास गर्नुपर्ने चुनौतीको सामना गर्नु पर्‍यो ।

विचारधारा

विश्वभरीका धेरै राजनीतिक दलहरूले विभिन्न नामका विचारधाराहरू जस्तैः समाजवादी, प्रगतिशील, क्रिस्टियन डमोक्रेट, कन्जरभेटिभ, उदारवादी, ग्रीनको प्रयोग आफूलाई व्याख्या गर्न गरेका छन् । साथै यी सिद्धान्तहरूको आधारमा आफूहरूलाई संगठित गर्ने तथा नीतिहरू प्रस्ताव गर्ने गर्दछन्। दलले अवलम्बन गरेको विचारधारा र दलले लिने पोजिसनबिच कहिलेकाहीँ देखिने भिन्नताबारे राजनीतिशास्त्रीहरूले दुईको तुलना गर्दै विभिन्न अध्ययनहरू गरेका छन् । दलहरूले आफ्नै विचारधाराको नाम अवलम्बन गरेका छन् भने राजनीतिक पर्यवेक्षकहरूले पनि विभिन्न राजनीतिक दलहरूलाई त्यस्ता नामहरू दिने गरेका छन्, र त्यसक्रममा समान सिद्धान्त भएका दलहरूलाई एउटै समूहमा राख्ने छाटो माध्यम लागु गरेका छन् । एउटा भन्दा बढी स्थापित विचारधारा परिवारका मूल्यमान्यताहरू प्रतिबिम्वन गर्ने भएकाले केही अन्य दलहरूलाई वर्गीकरण गर्नु बढी कठिन सावित भएको छ, जसले उनीहरूले वास्तवमै कुनै प्रस्ट राजनीतिक मूल्यमान्यता वा सिद्धान्तहरू धारण गरेको छ वा छैनन् भन्ने प्रश्न उठाउनेगर्दछ ।

यो भागको थालनी दलको पहिचानलाई कुनै दलको ब्रान्डिङ्ग, समर्थनको आधार, व्यक्तित्वमा केन्द्रविन्दु, संरक्षकत्व, सङ्गठनात्मक संस्कृति, नीतिगत झुकाव र विचारधाराको एकीकृत रूप भनी प्रस्तुत गर्दै भएको थियो । यी सबै पक्षहरू मिलेर कुनै दल के कुराका समर्थनमा छ, त्यसका लक्ष्यहरूलाई कसरी कार्यान्वयन गर्ने नीति लिएको छ, र जनताले आफूलाई कस्तो रूपमा हेरिदियोस भन्ने चाहना छ भन्ने कुराको प्रतिबिम्वत गर्दछन्।त्यसले कुनै दलले नीति निर्माणलाई कुन हदसम्म जोड दिन्छ, नीतिका अन्तर्वस्तु र कार्यविधिहरू आधारित हुने सिद्धान्त वा विश्वासहरू, सार्वजनिक नीतिमार्फत यसले कुन सामाजिक समूहका हकहितहरूलाई प्राथमिकता दिन्छ भन्ने कुराको पनि संकेत गर्दछ। आगामी भागमा विचारधारालाई अझै नजिकबाट हेर्दै नीति निर्माणमा यसले निर्वाह गर्ने भूमिकाका बारेमा चर्चा गरिएको छ ।

विचारधारा र दलको नीति

फ्रान्सेली क्रान्तिको समयमाफ्रान्सेली दार्शनिक एवं कुलीन व्यक्तित्व एन्त्वान देस्त्यु द त्रासीले "विचारहरूको विज्ञान" लाई जनाउन विचारधारा भन्ने शब्दको प्रतिपादन गरेका थिए । अठारौं शताब्दीदेखि नै यस शब्दले विविध प्रकारको अर्थ बोक्दै आएको छ । केहीले यस शब्दलाई नकारात्मक अवधारणासँग जोडेका छन् भने, अन्य केहीले यस शब्दलाई तटस्थ वा सकारात्मक रूपमा पनि व्याख्या गरेका छन् । उदाहरणका लागि, सत्तामा रहेका वर्गले मजदुर वर्गलाई भ्रमित पार्ने र संसारबारे गलत धारणा प्रस्तुत गरेर दमन गरिराख्ने प्रयासका रूपमा मार्क्सले विचारधारा शब्दको प्रयोग गरेका थिए । पछिल्ला वर्षहरूमा विचारधारालाई यसप्रकार परिभाषित गरिएका छन् : एक राजनीतिक आस्थाप्रणाली ; सबैकुरा समेटिएको सत्यको एकाधिपत्य दाबी गर्ने एक राजनीतिक सिद्धान्त ; कुनै विशेष वर्ग वा सामाजिक समूहको धारणा र स्वार्थ प्रतिबिम्बित गर्ने राजनीतिक धारणाहरू ; र कुनै एक व्यक्तिलाई एक सामाजिक परिवेशमा अवस्थित गर्ने र सामूहिक अपनत्व बोध गराउने विचारहरूको संग्रह । यस दस्तावेजमा विचारधारालाई एक सामञ्जस्यतापूर्ण, एक्यबद्ध गर्ने, समाजबारे बुझाई बढाउने, त्यसको सुधारका लागि परिकल्पना स्थापित गर्ने र उक्त परिकल्पना साकार पार्नका लागि आवश्यक नीतिगत प्रयासहरू पहिचान गर्नका लागि एक ढाँचा उपलब्ध गराउने राजनीतिक सिद्धान्तहरू (विचार र मूल्यमान्यता) का रूपमा परिभाषित गरिएको छ । यसप्रकार व्याख्या गर्दा, विचारधाराले एक विशेष वर्ग वा समुदायको धारणा प्रतिबिम्बित गर्नसक्छ वा समाजका विखण्डनहरू जोड्ने एक सिमेन्ट वा ग्लुको काम गर्दछ भन्न सकिन्छ ।

सामजिक तथा आर्थिक सन्दर्भमा विचारधारा

सबै राजनीतिक विचारहरूले ती आफू विकास भएका सामाजिक तथा ऐतिहासिक परिवेश र तिनले काम गर्ने राजनीतिक आकांक्षा अनुरूपका रूप धारण गरेका हुन्छन् ।[२०]

परम्परागत विचारधाराहरू औद्योगिक क्रान्तिको पृष्ठभूमिमा जन्मिएका भए तापनि, सामाजिक, राजनीतिक तथा आर्थिक परिवर्तनसँगै ती पनि रूपान्तरित हुँदै आएकाछन् । यसर्थ, आफ्नो वातावरण र समाजलाई स्वरूप प्रदान गर्ने विचारधाराहरू आफैंपनि बदलिँदो आवश्यकता अनुसार अनुकूलित हुँदै गएका छन् । त्यसैले, विचारधारा भनेका परिवेशमा आधारित हुन्छन् र समाज परिवर्तनसँगै परिमार्जित हुनसक्छन् । यसबाहेक, आर्थिक तथा सामाजिक अवस्थाका प्रतिक्रियास्वरूप नयाँ विचारधाराका समूह पनि उदाउन सक्छन् । उदाहरणका लागि, पश्चिमी युरोपमा भएको हालैको सामाजिक परिवर्तनका साथै इन्टरनेट र सूचना एवं सञ्चारका अन्य प्रविधिको विष्फोटनले गर्दा पाइरेट समूहको उदय भएको छ । पहिलो पाइरेट दलको स्थापना स्वीडेनमा मुख्यतः प्रतिलिपी अधिकार र पेटेन्टसम्बन्धी कानुनमा सुधार ल्याउने प्रयासका लागि सन् २००६मा भएको थियो । त्यसबेलादेखि, ३० देशमा पाइरेट दलहरूको उदय भइसकेको छ र अप्रिल २०१०मा तीमध्येका धेरैले मिलेर अन्तर्राष्ट्रिय पाइरेट दल गठन गरेका छन् । सबैभन्दा सफल पाइरेट दल शायद जर्मनीमा छ, जसले २०१२को चुनावी जितपछि, उनीहरूले चारओटा राज्यसभामा प्रतिनिधित्व गर्नका लागि पर्याप्त हुने मत प्राप्त गरेका थिए । सुरुमा माइन्टरनेटमा नागरिक अधिकार संरक्षणमा केन्द्रित रहेको पाइरेटहरू हाल सामाजिक-उदारवादी दलका रूपमा परिमार्जित हुन थालेका छन् र प्रतिलिपी अधिकार एवं पेटेन्टसम्बन्धी कानुनी सुधार, व्यक्तिगत निजीपनाको अधिकारमा सुधार र थप सरकारी पारदर्शिता लगायतका आफ्ना नीतिगत प्राथमिकताहरूलाई अघि लैजान उनीहरू अन्य दलहरूसँग सहकार्य गर्न थालेका छन् । उनीहरूले हालै प्राप्त गरेको चुनावी सफलता र दलको निर्णय प्रक्रियामा सदस्यहरूको सहभागिता सहजीकरणका लागि उनीहरूले प्रयोग गर्ने प्रविधिलाई जर्मनी र विश्वभरीको मिडियाले प्रकाशित गरेका थिए । आर्थिक तथा सामाजिक विकासले कसरी विभिन्न विचारधारा जन्माउनमा प्रभाव पारेको छ भन्नेबारे टेक्स्ट बक्स २मा वर्णन गरिएको छ ।

विचारधारा भन्ने कुरा तुलनात्मक पनि हुन्छ : कुनैपनि राजनीतिक दलको विचारधाराको समूह अन्यसँगको निकटताका आधारमा हरित, बामपन्थी झुकाव भएको, मध्यपन्थी, वा उदारवादी हुनसक्छ भने उक्त दलको प्रतिस्पर्धीहरूका आधारमा पनि यो कुरा निर्धारित हुन्छ ।

टेक्स्ट बक्स २ : विभिन्न विचारधाराहरूको उदयमाथि आर्थिक तथा सामाजिक प्रभावहरू

युरोपमा राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनको सम्मिश्रण र फ्रेन्च तथा अमेरिकी क्रान्तिका साथै औद्योगिकरणले परम्परावादी, उदारवादी र सामाजिक लोकतन्त्रका विचार एवं सिद्धान्तलाई स्वरूप प्रदान गर्न सहयोग गरेको थियो । जोन लोक् र अन्य राजनीतिक दार्शनिकहरूले स्वतन्त्र व्यक्तिहरू एक स्थिर समाजका आधार हुने दृष्टिकोण राखे र सरकारको अस्तित्व व्यक्तिका नैसर्गिक अधिकारहरूको संरक्षणका लागि हुनुपर्ने तर्क राखे।[१] एकातिर, प्रतिनिधिमूलक लोकतन्त्र वा राजनीतिक उदारवादका लागि भएको यस आन्दोलनले आर्थिक स्वतन्त्रताको आह्वान गरिरहेको थियो भने अर्कातिर एडम स्मिथ र अन्यले व्यापार तथा अन्य आर्थिक मामिलामा सरकारी हस्तक्षेपका विरुद्ध तर्क राखिरहेका थिए । त्यसैगरी, फ्रेन्च क्रान्तिको परिणामस्वरूप यथास्थितिवादी आन्दोलनको विकास भएको हो, जसलाई एडमण्ड बुर्क र अन्यले धर्म, परम्परा र कुलीनतामा आधारित लामो समयदेखि स्थापित विचारहरूलाईविकृत तरिकाले नष्ट पार्नखोजेको मानेका थिए । त्यसको प्रतिक्रियास्वरूप, उनीहरूले स्थापित संस्थाहरूको प्रवर्द्धन तथा संरक्षणका प्रयासको पक्ष लिए ।पुँजीवादले अन्ततः एक क्रान्तिलाई जन्म दिने र त्यसमा धनीहरूबाट आफ्नो शोषणविरुद्ध कामदार वर्ग उठेर आर्थिक उत्पादनलाई सामुदायिक स्वामित्व संस्थापन गर्नेछन् भनेर कार्ल मार्क्स्ले १८००को अन्तिमतिर पूर्वानुमान गरेका थिए । आधुनिक समयका सामाजिक लोकतन्त्रवादीहरूको अगुवा रहेका सुधारमूखी समाजवादीहरूले २०औं शताब्दीको प्रारम्भमा बढी मध्यमार्गी धारणा अंगीकार गर्दै क्रान्तिका साटो पुँजीवादी प्रणालीभित्र नै सुधारका लागि वकालत गर्न थाले ।

वितेका दशकहरूमा, यीमध्येका प्रत्येक समूहले विविध प्रकारका राजनीतिक झुकावलाई समेट्दै प्रत्येकले विभिन्न धारका सम्मिश्रण र कुनै निश्चित राजनीतिक सिद्धान्तमा अलिकति फेरबदललाई अँगाल्न थालेका छन् । उदाहरणका लागि, उदारवादी समूहमा उदारवादी यथास्थितिवादी र यथास्थितिवादी उदारवादी समावेश हुन्छन्, जसमध्ये पछिल्लोले परम्पराको संरक्षण, आधिकारिकताप्रति सम्मान, र समाजमा धर्मको भूमिकासम्बन्धी शास्त्रीय यथास्थितिवादी सरोकारलाई बढी जोड दिन्छ । आजको समयमा, दक्षिणपन्थी झुकाव भएका दलमा उग्र दक्षिणपन्थी, क्रिस्चियन यथास्थितिवादी र मध्य-दक्षिणपन्थी पर्छन् भने, बामपन्थीमा साम्यवादी, समाजवादी, सामाजिक लोकतन्त्रवादी र प्रगतिशीलहरू पर्छन् । यथास्थितिवादी, बामपन्थी र उदारवादी दर्शनहरूले धेरै अर्थमा उदयमान औद्योगिक समाज र भविष्यका विभिन्न परिकल्पना र तिनको स्वरूप तयार गर्ने प्रयासलाई प्रतिबिम्बित गर्दछन्। १९औं शताब्दीको आगमनसँगै, यी प्रत्येक विचारधारामा थप विकास भएर ती प्रायः विभिन्न सामाजिक-आर्थिक समूहसँग आबद्ध भए । त्यसबाहेक, सामाजिक परिवर्तनसँगै नयाँ समूहहरूको पनि उदय भएको छ ।

उदाहरणका लागि, औद्योगिकीरण पछिको समाजको उदयसँगै सन् १९६०को दशकसम्ममा सामुदायिक वा सामाजिक समूहमा भन्दापनि, व्यक्तिमा बढी केन्द्रित तरल समाजको पनि उदय भयो । अष्ट्रेलिया, युरोप र न्युजिल्याण्डमा त्यो दशकमा प्रभावशाली सार्वजनिक संरचनाहरूको विकास र औद्योगिक विस्तारसहितको आर्थिक उछाल भएको थियो । उच्चतहको सम्पन्नता र यात्रा तथा सञ्चारमा भएको विकासका कारण आधारभूत भौतिक आवश्यकता पूरा भएको र संसारको कुनै एक स्थानका व्यक्ति अर्को स्थानसँग जोडिने क्रम बढ्दै गइरहेको थियो । यद्यपि, औद्योगिकीरणका मूल्यबारे चासो बढीरहेको थियो भने जातीय, लैङ्गिक र विश्वव्यापी समतामा बढ्दो रूपमा ध्यान केन्द्रित भइरहेको थियो ।

सन् १९७०को दशकसम्ममा विश्वव्यापी उर्जा संकट, आर्थिक मन्दी, उच्च महँगीसम्बन्धी “द लिमिट्स् अफ ग्रोथ” (बृद्धिको सिमितता)[२] नामक एक प्रतिवेदनले आर्थिक विकासका वातावरणीय एवं सामाजिक मूल्यबारे गम्भीर प्रश्नहरू

उठाइदिएसँगै वातावरणसँग सम्बन्धित स्थानीय समूहहरू विकसित भए । सबैभन्दा पहिले सन् १९७०को दशकमा, आ(णविक उर्जा विकासबारे चिन्ता गर्दै यी स्थानीय समूहहरू राष्ट्रियस्तरमा परिचालित भएका थिए, किनकि गिर्जाघरहरू र ट्रेड युनियनजस्ता परम्परागत समूहहरूले बेवास्ता गरेका विषयहरू पनि उनीहरूले उठान गर्न थाले । यी समूहरूको उदयकै समयमा, औद्योगिक रूपमा विकसितदेशहरू र विकासशील देशहरूबिच अन्तर्राष्ट्रिय ऐक्यबद्धताका पक्षमा बढ्दो आन्दोलन र समान अधिकारको मागसहित महिलावादी आन्दोलन पनि सुरु भइरहेको थियो ।७०को दशकको अन्त्यसम्ममा, यथास्थितिवादी, सामाजिक लोकतान्त्रिक र उदारवादीजस्ता परम्परागत राजनीतिक दलहरूले आफ्ना मुद्दाहरूको पर्याप्त सम्बोधन नगरेकोमा यी प्रत्येक आन्दोलनका तत्वहरू, र विशेषगरी ग्रीनहरू, असन्तुष्ट भएर आफ्नै राजनीतिक दल गठन गर्न र निर्वाचित पद हासिल गर्ने प्रयास गर्न थाले ।

सन्दर्भ स्रोत :

१ एनडीआई, म्यानुअल अन पोलिटिकल आइडेन्टिटी एण्ड आइडोलोजी (वाशिंटन डीसीः एनडीआई, २००८)

२. डोनेला मेडोज्को सन् १९७२को पुस्तक द लिमिट्स् टु ग्रोथले पृथ्वीमा सिमितस्रोतसाधन भएका कारण जनसंख्या र अर्थतन्त्रमाअनियन्त्रित वृद्धि हुँदाको परिमाणबारे खोज गरेको छ । पुस्तकको अकाट्य निश्कर्ष के हो भने सन् १९६० दशकको वृद्धि दर दिगो थिएन ।

उदाहरणका लागि, समयक्रमसँगै, परम्परागत दलहरूले वातावरण, अन्तर्राष्ट्रिय एकता र लैङ्गिक समानतालाई बढी महत्व दिन थालेका छन्, जसकारण केहि सवालहरूलाई मूलप्रवाहमा ल्याउँदा ग्रीन पार्टीहरू अस्तित्वमा आए । तर सँगसँगै, जब ग्रीन पार्टीका सदस्यहरूले निर्वाचित पद जितेर राष्ट्रिय तथा स्थानीय राजनीतिलाई प्रभावित पार्न थाले, परम्परागत दलहरूले थप बृहत् विषयमा आफ्ना धारणा विकास गर्दै र दिगो विकासमा आफ्ना अवधारणात्मक पद्धति गहिऱ्याउँदै आफूलाई अनुकूलन गरे । तसर्थ, शास्त्रीय र हरित विचारधाराका समूहहरू प्रतिस्पर्धा एवं सामाजिक परिवर्तनको प्रतिक्रियास्वरूप परिमार्जित हुँदै गएका छन् । यी नवीकरणका प्रक्रिया समूहगत स्तरमा साथै कुनै एक राजनीतिक दलभित्र पनि भएका छन् । (यी प्रक्रियाहरू कसरी विकसित भए भन्नेबारे थप जानकारी राजनीतिक सिद्धान्त र मूल्यमान्यताको विकास तथा अद्यावधिक गर्ने खण्डमा समावेश छ) ।

प्रत्येक विचारधाराको समूहले त्यस्ता विविध प्रकारका दल एवं व्यक्तिहरूलाई समेटेको हुन्छ, जसका आधारभूत मूल्यमान्यता र आस्थाले साझा उद्देश्य, गन्तव्य, वा समुदायको बोध गराउँछ, तर साथसाथै संसारप्रतिको उक्त दृष्टिकोणको व्याख्या वा प्राप्तीमा केही मात्राको भिन्नता पनि अंगीकार गरेको हुन्छ ।

तसर्थ, कुनै एक विचारधारालाई "गणितीय सटिकता" का साथ परिभाषित गर्न कठिन हुनसक्छ ।[२१] तर प्रत्येक विचारधार ासँग सम्बन्धित सबैभन्दा सामान्य विशेषताहरू परिभाषित गर्नभने प्रायः सम्भव हुन्छ । उदाहरणका लागि, युरोपमा हालै उदारवादीहरूको सामान्य धारणाहरू लेखाजोखा गर्नका लागि गरिएको प्रयासमा, एक देशबाट अर्को देशमा धेरै भिन्नताहरू भेटिए । उक्त प्रतिवेदनका अनुसार "उदारवादी दृष्टिकोणमा विविधताको सबल पक्ष छ । युरोप उदारवादका विभिन्न धारहरूको गौरवशाली नेतृत्वकर्ता हो, जसमध्येका सबै आ-आफ्ना सम्बृद्ध ऐतिहासिक धरोहरबाट जन्मिएका हुन् ।" त्यस प्रतिवेदनको निष्कर्षमा, उदारवादीका सर्वव्याप्त न्यूनतम मूल्यमान्यतामा स्वतन्त्रता, समानता र सहनशिलता पर्ने र उदारवादीहरूले विभिन्न सवालप्रतिको धारणा विकास गर्नका लागि व्यक्तिलाई एक प्रारम्भिक बिन्दुका रूपमा पहिचान गर्ने गरेको कुरा उल्लेख थियो[२२] ।

इतिहासको विभिन्न कालखण्डमा, विचारधाराका निरन्तर सान्दर्भिकताका बारेमा प्रश्न उठाइएका छन् । संयोगबश, यी अपरिपक्व समवेदनाहरू वैचारिक बहसका पुनर्उत्थानभन्दा अघिमात्र लेखिएका थिए ।सन् १९५० र ६० को दशकमा, ग्रीनहरूको उदय र स्वतन्त्र बजारप्रति पुनर्जीवित चासोभन्दा अगाडि, व्यवस्थित पुँजीवादको सिद्धान्तको बृहत् स्वीकार्यताका कारण "विचारधाराको अन्त्य"बारे छलफलहरू भएका थिए । केही समय अघिदेखि, कल्याणकारी राज्यमा

सहमति र व्यवस्थित अर्थतन्त्रको आकर्षणमाझ, बामपन्थी-दक्षिणपन्थी वर्णक्रमको मध्यतिर सामान्य झुकाव देखिन थालेको अन्यको राय छ । विगतमा जस्तो धार्मिक र वर्गीय असमानता अहिले मुख्य विषय नभएको तर माध्यमिक र बढी जटिल फाटोहरू देखिन थालेको उनीहरूको तर्क छ । यस अतिरिक्त, विश्वव्यापीकरण हुदै गइरहेको विश्वमा, कुनैपनि देशको आर्थिक अवस्थामा सो देशको सरकारको एकल नियन्त्रण कम भएको छ । परम्परावादी विचारधाराहरू जन्मिएका सामाजिक एवं आर्थिक परिवेशलाई विचार गर्दा, भर्खरै उदाइरहेका लोकतन्त्रका राजनीतिक दलहरूका लागि तिनको सान्दर्भिकता कत्तिको छ भन्नेबारे पनि प्रश्न उठेका छन् । यी चिन्ताका बाबजुद, स्थापित प्रत्येक विचारधारा समूहले विश्वभरीका सबै क्षेत्रमा आफूसँग विचार मिल्ने राजनीतिक दल पहिचान गर्न सकेका छन् । यद्यपि, उनीहरूले दाबी गर्ने वैचारिक सिद्धान्तहरूबारे दलका सदस्यहरूको बुझाइमा भिन्नता छन् र उनीहरूको दलको दृष्टिकोणले सधैं तिनलाई स्पष्टसँग प्रतिबिम्बित गर्दैनन् ।

राजनीतिक दलहरूले विचारधारामा पर्याप्त जोड नदिएका कारण पनि सदस्यता संख्या घटिरहेको केहीको मान्यता रहेको छ । दलहरूले बढी मध्यमार्गी धारणा अंगीकार गरेर आफ्नो समर्थन फराकिलो पार्न खोजेका कारण उनीहरू आफ्नो सोचलाई स्पष्टसँग व्यक्त गर्न र दल एवं समर्थकहरू बिचको भावनात्मक सम्बन्धमा बढी आधारित कथन सिर्जना गर्न कम सक्षम भएका छन्, जसकारण कथनहरूमा भन्दापनि उनीहरू उमेदवारको बजारीकरण एवं नीति प्रस्तावमा केन्द्रित हुन थालेका छन् ।[२३] अनुभवहीन लोकतन्त्रका विकास र विश्वव्यापी आर्थिक संकटका लागि उचित नीतिगत प्रस्तावबारे बहस भइरहेको समयमा राजनीतिक इस्लामको बढ्दो भूमिकाले यो दर्शाउँछ कि उक्त विचारधारा आजको दिनमा पनि सान्दर्भिक छ । यस अतिरिक्त, अष्ट्रिया र फ्रान्स जस्ता परम्परागत लोकतन्त्रले अति दक्षिणपन्थी दलहरूको पुनर्उत्थान भएको देखेका छन् । स्थापित वैचारिक समूहका धेरै दलहरू हालको परिवर्तनशील विश्वमा आफ्ना सिद्धान्तहरू कसरी राम्रोसँग लागू गर्ने भन्ने पहिचान गर्न प्रयास गरिरहेता पनि, यी विकासक्रमहरूले लामो समयदेखि रहिआएको वैचारिक बहसप्रतिको चासोलाई पुनर्ताजगी गरिदिनुका साथै पाइरेट लगायतका नयाँ आन्दोलनहरूको उदयलाई बढावा दिइरहेको छ । तसर्थ, विचारधाराको मृत्यु घोषणा गर्ने विगत र वर्तमानका प्रयास बाबजुद, विगत धेरै वर्षदेखि यसले आफ्नो पुनर्उत्थानशिलतालाई अविश्वसनीय तरिकाले साबित गर्दै आएको छ ।

नीति निर्माणमा विचारधाराको भूमिका

राजनीतिक दलहरूले आफ्ना नीतिहरू विकास गर्ने क्रममा, स्पष्टसँग परिभाषित विचारधाराले राजनीतिको दिशानिर्देशलाई सहयोग गर्दछ। राजनीतिक दलहरूले विभिन्न नीतिगत समस्याहरू बुझ्ने र तिनको समाधान खोज्ने क्रममा, विचारधारा भित्रका सिद्धान्तले उनीहरूलाई एक सामान्य दिशातिर लैजान्छ । सामाजिक लोकतन्त्रवादी, उदारवाद, अनुदारवादर ग्रीन पार्टीहरूले ठ्याक्कै उहि समस्याको सामना गर्दा उनीहरूको आ-आफ्ना राजनीतिक सिद्धान्तका आधारमा फरकफरक समाधानको प्रस्ताव गर्न सक्छन् । उदाहरणका लागि, यी सबै प्रकारका राजनीतिक दलहरूले सामाजिक सुरक्षा जालोको आवश्यकता स्वीकारेतापनि, त्यसको मात्रा फरक फरक छ । त्यस अतिरिक्त, ती सेवाहरू उपलब्ध गराउनका लागि पनि उनीहरूले अवलम्बन गर्न चाहने तरिका फरक छन् । सामाजिक लोकतन्त्रवादी र अन्य बामपन्थी दलहरूले त्यस्ता सेवा आपूर्तिमा सरकारको सङ्लग्नता वा प्रत्याभूत भएको नीतिगत समाधान प्रस्ताव गर्नसक्छन् भने, अनुदारवादी वा दक्षिणपन्थी दलहरूले विभिन्न प्रकारका सार्वजनिक सामाजिक सुरक्षाका प्रावधानलाई सिमित गर्दै सामान्यतया त्यस्ता सेवालाई बढी निजीकरण गर्ने सुझाव दिनसक्छन् । त्यसैगरी, बामपन्थीहरू भन्दा उदारवादीहरूले व्यापार अवरोध र सरकारी अनुदानहरू हटाउने प्रस्ताव गर्ने सम्भावना बढी हुनुका साथै उनीहरूले राज्य र समुदायका तुलनामा व्यक्तिगत अधिकार प्रवर्द्धनका प्रयासलाई समर्थन गर्ने सम्भावना बढी हुन्छ । कहिलेकाँहि, स्वतन्त्रता जस्ता, सर्वव्यापी लाग्ने अवधारणालाई पनि वास्तवमा प्रत्येक विचारधाराका समूहहरूले केहि फरक तरिकाले ब्याख्या गरेका हुन्छन् । (अनुसूची१ मा केही अवाधारणालाई विभिन्न विचारधाराका समूहहरूले कसरी व्याख्या गर्दछन् भन्ने तुलनात्मक तालिका समावेश गरिएको छ ।)

तालिका १ : विचारधाराले नीतिलाई कसरी सुसूचित गर्दछ

विचारधारा	नीति
परिचय	
कुनैपनि समाजलाई बुझ्न, त्यसको सुधारको परिकल्पना स्थापित गर्न र त्यो परिकल्पना प्राप्तीका लागि आवश्यक नीतिगत कदमहरू उपलब्ध गराउने एक सामञ्जस्यपूर्ण, एकताबद्ध, राजनीतिक सिद्धान्तहरू (विचार र मूल्यमान्यत(ाहरू)	सरकारको उद्देश्य कसरी प्राप्त एवं कार्यान्वयन गर्ने भन्ने एक स्पष्ट योजना
विशेषताहरू	
● सामान्य र केही अमूर्त ● मूल्यमान्यता र आस्थामा अत्याधिक केन्द्रित ● नीतिको बृहत् क्षेत्रमा लागू गर्न सकिने ● विविध प्रकारका सामाजिक समस्या र विशेष प्रकारका हस्तक्षेपहरू (जस्तै, कम करका विरुद्ध केही विशेष सेवा प्रदानमा सरकारको भूमिका) लाई प्राथमिकीकरण गर्दै ● नीति निर्माणमा सहयोग ● प्राय: दलका नियम वा सिद्धान्तका अभिव्यक्तिका प्रस्त(ावनामा पाइने ● सामान्यतया धेरै अद्यावधिक नगरिने (जस्तै, पुस्तौंसम्म)	● छानिएका कदम र अपेक्षित प्रतिफलमा निर्दिष्ट र केन्द्रित ● प्राय: कुनै निश्चित समस्याको समाधानमा केन्द्रित र विचारधारामा आधारित भएर कुनै निश्चित प्रकारका नीतिगत हस्तक्षेपलाई अपनाउने (जस्तै, कुन कर कम गरिने भन्नेबारे र सरकारी प्रोत्साहन प्याकेजबारे निश्चित वर्णन) ● मुख्यत: मञ्च, घोषणापत्र र दलको उपलब्धीहरूबारे वक्त(व्यमा पाइने ● धेरैपटक अद्यावधिक गरिने (जस्तै, हरेक निर्वाचनमा)
उदाहरण	**सम्बन्धित नीति प्रस्ताव**
हामी यो विश्वास गर्छौं कि दिगोपना प्राप्तीका लागि, र यस पृथ्वीको सिमित स्रोतबाट वर्तमान एवं भविष्यका पुस्ताका आवश्यकता पूरा गर्नका लागि, विश्वव्यापी उपभोग, जनसंख्या र भौतिक असमानतालाई रोकेर उल्टो दिशामा लैजानुपर्छ...यसका लागि...सामान र सेवाको बजार मूल्यले तिनको उत्पादन र उपभोगका वातावरणीय मूल्यलाई पूर्णत: समाहित गरेको, स्रोत तथा उर्जाको कुशलता र विकास गरेको र वातावरणीय रूपमा दिगो प्रविधिको प्रयोग भएको सुनिश्चित गर्नुपर्छ । *(ग्लोबल ग्रीन्स्को घोषणा, पृ.६)*	सम्बन्धित नीति प्रस्तावहरू ● खनिज इन्धन उत्पादन र उपयोगलाई महँगो बनाउन कार्बन कर लागू गर्ने ।सङ्कलित राजश्वलाई व्यक्तियत आयकर कमी र हरित उत्पादन एवं प्रविधिका लागि प्रयोग गर्ने । (भिजन ग्रीन, पृ.१४) ● २५ गिगावाटको सोलार फोटोभोल्टाइक जडानका लागि सोलार उद्योगसँग द्रुत कार्य गर्ने । ● १२ गिगावाट समुद्री उर्जा उत्पादन र निश्चित मात्राको जैविक इन्धन एवं लघु जलविद्युत उत्पादनको लक्ष्य निध(ारणका लागि नवीकरणीय उर्जा उद्योगहरूसँग सहकार्य गर्ने । ● उच्च गुणस्तरीय जियोथर्मल प्रणाली विकासका लागि एक पर्याप्त आर्थिक स्रोतसहितको अध्ययन तथा विकास कार्यक्रम अन्तर्गत भूगर्भीय उर्जा उद्योग र पेट्रोतियम उद्योग (उत्खनन् विज्ञताका लागि)सँगको सहकार्यमा, २५ गिगावाट उर्जा निकाल्न १० कि.मी.सम्म ड्रिल गर्ने ।

उदाहरण	सम्बन्धित नीति प्रस्ताव
समाजमूखी अर्थतन्त्र...व्यक्तिगत प्रयास तथा उद्यम, जिम्मेवार आर्थिक विकास, रोजगारीको अवसर, कम कर र उपभोक्ताका लागि विकल्प उपलब्ध गराउने सबैभन्दा प्रभावकारी एवं लाभदायी तरिका हो । *(आइडियु संस्थापकहरू सहमत भएका सिद्धान्तहरूको घोषणा)*	सम्बन्धित नीति प्रस्तावहरू ● कानुननिर्माणको पहिलो कामस्वरूप कार्बन कर हटाउने । ● समग्र उद्योगलाई पुनर्उर्जाशील बनाउन उत्खनन् कर रद्द गर्दै निकासी बढाउन, अर्थतन्त्र सुदृढ गर्न र थप रोजगारी सृजना गर्न उत्खनन् लगानी र उत्खनन् परियोजना संख्यामा बृद्धि गर्ने । ● व्यवसायमाथिको भार हटाएर देहायका कुरामा उनीहरू केन्द्रित हुन सक्ने वातावरण प्रदान गर्ने : ● सरकारी बचतबाट सामान्य कम्पनी कर तिरिदिने ● एकद्वार प्रक्रियामार्फत संयोजित वातावरणसम्बन्धी स्वीकृतिहरू ● प्रत्येक वर्ष व्यवसायहरूका लागि रेडटेप खर्च १ अर्ब डलरले घटाउने । (रियल सलुसन्स् फर अल अष्ट्रेलियन्स्, पृ. १९ र २६)

सन्दर्भ स्रोत:

१. ग्रीन पार्टी अफ क्यानाडा, भिजन ग्रीन (ओटावा: ग्रीन पार्टी अफ क्यानाडा, २०११), http://www.greenparty.ca/sites/greenparty.ca/files/attachments/ vision_green_en.pdf.

२. इन्टरनेशनल डेमोक्रेटिक युनियन, आइ.डी.यु. सँस्थापकहरूले सहमति जनाएकासिद्धान्तहरूको घोषणापत्र (लण्डन, आइ.डी.यु., १९८३), http://idu.org/principle.aspx .

३. ग्लोबल ग्रीन्स्,चार्टर अफ द ग्लोबल ग्रीन्स् (डकार: ग्लोबलग्रीन्स्, २०१२), http://www.globalgreens.org/sites/globalgreens.org/files/gg_ char-ter_2012_english.pdf .

४. लिबरल पार्टी अफ अष्ट्रेलिया, रिअल सोल्युशन फर अल अष्ट्रलियन्स् (बार्टन: लिबेरल पार्टी अफ अष्ट्रेलिया, २०१३), http://lpa.webcontent.s3.amazonaws.com/realsolu-tions/lPa%20Policy%20Booklet%20210x210_pages.pdf .

विचारधारागत मूल्यहरूले दलहरूलाई एक सामान्य दिशातिर निर्देश गरेपनि, तिनले निर्दिष्ट नीतिगत समाधान भने उपलब्ध गराउँदैनन् । उदाहरणका लागि, एक ग्रीन पार्टीले वातावरणीय दिगोपनाको आवश्यकतालाई प्राथमिकता दिँदादिँदै पनि पानी, खनिज, अर्थतन्त्र, स्वास्थ्यसेवा र अन्य विषयहरूको व्यवस्थापनमा ती सिद्धान्तहरू लागू गर्नका लागि चुनौतीको सामना गर्नुपर्छ। परिणामस्वरूप, राजनीतिक दलहरूले आफ्ना सिद्धान्तका आधारमा निर्दिष्ट नीतिगत प्रश्नहरूमा थप अध्ययनपछि, तिनको सम्बोधनका लागि विकल्पहरू पहिचान गरेर, विभिन्न सवालहरू सम्बोधनका लागि स्पष्ट प्रस्तावनाहरू निर्धारण गर्नुपर्छ । तालिका १ मा विचारधारा र नीतिबिचको भिन्नता देखाइनुका साथै विचारधाराबाट कसरी नीति निर्धारित हुन्छ भन्ने दर्शाइएको छ ।

जब दलबाट प्रस्तावित नीति उनीहरूको सिद्धान्त अनुरूपका हुन्छन्, त्यसले उनीहरूलाई समाज अहिले कस्तो छ र भविष्यमा कसरी सुधार ल्याउन सकिन्छ भन्ने एक विशिष्ट बुझाई प्रतिबिम्बित हुने कथन प्रस्तुत गर्नमा सहयोग पुग्छ । यस्ता भावनात्मक अपिलमार्फत् राजनीतिक दलहरू सर्वसाधारणको निकट हुन मद्दत पुग्नुका साथै उनीहरूभन्दा विशाल कुराको प्रतिनिधित्व गर्ने सङ्गठनको तस्वीर चित्रण गर्नमा पनि मद्दत पुग्छ । तसर्थ, उनीहरू राजनीतिक शक्ति प्राप्तीका लागि आम नागरिकका चासोका विषयबाट फाइदा

उठाउने अवसरवादी नेताहरूका रूपमा हेरिने सम्भावना कम हुन जान्छ । विश्लेषण गरेर हेर्ने हो भनेपनि, संसारभरीका सयौं राजनीतिक दलहरूलाई विभिन्न विचारधाराले देहायका कुरामा मद्दत गरेका छन् : सामाजमा भएका समस्याहरू बुझ्न र समाधान प्रस्ताव गर्न ; समर्थन जुटाउन ; आफ्ना सञ्चालनको वातावरणमा आएका उल्लेखनीय परिवर्तनको सामना गर्न ; र नेतृत्वमा आएका परिवर्तनका बाबजुद अघि बढ्न । स्पष्ट परिभाषित सिद्धान्त भएका दलहरूले बढी सहजताका साथ आफ्नै देशमा साथै अन्य देशमा पनि आफूसँग विचार मिल्ने दल तथा संस्थाहरूको पहिचान गर्न, अनुभव आदानप्रदान गर्न र साझेदारी गर्न सक्छन् । छओटा विचारधाराका समूहहरू - मध्यमार्गी लोकतन्त्रवादी, अनुदारपंथी, ग्रीन, उदारपंथी, सामाजिक लोकतन्त्रवादी र पाइरेटहरूका औपचारिक अन्तर्राष्ट्रिय सङ्गठन छन्, जसमार्फत् सदस्य दलहरूले अनुभव आदानप्रदान एवं एकअर्कालाई सहयोग गर्न सक्छन् ।

राजनीतिक सिद्धान्त र मूल्यहरूको विकास र अद्यावधिक गर्ने कार्य

त्यसोभए, राजनीतिक दलहरूले उनीहरूको विचारधारा परिभाषित गर्न मद्दत गर्ने सिद्धान्तहरू कसरी विकास गर्दछन् र सहमतिमा पुग्छन् ? परिवर्तित आवश्यकतासँगै थप स्पष्ट विचारधारा विकास गरेका वा पुनर्परिभाषित वा पुनर्व्याख्या गरेका राजनीतिक दलका अनुभवका आधारमा, केहि मुख्य चरणहरू पहिचान गर्न सम्भव छ । सर्वप्रथम, दलको मुख्य सिद्धान्त र उद्देश्यहरूबारे नेतृत्व तहमा छलफल हुन्छ । (परिशिष्ट झ मा राजनीतिक दलहरूले आफ्ना राजनीतिक सिद्धान्तहरू निर्धारण गर्न छलफल गर्नसक्ने केही मुख्य प्रश्नहरूको रूपरेखा प्रस्तुत गरिएको छ) । यसबाट सामान्यतया मस्यौदाको विकास गरिन्छ, जुन थप परामर्शका लागि दलका विस्तृत समूहमा प्रसारित हुन्छ । यी छलफलहरूबाट प्राप्त पृष्ठपोषणका आधारमा, दलको उपयुक्त निर्णायक अंगमा अन्तिम मतका लागि पेश गर्नुअघि, सो दस्तावेजको अद्यावधिक गरिएको संस्करण तयार गर्ने गरिन्छ । जबकि यो प्रायःजसो दलको समितिमार्फत् गरिन्छ भने, केही दलले पूर्ण सदस्यता मतको प्रयोग गर्ने गर्दछन् । धेरैजसो राजनीतिक दलहरूले आफ्नो दलको नियमहरूमा आफ्ना सिद्धान्तहरूलाई, प्रायः प्रस्तावनामा र कहिलेकाँही दलको नीति सम्बोधन गरिएका खण्डमा, सन्दर्भका रूपमा समावेश गरेका हुन्छन् । यद्यपि, यस अतिरिक्त, केहि दलका राजनीतिक आस्था र प्राथमिकताहरू उल्लेखित एक अलग दस्तावेज हुन्छन् । विशिष्ट नीतिगत प्रस्तावका बारेमा सिद्धान्तका यी अभिव्यक्तिहरूले निकै कम विवरण दिनुका साथै, यिनलाई समयको परीक्षणका लागि तयार पारिएका हुन्छन् । तसर्थ, राजनीतिक दलहरूले परिवर्तित आवश्यकता अनुरूप आफ्ना सिद्धान्त अद्यावधिक गर्नसक्छन् र गर्नुपर्छ भने, पटकपटक संशोधन गरिरहँदा परिभाषित सिद्धान्तहरू हुनुको औचित्य विफल गराउनुका साथै दलले अवसरवादी र असैद्धान्तिक कदम लिनेगर्दछ भन्ने छाप पर्ने जोखिम बढ्छ । यसले दलको सार्वजनिक छवि बिगार्न सक्छ र दलको परम्परागत आधारबाट दललाई टाढा लैजान सक्छ । एक सामान्य मार्गनिर्देशका रूपमा, जबकि हरेक चार या पाँच वर्षमा प्रमुख निर्वाचनका लागि मञ्चहरू विकास गरिन्छन् भने, दलका सिद्धान्तहरूलाई उल्लेख्य रूपमा अद्यावधिक वा पुनरावलोकन गर्ने काम शायद पुस्तागत हुन्छ । एन्सन मोर्सले उन्नाइसौं शताब्दीमा लेखेको थिए :

> *दलका सिद्धान्तहरूमा परिवर्तन आउँछन् र गरिनुपनि पर्छ, तर ती परिवर्तनहरूले दलको प्रकारलाई नै नष्ट गर्ने वा फिका पारिदिने हुनुहुँदैन : कुलीनतन्त्रीय सिद्धान्त भएको कुनै एक दलले एक कुलीनतन्त्रीय राज्यबारे एक पुस्ता अघि बोकेका आदर्शमा अहिले निकै फरक आएको हुनसक्छ, तर जबसम्म त्यो आदर्श कुलीनतन्त्रीय रहन्छ, तबसम्म त्यसको सिद्धान्तमा मूलभूत परिवर्तन भएको हुँदैन ।*[२४]

राजनीतिक दलहरूले आफ्ना सिद्धान्तलाई एक पुस्तादेखि अर्को पुस्तामा आउँदा अद्यावधिक वा समीक्षा गरेका भएता पनि, उनीहरूले स्थिरता र परिवर्तनबिच सन्तुलन खोज्ने प्रयास गरेका छन् । तलका उदाहरणहरूले बुल्गारिया, स्पेन र बेलायतमा दलका सिद्धान्तहरू विकास तथा संशोधनमा प्रयोग गरिने प्रक्रिया वर्णन गर्दछन् । केहि उदाहरणले अलग दस्तावेजको विकास वर्णन गर्दछन् भने, बाँकी उदाहरणले दलका नियम संशोधनका प्रक्रिया वर्णन गर्दछन् ।

बुल्गेरियाको युनियन अफ डेमोक्रेटिक फोर्सेस्मा सिद्धान्तहरूको विवरण तर्जुमा

बुल्गारियाका राजनीतिक दलहरू र आन्दोलनहरूले सुरुमामा आफूलाई साम्यवादसँग जोडेर परिभाषित गरिरहेका परिवेशमा युनियन अफ डेमोक्रेटिक फोर्सेस् (युडिएफ) को जन्म भएको हो । तसर्थ, साम्यवाद विरोधी विभिन्न व्यक्ति तथा आन्दोलनहरूले साम्यवादी सरकारका तुलनामा आफूलाई बामपन्थी विरोधी र दक्षिणपन्थी समर्थक भनेर व्याख्या गर्न थाले । जुन गठबन्धनबाट युडिएफको जन्म भयो, त्यसमा विभिन्न थरीका सङ्गठनहरू थिए, जो एक संयोजनकारी राजनीतिक परिचयको सहमतिबाट भन्दापनि, साम्यवादको अस्वीकार गर्नका लागि एकीकृत भएका थिए । जस्तै, गठबन्धनका सदस्यहरूले सामान्यतया निजीकरणको समर्थन गरेपनि, कति र कसरी निजीकरण गर्ने भन्नेबारे उनीहरूको विचार फरक थिए । विस्तृत नीतिमा गठबन्धनका सदस्यहरूमाझ सहमति प्राप्त गर्न कठिन हुँदाहुदै पनि, एक फराकिलो एवं अस्पष्ट मञ्चसहित उनीहरूले सन् १९९१को निर्वाचनमा लडे । जब निर्वाचनको सफलताले दललाई सरकारमा पुऱ्याइदियो, युडिएफले विगतमा थाँती राख्दै आएका कठिन वार्तालापहरूको अब सामना गर्न बाध्य भयो । निर्दिष्ट नीतिगत प्रस्तावमा अग्रिम सहमतिको अभावका कारण, गठबन्धनका सदस्यहरूबिच सरकारका धेरैओटा निर्णयहरूमा विरोध भयो । सन् १९९४को निर्वाचनमा हारेपछि, सो दल नीति विकासका प्रयास लगायतका सुधारहरू गर्नतिर लाग्यो । राष्ट्रिय कार्यकारी परिषद्को नेतृत्वमासन् १९९५को स्थानीय निर्वाचनका लागि दलको प्लेटफर्म तयार गर्न शृंखलाबद्ध रूपमा तदर्थ कार्यदलहरू बनाइए । बढी स्पष्ट वैचारिक अवधारणा व्यक्त गर्ने प्रयास लगायत, निर्वाचनपछि पनि सुधारका प्रयासहरूलाई निरन्तरता दिइए । पश्चिमी युरोपका समान विचार भएका साझेदारहरूको सहयोगमा, उक्त दलको राष्ट्रिय कार्यकारी समितिले मध्य-दक्षिणपन्थी सिद्धान्त समेटिएको घोषणापत्रको मस्यौदा तयार गऱ्यो । राष्ट्रिय परिषद्मा उक्त मस्यौदामा बहस भएपछि, दलको अधिवेशनले त्यसको अन्तिम संस्करणलाई पारित गऱ्यो । यद्यपि, युडिएफ दलको प्लेटफर्मती सिद्धान्तमा आधारित निर्दिष्ट नीति प्रस्तावहरूबारे बताउनुभन्दा राजनीतिक सिद्धान्तको व्याख्यामा केन्द्रित भएकाले उनीहरू मतदाताका चासोका विषयसँग सम्बन्ध नभएका र अमूर्त राजनीतिक दर्शनमा बढी केन्द्रित भएको देखिन पुगे । स्पष्ट परिभाषित विचारधाराले राजनीतिक दलहरूलाई समाजका समस्याहरूको विश्लेषण तथा समाधान विकासमा सहयोग गरेतापनि, धेरैजसो नागरिकहरू अमूर्त सिद्धान्त र मूल्यहरूमा भन्दापनि आफ्ना आवश्यकतालाई सम्बोधन गर्ने व्यवहारिक प्रस्तावमा बढी रुचि राख्छन् । (युडिएफको अनुभवबारे थप जानकारीका लागि, यस प्रकाशनको भाग २मा रहेको दलसम्बन्धी घटना अध्ययन हेर्नुहोला)

स्पेनको सोसियलिष्ट वर्कर्स् पार्टी र बेलायतको लेबर पार्टीको सिद्धान्त संशोधन

राजनीतिक दलहरूले नयाँ वास्तविकता प्रतिबिम्बित हुने सिद्धान्तहरूमा छलफल तथा सहमत हुने मञ्चका रूपमा विशेष अधिवेशनहरूलाई प्रयोग गरेका छन् । सन् १९७७मा स्पेनको सोसियलिष्ट वकर्स् पार्टीले आफूलाई मार्क्सवादी पार्टीका रूपमा प्रस्तुत गरेर २९.३ प्रतिशत मत प्राप्त गरेको थियो । दुई वर्षपछि, करिब ५ प्रतिशत मतसहितको एक सानो समाजवादी दलसँग मिलेर पनि सोसियलिष्ट वकर्स् पार्टीले निर्वाचनमा केवल ३०.५ प्रतिशत मात्र मत हासिल गर्न सक्यो । आफ्नो दलप्रतिको आकर्षण विस्तारका लागि, दलका महासचिव फेलिपे गोन्जालेजले मे १९७९मा आयोजित दलको २८औं अधिवेशनमा मार्क्सवादलाई परित्याग गर्ने प्रस्ताव पेश गरे । त्यो वर्षको प्रारम्भदेखि नै मार्क्सवादबाट हट्ने छलफल सुरुमा हुँदै उक्त अधिवेशनको आयोजनासम्म पुगेको थियो । बहसका क्रममा केहि प्रतिनिधिले सो प्रस्तावलाई लोकप्रियता हासिल गर्ने बहानाका रूपमा आलोचना गरेका थिए भने, केहिले मतदाताका विश्वास जित्नका लागि दलले समाजवाद अवलम्बन गर्ने कुराको समर्थन गरे । संशोधनको उक्त प्रस्तावलाई ६१ प्रतिशत प्रतिनिधिले अस्वीकार गरेपछि त्यो विफल भयो । त्यसलगत्तै गोन्जालेजले राजीनामा लिएपछि, नयाँ महासचिव र कार्यकारी समिति चयनका लागि एक असामान्य अधिवेशनको आयोजना गर्ने समयसम्मका लागि एक अस्थायी व्यवस्थापन टोली गठन गरियो । यद्यपि, २८औं अधिवेशनले अब आउँदा अधिवेशनका लागि प्रतिनिधि छनोटको नयाँ कार्यविधि पनि पारित गरेको थियो । त्यही कार्यविधि अनुसार, स्थानीय समूहभन्दा पनि दलभित्रका विभिन्न महासंघहरूले अधिवेशनका लागि प्रतिनिधि छनोट गर्नथाले । प्रतिनिधि छनोटको जिम्मा दिइएका

संघीय समितिहरू मध्यमार्गी भएकाले, सेप्टेम्बरमा भएको असाधारण अधिवेशनमा प्रतिनिधिहरूमध्ये मध्यमार्गीहरू स्थिती बलियो थियो र गोन्जालेजले वकालत गरेका मार्क्सवाद त्याग्ने कुरालाई उनीहरूले उल्लेखनीय रूपमा पारित गरे, जसपश्चात् गोन्जालेज दलको नेतृत्वदायी पदमा पुनः स्थापित भए ।

त्यसैगरी, सन् १९९३मा, निर्वाचनमा एकपछि अर्को गर्दै चौथोपटक असफल भएपछि, टोनी ब्लेयरले लेबर पार्टीको सन् १९१८देखिको विधानमा समाहित, राष्ट्रियकरणप्रतिको प्रतिबद्धतालाई उच्च आलोचना गर्दै एक पर्चा लेखेका थिए । सन् १९३०को दशकमा लण्डनका बस र भूमिगत ट्रेनहरूको एकीकृत प्रणाली बनाउने र सन् १९४८मा राष्ट्रिय स्वास्थ्य सेवाको स्थापना लगायत, राष्ट्रियकरणमा सुरुमावाती केहि सफलता हासिल भएता पनि, १९८० र ९०को दशकसम्म आइपुग्दा ट्रेड युनियनहरू कमजोर भइसकेका थिए र समाजवादप्रति जनसमर्थन घटिसकेको थियो । परिणामस्वरूप, समाजवाद र ट्रेड युनियनहरूप्रतिको लेबर पार्टीको प्रतिबद्धता समयसापेक्ष नभएको देखियो । ब्लेयरले ट्रेड युनियनको हित र राज्यको स्वामित्वको अर्थतन्त्रको वर्चस्व रहेको सरकारको साटो प्रतिस्पर्धा र सम्बृद्धिका लागि खुला र बढी लचकपूर्ण आर्थिक प्रणालीको आह्वान गरे । बेलायती लेबर पार्टीका् विधानको धारा ४ संशोधन गर्ने उनको प्रारम्भिक प्रयास असफल भयो र १९९४मा भएको दलको अधिवेशनले विद्यमान भाषा नै कायम राख्ने मत जाहेर गरेको थियो । ब्लेयरले बृहत सदस्यताबाट सहयोग मागेर नयाँ भाषामा अनुरूपताका लागि मतदान गराउँदा दलको एक शाखाबाहेक सबैको समर्थन जित्न सफल भए । यसरी, प्रक्रियामा सहभागिता बढाएर ब्लेयरले आफ्नो लक्ष्य प्राप्तीमा सफल हुँदै, १९९५ मा दलको विशेष अधिवेशनमा धारा ४को परिमार्जनका लागि समर्थन जित्न सफल भए । यी परिमार्जनपछि, दलको नियमले एक "उन्नतिशील निजी क्षेत्र र उच्च गुणस्तरीय सार्वजनिक सेवा" सहितको "सर्वसाधारणको हितमा समर्पित एक गतिशील अर्थतन्त्र" लाई लक्ष्यका रूपमा वर्णन गऱ्यो । पुरानो धारा ४ ले "उत्पादन, वितरण र आदानप्रदानका माध्यमरूको साझा स्वामित्व" को कुरा गरेको थियो भने, नयाँले "साझा हितका लागि अत्यावश्यक व्यवसायहरू सार्वजनिक स्वामित्वमा रहने वा तीप्रति जवाफदेही हुने" अर्थतन्त्रका बारेमा बोल्छ ।[२५] यो परिवर्तन सर्वसाधारणका लागि एक बृहत सन्देशको अंश थियो कि, लेबर पार्टी अब नरमपन्थीको निकट आउँदैछ ।

बेलायतको कन्जरभेटिभ पार्टीमा निरन्तरता र परिवर्तनको आवश्यकता बिच सन्तुलन

स्पेनको सोसियलिष्ट वर्कर्स् पार्टी र बेलायतको लेबर पार्टीका उदाहरणले राजनीतिक दलहरूले आफ्ना सिद्धान्त अद्यावधिक वा पुनर्व्याख्या गर्दा सामना गर्ने,दलको विचारलाई अद्यावधिक गर्नुपर्ने आवश्यकता र दलको लामो समयदेखिको सिद्धान्तप्रतिको बफादारीबिच सन्तुलन कायम राखेर दलभित्रै सुधारका लागि सदस्यहरूको एक निर्णायक संख्या पुऱ्याउने चुनौतीहरू दर्शाउँछन् ॥ बेलायतको कन्जरभेटिभहरूले सन् २००५-२००६मा दलको सिद्धान्तहरू अद्यावधिक गर्दा, दलको नियमहरूमा निर्दिष्ट संशोधनको साटो दलको लक्ष्य तथा मूल्यहरूसहितको एक विवरण तयार पारेको थियो । दलको विधान र अन्य दस्तावेजमा दलको आस्थाका बारेमा सामान्य जानकारी समावेश भएको भएता पनि, सो दलले यसप्रकारको कदम पहिलोपटक चालेको थियो । उक्त विवरणको पहिलो मस्यौदालाई दलका पदाधिकारीहरूले सञ्चारित गरेर देशभरी साथै अनलाइनबाट पनि शृंखलाबद्ध परामर्शहरूमार्फत् सदस्यहरूको पृष्ठपोषण सङ्कलन गरेका थिए । यी छलफलबाट प्राप्त रायहरूका आधारमा, दलले एक अद्यावधिक मस्यौदा तयार गरेर पूर्ण सदस्यीय मतका लागि पेश गरेको थियो : सदस्यहरूले हुलाक, फोन, अनलाइन वा एसएमएसमार्फत् मतदान गर्नसक्ने विकल्प थियो ।

यस प्रक्रियाभरी दलले निरन्तरताका साथसाथै परिवर्तनको सन्देश प्रवाह गर्ने प्रयास गरेको थियो । उदाहरणका लागि, दलका पदाधिकारीहरूले जलवायु परिवर्तन, आर्थिक शक्तिमा विश्वव्यापी परिवर्तन र सामाजिक सञ्जालीकरणको विकास जस्ता नीतिगत चुनौती र सामाजिक सवालहरूको सम्बोधनको आवश्यकता रहेको बताएका थिए । मतदाताहरूलाई आफू परिवर्तित भएको विश्वास दिलाउने आवश्यकतालाई स्वीकारे पनि, आफ्नो लामो समयदेखिका मूल्यमान्यतालाई नयाँ चुनौतीहरूमा लागू गर्दा पनि ती उत्तिकै सान्दर्भिक रहेको कुरालाई दलका पदाधिकारीहरूले जोड दिए । दल अब परिवर्तित भइसकेको मतदाताहरूलाई विश्वस्त पार्नमा पनि यो प्रक्रिया लक्षित थियो । मस्यौदा विवरणको परिचयका

क्रममा दलका नेता डेभिड क्यामेरुनले भनेका थिए :

> *हाम्रा चिरस्थायी मूल्यमान्यताको अर्थ हो, हामी मानिसहरूमाथिको विश्वासमा, जिम्मेवारी बाँड्नमा, स्वतन्त्रताको पक्ष लिनमा र एक राष्ट्रका रूपमा हाम्रा साझा संस्था एवं संस्कृतिहरूको समर्थन गर्नमा आस्था राख्छौं । यथास्थितिवादीहरू विचारक होइनन् । त्यसैकारण हामी प्रत्येक पुस्तामा परिवर्तन हुँदै, आफ्ना मूल्यमान्यतालाई नयाँ चुनौतीहरूमा लागू गर्दै जान्छौं ।*[२६]

करीब ९० प्रतिशत भन्दा बढी समभागीले आठ फराकिला नीतिगत उद्देश्यहरू रेखांकित भएको अन्तिम संस्करण स्वीकृत गरेका थिए । सामान्यतया, यथास्थितिवादी पार्टीको पहिलेको दृष्टिकोणका तुलनामा, लक्ष्य तथा मूल्यमान्यताका विवरणले वातावरणीय मुद्दा, साना व्यवसाय, व्यावसायिक सामाजिक जिम्मेवारी, समाजका बञ्चितिमा परेकाहरूप्रति करुणा र करकट्टीमाथि वित्तीय जिम्मेवारीमा थप जोड दिएको थियो । नयाँ विवरणका आधारमा, दलले सन् २०१० को आम निर्वाचन अघि एक थप विस्तृत प्लेटफर्म तयार पारेको थियो ।

दलमा एकता

कुनैपनि राजनीतिक दलमा, दलप्रति निश्चित व्यक्ति वा समूहको वफादारिताको मात्रा फरक हुन्छ । यस अतिरिक्त, विभिन्न व्यक्ति वा समूहले विविध कारणका लागि कुनै एक निश्चित दललाई समर्थन गरेका हुनसक्छन् । यी भिन्नताहरू सामान्य सदस्य एवं समर्थकहरूमा देखिन सक्छन्, वा दलका विभिन्न अंग वा शाखाहरूको दृष्टिकोणमा देखिने भिन्नताले दर्शाउन सक्छ। यी भिन्नताहरूलाई व्याख्या गर्नका लागि प्राज्ञिकरूले विभिन्न सिद्धान्तहरू प्रस्ताव गरेका छन् । उदाहरणका लागि, केहिका तर्क अनुसार दलका उच्चवर्ग र गैर-उच्चवर्ग भन्दा दलभित्रका मध्य-तहमा रहेका व्यक्तिहरू विभिन्न उत्प्रेरणाका कारण बढी उग्र दृष्टिकोण राख्छन् । पुनः निर्वाचित हुने अवसर बढाउनका लागि मध्यमार्गीको तरिका अपनाउने दलका माथिल्ला तहका उच्चवर्गका तुलनामा, यी मध्य उच्चवर्गका प्रायः स्वयंसेवीहरू, दलका विचारधारासँग सम्बन्धित आस्थाप्रति बढी रक्षात्मक हुने गर्दछन् । यस सिद्धान्त अन्तर्गत गैर-उच्चवर्गले उनीहरूको आफ्नो दृष्टिकोण जुन पक्षसँग बढी मेल खान्छ, त्यसैलाई समर्थन गर्दछन्, जस्तै उनीहरूपनि मध्य उच्चवर्गभन्दा बढी मध्यमार्गी हुने गर्दछन्।[२७]

अरुले भने यस सिद्धान्तको वैधतामाथि प्रश्न उठाएका छन् ।[२८] अदृश्य कारण जेजस्तो भए पनि, राजनीतिक दलभित्र विविधता हुनेगर्दछ र ती भिन्नताहरू पहिल्याउनु नेतृत्वका लागि प्रायः चुनौतीपूर्ण हुने गर्दछ। केही दल अन्यभन्दा बढी एकताबद्ध हुन्छन् भने, स्पष्ट राजनीतिक पहिचान भएका दलहरूले पनि विविध प्रकारका आस्था वा दलको विचारधाराप्रति प्रतिबद्धताको मात्रामा भिन्नता भएका समर्थकहरूलाई पनि समाहित गरेका हुन्छन् । प्रत्येक दलभित्र रहेको त्यस्ता अन्तरको मात्राका आधारमा, कुन दल केका लागि उभिन्छन् र कुन नीतिगत दृष्टिकोणले दलको सिद्धान्तका "वास्तविक" प्रतिबिम्ब झल्काउँछ भन्ने प्रश्न उठ्न सक्छ ।

दलका सिद्धान्त विकास तथा अद्यावधिक गर्ने खण्डमा युडिएफको अनुभवले देखाए अनुसार, कहिलेकाहीं समयक्रमसँगै एकजुटता बढ्दै जान्छ। त्यसैगरी, स्लोभाकियाको विद्रोहपछि संसदीय समूहहरू मुख्यतः "विचार मिल्ने कानुन निर्माताहरूको अनौपचारिक समूह" रहेको एक अध्ययनले बताएको छ। संसदीय समूहहरू बिच गठबन्धन र फुटको एक शृंखलापछि अन्ततः बढी एकजुट दलहरू र ककस्हरू बन्नमा मद्दत पुग्यो र राजनीतिज्ञहरूले आफूसँग मिल्ने मूल्यमान्यता भएका व्यक्तिहरूको पहिचान गर्न सके ।[२९] यसको विपरित, अमेरिकामा खुकुलो संरचना भएका राजनीतिक दलहरू विविध कारकहरूको सम्मिश्रणबाट जन्मिएका हुन् ।दलीय लेबल अन्तर्गत उमेदवारहरू सार्वजनिक पदका लागि उठेपनि, प्राथमिक प्रणालीका कारण दलका पदाधिकारीले पाउने मतको निर्धारणमा मतदाताले नै उल्लेख्य भूमिका खेल्छन् । त्यस अतिरिक्त, दलको संरचनाले चुनावी अभियानमा केही सहयोग पुऱ्याएपनि, उमेदवारले आफ्नो अभियानका लागि आफ्नै स्रोत र चन्दाहरू परिचालित गर्दछन्। अमेरिकी राजनीतिक संस्कारमा मतदाताका सरोकारको प्रतिनिधित्वलाई उच्चस्थानमा राखिन्छ र दलको नीति पालना गराउनमा दलका नेताहरूको अधिकार सिमित रहेको छ । सरकारका विभिन्न शाखाहरूमा शक्ति बाँडिएको

अवस्थामा, सदन र राज्यसभाका नेताहरूले राष्ट्रपतिलाई आ-आफ्ना राजनीतिक दलबाट नियमित रूपमा चुनौती दिइरहन्छन् ।

सन् १९८७ देखि, प्यु अध्ययन केन्द्रले अमेरिकीहरूको राजनीतिक आस्था र दलीय आबद्धताका आधारमा एकजुट समूहका रूपमा वर्गीकृत गर्दै पाँचओटा राजनीतिक प्रारूपहरू निकालेका छन् । सन् २०११को राजनीतिक प्रारूपले रिपब्लिकन पार्टीभित्र मुख्य पाँच समूह रहेको देखिएको थियो - मेन स्ट्रिट, टि पार्टी, क्रिस्चियन कन्जरभेटिव, लिबरटेरियन र "द डिस्अफेक्टेड" । डेमोक्रेटिक पार्टीमा भने निम्नानुसारका प्रारूप पहिचान भएका थिए : स्टाउन्च लिबरल्स्, ब्लु कलर समूह, बुटस्ट्राप अप्टिमिस्टस्, यंगर इर्निडिपेन्डेन्स् र दक्षिणी तथा ग्रामीण डेमोक्रेटस् ।[३०] प्रत्येक दलभित्र, यी सबै समूहका उत्प्रेरणाका धेरैओटा साझा विषयहरू छन् । यद्यपि, प्रत्येक उपसमूहले तिनलाई फरक प्राथमिकतामा राख्छन् र कहिलेकाहीँ त अन्यको भन्दा भिन्न विशेष सरोकार पनि राखेका हुन्छन् । उदाहरणका लागि, रिपब्लिकन पार्टीभरी उत्प्रेरणा गर्ने विषयमा सरकारको घाटा कम गर्ने, कर घटाउने, राष्ट्रपति ओबामाको स्वास्थ्य सेवासम्बन्धी सुधार रद्द गर्ने र बन्दुक राख्न पाउने अधिकारको संरक्षण गर्ने पर्छन् । डेमोक्रेटहरूमाझ मुख्य उत्प्रेरणाका साझा विषयमा सामाजिक सुरक्षा जालोको संरक्षण वा विस्तार पर्छ । समान लिङ्गका व्यक्तिहरूले विवाह गर्न पाउने, बन्दुक राख्न पाइने अधिकारमा प्रतिबन्ध, वातावरणीय संरक्षण र गर्भपतनको अधिकारको प्रत्याभूति हुने कानुनको पक्षमा पनि धेरै समूह छन् ।

आधार विस्तार र एकताबिच सम्झौता

दलले असहमतिपूर्ण दृष्टिकोणहरूलाई कतिसम्म स्थान दिने र कुनै निश्चित आस्थाहरूप्रति कति सदस्यताले समर्थन गर्दछन् भन्ने सहि आँकलन गरी निर्धारण गर्ने काम धेरै राजनीतिक दलले बेलाबेलामा गरिरहन्छन् । २००८ को निर्वाचनपछि, अमेरिकी रिपब्लिकन पार्टीले नीतिगत सिद्धान्तहरूको एक सूची ल्याउने सम्भाव्यताबारे छलफल गरे, जसका आधारमा भावी उमेदवारहरूको मूल्याङ्कन गर्न लागिएको थियो । प्रारम्भिक प्रस्तावनाहरूले दल विविध प्रकारका दृष्टिकोणप्रति खुला हुनुपर्ने मान्यता राख्दै, उमेदवारले अवैधानिक आप्रवासीहरूका लागि आममाफीको विरोध र कर घटाउनमा समर्थन जस्ता १० मध्येका कम्तीमा पनि आठ सिद्धान्तहरूको समर्थन गर्नुपर्ने थियो । दलको संस्थापनबाट आफ्नो अभियानका लागि आर्थिक सहयोग प्राप्त गर्नका लागि, यो सीमा पूरा नगर्ने उमेदवार अयोग्य हुन्थ्यो । यस्तो योग्यताको सर्तले दलका लागि उमेदवार आकर्षित गर्न थप कठिन हुने चिन्ता र दलले आफ्नो लागि समर्थन विस्तार गर्न खोजिरहेको समयमा यसले दलको छविमा पार्ने हानीका कारण, अन्ततः दलको एक बैठकले उक्त प्रस्तावको नरम संस्करण अवलम्बन गर्दै ती सिद्धान्तहरूको प्रयोग उमेदवार मूल्याङ्कनका लागि गरिएपनि बाध्यकारी भने बनाइएन ।[३१]

अस्पष्ट रूपमा परिभाषित सिद्धान्त भएका राजनीतिक दलहरूले बृहत प्रकारका समर्थन आकर्षित गर्न सफल त हुन्छन् । तर समय बित्दै जाँदा, धेरै देशले सामना गर्ने गरेका सुशासनसम्बन्धी विविध प्रकारका सवालहरूमा आफू केमा विश्वास गर्छौं भन्ने एकरूपता एवं सामञ्जस्यतापूर्ण तरिकाले बताउन कठिन हुने जोखिम रहन्छ । त्यस अतिरिक्त, निश्चित नीतिका लागि कानुनी तथा लोकप्रिय समर्थनका लागि आवश्यक एकता विकास गर्न र कायम राख्न, वा कानुन निर्माणको प्रक्रियामा संसदीय समूहको प्रभाव अधिकतम बढाउन पनि कठिन साबित हुनसक्छ ।

यस दस्तावेजको परिचयमा वर्णन गरिएको जिम्मेवार दलीय आदर्श अन्तर्गत, राजनीतिक दलहरूले अभियान चलाएका मञ्चहरूमा उनीहरू कार्यान्वयन गर्न खोज्छन् । एकै दलबाट निर्वाचित पदाधिकारीहरू माझ कार्यगत एकता भएमा उनीहरूले महत्वपूर्ण नीतिहरूको समर्थन वा अस्वीकार गर्न सक्नुका साथै, संसदीय प्रणालीका सन्दर्भमा त समग्र सरकार बचाउने वा ढाल्ने पनि गर्न सक्छन् । स्पष्ट परिभाषित सिद्धान्त तथा नीतिहरू मार्फत राजनीतिक दलहरूले समान विचार भएका उमेदवारहरूको पहिचान बढी सहजताका साथ गर्न सक्छन् र उनीहरूले चुनावमा लडेर निर्वाचित पद धारण गनुअघि नै एकजुटताबाट आउनसक्ने समस्याको पहिचान गर्न सक्छन् । स्पष्ट विचारधाराका आधार तथा प्लेटफर्म भएका दलका निर्वाचित पदाधिकारीहरूलाई आफूबाट के अपेक्षा गरिएको छ भन्ने बढी प्रष्ट हुने भएकाले उनीहरूले देशमा सुधारका लागि स्पष्ट लक्ष्य नभएका दलका प्रतिनिधि भन्दा आफ्नो दलको अनुपालन गर्नेसम्भावना

बढी हुन्छ ।[३२] सँगसँगै, संकिर्ण तरिकाले परिभाषित सिद्धान्त भएका राजनीतिक दलहरूले विविध प्रकारका मतदातालाई आकर्षित गर्ने वा वातावरणमा आएको परिवर्तनको सम्बोधन गर्नसक्ने क्षमता सिमित गर्ने जोखिम रहन्छ ।

नवोदित राजनीतिक दलहरूमा प्राय: स्पष्ट विचारधाराको अभाव हुनेगर्दछ भन्ने स्वीकार्दै, यस खण्डले राजनीतिक दलहरूलाई विचारधाराले पुऱ्याउने फाइदाका बारेमा चर्चा गऱ्यो, जसमा यी पर्छन् : समर्थनलाई आकर्षित, एक्यबद्ध र परिचालन गर्ने, सञ्चालन हुनका लागि बाहिरी वातावरण र दलभित्रको आन्तरिक सङ्गठनमा उल्लेख्य परिवर्तनको सामना गर्ने, र अन्य मुलुकमा समान विचार भएका समूहहरू पहिचान गर्ने । अझै निर्दिष्ट रूपमा भन्नुपर्दा, समाजका समस्याहरूको विश्लेषण, पहिचान एवं समाधानको प्रस्तावका लागि राजनीतिक दलहरूलाई विचारधाराले एक ढाँचा उपलब्ध गराउँछ । अर्को खण्डले एक आधारभूत नीतिको चक्र प्रस्तुत गर्नुका साथै, विभिन्न प्रकारका नीतिबिचको भिन्नता बताउँछ, राजनीतिक दलहरूले आफ्ना नीति प्रक्रियामा समावेश गर्न उपयुक्त विभिन्न सरोकारवाला बारे चर्चा गर्दछ, र राजनीतिक दलहरूले आफ्ना नियम विकास गर्दा नीतिको सम्बोधन कसरी गरेका छन् भन्ने उदाहरण दिन्छ ।

नीतिगत चक्र, सरोकारवाला र दलका नियमहरू

नीतिगत चक्र र नीतिका प्रकारहरू

नीतिनिर्माण एक निरन्तर चलिरहने प्रक्रिया हो, जसमा सैद्धान्तिक रूपमा देहायका प्रमुख चरणहरू पर्छन् । मस्यौदा तयार गर्ने र स्वीकार गर्ने चरणमा राजनीतिक दलहरूले समस्या वा सवाल पहिचान गर्ने, अध्ययन अनुसन्धान गर्ने, पहिचान भएका समस्याहरू सम्बोधनका विकल्पहरू विकास गर्ने र नीतिसम्बन्धी प्रारम्भिक दस्तावेजको मस्यौदा तयार पार्ने गर्दछन्। त्यसपछि राजनीतिक दलहरूले आफ्ना प्रारम्भिक विचारहरू दलभित्रै वा बाहिरका बृहत समूहमा थप छलफलका लागि बाँड्न सक्छन् ।

चित्र ३ : आधारभूत नीति निर्माण चक्र

त्यस पृष्ठपोषणका आधारमा, नीतिसम्बन्धी प्रस्तावलाई थप परिष्कृत एवं विकल्पहरू साँघुरो बनाएर दलबाट औपचारिक अनुमोदनका लागि तयारी गरिन्छ । दलहरूले आफ्ना नीतिगत दृष्टिकोणको अन्तिम स्वरूपको प्रकाशन एवं प्रसारबाट प्राय: यो चरणको अन्त्य हुन्छ ।

अर्को चरणमा, दलका कार्यकारी एवं व्यवस्थापिका शाखाका निर्वाचित पदाधिकारीहरूले संसदको बनोट, बजेटको सिमितता, सार्वजनिक राय र सम्बोधन गर्नुपर्ने समस्याको प्रकृतिमा परिवर्तन हुने सम्भावना जस्ता थप कुराहरूलाई ध्यानमा राख्दै, दलको नीतिगत प्रस्तावलाई सरकारी कार्यवाहीमा रूपान्तरित गर्ने प्रयास गर्दछन्।राष्ट्रपति प्रणालीमा, उनको राजनीतिक विपक्षीद्वारा नियन्त्रित संसदको सामना गर्नुपर्दा पनि, दलको राजनीति र 'सबैका लागि शासन'लाई कार्यकारीमा रूपान्तरित गर्ने दबाबका कारण, दलको नीतिगत प्रस्ताव कार्यान्वयनका क्रममा परिमार्जन हुने सम्भावना बढी हुन्छ । यस विपरित, संसदीय प्रणालीमा प्राय: बहुमत पक्ष दलका नेताहरू हुन्छन् र उनीहरूले

संसदभित्रबाट सरकारका संयन्त्रलाई नियन्त्रण गर्दछन्। यी शासकीय प्रक्रियाभन्दा बाहिर पनि सत्तापक्ष र विपक्षी दलहरूले आमसञ्चार माध्यमसँग सम्पर्क गरेर, अदालतमा सार्वजनिक महत्वको उजुरी दर्ता गरेरर सार्वजनिक रूपमा अपनाउन सकिने अन्य विकल्पमार्फत आफ्ना नीतिगत प्रस्तावप्रति सर्वसाधारणको समर्थन जुटाउने विकल्प रहन्छ। अन्ततः, दलले कार्यपालिका र संसदमा भएका आफ्ना प्रतिनिधिहरूले कार्यान्वयन गरेका नीतिहरूको मूल्याङ्कन गर्नुका साथै आफ्ना विपक्षीका नीतिले कस्तो काम गऱ्यो भन्ने लेखाजोखा गरेर, कुनै संशोधन आवश्यक रहेनरहेको विचार गर्दछन् र पुनः मस्यौदा तयार गर्ने चरणमा फर्किनुअघि मतदाताहरूलाई आफ्ना उपलब्धीहरूका बारेमा बताउँछन्।

यस चक्रको प्रत्येक चरणले दलका विभिन्न समूह र बाह्य सरोकारवालालाई समावेश गर्ने विविध अवसर प्रस्तुत गर्दछ। यस अतिरिक्त, नीतिनिर्माणको चरणका आधारमा यी समूहमध्येका प्रत्येकले फरक फरक भूमिका खेल्छन्। यस चक्रमा देखाइएको भन्दा, व्यवहारमा नीतिनिर्माणको चरण बढी तरल हुनेगर्दछ। तैपनि, राजनीतिक दलहरूले आफ्ना नियम र व्यवहारमा सम्बोधन गर्नुपर्ने नीतिनिर्माणका विविध पक्षहरूबारे विचार गर्नका लागि चित्र ३ मा देखाइएको यस सरलीकृत ढाँचाले मद्दत गर्दछ।

प्रमुख तीन प्रकारका नीतिहरू

यस दस्तावेजले दलको नीतिनिर्माणका तीन प्रमुख प्रकारबिचको फरकबारे बताउँछ। पहिलो हो दलको प्लेटफर्म, जसमा राजनीतिक दलहरूले प्रत्येक केही वर्षमा नीतिगत प्रस्तावको मुख्य संग्रह गर्ने गर्दछन्। सम्बन्धित दलका आधारमा, ती प्रस्तावलाई प्रतिनिधिहरूको अधिवेशनबाट वा पूर्ण सदस्यताको मतबाट औपचारिक रूपमा पारित गरिन्छन्। यिनले सामान्यतया प्रत्यक्ष सवालहरूको पहिचान, तिनको प्राथमिकीकरण र समाजमा रहेका समस्याहरूको अग्रसक्रियताका साथ अनुसन्धान एवं समाधानका उपायका लागि दलको प्रयासलाई प्रतिबिम्बित गर्दछन्। दोस्रो प्रकारको नीति हो चुनावी घोषणापत्र, जसले राजनीतिक दलहरूले आफ्ना चुनावी अभियान केन्द्रित गर्ने नीतिहरूको सम्मिश्रणलाई जनाउँछ। सबै राजनीतिक दलले आफ्ना प्लेटफर्म र घोषणापत्रलाई भिन्दाभिन्दै रूपमा प्रस्तुत गर्दैनन्।

चित्र ४ : दलको नीति विकासका उद्देश्यहरू[३३]

राष्ट्रिय हितलाई नैतिक रूपले पूरा गर्ने
- नागरिकका सरोकार प्रतिबिम्बित गर्दै लोकतान्त्रिक शासन प्रणालीलाई योगदान गर्ने।
- भौगोलिक, जातीय, धार्मिक, सामाजिक-आर्थिक तथा सीमान्तकृत समूह जस्ता विभिन्न क्षेत्रका आवश्यकता र दृष्टिकोणलाई मध्यनजर गर्ने।
- सार्वजनिक स्रोतहरूको कुशल प्रयोग सुनिश्चित गर्ने।

दलको हितलाई रणनीतिक तरिकाले पूरा गर्ने
- सर्वसाधारणको विश्वास बढाउनका लागि दललाई सक्षम बनाउने।
- विषयगत विज्ञ तथा सरकारी सेवामा भएकाहरूको अनुभवबाट रायसुझाव लिएको सुनिश्चित गर्ने।
- सदस्य एवं अन्य मतदाताका लागि दलका नीतिगत सिद्धान्तहरू समयसापेक्ष र सान्दर्भिक बनाइराख्ने।

विचारधारासँग सम्बन्धित सरोकारलाई रणनीतिक तरिकाले पूरा गर्ने
- दलका सिद्धान्तहरू सामाजिक आवश्यकतासँग सान्दर्भिक रहेको सुनिश्चित गर्न मद्दत गर्ने।
- दलको पहिचान पुनरावलोकन र अद्यावधिक गर्ने।

टेक्स्ट बक्स ३ : क्रोएसियाको सोसियल डेमोक्रेटिक पार्टीको संरचनाले कसरी नीतिलाई प्रभाव पार्छ

नीति आयोग : क्रोएसियाको सोसियल डेमोक्रेटिक पार्टीको आर्थिक, दिगो विकास, रक्षा, कृषि र मत्स्य जस्ता विषयहरू समेट्ने राष्ट्रियस्तरको १० ओटा नीति आयोगहरू छन् । यी आयोगहरूले स्थानीय निर्वाचनका लागि कार्यक्रमका दस्तावेजहरू तयार पार्छन् । सन् २००४देखि सुरुमा भएको यस पार्टीको परिषद्हरूका दुई काम थिए : १) सार्वजनिक छलफलका लागि नीति प्रस्तावनाहरू तयार पार्ने, र २) नीतिगत छलफलमा गैर-दलीय बाह्य विज्ञहरूलाई सङ्लग्न गराउने । यी आयोगहरूले सार्वजनिक सरोकारका विषयहरूबारे सूचना सङ्कलन गरेर वैकल्पिक समाधानका उपाय खोज्नुका साथै ती विकल्पहरूबारे बहस गर्न गैर-दलीय विज्ञहरूलाई आमन्त्रण गर्ने काम गर्दछन्।

पार्टी ककस् वा संसदीय समूहः सोसियल डेमोक्रेटिक पार्टीको प्रत्येक सांसद्ले समितिहरूमा, पूर्णसभा बहसमा, र सार्वजनिक भाषणहरूमा दलको धारणालाई राम्रोसँग पैरवी गर्नका लागि कुनै एक सार्वजनिक नीतिको क्षेत्रमा आफ्नो विज्ञता हासिल गरेका हुन्छन् । पूर्णसभा बहसभन्दा अघि सांसद्हरूले संसदीय एजेण्डामा रहेका विशिष्ट विषयहरूमा दलका सदस्य तथा विज्ञहरूसँग परामर्श गर्दछन्। यस अतिरिक्त, स्थानीयस्तरमा आयोजित सार्वजनिक छलफलमा पनि उनीहरू बारम्बार भाग लिन्छन्, सदस्यका प्रश्नहरूको उत्तर दिन्छन्, र दलका सदस्यहरूलाई सूचित राख्नका लागि दलका विभिन्न प्रकाशनहरूमा[३४] योगदान पुऱ्याउँछन् ।

राजनीतिक प्रतिष्ठान : 'नयाँ समाज'[३५] नामक राजनीतिक प्रतिष्ठानले प्रशिक्षार्थी, आयोगका मुख्य सदस्यहरू, दलको ककस्, प्राज्ञिक समुदायका प्रतिनिधि, र अन्य युरोपेली सामाजिक लोकतान्त्रिक दलहरूसँग सान्दर्भिक सार्वजनिक नीतिहरूबारे छलफल आयोजना गर्ने गर्दछ। यी छलफलले सोसियल डेमोक्रेटिक पार्टीको प्लेटफर्ममा समावेश गर्ने प्रमुख सिद्धान्तहरू निर्माणमा सहयोग गर्दछन्। यस प्रतिष्ठानले स्थानीयस्तरमै नीति विश्लेषणलाई उत्प्रेरित गर्नका लागि, सामाजिक लोकतान्त्रिक सार्वजनिक नीतिहरूको विश्लेषणलाई अनुवाद गरेर आयोगका सदस्य एवं प्राज्ञिक समुदायमा वितरण गरेको थियो । यसप्रकारका व्यवस्थित छलफलमार्फत धेरैजना गैर-दलीय विज्ञहरूले विषयमा आधारित वार्षिक अधिवेशनको तयारीमा भाग लिए, जहाँ सबैभन्दा महत्वपूर्ण सार्वजनिक नीतिहरूमाथि छलफल भएको थियो ।

कार्यक्रम संयोजन आयोग : कार्यक्रम संयोजन आयोगले नीतिसम्बन्धी दस्तावेजहरूको अन्तिम संस्करण तयार पारेर सोसियल डेमोक्रेटिक पार्टीको प्रमुख नीतिहरू प्रस्तुत एवं प्रवर्द्धन गर्नका लागि कार्यक्रमहरूको आयोजना गर्दछ। निर्वाचनभन्दा दुई महिनाअघि, नीतिसम्बन्धी कार्यक्रमलाई घटाएर पाँच उच्च प्राथमिकताका विषयमा केन्द्रित गरिन्छ, जसलाई मिडिया, सदस्य तथा समर्थकहरूमाझ प्रस्तुत गरिन्छन् । नीतिका सारांशहरू धेरै संख्यामा छापिन्छन् र तिनलाई दलका ऱ्यालीमा र मतदातासँग प्रत्यक्ष सम्पर्कमार्फत विभिन्न प्रकारका निर्वाचन सामग्री (पर्चा, समाचारपत्र, आदी)का रूपमा वितरण गरिन्छन् । सन् २००७मा, आयोगको कामले गर्दा विपक्षीहरूलाई पहिलोपटक नीतिगत विषय र समाधानबारे बहस गर्न बाध्य पारेर सोसियल डेमोक्रेटिक पार्टीले आफ्नो इतिहासको सबैभन्दा राम्रो नतिजा ल्याउन सफल भयो । यस बहसले गर्दा, दलले ३४बाट ५६ सिट जित्न सफल भएको थियो । महत्वपूर्ण विषयहरूलाई सरल प्रवाहमा ल्याएर साथै मिडिया र मतदाताहरूसँग प्रभावकारी सञ्चारमार्फत, नीतिसम्बन्धी छलफलहरू पनि नीतिसम्बन्धी दस्तावेज जत्तिकै महत्वपूर्ण रहेछन् भन्ने सिकाई हासिल गरेको थियो ।

सन् २०११को निर्वाचन : सन् २०११को निर्वाचनमा सोसियल डेमोक्रेटिक पार्टी र अन्य दुई दलको गठबन्धनले संसदमा बहुमत हासिल गरेको थियो । गठबन्धनका बारेमा गोप्य कुराकानी भएको थियो, जसले गर्दा दलका सदस्यहरूले दलको पारदर्शिताबारे प्रश्न उठाएका थिए र गठबन्धनबारे थाहा पाउन कठिन भएको बताएका थिए । गठबन्धनबारे सचेतनाका

लागि र दलका सदस्यहरूबाट यसमा समर्थन जुटाउनका लागि, पार्टीले गठबन्धनबारे सामाजिक सञ्जालहरूमा एक अनलाइन छलफल सुरुमा गऱ्यो । यद्यपि, छलफललाई सकारात्मक रूपमा लिइएपनि, सदस्यहरूमाझ अझैपनि गठबन्धन प्रक्रियाबारे स्वामित्वको अभावका कारण, सामाजिक सञ्जाल प्रत्यक्ष सञ्चारजस्तो नहुने धारणाप्रति समग्र सहमति थियो ।

सन् २०११को निर्वाचनपछि, नीतिको प्रक्रिया दलबाट सरकारतर्फ सऱ्यो । धेरै सदस्य अब सरकारमा भएकाले, दलको सन्देशहरू भित्रबाट प्रवर्द्धन गर्नका लागि कम मानिस बाँकी भए । हाल दलको नीति आयोगहरूलाई प्रसारण संरचनाका रूपमा प्रयोग गर्नेबारे छलफल हुँदैछ, जसबाट दलका सदस्यहरूले सरकारका नीति प्रक्रियाबारे जानकारी पाएपछि,सोसियल डेमोक्रेटिक पार्टीको सरकारका नीतिहरू र सरकारबाहिर रहेका दलका अभियन्ताहरूमाझको नीतिगत छलफलमा सामञ्जस्यता ल्याउन सकिन्छ ।

यो टेक्स्टबक्स एनडीआई, एनडीआई मोन्टेनेग्रो पोलिसीडिभेलप्मेन्ट म्यानुअल (वाशिंटन डीसीः एनडीआई, २००८), २१, https://www.aswat.com/files/Policy%20development%20manual.pdf मा प्रकाशित सारांशको अद्यावधिक गरिएको संस्करण हो

यद्यपि, दुवै भएको अवस्थामा, घोषणापत्र प्रायः दलको मञ्चप्लेटफर्ममा आधारित हुन्छन् तर अभियानका लागि रणनीतिक प्राथमिकतामा रहेका केहि मुख्य नीतिहरूमा मात्र केन्द्रित हुन्छन् । दलको मञ्चप्लेटफर्महरू र चुनावी घोषणापत्रहरू तयार तथा अनुमोदन गर्ने प्रक्रियाहरूले समय लिन सक्छन् । घटनाक्रमहरू तीव्र गतिमा परिवर्तन भइरहेको सन्दर्भमा, दलहरूले संगठन बाहिरका सरोकारवाला त छोडौं, दलभित्रै पनि आन्तरिक परामर्शमा कठिनाई झेल्दै प्रस्तावलाई शीघ्ररूपरूपमा अघि बढाउनुपर्ने आवश्यकता हुनसक्छ ।तसर्थ, मध्यकालीन तथा दीर्घकालीन घोषणापत्र वा चुनावी मञ्चप्लेटफर्महरू तयारीमा प्रयोग गर्नसकिने बढी विस्तृत नीति विकासका लागि राजनीतिक दलहरूसँग परिभाषित प्रक्रियाहरू छन् भने, तेस्रो प्रक्रियमा अन्तरिम नीति पर्छन्, जुन अनपेक्षित आवश्यकता सम्बोधनका लागि जरुरी हुने गर्दछन् । व्यवस्थापिका सभामा वा अन्य कुरामा भएका सम्झौता र परिवर्तनका कारण र दलको प्लेटफर्म वा चुनावी घोषणापत्रमा समावेश नभएका वा अपेक्षा नगरिएका आकस्मिक एवं उठ्दै गरेका विषयमा, दैनिक रूपमा आवश्यक पर्नसक्ने आफ्नो विचार प्रस्तुत गर्ने कुरा यसमा पर्छ । तलका खण्डमा, दलका मञ्च प्लेटफर्महरू विकास गर्नका लागि दलका नियम तथा अभ्यासहरू, चुनावी घोषणापत्र र अन्तरिम नीति बिच उपयुक्त ठाउँहरूमा फरक व्याख्या गरिएका छन् । राजनीतिक दलहरूले यी विविध प्रक्रियाहरू अन्तर्गत काम गर्ने क्रममा, एक सामञ्जस्यतापूर्ण एवं एकरूपरूपतापूर्ण कथन तयार पार्नका लागि, स्पष्टसँग परिभाषित राजनीतिक सिद्धान्तहरूले दलका संरचना र पदाधिकारीहरूलाई मार्गनिर्देश गर्नसक्छ ।

चित्र ४ मा देखाइए जस्तै, उनीहरूका विचारधारा, उनीहरूले विकास गरिरहेका नीतिको प्रकार वा प्रयोग गरिएको प्रक्रिया जेजस्तो भए पनि, सफल लोकतान्त्रिक राजनीतिक दलहरूले नीति निर्माणमा सामान्यतया तीन उद्देश्य प्राप्त गर्न खोजिरहेका हुन्छन् : राष्ट्रिय हितको रक्षा गर्ने, आफ्नो विचारधारा अघि सार्ने र आफ्ना राजनीतिक वा रणनीतिकलक्ष्यहरू प्रवर्द्धन गर्ने ।

दलको नीति निर्माणका सरोकारवालाहरू

धेरैजसो राजनीतिक दलहरूभित्र नीति निर्माणमा प्रत्येकले महत्वपूर्ण भूमिका खेल्नसक्ने बहु संस्थागत तह हुन्छन् । यस खण्डले यी विभिन्न स्वार्थ र बाह्य सरोकारवाला मध्येका प्रत्येकले दलको नीति निर्माणमा कसरी योगदान गर्नसक्छन् भन्नेबारे जानकारी दिनेछ । यसबाहेक, टेक्स्ट बक्स ३ ले क्रोयसियाको सोसियल डेमोक्रेटिक पार्टीले दलका् नीति निर्माण प्रक्रियामा कसरी दलका विभिन्न संरचनालाई सङ्लग्न गराउँछ भन्ने बताएको छ ।

दलको नेतृत्व

कुनैपनि संस्थामा, त्यहाँको नेतृत्वले प्राथमिकता तय गरेर, स्रोत परिचालन गरेर र मानिसहरूलाई उत्प्रेरित गरेर त्यहाँको वातावरण तय गर्दछन्। नीति निर्माणलाई दलका नेताले कत्तिको गम्भीरताका साथ लिन्छन् र त्यसको प्रक्रियाबारे उनको परिकल्पनाले उनीहरूको कर्मचारी एवं सदस्यका लागि वातावरण बनाउनमा महत्वपूर्ण भूमिका खेल्छ । नीति निर्माणका लागि रणनीतिक दूरदर्शिता उपलब्ध गराउन, सहभागीहरूलाई उत्प्रेरित गर्न, कर्मचारी वा सदस्यहरूलाई सशक्तीकरण गर्न, विभिन्न सहभागीका योगदानलाई उचित सराहना गर्न र उपलब्धीहरूको उत्सव मनाउनमा दलका नेताहरूले मुख्य भूमिका खेल्छन् । अभिव्यक्ती, पैरवी र आफ्नो दलका दृष्टिकोण सरकारमा कार्यान्वयन गराउने प्रयासमा दलका नेताहरूले सामान्यतया खेल्ने भूमिकाका कारण नीतिभित्रका अन्तर्वस्तुमा जत्तिकै यसको प्रक्रियामा पनि उनीहरूको सहयोग महत्वपूर्ण रहन्छ । परिणामस्वरूप, केहि राजनीतिक दलले -केही सिमितताका साथ- आफ्ना दलका नेताहरूले नीतिहरू निर्धारण र/वा प्राथमिकीकरण गर्ने भिटो अधिकार दिएका हुन्छन् ।

निर्वाचित पदाधिकारीहरू

आफ्नो दलका नीतिहरू कार्यपालिका, व्यवस्थापिका मार्फत् र सार्वजनिक समर्थन परिचालन गरेर कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी निर्वाचित पदाधिकारीहरूको हुनेगर्दछ। जीवनमा जस्तै राजनीतिमा पनि छिटोछिटो परिवर्तन हुनेगर्दछन्। निर्वाचित पदाधिकारीहरूले आफ्ना दलप्रतिको आम दृष्टिकोणलाई प्रभाव पार्छन् । व्यवस्थापिका र कार्यपालिकामा आफ्नो कार्यसम्पादन बाहेक, कुनै सवाल उठ्दा मिडिया पनि उनीहरूको टिप्पणी खोज्ने गर्दछन्। दलको सार्वजनिक स्वरूपका रूपमा, निर्वाचित पदाधिकारीहरू र विशेषगरी कानुन निर्माताहरूको मतदाताहरूसँग नियमित भेटघाट हुन्छ, जसले उनीहरूलाई विभिन्न नीतिगत क्षेत्रहरूमा आफ्ना मतदाताहरूको सरोकारबारे महत्पपूर्ण जानकारी दिन्छ । प्रायजसो नयाँ सवालहरू उठ्दा, पूर्ण परामर्श सम्भव नहुने अवस्थामा पनि राजनीति दलहरूले आफ्नो धारणा व्यक्त गर्नुपर्ने हुनसक्छ । यस्ता अवस्थामा, दलको धारणा बनाउने कुरामा अग्रपंक्तीमा प्रायः निर्वाचित पदाधिकारीहरू नै हुने गर्दछन्। आफ्नो दलका नीतिहरू स्पष्ट छन् र उनीहरूको आफ्नो दृष्टिकोणसँग पनि मेल खान्छन् भने उनीहरूले यस्तो अवस्थामा राम्रोसँग कार्यसम्पादन गर्नसक्छन् । तर दलको औपचारिक नीति छैन भने, नीति निर्माणको प्रक्रियामा अभिव्यक्त भएका मूल्यमान्यतामा आधारमा ककस्ले तुरुन्तै दलको धारणा विकास गर्नुपर्ने हुन्छ ।

राजनीतिक दलहरूले आफ्ना नीति तय गर्दैगर्दा, उनीहरूका निर्वाचित पदाधिकारीहरूको राय र सहभागिता भएमासरकारमा र दलका प्रवक्ताका रूपमा प्रभावकरी ढंगले आफ्नो कार्यसम्पादन गर्नका लागि उनीहरूलाई आवश्यक पर्ने जानकारी र सङ्लग्नता मिलेको सुनिश्चित गर्न सकिन्छ। यसबाहेक, व्यवस्थापिका र कार्यपालिकामा उनीहरूको काममार्फत् निर्वाचित पदाधिकारीहरूले नीतिगत अन्तर्वस्तु थप सुधारका लागि मद्दत गर्नसक्ने सूचना र प्रक्रियाहरूबारे पनि जानकारी प्राप्त गर्नसक्छन् । नीति निर्माणको प्रक्रियालाई आफ्नो स्थानीय मतदाता क्षेत्र मजबुत बनाउनका लागि प्रयोग गर्नसकिने पनि कानुन निर्माताहरूले पाएका छन् । उदाहरणका लागि, राष्ट्रियस्तरको नीति निर्माणमा योगदान गर्ने स्थानीय मञ्चहरूको नेतृत्व गर्ने ।

गभर्नर र मेयरहरू छन् भने, उनीहरूले आफ्ना क्षेत्रमा दलका प्रस्तावित नीतिहरूको वास्तविक प्रभावबारे जानकारी राख्न र उच्च प्राथमिकताका नीतिगत चुनौतीहरूको सम्भावित समाधानमा सुसूचित सुझावहरू दिन सक्छन् । उदाहरणका लागि, अमेरिका र मेक्सिको सीमाक्षेत्रका गभर्नरहरूलाई अन्तर-सीमा सवालहरूबारे प्रत्यक्ष जानकारी हुनेगर्दछ र उनीहरूले आ-आफ्ना दलमा सीमा सुरक्षा, आप्रवासन र व्यापारजस्ता सवालहरूमा बढी सामञ्जस्यतापूर्ण, ठोस तथा सम्भाव्यता भएका नीतिहरू निर्माणमा मद्दत गर्न सक्छन् ।

दलका शाखा, सदस्य र आबद्ध समूहहरू

सदस्यहरूलाई नीति निर्माणमा सङ्लग्न गराएर राजनीतिक दलहरूले आफ्ना समर्थकहरूलाई नीतिगत सवालहरूमा शिक्षित गर्न र नीतिगत धारणाहरूको अन्तिम स्वरूप तयार भएपछि, उनीहरूको स्वामित्व र समर्थन जुटाउन सक्छन् । दलका सरोकारवाला र आम नागरिका लागि वृहत् परामर्श तथा समावेशिताले शिक्षाका लागि अर्को महत्वपूर्ण भूमिका खेल्छ : राज्नुपर्ने विकल्पहरूबारे सचेतना

टेक्स्ट बक्स ४ : क्यानेडियन लिबरल पार्टीको पिंक बुक

सन् २००६मा, क्यानेडियन लिबरन महिला ककस्ले *पिंक बुक* लोकार्पण गऱ्यो, जुन प्रारम्भिक शिक्षा तथा बालस्याहार, आय सुरक्षा, उत्तम मातृत्व तथा अभिभावक सुविधा र क्यानाडाका महिलाका लागि महत्वका विषयहरूसम्बन्धी नीतिगत सुझावहरू समेटिएको दस्तावेज थियो ।संसदमा भएका महिला लिबरल ककस्ले महिलाका सरोकारबारे क्यानाडाभरी विभिन्न समूहसँग कार्यसत्रहरू आयोजना गरेर पहिलो *पिंक बुक* तयार गरेको थियो ।

सो समयमा, लिबरल पार्टी प्रधानकार्यालयले स्थानीय सदस्यका राय र विचारलाई समेट्न नसकेको भन्ने दलका सदस्यमा बढ्दो संवेदनामाझ, महिला ककस्ले स्थानीय र विशेषगरी महिलाप्रति बढी ध्यान दिनका लागि दललाई सक्रिया बनाउन उक्त संस्करण निकालेका थिए ।[३६] साथसाथै, ककस् पार्टीप्रति पनि वफादार रहन चाहन्थ्यो र दलका सदस्यहरू महिला विधायकहरूको एजेण्डामा विल्कुलै असहमत भएमा उनीहरूलाई सो दस्तावेज स्वीकार्न दबाब दिन पनि चाहँदैन थिए । त्यसकारण, उक्त किताब तयार गर्ने प्रक्रियाका क्रममा, दलले स्वीकार नै नगर्ने नीति ककस्ले पैरवी नगरोस् भन्ने सुनिश्चित गर्नका लागि ककस् र प्रधानमन्त्रीको कार्यालयबिच उल्लेख्य मात्रामा वार्ता एवं सम्झौता भएका थिए ।

*पिंक बुक*को तीन अंकले क्यानाडाका महिलालाई सबैभन्दा गम्भीर रूपमा प्रभाव पार्ने नीतिहरूबारे महिला ककस्ले दललाई सुझाव दिने भुमिका खेल्यो । लिबरल पार्टीले पनि आफू सरकारमा निर्वाचित भएमा, उक्त दस्तावेजमा भएका धेरैओटा प्रस्तावित नीतिहरू कार्यान्वयन गर्ने प्रतिबद्धता दर्शाउने तरिकाका रूपमा लागि ती *पिंक बुक*को प्रयोग गरेका छन् । पछिल्लो पिंक बुकमा भएका सबै विचारलाई लिबरल पार्टीले आफ्नो औपचारिक नीतिमा अनुमोदन गरि नसकेपनि, लिबरल पार्टीको वेबसाइटमा यसलाई दलको एक दस्तावेजका रूपमा सूचीकृत गरिएको छ।[३७]

पहिलो पिंक बुकसम्म पुग्नका लागि गरिएको वार्ता प्रक्रियामा जस्तै, प्रत्येक नयाँ अंकलाई अन्तिम रूप दिनुअघि महिला ककस्ले उनीहरूको विचारहरूलाई दलको प्रधानकार्यालयमा जाँच गर्थे । ककस्ले महिला आयोग, र दलको द्वेवार्षिक अधिवेशनमा महिलाका नीतिगत प्राथमिकताका प्रस्तावनाहरू पेश गर्ने जिम्मेवारी भएको दलको महिला शाखासँग पनि वार्ता गर्ने गर्दछ। यहि द्वैवार्षिक अधिवेशनहरूमा दलका नयाँ नीतिमाथि छलफल तथा मतदान गरिने भएकाले, आफ्ना नीतिगत सुझावहरूमा महिला आयोगको सहमति जुटाउन सकिएमा, महिला ककस्ले दलको औपचारिक नीतिमा प्रभाव पार्ने सम्भावना बढ्छ ।

समग्रमा, पिंक बुक निकाल्नुको सफलता भनेको नै अब कुनै पिंक बुक छैन (अन्तिमपटक सन् २००९मा प्रकाशित गरिएको थियो) । महिला तथा महिलाका सवाललाई दलको प्लेटफर्ममा गरिने काममा समावेश गर्नमा दल प्रतिबद्ध रहेकोले अब दललाई दबाब दिनुपर्ने आवश्यकता छैन भन्ने ककस्लाई लागेको छ ।[३८]

जगाउने र नीतिहरूको प्राथमिकीकरण गर्दा अपनाउनुपर्ने केही सम्झौताहरू । यसप्रकारका सहभागिताले सदस्यहरूको दलप्रतिको प्रतिबद्धता मजबुत बनाउनमा सहयोग पुग्न सक्छ । यसबाहेक, सवाल पहिचान एवं प्राथमिकीकरण गर्न र प्रस्तावित नीतिको सान्दर्भिकता र व्यवहारिकता बढाउन मद्दत गर्ने दृष्टिकोण उपलब्ध गराउनमा पनि शाखा तथा सदस्यहरूले उपयोगी भूमिका खेल्न सक्छन् ।

विश्वभरी नै धेरैजसो राजनीतिक दलमा ट्रेड युनियनवादी, महिला, युवा, जातीय अल्पसंख्यक, तेस्रोलिङ्गी समूहजस्ता आबद्ध समूहहरू हुने गर्दछन्, जसले साझा सरोकारका विषयमा छलफलका लागि मञ्च उपलब्ध गराउनुका साथै राजनीतिक क्रियाकलापमा सहभागी हुनसक्छन् । यी समूहले आफ्ना प्राथमिकता दलका एजेण्डामा प्रतिबिम्बित गराउन र प्रस्तावित नीतिले आफ्ना समुदायमा पार्ने सम्भाव्य

प्रभावलाई मध्यनजर गर्नका लागि दलका एजेण्डामा प्रभाव पार्ने औपचारिक तथा अनौपचारिक भूमिका खेल्नसक्छन् । उदाहरणका लागि, स्थापित लोकतन्त्रमा महिला समूहहरूले प्रायः समान ज्याला, सुत्केरी विदा र बालस्याहार जस्ता विषयमा विशेष जोड दिएर दलको नीतिगत एजेण्डामा प्रभाव पार्न खोज्छन् । स्वेडिस सोसियल डेमोक्रेटिक र बेलायती कन्जरभेटिव पार्टीका महिला समूहले यी क्षेत्रमा दलका नीतिलाई प्रभाव पार्न गरेका प्रयासलाई हामी उदाहरणका रूपमा हेर्न सक्छौं ।[३९] टेक्स्ट बक्स ४ मा वर्णन गरिएजस्तै, क्यानाडामा लिबरल पार्टीका महिला समूहले आफ्नो दलले सम्बोधन गर्नुपर्ने विषयहरू समावेश गर्दै *पिंक बुक*का शृंखला तयार गरेका थिए ।

बाह्य सरोकारवाला

नीति प्रक्रियामा दलका आन्तरिक एकाइ र सदस्यहरूको सङ्लग्नताका साथसाथै, बौद्धिक जमात, क्षेत्रगत विज्ञ, र कहिलेकाँही आम नागरिक जस्ता नागरिक समाज समूहका दृष्टिकोणले पनि राजनीतिक दललाई लाभ पुऱ्याउँछन् । नागरिक समाज भन्नाले सरकारी तथा नाफामूलक क्षेत्रका बिचमा रहेका विविध प्रकारका समूहलाई जनाउँछ । यस शब्दले विश्वका विभिन्न भूमिका निर्वाह गर्ने वैधानिक रूपमा दर्ता भएर औपचारिक संरचना भएका समूहदेखि कुनै साझा सरोकारका लागि संगठित व्यक्तिहरूको समूहलाई पनि समेट्छ । नीति कार्यान्वयन तथा सार्वजनिक खर्चलगायतका राजनीतिक प्रक्रियाका सामुदायिक परिचालन र अनुगमनसम्बन्धी सेवा प्रवाहमा उनीहरूले गर्ने काममार्फत्, उनीहरूसँग भएको सूचना र ज्ञानले राजनीतिक दलहरूलाई आफ्ना नीति सुदृढ गर्न मद्दत पुग्नसक्छ । उदाहरणका लागि, एल साल्भाडोरको फाराबन्-डो मार्ती नेशनल लिबरेसन फ्रन्टले परामर्शकारी सम्वादका लागि एक परिषद् गठन गरेको छ, जसले सन् २०१४को निर्वाचनअघि दलको घोषणापत्र तयार गर्नका लागि उक्त दलसँग काम गरिरहेको छ । सो परिषद्मा व्यवसायी, अर्थशास्त्री, स्थानीय विकास एवं कानुनी विज्ञ, इन्जिनियर र कलाकारहरू समावेश छन् । आफ्नो राजनीतिक विकास प्रक्रियाका क्रममा केहि दल आफूसँग विचार मिल्ने समूहसँगको परामर्शमा केन्द्रित रहन चाहन्छन् भने, अन्य केही भने अलि बृहत् क्षेत्रमा फैलिएर आफूलाई विरोध गर्नसक्ने वा आबद्ध नभएका समूहसँग पनि नीतिका विविध क्षेत्रमा विज्ञता हुनसक्छ भन्ने मान्यताका साथ काम गर्दछन्। यस्ता दृष्टिकोणले राजनीतिक दललाई आफ्ना विद्यमान नीतिका कमीकमजोरी पहिचानमा मद्दत गर्नुका साथै समाजका आवश्यकता सम्बोधनका लागि सम्भाव्य समाधान र आफ्ना प्रस्ताव परिष्कृत गर्ने तरिका पनि उपलब्ध गराउन सक्छन् । कहिलेकाँही, नागरिक समाजका समूहहरूले आफ्ना प्राथमिकतासँग मेलखाने नीति भएका कुनै निश्चित उमेदवार वा दललाई समर्थन गर्ने वा उनीहरूका लागि समर्थन जुटाउनमा सहयोग गर्ने पनि गर्दछन्। विभिन्न क्षेत्रका उच्चतहका नेतृत्वकर्ता लगायत बाह्य सरोकारवालाले दलका नीतिमा सहमत गरेपनि, ती नीति निमार्णको प्रक्रियादेखि नै उनीहरूलाई सङ्लग्न गराएमा उनीहरूले ती नीतिलाई समर्थन गर्ने र तिनका लागि आम समर्थन जुटाउनमा मद्दत गर्ने सम्भावना बढी हुन्छ ।

थिंक ट्यांक भनेका नीतिलाई प्रभाव पार्नका लागि अध्ययन अनुसन्धानको प्रयोग गर्ने नागरिक समाजका विशिष्ट वर्ग हुन् । नीतिसम्बन्धी थिंक ट्यांकले नीति निर्माणका विभिन्न चरणमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्न सक्छन् । उदाहरणका लागि, सवाल पहिचानका क्रममा उनीहरूले राजनीतिक दल र सर्वसाधारणले कुन सवालहरूलाई प्राथमिकतामा राखेका छन् भन्ने बताएर प्रभाव पार्न सक्छन् । राजनीतिक दलहरूले विकास गर्ने र अन्ततः आफ्नो धारणाका रूपमा अंगीकार गर्ने प्रस्तावहरूलाई स्वरूप प्रदान गर्नमा उनीहरूको अध्ययन अनुसन्धानले योगदान गर्न सक्छन् । कर्मचारीलाई तालिम उपलब्ध गराएर, नीतिसम्बन्धी सल्लाहसुझाव दिएर र सरकारी परामर्शदाताका रूपमा सेवा प्रदान गरेर पनि उनीहरूले नीति कार्यान्वयनमा योगदान गर्न सक्छन् ।[४०] केही थिंक ट्यांक एकदमै स्वतन्त्र र निष्पक्ष हुन्छन् भने, केही थिंक ट्यांकको धेरैथोरै मात्रामा राजनीतिक दलहरूसँग झुकाव हुनेगर्दछ। उदाहरणका लागि, राजनीतिक दलका पदाधिकारीहरूले आफ्ना नीतिसम्बन्धी अध्ययन र विश्लेषण सुदृढ पार्नमा सहयोगका लागि थिंक ट्यांक बनाएका हुन्छन् । ठुलो बजेट र ठुलो संख्यामा व्यवसायिक कर्मचारी सहित केही निकै विस्तारित हुन्छन् भने, केही निकै साना र प्रायजसो स्वयंसेवीहरूबाट काम गराइने प्रकारका हुन्छन् । केहीले दलका सदस्यको निकट रहेर काम गर्दछन् भने अन्य

टेक्स्ट बक्स ५ : संयुक्त राज्य अमेरिकाका थिंक ट्यांकहरू

डेमोक्रेटिक र रिपब्लिकन दुवै पार्टीको नीति निर्माणमा सहयोग गर्ने विभिन्न प्रकारका थिंक ट्यांक र सरोकारमा आधारित संस्थाहरू छन् । तीमध्ये धेरै औपचारिक रूपमा निष्पक्ष भए पनि, केहीले आफ्नो विचारधारा मेल खाने दलसँग बढी नजिकबाट अनौपचारिक रूपमा काम गर्दछन्। केही प्राज्ञिक शैलीको नीतिसम्बन्धी अध्ययनमा केन्द्रित छन् भने, केहीले राजनीतिक तस्वीरमा प्रभावका लागि सङ्लग्न रहने गर्दछन्। राजनीतिक दल तथा सर्वसाधारणले प्राथमिकीकरण गरेका विषयमा प्रभाव पार्ने, राजनीतिक दलहरूले अंगीकार गरेका प्रस्तावित नीतिको स्वरूप प्रदान गर्ने, र कर्मचारीलाई तालिम उपलब्ध गराउने वा दिने साथै सल्लाहसुझाव दिने काम थिंक ट्यांकले गर्न सक्छन् । मिडियामा उच्च प्रोफाइलका रूपमा उनीहरूले प्रायः कुनै न कुनै दलको धारणाका लागि अनौपचारिक प्रवक्ताका काम पनि गरिरहेका हुन्छन् । तिनमा प्रशासनका विभिन्न बरिष्ठ कर्मचारी पनि समावेश भएका हुन्छन् वा युवा अभियन्ताका लागि प्रशिक्षार्थी पनि हुन सक्छन् । यी विभिन्न समूहले सार्वजनिक नीतिमा गर्नसक्ने योगदानका मान्यतास्वरूप, उनीहरूका लागि गरिने योगदानमा करछुट हुनेगर्दछ। यद्यपि, संघीय कानुन अन्तर्गत, उनीहरूले कुनैपनि दल वा पदका लागि उठ्ने उमेदवारलाई जिन्सी सहयोग प्रस्ताव गर्न पाइँदैन । तैपनि, यसले यी संस्थाहरूका लागि नीति निर्माणमा सक्रिय भूमिका खेल्नका लागि पर्याप्त छुट दिनेगर्दछ। उदाहरणमा देहाय बमोजिम छन् :

सेन्टर फर अमेरिकन प्रोग्रेस (क्याप) : यसको सङ्गठन राष्ट्रपति क्लिन्टनका ह्वाइट हाउस प्रमुख कर्मचारी जोन पोडेस्टाले सन् २००३मा गरेका थिए र कार्यमा रूपान्तरित गर्नसकिने नीतिबारे जानकारी प्रदान गर्नका लागि यसको डिजाइन गरिएको थियो । *सेन्टर फर अमेरिकन प्रोग्रेस एक्सन फण्ड* नामक क्यापको भातृ सङ्गठन पनि छ, जुन क्यापको पैरवी तथा वकालत गर्ने अंग हो । यी दुई मिलेर अध्ययन र सामाजिक सञ्जालको उपयोगमार्फत् डेमोक्रेटिक पार्टीका लागि स्थायी अभियान संरचना उपलब्ध गराउँछन् । पोडेस्टाले नयाँ निर्वाचित ओबामा प्रशासनका लागि संक्रमणकालीन निर्देशकका रूपमा पनि काम गरेका थिए । क्यापका वरिष्ठ व्यक्तिहरू पूर्व डेमोक्रेटिक कर्मचारी एवं राजनीतिज्ञ छन् र धेरैजना ओबामा प्रशासनमा पनि नियुक्त भएका थिए । क्यापमा २५० भन्दा बढी कर्मचारी सदस्य छन् । हेरिटेज फाउण्डेसन र अमेरिकन इन्टरप्राइज ईन्स्टिच्यूटको शैलीमा आधारित क्यापको उद्देश्य अग्रगामी विचार तथा नीति प्रस्तावहरू तयार गर्ने, कन्जरभेटिवहरूका प्रस्तावमा तुरुन्तै प्रतिक्रिया जनाउने, र अमेरिकी नागरिकहरूसँग प्रभावकारी ढँगले सञ्चार गर्ने रहेको छ ।

नयाँ संस्थाहरू : वैकल्पिक नयाँ समूहमा सबै सरोकारमा आधारित संस्थाहरू डेलि कोस्, नेटरुट्स् नेसन, र एयाक्ट ब्लुपर्छन् । सबैभन्दा ठुलो अनलाइन समुदाय रहेको डेलि कोस् सन् २००२मा सुरुमा भएको एक ब्लग हो, जसमा अहिले दैनिक ६,००,००० हिट गरिन्छन् । नेटरुट्स् नेशनले यस समुदायका साथसाथै सन् २००८को तेस्रो अधिवेशन लगायतका प्रत्यक्ष कार्यक्रमहरू पनि गर्दछन्।

अमेरिकन इन्टरप्राइज ईन्स्टिच्यूट : अमेरिकन इन्टरप्राइज ईन्स्टिच्यूट (एइआई)को जन्म सन् १९४३मा एक सङ्गठनका रूपमा भएको थियो र सन् १९५४मा यो एक गैरदलीय थिंक ट्यांक बनेको थियो । एइआई रिपब्लिकन पार्टीसँग आबद्ध सबैभन्दा पुरानो र ठुलो थिंक ट्यांक हो । सिमित सरकार, व्यक्तिगत स्वतन्त्रता एवं जिम्मेवारी र निजी व्यवसायका सिद्धान्तहरूको रक्षा गर्ने र अमेरिकी स्वतन्त्रता र लोकतान्त्रिक पुँजीवादका संस्थाहरूलाई सुदृढ गर्ने यसको ध्येय रहेको छ । सन् १९८१मा राष्ट्रपति रेगनका उच्चतहका ५० कर्मचारी तथा सल्लाहकार उपलब्ध गराउनुका साथै सन् २००१मा राष्ट्रपति जर्ज डब्लु बुसका उच्चतहका २० कर्मचारी तथा सल्लाहकार उपलब्ध गराउनुको श्रेय एइआईलाई जान्छ ।

हेरिटेज फाउण्डेसन : सन् १९७३ मा गठित हेरिटेज फाउण्डेसन एक गैरदलीय थिंक ट्यांक हो, जसको ध्येय स्वतन्त्र व्यवसाय, सिमित सरकार, व्यक्तिगत स्वतन्त्रता, परम्परागत अमेरिकी मूल्यमान्यता र एक बलियो राष्ट्रिय रक्षाका सिद्धान्तहरूमा आधारित यथास्थितिवादी सार्वजनिक नीतिहरू तर्जुमा तथा प्रवर्द्धन गर्नु रहेको छ ।

काटो ईन्स्टिच्यूट : काटो ईन्स्टिच्यूट एक गैरदलीय थिंक ट्यांक हो, जसको जन्म १९७७ मा स्वतन्त्रतावादी सिद्धा(न्तहरूको प्रवर्द्धनका लागि भएको थियो । काटोको नाम १८औं शताब्दीको बेलायतमा प्रकाशित निबन्ध शृंखलाकाटो लेटर्स्बाट आएको हो, जसमा अत्याधिक शक्तिशाली सरकारबाट मुक्त समाजको परिकल्पना गरिएको थियो । काटोलाई स्वतन्त्रतावादी पद्धतिका लागि यसले सरकारमा गर्ने पैरवीका लागि चिनिन्छ ।

केहीले आफ्नो काममा दलका सदस्यको निकट आउँदैनन् । दलसँग आबद्ध यी संस्थाहरूका अतिरिक्त, थिंक ट्यांकका अन्य पनि धेरै उदाहरण छन् जुन राजनीतिक दलबाट स्वतन्त्र छन् । तिनमा पनि राजनीतिक दलसँगको सम्बन्ध फरक फरक हुनेगर्दछन् ।

चिलीमा थिंक ट्यांकले व्यवस्थापिका समितिहरूलाई कानुन निर्माण सम्बन्धी सहयोगमार्फत् नीति निर्माणमा योगदान गर्दछन् र निर्वाचनका मञ्चहरूलाई प्रभाव पार्ने प्रयास गर्दछन्। उरुग्वेमा ब्रोड फ्रन्टले युनिभर्सिटी अफ छ रिपब्लिकसँग आफ्नो सम्बन्ध कायम राखेको छ । पछिल्ला वर्षहरूमा, युरोपेली संसदका प्रत्येक समूहले आफ्ना कामका विभिन्न क्षेत्रमा सहयोगका लागि, सार्वजनिक कोषबाट फाउण्डेसन स्थापना गरेका छन् । उदाहरणका लागि, युरोपेली अध्ययन केन्द्रले अर्थ, वैदेशिक मामिला, उर्जा, सामाजिक मूल्यमान्यता र आप्रवासन लगायतका युरोपेली सार्वजनिक नीतिसम्बन्धी विविध प्रकारका विषयमा अध्ययन गर्दछ। सो केन्द्रले युरोपियन युनियनका नीतिहरूबारे अधिवेशनहरू आयोजना गर्ने, नीतिगत संक्षेप र नीतिसम्बन्धी अन्य दस्तावेजहरू प्रकाशन गर्ने गर्दछ। फिलीपिन्समा, लिबरल पार्टीसँग आबद्ध नीति अध्ययनका लागि राष्ट्रिय प्रतिष्ठानले उदारवादी सिद्धान्तहरूको अध्ययनलाई प्रवर्द्धन गर्ने, तालिमहरू सञ्चालन गर्ने र कहिलेकाँही लिबरल पार्टीका पदाधिकारीहरूलाई पेश गर्ने प्रतिवेदन निकाल्ने गर्दछ। मेक्सिकोको इन्स्टिच्युशनल रिभोल्युशनरी पार्टी (पीआरआई) अन्तर्गतको कोलोसियो फाउण्डेसनले नीति निर्माणको समग्र प्रक्रिया व्यवस्थापन गर्दछ। यस प्रकाशनको भाग २मा पीआरआई सम्बन्धी घटना अध्ययन गरिएको परिच्छेदमा थप जानकारी उपलब्ध छ । अमेरिकामा थिंक ट्यांकले खेल्ने भूमिकाबारे टेक्स्ट बक्स ५मा वर्णन गरिएको छ ।

कहिलेकाँही, आर्थिक अवस्थामा सुधारका लागि दलहरूले नीति प्रस्ताव पहिचान गर्नमा निजी क्षेत्रका समूहहरूको दृष्टिकोण सहयोगी हुनसक्छ । उदाहरणका लागि, धेरैओटा देशमा चेम्बर अफ कमर्स र अन्य व्यापारिक सङ्गठनहरूले राष्ट्रिय व्यापारिक एजेण्डा तयार पारेका हुन्छन् वा सुधारका लागि पैरवी गर्न संगठित हुनसक्ने नीतिगत प्राथमिकता तय गरेका हुन्छन् । उदाहरणका लागि, केन्याको निजी क्षेत्र सङ्गठनले हालै आफ्नो राष्ट्रिय व्यापारिक एजेण्डालाई दोस्रोपटक दोहोऱ्याएर प्रकाशन गरेका छन् । त्यसमा राष्ट्रिय सुरक्षा, सम्पत्तिको अधिकार, भ्रष्टाचार, व्यापार र लगानी लगायतका १२ ओटा क्षेत्रमा विद्यमान विभिन्न चुनौती र नीतिगत समाधान समेटिएका छन् ।[४१]

विभिन्न सरोकार समूहको प्रतिनिधित्व गर्ने व्यावसायिक पैरवीकर्ताहरू पनि विभिन्न माध्यममार्फत् सार्वजनिक नीतिमा प्रभाव पार्न खोज्छन् । सार्वजनिक ओहदाका पदाधिकारीहरूलाई लक्षित गर्ने वा आफ्ना सरोकारमा सबैभन्दा बढी सहानुभूति राख्ने राजनीतिक दललाई आह्वान गर्ने जस्ता उपाय उनीहरू अपनाउँछन् । उदाहरणका लागि, नेटिभ अमेरिकन भनिने अमेरिकामा सुरुदेखि बसोबास गर्दैआएका आदिवासीहरूको क्यासिनो खेलसम्बन्धी सरोकारबारे अनुसन्धानका क्रममा ज्याक अब्रामोफ र अन्य पैरवीकर्ताले सोसम्बन्धी कानुनलाई समर्थन गरेबापत सांसदहरूलाई गैरकानुनी रूपमा उपहार र अभियान खर्च दिएको आरोप लागेको थियो ।[४२]

नीति निर्माणमा धेरै सरोकारवाला हुने हुँदा, ती प्रत्येक समूहलाई सङ्लग्न गराउने उचित सन्तुलन खोज्न राजनीतिक दलहरूका लागि कठिन हुनेगर्दछ। अर्को खण्डको विषय नीति निर्माणमा दलको नियम रहेको छ, जसले नीति निर्माणमा दलका प्रत्येक एकाइको भूमिका र जिम्मेवारीबारे प्रष्ट्याएर यस विवाद तनाव सम्बोधनका लागि अवसर प्रदान गर्दछ।

दलको नीति निर्माणका नियमहरू

सबैभन्दा सफल राजनीतिक दलहरूको आफ्ना नीति निर्माणका लागि परिभाषित प्रक्रिया हुन्छन् । दलका नियमले प्रायः यस प्रक्रियाबारे केहि संकेत दिनुका साथै यी कुराहरू समेटेका हुनसक्छन् : नीतिका अन्तर्वस्तुलाई आधारित बनाउनुपर्ने बृहत् राजनीतिक सिद्धान्तहरू ; नीति निर्माणको निगरानी राख्नका लागि जिम्मेवार दलको अंग वा संरचना ; उक्त प्रक्रियामा झल्किनुपर्ने सामान्य मूल्यमान्यता ; उक्त प्रक्रियाका मुख्य चरणहरू ; प्रक्रियामा कसको सङ्लग्नता र कुन चरणमा आवश्यक छ ; अनुमोदन गर्ने प्लेटफर्म, निर्वाचन घोषणापत्र वा अन्तरिम नीतिका जिम्मेवारीहरू ; र दलका नीतिहरू कार्यान्वयनका प्रयासबारे प्रतिवेदन पेशगर्ने संयन्त्रहरू । यद्यपि, दलका नियमहरूको विस्तृत विवरणको तह भने दलैपिच्छे उल्लेख्य रूपमा फरक हुने गर्दछ।

केही दलका नियम तुलनात्मक रूपमा कम विस्तृत हुन्छन्, जसमा नीतिमा सङ्लग्न हुनका लागि कसको र कति मात्रामा अधिकार छ भन्नेमात्र निर्धारण गरिएको हुन्छ तर निश्चित प्रक्रियाबारे कुनै विवरण हुँदैन । उदाहरणका लागि, नेदरल्याण्डको पिपल्स् पार्टी अफ फ्रिडम एण्ड डेमोक्रेसीको नियमले दलका निश्चित समूहलाई नीति निर्माणको जिम्मेवारी तोकेको छ, तर उक्त प्रक्रिया कस्तो हुनुपर्छ भन्नेबारे केही मार्गदर्शन मात्र उपलब्ध गराउँछ । अन्य केहीमा, नीति निर्माणको जिम्मेवारी तथा अधिकार भएका दलका निर्दिष्ट निकाय तोकिएको, नीति निर्माणको क्रमबद्धताका लागि फराकिला रूपरेखा, र विभिन्न सरोकारवाला वा दलका संरचनालाई निर्दिष्ट भूमिका तोकिएको लगायतका मध्यमदेखि उच्च तहका विवरण हुन्छन् । बेलायती कन्जरभेटिव र लेबर पार्टीका नियमले नीति निर्माण संयोजनको जिम्मेवार संरचनाबारे वर्णन साथै अपनाउनु पर्ने सामान्य क्रमबद्धता पनि उल्लेख गर्दै मध्यम तहको विवरण उपलब्ध गराउँछन् । स्वेडिस सोसियल डेमोक्रेटिक पार्टीका नियम अझै विस्तृत छन्, जसमा नीति निर्माणमा शाखादेखि नेतृत्व तहसम्मका सम्भावित प्रत्येक सरोकारवालाको भूमिका परिभाषित गरिएको छ ।

नीति निर्माण विवरणको तह जेजस्तो भए पनि, दलका नियमले प्रायः नीति निर्माणका लागि दैनिक कार्यहरूको फराकिला रूपरेखा र दलका नितीगत धारणामा दलका नेतृत्वकर्ताहरूले सानातिना फेरबदलका लागि चाल्नुपर्ने कदमहरूमात्र उपलब्ध गराइएको हुन्छन् । यसले गर्दा, नयाँ सवालहरू उठ्दा र सञ्चार वा व्यवस्थापनका अभ्यासमा परिवर्तन आउँदा दलले सोहिअनुसार अनुकूलन गर्न सक्छन् । अबिलम्ब सम्बोधन गर्नुपर्ने सवाल उठेको समयमा वा निर्वाचनको संघारमा छिटो कदम चाल्नका लागि दलका नेताहरूलाई यसले लचकता प्रदान गर्दछ ।[४३] विभिन्न दलहरूले आफ्ना नियममा नीति निर्माणका विविध पक्षलाई कसरी सम्बोधन गरेका छन् भन्ने केही उदाहरण तल दिइएका छन् ।

नीति संयोजन संयन्त्र

राजनीतिक दलहरूले आफ्ना नीति निर्माणका प्रयासलाई संयोजन गर्ने जिम्मेवारी कुनै विशेष व्यक्तिहरू वा दलका संरचनालाई दिनु आवश्यक हुन्छ । यो कुरा प्रायजसो दलको नियममा सम्बोधन भएको हुन्छ । बेलायती कन्जरभेटिभ पार्टीको नियममा, नीतिगत प्लेटफर्मको कार्याधिकारमा यी कुरा समावेश छन् : नीति निर्माणलाई प्रोत्साहन र संयोजन गर्ने ; नीतिका लागि रायहरू प्राप्त एवं प्रतिक्रिया जनाउन स्थानीय शाखा लगायतबाट संयन्त्र बनाउने ; नीतिसम्बन्धी विज्ञहरूबाट सल्लाहसुझाव लिने ; दलका अधिवेशनहरू आयोजनामा सहयोग गर्ने ; र दलका नेता र बोर्डलाई नीतिसम्बन्धी विषयमा सल्लाहसुझाव दिने । संसदीय दलका प्रतिनिधिहरू, दलका विभिन्न भौगोलिक क्षेत्रका संरचना र क्षेत्रगत विज्ञहरूले उक्त प्लेटफर्मको कामकारवाही हेर्छन् ।[४४] क्यानेडियन लिबरल पार्टीको राष्ट्रिय नीति तथा प्लेटफर्म समितिमा दलका नेता तथा उनले तोकेका व्यक्तिहरू, संघीय अभियानका अध्यक्षहरू, प्रदेश तथा इलाकाका नीतिगत अध्यक्षहरूका साथै दलका आयोग र संसदीय समूहका

प्रतिनिधिहरू रहन्छन् । सदस्यहरूलाई दलका नीतिबारे छलफल एवं प्रभाव पार्नका लागि मञ्चहरू उपलब्ध गराउने ; देशभरी नीति निर्माणको प्रक्रियाको संयोजन गर्नुका साथै त्यसका लागि लिखित कार्यविधि विकास गर्ने ; दलको सार्वजनिक वेबसाइटमा दलको नीतिहरूको वर्तमान संग्रहलाई दुरुस्त राख्ने उक्त समितिको जिम्मेवारी हो ।[४५] फ्रान्सको युनियन फर अ पपुलर मुभमेन्ट (युएमपी), दलका राष्ट्रिय सचिवहरू समाविष्ट भएको एक अभिमूखीकरण समिति हो, जसको जिम्मेवारीमा दलको प्लेटफर्म विकास तथा प्रवर्द्धन गर्नुका साथै दल र यसका सांसद्हरूबिच समन्वयको सुनिश्चितता गर्नु पनि पर्छ । दलको सभापतिले गरेको प्रस्तावका आधारमा दलको राजनीतिक व्युरोले यी राष्ट्रिय सचिवहरूको नियुक्ती गर्दछ ।[४६] युएमपीको नीतिगत प्रक्रियाका बारेमा भाग २को घटना अध्ययनले थप जानकारी उपलब्ध गराउँछ ।

मस्यौदा तयारी तथा अनुमोदन प्रक्रिया

नीति निर्माणका चरणहरू र तिनमा को को सङ्लग्न हुनुपर्छ भन्ने रूपरेखा सहितको नियमहरूका सन्दर्भमा, बेलायतको लिबरल डेमोक्रेटिक पार्टीको नीति निर्माणका लागि जिम्मेवार संघीय नीतिसम्बन्धी समितिले दलको क्षेत्रीय एवं स्थानीय तहका संरचना र विद्यार्थी, जातीय अल्पसंख्यक, व्यक्तिगत सदस्य र तेस्रोलिङ्गी समुदायको प्रतिनिधि गर्ने समूह लगायतका आबद्ध संस्थाहरूका तर्फबाट आएका प्रस्तावित नीतिहरूलाई मध्यनजर गर्नुपर्छ। उक्त समितिले सामान्यतया दलका विभिन्न संरचनामा परामर्श पत्रहरू वितरित गरेर प्राप्त पृष्ठपोषण र दलका एकाइहरूले पेश गरेका प्रस्तावका आधारमा दलको अधिवेशनमा विचारका लागि नीतिपत्रहरू तयार गर्दछन्। परामर्श पत्रमा नीतिसम्बन्धी विकल्पहरू समावेश भए पनि, कुनै विषयमा दलभित्र उल्लेख्य असहमति भएको अवस्थामा, उक्त समितिले अधिवेशनमा फरक विकल्पहरू प्रस्तुत गर्न सक्छन् ।[४७]

केही दलका नियमहरूले प्लेटफर्म, निर्वाचन घोषणापत्र र अन्तरिम नीति अनुमोदनका प्रक्रियाबिच भिन्नताबारे उल्लेख गरेपनि, अन्य केही भने आफ्ना प्रावधानमा कम निर्दिष्ट हुन्छन् । उदाहरणका लागि, दलको सिद्धान्त र प्लेटफर्महरू अनुमोदन र संशोधन गर्ने अधिकार भएको बेल्जियन फ्लेमिस् ग्रीन पार्टीको अधिवेशन सबै सदस्यका लागि खुला हुनेगर्दछ, जहाँ उपस्थित कुनैपनि सदस्यले मतदान गर्न पाउँछन् र कुनै निश्चित एकाइका विशेष प्रतिनिधि तोकिएका हुँदैनन् । दलको नियमानुसार, क्षेत्रीय तथा स्थानीय शाखाका प्रतिनिधि साथै दलका युवा एवं वरिष्ठहरू समावेश राजनीतिक परिषद्ले दलको नीतिबारे निर्णय गर्न पाउँछन् । उक्त परिषद्मा गैर-मतदाता प्रतिनिधिका रूपमा रहेका दलका कार्यकारी तथा सार्वजनिक पदमा निर्वाचित सदस्यहरूले दलको निर्वाचन घोषणापत्रहरू निर्धारण गर्दछन्। दक्षिण अफ्रिकामा, अफ्रिकन नेशनल कंग्रेसको विधानको धारा ११ अन्तर्गत दलको नीति तथा कार्यक्रम तय गर्ने अन्तिम अधिकार राष्ट्रिय सम्मेलनलाई दिइएको छ । नीतिसम्बन्धी अधिवेशनलाई सुझाव दिने अंगका रूपमा लिइएको छ र "राष्ट्रिय कार्यकारी समितिले राष्ट्रिय सम्मेलनभन्दा कम्तीमा ६ महिनाअघि एक राष्ट्रिय नीति सम्मेलन आयोजना गरेर अफ्रिकन नेशनल कंग्रेस (एएनसी)को नीतिहरूको समीक्षा गर्नुपर्छ । उक्त समीक्षाका आधारमा राष्ट्रिय सम्मेलनमा सिफारिस गर्नुपर्ने कुनै नयाँ नीति वा विद्यमान नीतिमा गर्नुपर्ने संशोधन तयार गरिन्छन् ।" राष्ट्रिय कार्यकारी समितिले आवश्यक परेको अवस्थामा नीतिसम्बन्धी थप अधिवेशन आयोजना र नीतिसम्बन्धी दस्तावेज एवं निर्देशिकाहरू जारी गर्नसक्छ ।[४८] भाग २ मा प्रस्तुत घटना अध्ययनले अफ्रिकन नेशनल कंग्रेसको नीति प्रक्रियाबारे थप जानकारी उपलब्ध गराउँछ ।

बेलायतको लिबरल डेमोक्रेटस्मा भने नीति विकाससम्बन्धी सबै प्रक्रियाका लागि जिम्मेवार संघीय नीति समितिले निर्वाचन घोषणापत्र र अन्तरिम नीतिहरू पनि बनाउने गर्दछ। अन्तरिम नीतिलाई भने पहिले उपयुक्त अधिवेशनले अनुमोदन गरेको हुनुपर्छ ।[४९] क्यानेडियन लिबरल पार्टीको नियममा हालै भएको परिवर्तन अनुसार, अब प्लेटफर्म तथा घोषणापत्र तयार गर्ने जिम्मेवारी नीति विकासका लागि जिम्मेवार समितिमा नै पर्छ । विगतमा, घोषणापत्रबारे परामर्शको तह दलको नेता र उनको भित्री घेरामा बढी निर्भर हुने गरेको थियो । दलको नेतृत्वले घोषणापत्रलाई आंशिक वा पूरै भिटो गर्ने अधिकार रहेको छ ।[५०] ब्रिटिस कोलम्बियाको न्यु डेमोक्रेटिक पार्टीको प्रादेशिक कार्यकारी, प्रत्येक चुनावी क्षेत्रका सङ्गठन, युवा शाखा, तेस्रो लिङ्गी समूह, आबद्ध संस्थाहरू र पूर्व सभापति समावेश भएको प्रादेशिक परिषद्ले सम्मेलनहरूको बिचमा नीति बनाउने काम गर्दछन् ।[५१] धारा १५.०३ ले निर्दिष्ट गरे अनुसार :

सम्मेलनले पारित गरेका नीतिसम्बन्धी निर्णयहरूलाई विस्तार गर्ने र थप गर्ने विशेष जिम्मेवारी प्रादेशिक परिषद्को हुनेछ र त्यसरी विस्तार गर्दा विद्यमान सम्मेलनको नीतिसँग बाझिने गरि गर्नु हुँदैन ।

यस प्रकाशनको भाग २ मा प्रस्तुत घटना अध्ययनले ब्रिटिस कोलम्बियाको न्यु डेमोक्रेटिक पार्टीको नीति प्रक्रियाबारे थप जानकारी उपलब्ध गराउँछ ।

आबद्ध समूहहरूको भूमिका

दलको नियममा महिला, युवा तथा अन्य समूहहरूलाई विभिन्न तरिकाले समावेश गर्ने प्रमवधान रहेका हुन्छन् । ब्रिटिस कोलम्बियाको न्यु डेमोक्रेटिक पार्टीको उदाहरणले देखाएझैं, कुनै कुनै अवस्थामा नीति निर्माणका संरचनामा सीमान्तकृत समूहका प्रतिनिधिहरूलाई स्पष्ट रूपमा समावेश गरिएको हुन्छ । उदाहरणका लागि, बेलायती लिबरल डेमोक्रेटका नियम अनुसार, आबद्ध वा सम्बद्ध समूहले परामर्श दस्तावेज प्राप्त गर्न र तिनमा टिप्पणी गर्न सक्छन् । यसबाहेक, यस्ता समूहलाई राजनीतिक दलहरूले प्रायः नीतिहरू अनुमोदन हुने प्रमुख भूमिका खेल्ने, आफ्ना अधिवेशनमा सहभागी हुनसक्ने प्रावधान बनाएका हुन्छन् । त्यस्ता प्रावधानमा यी समूहका निश्चित संख्या वा प्रतिशतका प्रतिनिधि र यी कार्यक्रमका औपचारिक एजेण्डामा बोल्ने समयको अधिकार वा नीति प्रस्तावना राख्न पाउने अधिकार समावेश भएका हुनसक्छन् । क्यानेडियन लिबरल पार्टीको राष्ट्रिय सम्मेलनमा ककस्, प्रत्येक प्रादेशिक वा क्षेत्रीय सङ्गठन र प्रत्येक आयोगलाई विचारका लागि १० नीतिगत प्रस्तावनाहरू पेश गर्ने अनुमति हुन्छ । ती नीतिहरूको विकास वा प्राथमिकीकरण गर्ने विधि प्रत्येक दलले स्वनिर्णयले निर्धारण गर्न पाउँछन् ।टेक्स्ट बक्स ५ मा बेलायती लेबर पार्टीको नीति विकास प्रक्रियामा युनियनहरूले खेलेका भूमिकाबारे जानकारी उपलब्ध गराइएको छ ।

नीतिसम्बन्धी जवाफदेहिता

निर्वाचित जनप्रतिनिधिहरू आफूले सेवा गर्नुपर्ने नागरिकहरूप्रति जवाफदेही हुनुका साथसाथै, उनीहरूका कदम र निर्णयहरू आफ्नो दलको धारणा, विचारधारा र निश्चित नीति प्रस्तावहरूसँग एकरूप भएको सुनिश्चित गर्ने जिम्मेवारी पनि उनीहरूको हुन्छ । कहिलेकाहीँ, विशेषगरी राष्ट्रपति प्रणालीमा, खासगरी कार्यकारीमा काम गरिरहेका निर्वाचित पदाधिकारी र उनीहरूका दलबिचको सम्वाद, परम्परा वा कानुनी प्रावधानका कारण, औपचारिक वा सिमित हुनसक्छ । अन्य व्यवस्थामा, दल र उनीहरूका सांसद्हरूबिच तरल एवं नियमित सञ्चार हुनेगर्दछ। धेरैजसो अवस्थामा, दलका नियमले निर्वाचित पदाधिकारी र सरकार बाहिर रहेका दलका संरचनाबिचनिकट सञ्चार र समन्वय आवश्यक हुने कुरामा जोड दिएको हुन्छ। यसभित्र, निर्वाचित पदाधिकारीहरू आफ्ना क्रियाकलापका लागि जवाफदेही हुने कुरा स्पष्ट प्रावधान समावेश भएका हुनसक्छन् ।

क्यानेडियन लिबरल पार्टीको विधानमा संसदीय समूहका एक सदस्य (दल सरकारमा भए क्याबिनेटका एक सदस्य) ककस् जवाफदेहिता अधिकृत रहने प्रावधान छ, जसले दलको अध्यक्षहरूको परिषद्लाई र दलका नीतिहरू कार्यान्वयन गर्न ककस्को प्रयासबारे हुने प्रत्येक सम्मेलनलाई प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ । स्वीडेनको सोसियल डेमोक्रेटिक पार्टीमा, संसदीय समूहले दलको राष्ट्रिय बोर्डको वार्षिक साधासण सभामा आफ्नो कामको प्रतिवेदन पेश गर्नुपर्छ । यद्यपि, दलको नियमले यो पनि प्रावधान गरेको छ कि :

नीतिसम्बन्धी सबै विवरण बैठकहरूमा निर्णय गर्न नसकिने तथ्यबारे दलका सदस्यहरू सचेत रहनुपर्छ ... समग्र एवं आधारभूत रूपमा महत्वपूर्ण विषयहरूबारे दलको सङ्गठनको कार्यक्रम तथा निर्णयहरू निर्वाचित जनप्रतिनिधिहरूका लागि निर्देशक रहनेछन् । निर्वाचित जनप्रतिनिधिहरूले आफ्ना कर्तव्य सम्हालेको तरिकाबारे निष्कर्ष निकाल्दा, सदस्यहरू एवं सङ्गठनले दलका धारणाका लागि उक्त जनप्रतिनिधिहरूले अवलम्बन गरेका विभिन्न आधारलाई विचार गर्नुपर्छ ।[५२]

दलको नीतिको मस्यौदा लेखन तथा अनुमोदन

विभिन्न दलका नियमले नीति विकासको प्रावधान कसरी राखेका हुन्छन् भन्नेबारे अघिल्लो खण्डले वर्णन गरेको थियो । दलका नियमले दलको वास्तविक अभ्यासलाई सधैं प्रतिबिम्बित भने गरेको हुँदैन । यसबाहेक, दलका नियमले नीति तर्जुमाका लागि प्रायजसो केहि लचकता प्रदान गर्नेहुँदा, यस खण्डले दलका नीति मस्यौदा तर्जुमा एवं पारित गर्ने केही अभ्यासहरूलाई निकटबाट हेर्ने र नीतिको मस्यौदा तर्जुमा एवं परामर्श प्रक्रियाका साथै दलमा नीति अनुमोदन गर्ने औपचारिक पद्धतिबारे प्रकाश पार्नेछ ।

नीति मस्यौदा कार्य संयोजनका संयन्त्रहरू

राजनीतिक दलका नीति तर्जुमा गर्ने संरचना सरल वा जटिल जेजस्तो भए पनि, नीति प्रक्रियामा दलका कार्यकारी, सार्वजनिक पदमा निर्वाचित सदस्य र स्थानीय संरचनाहरूको सङ्लग्नतालाई सन्तुलन गर्नका लागि विविध उपाय अपनाउने गर्दछन्। नीति विकासमा जुनसुकै आन्तरिक एकाइ र बाह्य सरोकारवालालाई सङ्लग्न गराइएता पनि, नीति विकास प्रक्रियाको व्यवस्थापन र संयोजनका लागि राजनीतिक दलहरूमा कुनै विशेष व्यक्ति वा व्यक्तिहरूको समूह सामान्यतया जिम्मेवार हुनेगर्दछ। यी संयोजनकारी संयन्त्रका जिम्मेवारीमा देहाय लगायतका पर्छन् : नीतिले ध्यान दिनुपर्ने प्राथमिकताका सवालहरूको पहिचान ; सान्दार्भिक वा उपयुक्त भएमा उप-समितिहरूको गठन ; नीति मस्यौदा दस्तावेज विकासको सुपरिवेक्षण ; नीतिगत विकल्पहरूबारे अध्ययन ; शाखाहरू र बाह्य विज्ञहरूबाट सुझाव अनुरोध एवं प्राप्त सुझावको समीक्षा ; परामर्शहरूको आयोजना ; र दलको अधिवेशनका लागि नीतिसम्बन्धी प्रतिवेदनहरू तयार पार्ने । यी संयोजनकारी संयन्त्रका जटिलता, आकार र बनावट फरक फरक हुनसक्छन्, तर तिनलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ : दलको कार्यकारीमा-आधारित वा बहु-सरोकारवाला आयोगहरू । यी संयोजनकारी संयन्त्रका बनावटले दलका विभिन्न सरोकारवालालाई सङ्लग्न गराउने फेरि अर्को अवसर प्रदान गर्दछ।

दलको कार्यकारीमा-आधारित

केही दलले नीति विकास प्रक्रियाको संयोजन गर्ने मुख्य जिम्मेवारी दलका कार्यकारीलाई दिएका हुन्छन्, जसले दलको सचिवालयका कर्मचारीहरूबाट सहयोग प्राप्त गर्न सक्छन् । उदाहरणका लागि, दक्षिण अफ्रिकाको एएनसीमा, राष्ट्रिय कार्यकारी समितिबाट समीक्षाका लागि मस्यौदा नीति दस्तावेजहरूको विकासको सुपरिवेक्षण गर्ने जिम्मेवारी दलको प्रधानकार्यालयमा रहेको नीति एकाइको हुन्छ । राष्ट्रिय कार्यकारी समितिको एक सदस्यले दलका कार्यकारी सदस्यहरूको सहयोगमा उक्त एकाइको कामको सुपरिवेक्षण गर्दछ। नीति निर्मायामा सहयोगका लागि मस्यौदा दस्तावेज बनाउनमा सहयोगका लागि उक्त एकाइले विज्ञहरूलाई आमन्त्रण गर्न वा पारिश्रमिकसहित जिम्मा दिन सक्छ । नीतिगत मस्यौदा दस्तावेजलाई राष्ट्रिय कार्यकारी समितिले पारित गरेपछि, नीतिसम्बन्धी प्रादेशिक सम्मेलन र राष्ट्रिय सम्मेलन अगाडि दलका शाखाहरूलाई वितरण गरिन्छन् । नीतिसम्बन्धी राष्ट्रिय सम्मेलन, दलका नीतिहरू अनुमोदन गर्ने राष्ट्रिय सम्मेलन हुनुभन्दा केहि महिनाअघि, सुझावहरू सङ्कलनका लागि आयोजना हुने एक मञ्च हो । कहिलेकाहीँ, संयोजनको काम दलको कार्यकारीले गर्नसक्छ, तर सम्बन्धित नीतिसम्बन्धी विज्ञताका आधारमा दलका सदस्यहरूको सहभागिता पनि गराइन सक्छ । नेदरल्याण्डमा, पिपल्स् पार्टी फर फ्रिडम एण्ड डेमोक्रेसीका नियमले क्षेत्रीय शाखाका बैठकमा दलका सदस्यहरूले निर्वाचित गरेको दलीय परिषद्ले राजनीतिक मामिलाबारे निर्देशन र निर्णय गर्ने जिम्मा पाएको हुन्छ । नियमित बैठकका क्रममा, नीतिगत विज्ञता भएका दलका सदस्यहरू समावेश भएका विषयमा आधारित समितिहरूका शृंखलाले नीतिपत्रका मस्यौदा तयार पारेर दलको अधिवेशन बैठकअघि स्थानीय शाखाहरूलाई वितरण गर्दछन्। यी समितिमा दलका सांसद्हरू वा दलको नेतृत्व समावेश हुँदैनन्, र यी समूहमा दलका सांसद्हरू वा दलको नेतृत्वको प्रत्यक्ष सहभागिता हुन नदिँदा स्थानीयस्तरको प्रभाव रहेको प्रक्रिया सुनिश्चित गर्न मद्दत मिल्छ । नीतिपत्रहरूलाई दलको राष्ट्रिय अधिवेशनमा

अन्तिम मतका लागि पेश गर्नुअघि तिनमा संशोधनका लागि शाखाहरूले छलफल र वार्ता गर्नसक्छन् ।

बहु-सरोकारवाला समितिहरू

माथि भनिएझैं, क्यानेडियन लिबरल पार्टीमा, दलको सम्मेलनका प्रतिनिधिहरूले चुनेका अध्यक्ष ; नेतृत्वमा रहेका राष्ट्रिय निर्देशकले चुनेका उपाध्यक्ष ; महिला, युवा, वरिष्ठ र आदिवासीहरूका आयोग प्रत्येकबाट एक प्रतिनिधि राष्ट्रिय अभियान सह-अध्यक्षहरू ; नेतृत्वले चुनेका दलका चार सदस्य ; चार ककस् सदस्यहरू ; र प्रत्येक प्रदेशबाट चुनिएका नीतिसम्बन्धी अध्यक्ष र क्षेत्रीय रूपमा समावेश भएको एक राष्ट्रिय नीति तथा प्लेटफर्म समिति हुन्छ । उक्त समितिमा लैङ्गिक तथा भाषागत सन्तुलन हुनुपर्ने प्रावधान पनि विधानमा रहेको छ ।

विभिन्न आन्तरिक एकाइ र स्वार्थहरू अटाउने प्रयासस्वरूप, केही दलले नीतिनिर्माणमा बहु-तहगत संरचना अवलम्बन गरेका छन् । उदाहरणका लागि, बेलायतको लेबर पार्टीको नियमले नीतिनिर्माणका लागि मुख्य तीन संस्थाको उल्लेख गरेको छ : राष्ट्रिय नीति प्लेटफर्म, संयुक्त नीति समिति र नीतिसम्बन्धी आयोगहरू । राष्ट्रिय नीति प्लेटफर्ममा राष्ट्रिय कार्यकारी समिति, दलको स्थानीय शाखा, दलको क्षेत्रीय संरचना, ट्रेड युनियन, संसदीय समूह, समाजवादी समाजहरू, विद्यार्थी, जातीय अल्पसंख्यकका लागि दलको समूह, स्थानीय सरकारका पदाधिकारीहरू, र वेल्स्, स्कटल्याण्ड र उत्तरी आयरल्याण्डका नीतिगत प्लेटफर्मका प्रतिनिधिहरू समावेश भएका हुन्छन् । यी प्रत्येक एकाइमा सिट विनियोजनको निर्धारण दलको नियमले गर्दछ र महिला तथा युवाको न्युनतम सहभागिता स्थापित गर्दछ। राष्ट्रिय नीति प्लेटफर्मको कार्यादेशमा नीति तर्जुमा कार्यको सुपरिवेक्षण, सदस्य तथा अन्य सरोकारवालाहरूसँग परामर्श व्यवस्थापन, र परामर्श प्रक्रियाका निष्कर्षहरू संग्रह गर्नु पर्छन् । संयुक्त नीति समितिको अध्यक्षता दलको नेतृत्वले गर्दछन् र यसमा क्याबिनेट वा छायाँ क्याबिनेटका संसदीय समूहका वरिष्ठ सदस्यहरू, राष्ट्रिय कार्यकारी र राष्ट्रिय नीति प्लेटफर्म समावेश भएका हुन्छन् र यो समितिले राष्ट्रिय नीति प्लेटफर्मको कामलाई निर्देशन गर्ने निर्देशक समूहको रूपमा काम गर्दछ। अन्त्यमा, विभिन्न नीतिगत आयोगहरूले

चित्र ५ : नीति तर्जुमा र अनुमोदन

दलका विभिन्न संरचनाबाट प्राप्त कुराहरूलाई ध्यानमा राख्दै नीतिसम्बन्धी प्रतिवेदन तयार पारेर तिनमाथि विचार तथा छलफलका लागि राष्ट्रिय नीति प्लेटफर्म र संयुक्त नीति समितिमा पेश गर्दछन्। राष्ट्रिय नीति प्लेटफर्मका नीति प्रस्तावलाई दलको अधिवेशनमा छलफल एवं अनुमोदन गरिन्छ ।

मुद्दा पहिचान र पृष्ठभूमिको अनुसन्धान

राजनीतिक दलहरूले आफ्ना मतदातामाझ आफ्ना नीतिगत प्रस्तावहरू प्रचारप्रसार गर्नुपर्ने र ती आफ्

ना प्रतिद्वन्दीका भन्दा फरक हुनुपर्ने हुनाले, नीतिनिर्माण एक अत्यन्तै राजनीतिक प्रक्रिया हो । नीतिगत समस्यामा विपरित प्रस्तावहरूबारे दलहरूले बहस गर्दा, उनीहरू विगतमा सरकारमा रहँदाको कार्यसम्पादन, आम दृष्टिकोण, आफ्ना राजनीतिक सिद्धान्तका आधारमा आफ्ना सबलता वा प्राथमिकता प्रतिबिम्बित हुने नीतिगत क्षेत्रमा बहसलाई केन्द्रित गर्दै आफ्नो स्थान बलियो बनाउन खोज्छन् । कुनैपनि राजनीतिक दलले समाजमा भएका विभिन्न समस्याको प्राथमिकीकरण गर्ने र तिनका समाधानको प्रकारलाई ग्राह्यता दिने तरिका उक्त दलको पहिचानले प्रभावित पारेको हुन्छ। सँगसँगै, पर्याप्त प्राविधिक अनुसन्धान एवं राय बिना, राजनीतिक दलहरूका अभियान अस्पष्ट वा अवास्तविक प्रस्तावमा आधारित हुने र अन्ततः आफूप्रतिको विश्वसनियता अवमूल्यन भएर नागरिकमा आफूप्रति तित्तता आउने जोखिम हुन्छ ।

माथि उल्लेख गरिएजस्तो सम्बोधन गरिनुपर्ने मुद्दा वा समस्याको पहिचानबाट प्रायः नीति तर्जुमा प्रक्रियाको सुरुआत हुन्छ । यसका लागि, मतदाताका प्राथमिकता र मध्यकालीन एवं दीर्घकालीन चुनौतीका रूपमा देखा परिरहेका मुद्दाहरू निर्धारण गर्न दलभित्रै र दलबाहिर पनि परामर्शहरू गर्नुपर्ने हुनसक्छ । जस्तै, अमेरिकामा सन् २०१२को निर्वाचनअघि, डेमोक्रेटिक पार्टीले आफ्ना समर्थकहरूलाई एक प्रश्नावली वितरण गर्दै, १७ओटा मुद्दालाई प्राथमिकताका आधारमा क्रमबद्ध गर्न आग्रह गरेका थिए । राजनीतिक दलहरूले आफ्ना नीति तर्जुमाका प्रयास अन्तर्गत, आम राय बुझ्नका लागि व्यवसायिक रूपमा गुणात्मक र संख्यात्मक अनुसन्धान पनि सञ्चालन गर्न सक्छन् । अमेरिकाको डेमोक्रेटिक र रिपब्लिकन पार्टीका नीति तर्जुमाबारे थप जानकारी यस प्रकाशनको भाग २ अन्तर्गतको घटना अध्ययनमा छ ।
प्राथमिकताहरूको पहिचानपछि, दलहरूले देहायबारे थप जानकारी सङ्कलनगर्दछन् : समस्याको क्षेत्र र प्रभाव ; यसका मूल कारकहरू ; सान्दर्भिक भए, सो मुद्दा सम्बोधनका लागि विगतमा भएका प्रयासका सिकाईहरू ; र सम्भाव्य समाधानहरू । यस अनुसन्धानका आधारमा, उनीहरूले सदस्यहरूको राय सङ्कलनका लागि मस्यौदा दस्तावेज तयार पार्छन् । केही दलले पहिलो चरणको पृष्ठपोषण मागेपछि, ती पृष्ठपोषणका आधारमा आफ्ना नीतिमा आवश्यक संशोधन गरेर, अन्तिम अवलम्बन भन्दा अघि, दलका सदस्य एवं प्रतिनिधिहरूमा ती दस्तावेज वितरण गर्दछन्। अन्य केहीले भने सरलीकृत प्रक्रिया अपनाउँदै प्रक्रियाभरी परामर्श गर्दै अन्त्यमा आफ्ना प्रतिनिधिहरू वा सदस्यहरूबाट अनुमोदनसम्म पुग्छन् । चित्र ५मा नीति तर्जुमा र अनुमोदनमा सङ्लग्न हुने चरणहरूलाई सरल रूपमा देखाइएको छ ।

बेल्जियमको फ्लेमिस् ग्रीन पार्टीमा, दलका लागि महत्वपूर्ण आधारभूत कार्यक्रम र राजनीतिक धारणासम्बन्धी दृष्टिकोण पहिचानमा आवधिक वैचारिक अधिवेशनहरूले मद्दत गर्ने गरेका छन् । यी कार्यक्रमका प्रतिफल र संसदीय समूहले प्राथमिकताका रूपमा पहिचान गरेका मुद्दाका आधारमा, नीति तर्जुमा गर्नुपर्ने विषयहरूको सूची राष्ट्रिय कार्यकारीले तयार पार्छ । दलको अध्ययन विभागले, प्रत्येक विषयमा ह्वाइट पेपर नामक एक पृष्ठभूमि दस्तावेजको मस्यौदा बनाउँछ । नीतिसम्बन्धी विषयहरूमा विशेष ज्ञान भएका र दलको नेतृत्वको निर्देशनमा काम गर्ने दलका कर्मचारीहरू अध्ययन विभागमा रहेका हुन्छन् । यी ह्वाइट पेपरका आधारमा, दलको अधिवेशनमा विचार गर्नका लागि, अध्ययन विभागले समाधानहरूको मस्यौदा तयार पार्छन् । अधिवेशनका लागि मस्यौदा दस्तावेजलाई दलको राजनीतिक परिषद्ले पारित गरिसकेपछि, त्यसमा संशोधन प्रस्तावका लागि उक्त दस्तावेजलाई स्थानीय संरचनाहरूमा वितरण गरिन्छ। दलको संरचनाहरूबाट प्राप्त पृष्ठपोषणको प्रकृतिका आधारमा, विभिन्न प्रस्तावहरू रुजु गर्न र एकीकृत गर्नका लागि संशोधन प्रस्ताव गर्नेहरूलाई दलले एकै ठाउँमा बोलाउन पनि सक्छ । यसरी परिमार्जित गरिएको दस्तावेजलाई अधिवेशनमा मतदान गर्नुअघि दलका सदस्यहरूमा वितरण गरिन्छ ।

आफ्ना सदस्य र सर्वसाधारणसँग परामर्श गर्ने राजनीतिक दलहरूको जिम्मेवारी भएतापनि, उनीहरूको नीति तर्जुमामा नागरिकका इच्छाहरूलाई सारांश गर्ने र पुनर्लेखन गर्ने मात्र पर्दैन । सार्वजनिक नीतिका एजेण्डालाई स्वरूप प्रदान गर्न सरकारी कामकारवाहीका प्राथमिकता तय गरेर नेतृत्व प्रदान गर्ने ; सर्वसाधारणका विचार सङ्कलनका लागि नीतिगत विकल्पहरू विकास गर्ने ; वेवास्तामा पर्नसक्ने नीतिगत मुद्दाहरूबारे सचेतना जगाउने, र कहिलेकाहीँ अलोकप्रिय रहेका कुनैकुनै नीति सार्वजनिक हितका लागि आवश्यक

हुने कुरा सर्वसाधारणलाई विश्वस्त पार्ने जिम्मेवारी पनि राजनीतिक दलको हुन्छ । बोस्निया-हर्जगोभिनामा भूतपूर्व सैनिक सुविधाको अव्यवस्थापन भएको कुरालाई जोड दिँदै सोसियल डेमोक्रेटिक पार्टीले भूतपूर्व सैनिकका सहयोग कट्टी गर्ने तरिकाको साटो उनीहरूको हित संरक्षणको तरिकाका रूपमा सुधारहरू प्रस्तुत गर्न सफल भएका थिए । उक्त दलको अनुभवबारे थप जानकारी भाग २को घटना अध्ययनमा छ ।

कुनैपनि मुद्दा समाधानका लागि प्रायः एकभन्दा बढी उपाय हुने गर्दछन्। सम्भावित विभिन्न समाधानका फाइदा र बेफाइदाहरू मूल्याङ्कन गर्दै राजनीतिक दलहरूले यी कुरामा ध्यान दिनुपर्ने हुन्छ : प्रत्येक विकल्पबाट कसरलाई फाइदा र कसलाई नोक्सान हुन्छ ; अन्य कतै यस्तैप्रकारका उपाय अपनाइएका थिए भने त्यसको नतिजा के रहेको थियो ; उक्त नीति कार्यान्वयन गर्नका लागि दल, सरकारी संस्था र अन्य आवश्यक समूहसँग क्षमता छ वा छैन ; उपलब्ध विभिन्न विकल्पबारे सर्वसाधारणको धारणा ; र कुन प्रस्तावमा सार्वजनिक स्रोतको सबैभन्दा कुशल प्रयोग सम्भव छ । सबै सरकारसँग स्रोतको सिमितता हुने हुँदा, राजनीतिक दलहरूले कुनै एक नीतिगत क्षेत्रका लागि खर्च आँकलनका साथै, विविध क्रियाकलापका लागि खर्च कहाँबाट जुटाइनेछ र विभिन्न क्षेत्रमा सरकारी स्रोतको समग्र वितरण कसरी गरिनेछ भन्ने पनि विचार गर्नुपर्ने हुन्छ । नीतिसम्बन्धी विकल्पबारे अनुसन्धान गर्दा दलहरूले ध्यान दिनुपर्ने केही कदम र मुद्दाहरूबारे चित्र ६मा उल्लेख गरिएका छन् ।

क्यानाडा, फ्रान्स र नेदरल्याण्डस् जस्ता देशहरूमा राजनीतिक दलहरूले आफ्नो निर्वाचन घोषणापत्रका पाटोको रूपमा खर्चको प्रस्ताव पनि प्रकाशित गरेका हुन्छन् । आफ्ना नीति प्रस्तावको खर्च र ती खर्चका स्रोतबारे जानकारी प्रकाशित गर्नाले, राजनीतिक दलहरूले प्रस्ताव गरेका समाधानका बारेमा उनीहरूले अर्थतन्त्रको बृद्धिदरबारे अनुमान लगायतका विविध प्रकारका विषयलाई राम्रोसँग सोचविचार गरेका छन् र दल आफू सरकारमा रहँदा सार्वजनिक खर्चलाई कसरी परिचालित एवं प्राथमिकीकरण गर्ने योजना बनाएका छन् भन्ने दर्शाउनमा मद्दत मिल्छ । यसप्रकारका विश्लेषणले दललाई शासकीय जिम्मेवारी बहन गर्न तयार राजनीतिक दलको छवि दिनमा पनि मद्दत गर्दछ।

क्यानेडियन ग्रीन पार्टीले सन् २००४को प्रारम्भदेखि आफ्नो प्लेटफर्मसँग बजेटको रूपरेखा उपलब्ध गराउन थाल्यो । उक्त रूपरेखा तयार पार्नमा दलको वित्तीय आलोचक निकै सङ्लग्न हुन्छन् भने सार्वजनिक वित्तसम्बन्धी विज्ञहरूले त्यसको मस्यौदा हेरेर अनुमान एवं विश्लेषणहरू सहि रहेको सुनिश्चित गर्दछन्। आयरल्याण्डमा, विभिन्न राजनीतिक दलहरूका खर्चको प्रस्तावलाई अर्थ मन्त्रालयले रूपरेखा प्रदान गर्दछन्। अन्य ठाउँमा, राजनीतिक दलहरूले आफ्ना नीतिगत प्रस्तावलाई आर्थिक अवस्थामा निर्भर हुने प्रस्तावहरू इंगित गर्दै समूहहरूमा विभाजन गरेका हुन्छन् । जस्तै स्वीडेनमा, सत्तापक्षी गठबन्धनको २०१० को कार्यक्रमले, ठोस प्रतिबद्धता र आर्थिक स्रोतको उपलब्धतामा निर्भर हुने अपेक्षित नीतिगत लक्ष्य गरी, दुई प्रकारका बाचा गरेका थिए । दस्तावेजका आधारमा, गठबन्धनका साझेदारहरूले बजेटको अवस्थाका आधारमा नीतिगत प्राथमिकताहरूको नियमित समीक्षा र वार्ता गर्दछन्।[५३]

परामर्श

> *एक प्रभावकारी दलीय प्रणालीमा पहिलो कुरा, उनीहरू आफैं प्रतिबद्ध भएका कार्यक्रमको आवश्यकता हुन्छ र दोस्रो कुरा, ती कार्यक्रम सञ्चालनका लागि दलभित्र उल्लेख्य मात्राको आन्तरिक एकबद्धता चाहिन्छ ... कार्यक्रम तर्जुमाका क्रममा दलभित्रका त्यति ठुलो संख्याका व्यक्तिहरूका लागि आदानप्रदानको अवसर दिने दलीय कार्यविधिहरू बिना, त्यस मात्राको एकता सम्भव हुँदैन ।*[५४]

राजनीतिक दलहरूले विविध कारणवश नीति विकासमा बढी समावेशी विधि अपनाउन थालेका छन् । केही दलले नीति निर्माणमा सदस्य तथा नागरिकलाई उनीहरूका मूल्यमान्यता र विचारधाराका आधारमा सङ्लग्न गराउँछन् । अन्य केहीले भने नीतिगत विकल्पको गुणस्तर र सान्दर्भिकतामा परामर्शले सुधार ल्याउँछ भन्नेमा विश्वास गर्दछन्। राजनीतिक दलहरूले आफूलाई मतदातामाझ आफ्नो सान्दर्भिकता कायम राख्नका लागि सहभागितामा बृद्धि गर्दै आफ्ना नीति प्रस्तावका लागि समर्थन जुटाउँछन् । यसले गर्दा आफ्ना प्रस्तावहरूमा आउनसक्ने आलोचना पहिचान

चित्र ६ : नीतिगत धारणाको विकास

पृष्ठभूमिको तयारी

१. समस्या सृजना भएको घटनाहरूको समयक्रमबारे जानकारी सङ्कलन
२. उक्त विषयका मुख्य सरोकारवाला र प्रभावशाली राजनीतिक पात्रहरूको दृष्टिकोण सङ्कलन
३. सम्बन्धित मुद्दामा सर्वसाधारणका रायबारे कुनै अध्ययन वा आम संवेदनाकारे अन्य कुनै सूचकका समीक्षा
४. अन्य ठाउँमा यो मुद्दालाई कसरी सम्बोधन गरिएका थिए लगायतका निर्दिष्ट विषयमा विज्ञ तथा विशेषज्ञबाट जानकारी सङ्कलन। यी अनुभवले विभिन्न प्रस्तावमा भएका सम्भावित कमीकमजोरी पत्ता लगाउन र तिनको न्युनीकरणका उपाय पहिचान गर्नमा सहयोग मिल्न सक्छ ।

समस्याको स्पष्ट परिभाषा र व्याख्या

१. समयक्रमसँगै सम्बन्धित समस्याले लिएको ऐतिहासिक पथको विश्लेषण । कारण र असरको सम्बन्ध पहिचान र घटनाक्रमहरूको शृंखला सृजना । लक्षण र मूल कारणबिच साथै प्राथमिक र माध्यमिक कारकबिच भिन्नता छुट्याइएको निश्चित गर्ने ।
२. यस मुद्दाले प्रत्यक्ष र अप्रत्यक्ष असर पार्ने जनसांख्यिक क्षेत्र मध्यनजर गर्दै समस्याको मात्रा र प्रकृतिको वर्णन गर्ने

अपेक्षित परिणामको पहिचान

१. तपाईंको नीति प्रस्तावले के प्राप्त गर्दछ भन्ने तपाईंको आशा छ भन्ने वर्णन गर्ने । यसलाई सामान्य रूपमा वर्णन गरेर तपाईंहरूले अप(नाउने विशेष धारणाका आधारमा पछि परिष्कृत गर्न सकिन्छ ।

वैकल्पिक प्रस्तावहरूमाथि विचार

१. यथास्थिति कायम राख्दाका असरका साथै सम्भावित फाइदा र वेफाइदाको मूल्याङ्कन गर्ने
२. वैकल्पिक प्रस्तावहरूको पहिचान गर्ने र ती प्रत्येकका सम्भावित फाइदा र वेफाइदा रेखांकन गर्ने ।

देहायबमोजिमको नीति निर्धारण गर्ने

१. यी लगायत समाधान गनुपर्ने समस्यालाई स्पष्टसँग परिभाषित गर्ने : यसको इतिहास, मूल कारणहरू र यसको प्रभावको मात्रा ।
२. प्रस्तावित नीतिले यथास्थितिलाई कसरी परिवर्तन/सुधार गर्दछ भन्ने विवरण
३. नीति कार्यान्वयनको रेखाङ्कन। उदाहरणका लागि, आवश्यक कानुन र कार्यान्वयनमा सङ्लग्न हुने निक(ायहरूको विवरण ।
४. नीतिका लागि खर्च कहाँबाट जुटाइनेछ भन्ने विवरण ।

गर्न र ती तर्कहरूलाई खण्डन गर्न राजनीतिक दलहरूलाई मद्दत मिल्छ । यसबाहेक, नीतिगत प्रक्रियामा परामर्शले उमेदवार एवं सार्वजनिक पदमा निर्वाचित सदस्यका लागि सीप विकास र नेतृत्वदायी अवसर प्रदान गर्दै उनीहरूको छविमा थप मद्दत पुग्छ । यस्ता अवसरलाई प्रायः मिडियाले समेट्नुका साथै विद्यमान सदस्यहरूको सङ्लग्नता र नयाँ समर्थकहरू नियुक्तीका लागि विविध क्रियाकलाप पनि यी अवसरले जुटाइदिन्छन् । विविन्न समूहका नागरिकहरूबाट प्रभावकारी एवं कुशलतापूर्ण तरिकाले राय माग्नका लागि सूचना तथा सञ्चारका नयाँ प्रविधिले पनि बढी सहज बनाइदिएको छ । आजको दिनमा हुने सहभागिताका केही तह त इन्टरनेटको युगभन्दा अगाडि, प्रबन्धका हिसाबले सोच्न पनि सकिँदैन थियो ।

यी फाइदाहरूका बाबजुद, सहभागितामूलक नीति निर्माणमा सामान्यतया आउने चुनौतीहरू यसप्रकार छन् : सहभागीहरूलाई प्रक्रिया एकदम अमूर्त वा बोझिलो लागेमा "परामर्श थकान" को जोखिम ; आफ्ना रायलाई पर्याप्त स्थान नदिइएको महसुस गर्ने सहभागीहरूमाझ निराशा ; र परामर्शबाट निकै छरपष्ट विचारहरू आएमा, सहभागीका कुनै स्पष्ट प्राथमिकता नभएमा वा अपर्याप्त सूचनामा आधारित भएको भएमा स्पष्ट परिणाम प्राप्त गर्न

असमर्थ हुने । कहिलेकाहीँ, नीतिसम्बन्धी निर्णयमा विभिन्न समूहले बर्चस्व कायम गर्नका लागि प्रतिस्पर्धा गर्दा, यस्ता परामर्शहरू द्वन्द्वात्मक पनि बन्न पुग्छन् ।[५५] जस्तै, सन् १९७० दशकको मध्यतिर र सन् १९८० दशकको मध्यतिर, अमेरिकाको डेमोक्रेटिक पार्टीले स्थानीय नीति विकासका थप अवसर प्रदान गर्ने उद्देश्यले मध्यावधि सम्मेलन परीक्षण गर्ने विचार गऱ्यो। त्यस्तै मध्यावधि सम्मेलन सन् १९७४, १९७८, र १९८२मा भए, तर यी कार्यक्रमको परिणामस्वरूप दलका विभिन्न अंग एकअर्काप्रति रुष्ट भएपछि सो दलले यो कार्यक्रम रोक्यो । जस्तै, मेम्फिसको सन् १९७८मा भएको मध्यावधि सम्मेलनमा ४० प्रतिशत प्रतिनिधिले बहालवाला अध्यक्षको आर्थिक नीति प्रस्तावलाई अस्वीकार गरे । यसबाहेक, राष्ट्रपति कार्टरको स्वास्थ्यसम्बन्धी नीतिविरुद्ध सांसद् टेड केनेडिले बोलेका थिए र त्यसपछि दलको मनोनयनका लागि बहालवाला राष्ट्रपतिलाई चुनौती दिएका थिए ।

तैपनि, आफ्ना नीतिगत प्रक्रियामा सहभागितालाई फराकिलो पार्ने प्रयास गरेका राजनीतिक दलहरूले सामान्यतया सम्भाव्य बेफाइदाभन्दा बढी फाइदा नै पाएका छन् र परामर्शलाई कायम राख्दै यस्ता चुनौती व्यवस्थापनका तरिकाहरू अपनाउने गरेका छन् । उदाहरणका लागि, बेलायत, क्यानाडा र वेस्टमिनिस्टर-शैलीका लोकतान्त्रिक मुलुकहरूमा दलका शाखा र आबद्ध समूहहरूले दलको नीति प्रस्तावमा प्रस्तावनाहरूको मस्यौदा तयार गरी पेश गरेर आफ्ना रायसुझाव दिने गर्थे । ती प्रस्तावनाका मस्यौदामाथि दलको अधिवेशनमा बहस तथा मत जाहेर गरिन्थे । १९९० को दशकमा, केही शाखा र आबद्ध समूहले पेश गरेका प्रस्तावना राष्ट्रिय समस्या र प्रवृत्तिसँग मेल नखाने गरेका, मूलप्रवाहका मतदातामा प्रचारप्रसार गर्न कठिन हुने गरेका र नीतिसम्बन्धी विज्ञको विश्लेषण पर्याप्त प्रयोग नभएका कारण यसप्रकारको प्रस्तावना प्रक्रिया धेरै दलले छोडे । यसबाहेक, अवलम्बन भएका प्रस्तावनाहरू समयसँगै थपिँदै जाँदा, ती समयसापेक्ष नरहनुका साथै कुनैकुनै त विरोधाभाषी पनि भए । फलस्वरूप, दलका विविध संरचनाबाट आएका विविध प्रकारका नीतिगत प्रस्तावनाहरूलाई बुनेर निर्वाचन घोषणापत्रको आधार बन्ने एक सामञ्जस्यपूर्ण र एकरूपतापूर्ण कथन तयार पार्न राजनीतिक दलका नेताहरूलाई कठिन भयो ।

प्रस्तावना प्रक्रियालाई छोड्नु स्थानीय, प्रस्तावनामा आधारित प्रक्रियाभन्दा केही कम सहभागितात्मक लागेपनि, दलका नीति संयोजन संयन्त्रले तयार पारेका परामर्श पत्रहरू वितरण गर्दा यसले बढी संरचित तरिका उपलब्ध गराउँछ । राजनीतिक दलहरूले आफ्ना राजनीतिक सिद्धान्त, पृष्ठभूमि अनुसन्धान र अन्य कुराहरूमा गरिएका विचारका आधारमा पहिलै हटाइएका विकल्पहरूमा बृहत् छलफलको सम्भावनालाई सीमित गर्दछन्। यसबाहेक, सहभागीहरूलाई के गर्न आग्रह गरिएको हो भन्ने स्पष्ट पारिएकाले सहभागीहरूको अपेक्षा व्यवस्थापन गर्न पनि दलका नेताहरू बढी सक्षम हुनेगर्दछन्। नीति प्रस्तावनाको परम्परा र दलका शाखाहरूले महत्वपूर्ण रायसुझाव दिनसक्छन् भन्ने मान्यताले नीति निर्माण प्रक्रियामा मूल्यवान रायसुझाव आउनसक्ने हुनाले, केही दलले नीति प्रस्तावनालाई नीति संयोजन संयन्त्रले तयार पारेका प्रस्तावका परिपूरकका रूपमा छलफल र अनुमोदनका लागि पेश गर्ने गरेका छन् ।

परामर्श दस्तावेजहरू

परामर्श दस्तावेजमा सामान्यतया यी कुरा रेखांकित गरिएका हुन्छन् : मुद्दाबारे विगतका धारणा वा समाधानका प्रयास लगायत सम्बन्धित मुद्दाको परिवेशात्मक पृष्ठभूमि ; उक्त मुद्दालाई कतिसम्मको प्राथमिकतामा राखिनुपर्ने हो ; नीतिका विकल्पमहरू ; मुद्दा सम्बोधनका लागि कस्ता स्रोतहरूको लगानी आवश्यक छ ; उक्त मुद्दालाई कुन सरकारी निकायले हेर्नुपर्ने वा कार्यान्वयन गर्नुपर्ने हो ; र प्रगतिको मापन कसरी गरिनेछ । अन्त्यमा, सरोकारवालाका लागि केही खुला प्रश्नहरू राखिएका हुन्छन् । यसले परामर्शलाई केही संरचना दिन र केन्द्रित बनाउन मद्दत गर्नुका साथै साझा विषयहरू पहिचान गर्न सहज बनाउँछ । यी परामर्शका दस्तावेजहरूलाई इमेल र परम्परागत हुलाकमार्फत् वा बैठकहरूका समयमा सरोकारवालालाई उपलब्ध गराउन सकिन्छ । यिनलाई मानिसहरूले डाउनलोड गर्नमिल्ने वा अनलाइन प्रतिक्रिया दिन मिल्नेगरी दलको वेबसाइटमा पनि राख्न सकिन्छन् । दलले आम सर्वसाधारणलाई कत्तिको सङ्लग्न गराउन चाहन्छन् भन्ने आधारमा यी दस्तावेजलाई दलले आफ्नो वेवसाइटको सदस्यका लागिमात्र भन्ने खण्डमा वा सबैले पहुँच गर्नसक्ने खण्डमा राख्न सक्छन् । नीतिसम्बन्धी परामर्शबारे सूचनालाई दलका समाचारपत्र, म्यागेजिन, इमेल लिस्ट,

वेबसाइट, ब्लग, र अन्य सूचनापाटीमा राख्न सकिन्छन् । दलको संरचनाका आधारमा, परामर्श दस्तावेजहरूमा छलफलका लागि सदस्य-मात्र वा सर्वसाधारणका लागि पनि बैठकहरू आयोजना गर्न सकिन्छन् । प्रायःजसो, परामर्श पत्रहरू पार्यप्त मात्रामा वितरण भएको सुनिश्चित गर्ने जिम्मेवारी तदर्थ नीतिगत समूह वा स्थायी नीतिसम्बन्धी समितिहरूको हुनेगर्दछ । नीतिबारे अन्तिम भनाई दलको अधिवेशनको हुने राजनीतिक दलहरूमा, मत जाहेर गर्ने अधिकार भएकाहरूलाई नीतिगत दस्तावेजका मस्यौदा उक्त बैठकभन्दा अगावै वितरण गरिन्छन् ।[५६]

परामर्शका तरिकाहरू

जोसँग परामर्श गरिएको भए पनि वा मस्यौदा तर्जुमा प्रक्रियाको जुनसुकै चरणमा भए पनि, सबैभन्दा प्रचलित परामर्शका तरिकामा अनौपचारिक सर्वेक्षण, नीतिगत प्लेटफर्महरू र प्राविधिक मञ्चहरू पर्छन् । नीति प्रक्रियाका विविध पक्षमा सहयोगका लागि राजनीतिक दलहरूले व्यावसायिक रूपमा सञ्चालित गुणात्मक एवं संख्यात्मक अनुसन्धानको पनि प्रयोग गर्दछन्। आम धारणा र जनमतबारे दलहरूले अनुसन्धान गर्न नसकेपनि, वा आफै अनुसन्धान गर्नमा प्रतिबन्ध लागेको अवस्थामा पनि, नागरिकका प्राथमिकताहरूबारे बुझ्न उनीहरूलाई सार्वजनिक रूपमा उपलब्ध अनुसन्धानहरूले सहयोग गर्न सक्छन् । टेक्स्ट बक्स ६मा राजनीतिक दललाई नागरिकका प्राथमिकता पहिचान र नीतिगत मुद्दाहरूमा आफ्ना सन्देश प्रवाह गर्न मतदान र केन्द्रित समूह छलफलले कसरी सहयोग गरेको छ भन्नेबारे जानकारी दिन्छ । परामर्शका प्रत्येक तरिकाको फाइदा र सिमितता हुने हुँदा, दलहरूले प्रायः एकभन्दा बढी तरिका प्रयोग गर्दछन् र आएका नतिजाहरूलाई छानेर आफ्नो अन्तिम प्रस्तावहरूमा के के समेट्ने भन्ने निर्धारण गर्दछन्। यी प्रत्येक तरिकाका फाइदा र बेफाइदन परिशिष्ट २ मा सारांश गरिएका छन् ।

अनौपचारिक सर्वेक्षण

राजनीतिक दलहरूले आफ्ना सदस्य र/वा समर्थकका नीतिसम्बन्धी चाहना पहिचानका लागि विभिन्न चरणमा अनौपचारिक सर्वेक्षणको प्रयोग गर्ने गरेका छन् । जस्तै, २०१२को राष्ट्रपति चुनावमा, अमेरिकाको डेमोक्रेटिक पार्टीले

टेक्स्ट बक्स ६: जनमत अनुसन्धान र दलसम्बन्धी नीति निर्माण

जनमत अनुसन्धानले दलहरूलाई देहायका कुरामा सहयोग पुऱ्याउँछन् :		
आम सरकोकारबारे बुझ्न	**नीति विकास तथा मूल्याङ्कन**	**दलका नीतिबारे सञ्चार**
● दलका मतदाता र बृहत् जनमानसका इच्छा, आकांक्षा र आम मूल्यमान्यताबारे वस्तुगत जानकारी प्राप्त गर्न ● सर्वसाधारणका लागि कुन आवश्यकता वा नीतिगत मुद्दा सबैभन्दा महत्वपूर्ण छन् भन्ने पहिचान गर्न ● महिला, युवा, अपाङ्गता भएका व्यक्तिहरू र तेस्रोलिङ्गी समुदायजस्ता विशेष सरोकारका समूहहरूको चासोबारे बुझ्न	● प्रेस तथा मिडियामा दलका प्रतिनिधि देखिनु लगायतका पहुँच बढाउने प्रयासहरूका सफलता मापन गर्न ● अन्य दलका तुलनामा सबलता तथा कमजोरीहरू लगायतका दलका नीतिगत धारणा र विश्वसनियताबारे सर्वसाधारणको दृष्टिकोणको लेखाजोखा गर्न ● आम नागरिकले चाहने नीतिगत समाधानका प्रकारहरूबारे बुझ्न	● दलको क्रियाकलापका प्रभावकारीता र दलको पहिचानबारे आम नागरिकका बुझाईबारे आफ्नो बुझाई बढाउने ● पहुँच विस्तारका प्रयासमा सुधारका लागि मतदाताहरूको विवरण संग्रहित गर्ने र क्षेत्रगत्र विशेषताहरू मूल्याङ्कन गर्ने ● दलको नीति तथा सन्देशलाई परिवेश अनुसार प्रभावकारी बनाउनका लागि महत्वपूर्ण अस्थिर मतदाता समूहका आवश्यकता र विशेषताहरू मूल्याङ्कन गर्ने

आफ्ना समर्थकहरूलाई हुलाकबाट एक सर्वेक्षण वितरण गरेको थियो । उक्त प्रश्नावलीमा विपक्षी रिपब्लिकन पार्टीका सम्भावित १३ नीतिगत प्राथमिकताहरू सूचीबद्ध गरिएका थिए, जसमध्ये कुनचाहीँ समर्थकहरूका लागि सबैभन्दा बढी सरोकारको छ भन्ने सोधिएको थियो । अर्को प्रश्नमा समर्थकहरूलाई बेरोजगारी घटाउने, विश्वमा अमेरिकाको छवि, आप्रवासनसम्बन्धी सुधार र शिक्षामा सुधार जस्ता १७ राष्ट्रिय नीतिगत लक्ष्यहरूलाई प्राथमिकताका आधारमा क्रमबद्ध रूपमा राख्न भनिएको थियो । यसबाहेक, उत्तरदाताले सर्वेक्षणको अन्त्यमा आफ्ना केही थप टिप्पणी भए त्यो पनि राख्न पाउँथे । त्यस्तै, फ्रान्समा २००७को निर्वाचनअघिको नीति विकास प्रक्रियाको अंशका रूपमा, युएमपीले आफ्ना सदस्यहरूलाई आफ्नो म्यागजिनको एक विशेष अंक वितरित गर्दै, प्राथमिकताका आधारमा नीतिगत क्षेत्रहरूका सूचीलाई क्रमबद्ध गर्न आग्रह गरेको थियो । मत जाहेर गर्ने प्रक्रियालाई सहज तुल्याउनका लागि, दलका सदस्यहरूले अनलाईनबाट वा शाखा कार्यालयमा आएर मतदान गर्न पाउँथे ।

नीतिगत मञ्चहरू

राजनीतिक दलहरूले आफ्ना नीति प्रस्तावमा दलका सदस्य र सरोकारवालाका पृष्ठपोषण माग्नका लागि विभिन्न प्रकारका प्रत्यक्ष बैठकहरूको प्रयोग गर्दै आएका छन् । यसभित्र तुलनात्मक रूपले औपचारिक प्यानल प्रस्तुतिसहितका ठुलो सार्वजनिक कार्यक्रम, प्रश्नोत्तर सत्र, साना कार्यगत समूह विभाजन, अभियन्ताहरूसँग सानो समूहसँग छलफल, विविध क्षेत्रका प्रतिनिधिहरूसँग गोलमेच बैठक वा सामुदायिक बैठकहरू पनि पर्छन् । जस्तै, फ्रान्सको युएमपीले २०१२को घोषणापत्र विकास प्रक्रियाको अंशका रूपमा दर्जनौं नीतिगत छलफलहरू आयोजना गरेको थियो । धेरै महिनासम्म चलेको यी कार्यक्रममा कुल १३,००० सहभागी र करिब ४,००० वक्ता सङ्लग्न थिए । यी कार्यक्रम आयोजनामा विभिन्न क्लब र दलप्रति सहानुभूति राख्ने थिंक ट्यांकहरूको प्रतिनिधित्व रहेको परिषद्ले सहयोग गरेको थियो ।

बोस्निया-हर्जगोभिनामासन् २०१०को निर्वाचनका लागि नीति प्रस्ताव विकासगर्ने प्रक्रियामा त्यहाँको सोसियल डेमोक्रेटिक पार्टीले देशभरमा ७० ओटाभन्दा बढी सार्वजनिक छलफल कार्यक्रमहरू आयोजना गरेको थियो । ती कार्यक्रममा १०,००० भन्दा बढी नागरिकले सहभागिता जनाएका थिए र कतैकतै भने सार्वजनिक पृष्ठपोषणका आधारमा दलले आफ्ना प्रस्तावहरूलाई परिमार्जित पनि गरेको थियो । शिक्षक सङ्गठनहरूले उच्च-माध्यमिकसम्मको शिक्षालाई अनिवार्य बनाउनुपर्ने प्रस्ताव चाहेपनि, मञ्चहरूको पृष्ठपोषणले सरकारको बजेटमा पर्नसक्ने प्रभावका बारे चिन्ता व्यक्त गरे । थप पुनरावलोकनपछि, बजेटमा पर्ने प्रभावका कारण नीतिगत प्रस्तावमा संशोधनलाई शिक्षक सङ्गठनले स्वीकारे । त्यसैगरी, स्वास्थ्यसम्बन्धी नीतिबारे सार्वजनिक परामर्शले विद्यमान स्वास्थ्य बिमा निर्देशिकाका कारण विदेशमा उत्पादित औषधीका तुलनामा घरेलु औषधी कम्पनीहरूले प्रतिस्पर्धा गर्न कठिन रहेको कुरा पहिचान गर्न दललाई मद्दत पुगेको थियो । परिणामस्वरूप, दलले आफ्नो नीति प्रस्तावलाई संशोधन गरेर घरेलु कम्पनीहरूबाट उत्पादित औषधीलाई स्वास्थ्य बिमा अन्तरर्गत समेटिने औषधीको सूचीमा समावेश गर्न सहज हुने उपायहरू समावेश गरेका थिए।

नीतिसम्बन्धी सम्मेलनहरू

केही दलले आवधिक रूपमा नीतिसम्बन्धी सम्मेलनहरूको आयोजना गर्ने गर्दछन्, जहाँ दलका स्थानीय अभियन्ता वा प्रतिनिधिहरूले आफ्नै प्रस्तावनाका मस्यौदा राख्न वा दलका नेताहरूले वितरित गरेका परामर्श दस्तावेजमा छलफल गर्नसक्छन् । यी कार्यक्रमहरू माथि भनिएका सार्वजनिक बैठक र गोलमेचहरूभन्दा बढी औपचारिक र संरचित हुने गर्दछन्। यिनमा कार्यगत समूह र पूर्णसत्रमा विज्ञ प्यानलसहित दलका पदाधिकारी र अभियन्ताहरूमाझ छलफल समावेश हुनसक्छन् । कहिलेकाहीँ, दलले थप विचार गरेर औपचारिक नीतिका रूपमा अवलम्बन गर्नुपर्ने नीतिहरूबारे मतदान पनि यी सम्मेलनमा हुनेगर्दछन् । दलका अधिवेशन भन्दा फरक यी सम्मेलन पूर्णतः सुझावदायी हुनेगर्दछन् र राजनीतिक दलले यहाँका सुझावलाई दलको पारित नीतिका रूपमा स्वीकार गर्नुपर्ने कुनै बाध्यता हुँदैन ।

उदाहरणका लागि, माथि भनिएझैं दक्षिण अफ्रिकाको एएनसीमा, नीतिसम्बन्धी सम्मेलनहरूले नीति प्रस्तावको समीक्षा र छलफल गरेर दलका नीति औपचारिक रूपमा

अनुमोदन गर्नका लागि जिम्मेवार राष्ट्रिय अधिवेशनलाई सुझाव पेश गर्दछन्। सन् २०१२को मार्चमा, दलको राष्ट्रिय कार्यकारीले, सोहि वर्षको जुन महिनामा हुन गइरहेको राष्ट्रिय नीति सम्मेलनको तयारीका लागि आफ्नो दलका देशभरीका संरचनाहरूमा छलफलका दस्तावेजहरू वितरित गरेको थियो । छलफलका ती दस्तावेजमा नीतिगत विशेष क्षेत्रका साथै समग्र संस्थागत विषयहरू पनि सम्बोधन गरिएका थिए । जुन महिनामा हुन गइरहेको सम्मेलनका लागि दलको कार्यकारीले प्रादेशिक तहका बैठकहरूबाट सुझाव र प्रतिवेदनहरू सङ्कलन गरेर नीतिसम्बन्धी विभिन्न क्षेत्रमा छलफल तथा अध्ययन गर्ने जिम्मेवारी भएका १२ राष्ट्रिय कार्यकारी उप-समितिहरूलाई ती पेश गरेको थियो । दलका शाखा, राष्ट्रिय कार्यकारी, महिला, भूतपूर्व सैनिक तथा युवा समूह, सार्वजनिक पदमा निर्वाचित पदाधिकारी, एएनसी गठबन्धनका साझेदार र व्यावारिक समुदायका करिब ३,५०० जनाले चार दिनसम्म बैठक गरेर छलफलका दस्तावेजमाथि विचारविमर्श गरेका थिए । पहिलो दिनमा सम्मेलनको कार्यक्रम र नियमहरू अनुमोदन गरिसकेपछि, सहभागीहरूले दोस्रो दिनमा साना कार्यगत समूहमा ११ ओटा नीतिगत क्षेत्रमा केन्द्रित भएर काम गरेका थिए । तेस्रो र चौथो दिनमा, ती कार्यगत समूहले पूर्णसत्रमा अन्तिम छलफल, संशोधन र मत जाहेरीका लागि प्रस्तुति गरेका थिए ।[५७]

बीसीएनडीपीको नियम अनुसार, अधिवेशन आयोजना नहुने वर्षहरूमा, नीतिगत सुझाव सङ्कलनका लागि नीतिसम्बन्धी क्षेत्रीय सम्मेलनहरूको आयोजना गरिन्छन् । यी कार्यक्रमबाट प्राप्त प्रस्तावनामाथि विचारविमर्शका लागि अर्को प्रादेशिक सम्मेलनमा पेश गरिन्छन् र उक्त सम्मेलनले पारित नगरेसम्म ती बाध्यकारी हुँदैनन् । दलका संरचनाभरीका प्रतिनिधि तोक्ने काम दलको नियमले निर्धारित गर्ने प्रादेशिक सम्मेलनजस्तो नभई, यी नीतिसम्बन्धी सम्म्मेलनका स्वरूप र सहभागी तोक्ने अधिकार दलको कार्यकारीलाई हुन्छ ।

प्रविधि मञ्चहरू

नीति विकासमा नागरिकको सङ्लग्नता चाहने राजनीतिक दलहरूका लागि नवीनतम प्रविधिहरूले उल्लेखनीय रूपमा विकल्पहरू थपिदिएको छ । इन्टरनेटका सुरुमाका दिनहरूमा नागरिकलाई सूचित गर्न राजनीतिक दलहरूले आफ्ना वेबसाईटलाई सूचनापाटीका रूपमा र सञ्चारजगत्लाई आफ्ना मञ्च एवं क्रियाकलापका लागि प्रयोग गर्ने दिनहरू अब गए । संसारभरीका धेरै दलहरूमा सदस्यका लागि-मात्र उपलब्ध हुने दलको आन्तरिक वेबसाइट र पासवर्डद्वारा संरक्षित गरिएका क्षेत्र सामान्य भइसकेको छ । सूचना तथा सञ्चारका नयाँ प्रविधिको विष्फोटले नवीनतम, अन्तरक्रियात्मक इन्टरनेटमा आधारित मञ्च, डाटाबेस र फोन बैंकको विकास, भिडियो सन्देश प्रवाह र सामाजिक सञ्जाललाई सम्भव तुल्याएको छ ।[५८] दलका पहुँच विस्तारका संरचना तथा प्रक्रिया र आफ्नो सार्वजनिक छवि बढाउनमा परम्परागत रूपमा लाग्ने खर्च घटाउनमा सहयोग गरेर यसले साना दलका लागि विशेष लाभ ल्याएको छ । अहिले राजनीतिक दलहरूले आफ्ना सदस्य वा सर्वसाधारणबाट नीतिनिर्माणमा रायसुझाव माग्नका लागि र नीतिसम्बन्धी क्रियाकलापबारे सदस्यहरूलाई सूचित राख्नका लागि सामान्यतया नयाँ प्रविधिहरूको प्रयोग गर्दछन्।

अमेरिकामा, सन् २०१२ को राष्ट्रपति चुनावको तयारीमा डेमोक्रेटिक र रिपब्लिकन दुवै दलले आफ्ना समर्थकलाई नीति तर्जुमामा सहभागी हुनका लागि नयाँ अवसरको सृजना गरेका थिए । जबकि सन् २००८ को चुनावमा डेमोक्रेटिक पार्टीले देशभरी १,३०० भन्दा बढी बैठकहरू आयोजना गरेर आफ्ना समर्थकका रायसुझाव सङ्कलन गर्ने लक्ष्य लिएको थियो भने, २०१२ को चुनावका लागि उक्त दलले आफ्नो मञ्च समितिमा रायसुझाव बुझाउनका लागि एक वेबसाइट बनाएको थियो र केवल एउटा राष्ट्रिय सुनुवाई आयोजना गरेको थियो ।[५९] सन् २००८ र २०१२ दुवैमा, रिपब्लिकन पार्टीले अनलाईन मञ्चहरू बनाएको थियो, जहाँ दर्ता भएका प्रयोगकर्ताले अनलाईन भिडियो, टेक्स्टमार्फत् र विषयगत मतदान र अनलाईन मञ्चहरूमार्फत् नीतिसम्बन्धी विषयहरू प्रस्ताव गर्नसक्थे । २०१२ मा उक्त दलले माथि उल्लेखित नीतिगत औजारहरूलाई सम्मेलन र सामाजिक सञ्जालबाट दलका सदस्यहरूबाट प्राप्त रायसुझावलाई एक वेबसाइटमा राख्दै आफ्नो "पर्खालरहित सम्मेलन" लाई प्रवर्द्धन गरेको थियो । यी वेबसाइटमा राखिएका कुराहरूलाई पछि दलको प्रत्येक सम्मेलनका समितिहरूमा छलफल गरिन्थे, जसलेअन्ततः घोषणापत्र विकासमा योगदान गरेको थियो ।[६०]

बेलायतमा कन्जरभेटिभ पार्टीले सन् २००७ मा दलको नीतिगत प्रस्तावमा बेलायत भरीका मतदाताबाट सुझाव सङ्कलन गर्नकालागि "स्ट्याण्ड अप, स्पिक अप"अर्थात्' उठौँ बोलौँ'भन्ने कार्यक्रम सुरुमा गऱ्यो। यसका लागि समर्पित गरी बनाइएको वेबसाइटमा कुनैपनि दर्ता भएका मतदाताले कन्जरभेटिभ नीतिसम्बन्धी विचारहरू पढ्न, तिनमा मतदान गर्न र ती विषयमा बहस गर्न पाउँथे । उक्त दलको सो वेबसाइटमा भिडियो लगायतका अन्य सामग्रीले सन् २०१०को निर्वाचनअघि दलले बनाउँदै गरेको नीतिका लागि आफ्ना सदस्य र आम जनतासँग गरेका परामर्शका प्रयासहरूलाई प्रकाश पारिएको थियो । त्यसैगरी, क्यानाडाको लिबरल पार्टीले आफ्नो नीति तर्जुमाका क्रममा आफ् ना सदस्यहरूबाट पृष्ठपोषण लिनका लागि "एयाज अ फ् यामिली" अर्थात् 'एक परिवारको रूपमा' नामक एक विस्तृत अनलाईन समुदायको मञ्च बनाएको थियो ।[६१] परम्परमगत रूपमा, सम्मेलनका कार्यगत समूहमा विभाजित कार्यशालाले प्राथमिकता दिनुपर्ने नीतिगत प्रस्तावनाहरू निर्धारण गर्थे । यद्यपि, २०१२ को सम्मेलनअघि नीतिगत प्रस्तावना प्राथमिकीकरणमा केवल प्रतिनिधिहरूमात्र नभई, सबै सदस्य सहभागी हुन पाएका थिए । सबैभन्दा बढी अनलाईन भोट प्राप्त गरेका प्रस्तावनालाई मतदानका लागि सम्मेलनको पूर्णसत्रमा पठाइएको थियो । कन्जरभेटिव र लिबरल पार्टीका नीति प्रक्रियाकारे थप जानकारी यस प्रकाशनको भाग २मा घटना अध्ययनमा छ ।

जर्मनीको पाइरेट पार्टीले "पाइरेट प्याड" नामक एक अनलाईन मञ्च बनाएका छन्, जसमा संयुक्त रूपमा सम्पादन गर्नमिल्ने विकल्प, च्याट रूप र दलका सदस्यहरूले सहकार्यात्मक रूपमा काम गर्न मिल्ने र दलका नीति र मञ्चबारे मतदान गर्न सकिने 'लिक्विड फिडब्याक' नामक एक औजार समावेश छन् । यस औजारको प्रयोगमार्फत् दलका कुनैपनि सदस्यले कुनैपनि नीतिको प्रस्ताव गर्नसक्छन् । कम्तीमा १० प्रतिशत सदस्यहरूको समर्थन प्राप्त प्रस्तावमाथि थप विचारविमर्श गर्न सकिन्छ । वैकल्पिक रूपमा, त्यहि सार्वजनिक नीतिको आवश्यकतामा अर्को कुनै सदस्यले त्यसभन्दा राम्रो समाधान प्रस्ताव गर्न पनि पाउँछन् । अन्त्यमा, श्रेणीबद्ध ग्राह्यता प्रणालीको प्रयोग गर्दै सदस्यहरूले नीतिहरूमा मतदान गर्दछन् वा अन्य सदस्यलाई आफ्नो मतका लागि प्रतिनिधित्व गराउँछन् । सबैभन्दा बढी मत प्राप्त गरेको प्रस्तावलाई दलको सम्मेलनमा थप विचारविमर्श गरिन्छ ।[६२]

नीतिको अनुमोदन

दलका नीतिहरू अनुमोदन गर्ने सबैभन्दा प्रचलित तरिकामध्ये एक अधिवेशन हो । तिनले दल र दलका सदस्यहरूलाई नीतिसम्बन्धी म ञ्चबारे बहस तथा अनुमोदन गर्ने, आफ् ना नियम संशोधनहरू पारित गर्ने र आफ्नो नेताहरू चुन्ने र निर्वाचित पदका लागि उमेदवारहरू औपचारिक रूपमा छान्ने अवसर प्रदान गर्दछन्। यसबाहेक, विभिन्न तह र विविध प्रकारका संरचनाका पदाधिकारी र अभियन्तामाझ विचार एवं अनुभव आदानप्रदान गर्ने मञ्च पनि यिनले प्रदान गर्दछन्। अझै, औपचारिक एजेण्डाबाहेक पनि आयोजना हुने सानातिना कार्यक्रममा सञ्जालीकरण र तालिम कार्यक्रमहरू पनि समावेश भएका हुनसक्छन् । बहसहरू चर्किन सक्ने भए पनि, यस्ता सम्मेलनले राजनीतिक दललाई एकताबद्ध र उर्जाशील बनाउने र दलको सार्वजनिक छविमा सुधार ल्याउने उत्प्रेरक भाषणका मञ्च पनि प्रदान गर्दछन्। यद्यपि विगतका केही वर्षमा, राजनीतिक टिप्पणीकर्ता र राजनीतिक अभियन्ताहरूले यस्ता कार्यक्रमका फाइदाबारे बहस सुरुमा गरेका छन् । केही स्थापित लोकतान्त्रिक मुलुकहरूमा अधिवेशनहरू वा तिनका सार्वजनिक पाटोहरू पूर्वानुमानयोग्य र बढी नै रचिएको देखिने क्रम बढीरहेको छ ।

योसँगै, दलहरूले आफ्ना सदस्य र सर्वसाधारणलाई वर्षभरी नै सङ्लग्न गराउने विविध प्रकारका विकल्प उपलब्ध भएकाले, टाढाटाढाका प्रतिनिधिहरूलाई निश्चित अवधिमा भेटेर एकअर्कामा जानकारी आदानप्रदान गर्ने र दलका कामहरू अनुमोदन गर्ने अधिवेशनहरू पुराना भैसकेका लाग्नसक्छन् । प्रतिनिधिहरूको चयन कसरी हुन्छ र उनीहरूले आफ्नो भूमिकालाई कसरी व्याख्या गरेका छन् भन्नेमा उनीहरूले शाखाका सरोकारको इमान्दारितापूर्वक प्रतिनिधित्व गर्न असफल हुने, सामान्य सदस्य र मतदाताको सम्पर्कभन्दा बाहिर रहने वा दलका नेताहरूप्रति वफादार रहने चिन्ता निर्भर हुन्छ ।

तालिका २ : दलसम्बन्धी नीति अनुमोदनका विकल्पहरू

फाइदाहरू	बेफाइदाहरू	सुरक्षाका सम्भाव्य उपायहरू
दलको कार्यकारी		
• नेतृत्वले सबैभन्दा रणनीतिक मानेका नीतिमा उनीहरू केन्द्रित हुने सुनिश्चित गर्दछ। • सार्वजनिक नभएका सूचनाका आधारमा पनि दलका नेतृत्वले धारणाहरू छान्न वा अनुकूलन गर्न अधिकतम लचकता पाउँछन् । • आकस्मिक सवालहरूमा द्रुत प्रतिक्रिया सम्भव बनाउँछ ।	• कम समावेशी । • नेतृत्वबाट दुरूपयोग हुने सम्भावना । • नेताहरू र सदस्यमाझ सम्पर्क विहिनताको सम्भावना ।	• नेतृत्वले सदस्यहरूसँग परामर्श गर्ने र आफ्ना धारणाबारे बताउने संयन्त्र सुनिश्चित गर्ने । • नेतृत्वले अनुमोदन गर्नसक्ने नीति (जस्तै, घोषणापत्र) र अधिवेशन वा सदस्यको मत चाहिने नीति (जस्तै, मञ्च)बिच भिन्नता छुट्याउने ।
प्रतिनिधिहरूको अधिवेशन		
• सम्मेलनमा नेता र प्रतिनिधिबिच आपसी सङ्लग्नताका लागि स्थान सृजना गर्दछ। • दलका अन्य विषयसँग पनि मिसाउन सकिन्छ (जस्तै, नेतृत्व चयन, दलको नियमहरूको पुनरावलोकन) । • समावेशी । • अझै बृहत् सहभागितातर्फ प्रवेशको कदम हुनसक्ने । • दलको आन्तरिक विशेष सरोकार समूह (जस्तै, महिला, ट्रेड युनियन, युवा, तेस्रोलिङ्गी, आदी)बाट न्युनतम प्रतिनिधित्व सुनिश्चित गर्दछ।	• अधिवेशन आयोजनामा (दल र सहभागीका लागि) आवश्यप्रबन्ध र उच्च खर्च । • प्रतिनिधिहरूले सदस्यका विचार वास्तविक रूपमा प्रतिनिधित्व नगर्न सक्छन् । • प्रतिनिधिका संगठित उपसमूहले अधिवेशनको कार्यवाहीलाई असमानुपातिक रूपमा प्रभाव पार्नसक्छन् । • बहसका लागि सिमित समय । • तीव्रताका साथ विकसित भइरहेका मुद्दा र दलको धारणाबारे मिडियामा आएका अन्य कुराले सम्मेलनको एजेण्डालाई छायाँमा पारिदिन सक्ने ।	• नीति छलफलमा अधिवेशनलाई अन्य प्रकारका सहभागितासँग मिसाउने (जस्तै, अनलाईन मञ्च) • प्रतिनिधिहरूले सदस्यका दृष्टिकोणको प्रतिनिधित्व गर्ने सुनिश्चित गर्नका लागि छनोटसम्बन्धी कार्यविधीको समीक्षा • प्रतिनिधिहरूमाझ समान अवसर प्रदानका लागि सम्मेलनका नियम र कार्यविधीको समीक्षा (जस्तै, हात उठाउनुको साटो विद्युतीय मतदान, खर्च र/वा व्यक्तिगत खर्चमा गर्नुपर्ने यात्रा घटाउने तरिकाहरू)
पूर्ण सदस्यीय मतदान		
• निकै समावेशी । • नयाँ सदस्य नियुक्ती गर्ने, सदस्यका फाइल अद्यावधिक गर्ने र शुल्क नवीकरण गर्ने अवसर प्रदान गर्नसक्ने ।	• प्रबन्धका हिसाबले चुनौतीपूर्ण	• सुरक्षित मतदानका सम्भावित विषयलाई ध्यानमा राख्दै अनलाईन वा एसएमएस भोटिंगको सम्भाव्यता हेर्ने ।

प्रतिनिधि चयन पारदर्शी र सहभागितात्मक विधिबाट भएको भए तापनि, उपस्थित हुनका लागि लाग्ने खर्च निकै उच्च हुनसक्छ, जुन बेलायतमा करिबअमेरिकी डलर १,१२०[६३] र क्यानाडामा लगभग अमेरिकी डलर ९७०[६४] रहेको छ । कतैकतै दलका लागि नै आयोजना खर्च पनि उच्च हुनेगर्दछ। अमेरिका लगायत अन्य स्थानमा राजनीतिक दलहरूले सार्वजनिक अनुदान वा सम्मेलनमा बुथ राख्ने व्यवसाय र अन्य संस्थाबाट लिइएको शुल्कमार्फत् खर्चको केही अंश बेहोर्छन् । कतिपयका तर्क अनुसार, खर्चबाहेक पनि दलभित्र राम्ररी संगठित आन्तरिक समूहहरूले अधिवेशनका कामकार्यवाही माथि असमानुपातिक रूपमा प्रभाव पारेका हुन्छन् । जस्तै, युवाहरूले प्रतिनिधिहरूका लागि बिहान ब्युँझिनका लागि वेक-अप कल, आफ्ना भोटिंग कार्ड उठाउँदा त्यसले गतिशिलता ल्याओस् भनी आफ्ना प्रतिनिधिलाई कोठाको अघिल्लो भागमा बसाउने व्यवस्था मिलाउने र कार्यगत समूहका सत्रमा एक कक्षबाट अर्को कक्षमा झुण्डमा जाँदै ती सत्रहरूका परिणामलाई पनि प्रभाव पार्न प्रयास गर्ने जस्ता रणनीति अपनाएर आफ्ना समर्थनका नीतिगत प्रस्तावनाहरूको पक्षमा मत बढाउने प्रयास गर्दछन्। यी सबै चिन्ताका बाबजुद, सम्मेलनहरूमा हुने प्रत्यक्ष सम्वादको कुनै वास्तविक विकल्प नभएको केहीको तर्क रहेको छ । यसबाहेक, अनलाईन छलफल वा मञ्चहरूलाई निरन्तर मिडियामा ल्याउने प्रयास गरिरहनुका तुलनामा एक सम्मेलन जस्तो समाचारमा आउनसक्ने कार्यक्रम गरेर आम जनमानसलाई आकर्षित गर्न बढी सहज हुनसक्छ । अझै,विगतमा थप केन्द्रिकृत विधिमार्फत् नीति अवलम्बन गर्ने गरेका राजनीतिक दलका लागि, सम्मेलनहरूले दलको नीति प्रक्रियामा सहभागितालाई फराकिलो बनाउँदै लगिएको उल्लेख्य रूपमा झल्काउँछ ।

केही दलले सहभागितालाई थप बढाउनका लागि, सदस्यका प्रत्यक्ष मतबाट दलको नीति अनुमोदन गर्ने तरिका पनि अपनाएका छन् । उदाहरणका लागि, फ्रान्सको युएमपी पार्टीले सन् २०१२ को राष्ट्रपति चुनावका लागि आफ्नो घोषणापत्र अनुमोदनका लागि दुई चरणसहितको प्रक्रिया प्रयोग गरेको थियो । सर्वप्रथम, सदस्यहरूले दुई हप्ताको अवधिमा एक मस्यौदामा मतदान गरेका थिए, र दलको प्राथमिकीकरण मतदानमा जस्तै, सदस्यहरूले अनलाईनबाट वा दलको कार्यालयमा गएर मतदान गर्न पाउँथे । अन्तिम चरणमा, दलको परिषद्ले उक्त मस्यौदा अनुमोदनका लागि मतदान गरेको थियो । दलको नियममा उल्लेखित खण्डका अनुसार, केही दलले नीतिसम्बन्धी मञ्च र निर्वाचन घोषणापत्र अनुमोदनका लागि अपनाइने प्रक्रियालाई अलग पारेका हुन्छन् । तालिका २ ले दलका नीतिहरू देहायका तरिकाबाट औपचारिक अनुमोदन गर्दाका मुख्य फाइदा र बेफाइदाको साराशं प्रस्तुत गरेको छ : दलको कार्यकारीबाट, प्रतिनिधिमूलक अधिवेशन मार्फत् वा पूर्ण सदस्यीय मतदानबाट ।

आफ्ना नीति अनुमोदनका लागि प्रतिनिधिमूलक अधिवेशन वा प्रत्यक्ष सदस्यीय मतदानमध्ये जे प्रयोग गरिएको भए पनि, अनुमोदन प्रक्रियालाई संरचित बनाउनका लागि राजनीतिक दलहरूसँग धेरैओटा विकल्पहरू छन् । पहिलो चरणमा, सदस्य वा प्रतिनिधिहरूलाई केको समर्थन गर्ने र किन गर्ने भनिएको हो भन्नेबारे सजिलै बुझिने तरिकाले प्रस्तावहरू प्रस्तुत गरिएको हुनुपर्छ । ती प्रस्तावनाको समीक्षा गर्न र बाँकी रहेका कुनै सरोकार वा सम्भावित सुधार पहिचानका लागि उनीहरूलाई पर्याप्त समय दिइएको हुनुपर्छ । उदाहरणका लागि, धेरं ठाउँमा, राजनीतिक दलका नियमले सम्मेलनभन्दा अगाडि वितरण गर्नुपर्ने दस्तावेजका लागि निश्चित समयसीमा तोकेका हुन्छन् ।

दलका मतलाई नियममा संरचित गर्ने

नीतिसम्बन्धी प्रस्तावमाथि छलफल र अनुमोदनका लागि सम्मेलनहरूमा पूर्वनिर्धारित र सिमित समय हुने हुँदा, छलफलका लागि कुन मुद्दालाई अघि सार्ने भन्नेबारे प्राथमिकीकरण गर्नुपर्छ । केही दलले समर्थकरूको संख्याका आधारमा प्रस्तावहरूकलाई श्रेणीबद्ध गर्दै वा नीति विकास प्रक्रिया संयोजनका प्रमुख रहेका दलका पदाधिकारीको मूल्याङ्कन मार्फत् सदस्यता मतदानबाट यी प्राथमिकीकरण गर्ने गरेका छन् । बेल्जियमको फ्लेमिस् ग्रीन पार्टीमा परामर्शपत्र र विभिन्न सरोकारवालाको पृष्ठपोषणका आधारमा दलका पदाधिकारीहरूले मस्यौदा तयार पारेर वितरण गर्दछन्, जसलाई दलको अधिवेशनमा छलफल र अनुमोदन गरिन्छ । अधिवेशनमा पेश गर्ने मस्यौदालाई दलका स्थानीय संरचनामा वितरण गरेर कुनै संशोधन भए सो प्रस्ताव गर्ने अवसर दिइन्छ । यसरी शाखाबाट पेश भएका दस्तावेजलाई

चित्र ७: दलको सम्मेलनहरूमा हुने नीतिगत बहसहरूको संरचना



सन्दर्भस्रोत: द लिबेरल डेमोक्रेटिक पार्टी, हाऊ कन्फेरेन्स डिबेट्स् आर रन (लण्डन: द लिबेरल डेमोक्रेटिक पार्टी), http://www.libdems.org.uk/siteFiles/resources/PdF/conference/1_guide_-_debate.pdf.

ती मुख्यत: सम्पादन वा विद्यमान लेखाईमा अन्य सुधार गरिएका हुन् अथवा अधिवेशनमा बहस गरिनुपर्ने सारभूत विषय हुन् भन्ने आधारमा दलको सचिवालयले वर्गीकरण गर्दछन्। अधिवेशन भन्दा पहिले, संशोधन प्रस्ताव गरेका स्थानीय पदाधिकारी वा अभियन्तामाझ दलको सचिवालयले एक छलफलको आयोजना गर्दै, विभिन्न सुझावहरूको समीक्षा गरेर तिनलाई एकीकृत गर्न सकिनेसम्मको सहमति जुटाउने प्रयास गर्दछन्। यसो गर्दा, अधिवेशनले विचारविमर्श गर्नुपर्ने प्रस्तावनाको संख्या घटाउन सकिन्छ। अन्तिम मतको तयारीमा दलले नीति प्रस्तावहरूलाई समूहमा विभाजन गर्दै मतदान गर्नुपर्ने बारम्बारता घटाउँछन्। नर्वेजियन क्रिस्चियन डेमोक्रेटिक पार्टीमा, दलको सम्मेलनमा प्राप्त नीतिसम्बन्धी मतलाई प्राथमिकताका क्रममा समूहमा विभाजन गरिन्छन्। मतको क्रममा सबैभन्दा माथि दलको सिद्धान्तलाई छुने मुद्दा पर्छन्, जसपछि सबैभन्दा बढी प्राथमिकतामा परेका नीतिगत मुद्दा र त्यसपछि तीभन्दा कम प्राथमिकताका विषयलाई राखिन्छन् । सबैभन्दा महत्वपूर्ण सवालमा पर्याप्त समय दिइएको सुनिश्चित गर्नेगरी यस पद्धति बनाइएको हुन्छ।

अधिवेशनहरूमा कार्यगत समूह सत्रहरूले गर्दा नीति प्रस्तावमाथि बहसका लागि तोकिएको समय बढ्न जान्छ। यद्यपि, प्रतिनिधिहरूले भने कुन सत्रमा जाने भनेर छान्नुपर्ने हुनसक्छ। परामर्शको खण्डमा भनिएझैं, दलको सम्मेलनमा नीति प्रस्तावहरूलाई औपचारिक रूपमा अवलम्बन गर्नुअघिका छलफलमा सहभागिता बढाउन प्राविधिक मञ्चहरूको प्रयोग गर्ने गरिएका छन् । पूर्णसत्रमा, मतदानका लागि तयार भइसकेका नीति प्रस्तावहरूलाई तिनका समर्थकहरूले प्राय: प्रस्तुत गर्दछन् र अन्तिम मतदान गर्नुअघि, कुनै संशोधन गर्नुपर्ने भए त्यसबारे छलफल हुनेगर्दछ। चित्र ७ ले बेलायतको लिबरल डेमोक्रेटिक पार्टीको अधिवेशनमा नीतिसम्बन्धी निवेदनमाथि बहस आयोजना गर्नका लागि प्रयोग हुने चरणहरू देखाइएका छन् ।

राजनीतिक दलहरूले आफ्ना नीति अवलम्बन गरिसकेपछि, उनीहरूका प्रस्तावलाई विभिन्न प्रकारका पहुँच विस्तारका क्रियाकलाप र सामग्रीहरूमा समायोजन गर्ने काम हुन्छ। तालिका ३ मा राजनीतिक दलहरूले आफ्ना नीति प्रस्तावका लागि सञ्चार रणनीति विकास गर्दा ध्यान दिनुपर्ने केहि कुराहरू रेखांकित गरिएका छन् ।

नीति कार्यान्वयन र प्रतिवेदन

सबै सरकारभित्र एक प्राकृतिक चक्र हुन्छ । उनीहरू निर्वाचनको सफलता र सद्भावको उछालका साथ, विचारले भरिपूर्ण र तिनलाई यथार्थमा बदल्न आतुर, र प्रायः कमै प्रभावकारी विपक्षीसहित सत्तामा आएका हुन्छन् । छिटै, सरकारको असली संसार देखापर्न थाल्छ । नीति कार्यान्वयन गर्न अपेक्षा गरिएको भन्दा बढी कठिन हुन्छ, सम्झौताहरू गरिनुपर्छ, गलत निष्कर्ष र लाञ्छनाहरूले सरकारको छवि धमिल्याइदिन्छ, र विपक्षी बढीभन्दा बढी आवाज उठाउन र प्रभावकारी हुनथाल्छन् ।[६५]

राजनीतिक दलका नीतिहरू अगाडि बढाउनका लागि उपलब्ध विकल्पहरू राजनीतिक प्रणालीमा भएका भिन्नतामा आधारित हुन्छन् । चित्र ८ मा, राजनीतिक दलका परिवेशको आधारमा, उनीहरूका नीति कार्यान्वयन र तीप्रति समर्थन परिचालन गर्न दलहरूसँग हुनसक्ने केही विकल्प प्रस्तुत गरिएका छन् । बेल्जियम, नेदरल्याण्डस्, नर्वे र स्वीडेनसँग गठबन्धन सरकारको लामो इतिहास छ ।

दलहरूले सरकार बनाउनका लागि बारम्बार नीतिसम्बन्धी सम्झौताहरू गर्नुपर्ने अवस्था आउँछन् । यसले गर्दा तुलनात्मक रूपमा सानो तर व्यवस्थित राजनीतिक दलहरूले राष्ट्रिय नीतिका एजेण्डालाई प्रभाव पार्ने अवसर बढाइदिन्छ । व्यवस्थापिका र कार्यपालिका बिचको शक्ति सन्तुलनमा नै सरकारको कुन अंगले भिटो, जनमत संग्रह, कानुन निर्माण वा निगरानीको काममार्फत् नीतिगत एजेण्डामा कत्तिको प्रभाव जमाउन सक्छन् भन्ने निर्भर हुन्छ । उदाहरणका लागि, राष्ट्रपति प्रणालीमा भन्दा संसदीय प्रणालीमा कानुन निर्माणका लागि संसदीय समूह र कानुननिर्माताहरू बढी सक्षम हुन्छन् । यसबाहेक, व्यवस्थापिकामा प्रायः सरकारको बहुसंख्या हुनेहुँदा आफ्नो दलको वा आफ्नो गठबन्धनका दलहरूको नीति कार्यान्वयनमा सहजीकरण हुनेगर्दछ र प्रधानमन्त्रीले आफ्ना संसदीय समूहलाई प्रत्यक्ष प्रभाव पार्न सक्छन् ।

तालिका ३ : नीतिगत प्रस्तावहरूको प्रचारप्रसार

यस मुद्दाबारे वर्तमान आम धारणा के छ ? यस मुद्दाका मुख्य राजनीतिक पात्रहरूबारे वर्तमान आम धारणा के छ ?
यस नीतिले सबैभन्दा बढी कसलाई असर गर्नसक्छ ? उनीहरूले कतिसम्मको परिवर्तन अंगीकार गनुपर्ने हुन्छ ? उनीहरूको पहिलो प्रतिक्रिया के हुनसक्छ ? यस नीतिलाई समर्थन गर्नका लागि उनीहरूलाई कुन/कस्ता सूचना वा अन्तरक्रिया आवश्यक पर्छ ?
यस नीतिलाई कसले समर्थन गर्ने सम्भावना छ ? किन ? उनीहरूको समर्थन बलियो होला कि कमजोर ? यस समर्थनलाई कसरी अधिकतम बनाउन सकिएला ?
ड्डयस नीतिको विरोध कसले गर्नसक्छन् ? ड्डउनीहरूको विरोध बलियो होला कि कमजोर ? ड्डयस नीतिविरुद्ध उनीहरूले दिने तर्क के हुन सक्छन् ? ड्डयी तर्कहरूलाई कसरी निष्प्रभावित पार्न सकिन्छ ?
सन्दर्भ स्रोतः 'मोड्युल ५: इश्यु आइडेन्टिफिकेशन एण्ड पोलिसी डिभेलप्मेन्ट', इन क्याम्पेन स्कील्स् ह्याण्डबुक, सं. श्यानन ओ कोनेल, समान्था स्मुट, एण्ड स्याली अबी खाली (वाशिंटन, डीसीः नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट, २०१३), १६३

राष्ट्रपति प्रणालीमा, कार्यपालिका शाखाका प्रमुखलाई कानुननिर्माणको पहल गर्ने अधिकार हुन्छ र बनेको कानुनमा भिटो पनि लगाउन सक्छन् । कहिलेकाहीँ गवर्नर र मेयरका पनि यस्तै अधिकार हुन्छन् । समान विचारका बहुसंख्यक व्यवस्थापिका हुँदाहुँदै पनि, आफ्नो दलले प्रशासनिक नीतिहरूको सधैं समर्थन गर्नेछ भन्ने सुनिश्चित गर्न प्रधानमन्त्री भन्दा राष्ट्रपतिलाई बढी कठिन हुनसक्छ । विभाजित सरकारमा भने, व्यवस्थापिकामा अर्को दलको नियन्त्रण रहेको भएमा, बहुसंख्यक विधायकहरूको सहयोग माग्ने वा कानुननिर्माणमा गतिरोधको सामना गर्ने भन्ने विकल्प राष्ट्रपतिले सामना गर्दछन्। उदाहरणका लागि, मेक्सिकोका राष्ट्रपति फक्स्को दल संसदमा बहुसंख्यामा नभएका कारण उनले ठुलो वित्तीय सुधार पारित गराउन सकेनन् । त्यसविपरित, उनीपछिका राष्ट्रपति कल्डेरोन्ले आफ्नो दल संसदमा बहुसंख्यामा नहुँदा पनि, २००७ मा करसम्बन्धी सुधार पारित गराउन सफल भए । एक अध्ययनका अनुसार, फक्स्को विपक्षीले उनलाई कानुन निर्माणमा विजय प्राप्त गरेर उनको समर्थन बढ्न दिन नचाहेका कारण उनको सुधार असफल भएको थियो । यद्यपि, कल्डेरोन्का प्रयास सफल हुनु पछाडिको कारण, विपक्षीलाई पनि लाभ पुग्ने निर्वाचनसम्बन्धी सुधारहरू उनको प्रस्तावमा समावेश गरिएको थियो ।[६६]

राजनीतिक दलहरू विपक्ष वा सरकार, कार्यपालिका वा व्यवस्थापिका जहाँ भए पनि, स्पष्ट नीतिगत प्राथमिकता निर्धारण गरेका दलहरूले नीतिसम्बन्धी एजेण्डालाई प्रभाव पार्नसक्ने र आफ्नो स्थिर छविका बारेमा मतदाताहरूलाई एकरूपको सन्देश प्रवाह गर्नसक्ने सम्भावना बढी हुन्छ । बीसीएनडीपी विपक्षमा भएको समयमा नेताहरूले संसदीय समूहसँगको परामर्शमा दलको चुनावी संसारसँग मेल खाने मुद्दाहरू अगाडि बढाउनका लागि एक रणनीतिक योजना बनाउँछन् । यस्ता प्राथमिकताहरू तय गर्दैगर्दा ककस्का केही सदस्यलाई आफ्नो कामको अवमूल्यन भएको महसुस हुनसक्छ ।

यद्यपि, केन्द्रित नीति विकास र पहुँच विस्तारबाट प्राप्त हुने लाभ भनेका, यसले जनमानसलाई दलले ती मुद्दाहरू बुझेका छन् र शासकीय सत्ता सम्हाल्नका लागि तयार छन् भन्ने संकेत दिन्छ । सरकारमा रहँदा, सरकारप्रमुख बनेका दलका नेताले मन्त्रीमण्डल र मन्त्रीमण्डल समितिको प्रणाली बनाएर दलले अभियान चलाएका प्राथमिकताहरू प्रतिबिम्बित गर्दछन्। संक्रमणकालीन प्रक्रिया अन्तर्गत पहिलो ९० वा १८० दिनका लागि, राम्ररी सोचविचार गरिएको तथा प्रभावकारी योजना तयार पार्न निर्वाचन मञ्चका आधारमा कानुननिर्माणको एक एजेण्डा पारिन्छ ।

चित्र ८: दलसम्बन्धी नीतिको कार्यान्वयन

दलसम्बन्धी नीतिको प्रवर्द्धन

कार्यपालिका
- शासकीय आदेशहरू
- विभागीय निर्देशिकाहरू
- विद्यमान कानुन कार्यान्वयनका लागि प्राथमिकताहरू
- जनमत संग्रह

व्यवस्थापिका
- कानुन निर्माण
- समितिमार्फत् काम
- अनुसन्धानात्मक कार्य
- कार्यपालिकालाई प्रश्न

सार्वजनिक क्षेत्र
- मिडियामार्फत् पहुँच विस्तार
- जनमत संग्रह
- सार्वजनिक मञ्चहरू
- सामाजिक रूपमा देखापर्नु
- सार्वजनिक महत्वका उजुरी

कार्यकारी अङ्ग

कानुन निर्माणको आवश्यकता बिना र कानुन निर्माणको प्रक्रियामा कहिलेकाहीँ गर्नुपर्ने सम्झौताबिना नै सार्वजनिक पदाधिकारीहरूले आफ्ना दलका नीति कार्यान्वयन गर्नका लागि धेरैओटा औजार हुन्छन् । राष्ट्रपति, प्रधानमन्त्री, गभर्नर र मेयरहरूले कानुनको सीमाभित्र रहेर उनीहरूको का मगर्ने तरिका परिवर्तन गर्नका लागि मन्त्री एवं सरकारका अन्य निकायलाई निर्देशन दिन सक्छन् । धेरैजसो देशमा एकातिर विद्यमान कानुनको प्रचुरता र अर्कातिर स्रोतको सिमितताका कारण, कानुन कार्यान्वयनका निकायहरूले कस्ता कसूरलाई आक्रामक रूपमा अभियोजन गर्ने र कस्तामा अलि शिथिलता अपनाउने भन्ने प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । विद्यमान कानुनी ढाँचाभित्रबाट नै केही निश्चित नीतिहरू कार्यान्वयन गर्न राष्ट्रपति, प्रधानमन्त्री, गर्भनर र मेयरहरूसँग प्रायजसो धेरै औजारहरू हुन्छन् । उदाहरणका लागि, अमेरिकी राष्ट्रपति लाइडन जोन्सनले विभेद घटाउन र रोजगारीका लागि समान अवसर प्रवर्द्धन गर्नका लागि शृंखलाबद्ध रूपमा कार्यकारी आदेशहरू जारी गरेका थिए । अभियोजनमा स्वविवेकको प्रयोग र सिमित आर्थिक स्रोत दुवै भएका कारण, कानुन कार्यान्वयन गराउने निकायहरूले नियमित रूपमा केही अपराधलाई अन्यको तुलनामा बढी अभियोजन गर्ने गर्दछन्। तसर्थ, लोकतान्त्रिक प्रणालीमा पनि केही प्रकारका नीति र प्राथमिकतालाई केवल एक हस्ताक्षरका आधारमा वा सार्वजनिक ओहदामा निहित स्व-निर्णयको अधिकारको प्रयोगनमार्फत् परिवर्तन गर्न सकिन्छ ।

राष्ट्रपति प्रणाली भएका केही देशमा भने पदमा भएका व्यक्ति र उनीहरूका दलले विगतका गरेका दुरूपयोग दोहोरिनबाट रोक्नका लागि, कार्यकारी शाखाका पदाधिकारी र उनीहरूका दलबिचको प्रत्यक्ष सम्त्रन्ध निरुत्साहन वा प्रतिबन्धित गरिएका छन् । अन्य केही देशमा भने दलहरूले सार्वजनिक नीतिका उपलब्धीहरूमा आधारित अभियान चलाउन पाउँदैनन्, किनकी ती सफलताका लागि राज्यको स्रोतबाट पारिश्रमिक दिइएको थियो । यद्यपि, राष्ट्रपतिहरूले उनको दलभित्र ओगटेको शक्ति र उनको पदका कारण प्राप्त शक्तिका कारण, उनीहरूले कानुननिर्माणका आफ्ना एजेण्डामा समर्थन बटुल्नका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।फिलिपिन्समा राष्ट्रपति बेनिग्नो अक्विनोले २०१२ मा प्रजनन् स्वास्थ्यसम्बन्भी कानुन पारित गर्नका लागि व्यवस्थापिकाको समर्थन परिचालनका लागि महत्वपूर्ण तर पर्दापछाडिको भूमिका खेलेका थिए ।[६७] यसबारे थप जानकारी यस प्रकाशनको भाग २ को फिलिपिन्सको लिबरल पार्टीबारे घटना अध्ययनमा उपलब्ध छ ।

अमेरिकामा राष्ट्रपतिहरू दलको नाममा उठेपनि, पद-धारण गरिसकेपछि भने व्यक्तिगत मत प्राप्त गर्नका लागि उत्प्रेरणा र अनुनयको सम्मिश्रणको प्रयोग गर्दछन् वा आफ्ना व्यवस्थापकीय एजेण्डाका पक्षमा सार्वजनिक राय परिचालनका लागि सार्वजनिक मञ्चहरूको प्रयोग गर्ने प्रयास गर्दछन्। ती एजेण्डामा उनीहरूका दलका प्राथमिकताका साथै सम्बन्धित राष्ट्रपतिको आफ्नै छाप छोड्नका लागि तथार पारिएका सवालहरू समावेश हुनसक्छन् । कतैकतै त राष्ट्रपतिहरूले विपक्षीले वकालत गरेका नीतिहरू अवलम्बन गरेका छन् । उदाहरणका लागि, डेमोक्रेट बिल क्लिन्टनले १९९६मा करछुट, कल्याणकारी नीतिमा सुधार र सन्तुलित बजेटजस्ता परम्परागत रूपमा रिपब्लिकनहरूले वकालत गर्नेगरेका धारणाका पक्षमा तर्क राख्दै पुनर्निर्वाचनमा उठेका थिए । त्यसैगरी, रिपब्लिकन रोनाल्ड रेगनले धारणाहरूलाई बेवास्ता गर्दै र संसदमा भएका आफ्नो दलका सदस्यहरूलाई वार्तामा समावेश नगर्दै डेमोक्रेटहरूसँग बजेट सम्झौता गरेका थिए । अमेरिकामा नीति विकासबारे थप जानकारीका लागि यस प्रकाशनको भाग २ को घटना अध्ययन हेर्नुहोला ।

संसदीय समूहहरू

केही नीति प्रस्तावमा व्यवस्थापकीय हस्तक्षेपको आवश्कता पर्छ । यसबाहेक, विद्यमान नीतिका प्रभावकारीताबारे प्रश्न उठाउन र वैकल्पिक प्रस्तावहरूमा जोड दिनका लागि व्यवस्थापकीय प्रक्रियाका प्रयोग गर्न सकिन्छन् । व्यवस्थापकीय प्रक्रियामाथिको प्रभावकारिता बढाउनका लागि राजनीतिक दलहरूले आफ्ना संसदीय समूहहरूलाई संगठित गर्ने रणनीतिहरू अपनाउनु पर्ने हुन्छ, जसमा देहायलगायतका पर्छन् : विधायकको व्यवहारका लागि स्पष्ट नियम र अपेक्षाहरू निर्धारण ; कार्य-विभाजनको निर्धारण ; मतदाताका विशेष आवश्यकतामा सम्बन्धित विधायकले स्वविवेक र संवेदनशिलता प्रयोग गर्न पाउने स्वतन्त्रता जस्ता छुटसहित दलीय एकताको आवश्यकतामा सन्तुलन

कायम । यस खण्डले यस्ता केही पद्धतिका बारेमा चर्चा गर्दछ ।

सांसद्/विधायकहरूले कानुननिर्माणमा आफ्नो काम, मिडियामा टिप्पणी र मतदातासँगको सञ्चारमार्फत् आफ्नो दलका नीतिबारे सचेतना जगाउन र समर्थन जुटाउनमा महत्वपूर्ण भूमिका खेल्छन् । व्यवस्थापकीय प्रक्रियाहरूमा प्रभाव पार्नका लागि संसदीय समूह र सांसद्हरूलाई व्यवस्थापकीय नियम र कार्यविधिहरूले विकल्प प्रदान गरेका हुन्छन् । तिनमा यी लगायतका हुनसक्छन् : औपचारिक संसदीय समूहको हैसियतबारे मापदण्ड ; सांसद्का व्यक्तिगत अधिकारका तुलनामा संसदीय समूहका अधिकार ; र समितिहरूको नेतृत्व एवं कानुन, निवेदन वा प्रश्नहरूका साथै अन्य कुराहरूमा सत्तापक्ष र विपक्षका सांसद्हरूका लागि अवसरहरू । तिनले सांसद्हरूले आफ्ना नीतिगत कार्यका लागि प्रयोग गर्नसक्ने गैरदलीय व्यवस्थापकीय अनुसन्धान सेवा र संसदीय समूह कर्मचारीजस्ता व्यवस्थापकीय स्रोतहरूबारे पनि उल्लेख गरेका हुन्छन् । कतैकतै, कुनै एक सांसद्ले पूर्णसत्रको मतदानमा आफ्नो दलको रेखाभन्दा कति हदसम्मको असहमति व्यक्त गर्न पाउँछन् भन्ने कुरा पनि संवैधानिक वा कानुनी प्रावधान र व्यवस्थापकीय नियमले नियमन गरेको हुन्छ । उदाहरणका लागि कोलम्बियामा, राष्ट्रिय कानुन निर्माणमा उनीहरूको संसदीय समूहले छुट दिएका बाहेक सबै सदस्यले आफ्नो दलसँगै मतदान गर्नुपर्ने हुन्छ ।[६८] कानुननिर्माणमा दलको धारणालाई जोड दिनका लागि उपलब्ध धेरैओटा अवसरमध्ये केही यसप्रकार छन् : सरकारी पदाधिकारीलाई मौखिक वा लिखित प्रश्न ; राष्ट्रपतिको वक्तव्यप्रति व्यवस्थापकीय प्रतिक्रियाहरू ; व्यवस्थापकीय पूर्णसत्र बहस र मतदानहरू ; कानुनका मस्यौदा ; विशेष विषयमा सुनुवाई ; मस्यौदा कानुनमा संशोधन ; समितिका काम ; र महा-अभियोग । उचित रूपमा संगठित संसदीय समूहहरूले यीमध्येका प्रत्येक अलग अलग औजारलाई प्रभावकारी ढंगले प्रयोग गर्न सक्षम हुन्छन् ।

अपेक्षाहरूबारे स्पष्टता

दलको मूल्यमान्यता र सिद्धान्तहरू प्रतिबिम्बित गर्ने र तीप्रति वफादार रहँदै नीतिहरूको विकास, कार्यान्वयन र सञ्चारमा योगदान गर्ने सीप तथा ज्ञान भएका उमेदवार सांसद्हरूको समूह गठन गर्नका लागि गरिने छनोटको कार्यविधिबाट एक बलियो संसदीय समूहको विकास प्रारम्भ हुन्छ ।[६९] राजनीतिक दलहरूले उमेदवार छनोटका समयमा यी परिणाम प्राप्त गर्नका लागि देहायका लगायत विविध संयन्त्रको प्रयोग गर्दछन् : सदस्यताको न्युनतम अवधिको योग्यता ; विस्तृत पृष्ठभूमि जाँचका प्रक्रिया ; उमेदवार र निर्वाचित पदाधिकारीका लागि आचारसंहिताहरू ; र कहिलेकाहीँ दलको नीतिलाई समर्थन गर्ने प्रतिबद्धता जाहेर गर्नका लागि लिखित अभिव्यक्तिमा हस्ताक्षर ।राजनीतिक दलहरूले आफ्ना निर्वाचित प्रतिनिधिहरूबाट के अपेक्षा गरेका छन् भन्ने कुरा स्पष्ट राजनीतिक सिद्धान्त, मूल्यमान्यता र नीति प्रस्तावले स्पष्ट पारेर यी विविध प्रक्रियालाई सहज बनाइदिन्छन् । उदाहरणका लागि नेदरल्याण्डस्मा, केही दलले आफ्नो घोषणापत्रको केही पक्षमा उमेदवारलाईविरोध दर्ता गर्न दिइएतापनि, संसदीय उमेदवारले तुलनात्मक रूपमा विस्तृत घोषणापत्रमा हस्ताक्षर गर्नुपर्छ ।[७०] यसबाहेक, दलको सूचीमार्फत् पूर्णरूपमा वा आंशिक रूपमा विधायकहरू छानिँदा, भविष्यमा समूहको नेतृत्व गर्नसक्ने व्यक्तिका रूपमा हेरिएका उमेदवारको नाम दलले उक्त सूचीको माथिल्लो भागमा राख्नेगर्दछ । संसदीय समूहका आन्तरिक सङ्गठन र कार्यसम्पादनले पनि समितिका काम र पूर्णसत्रहरूको प्रयोग गरेर दलको नीति प्रस्तावलाई प्रकाशमा ल्याउने क्षमतामा असर पार्छ । सञ्चार, गोपनियता, मतदान, अनुशासन र अन्य सान्दर्भिक विषयबारेका अपेक्षाहरू स्पष्ट पार्नमा संसदीय समूहको आन्तरिक नियमले सहयोग गर्नसक्छ ।

सामाजीकरण

नीतिसम्बन्धी रणनीति र अन्तर्वस्तुबारे एक्यबद्धता सहजीकरणका लागि औपचारिक नियम र प्रक्रियाहरू जत्तिकै अन्तरवैयक्तिक सम्बन्ध पनि महत्वपूर्ण छन् । परिणामस्वरूप, केही संसदीय समूहले औपचारिकताको मात्रामा भिन्नतासहितका विविध प्रकारका क्रियाकलापको आयोजना गर्दछन्, जहाँ सांसद्हरू एकआपसमा र दलका अन्य पदाधिकारीहरूसँग अन्तरक्रिया गर्न पाउँछन् । उदाहरणका लागि, क्यानाडा र आयरल्याण्डमा संसदीय समूहहरूले नियमित रूपमा हिउँदे र ग्रीष्मकालीन कार्यक्रम गर्दछन्, जतिबेला ककस्का सबैजना र विभिन्न उपसमूहमा

पनि भेटेर विभिन्न मुद्दाबारे रणनीति र आउँदो सत्रहरूका लागि प्राथमिकताबारे सहमति जुटाउनका लागि छलफल गर्दछन्। देशभरीका चुनावी क्षेत्रको दृष्टिकोण समावेश भएको सुनिश्चित गर्नका लागि केही छलफलमा त असफल उमेदवारहरू पनि सहभागी भएका थिए । यी कार्यक्रमका सामाजिक क्रियाकलापले निर्वाचित प्रतिनिधिहरूलाई आपसी सम्बन्ध र व्यवस्थापिका एवं कार्यकारीबाहिर रहेका दलका वरिष्ठ पदाधिकारीहरूसँग सम्बन्ध बलियो बनाउने अवसर प्रदान गर्दछन्। धेरैजसो प्रमुख निर्णय र नीतिसम्बन्धी घोषणाहरू यहि ककस् बैठकहरू पछि आउने गरेका छन् । जस्तै, सन् २००२मा क्यानेडियन प्रधानमन्त्री जन् क्रेतियान्ले आफ्नो राजीनामाको मितिबारे क्योबेकमा आयोजित ग्रीष्मकालीन ककस् कार्यक्रममा घोषणा गरेका थिए ।

बेल्जियन, युरोपियन, फ्रेन्च र जर्मन ग्रीन पार्टीहरू सबैले आ-आफ्ना ग्रीष्मकालीन विश्वविद्यालयको आयोजना गर्दछन्। यी कार्यक्रम प्रायजसो अगस्ट महिनाको अन्तिम सप्ताहान्तमा आयोजना गरिन्छन् र केही दिनभित्रमा दर्जनौँ राजनीतिक छलफलहरूको आयोजना हुन्छन् । दलका विभिन्न पदाधिकारी र बाहिरी विज्ञहरूले नीतिसम्बन्धी मुद्दाहरू वा दलीय शाखाका सफल कदमहरूबारे आफ्ना दृष्टिकोण आदानप्रदान गर्दछन्। यी कार्यक्रम क्यानेडियन दलका ककस् कार्यक्रमजस्तो औपचारिक नभएर, यिनमा कुनै मस्यौदा प्रस्तावका दस्तावेज र कुनै औपचारिक निर्णय हुँदैनन् । सांसद्, दलका नेता र सक्रिय सदस्यहरूलाई नयाँ विचारहरू उपलब्ध गराउनुबाहेक, यी ग्रीष्मकालीन विश्वविद्यालयले सम्बन्ध विस्तार एवं दलभित्र आफ्नो व्यक्तिगत छविलाई माथि लैजाने अवसर पनि प्रदान गर्दछन्। यी कार्यक्रम गर्मीको छुट्टीका समयमा आयोजना हुने हुँदा, यिनमा सामाजिक क्रियाकलाप पनि समावेश भएका हुन्छन् र दलका धेरै सदस्यहरू आफ्ना परिवारसँग आएका हुन्छन् ।

संसदीय समूहका बैठक

संसदीय समूहका बैठकले प्रस्तावित नीतिगत घारणाबारे सुन्न र तीबारे आफ्ना दृष्टिकोण राख्न सांसद्हरूलाई एक मञ्च प्रदान गर्ने हुनाले, एकता बढाउनका लागि यिनले महत्वपूर्ण भूमिका खेल्छन् ।७१ यस्ता छलफलमा प्रायः अपनाइने गोपनियकताका कारण, सदस्यहरूले बन्द ढोकाभित्र स्वतन्त्र रूपमा आफ्ना अभिव्यक्ति दिनसक्छन् र पछि उनीहरूले आफ्ना एकताबद्ध विचार पूर्णसत्रका व्यवस्थापिका सभामा र सर्वसाधारणका लागि पेश गर्नसक्छन् । संसदीय समूहको आकार र सङ्गठनको स्तरका आधारमा, नीतिगत सवाल तथा रणनीति छलफलका लागि हुने धेरैओटा नियमित सत्रहरूमध्ये पूर्ण ककस् बैठक एक हुनसक्छ । अष्ट्रेलियामा संसदीय समूहका रणनीति र नीतिगत छलफलहरू तीनओटा बैठकहरूको चरणमा गरिन्छन् । पहिलो बैठक नेतृत्वको हुनेगर्दछ, संसदको सत्र चलेको समयमा एजेण्डा, रणनीति र कानुन निर्माणसम्बन्धी जुक्तिहरू निर्धारणका लागि दलका नेता तथा उनीपछिका दोस्रो पंक्तीका नेता, राज्यसभाका नेताहरू, व्यवसायिक प्रबन्धक र सल्लाहकार हरेक बिहान बैठक गर्दछन्। सत्रका अवधिमा नीति समीक्षा समिति र छायाँ सरकारका उप-समिति हप्तैपिच्छे भेट्छन् । अन्ततः, विशेष विषयगत क्षेत्रमा नीति विकास र परिष्कृत गर्नका लागि छायाँ मन्त्रीहरू र दलका सामान्य सांसद्हरू मिलेर बनेका नीतिसम्बन्धी समितिहरू शृंखलाबद्ध रूपमा भेट्छन् ।[७२] नर्वेमा, संसदीय समूहका बैठकमा दलको कार्यकारीका प्रतिनिधिहरू समावेश भएका हुन्छन् । यी प्रतिनिधिले समूहको निर्णयमा मत जाहेर गर्न नपाएपनि, विभिन्न सवालमा संसद बाहिर रहेका दलका संरचनाका धारणाबारे संसदीय समूहका सदस्यहरूलाई अवगत गराउनमा मद्दत गर्न एजेण्डाका विभिन्न विषयमा उनीहरूले आफ्ना र सदस्यहरूका दृष्टिकोण भने बाँड्छन् ।

कामको बाँडफाँड

प्रस्तावित प्रत्येक कानुनको हरेक कुरा हरेक सांसद्ले विस्तारमा अध्ययन गर्न र बुझ्न सम्भव हुँदैन । संसदीय समूहका सदस्यहरूमाझ कामको बाँटफाँडले धेरैओटा फाइदा हुन्छन् । विभिन्न नीतिगत क्षेत्रमा निश्चित सांसद् हरूलाई नेतृत्व गर्ने जिम्मेवारी दिँदा त्यसले संसदीय समूहको कुशलतामा सुधारका साथै उक्त विषयमा निर्वाचित प्रतिनिधिको विज्ञता गहिऱ्याउनमा पनि यसले अवसर प्रदान गर्दछ। समूहभित्र आपसी सम्मान र विश्वास बढ्दै गएपछि, विविध नीति प्रस्तावको मूल्याङ्कनमा सांसद्हरूले आफ्ना "विज्ञ" सहकर्मीका सल्लाह लिँदै एकता र कार्यकुशलतालाई थप सुदृढ बनाउन सक्छन् । साना संसदीय समूहले कुनै एक वा एकभन्दा बढी नीतिगत सवालमा कुनै निश्चित सांसद्

लाई जिम्मा दिनसक्छन् ।ठुलो संसदीय समूहले आन्तरिक नीतिगत समितिको प्रणाली बनाएर सहभागिता विस्तार गर्न सक्छन् । अष्ट्रेलियामा छायाँ मन्त्रीहरूलाई नेतृत्व वा मन्त्रीमण्डलको न्युनतम मार्गनिर्देशसहित उनीहरूको प्रायः आफ्नै क्षेत्रमा काम गर्न दिइन्छ ।छायाँ सरकारको बैठक मुख्यतः छायाँ मन्त्रीहरूले पेश गरेका नीतिसम्बन्धी विचारहरू अनुमोदन, संशोधन वा अस्वीकृत गर्नका लागि गरिन्छन् । धेरैजसो छायाँ मन्त्रीहरूले आफ्ना नेताका कार्यालय र सम्बन्धित क्षेत्रका अन्य छायाँ सदस्यको सहायता माग्ने गर्दछन्। यसले गर्दा नीतिको अन्तर्वस्तु सुधारमा सहयोग पुग्नुका साथै मन्त्रीमण्डलको बैठकमा अवलम्बनमा पनि सहजीकरण हुन्छ । साधारणतया, नेता र छायाँ मन्त्रीबिच सम्पर्क कायममा सल्लाहकारले सहयोग गर्दछन्।

उत्प्रेरणा, लचकता र अनुशासन

संसदीय समूहका नेताहरूले सांसद्हरूलाई दलको रेखाभित्र राख्ने उत्प्रेरणाका रूपमा अन्तर्राष्ट्रिय यात्रा, उच्च पदलगायतका प्रोत्साहन र कारवाहीका धम्कीको प्रयोग गर्ने गरेका छन् । एकतामा सुधार ल्याउन र सम्भव भएको अवस्थामा लचकता अपनाउनका लागि औपचारिक तथा अनौपचारिक उपायहरूको मिश्रण प्रयोग गरिएको भएता पनि, कुनै विशेष सवालमा दलको धारणाप्रति सांसद्हरूले समर्थन गर्न नसक्ने अवस्था आउन सक्छन् । राजनीतिक मूल्य कम भएका र गहिरो नैतिक, धार्मिक वा सांस्कृतिक आस्थालाई छुने मुद्दाहरूमा साधारणतया सफल राजनीतिक दलहरूले "स्वतन्त्र" वा अन्तरात्माको अनुसारका मतदान गर्नपाइने स्वतन्त्रताका लचकता देखाउँछन् । यी मापदण्ड पूरा नहुने अवस्थामा भने सम्बन्धित सांसद्माथि कारवाही गर्नुपर्ने हुनसक्छ । यद्यपि, उक्त सांसद्ले आफ्नो मुद्दा एक निष्पक्ष निकायसामु पेश गर्नका लागि पुनरावेदनको सम्भावना भने हुनुपर्छ । उदाहरणका लागि, बेल्जियमको ग्रीन पार्टीमा यदि दुई-तिहाई बहुसंख्याको मत पुग्छ भने कुनै एक सांसदलाई ककस्भन्दा भिन्न धारणाको पक्ष लिन दिइन्छ । बेल्जियमका संसदमा मास्तरिक्ट अनुबन्धमा मतदानका समयमा, धेरैजसो ग्रीन सांसद्हरूले आन्तरिक लोकतन्त्रमा सिमित प्रगति र युरोपेली संघभित्रका नियन्त्रणहरूका विरोध गर्दै मतदानमा भाग लिएनन् । यद्यपि, एक संघीय युरोपेली संघका लागि लामो समयअघि देखि अभियान चलाउँदै आएका एकजना ग्रीन सांसद्ले भने संसदीय समूहको बैठकमा पहिलै छलफल भएअनुसार उक्त अनुबन्धका पक्षमा मतदान गरेका थिए ।

नीति उत्प्रेरकका रूपमा संसदीय समूह

वास्तवमा, राजनीतिक दलहरूले विकास गरेका नीतिहरूलाई अगाडि लैजाने काम संसदीय समूहको हो । केही देशहरूमा, सत्तारूढ र विपक्षी दुवै संसदीय समूहले निर्वाचित प्रतिनिधिका काममा मद्दत पुऱ्याउने सहयोगी कर्मचारीका लागि आर्थिक सहयोग प्राप्त गर्दछन्। संसदीय समूहका लागि यो सहयोगले संसद बाहिर पनि दलको नीति विकास प्रक्रियालाई सहयोग पुग्न सक्छ । यद्यपि, कहिलेकाहीँ आफ्ना राजनीतिक दलको नीति विकासका औपचारिक प्रक्रियाभन्दा केही बाहिर गएर संसदीय समूहले दलमा नीति विकासका प्रमुख उत्प्रेरकका भूमिका निर्वाह गरेका घटनाहरू पनि छन् । उदाहरणका लागि, क्यानाडामा लिबरलहरू सत्तामा भएका बेलामा, लिबरल रिसर्च व्युरोले नागरिकहरूसँग ककस् सदस्यका पहुँच विस्तार र परामर्शका आधारमा प्रधानमन्त्रीको ककस् कार्यदल प्रतिवेदनको मस्यौदा तयार गरेको थियो । यी प्रतिवेदनले मौसमी कामदार, क्यानाडा-अमेरिका सम्बन्ध, महिला उद्यमी, ज्येष्ठ नागरिक, जलवायु परिवर्तन, शहरी मुद्दा तथा कृषि जस्ता विषयहरू समेटेका थिए । यिनले प्रत्येक नयाँ कानुनका लागि नीतिगत एजेण्डाको रेखांकन गरेर सरकारका तर्फबाट दिइने भाषण र अर्थ मन्त्रीको बजेट भाषणका लागि सूचना प्रदानमा मद्दत गरेका थिए । त्यसपछिका चुनावका लागि मञ्च तयार पार्नका लागि मन्त्री र ककस्का सदस्यहरूले पनि यी प्रतिवेदको सन्दर्भ प्रयोग गरेका थिए । यी कार्यदलले साधारण लिबरल सांसदहरूलाई ठोस, रचनात्मक काममा सङ्लग्न गराउँदै सरकारको ठुलो ककस्भित्र असहमति र निराशा न्युनीकरणमा मद्दत गरेको थियो । आफ्नो प्रतिभा दर्शाउन सफल यी कार्यदलका अध्यक्षहरूलाई प्रायः पछि मन्त्रीमण्डलमा नियुक्त गरिएका थिए । यद्यपि, यी कार्यदलहरू परम्परमगत रूपमा दलका नीति विकासमा प्रयोग हुने प्रस्तावना र सम्मेलन प्रक्रियाभन्दा बाहिर रहेर प्रधानमन्त्री, निर्वाचित पदाधिकारी र सार्वजनिक सरोकारवालाका वरिपरि घुम्नेहुँदा, निर्वाचित पदाधिकारीहरू दलका स्थानीय अभियन्ताका दृष्टिकोण र प्राथमिकताबाट टाढा रहेको सदस्याहरूलाई लाग्दथ्यो ।

गठबन्धनहरू र सम्झौता

राजनीतिक दलहरूले राष्ट्रपति वा संसदीय दुवै प्रणालीमा, आफ्ना नीति प्रस्ताव एवं मूल्यमान्यतामा सम्झौता गर्ने कि आफ्नो धारणा एवं आस्थामा स्थिर रहने भन्ने रोजाईको सामना गर्नुपर्ने अवस्था आउनेगर्दछ। धेरैजसो अवस्थामा, सो रोजाई सिद्धान्तमा नै सम्झौता गर्नुपर्ने नभएर, सम्बन्धित दल कत्तिको हदसम्म पछि हट्न तयार छ भन्नेबारे हुन्छ ।

एकातिर सरकारमा जान वा आंशिक जित हासिल गर्न सम्झौता गर्नु एक स्वीकार्य मूल्य चुकाउनु हो भन्ने लाग्नसक्छ । मतदाताले त्यस्ता सम्झौतालाई अरुको विचारलाई ध्यान एवं सम्मान गर्ने इच्छाशक्तिका रूपमा लिनसक्छन् ।[७३] अर्कातिर, दलका सिद्धान्त र नीति प्रस्तावमा कुनै सम्झौता नगर्नुलाई उक्त दलले अरुको विचारलाई बेवास्ता गरेको रूपमा लिनसक्छन् । यसबाहेक, कुनै दलले जति धेरै सम्झौता गर्दछ, आफ्नो पृथक पहिचान कायम राख्न त्यति नै कठिन हुन्छ । यसले गर्दा, लामो समयदेखिको आफ्ना सिद्धान्त र मूल्यमान्यता छोड्ने दलको इच्छाशक्तिप्रति दलका सदस्य रुष्ट हुने र सरकारमा रहने लालसाका कारण आफ्ना सिद्धान्तहरू त्याग्न चाहने दलहरूप्रति आम जनमानसको अविश्वसनियता बढ्ने हुनसक्छ । वार्ता प्रक्रियालाई पनि सर्जसाधारणले केही घिनलाग्दो र अपारदर्शी मान्न सक्छन् । दलका वफादार र सामान्य नागरिकले आफ्ना परिवेशका आधारमा दलका सम्झौताहरूलाई फरक फरक तरिकाले हेर्नसक्छन् । केही नयाँ लोकतान्त्रिक मुलुकहरूमा, र विशेषगरी बोस्निया हर्जगोभिना र इराकजस्ता द्वन्द्वबाट गुज्रिएका देशहरूमा, कमजोर गठबन्धनमा नीतिसम्बन्धी सवालमा सम्झौता गर्दा, आफ्ना समर्थकका अगाडि अटल/अडिग छवि दर्शाउनुपर्ने विगतका द्वन्द्वरत पक्षहरू कमजोर देखिने जोखिम हुन्छ, जुन कुरा लोकतन्त्र स्थापित भइसकेका मुलुकहरूमा सामान्य जस्ता लाग्छन्। त्यस विपरित, नेदरल्याण्डस्, नर्वे र स्वीडेनमा गठबन्धन सरकारको लामो परम्परा रहेको छ । यस खण्डले गठबन्धनका लागि वार्ता गर्न, आफूभित्र असहमति व्यक्त गर्न, नीति प्रस्तावका श्रेय बाँड्न र पूर्ण गठबन्धन सरकारमा हुने कमीबारे सहमतिमा पुग्न राजनीतिक दलहरूले प्रयोग गर्ने गरेका केही तरिकाबारे चर्चा गर्दछ।

सम्झौता वार्ता

नर्वेमा निर्वाचनअघि नै गठबन्धन बनाउनुलाई सामान्य मानिन्छ भने, वार्ता चाहिँ चुनावभन्दा अगाडि र पछाडि दुवै समयमा गरिन्छन् । सबैभन्दा पहिले गठबन्धनका प्रत्येक साझेदारले आ-आफ्ना प्राथमिकता पहिचान गर्दछन्। ती प्राथमिकताका आधारमा, गठबन्धनले एक संयुक्त गठबन्धन मञ्चमा सहमति गर्दछन्। यद्यपि, कुनैपनि संवेदनशील वा कठिन मुद्दालाई निर्वाचन पछिका लागि बाँकी राखिन्छ । निर्वाचनको परिणामका आधारमा, दोस्रो चरणको वार्ता हुन्छ र यसपटक बढी संवेदनशील सवालहरूको सम्बोधन गरिन्छ । यस चरणमा, बढी मत प्राप्त गरेको दल वार्तामा बलियो स्थानमा हुन्छ । प्रत्येक दलको वार्ता टोलीमा प्रायः तीन प्रतिनिधि हुन्छन् । यी प्रत्येक टोलीले महिला तथा युवा अंग जस्ता आफ्नो दलको आधारका उल्लेखनीय पाटोका प्रतिनिधित्व गर्ने पाँचदेखि छजना पदाधिकारीको एक सन्दर्भ समूहसँग निकटबाट काम गर्दछन्। यी सन्दर्भ समूह वार्ता हुने समयमा मात्र रहने अस्थायी समिति हुन् । वार्ता हुँदै जाने क्रममा, गठबन्धन साझेदारहरूसँग वार्ता भइरहेका विषयमा छलफल गर्नका लागि प्रत्येक दलका वार्ता टोलीले आफ्नो सन्दर्भ समूहसँग हप्तामा कयौंपटक भेट्छन् । यसबाहेक, वार्ता टोलीले आफ्ना दलका बोर्ड वा संसदीय समूहसँग पनि परामर्श गर्नसक्छन् । यी विभिन्न परामर्शले दलहरूलाई अन्ततः सहमतिमा पुग्न मद्दत गर्दछ।

सम्झौतामा पुग्नका लागि विभिन्न तरिका अपनाउन सकिन्छन् । वार्ता कुनै एक विशेष मुद्दालाई लिएर हुनसक्छ, जसमा दलहरू कुनै मध्य-विन्दुमा सहमत हुनसक्छन् । उदाहरणका लागि, २००१मा क्रिस्चियन डेमोक्रेटिक, कन्जरभेटिव र लिबरल पार्टीले क्रमशः १०, ४० र २० करोडको प्रस्तावहरू टेबलमा ल्याएर, २० करोड नर्वेजियन क्रोनको करछुटका लागि सहमति गरेका थिए । त्यस विपरित, विभिन्न गठबन्धनका प्राथमिकता झल्काउने विविध प्रकारका नीति लगायतका एकमुष्ट मुद्दाहरूमा पनि वार्ताको आयोजना गरिन्छन् । यस्ता अवस्थामा, प्रत्येक दलले कुनै सवालमा जित्ने तर अन्य कुनैमा सम्झौता गर्नुपर्ने गरी सवालहरूलाई समूहमा बाँड्नु यसको लक्ष्य हुन्छ ।

प्रत्येक दललाई उनीहरू चिनिने वा उनीहरूका प्राथमिकताका

सवालमा सक्दो छुट दिनु पनि सफल गठबन्धन बनाउनका लागि अर्को उपाय हो । गठबन्धनका नीति एजेण्डाका लागि वार्ताका समयमा साथै मन्त्रालय बाँटफाँडमा पनि यी प्राथमिकतालाई ध्यानमा राखिनु पर्छ । उदाहरणका लागि, आयरल्याण्डमा ग्रीन पार्टीले उर्जा तथा प्राकृतिक स्रोत सम्हालेका थिए ; स्वीडेनमा लिबरल, क्रिस्चियन डेमोक्रेट र सेन्टर पार्टीले क्रमशः शिक्षा, सामाजिक मामिला र स्वास्थ्य तथा कृषि सम्हालेका थिए ।[७४]

गठबन्धनहरू हरेक सवालमा सहमत नहुन सक्छन् ; अन्ततः प्रत्येक दलले आफू के कति सम्झौताका लागि तयार छौं भन्नेबारे आफैंले निर्णय गर्नुपर्ने हुन्छ । नर्वेमा कुनैपनि गठबन्धनमा विभाजनले मिडियामा ल्याउने नकारात्मक हलचलका कारण गठबन्धनका साझेदारहरू त्यस्ता कुरा सकेसमम हुन दिँदैनन् र सहमतिमा पुग्न नसकिने विषयहरूलाई प्रायः गठबन्धनको सहमतिभन्दा बाहिरै राखिन्छन् । न्युजिल्याण्डको लेबर र ग्रीन पार्टीबिच २००२मा भएको गठबन्धनले तीन प्रकारका सवालहरू रेखांकित गरेको थियो । साझेदारहरूले संयुक्त अडान लिने क्षेत्रहरूमा ग्रीन सांसद्हरूले मन्त्री, सम्बन्धित कागजात र नीति विकास तथा अनुमोदनका समयतालिकामा पहुँच पाउनेछन् । त्यसबाहेक, यी क्षेत्रमा ग्रीनको योगदानलाई लेबरले सार्वजनिक रूपमा स्वीकार्ने र उनीहरूका संशोधनलाई समर्थन गर्ने पनि सहमति भयो । यी विषयमा सरकारका कार्यविधिगत प्रस्ताव र निश्चित समितिमा उनका धारणालाई ग्रीनले समर्थन गर्ने वाचा गऱ्यो । दोस्रो प्रकारका सवालहरूका सन्दर्भमा, नीतिका लागि एक फराकिलो दिशामा गठबन्धनका साझेदारहरू परामर्श गर्नमा सहमत भएका थिए । नीतिका तेस्रो प्रकारका सवालहरूमा भने उनीहरूले आ-आफ्ना धारणाबारे जानकारी आदानप्रदान गर्ने सहमति भएको थियो ।[७५] बेलायतमा कन्जरभेटिव र लिबरल डेमोक्रेट्स्बिच भएको गठबन्धनमा, केहि निश्चित विषयहरू या त तेस्रो पक्षलाई दिइएको थियो वा साझेदारहरूले असहमतिका असर सिमित गर्ने उपायहरूमा सहमत भएका थिए । उदाहरणका लागि, विभिन्न नीतिगत सवालहरूको समीक्षाका लागि ११ स्वतन्त्र आयोग गठनका लागि उक्त गठबन्धनका साझेदारहरू सहमत भएका थिए । विवाह, नागरिक साझेदारी र करछुट जस्ता विषयमा लिबरल डेमोक्रेट सांसदहरू बहसमा बोलपनि मतदानमा सहभागी नहुने र यी विषयमा कन्जरभेटिव पार्टीका प्रस्तावलाई विरोध नगर्नेमा साझेदारहरूको सहमति भएको थियो ।[७६]

बेल्जियमका ग्रीनहरूले आफ्ना गठबन्धन साझेदारप्रति असहमति जताउन वा भविष्यमा सम्झौताहरू बढी कठिन हुनेछन् भन्ने संकेत गर्नका लागि मतदानमा सहभागी नहुने गरेका छन् । उदाहरणका लागि, १९९९मा ग्रीन-रेड-ब्लु गठबन्धन हुँदा, रोमा शरणार्थीहरूलाई निर्वासन गर्नेबारे मतदानमा एक वरिष्ठ ग्रीन सांसद्ले भाग लिएनन् । ग्रीन संसदीय समूहको बैठकमा सहमति भएको यो सांकेतिक असहभागिताले आफ्ना गठबन्धन साझेदारका तर्कलाई ग्रीनले स्वीकारेपनि, भविष्यमा यस्ता सवालमा वार्ता कठिन हुने दर्शाउन खोजिएको थियो ।

आफ्ना नीतिगत लक्ष्य हासिल गर्नका लागि राजनीतिक दलहरूले गठबन्धन सरकारका बन्नका लागि कमी हुने सम्झौताहरूमा पनि वार्ता गर्नसक्छन् । उदाहरणका लागि, मेक्सिकोमा २०१२को निर्वाचनपछि त्यतिबेला निर्वाचित राष्ट्रपति एन्रिके पेना निएटोले द इन्स्टिच्युसनल रिभोलुसनरी पार्टी, द नेशनल एक्सन पार्टी र द पार्टी अफ द डेमोक्रेटिक रिभोलुसन नामक तीन प्रमुख राजनीतिक दलहरूसँग एक साझा व्यवस्थापिका एजेण्डा खोज्ने प्रयास गरे । उक्त सहमतिले कार्यपालिकामा गठबन्धन सरकार बन्न नसकेपनि, तीनवटै दलले मेक्सिकोका सबैभन्दा ठुलो चुनौती समाधानका लागि मिलेर काम गर्दाका र राजनीतिक जितका आंशिक उपलब्धीहरूका फाइदाहरू देख्नसके । आफ्नो पदग्रहणको दोस्रो दिन २ डिसेम्बर २०१२मा राष्ट्रपति निएटो र तीन दलका नेताहरूले मेक्सिकोका लागि एक सहमतिमा हस्ताक्षर गरे, जुन देहायका विषयहरूमा मिलेर काम गर्ने सहमति थियो : अधिकार र स्वतन्त्रता ; रोजगारी ; आर्थिक बृद्धि तथा प्रतिस्पर्धात्मकता ; सुरक्षा तथा न्याय ; पारदर्शिता ; जवाफदेहिता र भ्रष्टाचार विरोधी कदमहरू ; र लोकतान्त्रिक शासकीय प्रणाली । ग्रीन इकोलोजी पार्टीले उक्त सहमतिमा जनवरी २०१३मा हस्ताक्षर गरेको थियो ।

दलको सम्झौताहरूका लागि समर्थन जुटाउने

गठबन्धनबारे वार्ता र अन्य सम्झौताहरूमा पुगिसकेपछि दलका नेताहरूले प्रायः आफ्ना सदस्यहरूलाई गठबन्धनका सहमतिहरूबारे विश्वस्त पार्ने कुरामा सबैभन्दा बढी चुनौतीको

सामना गर्दछन्, किनकी सदस्यहरूको समर्थन सबैभन्दा महत्वपूर्ण हुन्छ । स्थानीय समर्थकहरूमा ध्रुवीकरण हुने र उनीहरू विभिन्न पक्षमा बाँडिन सक्ने हुँदा दलले यहाँनिर सबैभन्दा बढी प्रतिरोधको सामना गर्दछन्। गठबन्धन बनाउनु र सम्झौताहरू गर्नुका फाइदाबारे दलका सदस्यहरूलाई औपचारिक तथा अनौपचारिक माध्यमबाट बताउन सकिन्छन् । उदाहरणका लागि, २०१०को बेलायती आम निर्वाचनपछि, गठबन्धन सरकार स्थापनाबारे कन्जरभेटिव र लिबरल डेमोक्रेट दलका नेताहरूले प्रारम्भिक वार्ताहरू बन्द ढोकाभित्र गरेका भए पनि, आफूहरूले भर्खरै गरेको वार्ताको सफलता र दिगोपनाका लागि दुवै दलका नेताहरूलाई आ-आफ्नो दलको पूर्ण समर्थनको आवश्यकता थियो । लिबरल डेमोक्रेटको नेतृत्वले लेबर पार्टीको साटो कन्जरभेटिवहरूसँग मिल्ने विकल्पको वचावमा चुनौतीको सामना गरे । दलको बृहत् समर्थनका लागि लिबरल डेमोक्रेटहरूले गठबन्धन सहमतिबारे बहस र मतदानका लागि बर्मिन्घममा एक सम्मेलनको आयोजना गरे । गठबन्धनलाई अघि बढाउनुअघि दलको नियमले बाध्यकारी बनाएको उक्त सम्मेलनमा सांसद् नभएका सदस्यहरूले पनि समर्थन वा असमर्थनको मत राख्न पाएका थिए । उक्त सम्मेलनले गठबन्धनको सहमतिलाई अस्वीकार गर्ने अधिकार नभए पनि, अनुमोदनका लागि शर्तहरू भने फेरबदल गर्नसक्थे । दुई हजारभन्दा बढी प्रतिनिधिमध्ये केवल बाह्र जनाले गठबन्धन सहमतिको विरोधमा मतदान गरेका थिए ।

जर्मनीमा, २००३मा सामाजिक कल्याणकारी प्रणालीमा उल्लेखनीय सुधार गर्नसक्ने ग्रीन-सोसियल डेमोक्रेटबिच गठबन्धन सरकारको प्रस्तावमाथि चिन्तित ग्रीन पार्टीका सदस्यहरूले दलको विशेष अधिवेशनका लागि अनुरोध गरे । सबै स्थानीय शाखामध्ये २० प्रतिशतले समर्थन गरेको याचिकाले राष्ट्रिय कार्यकारीलाई जुन २००३मा एक अधिवेशन बोलाउन बाध्य पाऱ्यो । उक्त कार्यक्रममा, दलका नेताहरूले सुधारका प्याकेजहरूको सफलतापूर्वक वचाव गर्दै ९० प्रतिशत प्रतिनिधिको समर्थन प्राप्त गर्न सफल भए । यस सहभागितात्मक प्रक्रियाको परिणामस्वरूप, दलका नेताहरूले उक्त सम्झौताको वैधानिकता बढाउने मौका पाए ।

नीतिगत एजेण्डा प्रभावित गर्ने विपक्षीका प्रयासहरू

सरकारका प्रस्तावहरूको आलोचना, वैकल्पिक प्रस्तावहरू पेश र सम्बोधन नभएका नागरिकका चासोका विषयमा प्रकाश पार्दै विपक्षी राजनीतिक दल र उनीहरूका निर्वाचित पदाधिकारीहरूले नीतिगत एजेण्डामा प्रभाव पार्ने काम गरिरहन्छन् । माथि भनिएको संसदीय समूहको कार्य विभाजनको एक पक्षका रूपमा र विशेषगरी संसदीय प्रणालीमा, विपक्षी समूहहरूले कहिलेकाहीँ छायाँ सरकार वा आलोचना प्रणालीको स्थापना गरेका हुन्छन् । सांसद् हरूलाई एक वा एकभन्दा बढी मन्त्रीस्तरीय पद तोकिएका हुन्छन्, जसले आफ्नो तोकिएको क्षेत्रबारे आफ्नो संसदीय समूहको धारणा विकास र सञ्चार गर्नमा नेतृत्व लिन्छन् । यसप्रकारको प्रबन्धले विपक्षी संसदीय समूहलाई प्रायः क्षेत्रगत विज्ञता अभिबृद्धि गर्न, बढी प्रभावकारी तरिकाले काम गर्न र आफ्नो पालो कुरिरहेको सरकारको छवि प्रवाह गर्नमा मद्दत गर्दछ।

स्पष्ट प्राथमिकता तय गर्दै, आफ्ना धारणाप्रति समर्थन जुटाउनमा एकरूपताका साथ रणनीतक तरिकाले काम गर्दै जाँदा, राष्ट्रिय नीतिगत एजेण्डा प्रभावित गर्नमा विपक्षी समूहहरू सफल भएका छन् । कोलम्बियामा इन्डिपेन्डेन्ट मुभमेन्ट अफ एब्सोलुट रिनोभेसन (मिरा)सँग उपप्रमुखहरूको चेम्बरमा १६४ सिटमध्ये तीन र संसदमा १०२ सिटमध्ये तीन सिट भए पनि, विभेदविरुद्धको नीति प्रस्तावमा बहुमत समर्थन जुटाउन सफल भएको थियो । मिराले सुरुमामा जातीयतामा आधारित विभेदलाई अपराधीकरण गर्ने कानुनको प्रस्ताव गरेको थियो । वार्ताका क्रममा, अन्य दलहरूले लैङ्गिकता र उमेरका आधारमा हुने विभेद सम्बोधनलाई पनि कानुनमा समावेश गरेर मिराको नीति प्रस्तावलाई थप विस्तार गरिदियो । कोलम्बियाका राष्ट्रपति सान्तोस्ले २०११मा उक्त विधेयकमा हस्ताक्षर गर्दै कानुनमा परिणत गरे ।

बेल्जियन ग्रीन पार्टीले आफू विपक्षी रहेका वर्षहरूमा साइकलयात्री र पैदलयात्रीका सुरक्षा बढाउने उपायहरूबारे जोडका साथ अभियान चलाएका थिए । उनीहरूको सबैभन्दा पहिलो व्यवस्थापकीय कदममा ग्रीनका उपप्रमुखहरूले आफ्

टेक्स्ट बक्स ७: संसदमा नीति प्रभावित गर्ने विपक्षी प्रयासहरू

ब्रिटिश कोलम्बियाको न्यु डेमोक्रेटिक पार्टीको उदाहरण

छायाँ सरकार : 'आलोचक'हरूलाई निश्चित कार्यक्षेत्र वा सरकारी मन्त्रालय तोकिएको हुन्छ र ती सम्बन्धित मन्त्र(ालयका काम र त्यसको वार्षिक बजेटसम्बन्धी बहसको अनुगमन गर्ने जिम्मेवारी दिइएको हुन्छ । त्यसका आधारमा उनीहरूले उक्त मन्त्रीबाट आउने विधेयकबारे छलफलको नेतृत्व एवं विश्लेषण गर्नुका साथै सम्बन्धित समुदायमा पहुँच विस्तारका काममा पनि नेतृत्व प्रदान गर्दछन्। यीमध्येका प्रत्येक क्रियाकलाप दलको विद्यमान नीतिमा प्रक(ाश पार्ने मञ्च हुनसक्छन्, तर नीति लागू वा परिष्कृत कसरी गरिनुपर्छ भन्ने सिकाई उक्त प्रक्रियामा रहेको हुन्छ । यसबाहेक, संसदीय समूहले अन्य विविध वैधानिक उपायहरू अपनाउँदै सरकारसमक्ष नीतिका विकल्पहरूमा प्रकाश पार्छन् । विपक्षका सदस्यहरूले ३० मिनेटको समयमा प्रधानमन्त्री वा मन्त्रीहरूलाई उनीहरूको कार्यक्षेत्रभित्रका कुनैपनि सवालमा प्रश्न गर्न पाइने दैनिक प्रश्नोत्तर अवधि यी क्रियाकलाप मध्येका सबैभन्दा प्रत्यक्ष हुन् । ती प्रश्नहरू प्रायः दैनिक समाचारमा आधारित हुने भए पनि विपक्षले तिनको समाधानको प्रस्ताव गर्नसक्छन् । ती समाधान अनुमोदित दलीय नीति नभए पनि, त्यसले उक्त सवालमा दलको मूल्यमान्यता दर्शाउँछ ।

व्यक्तिगत सदस्यका विधेयक : विपक्षमा बीसीएनडीपीले विगतमा प्रश्न अवधिमा गहन आदानप्रदानको विषय हुने गरेका र विद्यमान प्रशासनका कमीकमजोरीप्रतिको प्रतिक्रिया जनाउने विभिन्न प्रकारका व्यक्तिगत सदस्यका विधेयकहरू ल्याएका छन् । प्रस्तावित केही विधेयक स्वास्थ्यस्याहार संरक्षण, बाल कल्याणका सवाल, भूमि जोत्ने व्यक्तिका सवाल, एक स्वतन्त्र बजेट अधिकृत राख्ने, अभियानका आर्थिक स्रोतसम्बन्धी सुधार, वकालतकर्ता दर्तासम्बन्धी सुधारबारे छन् । यी विधेयकहरूमाथि विरलै छलफल भए पनि, दलका नीतिलाई अघि सार्न र अर्को निर्वाचनमा दलको मञ्चको सम्भावित मूल अंगका लागि महत्वपूर्ण कदम हुन् । व्यक्तिगत सदस्यका विधेयकलाई सामान्यतया ककस्का अनुसन्ध(ानकर्ताले आलोचक वा नेताको कार्यालयसँग काम गर्दै तयार पारेका हुन्छन् र प्रस्तावको जटिलताका आधारमा बाह्य विज्ञहरूलाई पनि सङ्लग्न गराउन सक्छन् । प्रायजसो सबैभन्दा पहिलो कदम भनेको विशेषगरी यदि संघीय दल वा अन्य प्रदेशको एनडिपी शाखाले उक्त सवालमा काम गरिसकेका छन् कि भनेर भएकै विधेयकको समीक्षा गर्नु हो ।

सदस्यका अभिव्यक्ति, व्यक्तिगत सदस्यका अभिव्यक्ति र निवेदनहरू : व्यक्तिगत सदस्यका नीतिगत प्राथमिकताबारे सञ्चारमा सहयोग पुऱ्याउनेअन्य तीन प्रकारका कामहरू छन् । सदस्यहरूका अभिव्यक्ति प्रायजसो मतदाताका सरोकार वा कुनै गैरदलीय सवालबारे हुनेगर्दछन्। सत्र चलेको प्रत्येक दिन त्यस्ता तीन अभिव्यक्तिका लागि स्वीकृति दिइन्छ र ती दुई मिनेटभन्दा बढीका हुनुहुँदैन । व्यक्तिगत सदस्यका अभिव्यक्तिमा ककसका एक आलोचक र व्यवस्थापिका सभाका तर प्रायः मन्त्रीमण्डल बाहिरका एक सरकारी सदस्यबिच १५ मिनेटको बहस हुन्छ । यी १५ मिनेटका बहसमा दुईओटा विपक्षीबाट र दुइओटा सरकारबाट गरी जम्मा चारओटालाई सोमबारका बिहान प्रस्तुत गरिन्छन् । व्यक्तिगत सदस्यका निवेदनलाई सभाका व्यवस्थापन समितिको स्वीकृतिमा कुनैपनि सदस्यले प्रस्ताव गर्न सक्छन् । ती निवेदन मतदाताका बारेमा वा आलोचनाका सवालमा हुनसक्छन् र सोमबारका बिहानमा एक घण्टाको बहसका लागि तिनको आह्वान गरिन्छन् । कहिलेकाहीँ आह्वानबिना पनि दर्जनौँ प्रस्ताव पेश भएका हुन्छन् । तर, व्यक्तिगत सदस्यका विधेयकमा जस्तै, निवेदनको प्रकाशन पनि नीतिगत प्राथमिकताहरूलाई प्रकाशमा ल्याउने अर्को मौका हो ।

ना प्रतिनिधित्व भएका सबै प्रदेशभरी संयोजित गरिएको, साइकलमा करछुटको एक प्रस्ताव पेश गरे। त्यसको साथसाथै, ग्रीनबाट निर्वाचित भएका धेरै पदाधिकारीले उक्त कर तिर्न अस्वीकार गरे । ग्रीनहरूले यस मुद्दालाई, कर सङ्कलनका लागि लाग्ने खर्च त्यसबाट हुने आम्दानीभन्दा निकै उच्च रहेको तर्क गर्दै प्रत्येक बजेटसम्बन्धी बहसमा उठाइरहे । अन्ततः एकपछि अर्को प्रदेश गर्दै कानुननिर्माताहरूले उक्त कर उन्मूलन गरे । यसबाहेक, दुर्घटनामा कमी ल्याउने तरिकास्वरूप ग्रीनहरूले विद्यालय वरपर गति सिमितता घटाउने आह्वान गरे। यी मुद्दालाई ट्राफिक तथा सार्वजनिक कार्य समितिमार्फत् उठाउँदै, उनीहरूले विद्यालय नजिक ३० किमी/घण्टाको गति सिमितताका लागि समर्थन जुटाए । अहिले यहि गति सिमितता राष्ट्रिय कानुन बनेको छ । यी प्रयासका कारण बेल्जियमको सार्वजनिक नीति एजेण्डामा परिवर्तन आयो, किनकि परम्परागत दलहरूले आफ्ना नीति प्रस्तावमा साइकलयात्रीका सुरक्षालाई बढी जोड दिन थाले ।

निश्चित नीतिगत सफलताबाहेक, वातावरणीय सरोकारमा मूलप्रवाहका रजनीतिक दलहरूको बढी जोडका लागि पनि ग्रीन र अन्य वातावरणसम्बन्धी समूहहरू सफल भएका छन् ।सुरुमामा एक "विरोध" समूहका रूपमा व्याख्या गरिएको एक अभियानले मूलप्रवाहको रजनीतिमा परिवर्तन ल्याइदिन सफल भएको यो एक उदाहरण हो । आफ्नो पनि सफलताका परणामस्वरूप, ग्रीन पार्टीहरूले शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सुरक्षा लगायतका फराकिला विषयमा विश्वसनियता बढाएर आफ्नो छवि र धारणालाई थप सुदृढ बनाउनु परेको थियो। उदाहरणका लागि, १९९०को दशकको प्रारम्भमा, जर्मन ग्रीन पार्टीले हरित अर्थतन्त्रबारे आफ्ना विचारहरू विकास एवं प्रचारप्रसारका प्रयासहरूमा उल्लेख्य लगानी गरेको थियो । सुरुमामा 'हरित औद्योगिक सुधार' मा केन्द्रित हुँदै, हरित नीतिहरूले सृजना गर्नेरोजगारीका अवसरमा जोड दिन थाले । अहिले उक्त दलले आफ्नो "नयाँ हरित सम्झौता"मा धेरैओटा प्रस्तावहरू ल्याएको छ, जसले गर्दा उनीहरूले पहिलोपटक एक राज्य-सरकार (बाडन-वुरटमबर्ग)को नेतृत्व गर्ने अवसर प्राप्त गरेका छन् । त्यसैगरी, २००९को युरोपेली निर्वाचनमा ग्रीनहरूले नयाँ हरित सम्झौताबाट आफ्नो अभियान चलाए, जसमा विस्तृत आर्थिक नीतिका प्रस्तावहरू समावेश छन् । हालको समयमा, अष्ट्रेलिया, न्युजिल्याण्ड र धेरैओटा युरोपेली देशहरूमा ग्रीन पार्टीहरूले नयाँ हरित सम्झौता जस्तै प्रकारका मुद्दाहरूमा अभियान चलाएर निर्वाचनमा राम्रो नतिजा ल्याएका छन् ।

दलीय नीति अगाडि बढाउने प्रयासबारे प्रतिवेदन

राजनीतिक दलका नीति प्रवर्द्धनबारे प्रचारप्रसार र जवाफदेहिता सुनिश्चित गर्ने प्रयासमा यी लगायत पर्छन् : सार्वजनिक पदमा निर्वाचित सदस्य र कार्यपालिका एवं व्यवस्थापिका बाहिर रहेका दलका पदाधिकारीबिच नियमित बैठकहरू ; मन्त्रीहरू र सांसद् एवं गभर्नर जस्ता दलबाट निर्वाचित पदाधिकारीहरूबिच बैठक ; र दलका विभिन्न एकाइहरूबिच समन्वयका साथै व्यवस्थापिका र कार्यपालिकामा कार्यरत निर्वाचित पदाधिकारीमार्फत् दलका नीति प्रवर्द्धनका प्रयासबारे प्रतिवेदन तयार पार्न विशेष व्यक्तिहरूलाई जिम्मेवारी दिने । उदाहरणका लागि, क्यानेडियन प्रधानमन्त्री पल मार्टिनले प्रत्येक मन्त्रीको कार्यालयभित्र संसदीय मामिला निर्देशक भन्ने वरिष्ठ तहको पद सृजना गरेका थिए । यी निर्देशकहरूले आफ्ना सम्बन्धित मन्त्रीका तर्फबाट ककस्सँग समन्वय गर्थे । उनीहरूको जिम्मेवारीमा सांसद्हरूसँग व्यक्तिगत रूपमा व्यक्तिगत सदस्यका विधेयकबारे छलफल गरेर उक्त विधेयहलाई मन्त्रीमण्डलले समर्थन गर्नसकिने बनाउनका लागि वर्ताको प्रयास गर्ने वा ती प्रस्तावलाई समर्थन गर्न नसकिनुका कारण बताउने लगायतका थिए । यी तथा अन्य प्रयासका बाबजुद पनि परम्परागत एवं उदाउँदो लोकतान्त्रिक मुलुकका राजनीतिक दलहरूले चुनौतीहरूको सामना गरिरहेका हुन्छन्, जसकारण नीतिमा सङ्लग्न दलका विभिन्न संरचनामाझ प्रभावकारी समन्वय सुनिश्चित गर्नु महत्वपूर्ण हुनेगर्दछ। जस्तै, हँगेरीका एक पूर्व सांसद्ले एनडीआईको एक अर्को अध्ययनमा भनेका थिए :

> *यो सबैतिरको एक पीडादायी प्रश्न हो भन्ने मलाई लाग्छ। ककस् र सरकारबिच सधैं ठुलो लडाँई चलेको हुन्छ । ककस्ले सधैं कानुननिर्माणमा बढीभन्दा बढी रायसुझाव राख्न चाहन्छ, तर सरकारलाई त्यो मन पर्दैन । सरकारले प्रशासनद्वारा मस्यौदा तयार पार्न चाहन्छ र यो कुरामा सधैं द्वन्द्व हुन्छ ।*[७७]

परामर्शका लागि लाग्ने समय र कुनै नीतिगत मुद्दा

उठ्नेबित्तिकै त्यसमा प्रतिक्रिया जनाउने क्षमताबिचको सन्तुलन पनि यी तनावका कारणमध्ये एक हुन् । यसले दलको स्थानीय संरचनाका साथै निर्वाचित पदमा भएका दलका नेता र कार्यपालिका तथा व्यवस्थापिका भन्दा बाहिर रहेका दलका संरचनाबिच परामर्शको अवसर घटाइदिन्छ । विधेयक सत्रमा भएका बेला बीसीएनडीपीको ककस्ले विधेयकबारे छलफल गर्न र आउँदा सवालबारे प्रतिक्रिया वा रणनीतिबारे कम्तीमा पनि दिनमा एकपटक भेट्नेगर्दछ। विधेयक सत्रबाट बाहिरिसकेपछि, एकभन्दा बढी दिनका बैठक र कन्फरेन्स् कलहरूको आयोजना गरिन्छन् । छिटो प्रतिक्रिया जनाउनुपर्ने तर नीतिगत रूपमा प्रष्ट नभएका मुद्दाहरू उठेमा वा दलले अवलम्बन गरेको धारणाबाट प्रतिक्रिया जनाउँदा राजनीतिक कठिनाई आउनसक्छन्, र दलको नेताले अब कसरी अघि बढ्ने भन्नेबारे निर्णय लिनुपर्ने हुन्छ । दलको विधान र अपनाउनुपर्ने बाटो अनुरूप उक्त मुद्दालाई प्रादेशिक परिषद् वा कार्यकारीमा लग्नुपर्ने भए पनि, त्यसो गर्नु सधैं व्यवहारिक नहुने हुँदा, आकस्मिक मुद्दाहरूको व्यवस्थापनका कारण कहिलेकाहीँ ककस् र दलबिच मनमुटाव हुनेगर्दछ। गोपनियताको आवश्यकताका कारण पनि सरकारमा अवस्था थप जटिल हुनसक्छ, जसकारण दलको विधानले निर्देश गरेअनुसार दलसँग गर्नुपर्ने परामर्श एक असम्भव विकल्प हुनसक्छ ।

स्वीडेनको सोसियल डेमोक्रेटिक पार्टीमा दलका विभिन्न संरचनाका स्वार्थहरूबिच मध्यस्थता गर्ने जिम्मेवारी दलको नेताको हुन्छ । यसबाहेक, दलको प्रधानकार्यालयमा आयोजित संसदीय समूह र राष्ट्रिय कार्यकारी बोर्डबिचको बैठकले नीतिनिर्माण निर्वाचित पदाधिकारीका मात्र कार्यक्षेत्र नभएर दलको जिम्मेवारी हो भन्ने पुनर्स्मरण गराउँछ । माथि भनिएजस्तै, क्यानेडियन लिबरल पार्टीमा, दलको अनुमोदित औपचारिक नीतिसँगको सम्बन्ध छुट्नसक्ने चिन्ताका कारण दलको नियममा एक संशोधनमार्फत् ककस् जवाफदेहिता अधिकृतको पद सृजना गरिएको छ, जसले दलका नीतिगत प्रस्तावनाहरू कार्यान्वयन गर्नका लागि ककस् (वा सरकारमा भएका समयमा मन्त्रीमण्डलले गरेका प्रयासहरूबारे अध्यक्षहरूको परिषद् र राष्ट्रिय सम्मेलनहरूमा प्रतिवेदन पेश गर्दछन्। ककस् जवाफदेहिता अधिकृतदले ककस् कार्यदल प्रतिवेदन, व्यवस्थापिका समितिहरूका काम, प्रश्न सोध्ने अवधिमा सोधिएका प्रश्न, व्यक्तिगत सदस्यका विधेयक र यदि कुनै हस्तक्षेपकारी निर्वाचन भएको भए राष्ट्रिय घोषणापत्रमा नीतिको समावेशिता लगायतका अघिल्लो सम्मेलनदेखि ककस्ले प्रत्येक प्रस्तावनामा चालेका कदमहरूको विस्तृत विवरणसहितको एक लिखित प्रतिवेदन पत्र पेश गर्दछन्।

दलको अधिवेशनलाई प्रतिवेदन

धेरैओटा स्थापित लोकतन्त्र भएका देशहरूमा, दलका अधिवेशको एजेण्डामा सामान्यतया संसदीय समूहका नेताहरूको प्रतिवेदन पनि समावेश भएको हुन्छ । ती सत्रमा सहभागीहरूले प्रश्न सोध्न पाउँछन् र आफ्ना नेताहरूलाई कानुन निर्माणसम्बन्धी क्रियाकलापका लागि जवाफदेही बनाउन सक्छन् । उदाहरणका लागि, नर्वेका निर्वाचित पदाधिकारीहरूले दलका नीति अघि सार्ने प्रयासबारे दलको केन्द्रिय बोर्ड र दलका अधिवेशनमा प्रतिवेदन पेश गर्नुका साथै अधिवेशनका प्रतिनिधिहरूसँग प्रश्नोत्तर सत्रमा पनि भाग लिन्छन् । बेलायतको लिबरल डेमोक्रेटका प्रमुख ह्विपले २०१२ अगस्तको दलको अधिवेशनमा पेश गरेको प्रतिवेदनले गठबन्धन सरकारमा काम गर्दाका केही चुनौतीहरूबारे चर्चा गर्दै, "सैद्धान्तिक दबाब"मार्फत् आफ्नो दलले सरकारका नीतिमा प्रभाव पार्ने प्रयास गरेकोमा जोड दिएको थियो । यसबाहेक, उनले केही विशेष सांसद्का उपलब्धीहरूमाथि प्रकाश पार्नुका साथै, पत्राचारको बृद्धिसँग संसदीय दलले कसरी अनुकूलन गरिरहेका छन् भन्ने व्याख्या र व्यवस्थापिकाको चालू सत्रका लागि योजनाको सारांश (मतदानका मनसायसहित) र सरकारमा रहेका मन्त्रीहरू र व्यक्तिगत सदस्यहरूले पेश गरेका कानुनका सूची समावेश गरेका थिए ।[७८] उक्त प्रतिवेदनमा कुनै विशेष कानुनका बारेमा उल्लेख थिएन, यद्यपि गठबन्धन सरकारका लक्ष्यहरू हासिलतर्फका प्रगति मूल्याङ्कन गर्ने, कमीकमजोरी पत्ता लगाउने र बाँकीको सरकारका लागि प्राथमिकताहरू तय गर्ने उद्देश्यका साथ एक मध्यावधि समीक्षाको योजना पनि गठबन्धन सरकारले गरेको थियो । दलको सम्मेलनमा एक सांसद्ले समीक्षा गरिनुपर्ने मुख्य सवालहरू प्रस्तुत गर्दै उक्त विषयमा एक प्रश्नोत्तर सत्रको नेतृत्व गरेका थिए ।

सार्वजनिक भ्रमणहरू

राजनीतिक दलहरूले शासकीय प्रणालीका संस्थाहरूमार्फत् सार्वजनिक नीतिमा प्रभाव पार्नुका साथै, दलका नीतिहरूप्रति समर्थन जुटाउन र तिनको प्रवर्द्धनका प्रयासबारे बताउन उनीहरू सार्वजनिक भेटघाट, सञ्चारजगत् र अन्य माध्यम लगायतका सार्वजनिक मञ्चहरूको पनि प्रयोग गर्दछन्। बीसीएनडीपीले १७ वर्षसम्म विपक्षमा बिताएपछि, १९९१मा चुनाव जिते। सो दलले विभिन्न प्रकारका नीतिगत क्षेत्रहरूमा ४८ भाग र १२९ ओटा संक्षिप्त वाचाहरू भएको "अ बेटर वे" नामक एक घोषणापत्रबाट आफ्नो अभियान चलाएका थिए । विपक्षमा बसेको त्यति लामो समयपछि दलका अभियन्ताकाअपेक्षा निकै उच्च थिए। यद्यपि, नयाँ सरकारले अपेक्षा गरेका भन्दा धेरैओटा समस्याहरूको सामना गर्नुपरेको थियो, जसमा परास्त भएको सरकारले बताएको भन्दा निकै उच्च बजेट घाटा लगायतका समस्या थिए । अभियानका गरिएका प्रतिबद्धताको लामो सूचीमा प्रगति अपेक्षित गतिमा भएन। १९९३को हिउँदमा, इलाकाबाट निर्वाचित प्रतिनिधिका सहयोगमा मन्त्रीमण्डलका सदस्यहरूले प्रदेशका सबै भागमा दलका अभियन्ताहरूसँग भेट्नका लागि एक "जवाफदेहिता भ्रमण" को १४ बटा कार्यक्रम सञ्चालन गरे । त्यसपछि, बीसीएनडीपी सरकारले १९९४को हिउँदमा हुने दलको सम्मेलनका लागि एक दुईवर्षे प्रगति प्रतिवेदन तयार पाऱ्यो। त्यस ४२ पृष्ठको दस्तावेजमा सरकारले मञ्चको प्रतिबद्धता प्रवाह गर्नका लागि चालेका सयौं कदमहरूलाई एक-एक बाचा अनुसार सूचीकृत गरिएको थियो ।

मुख्य नीतिसम्बन्धी योजनाबद्ध वक्तव्यहरू

दल वा सरकारको परम्परा अनुसार र कहिलेकाहीँ कानुनी प्रावधानका आधारमा, राजनीतिक नेताहरूले प्राय नियमित रूपमा मुख्य नीतिसम्बन्धी योजनाबद्ध वक्तव्यहरू दिने गर्दछन्। यस्ता वक्तव्य राजगद्धीबाट वा सरकार प्रमुखबाट संसदमा वा आफ्नो कार्यालयबाट दिएका हुनसक्छन् र सत्तापक्षको वक्तव्यको प्रतिक्रियाका लागि विपक्षले पनि तिनको प्रयोग गर्न सक्छन् । वार्षिक बजेट प्रस्तुति र तत्पश्चात्का बहसहरूले पनि त्यस्तै प्रकारका अवसर प्रदान गर्दछन्। यसबाहेक, राष्ट्रियस्तरका, उच्च प्रतिष्ठा भएका संस्थाहरू र वकालत समूहहरूले आयोजना गर्ने वार्षिक बैठकहरूमा उनीहरूका सदस्यहरूलाई सम्बोधन गर्न दलका नेताहरू आमन्त्रित हुँदा पनि दल तथा नेताहरूले आफ्ना मुख्य नीतिसम्बन्धी घोषणा गर्ने वा वक्तव्यहरू दिने अवसर पाउँछन् ।

उदाहरणका लागि, अमेरिकाका राष्ट्रपतिले हरेक वर्ष संसदमा एक स्टेट अफ द युनियन नामक वक्तव्य दिन्छन् । उक्त वक्तव्यले सामान्यतया देशको अवस्था बताउनुका साथै आउँदो वर्षका लागि कार्यपालिकाको व्यवस्थापकीय प्राथमिकताहरू पनि बताउँछ। राष्ट्रपति ओबामाले २०१३को आफ्नो स्टेट अफ द युनियनमा धेरैओटा नयाँ रोजगारी सृजना भएको र वैदेशिक उर्जामा निर्भरता घटाउँदै उर्जाका घरेलु स्रोतहरू बृद्धिमा योगदान गरेको लगायतका आफ्नो प्रशासनको उपलब्धीहरू रेखांकित गरेका थिए । उक्त वक्तव्यले सरकारी राजश्व बृद्धिका लागि कर सङ्कलनमा भएका कमीकमजोरी घटाउने, वार्षिक बालशिक्षामा पहुँच विस्तार गर्ने र आप्रवासन सम्बन्धी सुधारहरू लगायतका विभिन्न नीतिगत उद्देश्यहरूमा पनि प्रकाश पारेको थियो । कुनैकुनै कमनवेल्थ देशहरूमा, संसदको सत्र सुरुमा हुनुअघि राजगद्धीबाट दिइने वक्तव्यले पनि उस्तै उद्देश्य बोकेका हुन्छन् ।

दक्षिण अफ्रिकामा एएनसीको राष्ट्रिय कार्यकारीले प्रत्येक वर्षको जनवरी ८मा दलको वार्षिकोत्सव मनाउँदै एक वक्तव्य जारी गर्दछ। यी वक्तव्यले धेरैजसो गएको वर्षमा सरकारका नीतिगत उपलब्धीका समीक्षा र आउँदा वर्षका लागि नीतिगत प्राथमिकताहरू समेटेका हुन्छन्। उदाहरणका लागि, जनवरी २०१३को वक्तव्यमा एचआइभी/एड्स्को संक्रमण दरमा कमी आएको, उच्च माध्यमिक विद्यालयका परीक्षा नतिजामा सुधार भएको बताइनुका साथै भूमि-सुधार र शिक्षामा पहुँच विस्तार, खानेपानी तथा सरसफाईमा थप प्रगतिको आवश्यकता औंल्याएको थियो ।[७९]

मध्यावधि समीक्षा र आवधिक प्रतिवेदनहरू

आयरल्याण्डमा मध्यावधि समीक्षाहरूले प्रगति, आर्थिक अवस्था र सरकारको बाँकी कार्यकालका लागि वास्तविकतापरक लक्ष्यहरूको लेखाजोखा गर्नमा मन्त्रीहरू र निजामती सेवालाई मद्दत गर्ने गरेको पाइएको छ। जस्तै,

२००७को फियान्ना फेल र ग्रीनको गठबन्धनको सरकारी कार्यक्रम अनुमानित ४.५ प्रतिशतको कुल ग्राहस्थ उत्पादनमा आधारित थियो । यद्यपि २००९को अन्त्यतिर आर्थिक मन्दीका कारण धेरैजसो कार्यक्रमहरू प्राप्त गर्न असम्भव भइसकेका थिए । त्यसबाहेक, आर्थिक संकटका सम्बन्धमा सरकारको प्रतिक्रियाबारे गठबन्धनका साझेदारहरू बिचको तनाव र स्थानीय निर्वाचनमा फियान्ना फेलको निराशाजनक नतिजाका कारण गठबन्धनको भविष्यमा प्रश्न उठेको थियो । यी चुनौतीहरूको सम्बोधनका लागि दुई दलले सरकारका लागि आफ्ना कार्यक्रमबारे पुनः वार्ता गरेर बाँकीको आफ्नो कार्यकालका लागि नीतिहरूको पुनर्प्राथमिकीकरण गरेका थिए ।

जनवरी २०१३मा बेलायतको कन्जरभेटिव-लिबरल डेमोक्रेट गठबन्धन सरकारले घाटा न्युनीकरण, शैक्षिक सुधार र निजीक्षेत्रमा रोजगारीको संख्यामा बृद्धि लगायतका आफ्ना मुख्य उपलब्धीहरू प्रकाश पार्दै एक मध्यावधि समीक्षा प्रकाशित गरेको थियो । उक्त वर्णनात्मक मध्यावधि समीक्षाका साथसाथै, गठबन्धनका प्रत्येक प्रारम्भिक लक्ष्यहरू हासिल गर्नका लागि चालिएका विशेष कदमहरू रेखांकन गरिएको एक दस्तावेज पनि उक्त गठबन्धनले प्रकाशित गरेको थियो । आवधिक प्रतिवेदनहरू पनि मध्यावधि समीक्षा जस्तै हुन् तर ती वार्षिक रूपमा वा प्रशासनको कार्यकालको अन्त्यतिर आउँछन् । भारतमा युनाइटेड प्रोग्रेसिभ एलायन्स् गठबन्धन सरकार अन्तर्गत प्रधानमन्त्रीको कार्यालयले नागरिकका लागि नियमित प्रतिवेदन प्रकाशन गर्दछ, जसमा प्रशासनले अघिल्लो वर्ष गरेका प्रयासहरू र राष्ट्रले सामना गरिरहेका उदाउँदा चुनौतीहरूबारे प्रकाश पारिएका हुन्छन् । सबैभन्दा पहिलोपटक २००४मा गठबन्धनको लामो वार्ता प्रक्रियाको फलस्वरूप आएको राष्ट्रिय न्यूनतम साझा कार्यक्रमतर्फको प्रगतिबारे जानकारी दिनका लागि सुरुमा गरिएको भए पनि, अब यी प्रतिवेदन सरकारमा खुलापन र पारदर्शिता बढाउने बृहत् प्रयासको पाटोका रूपमा एक नियमित अभ्यास बनेको छ । यी प्रतिवेदनमा शिक्षा तथा स्वास्थ्य सेवा, सामाजिक समावेशिता, ग्रामीण तथा शहरी विकास, आर्थिक बृद्धि, वातावरण, विज्ञान तथा प्रविधि, संस्कृति तथा खेलकूद, विपद् व्यवस्थापन, सुरक्षा, काश्मीर, वैदेशिक मामिला, र शासकीय प्रणाली तथा नागरिक समाजसम्बन्धी विषयहरू समेटिएका हुन्छन् । त्यसैगरी, नर्वेको क्रिश्चियन डेमोक्रेट पार्टीले देशको चारवर्षीय राजनीतिक चक्रभरी आफ्ना नीति प्रवर्द्धनका प्रयासहरूमा प्रकाश पार्दै नियमित रूपमा प्रतिवेदन निकाल्छन् ।

सामाजिक सञ्जाल

राजनीतिक दलहरूले आफूले अभियान चलाएका नीतिहरू अघि बढाउनमा आफूले गरेका प्रयासबारे सर्वसाधारणलाई जानकारी गराउनका लागि सामाजिक सञ्जालको पनि प्रयोग गर्ने गरेका छन् । मेक्सिकोको नेशनल एक्सन पार्टी (प्यान)ले गएको दशकमा उनीहरूका सबैभन्दा राम्रा नीति र सबैभन्दा ठुलो उपलब्धीबारे आफ्ना समर्थकहरूको धारणा बुझ्न एक महिना लामो ट्वीटर अभियान चलाएका थिए । यस अभियानमार्फत् सङ्कलित नीतिसम्बन्धी पृष्ठपोषणले दललाई आम नागरिकका गुनासा बुझ्न र उनीहरूको सरोकारका विषयहरूबारे जानकारी प्राप्त गर्न मद्दत मिलेको थियो । यसले दलको सन्देशहरूलाई परिष्कृत गर्न र लक्षित बनाउनमा मद्दत मिल्नुका साथै भविष्यका क्रियाकलापमा बढी नागरिकसम्म पहुँच विस्तार गर्न र टाउन हल मिटिङ्ग, नीतिगत छलफलका वृत्तहरू र मञ्चहरू जस्ता प्रत्यक्ष क्रियाकलापमा सहभागी हुन नागरिकहरूलाई परिचालित गर्नमा पनि सहयोग पुगेको थियो।[८०]

फ्रान्समा निकोलस सार्कोजी २००७मा राष्ट्रपतिका रूपमा निर्वाचित भएको केही समयपछि नै उनको प्रशासनले नागरिकहरूलाई नीतिगत सुधार तथा कार्यान्वयनबारे अद्यावधिक जानकारी प्रदान गर्नका लागि एक अनलाईन जानकारीमूलक तथा प्रतिवेदनात्मक वेबसाइट बनाएका थिए । उक्त वेबसाइटले प्रशासकीय उपलब्धीहरूबारे अंग्रेजी वर्णमालाको "ए देखि जेड"सम्म मार्गनिर्देश समावेश गर्नुका साथै राष्ट्रपतिको अभियानमा जाहेर गरिएका १५ प्रमुख प्रतिबद्धतातर्फका प्रगति रेखांकित वेबमा आधारित रिपोर्टकार्ड पनि समावेश थियो । राष्ट्रपतिले अभियानमा गरेका बाचाहरू पूरा गर्नतर्फ दलले गरेको प्रगतिबारे नागरिकहरूले जान्न पाउँदा बढी पारदर्शिता प्रवर्द्धन हुने भनी सो रिपोर्टकार्डलाई युएमपीले वेबसाइटमा व्याख्या गरेको थियो । उक्त वेबसाइटमा १५ ओटामध्ये प्रत्येक प्रतिबद्धतालाई थप स्पष्ट लक्ष्यहरूमा बाँडिएका थिए । प्रत्येक लक्ष्य अन्तर्गत सो लक्ष्य प्राप्तीका लागि बनाइएका नयाँ कानुन अनुमोदन,

प्रशासनका सदस्यहरूबाट अभिव्यक्त प्रमुख वक्तव्यहरू र परामर्श प्रक्रियाका थालनीजस्ता निर्धारित क्रियाकलपा वा उपलब्धीलाई सूचीबद्ध गरिएका थिए । सो वेबसाइटमा दलको ब्लगको लिङ्कका साथै दलको सदस्य बन्नका लागि र दलको समाचारपत्र प्राप्त गर्नका लागि फारमहरू पनि समावेश गरिएका थिए।[८१]

नीतिमा परिवर्तनबारे जानकारी

दलका पदाधिकारीहरू आफ्ना उपलब्धीबारे बयान गर्न उत्सुक हुनु त स्वभाविक नै भए पनि, आफ्ना नीतिगत धारणामा परिवर्तनबारे जानकारी दिनका लागि सार्वजनिक वक्तव्य जारी गर्ने र सञ्चारमाध्यममार्फत् पहुँच बढाउने काम पनि उनीहरूले गरिरहेका हुन्छन् । २०१२मा बेलायतका तत्कालीन उप-प्रधानमन्त्री रहेका लिबरल डेमोक्रेटका नेता निक् क्लेगले, अभियानमा शैक्षिक शुल्क घटाउने बाचा गरिएको भए पनि आफ्नो दल सो कार्यमा असफल भएकोमा सार्वजनिक रूपमा क्षमा मागेर अस्वभाविक कदम चालेको थिए । सेप्टेम्बर २०१२मा प्रसारित भिडियोमा क्लेगले मतदाताका निराशा र क्रोधलाई स्वीकार्दै आर्थिक भारका कारण कार्यान्वयन गर्न नसकिने नीतिबारे आफ्नो दलले बाचा नगर्नुपर्ने थियो भनेका थिए । उनले सोहि समयमा दलले अन्य नीतिगत क्षेत्रमा हासिल गरेका सफलताबारे सर्वसाधारणलाई स्मरण पनि गराएका थिए ।

उक्त क्षमायाचनाको मिडिया विश्लेषणले त्यस अस्वभाविक कदमका कारणहरू विभिन्न रहेका बताए । पहिलो त शैक्षिक शुल्क बढ्दा देशभरी विरोधहरू भएकाले उल्लेख्य रूपमा मिडियामा सो कुरा छायो, जसले गर्दा लिबरल डेमोक्रेटहरूले अभियानमा गरेका बाचा प्रकाशमा ल्याइदियो । दोस्रो कुरा, निर्वाचनसम्बन्धी सुधारका लागि जनमत संग्रहमार्फत् गरेको लिबरल डेमोक्रेटले प्रस्तावलाई मतदाताहरूले अत्याधिक रूपमा अस्वीकार गरेर २०११मा उनीहरूले अर्को ठुलो नीतिगत असफलताको अनुभव गरेका थिए । उनीहरूको गठबन्धन साझेदार कन्जरभेटिव पार्टीले सक्रिय रूपमा उक्त परिवर्तनविरुद्ध अभियान चलाएका थिए र लेबर पार्टीका नेता उक्त सुधारको पक्षमा भए पनि, उनको दलका अन्य त्यसको विरुद्धमा थिए । तेस्रो कुरा, क्लेगप्रति मतदाताहरू विशेष निराश थिए किनकि २०१०को अभियानका समयमा उनी "एक फरक प्रकारका राजनीतिज्ञ" जस्ता देखिएका थिए भन्ने आशंका मिडियाले व्यक्त गरेका थिए । गठबन्धन सरकारको दुई वर्षपछि, २०१२ सम्ममा, लिबरल डेमोक्रेटप्रतिको समर्थन आधाभन्दा बढी घटिसकेको थियो । यी कारणहरूले गर्दा क्लेगको क्षमायाचनाले थप क्रोध निम्त्याउन सक्ने र केहीले त्यसलाई हास्यास्पद मान्नसक्ने कुरा थाहा हुँदाहुँदै पनि, यस कदमले इमान्दारिताको सन्देश दिने र उनको दलले गुमाएको केही प्रतिष्ठा पुनः हासिल गर्नमा मद्दत मिल्ने आशासहित उनले यो कदम चालेको केही विश्लेषकहरूले निष्कर्ष निकालेका थिए ।

क्रोएसियामा, पूर्व युगोस्लाभियाका लागि अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण (आइसीटीवाई)विरुद्ध कठोर आम संवेदनशिलता हुँदाहुँदै पनि, युद्धकालीन क्रोयसियन जेनेरल एन्टे गोटोभिनालाई पक्राउ तथा हेगमा सुपुर्दगीका लागि राजनीतिक नेताहरूले अन्ततः सहयोग गरेका थिए । गोटोभिनालाई आइसीटीवाईसमक्ष सुम्पिने विरुद्ध बोलेका तत्कालीन प्रधानमन्त्री सानाडेरले युरोपेली संघमा प्रवेशका लागि सो कदम आवश्यक भएको र विधिको शासनमा सुधार एवं युद्धसम्बन्धी अपराधको सत्यता बाहिर ल्याउनका लागि महत्वपूर्ण कदम भएको भन्दै उक्त कदमको औचित्य बताएका थिए । पद ग्रहण गरिसकेपछि दलका प्रतिनिधिहरूले प्रस्तावित नीतिहरूका आर्थिक, सामाजिक तथा राजनीतिक लाभ एवं मूल्यबारे थप जानकारी प्राप्त गर्दछन् र फलस्वरूप दलले मुख्य मानेका नीतिहरूमा परिमार्जन गर्दछन् भन्ने यो एक उदाहरण हो ।

निष्कर्ष

नीति निर्माणका कुनैपनि प्रणालीले सामना गर्ने चुनौतीहरू ठुलो हुनेगर्दछन् ... आधुनिक संसारमा नीतिसम्बन्धी सवालहरू जटिल हुनुका साथै प्रस्तावित समाधानहरू प्रविधिमा आधारित हुनेगर्दछन् ; बहसहरू तीव्र गतिमा अघि बढ्छन् र निर्णयहरू छिटो चाहिने हुन्छन् । साथसाथै हामी निस्क्रिय उपभोक्ता कम र सक्रिय योगदानकर्ता बढी बन्दै गइरहेको संसारमा परामर्श, पारदर्शिता र पृष्ठपोषणको चाहना पनि बुझ्न सकिन्छ र बढ्दो छ ।[८२]

लोकतान्त्रिक मुलुकहरूमा, समाजमा विद्यमान आवश्यकताहरू सम्बोधनार्थ निर्दिष्ट प्रस्तावहरू ल्याएका राजनीतिक दलहरूमध्ये छनोट गर्ने अवसर निर्वाचनले मतदाताहरूलाई दिन्छ । निर्वाचित भइसकेपछि, आफू र आफ्ना दलले अभियान चलाएका नीतिगत प्रस्तावहरू कार्यपालिका र व्यवस्थापिकाका संस्थाहरू वा उनीहरूले प्रभाव पार्ने प्रक्रियाहरू मार्फत् सार्वजनिक पदाधिकारीहरूले तिनको कार्यान्वयन अघि बढाउँछन् । विपक्षमा रहँदा, सत्तामा भएको दलका नीति प्रस्तावमा आफ्ना धारणा मार्फत् आलोचना गर्ने र विकल्पहरू प्रस्तुत गर्ने गर्दछन्। तत्पश्चात् का निर्वाचनहरूमा दलहरूलाई उनीहरूका नीतिसम्बन्धी कार्यसम्पादनमा जवाफदेही बनाउँदै नागरिकले पुरष्कृत वा दण्डित गर्दछन्। आधुनिक लोकतान्त्रिक मुलुकका नागरिकहरूले राजनीतिक दल र पुनः उमेदवारी दिएका सार्वजनिक पदमा निर्वाचित पदाधिकारीको कार्यसम्पादनबारे निष्कर्ष निकाल्ने अवसरबाहेक, राजनीति चक्रभरी नै दुईतर्फी सञ्चारको अपेक्षा गर्दछन्। यसले सरकार र सार्वजनिक पदमा निर्वाचित पदाधिकारीका क्रियाकलापमाथि नागरिकको निरन्तर अनुगमनलाई सम्भव बनाउनुका साथै उनीहरूले आफ्ना सरोकारबारे पृष्ठपोषण पनि दिन सक्छन् । त्यसैगरी, सरकार र सार्वजनिक पदमा निर्वाचित पदाधिकारीले संसदमा आफ्ना क्रियाकलापबारे सर्वसाधारणलाई बताउनुका साथै मतदाताका सरोकारलाई सम्बोधन गर्ने प्रयासबारे जानकारी दिन्छन् । तसर्थ, राजनीतिक दलहरूले सरकारका क्रियाकलापबाट आफ्ना प्रस्ताव विकास तथा कार्यान्वयन गर्न खोज्ने प्रक्रियाका रूपमा, एक प्रतिनिधिमूलक लोकतन्त्र स्वस्थ्य रूपमा सुचारु हुनका लागि दलीय नीति निर्माण सबैभन्दा मुख्य कुरा हो ।

गम्भीरताका साथ हेर्दा, दलको नीति निर्माण एक जटिल प्रक्रिया हो, जसको सुरुमावात समाज कसरी संगठित हुनुपर्छ भन्ने फराकिला राजनीतिक सिद्धान्तहरूको अभिव्यक्तिबाट हुन्छ । यी सिद्धान्तले दलका समर्थकहरूलाई एक साझा दूरदृष्टिमार्फत् एकताबद्ध गर्नमात्र मद्दत नगरेर, विविध प्रकारका सामाजिक तथा आर्थिक समस्या सम्बोधनका लागि विशेष प्रस्तावहरू विकासमा पनि तिनले सहयोग गर्दछन्। यी प्रस्तावहरू विकास गर्नमा प्रयोग हुने दलका संरचना र प्रक्रियाहरूले विभिन्न प्रकारका पात्रहरूबाट सक्दो रायसुझाव लिएको हुनुपर्छ । ती पात्रमा देहायलगायतका पर्छन् : सार्वजनिक नीतिहरूले जसको आवश्यकता र दृष्टिकोण प्रतिबिम्बित गर्नुपर्ने हो, दलका ती सदस्य र आम नागरिक ; विभिन्न नीतिगत विकल्पका सम्भाव्यता, प्रभावकारीता र सम्भावित मूल्य लेखाजोखामा सहयोग गर्ने प्राविधन ज्ञान भएका क्षेत्रगत विज्ञहरू ; र विभिन्न विकल्पका राजनीतिक प्रभाव मूल्याङ्न गर्नसक्ने सार्वजनिक पदमा निर्वाचित वा सार्वजनिक ओहदाबाहिर बसेर दलका संरचनामा काम गर्ने दलका पदाधिकारीहरू । यी विविधतापूर्ण दृष्टिकोणका साथै दलकाृ आफ्नै राजनीतिक सिद्धान्तलाई न्याय दिनसक्ने विभिन्न नीतिगत विकल्प छान्नका लागि दललाई एक वैधानिक प्रक्रियाको आवश्यकता पर्छ ।

दलहरू संसद र कार्यपालिकामा गइसकेपछि, आफ्नो नीति प्रस्तावहरूलाई शासकीय प्रणालीका प्रक्रियामा समाहित गर्नका लागि रणनीतिहरू आवश्यक हुन्छ । अनपेक्षित अवस्थाहरू सृजना हुँदा उनीहरूले आफ्ना सुरुमाका धारणामा थप प्राथमिकीकरण, परिमार्जन वा सम्झौता गर्नुपर्ने वा नयाँ नीतिहरू तर्जुमा गर्नुपर्ने हुनसक्छ । कस्ता कार्यक्रमलाई सरकारका निर्देशिका तथा नियमावली वा कार्यकारी आदेशमार्फत् कार्यान्वयन गर्न सकिन्छन् र कस्ताका लागि कानुनी परिवर्तन आवश्यक हुन्छ भन्ने निर्धारण गर्नका लागि औपचारिक एवं अनौपचारिक औजार तथा रणनीतिहरू आवश्यक हुन्छन् । दलहरूको कार्यपालिकामा नियन्त्रण हुँदा, उनीहरूले नीति विकास तथा कार्यान्वयनमा निजामती सेवाका प्राविधिज्ञहरूका थप विज्ञताबाट लाभ लिन सक्छन् तर अन्य सरकारी प्रतिबद्धता र दबाबले जटिलता थपिदिन सक्छन् । सत्तापक्ष भन्दा निकै सिमित स्रोत उपलब्ध हुने विपक्षी अवस्थामा पनि उनीहरूले नीतिगत विकल्पहरू प्रदान गर्नसक्ने क्षमता प्रमाणित गरिरहनुका साथै, अवरोधक देखा नपरिकन सरकारका प्रस्तावमा आलोचना गर्नुपर्ने हुन्छ ।

आफ्ना नीतिगत प्रस्तावमा व्यवस्थापकीय कदमको आवश्यकता पर्दा राजनीतिक दलहरूले व्यवस्थापकीय प्रक्रियामाथि आफ्नो अधिकतम प्रभाव कायम राख्नका लागि आफ्नो संसदीय समूहलाई संगठित बनाउने रणनीतिहरूको आवश्यकता पर्छ । त्यसभित्र सांसद्का व्यवहारका लागि प्रष्ट नियम तथा अपेक्षाहरू तय, कार्य-विभाजन निर्धारण, दलीय एकताका साथै सांसद्का व्यक्तिगत स्वविवेकको स्वतन्त्रताका आवश्यकतामा सन्तुलन, र विशेष मतदाता समूहका आवश्यकताप्रति संवेदनशीलता कायम राख्नु पर्छन् ।[५३]

साथसाथै, दलहरूले आफ्ना नीतिगत क्रियाकलपाबारे दलका सदस्य तथा संसद बाहिरका पदाधिकारीहरूका साथै सामान्य नागरिकलाई पनि जानकारी गराइरहनु पर्छ ।

बेल्जियम, इराक, कोसोभो, नेदरल्याण्डस्, नर्वे र स्वीडेन जस्ता देशहरूमा गठबन्धन सरकार कुनै अपवाद भन्दापनि एक सामान्य कुरा हो, जसको अर्थ राजनीतिक दलहरूले सरकार बनाउनका लागि आफ्ना नीतिगत प्रस्तावहरूमा सम्झौता गर्दछन्। राष्ट्रपति प्रणालीमा जब राष्ट्रपतिले संसदमा बहुसंख्यक समर्थन पाउँदैनन्, त्यतिबेला कार्यपालिकाले आफ्ना अभियानका प्रस्तावहरू कार्यान्वयन गर्ने प्रयासलाई व्यवस्थापिकामा नियन्त्रण भएको दलले निरुत्साहन गरिदिन सक्छन् । अर्कातिर, सांसद्ले कानुनको प्रस्ताव वा संशोधन गर्नसक्ने क्षमतालाई संसदीय नियम तथा कार्यविधिहरूले सिमित गरिदिन सक्छन् भने, राष्ट्रपतिको कार्यकारी अधिकारले उनका कानुन निर्माणसम्बन्धी एजेण्डामा गठबन्धनका सवालमा वार्ताका लागि र कार्यकारी आदेश वा जनमत संग्रहजस्ता गैर-व्यवस्थापकीय विधिमार्फत् नीति ल्याउन सक्ने विकल्पहरूलाई मजबुत बनाइदिन्छ ।

राजनीतिक दलका तथा नीति निर्माणमा सङ्लग्न हुनसक्ने नागरिक समाज, व्यापारिक समुदाय, सञ्चारजगत्, न्यायपालिका, सरकारी कर्मचारी र अन्तर्राष्ट्रिय साझेदारहरू जस्ता अन्य विभिन्न प्रकारका पात्रहरूका व्यवहार र चाहना विभिन्न प्रकारका प्रोत्साहन र निरुत्साहनमा निर्भर रहने हुँदा अवस्था थप जटिल हुनेगर्दछ। यी समूह तथा व्यक्तिहरूले संसद, कार्यपालिका, विरोध, वकालत वा अन्य तरिका लगायतका औपचारिक तथा अनौपचारिक क्षेत्रका सम्मिश्रण मार्फत् नीति निर्माणलाई आकार दिन्छन् ।[८४] त्यसबाहेक, नीति छनोट र तिनको असरमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, बहुराष्ट्रिय कम्पनीहरू र क्षेत्रीय सङ्गठनहरू लगायतका अन्तरदेशीय शक्तिहरूको प्रभाव बढीरहेको छ । उदाहरणका लागि, बहुराष्ट्रिय कम्पनीहरूले आफ्ना करको दायित्व सिमित गर्नका लागि विदेशका कार्यालयहरूको प्रयोग गर्ने गरेका छन् भने, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले उनीहरूको ऋणका बदलामा विभिन्न वित्तीय सुधार आवश्यक बनाएका हुन्छन् । क्षेत्रीय सङ्गठनहरूले पनि अन्तराष्ट्रिय नियमहरू उल्लंघनसम्बन्धी नियममार्फत् आफ्ना सदस्य राष्ट्रका नीतिलाई निष्प्रभाव पारिदिएका छन् ।

कुनैपनि एक औसत मतदाताले यी सबै जटिल प्रक्रियाका सरलीकृत संस्करण, तिनका परिणाम, आफ्नो व्यक्तिगत अनुभव, रोजाई र पूर्वाग्रहका आधारमा कसलाई मतदान गर्ने भन्ने निष्कर्ष निकाल्छन् । त्यसमाथि, कुनैपनि मतदाताले कुन दललाई समर्थन गर्दछन् भन्ने निर्धारण गर्ने धेरैओटा कारकमध्ये नीति एक कारक मात्र हो । कतैकतै मतदातालाई परिचालित गर्ने मुख्य कुरामा संरक्षण, जातीयता वा धर्म रहेका हुन्छन्, जसले भ्रष्टाचार वा अन्तर-सामुदायिक तनावलाई प्रशय दिँदै सरकारको संवेदनशीलता र जवाफदेहिता जस्ता लोकतान्त्रिक सिद्धान्तका अवमूल्यन गरिरहेका हुन्छन् ।

विभिन्न राजनीतिक दलहरूले आफ्ना नीतिनिर्माणमा भूमिका कसरी पूरा गर्ने प्रयास गर्दछन् भन्नेबारे यस दस्तावेजले वर्णन गरेको छ । नयाँ तथा पुराना सबै लोकतान्त्रिक मुलुकमा, तिनका अन्य परिवेश जेजस्ता भए पनि, दलहरूले सामना गर्ने केही साझा चुनौतीहरू यसप्रकारका छन् :

- आफ्नो संस्थापनका सिद्धान्तहरूप्रति निष्ठा कायम राख्दै, समयसामयिक हुने र आफ्ना प्रतिस्पर्धीका तुलनामा पृथक छवि बनाउनका लागि आफ्नो दलको पहिचान अद्यावधिक गर्ने
- नीति निर्माणमा दलका विभिन्न सरोकारवालाका भूमिका तथा जिम्मेवारी प्रष्टसँग रेखांकन गर्ने नियमहरू बनाउने साथै राजनीतिक परिस्थिति अनुसार अनुकूलनका लागि उनीहरूलाई लचकता प्रदान गर्ने
- नीति निर्माणको प्रक्रियालाई व्यवस्थापन गर्न सकिने बनाउँदै दलका प्रमुख सरोकारवालाहरूलाई नीति निर्माण प्रक्रियामा सङ्लग्न गराउने
- सहभागीले दलका नीतिमा कुन हदसम्मको संशोधन गर्नसक्छन् भन्ने अपेक्षालाई व्यवस्थित गर्दै नीति निर्माणको प्रक्रियामा सहभागितालाई प्रोत्साहित गर्ने र सरोकारवालाका पृष्ठपोषणलाई नीति प्रस्तावहरूमा कसरी समायोजन गरियो भन्नेबारे उनीहरूलाई जानकारी गराउने
- परामर्श गनुपर्ने आवश्यकता र आकस्मिक नीतिगत सवालमा तीव्र प्रतिक्रिया जनाउनुपर्ने आवश्यकताबिच सन्तुलन कायम राख्ने
- कार्यपालिका, व्यवस्थापिका र सरकारबाहिर दलको संरचनामा रहेका दलका पदाधिकारीहरूबिच प्रभावकारी सञ्चार तथा समन्वय सुनिश्चित गर्ने
- प्रायः अधैर्यवान् र शंकालु रहने सर्वसाधारणलाई नीति

अघि बढाएर कार्यान्वयनमा लाने दलका प्रयासहरूबारे सूचित तथा जानकारी गराउने ।

तैपनि, समावेशी नीति निर्माणले बढी वास्तविक एवं राम्रोसँग बनेका नीतिगत विकल्प दिने, धेरै देशमा घट्दो दलीय सदस्यताका समयमा मतदातासँग सम्बन्ध बढाउनमा मद्दत गर्ने, सीमान्तकृत समूहहरूसँग सङ्लग्नताका अवसर दिने, संस्थागत क्षमता बढाउने, मिडियामा सकारात्मक रूपले आकर्षित गर्न सकिने, आफ्नो अस्तित्वको अभिप्रायलाई परिभाषित एवं प्रचारप्रसार गर्न पाइने, सदस्यहरूमा उर्जा थपिने र मतदातामा आफ्नो समर्थन बढ्ने कुरालाई धेरैओटा उदाउँदा र परम्परागत लोकतान्त्रिक मुलुकका राजनीतिक दलहरूले आत्मसात गरेका छन् ।[८५] समर्थकहरूलाई परामर्श प्रक्रियामा सङ्लग्न गराउनका लागि विगतमा उपलब्ध भएका विकल्पहरूभन्दा बढी कुशल तथा कम स्रोत लाग्ने नयाँ प्रविधिहरूको प्रयोग पनि राजनीतिक दलहरूले बढ्दो रूपमा गर्न थालेका छन् ।

यस दस्तावेजमा उल्लेखित अनुभवका आधारमा, दलका नीति विकासबारे असल अभ्यासहरूलाई अन्तिम खण्डमा चर्चा गरिएको छ । यसबाहेक, त्यसमा संसारभरीका अनुभवी वर्तमान एवं पूर्व राजनीतिक नेताका सल्लाहसुझाव पनि समावेश छन् । यी सिकाईहरू पश्चिमी युरोपमा दलीय नीति विकासबारे गरिएको एक अध्ययनको पाटोका रूपमा पचिान गरिएका थिए, जसले यस दस्तावेजका लागि पृष्ठभूमिका जानकारी पनि प्रदान गरेका थिए ।

दलको पहिचान
असल अभ्यास

एक एकताबद्ध राजनीतिक मूल्यमान्यता वा सिद्धान्तहरूबाट संगठित भएका राजनीतिक दलका पहिचान र समर्थनको आधार व्यक्तिगत नेतामा निर्भर नहुने, नेतृत्व परिवर्तन हुँदा पनि दल जीवन्त रहिरहने, र संरक्षणमा भन्दापनि आफ्ना विचारका आधारमा समर्थन जुटाउन सफल हुने सम्भावना बढी हुन्छ । त्यसकारण, राजनीतिक दलहरूले यी कुरा गर्नुपर्दछ :

- आफ्ना सदस्यलाई एकआपसमा बाँधेर राख्ने राजनीतिक सिद्धान्त र/वा विचारधारा पहिचान गर्न सक्षम बनाउने छलफलहरूमा सङ्लग्न गराउने
- दलले प्रतिबिम्बित गर्ने मूल्यमान्यता र सिद्धान्तहरूबारे सदस्यहरूलाई शिक्षित गर्ने
- धेरैजसो मतदाता दलका अमूर्त राजनीतिक सिद्धान्तमा भन्दापनि आफ्ना जीवनमा प्रत्यक्ष प्रभाव पार्ने निश्चित नीति प्रस्तावमा बढी रुचि राख्छन् भन्ने कुरा स्वीकार्ने
- ती सिद्धान्तहरूको आवधिक समीक्षा र समाजमा तथा राजनीतिक परिदृष्यमा भइरहेको उल्लेख्य परिवर्तनले सृजना गरेका आवश्यकता अनुसार तिनको व्याख्या गर्ने तरिकालाई अद्यावधिक गर्ने

आफ्ना सिद्धान्त र विचारधाराका आधारमा दलहहरूले यी कुराहरू गर्नुपर्छ :

- स्पष्ट नीतिगत प्राथमिकताहरू स्थापित गरेर ती क्षेत्रहरूमा नेतृत्व लिने अवसर सृजना गर्ने, र
- सामाजिक तथा आर्थिक अवस्थाहरूमा ती सान्दर्भिक रहेको र राजनीतिक प्रतिस्पर्धीका तुलनामा आफ्नो दल रणनीतिक रूपमा राम्रो अवस्थामा रहेको सुनिश्चित गर्नका लागि तिनको नियमित समीक्षा गर्ने ।

समकक्षी सल्लाह

- कुनैपनि राजनीतिक दलले आफ्नो नीति विकास गर्नुअघि आफ्नो मूल्यमान्यता र विचारधारागत अभिमूखीकरणबारे ज्ञान हुनुपर्छ । यी कुरामा अस्पष्ट रहेका दलहरूले आफ्ना मूल सिद्धान्त, दूरदृष्टि र राजनीतिक आस्थाबारे आन्तरिक छलफल गरेर तिनका आधारमा मञ्च बनाउनुपर्छ । स्पष्टसँग परिभाषित गरिएका दलका मूल्यमान्यताले नीति विकासका लागि मार्गदर्शनको काम गर्न सक्छन् । नीति तर्जुमा गर्ने व्यक्तिहरूलाई कुन मार्गदर्शनको अनुसरण गर्ने भन्ने थाहा हुनुपर्छ र ती सिद्धान्त अंगीकार गर्ने नीति प्रस्तावहरू विकास गर्नुपर्छ ।
- तपाईँको दलको मुख्य नीतिगत क्षेत्रहरूलाई नियमित रूपमा समीक्षा, नवीकरण र विस्तार गर्नुपर्छ । राजनीतिक दलहरूमा प्रायजसो उनीहरूको पहिलो नेता वा पहिलो विचारधारामा आधारित विशेष छवि हुनेगर्दछ। जब राजनीतिक दल नीतिगत बहसमा सहभागी हुन्छ,

त्यसपछि दलले कस्तो अभिव्यक्ति दिन्छ र उनीहरूका प्रतिस्पर्धीले के गर्दछन् भन्ने आधारमा उनीहरूको त्यो छविमा परिमार्जन हुँदै जान्छ। एक स्पष्ट नीतिगत क्षेत्रमा केन्द्रित हुँदा दलको एकता सुदृढ हुन्छभने, नीतिगत प्रस्तावका समीक्षा, नवीकरण र विस्तारले राजनीतिक दललाई सामाजका परिवर्तनशील आवश्यकता र मान्यताहरूको उचित सम्बोधन गर्न सक्षम बनाउँछ।

नीति विकासमा दलका नियम

- दलहरूले नीति विकास गर्ने मूल तत्व तथा सिद्धान्तहरू र कस-कसको सङ्लग्नता रहन्छ भन्ने कुरालाई आफ्नो नियममा समायोजन गरेको हुनुपर्छ। राजनीतिक अवस्था परिवर्तन भएसँगै नीतिगत प्रक्रिया अनुकूलन गर्नसकिने गरी यी नियमले लचकता दिन सक्नुपर्छ। नयाँ राजनीतिक दलहरूले नीति विकासमा आफ्नो ध्यान केन्द्रित गर्न थालि रहँदा, पहिले परीक्षण गरेर त्यसअनुरूप नियमलाई अद्यावधिक गर्नु उचित हुनसक्छ।

समकक्षी सल्लाह

- दलका नियमले निर्णयसम्बन्धी स्पष्ट क्रमाचारका साथसाथै सदस्यहरूको अधिकार एवं दायित्वबारे विस्तृत रूपमा वर्णन गरेको हुनुपर्छ। एक निर्धारित निर्णय प्रक्रियाका साथसाथै अकस्मात आइपर्ने महत्वपूर्ण मुद्दाहरूका लागि दिशानिर्देश गर्ने दलका मूलभूत मूल्यमान्यतासहितको दस्तावेज हुनु अत्यावश्यक हुन्छ। नीति विकासका प्रक्रियामा सहभागी हुने सदस्यका अधिकार प्रत्याभूत गर्ने प्रावधानहरूले उनीहरू कुन चरण वा चरणहरूमा सङ्लग्न हुन पाउँछन् भन्ने स्पष्ट पारेको हुनुपर्छ। त्यसले दलका सदस्यहरूलाई नीति विकासको प्रक्रियामा आफ्नो भूमिकाका लागि तयारी गर्नमा मद्दत पुग्छ।
- विविध प्रकारका अवस्था अनुरूप काम गर्न सकिने गरी नियममा लचकता हुनुपर्छ। राजनीतिक परिस्थितिहरू निरन्तर परिवर्तन हुन्छन् र अनपेक्षित अवस्थाहरू निरन्तर सृजना हुन्छन्, साथै दल सत्तामा हुँदा र विपक्षमा हुँदा कार्यविधिहरू फरक हुने गर्दछन्। अति निर्दिष्ट वा जटिल प्रावधानले दललाई अनुकूलित हुन र लक्ष्यहरू प्राप्तीमा कुशलता हासिल गर्न असक्षम बनाउँछ। धेरैजसो देशमा दलप्रतिको समर्थन क्षेत्र अनुसार फरक हुनेहुँदा, नियमले भौगोलिक तथा चुनावक्षेत्रमा आधारित भिन्नताहरूलाई पनि समेटेको हुनुपर्छ। त्यसै अनुसार, बढी जोशिला क्षेत्रमा धेरै काम र कम क्षमता भएका क्षेत्रलाई अधिक भार नपर्ने गरी नीतिगत संरचनाले विभिन्न तहका सङ्लग्नता अनुरूप अनुकूलन गर्ने क्षमता राख्नु पर्दछ।

सहभागितात्मक नीति प्रक्रिया
असल अभ्यास

राजनीतिक दलहरूले देहाय अनुसारका नीतिगत प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- वरिष्ठ नेतृत्वकर्ताको प्रतिबद्धता र नेतृत्व रहेको
- नीति तर्जुमा प्रक्रियाको व्यवस्थापनलाई दलका सदस्यहरूले विश्वसनीय र वैधानिक मान्ने एक संरचनामा ढालेर आधिकारिकता प्रदान गर्ने
- ती नीतिलाई कार्यपालिका र व्यवस्थापिकामा अघि बढाउन जिम्मेवार हुने निर्वाचित पदाधिकारी वा उमेदवारहरूलाई सङ्लग्न गराउने
- नीतिसम्बन्धी उपलब्ध अनुसन्धान तथा विज्ञताको उपयोग गर्ने, र
- निर्वाचित पदाधिकारी र नागरिक/समर्थकहरूबिच नियमित सञ्चारको प्रावधान राख्ने साथै निर्वाचित पदाधिकारीहरूले कानुनसम्मत रूपमा दलका नीति अघि बढाउनका लागि गरेका प्रयासहरूबारे दलका सदस्यहरूलाई जानकारी गराउने संयन्त्र बनाउने।

दलहरूले निम्नलिखित कुराहरू पनि गर्नुपर्छ :

- दलका नीतिगत प्रक्रियाबारे स्थानीय संरचना एवं मुख्य मतदाता समूहलाई जानकारी दिएर उक्त प्रक्रियामा सहभागी हुन प्रोत्साहन गर्ने
- सदस्य एवं सरोकारवालाहरूलाई नीति विकास प्रक्रियामा सङ्लग्न गराउन र दलका नीति अघि बढाउनमा उनीहरूको प्रयासबारे सञ्चार गर्न विभिन्न प्रकारका विधिहरूको प्रयोग गर्ने। नीति निर्माण प्रक्रियाको विभिन्न चरणमा आफ्ना सदस्य, नीतिसम्बन्धी विज्ञ र सर्वसाधारणलाई सङ्लग्न गराउनका लागि राजनीतिक

दलहरूले विविध प्रकारका विधिहरू अपनाउन सक्छन् । सर्वेक्षण, व्यक्तिगत भेटघाट र विभिन्न प्राविधिक मञ्चहरू प्रत्येकका आफ्नै फाइदा र बेफाइदा छन् । परामर्शका विविध विधिहरूको प्रयोगमार्फत् राजनीतिक दलहरूले सहभागिताको अवसर बढाउन सक्छन् ।

समकक्षी सल्लाह

- आफ्ना सदस्यहरूलाई महत्वपूर्ण मुद्दाहरूमा सङ्लग्न गराउनसक्ने दलको नेतृत्वको उर्जा र प्रतिबद्धतामा नीति विकास तथा कार्यान्वयनको सफलता निर्भर रहन्छ । दलको नेतृत्वमा दलको नेतामात्र नभएर निर्वाचित पदाधिकारी तथा दलका वरिष्ठ पदाधिकारीहरू पनि पर्छन् । निर्णयहरूबारे बताउन र रायसुझाव माग्नका लागि दलको नेतृत्वले मिलेर काम गर्नुपर्छ । सदस्यहरूको सङ्लग्नताले एक प्रतिभाशाली एवं जाँगरिलो नेतृत्वलाई झल्काउँछ, जसले अन्ततः सङ्गठनलाई अझै बलियो बनाउँछ ।
- स्थापित र विकसित हुँदै गरेको, दुवै प्रकारका दलमा सहभागितात्मक नीति विकास प्रक्रिया हुनु अपरिहार्य हुन्छ । नीति अनुमोदन तथा कार्यान्वयनमा उच्च तहको आम विश्वास एवं सहमतिको आवश्यकता पर्ने हुनाले, दलका नीतिमा समर्थन जुटाउनका लागि सकेसम्म धेरै व्यक्ति र संस्थाहरूलाई समावेश गर्नुपर्छ । यद्यपि, यदि परामर्श प्रक्रिया अति नै सम्हाल्न नसकिने भयो भने, राम्रा विचारहरूमा ध्यान नपुऱ्याउन नसकिने हुन सक्छन् । स्थानीय संरचना, सांसद् र आबद्ध संस्थाहरूसँग परामर्श गरेर नीतिमा उच्च तहको सहमति कायम राख्नका लागि काम गर्नुपर्छ । त्यस अतिरिक्त, दलको आन्तरिक सहमति सुनिश्चित गर्नका लागि, दलको अधिवेशन जस्ता निर्णायक अंगहरूबाट सबै प्रमुख नीतिहरूको अनुमोदन गराइनु पर्छ ।
- नीति बनाउने काममा मुख्य जिम्मेवारी दलको कुन संरचनाको हो भन्ने स्पष्ट निर्धारण गरिनुपर्छ र दीर्घकालीन नीतिबारे अनुसन्धान गर्न एवं उदाउँदा सवालहरूमा तीव्र प्रतिक्रिया जनाउनका लागि उनीहरूसँग पर्याप्त स्रोत र संरचना भएको सुनिश्चित गर्नुपर्छ । नीति विकासको संरचनाभित्र, विशेष नीतिगत क्षेत्रको विश्लेषण गर्नसक्ने मान्यताप्राप्त विज्ञहरूको साना समूह समावेश गर्नुका साथै फराकिला लक्ष्य तय गरिनुपर्छ र उपयुक्त रणनीतिहरू पहिचान गरिनुपर्छ । तय गरिएका लक्ष्यका आधारमा, टोलीका सदस्यहरूलाई उनीहरूको विज्ञताका विभिन्न उप-क्षेत्रभित्र जिम्मेवारी तोक्दै कार्यविभाजन गरिनुपर्छ । यी विज्ञहरूका सम्बन्धित नीतिगत क्षेत्रमा कुनै मुद्दा आइपरेमा, द्रुत प्रतिक्रिया तयार गर्नका लागि तुरुन्तै बोलाउन सकिनेगरी यी टोलीलाई आकस्मिक टोलीका रूपमा प्रयोग गर्न सकिन्छन् । नीति विकास संयन्त्रहरूले दललाई राजनीतिक चक्रभरी नै नीतिसम्बन्धी विचारहरू निरन्तर दिइरहनका लागि यी संयन्त्रले निर्वाचनहरूको बिचको अवधिमा पनि निरन्तर काम गरिरहनु पर्छ ।
- नीति निर्माण प्रक्रियालाई दलको आवश्यकता र मूल्यमान्यता अनुरूपको बनाउनका लागि संशोधन वा पुनरावलोकन गर्न डराउनु हुँदैन । दलले एकपटक अवलम्बन गरेको संरचना, विशेषगरी यदि त्यसले राम्ररी काम गरिरहेको छैन भने, स्थायी नै रहनुपर्छ भन्ने हुँदैन । सर्वोत्तम नीतिगत संरचना तथा प्रक्रियाहरू विकासमा प्रायः समय लाग्छ र तैपनि समयसँगै तिनको परिवर्तन आवश्यक हुनसक्छ ।
- नीति विकास प्रक्रियामा राजनीतिज्ञहरूलाई नेतृत्वदायी भूमिका दिनुहोस् । यसले गर्दा, विकसित भइरहेको नीतिमा दलभित्रबाटै प्राविधिक तथा राजनीतिक सहयोग दुवै मिलेको सुनिश्चित गर्नमा मद्दत पुग्छ । यसबाहेक, ती राजनीतिज्ञले आफ्नो छवि बढाउन र आफूले काम गरेका विभिन्न नीतिगत मुद्दाहरूमा आबद्ध हुन सक्छन् ।
- दृष्टिकोणमा विविधताले नीतिमा समग्रता ल्याउनमा योगदान गर्नसक्ने हुँदा, दलबाहिरको परामर्श प्रायः लाभदायक हुन्छ । क्षेत्रगत विज्ञहरू बाहेक, अल्पसंख्यक, क्षेत्रीय समूहहरू र आम नागरिकले बहुमूल्य रायहरू दिनसक्छन् । यसबाहेक, नीतिसम्बन्धी परामर्शले दलको समर्थनलाई विविधीकरण गर्ने अवसर पनि प्रदान गर्दछ। यद्यपि, संवेदनशील वा विवादित सवालहरूका लागि बाहिरी सरोकारवाला वा विज्ञहरूमा जानुअघि आफ्नो धारणा स्थापित गर्नका लागि राजनीतिक दलहरूले एक आन्तरिक अन्तरक्रिया गर्नु जरुरी हुन्छ ।
- सदस्य तथा सर्वसाधारणलाई सङ्लग्न गराउने धेरैओटा विधिहरूको प्रयोग गरिनुपर्छ । उदाहरणका लागि, यदि बहुसंख्यक व्यक्तिहरू अनलाईन छन् भने राजनीतिक दलले त्यसकै फाइदा उठाउनु पर्छ, यद्यपि

सबै सम्भावित मतदाताका लागि अनलाईन औजार प्रभावकारी नहुनसक्छ भन्ने स्मरण चाहिँ गर्नुपर्छ। जस्तै, ज्येष्ठ नागरिक वा दुर्गममा बस्ने मानिसहरूका लागि अनलाईन क्रियाकलाप प्रायः कम प्रभावकारी हुन्छन् । विभिन्न प्रकारका मतदातालाई प्रभावित पार्न विधिमा पनि विविधता चाहिन्छ ।

- नीति विकासका प्रक्रियामा समावेश भएका दलका सदस्य वा बाह्य सरोकारवालाका कामले दलका नेतृत्वको निर्णयलाई प्रभाव पारेको उनीहरूले सुनिश्चित गर्नुपर्छ। पहुँच विस्तारमा इमान्दारिता र पारदर्शिता भएन भने त्यसले दलप्रतिको विश्वसनीयतामा हानी पुऱ्याउन सक्छ। गोलमेच छलफल वा अनलाईन सर्वेक्षण, जुनसुकै मार्फत् परामर्श भए पनि, उचित तरिकाले नतिजा सङ्कलन तथा विश्लेषणका लागि स्रोत उपलब्ध हुने सुनिश्चित गरिनुपर्छ। विभिन्न सरोकारवालाबाट आएका पृष्ठपोषणलाई दलका नेताहरूले बेवास्ता गरेमा, निर्वाचन अभियानका समयमा दलको सन्देश प्रचारप्रसारका लागि आवश्यक पर्ने मतदातामाझ निराशा उत्पन्न हुनसक्छ। यद्यपि, सदस्यहरूका प्रयासलाई स्वीकार्यता प्रदान गर्दा त्यसले दलका स्वयंसेवीहरूमा उर्जा थपिदिन्छ ।
- दलका सदस्यले चाहेका कुरा र दलको नेतृत्वले अन्ततः निर्णय गर्ने कुरामा सधैं केही मात्राको तनाव हुनेगर्दछ, र दल सरकारमा छ भने यो विशेष रूपमा लागू हुन्छ। यो तनाव घटाउनका लागि, सञ्चारका माध्यमहरू खुला राखिनुपर्छ र कस्ता निर्णयमा उनीहरू सङ्लग्न हुन पाउँछन् र कस्तामा पाउँदैनन् भन्ने स्पष्ट पारिएको हुनुपर्छ ।

मुद्दा पहिचान र नीतिसम्बन्धी अनुसन्धान असल अभ्यास

राजनीतिक दलहरूले आफ्ना नीति प्रस्तावका समग्र गुणस्तर लेखाजोखा गर्दा, उनीहरूले आफ्ना प्रस्तावमा यी कुरा भए नभएको विचार गर्नुपर्छ :

- पहिचान गरिएका समस्याको सम्बोधन
- मतदाताका सरोकार र दलको आफ्नै सिद्धान्तहरूको सम्मिश्रण झल्किएको
- काम गर्नुपर्ने परिवेशको आधारमा वास्तविक
- राज्यको स्रोतको कुशल प्रयोग गर्ने
- उल्लेख्य संख्याका मानिसहरूका लागि सकारात्मक परिणाम ल्याउने सम्भाव्यता बोकेको
- स्पष्टसँग सोचविचार गरिएको, र
- मिडिया, विपक्षी र क्षेत्रगत विज्ञहरूको सूक्ष्म परीक्षणमा वचाव गर्न सकिने

समकक्षी सल्लाह

- नीति तर्जुमालाई सकेसम्म छिटो सुरुमा गर्नुहोस् । नीति तर्जुमा छिटो सुरुमा गर्नाले मतदातामा पहुँच विस्तार पनि छिटो सुरुमा गर्न सकिन्छ । यसले गर्दा विपक्षीको आक्रमणभन्दा पहिले नै राजनीतिक दलले मतदातालाई प्रभाव पार्न मद्दत मिल्न सक्छ । यसबाहेक, कुनैपनि दलले एक प्रभावकारी नीति बनाउनका लागि आफ्ना सबल तथा कमजोर पक्षहरूबारे बुझेको हुनुपर्छ। सत्ता र विपक्ष दुवै स्थानमा भएका दलका लागि यो लागू हुन्छ। ती कुरा थाहा भएमा दलका सबलताहरूलाई प्रकाश पार्ने नीतिहरू बनाउन सकिन्छ ।
- नीतिगत कदमहरू अत्यावश्यक सवालमा केन्द्रित हुनुपर्छ र वास्तविक रूपमा हासिल गर्नसकिने समाधानहरू प्रस्ताव गरिएको हुनुपर्छ। नीति प्रस्तावहरूमा एकरूपता कायम गर्नका लागि एक नमूना ढाँचाको प्रयोग गर्नुहोस्। प्रत्येक प्रस्तावले दलको एक लक्ष्यको सम्बोधन गर्दै त्यसलाई हासिल गर्ने तरिका वर्णन गरेको हुनुपर्छ। यदि नीतिगत क्रियाकलाप सञ्चालन गर्ने कदमहरूलाई स्पष्टसँग राखिएको छैन भने त्यसले प्रायः विवाद निम्त्याउँछ । नीति प्रस्तावमा देहायका प्रश्नको उत्तर आउनेगरी एक वर्णनात्मक व्याख्या समावेश भएको हुनुपर्छ :
  - यस नीति प्रस्तावले कुन समस्याको समाधान गर्दछ?
  - यसले मानिसहरूका लागि के अर्थ राख्छ ?
  - तपाईंका लक्षित श्रोता को हुन् ?
  - यो समाधान कत्तिको व्यवहारिक र कम खर्चिलो छ ?
- प्रत्येक नीतिले सम्बोधन गर्ने मुद्दा वा मुद्दाहरूको विस्तृत अध्ययन गर्नुपर्छ। प्रारम्भिक पृष्ठभूमि अध्ययन अत्यन्तै महत्वपूर्ण हुन्छ । कुनैपनि मुद्दाको इतिहास, त्यसका असरहरू, त्यस विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

परम्पराको अध्ययनले कुनैपनि नीति विकासका लागि बलियो आधार दिनमा मद्दत गर्दछ। दस्तावेजहरूको मस्यौदा तयार पार्नका लागि समयसीमा र प्रष्ट जिम्मेवारीहरू तोक्नुपर्छ ।

- त्यस अतिरिक्त, एकभन्दा बढी नीतिगत विकल्पबारे सोचेर कुनै विशेष एक समाधान तय गर्नुअघि प्रत्येकको सकारात्मक तथा नकारात्मक असरको मूल्याङ्कन गर्नु जरुरी हुन्छ । दलको नीतिहरू ठोस तथ्य र सही तर्कमा आधारित भएको सुनिश्चित गर्नका लागि खर्चिएको समयले, पछि अन्य राजनीतिक दल, मिडिया र सर्वसाधारणसँगको छलफलका समयमा दलको स्थिति बलियोसँग प्रस्तुत गर्नमा मद्दत गर्नेछ ।

दलका नीति प्रचारप्रसार तथा कार्यान्वयन असल अभ्यास

सरकार वा विपक्ष जहाँ रहेपनि, निर्वाचित पदाधिकारीले देहायका कुराहरू गर्नुपर्ने हुन्छ :

- कार्यपालिका र व्यवस्थापिकाका लागि दलको नीतिगत धारणाबाट प्रेरित स्पष्ट प्राथमिकताहरू स्थापित गर्ने
- आफ्नो अभियानमा प्रचारप्रसार गरेका नीतिहरू अघि सार्न र कार्यान्वयन गर्नका लागि इमान्दारिताका साथ लाग्ने
- आफ्नो काम व्यवस्थित गर्न, अपेक्षाहरूबारे प्रष्ट् याउन र संसदीय दलका सदस्यमाझ एवं सांसद्हरू र कार्यकारीबिच सम्बन्ध सुदृढ बनाउन औपचारिक तथा अनौपचारिक संयन्त्रहरूको प्रयोग गर्ने
- राजनीतिक मूल्य कम भएका र धार्मिक, सांस्कृतिक वा अन्य गहन व्यक्तिगत सवालहरू सङ्लग्न भएका अवस्थामा मतदानका रणनीतिमा लचकता अपनाउने
- कार्यपालिका तथा व्यवस्थापिका भन्दा बाहिर रहेका दलका पदाधिकारी एवं अभियन्ता साथै सर्वसाधारणलाई दलका नीति अघि लैजानमा आफूले गरेका प्रयासबारे सूचित गरिरहने ।

समकक्षी सल्लाह

- ठोस नीतिहरूलाई लिएर अभियान चलाउँदा निर्वाचनमा दललाई सफलता मिल्नसक्छ । नयाँ लोकतान्त्रिक मुलुकहरूमा पहिचानको राजनीति महत्वपूर्ण हुने हुँदा, ध्यानाकर्षण गर्नका लागि राजनीतिक बहसहरूमा ठोस नीतिहरू समावेश गर्नु लाभदायक हुन्छ । यसले गर्दा मध्यमार्गी, लोकतान्त्रिक शक्तिहरूले प्रभावकारी रूपमा प्रतिस्पर्धा गर्नसक्छन् र दलीय राजनीतिमा चिरा पार्नसक्ने सशक्त व्यक्तिव्यहरूलाई मत्थर पार्दै आफ्ना लागि नयाँ समर्थकहरू हासिल गर्नसक्छन् ।
- यद्यपि, नीतिमा मात्र आधारित बनाएर आफ्नो अभियान नचलाउनुहोस् । राम्ररी सोचविचार गरेर बनाइएका नीतिहरू आवश्यक हुँदाहुँदै पनि, मतदातालाई आकर्षित गर्नका लागि प्रभावशाली एवं लोकप्रिय उमेदवारहरूको पनि दललाई आवश्यकता पर्छ । प्रभावशाली व्यक्तिव्य र नीतिमा आधारित अभियानबिच सन्तुलन कायम गर्नु एक चुनौती हो र यसका लागि दलले निरन्तर काम गर्नु आवश्यक हुन्छ ।
- लोकप्रिय तथा कार्यान्वयनमा सहजता भएका नीतिहरूमा केन्द्रित हुनुहोस् ; हासिल भएपछि तिनले दलको दक्षता र विश्वसनीयताको प्रमाणका रूपमा काम गर्दछ। असम्भव कुराको बाचा नगर्नुहोस् । चुनावी अभियानका समयमा दलहरूले भनेका कुरा नै पछि समस्या बनिदिन सक्छन् । निर्वाचित भइसकेपछि आम समर्थन महत्वपूर्ण हुनेहुँदा, अभियानका बाचाहरू पूरा नभएमा, दलले समर्थन गुमाउन सक्छ । संसदीय लोकतन्त्र भएका देशहरूमा प्रतिस्पर्धी दलहरूले प्रायः मिलेर गठबन्धन बनाएर शासकीय प्रणाली सम्हाल्नु पर्ने हुनाले अभियानका बाचाहरू पूरा गर्न लागिपर्नु विशेष महत्वपूर्ण हुनेगर्दछ ।
- संसदीय समूहमा ठुलो संख्या भएका सत्तापक्ष वा गठबन्धनका दलहरूले, आफ्ना प्रतिभाशाली सांसद् हरूलाई आम नागरिकसँग परामर्श गरेर कार्यदलको प्रतिवेदन प्रकाशन गर्ने जिम्मा दिनुपर्छ। यसले सरकारको कानुननिर्माणसम्बन्धी एजेण्डा तय गर्न, सांसद्हरूलाई बढी स्वतन्त्रता प्रदान गर्न, दलका नेतृत्वले आफ्नै ककस वा संसदीय समूहभित्रबाट असहमतिको सामना गर्नुपर्ने अवस्था न्यूनीकरण गर्न र सो काममा सङ्लग्न सांसद् हरूले व्यक्तिगत रूपमा आफूलाई प्रमाणित गर्नमा मद्दत मिल्छ । दलको मूल नीतिगत क्षेत्रमा नपर्ने सवालहरूमा सांसद्हरूले आफ्नो इच्छा अनुसार मतदान गर्न पाउने स्वतन्त्रता दिँदा, आवश्यक महत्वपूर्ण सवालहरूमा सहमति जुटाउन सहज हुन्छ ।

अनुसूचीहरू

अनुसूची १: दलका मूल्यमान्यता र सिद्धान्तहरू छलफल मार्गदर्शन

विचारधारा समान, एकीकृत राजनीतिक सिद्धान्त, विचार र मूल्यमान्यताहरू हुन् जसले समाजलाई बुझ्न, त्यसको सुधारका लागि दूरदृष्टि तय गर्न र त्यो दूरदृष्टि हासिल गर्न आवश्यक नीतिगत विकल्पहरूको पहिचान गर्नका लागि एउटा आधार प्रदान गर्दछ। तालिका ४ ले देखाएजस्तै विश्वव्यापी अवधारणाका रूपमा प्रस्तुत धेरै अवधारणाहरूलाई हरेक वैचारिक वर्गले फरक-फरक ढंगले व्याख्या गरेका छन् । आफ्ना नीतिहरूको विकास गर्न राजनीतिक दलहरूले कार्य गर्दा स्पष्ट रूपमा परिभाषित विचारधाराले एउटा राजनीतिक कम्पासको रूपमा काम गर्दछ। विचारधाराका अन्तर्वस्तुका रूपमा रहने विभिन्न सिद्धान्तहरूले राजनीतिक दलहरूलाई विभिन्न नीतिगत समस्याहरू बुझ्ने र त्यसको समाधानको खोजी गर्ने प्रयासमा एउटा सामान्य दिशा दिने काम गर्दछन्। एउटै नीतिगत समस्याको सामना गर्ने सामाजिक लोकतन्त्रवादी, उदारवादी, यथास्थितिवादी वा ग्रीन पार्टीरूले आफ्नो राजनीतिक कम्पासको आधारमा फरक समाधानहरू प्रस्ताव गर्न सक्छन् ।

विश्वभरी स्पष्ट रूपमा परिभाषित मूल्यमान्याता र सिद्धान्तहरूले राजनीतिक दलहरूलाई सामाजिक समस्या बुझ्न र त्यसका समाधानहरू प्रस्ताव गर्न, समर्थन परिचालन गर्न, आफू काम गर्ने वातावरणमा हुने उल्लेखनीय परिवर्तनको प्रतिरोध गर्न, नेतृत्वमा आएको परिवर्तनको सामना गर्न, र अन्य देशका समान विचारधारा बोक्ने दलहरूसँग एक्यवद्धता स्थापित गर्न मद्दत पुऱ्याउँदै आएका छन् । विश्वभरी केही स्थापित विचारधाराका वर्गहरू भए पनि आफ्नो मूल्यमान्यता र सिद्धान्तहरूलाई दलहरू कसरी परिभाषित गर्दछन् भन्ने कुरा केही हदसम्म उनीहरू सञ्चालित हुँदै आएको वातावरणको प्रतिबिम्व पनि हो । आफ्ना मूल्यमान्यता र सिद्धान्तहरूमाथि छलफल गरी स्पष्ट गरेमा त्यसबाट राजनीतिक दलहरूले आफू के कुरामा विश्वास गर्दछन् र विपक्षीहरू भन्दा उनीहरू कसरी भिन्न छन् भन्ने कुरा अझ राम्रोसँग बुझाउन सक्छन् ।

यस छलफल मार्गनिर्देशकाको उद्देश्य राजनीतिक दलहरूले आफ्ना मूल्यमान्यता र सिद्धान्तहरूलाई स्पष्ट पार्ने प्रयास गर्दा छलफल गर्न चाहने केही मुद्दाहरूको वर्णन गर्नु हो । यसले विश्वभरीका राजनीतिक दलहरूलाई विभाजित गरिदिएको केही सिद्धान्तहरू र लेनदेनहरूका बारेमा व्याख्या गर्दछ। अधिकांश अवस्थामा त्यसलाई प्रयोग गरिने सन्दर्भ अनुसार अनुकूलन गरिनु आवश्यक छ ।

दलको पृथकता : पहिचानको सवाल राजनीतिक दलहरूले आफूलाई कसरी एकअर्काबिच फरक देखाउँछन् भन्ने कुरा पनि भएकाले, तल उल्लेखित हरेक क्षेत्रका लागि राजनीतिक दलहरूले निम्नलिखित कुरामा ध्यान दिनसक्छन् :

- यो मुद्दामा दलको धारणा के हो ?
- यो मुद्दामा राजनीतिक विपक्षीहरूका धारणाहरू के हुन् ?
- दल र यसका विपक्षीहरू बिचका मुख्य समानता र भिन्नताहरू के-के हुन् ?

व्यक्तिगत विरुद्ध सामूहिक अधिकार : केही व्यक्तिहरूको विचारमा व्यक्तिको व्यक्तिगत मूल्यमान्यताहरूको निर्धारण वा प्रभावित गर्ने कार्यमा राज्यको कुनै पनि भूमिका हुनुहुँदैन र नागरिक स्वतन्त्रता पहिचान वा धार्मिक आस्था जे भए पनि सबैका लागि समान रूपमा विस्तार गरिनुपर्छ । केहीको विचारमा भने समानतालाई सुरक्षित गर्ने सबैभन्दा राम्रो तरिका भनेको अवसरको समानतामार्फत हो : परिणाममा समानता सुनिश्चित गर्ने कोटा र अन्य प्रयासहरूले यो सिद्धान्तको उल्लङ्घन गर्दछ। अर्को धारणा अनुसार कोटा सामाजिक अन्यायको सम्बोधन गर्ने एउटा प्रभावकारी र स्वीकार्य माध्यम हो । अन्यले भने राज्यले परम्परागत (जस्तै: धार्मिक वा साँस्कृतिक आस्थाका आधारमा विगतमा स्थापित गरिएका)मूल्यमान्यताहरूको संरक्षण गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्दछन् ।

- समानताको प्रवर्द्धनमा सरकारले निर्वाह गर्ने भूमिका हुन्छ ? र सो भूमिकालाई कसरी व्याख्या गरिनुपर्छ ?
- कुनै समुदायको र बहुसङ्ख्यकको प्राथमिकताहरू विरुद्ध भएको अवस्थामा पनि व्यक्तिगत र अल्पसङ्ख्यकहरूको अधिकार कुन हदसम्म संरक्षण गरिनुपर्छ ?
- सरकारले कुन हदसम्म साहित्य, जुवातास, जन्मदर

नियन्त्रण, इउथानासिया, लागु औषध, मादक पदार्थ आदिको नियमन गर्नुपर्छ ?

आर्थिक व्यवस्थापन : अधिकांश मूलधारका राजनीतिक विचारधाराहरूले खुला बजार अर्थतन्त्रममा केही महत्व देख्ने गर्दछन्। तर बजार प्रणालीमा रहेको सम्भावित कमजोरीहरूलाई सुधार गर्न सरकारहरूले कुन हदसम्म कदम चाल्नुपर्छ भन्नेबारेमा असहमतिहरू रहेका छन् । उदाहरणका लागि, केहीले खुला बजार प्रणालीमा रहेका त्यस्ता कमजोरीहरू जस्तैः आम्दानीको असमान वितरणलाई सच्याउने वा क्षतिपूर्ति प्रदान गर्नमा सरकारहरूले भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्दछन्। यसमा केही निश्चित प्रकारका व्यवसाय वा उद्योगहरूका लागि न्युनतम ज्याला वा छुटहरू स्थापित गर्ने वा बढाउने कार्यहरू पर्नसक्छन् । अन्यको विचारमा भने स्वतन्त्र बजार अर्थतन्त्रहरूको सामान्यतया स्वःसुधारको संयन्त्र हुनेगर्दछ जसले सरकारी हस्तक्षेपको आवश्यकतालाई उल्लेखनीय रूपमा कम गरिदिन्छ र स्वतन्त्र बजार अर्थतन्त्रहरूमा "हस्तक्षेप" गर्ने अधिकांश प्रयासहरूले समाधान गर्ने भन्दा सिर्जना गर्ने समस्याहरू बढी हुनेगर्दछ।

- सरकारले कुन हदसम्म आम्दानीमा रहेको विभेदहरूलाई सीमित बनाउन वा न्युन गर्न कदम चाल्नुपर्छ ?
- अर्थतन्त्र र/वा बजारहरूलाई सरकारी नियम र सङ्लग्नतामा मुक्त हुने गरी कुन हदसम्म सञ्चालित हुन दिनुपर्छ ?

वातावरण संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापन : केहीको विचारमा वातावरण माथिको आफ्नो प्रभावलाई अनुगमन र न्यूनीकरण गर्नु मानवजातिको जिम्मेवारी हो, जसमा कुनै पनि क्षति हुन नदिने वा क्षतिपूर्ति गर्ने कार्यहरू समावेश छन् । यसमा वातावरणीय समीक्षा गर्ने मापदण्ड, कार्बन उत्सर्न कम गर्ने प्रयास र विभिन्न उद्योगहरूका लागि वातावरणीय मापदण्डहरू समावेश हुनसक्छ । यी धारणाका केही समर्थकहरूले वातावरणीय क्षतिलाई व्यवसायको स्वीकार नगरिएको मूल्य हो, जसका लागि जवाफेदही ठहऱ्याइनुपर्छ भन्ने विचार राख्ने गर्दछन्। अन्यको विचारमा भने प्राकृतिक स्रोत र वातावरणको अस्तित्व नै मानव जातिको आवश्यकताहरूलाई सम्बोधन गर्न रहेको र विस्तृत वातावरणीय नियमावलीहरूले आर्थिक वृद्धिमा व्यवधान खडा गर्दछन्। केहीले हरेक पुस्ताले आफ्नो हकहितका लागि हरेक पुस्ता आफैँ चिन्तित हुनुपर्छ भन्ने कुरामा विश्वास गर्दछन् भने केहीले आगामी पुस्ताका लागि प्राकृतिक स्रोतमा विविध प्रकारका वनस्पती देखि वन्यजन्तु, बहुमूल्य फलाम, जेमस्टोन, पेट्रोल र ग्यास संरक्षण गर्ने जिम्मेवारी मानव जातिको हो भन्ने कुरामा विश्वास गर्दछन् ।

- प्राकृतिक स्रोतहरूको प्रयोगमा के-कस्ता सीमाहरू लगाइनुपर्छ वा पर्दैन?
- वातावरण संरक्षण चासोको विषय हो र सरकारहरूले त्यसलाई रोक्न कुन हदसम्म कदम चाल्नुपर्छ ?

सामाजिक सुरक्षा सञ्जाल : केहीको विचारमा सरकारहरूले वेरोजगार, बृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्ति र सहयोगको आवश्यकता रहेका अन्य नागरिकहरूलाई सहयोग पुऱ्याउन उल्लेखनीय कदमहरू चाल्नु पर्छ भने आलोचकहरूले त्यस्ता सुरक्षा कवजसम्बन्धी कार्यक्रमहरूको प्रायः त्यसका लागि योग्यता नपुग्ने र त्यस्तो सहयोगको खाँचो नरहेका व्यक्तिहरूले दुरूपयोग गर्ने तर्क राख्छन् । आलोचकहरूको तर्क यो पनि छ कि त्यस्ता कार्यक्रमहरूले मानिसहरूलाई आफ्नो अवस्थामा सुधार ल्याउनका लागि कडा मिहेनत गर्नु भन्दा पनि सहयोगका लागि सरकारमाथि निर्भर हुन प्रोत्साहित गर्दछ, र यी सुरक्षा कवचले प्रायः उच्च आयकर निम्त्याउने र ठुलो सरकारी घाटा बजेटलाई प्रोत्साहित गर्नेगर्दछ ।

- सरकारले कुन हदसम्म सामाजिक सुरक्षा कवच प्रदान गर्नुपर्छ र कुन हदसम्म व्यक्तिहरूलाई आफ्नो व्यवस्था आफै गर्न छोडिदिनुपर्छ ?

सार्वजनिक सेवाहरू : केही व्यक्तिहरू व्यक्तिहरूको हकहितका लागि केही खास आवश्यकताहरू यति महत्वपूर्ण र आधार भूत छन् कि सरकार त्यस सम्बन्धित सेवाहरूको मुख्य प्रदायक हुनुपर्छ र यी क्षेत्र र उपभोक्ताहरूलाई प्रतिस्पर्धाबाट र खुला बजारमा आउने उतारचढावबाट संरक्षण प्रदान गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्दछन्। अन्यको तर्कमा भने त्यस्ता सेवाहरू उपलब्ध गराउन सरकारहरू सक्षम हुँदैनन् र उनीहरूले खराब गुणस्तरका सेवाहरू उपलब्ध गराउने

मात्र नभई यी क्षेत्रहरूको प्रभुत्व सिर्जना गरेको व्यक्तिगत विकल्पहरूलाई पनि सीमित बनाउने गर्दछन् ।

- शिक्षा, स्वास्थ्य सेवा र पेन्सन जस्ता आधारभूत सेवाहरू उपलब्ध गराउन वा प्रत्याभूत गर्नमा सरकार कुन हदसम्म सङ्लग्न हुनुपर्छ ?

धर्म : केही देशका संविधानहरूले भगवान वन कुनै खास धर्मलाई पनि उद्दरण समावेश गरेको हुन्छ भने कहिलेकाहीँ नीति र न्याय प्रणालीको आधारका लागि कुनै खास धर्मको प्रयोग पनि गर्दछन्। अन्यले भने धर्मको स्वतन्त्रताको हक निर्दिष्ट गर्नुका अतिरिक्त धर्मको उल्लेख नै गर्दैनन् ।

- सरकारका लागि आधारको अत्यावश्यक तत्वका विरुद्ध धर्मलाई कुन हदसम्म सरकारले निजी मामिलाका रूपमा व्यवहार गर्नुपर्छ ?
- सार्वजनिक नीतिहरू अपौचारिक, अनौपचारिक रूपमा धामिर्क आस्थाबाट प्रभावित हुनुपर्छ वा हुनुहुँदैन ?

मुद्दाको प्राथमिकीकरण : कुनै कुनै अवस्थामा कुनै घटना, नागिरिकको दृष्टिकोण र आवश्यकताहरूले राजनीतिक दलहरूलाई खास मुद्दाहरूमा केन्द्रित हुन जोड दिन्छ । सबै सरकारहरूसँग सीमित स्रातेहरू हुनेगर्दछ। राजनीतिक दलहरूले आफूलाई प्रतिस्पर्धीहरू भन्दा अलग राख्ने एउटा तरिका भनेको विभिन्न नीतिगत मुद्दाहरू र सरकारी खर्चलाई कसरी प्राथमिकता प्रदान गर्दछन् भन्ने कुराले हो ।

- तपाईंले कुन सरकारी खर्चहरूलाई प्राथमिकता प्रदान गर्नुहुन्छ र किन? सामाजिक सुरक्षा कवच, वातावरण संरक्षण कार्यक्रम, प्रतिरक्षा, शिक्षा र स्वास्थ्य जस्ता मुद्दाहरू माथि विचार गर्नुहोस् ।

१. वुडरो विल्सन, "रेस्पनसीबल पार्टी गभरमेन्ट," इन पर्सपेक्टिभ्स अन पोलिटिकल पार्टीज, इड. स्कारो (न्यू योर्कः पालग्रेभ म्याक्मिलन, २००२), १६४।

तालिका ४: निश्चित राजनीतिक अवधारणाहरूमा वैचारिक दृष्टिकोण

	उदार विचारधारा	दक्षिणपंथीतर्फ झुक्ने विचारधारा	साम्यवादीतर्फ झुक्ने विचारधारा	ग्रीन विचारधारा
प्रजातन्त्र	यसलाई नियमित रूपमा भइरहने प्रतिस्पर्धात्मक निर्वाचनमार्फत अभिव्यक्त सहमतिका रूपमा लिन्छ, जुन एउटा कानुनी ढाँचा भित्र हुन्छ र त्यसले बहुमतको दमनलाई रोक्ने काम गर्दछ ।	लोकतन्त्रको शासनलाई पूर्ण रूपमले स्वीकार गर्दछ, र संविधानलाई बहुमतको परिवर्तनकामी इच्छाबाट परम्परागत संस्था र आर्थिक समृद्धिलाई संरक्षण गर्ने माध्यमका रूपमा लिन्छ ।	यसले पनि लोकतन्त्रको शासनलाई स्वीकार गर्दछ, तर व्यापक जनसहभागितमा आधारित, र आर्थिक जीवनको केही वा सबै अंश पूर्ण रूपमा सार्वजनिक नियन्त्रणमा ल्याउने ।	उच्चतम तहको प्रत्यक्ष, विकेन्द्रित लोकतन्त्रको माग गर्दै, लोकतान्त्रिक प्रणालीभित्र व्यक्तिगत सहभागिता र व्यक्तिगत जिम्मेवारीलाई जोड दिन्छ ।
स्वतन्त्रता	यसलाई अन्तिम व्यक्तिगतवादी मूल्यका रूपमा लिन्छ; परम्परागत उदारवादीहरूले यसलाई व्यवधानहरूको अनुपस्थितिका रूपमा हेर्थे भने नवउदारवादीहरूले यसलाई व्यक्तिगत मानव क्षमताको विकास लाई बढावा दिने रूपमा हेर्छन्	यसलाई समुदायमा आफ्नो जिम्मेवारीहरूको सचेतनापूर्वक मान्यताका रूपमा लिन्छन्, जसले आर्थिक क्षेत्रमा बढी र सामाजिक क्षेत्रमा कम स्वतन्त्रता प्रदान गर्दछ ।	यसलाई श्रम, सामाजिक अन्तर्क्रिया, र व्यक्तिगत मानव क्षमता विकासद्वारा आफ्नो पूर्ण क्षमतामा पुग्ने कार्यका रूपमा लिन्छन् ।	यसले पनि स्वतन्त्रतालाई स्वयं वास्तविकीकरणका रूपमा लिन्छ तर त्यो व्यक्तिगत आवश्यकताहरूलाई अस्वीकार गरेर आफू वरिपरिको संसारसँग एकता हासिल गर्ने कार्यमार्फत हुनुपर्छ
समानता	खुला बजार प्रतिस्पर्धा, व्यक्तिगत सम्पत्तिको अधिकार, र सम्झौताहरू गर्ने स्वतन्त्रतामा विश्वास गर्दछ तर बजारको अधुरोपनका कारण सीमित आर्थिक व्यवस्थापनलाई स्वीकार गर्दछ ।	यसलाई अमुर्त र प्राकृतिक सामाजिक वर्गीकरणलाई विध्वंश गर्ने कार्यका रूपमा लिंदै आर्थिक असमानताका लाभहरूमाथि जोड दिन्छन्, तर अवसरको समानतामा विश्वास गर्दछन् ।	सामाजिक समानतालाई उनीह(रूको आधारभूत मान्यताका रूपमा लिन्छन्, जुन सौहार्दता, न्याय, समता सुनिश्चित गर्न र व्यक्तिगत तथा सामाजिक स्वतन्त्र(ता विस्तार गर्न महत्वपूर्ण हुन्छ ।	त्यसलाई जीवनका सबै रूपहरूका लागि जीवनको अधिकारका रूपमा लिन्छन्, र जीवनका अन्य रूपका लागि हानिकारक मानवहरूको समनतामा केन्द्रित अन्य विचारह(रूलाई मानवताका लागि हानिक(ारक रूपमा लिन्छन् ।
अर्थतन्त्र	खुला बजार प्रतिस्पर्धा, व्यक्तिगत सम्पत्तिको अधिकार, र सम्झौताहरू गर्ने स्वतन्त्रतामा विश्वास गर्दछ तर बजारको अधुरोपनका कारण सीमित आर्थिक व्यवस्थापनलाई स्वीकार गर्दछ।	पुँजीवाद र निजी, साना र मध्यम उद्यमलाई पूर्ण रूपमा समर्थन गर्दछ, नियमले नबाँधेको बजार अर्थतन्त्रको पैरवी गर्दछ ।	कल्याणकारी र उच्चरूपमा नियमले बाँधिएको बजारमा पहुँचलाई अनुमोदन गर्दछ, र मानक ज्यालाको महत्वमाथि पनि जोड दिन्छ ।	वृद्धिप्रतिको असीमित लगाव (वामपन्थी र दक्षिपंथी दुवैबाट) लाई अस्थीरका रूपमा लिन्छ, र नाफाप्रतिको असीम चाहना भन्दा प्रकृतिसँग सामञ्जस्यतालाई प्राथमिकता प्रदान गरिनुपर्ने भन्छ ।

मानव प्रकृति	यसलाई हरेक व्यक्तिको पृथक विशेषताहरूका रूपमा लिन्छ; सामाजिक र एतिहासिक परिसि(थतिहरू कुनै महत्वका हुँदैनन्; मानवहरू व्यक्तिगत विकासको कारण र क्षमताले शासित हुन्छन् ।	मानवहरूलाई सदैव सुरक्षा चाहिरहने सीमित जन्तुका रूपमा लिन्छ, जो ज्ञात र अभ्यास गरिसकेको कुरातर्फमात्र आकर्षित हुन्छ; तर्कशक्ति भरपर्दो हुँदैन र नैतिक भ्रष्टाचार मानव प्रकृतिमा अन्तर्निहित हुन्छ ।	मानवहरूलाई सामाजिक जन्तुका रूपमा लिन्छ, जसलाई प्रकृतिले भन्दा पनि आफ्नै अवस्थाले बढी निर्देशित गर्दछ; सामाजिक रूपमा मिलनसारको अर्थ व्यक्तिगत वृद्धि र सामूहिक विकासको सम्भावना छ ।	मानवहरूलाई केवल एउटा बृहत प्रणाली, अर्थात प्रकृतिको एउटा अंशको रूपमा हेर्छ ; अहंता, भौतिकवाद र लोभले मानव विरक्तिको संकेत हो र त्यसले प्रकृतितर्फ फर्कनु पर्ने संकेत दिन्छ ।
धर्म	यसलाई व्यक्तिगत चाहनसँग सम्बन्धित निजी मामिलाका रूपमा लिन्छ; यसले धर्मलाई नागरिक स्वतन्त्रतासँग जोड्छ; उदारवा(दीहरू धर्म र राजनीतिबिच कडा विभाजन चाहन्छन् ।	यसलाई स्थिरता र सामाजिक सौहार्दताको स्रोतका रूपमा लिन्छन्, जसले मूल्यमान्यता र साझा संस्कृति प्रदान गर्दछ। यसले गर्दा धर्म र राजनीति(बिचको विभाजनलाई कठिन बनाउँछ ।	धर्मलाई राजनीतिक संघर्ष र साम(ाजिक असमानताहरूबाट विमुख भएको रूपमा लिन्छ, धर्ममा करुणालाई कहिलेकाँही सामाज(वादका लागि नैतिक आधारका रूपमा लिन सकिन्छ ।	विगतमा वातावरणलाई क्षति पुऱ्या(उने कार्यलाई प्रवर्द्धन गर्ने धार्मिक विश्वधारणालाई अस्वीकार गर्दछ, तर यसमा परिवर्तन आइरहेको छ ; उग्र ग्रीनहरूले विश्वव्यापी हरितधर्म उदाउँदो अवस्थामा रहेको कुरामा विश्वास गर्दछन्।
राज्य	यसलाई विपरित स्वार्थ भएका व्यक्ति र समूहहरूको मध्यस्थकत(ाका रूपमा लिन्छन्, जो सामा(जका सुव्यवस्थाको संरक्षक हो, र त्यसले समान अवसरहरूको प्रवर्द्धन गर्नुपर्छ ।	कानुनको कार्यान्वयनल(ाई राज्यको प्रमुख जिम्मेवारी हो भन्ने कुरालाई पूर्ण रूपले अनुमोदन गर्दछ; आधुनिक यथास्थितिवादीहरूले साना राज्यहरूको माग गर्दछन् किनभने संस्थाहरूले आफ्नो स्वार्थ प्रर्वद्धन् गर्दछन्र उदार आर्थिक क्रियाकल(ापमाथि खतरा निम्त्याउँछन् ।	साझा हकहितको अवतारका रूपमा हेर्छन् ; जीवनको हरेक पक्षमा राज्यको हस्तक्षेपलाई पूर्ण रूपमा समर्थन गर्दछन् र राज्य र समाजको प्रगतिशील एकीकरणमा विश्वास गर्दछन्।	स्थानीय र अन्तर्राष्ट्रिय संरचनाहरू दुवैतर्फ नागरिक स्वतन्त्र(ता र विकेन्द्रिकरणलाई प्रवर्द्धन गर्ने कमजोर राज्यमाथि विश(वास गर्दछन्; अन्तर-राष्ट्रिय लोकतन्त्रलाई अपरिहार्य मान्छन् ।

सन्दर्भ सामग्रीः

क) हेवुड, ए । (२०१२), पोलिटिकल आइडोलोजिज्: एन इन्ट्रडक्शन ।(पाँचौं सं), न्यु योर्क, एन.वाइः पाल्ग्रेभ म्याकमिलन ।

यसका अतिरिक्तः

टेलर, बी । (२००४) । अ ग्रीन फ्युचर फर रिलिजन ? फ्युचर्स्, ३६, ९९१-१००८ । http://www.brontaylor.com/environmental_articles/pdf/taylor–greenFutur-e4rel.pdf बाट लिइएको ।

ग्लोबल ग्रीनस् (२०१२) । चार्टर अफ द ग्लोबल ग्रीनस् । ग्लोबल ग्रीनस् सम्मेलन, डकार, सेनेगल । http://www.globalgreens.org/sites/globalgreens.org/files/charter 2012_0.pdf बाट लिइएको ।

एकर्स्ले, आर । (२००४) । द ग्रीन स्टेटः रिथिंकिग डेमोक्रेसी एण्ड सोभेरेन्टी । एमआइटी प्रेस । http://books.google.com/books बाट लिइएको ।

अनुसूची २ : विभिन्न परामर्श विधिहरूको फाइदा र बेफाइदाहरू

अनौपचारिक सर्वेक्षणहरू	अनौपचारिक सर्वेक्षणहरूमा प्रश्नावलीहरू समावेश छन् जसलाई दलका कार्यकर्ताहरूले घरदैलोमा गएर भराउने, हुलाकद्वारा पठाउने, अनलाईन पोस्ट गर्ने वा टेलिफोनमार्फत भराउने गर्दछन्। **फाइदाहरू :** ● मतदाताहरूसँग प्रत्यक्ष सम्पर्कको अवसर प्रदान गर्दछ, नागरिकहरूका वास्तविक चासोका विषयहरू बुझ्नसक्ने सम्भावना बढाउँछ, ● हुन्छ वा हुँदैन, हो वा होइन भन्ने उत्तरहरूका लागि, र विषयहरूको प्राथमिकता निर्धारण गर्नका लागि उपयोगी, ● सङ्गठनात्मक सीप विकास गर्दछ, र मत हासिल गर्न र दलका अन्य क्रियाकलापहरूका लागि उपयोगी सूचना तथा जानकारी सङ्कलन गर्न मद्दत गर्नसक्छ, ● स्वयंसेवीहरू सङ्लग्न रहेको अवस्थामा दलका सदस्य र समर्थकहरूलाई दलका क्रियाकलापहरूमा सहभागी हुन अवसर प्रदान गर्दछ, ● खास नीतिगत प्रस्तावहरूमाथि तुलनात्मक रूपमा तत्काल प्रतिक्रया प्राप्त गर्न सम्भव बनाउँछ, र ● तुलनात्मक रूपमा कम खर्चिलो हुन्छ । **बेफाइदाहरू:** ● समय लाग्ने र स्वयंसेवीहरू नियुक्त गरी परिचालन गर्न प्रभावकारी रणनीति आवश्यक हुन्छ, ● विभिन्न मुद्दाहरूबारे विस्तृत छलफल प्रायः सम्भव हुँदैन । प्रायः हो वा होइन, भन्ने उत्तरहरूमा सीमित हुने र प्राथमिकीकरण पनि आधारभूत हुने गर्दछ, ● सामान्य दृष्टिकोण प्रदान गर्दछ तर प्रायः रणनीतिक रूपमा मान्य नमुनाहरू सङ्लग्न हुँदैन र त्यसकारण परिणामलाई बृहत जनसङ्ख्यामाथि प्रक्षेपण गर्न सकिँदैन, र ● राम्रोसँग नबाइएका प्रश्नहरू भएमा त्यसले भ्रामक वा समावेशी परिणामहरू दिन सक्छ ।
सार्वजनिक मञ्च	सार्वजनिक मञ्चमा राजनीतिक दल र उनीहरूले परामर्श गर्न चाहेको सरोकारवालाहरूबिच हुने निमन्त्रणा गरिएकाहरूसँग मात्र वा खुला विविध प्रकारका बैठकहरू समावेश हुने गर्दछन्। त्यसमा सामुदायिक भेला र सहर भेला, विभन्न सरोकारवालाहरूसँग टेबलवार्ता वा सम्मेलनहरू हुनसक्छन् । निश्चित समूहहरूलाई लक्षित गरि खास कार्यक्रमहरू पनि हुनसक्छन् जस्तैः निजी क्षेत्र र दलका सदस्यहरू वा विविध समूहहरू । **फाइदाहरू :** ● सहभागीहरूलाई प्रश्न सोध्न र स्पष्टीकरण प्राप्त गर्न बढी अवसर प्रदान गर्दछ, ● बढी छलफलका लागि वा बढी जटील मुद्दाहरूका लागि अवसर प्रदान गर्दछ, ● उच्चपदस्थ कर्मचारी र नीति विशेषज्ञहरूका लागि उपयुक्त, ● सार्वजनिक कार्यक्रमहरूको सकारात्मक सञ्चार सम्प्रेषणको उच्च सम्भावना, ● निमन्त्रण गरिएकाहरूसँग मात्र हुने सत्रहरू संवेदनशील मुद्दाहरूमा छलफल गर्नका लागि उपयुक्त, र ● विभिन्न सहभागीहरका लागि फरक-फरक प्रकारका कार्यक्रमहरू आयोजना गर्न सम्भव ।

	बेफाइदाहरू: ● वन्दोवस्तीका दृष्टिकोणले चुनौतीपूर्ण र संख्या तथा स्थानका आधारमा आयोजना गर्न खर्चिलो हुनसक्छ, ● आफ्नो कार्यतालिका र यातायातको पहुँचको हिसाबले केही निश्चित जनताका लागि मात्र सीमित हुने, ● छलफलहरूलाई विश्लेषण गर्न र खास निष्कर्षहरू पहिचान गर्न कहिलेकाँही कठिन हुने, र ● प्रभावकारी सहजीकरणको अभावमा कार्यक्रममा विवाद हुनसक्छ र/वा सहभागीहरूको रुचि हराएर जानसक्छ ।

जनमतको अनुसन्धान	व्यवसायिक रूपमा सञ्चालन हुने सबैभन्दा प्रचलित जनअभिमत अनुसन्धान विधि भनेको जनमत सर्वेक्षण (पोल) र केन्द्रित समूहहरू हुन् । जनतम सर्वेक्षण एउटा संख्यात्मक अनुसन्धान हो, जसमा समान प्रश्नहरूसहित नमूना तथ्याङ्कहरू प्रस्तुत गर्ने काम हुन्छ । गुणात्मक अनुसन्धानका रूपमा रहेको केन्द्रित समूहहरूमा ६ देखि १० जनाहरूबिच सहजकर्ताले सञ्चालन गर्ने छलफल हुनेगर्दछ। खुला प्रश्नहरूसहितका मार्गदर्शन प्रयोग गर्दै सहजकर्ताहरूले छलफलको सहजीकरण गर्दछन् जहाँ सहभागीहरूले कुनै खास विषयमा आफ्ना विचारहरू आदानप्रदान गर्दछन्।
	
	फाइदाहरू :
	● विशेषज्ञहरूले दलहरूलाई प्रश्नहरू र छलफलका विषयवस्तुहरू उपयुक्त ढंगबाट तयार गर्न मद्दत गर्नसक्छन्,
	● खास समूहहरू (जस्तैः महिला, युवा, तटस्थ मतदाताहरू, आदि)का विचार तथा प्राथमिकताहरू सङ्कलन र वर्गीकरण गर्न संरचित गराउन सकिन्छ,
	● निष्कर्षहरूको व्यवसायिक विश्लेषण गरी दलका लागि सिफारिसहरू प्राप्त हुनसक्छ,
	● स्वतन्त्र विशेषज्ञहरूको सङ्लग्नता हुने भएकाले, सहभागीहरूले दलका बारेमा आफ्नो धारणा इमान्दारिपूर्वक राख्न सक्छन्,
	● जनताको दृष्टिकोणमा दलको सबल पक्ष र कमजोर पक्षको स्वतन्त्र समीक्षा प्राप्त गर्न उपयोगी, र
	● दल र मतदाताहरूबिच प्रत्यक्ष सम्पर्कलाई सुसूचित गर्नसक्छ ।
	● जनमत सर्वेक्षण (पोल):
	  ○ निष्कर्षलाई गुणन गरेर बृहत जनसङ्ख्यामा प्रक्षेपण गर्न सकिन्छ,
	  ○ प्राथमिकताहरूको पहिचान गर्न उपयोगी, र
	  ○ मुद्दा/विकल्पहरूको सरलीकरण ।
	● केन्द्रित समूहहरू निम्नलिखित कार्यका लागि उपयोगी हुनसक्छन् :
	  ○ विभिन्न दल र नीतिगत मुद्दाहरूबारे नागरिकहरूको दृष्टिकोणको अन्तरनिहित कारण बुझ्न,
	  ○ नागरिकहरूलाई सहजलाग्ने भाषाको पहिचान गर्न, र
	  ○ नीतिगत प्रस्तावहरूबारेका सन्देशहरूको परीक्षण गर्न ।

	वेफाइदाहरू: • खास सीपहरू आवश्यक हुन्छ र खर्चिलो छ, • वन्दोवस्तीका हिसाबले चुनौतीपूर्ण हुनसक्छ, • विविध विषयहरूमा विस्तृत छलफलका लागि कम सम्भावना, • मतदाता र दलका कार्यकर्ता/पदाधिकारीबिच प्रत्यक्ष अन्तर्क्रियाका लागि अवसर नहुने जनमत सर्वेक्षण: ○ खास धारणा पछाडिको अन्तरनिहित कारण/उत्प्रेरणाबारे कुनै संकेत गर्दैन, ○ जटिल विषयहरूको विश्लेषण गर्नमा न्युन उपयोग, र ○ उत्तरका पूर्वनिर्धारित विकल्पहरूमा सहभागीहरूलाई सीमित गराउने । केन्द्रित समूहहरू: ○ गुणन गर्ने वा बृहत जनसङ्ख्यामा प्रक्षेपण गर्न सकिंदैन, ○ समूहको निर्माणले विचारहरूमा पूर्वाग्रह आउनसक्छ वा मानिसहरूलाई खुला रूपमा बोल्न रोक्न सक्छ, र ○ निष्कर्षहरूको व्याख्या गर्न कठिन हुनसक्छ र प्रायः व्यक्तिपरक हुन्छन् ।
अनलाइन प्लेटफर्म	प्रविधिमा आएको क्रान्तिले जनतासँग अन्तर्क्रिया गर्न राजनीतिक दलहरूलाई विविध विकल्पहरू प्रदान गरेको छ, जसमा अनलाईन छलफल फोरम, सदस्य र अन्यले नीतिगत प्रस्तावहरू बुझाउन सक्ने वेबसाइट, ट्विटर पोस्ट, र टेक्स्ट मेसेज वा टेलिफोनमार्फत अनौपचारिक सर्वेक्षणहरूलगायत रहेका छन् । फाइदाहरू: • सहभागीहरूलाई आफ्नो सुहाउँदो समय र स्थानमा सूचना प्राप्त गर्न सहज बनाउँछ, • दलहरूका लागि खर्च र समयको दृष्टिकोणले मितव्ययी हुनसक्छ, • अनलाइन फोरममा विभिन्न स्तरको पहुँच स्थापित गर्न सम्भव (जस्तैः सदस्यहरूका लागि मात्र, सार्वजनिक आदि), • सामाजिक सञ्जालमा पोस्ट गर्न सहज हुने भएकाले दलहरू र जनताबिचको सम्पर्कको दर बढ्न सक्छ, र • नवीन सामाजिक सञ्जालका विधिहरूले सञ्चारमाध्ममा सकारात्मक प्रचारप्रसार हुनसक्छ, र समयअनुसार चल्ने दलको सन्देश प्रवाह दिन सहयोग गर्नसक्छ । वेफाइदाहरू: • अनलाईन/सामाजिक सञ्जालमा कम पहुँच भएका समुदायहरूसम्म पुग्न प्रभावकारी नहुने (जस्तैः सीमित इन्टरनेट पहुँच वा कम्प्युटर पहुँच र प्रविधिसँग त्यति सहज नभएका व्यक्तिहरू), • विशेषगरी अनलाईन सञ्चारमा अपर्याप्त सहजीकरण भएको अवस्थामा सहभागीहरू विषयवस्तु भन्दा बाहिर जानसक्छन्,

	• संवादको सक्रिय अनुगमन र सहजीकरण आवश्यक हुन्छ, • पृष्ठपोषणहरूको विश्लेषण गरी निष्कर्ष निकाल्न बढी कठिन हुनसक्छ, • कुनै पनि दलका बारेमा नकारात्मक सूचना सजलै पोस्ट गरी सार्वजनिक हुनसक्छ, तर त्यसलाई इन्टरनेटबाट हटाउन निकै कठिन हुनेगर्दछ, र • अनलाइन प्लेटफर्महरूमा सहभागीहरूलाई निर्देशित गर्न रणनीतिहरू आवश्यक हुनसक्छ ।

सन्दर्भ सामग्रीः

१. इन्टरनेशनल एसोसिएसन फर पब्लिक पार्टिसिपेसन । आइएपीटु पब्लिक पार्टिसिपेसन टुलबक्स : टेक्निक्स टु सेयर इन्प(रमेसन । आइएपीटु, २०००-०४ । स्रोतः http://www.iap2.org/associations/4748/files/toolbox.pdf.

२. मध्य र पश्चिम युरोप, क्षेत्रीय राजनीतिक दल कार्यक्रम, एनडीआई । पोलिटिकल पार्टिज्, पब्लिक पोलिसी एण्ड पार्टिसिपेटोरी डेमोक्रेसी, एनडीआई, २०११ । स्रोतः http://www.ndi.org/files/Political%20Parties%20Public%20Policy%20and%20Participatory%20 democra-cy%20(english).pdf

३. रोबर्टस, रोर्बट एण्ड स्क्ट ह्यामोण्ड । प्रेसिडेन्सिय क्याम्पेन्स्, स्लोगेन्स्, इस्यूज, एण्ड प्लेटफर्म्स । एबीसी-सिएलअ(ाईओ, एलएलसी, २०१२, स्रोतः http://books.google.com/books?id=5exv7fhk5v4c&pg=Pt650&dq=town+hall+political+event&hl=en&sa=x-&ei=ZZniUedFl-mxiQlZqicQdg&ved=0cdoQ6aewaa#v=onepage&q&f=false

४. भिक्टोरिया क्यानाभोर, फ्रम प्रपोजल टु प्रेजेन्टेसनः द फोकस ग्रुप प्रोसेस एट एनडीआई । नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट, २००६

५. स्रोतःhttps://portal.ndi.org/c/document_library/get_file?p_l_id=237983&folderid=235104&name=dlFe-8735.pdf

अन्तिम नोटहरू : खण्ड १

२. जोन क्यारी एण्ड एन्ड्रिऊ रेनल्ड्स, " पार्टीज एण्ड एकाउन्टेबल गभरमेन्ट ईन न्यू डेमोर्क्यासिज," पार्टी पोलिटिक्स १३:२ (२००७): २७१।

३. स्टीभ बी. वोलीनेट्ज, "द ट्रान्सफर्मेसन अफ वेस्ट्रन यूरोपीयन पार्टी सिस्टम्स," ईन द वेस्ट यूरोपीयन पार्टी सिस्टम, एड पीटर मेर (अक्सफर्ड, यूकेः अक्सफर्ड यूनिभरसिटि प्रेस, १९००), २२९-२३०।

४. एनडीआई, पेरुज् पोलीटिकल पार्टी सिस्टम एण्ड द प्रमोसन अफ प्रो-पोर रिफर्म (वासिङ्टन, डिसीः एनडीआई, २००५), २०-२६। यो रिपोर्टले पेरुको राजनीतिक दल प्रणाली र त्यसले गरीबहरू तफ्र लक्षित परिवर्तनमा लागी परेका लोकतान्त्रिक पद्धतिबाट निर्वाचित अधिकारीहरूमा पार्ने असरको विश्लेषण प्रदान गर्दछ।

५. एनडीआई, बोलिभियाज् पोलिटिकल पार्टी सिस्टम एण्ड द ईनसेन्टिभ्स फर प्रो-पोर रिफर्म (वासिङ्टन, डिसीः एनडीआई, २००४), २७-३०। यो प्रतिवेदनले गरिब केन्द्रित सुधार गर्नका निम्ति प्रोत्साहन र निरुत्साहन गर्ने त्तवहरू माथि प्रकाश पार्नको निम्ति, बोलिभियन राजनीतिक दल प्रणालीको परिक्षण गर्छ।

६. जैमी ब्लेक र निकोलस भ्यान डे वाल्ले,"पार्टिज एण्ड ईस्युज ईन फ्रान्कोफोन वेस्ट अफ्रिकाः टुवार्ड्स अ थेउरी अफ नन-मोबिलाईजेशन," डेमोक्राटाईजेसन १८:५(२०११):११२५-११४५।

७. उदाहरणको लागि हेर्नुहोस्: पिटन मैर, हाऊ पार्टिस अर्गनाईजः चेन्ज एण्ड एड्याप्टेशन इन पार्टी अर्गनाईजेसन्स् इन वेस्टर्न डेमोक्रेसिज् , इडी. रिचर्ड काट्ज एण्ड पिटर मैर(लण्डनःसेज पब्लिकेशन, १९९४); एलेन वेर , पोलिटिकल पार्टिज नद पार्टी सिस्टम्स (न्यू योर्कः अक्सफर्ड यूनिभर्सिटी प्रेस, १९९६); थोमस करोथर्स, कनप्रन्टिङ् द विकेस्ट लिङ्कः एडिङ्ग (बष्मष्लन) पोलिटिकल पार्टिज इन न्यू डेमोक्रयासिस (वासिङ्गटन डिसीः कार्नेगी एन्डाउमेन्ट फर ईन्टरनेश्नल पिस, २००६); मौरिस डुभेर्गर, "फ्याक्टर्श इन अ टु पार्टी एण्ड मल्टिपार्टी सिस्टम," ईन पार्टी पोलिटिक्स एण्ड प्रेसर ग्रुप्स् (न्यू योर्कः थोमस वाई। क्रोवेल, १९७२)।

८. हेर्नुहोसः पिटर मैर एण्ड कास मुड्डे, "द पार्टी फ्यामिली एण्ड इट्स स्टडी,"एलुवल रीभ्यू अफ पोलिटिकल साइन्स १ (जुन १९९८):२११-२२९; केनेथ कार्टी," पार्टीज एज फ्रानचाइज सिस्टम्सः द स्ट्राटर्किएल अर्जनाइजेशनल इम्पेरिटिभ।"पार्टी पोलिटिक्स १० (जनवरी २००४): रिचर्ड गुन्थर एण्ड ल्यारी डाईमण्ड,"स्पिसिज अफ पोलिटिकल पार्टीजः ए न्यू टाइपोलोजी," पोलिटिकल पार्टिज ९.२(२००३):१६७:१९९।

९. उदाहरणको लागि, रेले १९६७ मा २० ओटा पश्चिमी लोकतन्त्रहरूको बारेमा गरेको अध्ययन जसको सन्दर्भः मार्टिन हारोप र विलियम लक्ले मिल्लर, ईलेक्शन एण्ड भोटर्सः ए कम्प्यारीटिभ ईन्ट्रोडक्शन (बासिडस्टोकः म्याकम्यालन एजुकेशन, १९८७),६९। अन्य व्यक्तिहरूले, यो अवधारणा ज्यादै सरल रहेको र विशेष गरी संक्रमणकालमा रहेका देशहरूमा पर्याप्त मात्रामा राजनीतिक एवं ऐतिहासिक प्रभावहरूलाई सम्बोधन नगरेको भन्छन् । स्थिर, पुराना लोकतन्त्रहरूमा समान्यतया उदाउँदो लोकतन्त्रहरूको तुलनामा कम पार्टीहरू हुन्छन् र निर्वाचन प्रणालीले गौण वा न्यून भूमिका खेल्छ भनेर उनिहरू प्रतिवाद गर्छन् ।

१०. बेन रैली, डेमोक्रेशी ईन डिभाडेड सोशाइटिज् : ईलेक्टोरल ईन्जिनियरिङ् फर कन्फ्लिक्ट म्यानेजमेन्ट (क्यामब्रिजः क्यामब्रिज यूनिभर्सिटि प्रेस,२००१), ५-११। प्रतिद्वन्दि समूहहरूबिचको सौदाबाजीलाई प्रोत्साहन गर्ने निर्वाचन प्रणालीले कसरी विभाजित समाजलाई जोड्न सक्छ भनेर रैलीले परिक्षण गरेका छन्।

११. उदाहरणको लागी, घाना, ईन्णोनेशिया र केन्या सबैको देशहरूमा राजनीतिक दलहरूको कम्तिमा केही शाखाहरू हुनै पर्ने हुन्छ। यसका साथै, केन्याको संविधानमा, राष्ट्रपतिका उम्मेदवारहरूले खसालिएको मतबाट कम्तिमा आधीभन्दा बढी मत प्राप्त गरेको हुनुपर्ने र काउन्टीमा खसालिएको मतमध्ये २५ प्रतिशत प्राप्त गरेको हुनुपर्ने प्रावधान छ ।

१२. उदाहरणको लागि, कोसोभोमा १२० मध्ये १० मत सर्ब समूदायको निम्ति आरक्षित गरिएको हुन्छ र अन्य १० चाँही अरु समुदायका निम्ति आरक्षित गरिएको हुन्छ। कोल्मबिया र भेनेजुवेलामा आदिवासीहररुका निम्ति सिट आरक्षित गरिएको हुन्छ।

१३. पोल्याण्डमा, १९९० देखिन, अल्पसंखिय समूहहरूलाई प्रतिनिधि गर्ने राजनीतिक पार्टिहरूलाई निर्वाजन सीमाहरूको माफी दिइएको छ। बोस्निया-हर्चगोविनियाको राजनीतिक प्रणालीले तीन-सदस्य रहेको राष्ट्रपति पद, प्रतिनिधि सभामा स्पष्ट कोटाको व्यवस्था, जातीयतामा आधारित संघिय एकाई, र महत्वपूर्ण राष्ट्रिय हितका सवाल सम्बन्धि विपरीत हुने नियम तथा कानुनहरूमा भेटो प्रयोग गर्ने अधिकार सुनिश्चित गरी हरेक जातीय समूहहरूको प्रतिनिधित्व सुनिश्चित गरेको छ ।

१४. लिवोनार्ड वान्टचेकन, "पोलिसी डेलिबरेसन एण्ड भोटिङ् बिहेभिएरः एभिडेन्स फ्रम ए क्याम्पेन एक्सपिरिमेन्ट इन बेनिन," (प्रिन्सेटन यूनिभर्सीटिः अनपब्लिस्ड ृ(२०१३)।

१५. एकेडेमिक स्टडीज अन हाऊ पोलिटिकल पार्टिज इन स्ट् याब्सिड डेमोक्र्यासिज आर एड्याप्टिङ् टु चेनजेज इन देर एनभायरमेन्ट इन्क्लुडः आर. केनेथ कार्टि, "पार्टिज एज फ्रानचाइज सिस्टम्सः द स्टाटारकिएल अर्गनाइजेशनल इम्परेटिभ," पार्टी पिलोटिक्स १०.१ (जनवरी २००४): ५-२४ पिटर मैर, हाउ पार्टिज अर्गनाइजः चेन्ज एण्ड एड्याप्टेशन इन पार्टी अर्गनाइजेशन्स इन वेस्ट्रन डेमोक्रेसिज, इडी. रिचर्ड काट्ज एन्ड पिटर मैर (लन्डनः सेज पब्लिकेशन्स, १९९४)।

१६. एड्वर्ड गोन्जालेज-एकोस्टा, पोलिटिकल पार्टिज एन्ड पोलिसी डिभेलपमेन्टः द कन्डिसन्स विच लिड पोलिटिकल पार्टिज टु एडोप्ट प्रोग्रेसिभ पोलिसिज (ओस्लो, नर्वेः यूएनडीपी ओस्लो गभर्नेन्स सेन्टर, २००९)।

१७. निकचिजम्यान एन्ड मार्जा हिन्फेलार, "पार्टिज, प्लाटफर्म्स, एन्ड पोलिटिकल मोबिलाईजेशनः द जामीबिएन प्रेजीडेन्शिएल इलेक्शन अफ २००८,"अफ्रिकन अफेर्स १०९/४३४ (२०१०): ५१-७६। यस लेखको सारमा भनिएको छ की, "यस लेखमा राष्ट्रपतिको उपचुनावमा आएका चुनौतीहरूको सामना गर्न प्रमुख पार्टीहरूले अपनाएका उपायहरूले, राजनीतिक पार्टिहरूसँग सम्बन्धी उदाँउदै गरेका अवधारणाहरूलाई तीन ओटा पाठ सिकाउँछ ।

१८. म्याथिज्स बोगार्ड्स," कम्प्यारेटिभ स्ट्राटिजिज् अफ पोलिटिकल पार्टी रेगुलेशन," इन पोलिटिकल पार्टिज इन कन्फ्लिक्ट-प्रोन सोसाईटिजः रेगुलेशन, इन्जिनिएरिङ् एन्ड डेमोक्रयाटिक डिभेलपमेन्ट, इडी.बेन रैली एन्ड पर् नोर्डलुन्ड(युनाइटेड नेशन्स यूनिभरसीटि प्रेस, २००८), ६१ ।

१९. ग्रीन पार्टिजले आफ्ना विधायकहरूका निम्ति सेवा अवधि तोकेका छन्, जन निर्वाचित प्रतिनिधिहरूलाई पार्टीको कार्यकारी निकायमा मत हाल्न रोकेका छन् र एकल नेतृत्वहरूको नियुक्तिमा पनि प्रतिकार गर्दै, सह-नेतृत्वलाई बढावा दिएका छन् । ग्रीन पार्टीज इन ट्रानजीशनः द एन्ड अफ ग्रास-रुट्स डेमोक्रयासी?, इडी.ई.जीन फ्रान्कल्यान्ड, पल लुकार्डी, एन्ड बेनोइ रिहौक्स (बरलिङ्टन, भीटीः एसगेट पब्लिसिङ्, २००८)।

२०. अस्ट्रेलियन लेबर पार्टी, नेशनल कन्स्टीट्यूशन २००९, जततउस्ररधधधबउिायचनबगरबगकतचबष्बिल(बिदयचरयगच(उबितायक्कर, बचतष्अभिक ढ(ज्ञज्ञद्दण।

२१. एन्ड्रिऊ हेवुड, पोलिटिकल आइडियोलोजिजः एन इन्ट्रोडक्सन (न्यूयोक्रःएस.टी.मार्टिन्स प्रेस, १९९२), २-३।

२२. टेरेन्स बल एन्ड रिचार्ड ड्याग्गर, पोलिटिकल आइडियोलोजी एन्ड द डेमोक्रयाटीक आईडिएल ८ औँ संस्करण (न्यूयोर्कः पिएरसन एन्ड लन्गाम्यान, २०१०), ४।

२३. थिएरी कुजम्यान्स एट अल, लिबरल प्रिन्सिपल्स कम्पेर्ड (डुर्नःईएलएफ, २०११),३।

२४. हेवुड, पोलिटिकल आइडियोलोजीज, ३४४।

२५. एन्सन मोर्स, "वाट इस ए पार्टी?," इन पर्सपेक्टिभ्स अन पोलिटिकल पार्टिज, इडी.स्कारो (न्यू योक्रः पालग्रेभ म्याकमिलन, २००२), ११२। २६. जोन रेन्टौल, "डिफानिङ् मोमेन्ट" एज ब्लेर विन्स व्याकिङ् फर क्लज ४" द ईन्डीपेनडेन्ट, मार्च १४,१९९५, जुन १०, २०१३मा हेरिएको, http://www.independent.co.uk/news/defining-moment-as-blairwins-backing-for-clause-iv-1611135.html//printservice=print .

२६. जोन रेन्टौल, " डिफाईनिङ् मोमेन्ट" एज ब्केर विन्स व्याकिङ् फर कल्ज ४," द इन्डिपेन्डेन्ट, मार्च १४, १९९५, जुन १०, २०१३ मा हेरिएको, http://www.

independent.co.uk/news/defining-moment-as-blairwins-backing-for-clause-iv-1611135.html//printservice=print .

२७. यूके कन्जरभेटिभ पार्टी, "बिल्ट टु लास्ट," जुन १३, २०१३ मा हेरिएको, http://conservativehome.blogs.com/ torydiary/ files/built_to_last.pdf .

२८. जोन डी. मे, "अपिनियन स्ट्रक्चर अफ पोलिटिकल पार्टिज: द स्पेसल ल अफ क्रभिलिनियर डिस्प्यारीटि,"पोलिटिकल स्टिड्ज २.२ (१९७३): १३५-५१। यस लेखले रानजीतिक दलको संरचना सम्बन्धि सिद्धान्त प्रदान गर्छ।

२९. पिप्पा नोरीस, "मेज ल अफ कर्भिलिनियर डिस्प्यारीटि रीभिजिटेड: लिडर्स, अफिसर्स, मेम्मबर्स एण्ड भोटर्स ईन ब्रिटिस पोलिटिकल पार्टिज,"पार्टी पोलिटिक्स १.१ (जनवरी १९९५): २९-४७। यस लेखले राजनीतिक दलको संरचना सम्बन्धि मेको सिद्धान्तलाई पुन: परीक्षण गर्छ।

३०. डरिना मालोभा एण्ड केभिन क्राउज, "पार्लियामेन्टरी पार्टी ग्रुप्स् ईन स्लोभाकिया," इन पार्लियामेन्टरी पार्टी ग्रुप्स् ईन यूरोपियन डेमोक्र्यासिज, नुट हैडर एण्ड रुड कोले, १९६-२१३ (लण्डन: रुटलेड्ज, २०००)।

३१. बोल मार्स एट अल. "अ न्यु गाइड टु द डेमोक्र्याटिक हर्ड।" द न्यू योर्क टाईम्स, अगष्ट ३०, २०१२ मा अद्यावधिक गरिएको, http://www.nytimes.com/interactive/2012/09/02/sunday-review/a-new-guide-to-the-democratic-herd.html//ref=sunday-review.

३२. एड्म नागोर्ने, "जी.ओ.पी. एडोप्ट्स 'प्यूरीटि' प्लेड्ज आफ्टर रीभिजन्स। "द न्यू योर्क टाइम्स, जनवरी ३०,२०१०, जुन १०, २०१३ मा हेरिएको, http://www.nytimes.com/2010/01/30/us/politics/30purity.html;P8\d नागोर्ने,"जी.ओ.पी. कन्सिडर्स ' प्यूरीटि' रेसोल्यूशन फर क्यान्डिडेड्स," द न्यूयोर्क टाइम्स, नोभेम्बर २९, २००९, जुन १०, २०१३ मा हेरिएको, http://thecaucus.blogs.nytimes.com/2009/11/23/gop-considers-puri-ty-resolution-for-candidates/

३३. पृष्ठ ५३ ले संसदीय समूहको अनुसाशन कायम गर्दै क्षलफल गर्न र असहमति व्यक्त गर्ने स्थान प्रदान गर्न रणनीतिहरूलाई छोटकरीमा क्षलफल गरिएको छ। यसका साथै, पोलिटिकल पार्टिज एण्ड डेमोक्रेसी इन थेउरीटिकल एण्ड प्राक्टिल पर्सपेक्टिभ्स: पार्लियामेन्टरी र ग्रुप्स् (वासिङ्टन, डीसि: एनडीआई २०११) ले अनुसाशन, विवेकको स्वतन्त्रता र अन्य सम्बन्धित सवालहरूमा थप विवरण प्रदान गर्छ। एसडिपी होमपेज,

३४. लिबरल पार्टी अफ क्यानाडा, ह्याभ योर से, अ गाइड टु पोलीसि डिभेलभमेन्ट (ओट्टोवा: लिबरल पार्टी अफ क्यानाडा, २०१३), http://www.liberal.ca/files/2013/07/have-your-say.v2013.pdf मा आधारीत।

३५. हेर्नुहोस"सोसीयाल्डेमोकराटस्का (Socijalddemokratska) पार्तीजा हर्भाट्स्का । अगष्ट १८ , २०१३ मा हेरिएको, www.sdp.hr/ naslovna/.

३६. "नोभो ड्रुस्टभो द न्यू सोसाईटी," नोभो ड्रुस्टभो, २००६ मा अद्यावधिक गरिएको, http://www.novodrustvo.net.

३७. द पिङ्क बुक: ए पोलिसी फ्रेमवर्क फर क्यानाडाज् फ्युचर, भल्यूम १(ओट्टावा, क्यानाडा: लिब्रल वुमेन्स ककस, २००६) ।

३८. "डक्युमेन्ट्स," लिबरल पार्टी अफ क्यानाडा, जुलाई १२, २०१३ मा हेरिएको, http://www.liberal.ca/party/documents/

३९. लिब्रल पार्टी अफ क्यानाडा, ह्याभ योर से। ओट्टावा, क्यानाडा: लिब्रल पार्टी अफ क्यानाडा, २०१०)।

४०. मीकि कौल किट्टील्शन, "वुमेन, पार्टिज र प्लाटफर्म्स ईन पोस्ट-ईन्डस्ट्रिएल डेमोक्रयासिस्,"पार्टी पोलिटिक्स १७:६६ (२०११): ७०-७१।

४१. जेम्स मेक्गान, थिङ् ट्यान्क्स एण्ड पोलिसी एड्भाईस ईन द यूएस (फिलाडेल्फिया: फरेन पोलिसी रिसर्च ईन्स्टिच्यूट, २००५), १७।

४२. "नेशनल बिज्नेस एजेण्डा, "केन्या प्राईभेट सेक्टर एलाएन्स, २०१३ मा अद्यावधिक गरिएको, http://www.kepsa.or.ke/index.php/resource-

centre/national-business-agenda.

४३. सुजान स्किमिड्ट एण्ड जेम्स भी. ग्रीमाल्डी, "द फास्ट राईज एण्ड स्टिप फल अफ ज्याक एब्रामोओफ" द वासिङ्टन पोस्ट, डिसेम्बर २९, २००५, जुलाई१५, २०१३ मा हेरिएको। http://www.washingtonpost.com/wp-dyn/ntent/article/2005/12/28/ar2005122801588.html.

४४. स्यानन् ओ कोनेल, पोलिटिकल पार्टिज, पब्लिक पोलिसी एण्ड पार्टीसीपेटरी डेमोक्रेसी (वासिङ्टन, डिसीः एनडीआई, २०११), १२।

४५. यू के कन्सर्भेटिभ पार्टी, कनसर्भेटिभ पार्टीको विधान (वेस्टमिनिस्टरः कनसर्भेटिभ पार्टी, २००९)।

४६. लिब्रल पार्टी अफ क्यानाडा, विधान, (ओट्टावाः लिब्रल पार्टी अफ क्यानाडा, २०१२), धारा ४०।

४७. यूनियन पोर उन मुभमेन्ट पोपुल्यर, लेस स्टाटट्स डे लम्प, http://www.u-m-p.rg/sites/default/files/media/documents/les-statuts2.pdf, article 21

४८. यूके लिबरल डेमोक्र्याट्स, विधान (ब्रिगट्नः यूके लिब्रल डेमोक्र्याट्स, २०१२), धारा ५ ।

४९. अफ्रिकन नेशनल कङ्ग्रेस, विधान (म्यानगाउङ्गः एएनसी, २०१२), नियम १२.२।

५०. यूके लिब्रल डेमोक्र्याट्स, विधान, धारा ७.१।

५१. लिबरल पार्टी अफ क्यानाडा, विधान, धारा ४० ।

५२. न्यू डेमोक्र्याटिक पार्टी अफ ब्रिटिस कोलम्बिया, एनडीपीबीसी विधान (भ्यानकूभरः एनडीपी-बीसी,२००९), धारा १३।

५३. स्वीडिस सोसल डेमोक्र्याटीक पार्टी, "रूल्स फर द कोअपरेशन बिटवीन द इलेक्टेड रेप्रेजेन्टेटिभ्स एण्ड द पार्टी अर्गनाईजेशन्स," इन कन्स्टीट्यूशन, एस ए पी (स्टकहोमः एस ए पी, २००१), ३३।

५४. आकाश पाउन् एण्ड स्टुवार्ट हालीफाक्स, ए गेम अफ टु हाल्भरः हाऊ कोलिशन गभर्मेन्ट्स रीन्यू इन मिडटर्म एण्ड लास्ट द फुल टर्म (लण्डन, यूकेः ईन्टिच्यूट फर गभर्मेन्ट, २०१२), २८-२९।

५५. अमेरीकन पोलिटिकल साईन्स एसोसीएसन, टुवार्ड ए मोर रेस्पन्सिबल टु- पार्टी सिस्टमः अ रिपोर्ट अफ द कमीटि अन पोलिटिकल पार्टिज (न्यूयोर्कः रैनहार्ट, १९५०), १७-१८।

५६. ओ' कोनेल, पोलिटिकल पार्टिज, पब्लिक पोलिसी एण्ड पार्टीसिपेटरी डेमोक्रेसी, १०-११।

५७. ऐजन, १३ ।

५८. ग्वेडे मन्टास्चे, "एएनसी स्टेटमेन्ट अन पोलीसि कन्फ्रेन्स स्टेट अफ रेडिनेश,"एएनसी, जुन २५,२०१२, जुन १४, २०१३ मा हेरिएको, http://www.anc.org.za/show.php?id=9719. जेफ ज्याडेबे, "स्टेटमेन्ट बाई द हेड अफ द एएनसी एनईसी पोलिसी सब- कमिटी अन द रिलिज अफ पोलिसी डिस्कशन डक्यूमेन्ट्स, "एएनसी, मार्च ५, २०१२, जुन १४, २०१३ मा हेरिएको, http://www.anc.org.za/show.php?id=9418 .

५९. अघिल्ला अनुच्छेदहरू एनडीआईमा अक्टोबर २०११ मा आईडीया र एनआईएमडीको सहकार्यमा आयोजना भएको पार्टी सहायता गोल टेबलको निष्कर्शको साराशं हुन् । .

६०. पार्टीको घोषणापत्र पेश गर्ने वेबसाईट जततउस्ररधधध। मभ्कयअचबतकायचनरउबितायक्च हो ।

६१. वास्तविक साईट अहिले उपलब्ध नभए तापनि, "कन्भेन्सन विथआउट वाल्स" को मिडिया कभरेज समावेश गरिएको छः एलेक्स फिट्जप्याट्रिक, "युट्यूब द फोकल प्वाइन्ट ईन रिपब्लिकन "कन्भेन्शन विथआउट वाल्स'" म्यासेबल्, अगष्ट १६, २०१२, http://mashable.com/2012/08/16/youtube-republican-convention/ । "फर रिपब्लिकन्स, अ 'कन्भेन्शन विथआउट वाल्स'" म्यासेबल्, पीआर न्यूजवायर, अगष्ट १६, २०१२, http://www.prnewswire.com/news-releases/for-republicans-a-convention-without-walls-166433876.html. चेन्डा एनगाक," हाऊ टु फलो द २०१२ रिपब्लिकन नेशनल अन फेसबुक, ट्वीटर, गुगुल +," सीबीएस न्यूज, सेम्टेम्बर ३,२०१२, httpM÷÷www=cbsnews= com÷8301–

501465_162–57500864–501465÷http://www.cbsnews. com/8301-501465_162-57500864-501465/ how-to-follow-the-2012-republican-national-convention-on-facebook-twitter-google-/ .

६२. http://enfamille.liberal.ca/intro-en.aspx.70मा उपलब्धछ।

६३. द पाईरेट प्याड प्ल्याटफर्म http://www.piratenpad.de/मा उपलब्ध छ।

६४. जोन ह्यारीस," टाईम टु पुट द पार्टी ब्याक इन्टु कन्फ्रेन्स शीजन," द गार्डियन, अक्टोबर ८, २०१२, जुन १० २०१३ मा हेरिएको, http://www.guardian.co.uk/politics/2012/oct/08/put-party-back-conference-season. सन् २०१३को जुन २१मा धधधायबलमय।अफ वेबसाइटमा दिइएको विनिमय दर अनुसार एक बेलायती पाउण्ड बराबर १.५४६ अमेरिकी डलरको दरमा बेलायती पाउण्ड ७२२को विनिमयको हिसाब निकालिएको ।

६५. सन् २०१३को जुन २१मा धधधायबलमय।अफ वेबसाइटमा दिइएको विनिमय दर अनुसार एक क्यानेडियन डलर बराबर ०.९६८ अमेरिकी डलरको दरमा क्यानेडियन डलर १०००को विनिमयको हिसाब निकालिएको ।

६६. पाउन एण्ड ह्यालीफ्याक्स, अ गेम अफ टु हाल्भस् ,१३ ।

६७. जोसे फर्न्यान्डेज-अल्बेर्टोस् एण्ड भिक्टर लाप्युन्टे, "डुम्ड टु डिस्ग्री? पार्टी-भोटर डिस्सीप्लीन एण्ड पोलीसि ग्रिडलक अन्डर डिभाईडेड गभर्मेन्ट," पार्टी पोलिटिक्स १७:६ (२०११): ८०१-८२२।

६८. थप जानकारीको लागि, यस पृष्ठको दोस्रो खण्डमा रहेको फिलिपिन्ने एल्पी पार्टीको घटना अध्ययनलाई हेर्नुहोस् ।

६९. नर्म केली एण्ड सेफाकोर एसीयाग्बोर, पोलिटिकल पार्टिज एण्ड डेमोक्रेसी ईन थियोरीटिकल एण्ड प्राक्टिकल पर्सपेक्टिभ्सः पार्लियामेन्ट्री ग्रूपस, (वासिङ्गटन डीसीः एनडीआई, २०११), १४।

७०. एनडीआई, सेलिक्टिङ् क्यान्डिडेट्स फर लेजिस्लेटिभ अफिस (वासिङ्टन डीसीः एनडीआई, २००८)।

७१. रुडी एन्डेवेग एण्ड ज्याक थोमासेन, " पाथवेज टु पार्टी यूनीटिः साङ्शन्स, लोयल्टी, होमोजेनेटी, एण्ड डिभिजन अफ लेबर ईन द डट्च पार्लियामेन्ट," पार्टी पोलिटिक्स १७:५ (२०११): ६५५-६७२।

७२. केली एसीयाग्बोर, पोलिटिकल पार्टिज, २६-२७ ।

७३. जोएल बेटमान, ईन द स्याडोजः द स्याडो क्याबिनेट ईन अस्ट्रेलिय (अस्ट्रेलियाः पार्लियामेन्ट अफ अस्ट्रेलिया, २००८), ४१-४८।

७४. रिचार्ड बेल्लामी,"डेमेर्क्यासी, कम्प्रमाइज एण्ड द रेप्रेजेन्टेशन प्याराडक्स : कोएलिशन, गभर्मेन्ट एण्ड पोलिटिकल इन्टेग्रिटी," गभर्मेन्ट एण्ड अपोजिशन ४७:३ (२०१२): ४४३।

७५. पाउन एण्ड ह्यालीफ्याक्स, अ गेम अफ टु हाल्भस् ,४९ ।

७६. टिम बेल एण्ड टोर्जबोर्न बर्गम्यान," क्यापटिभ्स नो लन्गर बट सर्भेन्ट स्टील? कन्ट्र्याक्ट पार्लेमेन्ट्यारीजम एण्ड द न्यू माईनोरिटी गभर्नेन्स ईन स्वीडेन एण्ड नयू जिल्याण्ड," गभर्मेन्ट एण्ड अपोजिशन ४१:३ (२००६): ४३३।

७७. बेल्लामी, डेमोक्रेसी, कम्प्रमाईज एण्ड रेप्रेजेन्टेशन प्याराडक्स, " ४३३।

७८. केली एण्ड एसीयाग्बोर, पोलिटिकल पार्टिज, २१।

७९. लिबरल डेमोर्क्याट्स, फेडेरल कन्फ्रेन्स रिपोर्ट (न्यू-कासल-गेट्सहेडः लिब्रल डेमोक्रयाट्स, २०१२), जुन १४, २०१३ मा हेरिएको, http://www.libdems.Files/resources/docs/conference/2012-spring/2012%20newcastle-gateshead%20spring%20conference%20report.pdf ।

८०. जेकब जुमा, "स्टेटमेन्ट अफ द नेशनल एक्जेक्यूटिभ कमिटी अन द ओकेजन अफ द १०१ एनीभर्सरी अफ द एएनसी," अफ्रिकन नेशनल कङ्ग्रेस, जनवरी ८, २०१३, जुन ११, २०१३ मा हेरिएको, http://www.anc.org. za/show.php?id=10013

८१. यस अभियानमा नेशनल एक्सन पार्टीले काम गऱ्यो र एनडीआईको प्राविधिक टोलीको यस ब्लगमा हाइलाइट गरियोःhttps://demworks.org/blog/2011/08/tuit-tuit-mexican-party-holds-twitter-contest-improve-governance .

८२. वेब बेस्ड प्रतिवेदन हाल अनलाइन छैन । तर यस प्लेटफर्मको विवरण र यसलाई बनाउने आईटी फर्मले कसरी तयार गऱ्यो भन्ने प्राविधिक जानकारी यहाँ उपलब्ध छ : http://www.webdevotion.fr/realisations/tableau-de-bord-de-lump.html.

८३. रीभ्यू अफ यूके लेबर पार्टी पोलिसिमेकिङ्, २०१० पार्टी कन्फ्रेन्स - ओ' कोनेल, पोलिटिकल पार्टिज, पब्लिक पोलिसी एण्ड पार्टीसीपेटरी डेमोक्रेसी, ७ ।

८४. यो प्रकाशनले कुनै पनि पार्टी ककस, पार्टी बेन्च, लगायत कुनै विशेष प्रतिनिधि निकायमा सेवारत राजनीतिक पार्टीका निर्वाचित प्रतिनिधिहरूको समूहलाई, सरलताको लागि "संसदीय समूह" भनेर सम्बोधन गरेको छ। "विधायक" भन्नाले उपप्रमुखहरू , कङ्ग्रेसका सदस्यहरू आदि पर्दछन् । त्यसैगरी "सदन (लेजिस्लेटर)" लाई संसद, कङ्ग्रेस, सभाहरू आदी जस्ता कुनै पनि प्रतिनिधिमुलक संस्थालाई जनाउनका निम्ति प्रयोग गरिएको छ ।

८५. इन्टर- अमेरीकन डेभेलपमेन्ट बैंक, द पोलिटिक्स अफ पोलिसिज् (वासिङ्टन, डीसीः इन्टर- अमेरीकन डेभेलपमेन्ट बैंक, २००६),१८।

८६. ओ'कोनेल, पोलिटिकल पार्टिज, पब्लिक पोलिसी एण्ड पार्टिसीपेटरी डेमोक्रेसी, ९ ।८७. स्रोतहरूः (क) हेवुड, अ. (२०१२)। पोलिटिकल आडियोलोजिज्: एन इन्ट्रोडक्शन। (५ ईडी)। न्यूयोर्क, एनवाईः पालग्रेभ पोलिटिकल पार्टिज एण्ड डेमोक्रेसी ईन थियोरीटिकल एण्ड प्राक्टिकल पर्सपेक्टिभ ७१ म्याकमिलन। (ख) ब्रोन टेलर, " अ ग्रिन फ्यूचर फर रिलिजन?"फ्युचर्स ३६ ९२००४): ९९१-१००८, http://www.brontaylor.com/environmental_articles/pdf/taylor--greenFuture4rel.pdf। (ग) ग्लोबल ग्रिन्स (डाकारः ग्लोबल ग्रिन्स कङ् ग्रेस, २०१२), http://www.globalgreens.org/sites/globalgreens.org/files/charter2012_0.P मा (घ) रबिन एकस्ले, द ग्रिन स्टेटः रिथिंकीङ् डेमोक्रेसी एण्ड सोभेरेनिटी (क्यामब्रिज, म्यासाचुसेट्सः एमआईटी प्रेस, २००४), http://books.google.com/books?id=1Pl2Ub5mFPoc&d-q=isb-n:9780262550567&source=gbs_navlinks_s.

खण्ड २ : घटना अध्ययनहरू

अफ्रिकी नेशनल कङ्ग्रेस, दक्षिण अफ्रिका

पार्टिको संक्षिप्त इतिहास

जनवरी ८, सन् १९१२ मा नयाँ दक्षिण अफ्रिका सङ्गठन स्थापना हुने बेलामा काला मानिसहरूलाई शक्तिबाट बहिष्कृत गरिएको फलस्वरूप अफ्रिकी नेशनल कङ्ग्रेसको (एएनसी) स्थापना भएको थियो। सुरुमा यसलाई दक्षिण अफ्रिकी नेटिभ नेशनल कङ्ग्रेस भनिन्थ्यो। यस पार्टिले एएनसी भन्ने नाम सन् १९२३ मा अवलम्बन गऱ्यो।ठुलो संख्यामा मानिसहरू परिचालन गरी, भूमिगत कार्य एवं सशस्त्र संघर्ष मार्फत करिब ८४ वर्षसम्म एएनसीले जातीय समानताको लागि लडिरह्यो। यसका साथै, जातीय समानताको आफ्नो लक्ष्य प्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता हासिल गर्ने क्रममा यस पार्टीले रंगभेदी सरकारहरूलाई एक्लो पार्दै लैजाने कार्यहरू पनि गर्दै गयो। रंगभेदी सरकार र देशका अन्य समूहहरू बिच वार्ता सम्झौताको एउटा अंशको रूपमा दक्षिण अफ्रिकाले, अप्रिल सन् १९९४ मा संक्रमणकालीन निर्वाचन गऱ्यो। एएनसीले राष्ट्रिय सभाको ४०० मध्ये २५२ सीट जितेर सरकारमा बहुमतको पार्टी बन्न पुग्यो। एएनसी निरन्तर रूपमा देशमा हुने निर्वाचनमा हावी हुँदै आईरहेको छ र सन् २००९ को निर्वाचनमा ४०० मध्ये २६४ सीट जितेको थियो। हाल पार्टीमा १० लाखभन्दा बढी सदस्यहरू छन्। एएनसीले सामाजिक-लोकतान्त्रिक मूल्य मान्यतालाई अङ्गिकार गर्दछ र यो सोशलिस्ट ईन्टरनेशनलको सदस्य हो।

पार्टीका नियमहरू

अफ्रिकी नेशनल कङ्ग्रेसकोविधान[1] अनुरूप, नीति निर्धारण गर्ने अधिकार पार्टीको राष्ट्रिय सम्मेलनलाई हुन्छ। यसका साथै, पार्टीको मुख्य कार्यकारी अंग, राष्ट्रिय कार्यकारी समिति(एनईसी)ले आवश्यक्ता अनुसार दस्तावेजहरू र नीति निर्देशिकाहरू जारी गर्न सक्दछ । एनईसीले नीति सम्मेलन आवश्यक परेमा जहिले पनि आह्वान गर्न सक्छ, तर राष्ट्रिय सम्मेलन हुनुभन्दा कम्तिमा ६ महिना अगाडी आह्वान गर्नुपर्दछ। नीति सम्मेलनहरू भनेको राष्ट्रिय सम्मेलनका निम्ति प्रस्ताव एवं नीतिगत अवस्था सम्बन्धी सिफारिस गर्ने निकाय हो । पार्टीको राजनीतिक नेतृत्व गर्ने अध्यक्षले एनईसीको तर्फबाट घोषणाहरू गर्दै एएनसीको नीति र मूल्यमान्यताहरू माथि प्रकाश पार्न सक्छन्। राष्ट्रिय सम्मेलनले अङ्गिकार गरेको समस्त नीतिहरूलाई, पार्टीका सबै अंगहरूले कार्यान्वयन गरेको सुनिश्चित गर्ने जिम्मेवारी राष्ट्रिय अध्यक्षको हुन्छ। तथापी, पार्टीको कुनै पनि नीतिमा रचनात्मक किसिमका आलोचनात्मक टिप्पणी गर्ने अधिकार एएनसीका समस्त सदस्यहरूमा हुन्छ।

नीति एकाइ

हालसालै सम्म, एनईसी र राष्ट्रिय कार्यसमिति (एनडब्लुसी) का सदस्यको नेतृत्वमा रहेको नीति एकाइले पार्टी नीतिहरूको मस्यौदा तयार गर्ने गर्थ्यो । यो एकाइ एएनसीको मुख्य कार्यालय जोहानेस्बर्गमा अवस्थित एएनसीको एक प्रशासनिक शाखा थियो । निमन्त्रणा गरेपछि मात्रैएकाइका गतिविधिहरूमा सहभागी हुन मिल्थ्यो र यसमा एएनसीका नीतिहरूप्रति सहानुभूति राख्ने सरकारका विभिन्न तहका व्यक्तिहरू, राज्य अन्तर्गतका निकायहरू, निजी क्षेत्र र केही अवस्थामा नागरिक समाजसङ्गठनहरू सङ्लग्न थिए। एएनईसीको लागि नीति एकाइले विज्ञहरूलाई निमन्त्रणा गरेर वा नियुक्त गरेर कार्य दस्तावेजको मस्यौदाहरू तयार गऱ्यो। उपयुक्त एनईसीका उपसमितीहरूले मस्यौदा माथि छलफल गरी स्वीकृती प्रदान गरेपछि, दस्तावेजलाई सुरुमा पार्टीको संरचनाहरू मार्फत् वितरण गऱ्यो र पछि गएर पार्टीको वेबसाईटमा प्रकाशित गऱ्यो। यसपछि यी नीति मस्यौदाहरूलाई पार्टीको स्थानीय, जिल्ला , क्षेत्रीय र प्रादेशिक तहमा र साथसाथै राष्ट्रिय नीति सम्मेलनहरूको तयारीका निम्ति प्रादेशिक नीति सम्मेलनहरूमा छलफल गऱ्यो।

एएनसीले हालै नीति एकाइलाई विघटन गऱ्यो र कुन पार्टी संरचनाले नीति विकासको प्रक्रियाहरूलाई अघि बढाँउछ भन्ने बारेमा स्पष्टता आउन सकेको छैन।

नीति सम्मेलनहरू

पार्टीको नियम अनुसार एनईसीलाई आवश्यक्ता अनुसार नीति सम्मेलनको आह्वान गर्ने अधिकार हुन्छ । यद्यपी, राष्ट्रिय सम्मेलन हुनुभन्दा कम्तिमा छमहिना अगाडी आह्वान गर्नु पर्दछ । व्यवहारमा, नीति सम्मेलनहरू प्राय पार्टीको नीतिहरूलाई औपचारिक रूपमा अवलम्बन गर्ने

राष्ट्रिय सम्मेलनहरू भन्दा ठिक अगाडी हुने गरेका छन् ।

विभिन्न किसिमका पार्टी सम्मेलनहरूमा एएनसीका शाखाहरूले आफ्ना प्रतिनिधिहरूलाई मनोनयन गर्दछन्। हरेक शाखाको लागि छुट्याइएको प्रतिनिधिको संख्यात्यस शाखाको कुल सदस्यता आकारमा निर्भर गर्दछ। सामान्यतया, सङ्गठनमा पार्टीको स्थानीय कार्यक्रम र गतिविधिहरूमा सहभागिताको दृष्टिकोणबाट राम्रो काम गरेको रेकर्डको आधारमा शाखाहरूले सदस्यहरूको चयन गर्दछन् । यसका साथै, शाखाहरूले सदस्य चयन गर्ने बेलामा प्रतिनिधिहरूले पालो फेर्दै, पार्टीका गतिविधिहरूमा विभिन्न सदस्यहरूले अवसर पाउन भनेर सुनिश्चित गर्दछन्। फलस्वरूप चयन गरिएका प्रतिनिधिहरू कार्यक्रमको प्रकृती अनुसारफरक फरक हुन सक्छन् ; नीति सम्मेलनमा सहभागी भएका र राष्ट्रिय सम्मेलनमा सहभागी भएका प्रतिनिधिहरू एउटै हुँदैनन्। शाखाहरूले मनोनयन गरेका प्रतिनिधिहरूलाई प्रादेशिक नेतृत्वहरूले परीक्षण गर्दछन्। शाखा प्रतिनिधिहरूका अतिरिक्तप्रत्येक एएनसी युवा, महिला तथा भेटेरन (पूर्व सैनिकवा प्रहरीसङ्गठनहरू) लिगहरूका निम्ति पार्टी सम्मेलनहरूको लागि भनेर, ४५ जना मतदान गर्न सक्ने प्रतिनिधिहरूछुट्याइएको हुन्छ। एएनसीको गठबन्धन साझेदारहरू, दक्षिण अफ्रिकी ट्रेड युनियन, दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी र दक्षिण अफ्रिकी नेशनल सीभिक अर्गनाईजेसनका प्रतिनिधि मताधिकार बिना पर्यवेक्षकको रूपमा पार्टी सम्मेलनहरूमा सहभागी हुन्छन्।

आगामी पाँच वर्षका निम्ति सरकारको काम गर्ने आधार तय गर्नको लागि हरेक नीति सम्मेलनले नीतिहरूको समीक्षा एवं छलफल गर्दछ। यी सम्मेलनहरूले नीतिगत सिफारिसहरू तयार पारी अन्तिम स्वीकृतिको निम्ति राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्दछन्।

राष्ट्रिय सम्मेलनहरू

एएनसीको सबैभन्दा माथिल्लो तहको निर्णय गर्ने निकाय भनेको राष्ट्रिय सम्मेलन हो । यसले कुनै पनि नीति सम्बन्धी सिफारिसहरूलाई फर्काउन, संसोधन गर्न वा अनुमोदन गर्न सक्दछ। प्राय जसो नीति सम्बन्धी सिफारिसहरूलाई राष्ट्रिय सम्मेलनले थोरै परिमार्जन गरी अनुमोदन गर्ने गर्दछ। यद्यपी, सबै नीतिहरू स्वीकृत हुँदैनन् र राष्ट्रिय सम्मेलनहरूमा थप सुझावहरूलाई ध्यानमा राखी केहीमा फेरबदल गरिन्छ ।

नीति कार्यान्वयन

पार्टीका नीतिहरू कार्यान्वयन गर्नको लागिअफ्रिकी नेशनल कङ्ग्रेसले कार्यकर्ताहरूलाई परिचालन गर्नेनीति लिएको छ ।यसमार्फतकार्यपालिका र व्यवस्थापिका कार्यलयहरूमा पार्टीका सदस्यहरू रहने कुराको सुनिश्चित गरिएको हुन्छ। यसो गर्नुको तर्क, सरकारमा आफ्ना कार्यकर्ताहरूलाई समावेश गराएर एएनसीको राजनीतिक र विकास एजेन्डालाई विस्तार गर्नको लागि हो। यो नीतिको आन्तरिक एवं बाह्य पक्षबाट आलोचना हुँदै आएको छ । केहीले विकासका मापदण्ड अस्पष्ट छन् भनेर भन्छन् भने केहीले यो नीतिलाई मूल रूपमा राजनीतिक संरक्षणको एक स्वरूपको रूपमा लिन्छन् । पार्टीले यो अभ्यासलाई सरकार भित्र आफ्ना नीति एवं मूल्य मान्यताहरू कार्यान्यवन सुनिश्चित गर्ने एक महत्वपूर्ण अभ्यासको रूपमा लिएको छ। यसका साथै, परिचालन गरिएका कार्यकर्ताहरूसँग सरकारमा गएर काम गर्दा प्रभावकारिताका साथ काम गर्ने सीप एवं स्रोतसाधन सुनिश्चित गराइनु पर्ने माथि पार्टीले प्रकाश पारेको छ ।[२]

पार्टीको नीति सम्बन्धी कानुन तयार गर्नु परेमा, राज्यका कानुनी सल्लाहकारहरूले उपयुक्त भाषाको मस्यौदालाई एएनसीको संसदीय ककस वा समूहमा पेश गर्दछन् । त्यसपछि, नीति एकाइले मस्यौदाको समीक्षा गर्दछ र सम्बन्धित मन्त्रीले एनईसी र क्याबिनेटलाई प्रस्ताव सम्बन्धी जानकारी गराउँछन्। यी निकायहरूबाट स्वीकृति प्राप्त गरेपछि उक्त सम्बन्धित मन्त्रीले विधेयकलाई संसदमा पेश गर्दछन्। संसद मार्फत सार्वजनिक सुनुवाईहरू आयोजना गरी विभिन्न समूहहरू बिच प्रस्तावित कानुन माथि छलफल गर्ने अवसर दिइन्छ। त्यसपछि विधेयक माथि संसदमा बहस गरिन्छ रत्यसमा मत लिइन्छ। व्यवस्थापिका अन्तर्गत, एएनसी संसदीय ककस समन्वय र जवाफदेहिताको केन्द्र हो। पार्टीको मुख्य सचेतकले समस्त विधायकहरूले पार्टीको अवधारणा अनुरूप काम गर्ने सुनिश्चित गर्दछन्। यसका साथै, पार्टीको महासचिव विचारहरू प्रस्तुत गर्नको लागि संसदीय समूहका बैठकहरूमा सहभागी हुन्छन् ।

पार्टी अध्यक्षले पार्टीका उच्च स्तरीय निर्णायक निकायहरूलाई राजनीतिक प्रतिवेदनहरू पेश गरीसंसदमा राष्ट्रको नाममा सम्बोधन गर्दछन्, जसप्रति प्रतिपक्षले प्रतिक्रिया जनाउँछ । यसका साथै, हरेक जनवरी ८ मा, पार्टीको वार्षिक गतिविधिको अंशको रूपमा एएनसीले गएको वर्षमा पार्टी र सरकारको उपलब्धीहरू समेटेरमुख्य नीति वक्तव्य प्रकाशित गर्दछ ।

नीति कार्यवन्यनमा देखिने कमी कमजोरी एवं चुनौतीहरूलाई पहिचान गर्नका निम्तिसन् २००९ देखि,पाँच वर्षे, दश वर्षे र १५ वर्षेको समीक्षाको रूपमा लेखिने नीतिगत समीक्षा प्रक्रियालेआगामी प्रशासनको लागि प्राथमिकताका विषयहरू तय गर्ने काम गर्दछ। एएनसीले आफ्नो प्राय जसो घोषणापत्र पार्टीको नीतिगत कमीकमजोरीहरूलाई पहिचान गरी सोलाई सम्बोधन गर्ने योजना तयार गर्नका निम्ति, प्राय यहि समीक्षालाई आधार मान्ने गर्दछ ।

सिकेका पाठहरू

नीति सम्बन्धीका बहसहरू निकै चर्को पनि हुन सक्छन् । उदाहरणको लागि, हालैका केही वर्षहरूमा दक्षिण अफ्रिकाको गार्हस्थ उत्पादन मध्ये ९ प्रतिशत योगदान गर्ने खानी उद्योगहरूसम्बन्धीघनिभूत छलफलहरू भएका छन् ।सन् २००९ बाट तत्कालीन अध्यक्ष जुलीएस मालेमाको पालामा, अफ्रिकन नेशनल कङ्ग्रेसयुथ लिग (एएनसीवाईएल) खानीहरूको राष्ट्रियकरण गर्नकानिम्ति सशक्त रूपमा लागि पऱ्यो। एएनसीको समर्थन वा विरोध बिनानै लिगले यी नीतिहरू सम्बन्धी निरन्तर पैरवी गरिरह्यो। यो राष्ट्रियकरणको मुद्दालाई टेबलमा छलफलका निम्ति जुन २०१२ को नीति सम्मेलनमा पेश गरियो। सेप्टेम्बर २०१२ मा प्रकाशित दस्तावेजमा सहभागीहरूले खानी सम्बन्धी काम गर्ने कम्पनीहरूलाई एकिकृत गरिनु पर्छ र देश भित्रका खनिज प्रशोधनलाई प्रोत्साहन गर्न निर्यात कर लगाउनु पर्छ भन्ने निष्कर्ष निकाल्यो।यो दस्तावेजले राष्ट्रियकरणको विकल्पमा निजी क्षेत्रको धनलाई दक्षिण अफ्रिकी नागरिक माझ पुनः वितरण गर्न 'रिसोर्स रेन्ट'अर्थात् स्रोतमाथिको कर लागु गर्नुपर्छ वा राजश्व बढाउनुपर्छ भन्ने सिफारिस गऱ्यो ।

खानीहरूको राष्ट्रियकरण सम्बन्धी तीन वर्ष सम्म बहस गरेपछि एएनसीले कर सम्बन्धीको प्रस्तावलाई अनुमोदन गर्दै डिसेम्बर २०१२ को राष्ट्रिय सम्मेलनमा नीति पत्र पेश गऱ्यो। युवा लिग एएनसीवाईएलको लामो अभियानका कारण र पार्टीको औपचारिक प्रतिक्रिया बिना नै गरिएको यस निर्णयलाई वामपन्थीहरूले चर्को आलोचना गरे र संचार माध्यमको पनि ध्यानाकर्षण भयो।राष्ट्रियकरण सम्बन्धी स्पष्टनीतिको अभावले लगानीकर्ताहरूको आत्मविश्वासमा संकट उत्पन्न गराँउछ भनेर विश्लेषकहरूले चेतावनी दिएका

थिए। साथै, कार्यस्थलको वातावरण र कामदारहरूको सुरक्षा सम्बन्धीका केही घटनाहरूले पनि खानी क्षेत्रको नीतिहरू सम्बन्धी समाचार बन्यो। यसै क्रममा, सन् २०१२ को सुरु तिर छुट्टै मुद्दामा जुलिएस मालेमालाई अनुशासनको कारवाही गरी पार्टीबाट निष्कासित गरियो। यो निर्णयलाई उल्टाउन गरिएको प्रयास पनि असफल भयो र उनी अहिले पनि पार्टी बाहिरै छन् ।

राष्ट्रियकरणको यस बहसलेएएनसीले कसरी वामपन्थी नीतिहरूसँग फरक तरिकाले प्रतिबद्धता जनाएका विविध समूहहरूलाई समेट्छ भनेर देखाएको छ।यसरी विभिन्न नीति एवं नेतृत्व सम्बन्धी निर्णयहरू गरिने सम्मेलनका निम्ति पार्टीका प्रतिनिधिहरू चयन गरी, नेतृत्व र नीति निर्धारणको लागि संघर्ष गर्न पार्टी भित्रका विभिन्न समूहहरूलागि पर्छन्। पार्टीले आफ्ना सदस्यहरूका विचारहरू र तिनले गर्दा व्यवसाय र राष्ट्रिय अर्थतन्त्रमा पर्ने प्रभावलाई सन्तुलित राख्न सामना गर्नु पर्ने चुनौतीहरूलाई पनि यस बहसले प्रदर्शन गरेको छ। टेक्स्ट बक्स ८ मा देखाइए अनुसार, सन् १९९४ को निर्वाचन सम्म आइपुग्दा विकसित भएको पुननिर्माण र विकास कार्यक्रमलाई, राष्ट्रिय अर्थतन्त्रमा यसले पार्ने असरलाई मध्यनजर गरी अन्ततः परिष्कृत गरियो ।

टेक्स्ट बक्स ८ : पुननिर्माण र विकास कार्यक्रम

सन् १९९० पछि अफ्रिकी नेशनल कङ्ग्रेस(एएनसी)ले नीति विकासको लागि जनआधारित परामर्शात्मक अवधरणा अवलम्बन गऱ्यो। एएनसीले आफ्नो प्रमुख नीति कार्यक्रम, पुननिर्माण र विकास कार्यक्रम (आर.डी.पी.) को मस्यौदा तयार गर्ने समयमा दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी (एस.ए.सी.पी.), कङ्ग्रेस अफ साउथ अफ्रिकन ट्रेड युनियन्स् (सी.ओ.ए.एस.ए.टी.यु.) र साउथ अफ्रिकन नेशनल सीभिक अर्गनाइजेसन (एस.ए.एन.सी.ओ.) रहेको त्रिपक्षीय गठबन्धनसँग व्यापक रूपमा परामर्श गऱ्यो । आर.डी.पी. नीतिको खण्ड वा उपशिर्षकहरूमा बृहत सहयोग सुनिश्चित गर्नको निम्ति, यस गठबन्धनले व्यवहारिक तहमा काम गर्ने देशभरीका विभिन्न धार्मिक, महिला, विद्यार्थी र कामदार हरूका निम्ति काम गर्ने सङ्गठनहरूसँग परामर्श गऱ्यो। बृहत लोकतान्त्रिक अभियानमा लागेका असंख्य सङ्गठनहरूका नेतृत्व एवं मुख्य सदस्यहरू लगायत रङ्गभेद विरुद्ध काम गर्ने सङ्गठनहरूको छाता सङ्गठन यसमा सङ्लग्न भयो । जस अन्तर्गत राजनीतिक संरचनाहरू, ट्रेड युनियनहरू, गैर सरकारी संस्थाहरू, र नागरिक, शैक्षिक, सांस्कृतिक, मानव अधिकार, वातावरण, युवा तथा महिला सम्बन्धी काम गर्ने संस्थाहरू पर्दछन् । वेस्टर्न केपमा यी परामर्शहरूले सन् १९९४ को सुरुताका वेस्टर्न केप विश्वविद्यालयमा आयोजित प्रादेशिक आर.डी.पी. शिखर सम्मेलनमा यी परामर्शहरूले स्थान पायो र पछि गएर जोहानेशबर्गमा आयोजित राष्ट्रिय शिखर सम्मेलनमा पनि स्थान पायो। पहिलो लोकतान्त्रिक राज्यको उद्घाटन गर्ने बित्तिकै सम्बोधन गरिएका रङ्गभेदको इतिहासँग सरोकार राख्ने समस्त पक्षसँग सरोकार राख्ने आर.डी.पी. दस्तावेजलाई राष्ट्रिय शिखर सम्मेलनले अन्तिम स्वरूप प्रदान गऱ्यो ।

आर.डी.पी.को पाँचओटा आधारभूत कार्यक्रमहरू छन् :

१. जनताको आधारभूत आवश्यक्ता परिपूर्ति गर्ने;
२. देशको मानवस्रोतको विकास गर्ने;
३. दक्षिण अफ्रिकाको अर्थतन्त्र निर्माण गर्ने;
४. लोकतान्त्रिक राज्य एवं समाजको प्रवर्धन गर्ने; र
५. कार्यान्वयन गर्ने ।

देशले भोगिरहेको आर्थिक र सामजिक समस्याहरू सम्बोधन गर्नका निम्ति लेखिएको आर.डी.पी.ले हिंसा, आवासको अभाव, लोकतन्त्र, रोजगार, अपर्याप्त शिक्षा, स्वास्थ्य सेवा र असफल हुदैँ गरेको अर्थतन्त्र जस्ता मुद्दा माथि प्रकाश पाऱ्यो। यस कार्यक्रमले दक्षिण अफ्रिकाको जनसंख्या र स्रोतलाई परिचालन गरी लोकतान्त्रिक, समान र अवसर युक्तभविष्य तयार पार्ने उद्देश्य लियो ।

अफ्रिकी नेशनल कङ्ग्रेस गभरमेन्ट नेशनल युनिटी (जी.एन.यु.)को नेतृत्वमा हुँदा यस बृहत नीतिगत खाका अवलम्बन गरिएको थियो। त्यस समयमा दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी, कङ्ग्रेस अफ साउथ अफ्रिकन ट्रेड युनियन्स्र साउथ अफ्रिकन नेशनल सीभिक अर्गनाइजेशनको गठबन्धन थियो र अन्य सङ्गठनहरूको पनि समर्थन थियो । तर, यो जनआधारित परामर्शात्मक नीति निर्माण प्रक्रिया थोरै समयको लागि मात्र रह्यो। गभरमेन्ट नेशनल युनिटीले आर.डी.पी. अवलम्बन गरे लगत्तै यसले चर्को आलोचना भोग्नु पऱ्यो र अफ्रिकी नेशनल कङ्ग्रेसले यो पहललाई गी.इ.ए.आर. भनिने विकास, रोजगारी र पुन:वितरणको नीतिले प्रतिस्थापन गर्न बाध्य भयो। राम्रो आर्थिक खाकाको अभाव रहेको भन्दै आर.डी.पी. को ठुलो आलोचना भयो । यो केबल एउटा पहिलो लोकतान्त्रिक राज्यले सामान किन्नको लागि बनाएको सूची जस्तो मात्र भयो जसमा कसरी अर्थतन्त्रलाई बृद्धि गर्ने भनेर कुनै पनि स्पष्ट निर्देशिकाहरू छैनन् भनियो । गी.इ.ए.आर. नीतिले आर.डी.पी. को आर्थिक आलोचनाहरूलाई सम्बोधन गऱ्यो, र यसबाट एएनसी नेतृत्वको सरकारका निम्ति नीति विकासको नयाँ युगको सुरुवात भयो, जसमा प्राविधिक र आर्थिक सल्लाहकारहरूले मुख्य सरकारी विभागहरू लगायत क्याबिनेटका सदस्यहरूसँग परामर्श गरे। सरकार र निजामति कर्मचारीहरूले बहिस्कार एवं बेवास्ता गरेको भनी गठबन्धनका सदस्यहरूले यस नीतिको चर्को आलोचना गरे।

द कन्जर्भेटिभ पार्टी, संयुक्त अधिराज्य

पृष्ठभूमि तथा सारांश

संयुक्त अधिराज्यको *द कन्जर्भेटिभ पार्टी* मध्य-दक्षिणपन्थी अर्थात् दक्षिण ढल्किएको मध्यमार्गी पार्टी हो । यसको स्थापना सन् १६०० को दशौं शताब्दी तिर भएको थियो। यस पार्टीको आधिकारिक नाम *द कन्जर्भेटिभ एण्ड द युनियनिष्ट पार्टी* हो । तर सामान्यतया यसलाई द कन्जर्भेटिभ पार्टी वा यसको ऐतिहासिक उपनाम, *टोरी पार्टी*को नामले चिनिन्छ। पार्टीको संरचना अत्यन्त विकेन्द्रीत छ । स्थानीय पार्टी सङ्गठनहरूले दलका नेताहरूको निर्वाचन र स्थानीय उमेदवारहरूको चयनलाई धेरै प्रभावित पार्दछन् । *द कन्जर्भेटिभ पार्टी बोर्ड* राष्ट्रिय नेतृत्व निकाय हो र यही बोर्ड पार्टी सञ्चालनका सबै कामहरूको लागि जिम्मेवार हुन्छ।[३]

*द कन्जर्भेटिभ पार्टी*को नीति निर्माणमा सदस्य सहभागिताको निकै लामो इतिहास छ। पार्टीले सन् १९४० को दशकमा सदस्य र नेतृत्वबिच नीतिगत विषयमा दुईतर्फी सञ्चारलाई सहज बनाउने माध्यमका रूपमाद कन्जर्भेटिभ पोलिटिकिल सेन्टर(सीपीसी) स्थापना गरेको थियो। सीपीसीलाई सन् १९९८ मा कन्जर्भेटिभ पोलिसी फोरम नीति प्लेटफर्म (सीपीएफ) ले प्रतिस्थापन गरेको थियो। यसको उद्देश्य सीपीसीकै जस्तो थियो, तर यसका संरचना र प्रक्रियाहरू नयाँ थिए।

यी दुवै निकायले नीतिहरूको नतिजालाई कुन हदसम्म प्रभाव पारेको थियो भन्ने कुरा पार्टीभित्र निकै बहसको विषय हो। सीपीसी प्रभावकारी रहेको, तर सीपीएफले उच्च तहको सहभागिता प्रेरित गर्न नसकेको र अन्ततः धेरै हदसम्म नीति पार्टीको नेतृत्वबाट बनेको हो भन्ने धेरै सदस्यको तर्क छ। सन् २०१०को आम निर्वाचनपछि, कन्जर्भेटिभ पार्टीका नेता तथा प्रधानमन्त्री डेभिड क्यामरूनले सीपीएफलाई पुनर्जागरण गर्ने घोषणा गरे ।[४] नवीकरण गरिएको सीपीएफको उद्देश्य कन्जर्भेटिभ पार्टीका सदस्यहरूको सुझाव र सिफारिसका आधारमा सन् २०१५ को आम निर्वाचनको लागि नीति निर्माण गर्न सुरु गर्नु थियो ।

सीपीएफले सरकारमा आफ्नो गठबन्धन साझेदार लिबेरल डेमोक्र्याट भन्दा नीतिमा आफूलाई भिन्न राख्ने माध्यम पनि प्रदान गर्दछ ।

राष्ट्रिय तथा स्थानीय तहमा सीपीएफको भूमिका, उद्देश्य र संरचना कन्जर्भेटिभ पार्टीको विधानमा स्पष्ट रूपमा परिभाषित गरिएको छ । तर नीति निर्माण गर्ने प्रक्रिया भने स्पष्ट उल्लेख गरिएको छैन । यसले नीतिगत विकास प्रक्रिया कार्यान्वयन हुने तरिकामा र पार्टीले सदस्यको सुझावलाई व्यवस्थित गर्ने र समावेश गर्ने तरिकामा लचकता अपनाउने स्थान प्रदान गर्दछ ।

संयुक्त अधिराज्यको द कन्जर्भेटिभ पार्टीको नीति निर्माण प्रक्रियाको एक झलक

मस्यौदा लेखन

कन्जर्भेटिभ पोलिसी फोरमले विषयवस्तुहरू पहिचान गर्दछ र विषयगत कागजातहरू विकास गर्दछ ।

↓

परामर्शता

स्थानीय सीपीएफ समूह र पार्टी सदस्यहरूले अनौपचारिक छलफल गर्दछन् र राष्ट्रिय सिपीएफलाई आफ्नो सुझाव पेश गर्दछन्। सुझाव सङ्कलनको लागि सार्वजनिक स्थानहरू र सदस्यमात्र आउने स्थानहरू, साथै सदस्य सम्मेलनहरूको पनि उपयोग गरिन्छ ।

↓

अनुमोदन

सीपीएफले गरेको कामबाट प्राप्त नतिजाहरू पार्टी सम्मेलनहरूमा प्रस्तुत गरिन्छन् । पार्टीको शीर्ष नेताले घोषणापत्रहरू तयार गर्नको निम्ति सरकारवा छायाँ सरकारसँग मिलेर काम गर्दछन् ।

पार्टीको नियमावलीमा नीति निर्माणको व्यवस्था

कन्जर्भेटिभ पार्टीको विधान अनुसार पार्टीको राजनीतिक दिशाबारे निर्णय गर्दा दलका नेताले सदस्यहरूको दृष्टिकोण र सीपीएफको विचारलाई मनन् गर्नुपर्ने हुन्छ ।[५]
विधानले सीपीएफको पनि व्याख्या गरेको छ, 'सीपीएफको प्रमुख कार्यहरू पार्टी भित्र, विशेष गरी निर्वाचन क्षेत्र सङ्गठनहरू भित्र नीतिगत विचार र पहलको निर्माण र विकासलाई प्रोत्साहन र सहजीकरण गर्नु' हुनेछ ।[६] सीपीएफले नीतिगत विचारहरू र पहलहरू प्राप्त गर्ने प्रक्रिया पनि निर्धारण गर्नुपर्छ र उल्लेखनीय रूपमा त्यसको सम्बोधन गरिएको सुनिश्चित गर्नुपर्दछ।

विधानले सीपीएफलाई आवश्यकता अनुसार नीतिमा परामर्श गर्न र विशेष सुझाव समावेश गर्न निर्देशन दिएकोछ, तर यसले उक्त निकायले यी जिम्मेवारीहरू कसरी सञ्चालन गर्ने भन्ने कुरा निर्धारण गर्दैन ।[७] विधानले एक परिषद् द्वारा सञ्चालित हुने र वार्षिक रूपमा सम्मेलन गर्ने गरि सीपीएफको सञ्चालन संरचनाको रूपरेखा तयार गरेको छ। परिषद्को नेतृत्व पार्टी नेताद्वारा नियुक्त अध्यक्षले गर्दछन् र सामान्यतया यसमा मन्त्रिपरिषद् वा छायाँ सरकारका सदस्य रहने गर्दछन् । परिषद्मा स्थानीय निर्वाचन क्षेत्र सङ्गठनहरूबाट तीन निर्वाचित प्रतिनिधि रहन्छन् । पाँच जनासम्म व्यक्तिगत नीति विशेषज्ञ नियुक्त हुनसक्छन्, साथै पार्टीको स्कटल्याण्ड शाखाबाट एक प्रतिनिधि र पार्टीको एक वरिष्ठ निर्देशक पनि रहन्छन् । परिषद्मा कुनै पनि निर्वाचित सदस्य तीन वर्षभन्दा बढी बस्न पाउँदैनन् ।

सीपीएफमा पार्टीको शीर्ष नेतृत्व निकाय कन्जर्भेटिभ पार्टी बोर्डले नियुक्त गरेको एक निर्देशक पनि रहने छन् । निर्देशकले स्थानीय निर्वाचन क्षेत्र सङ्गठन र स्थानीय तहमा गठन भएका सीपीएफ समूहको नीतिगत कामको समन्वय सहित सीपीएफको सञ्चालन क्रियाकलापहरूको नेतृत्व गर्दछन् ।

सीपीएफ परिषद्ले नीतिगत विचार र यी विचारहरूको सम्बन्धमा सदस्यहरूको रायबारे छलफल गर्न वर्षमा कम्तीमा पनि दुई पटक पार्टी नेतासँग भेट गर्नुपर्छ ।[८] पार्टी सङ्गठनको सबैभन्दा ठुलो देखि सबैभन्दा सानो एकाइसम्मका प्रत्येक तहभित्र एकजनाले - सामान्यतया राजनीतिक उपाध्यक्षले, 'नीतिगत विचार र पहलको निर्माण र विकासको' जिम्मेवारी बहन गर्नुपर्ने व्यवस्था पार्टी विधानले गरेको छ ।[९] यसले पार्टी शीर्ष नेतृत्वसमक्ष पेश गर्न सकिने नीतिगत विचारको उत्पादनको लागि पार्टीको सबैभन्दा बढी स्थानीय वा आधार भूत तहसम्म संरचना रहेको सुनिश्चित गर्दछ ।

व्यवहारमा नीति निर्माण

सीपीसीको दोस्रो विश्वयुद्धपछिका वर्षहरूमा स्थापना भएको थियो । सीपीसीको कामलाई पार्टीको केन्द्रीय कार्यालयले जारी गरेको संक्षिप्त विषयगत विवरणबारे छलफल गर्नको लागि पार्टी सदस्यहरूको समूह भेला हुने एक छलफल कार्यक्रमसँग सम्बन्धित रहेर संगठित गरिएको थियो । प्रत्येक समूहले सम्बन्धित विषयमा समूहको निष्कर्ष र विचारको प्रतिनिधित्व गर्ने प्रतिवेदन लेख्ने नेता नियुक्त गर्दथ्यो । पार्टीको केन्द्रीय कार्यालयले प्राप्त लिखित प्रतिवेदनको समीक्षा गर्ने र सम्बन्धित मन्त्रि वा छायाँ मन्त्रिलाई विषयवस्तुको सारांश पेश गर्ने गर्दथ्यो ।

वर्षे विद्यालय र हिउँदे विद्यालय भनिने सीपीसी गोष्ठी र नियमित सम्मेलनहरू हुन्थे जसमा कन्जर्भेटिभ पार्टीका मुख्य पदाधिकारीहरू र नीति विशेषज्ञहरूले सम्बन्धित विषयहरूमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्दथे ।

सन् १९९७ मा चुनावी हारपछि पार्टीलाई पुनःजीवन प्रदान गर्ने सुधारको प्याकेजको अंशको रूपमा सन् १९९८ मा सीपीएलाई सीपीएफले प्रतिस्थापन गऱ्यो । सीपीएफ ठुलो नीतिगत कार्यक्रमहरू र व्यापक संरचना मार्फत धेरै सदस्यहरू ल्याउन प्रयास गर्ने बढी महत्वाकांक्षी परियोजना थियो । तर, सीपीएफको व्यवस्थापन गर्ने तरिकामा त्यति एकरूपता थिएन र यसले अपेक्षा गरिए जति सहभागिता जुटाउन वा सफलता हासिल गर्न सकेन ।

सन् २०११ मा विगतका संरचनाहरूले सहभागितामूलक नीति विकास प्रक्रियाको आवश्यकता पूरा नगरेको विषयलाई स्वीकार गर्दै, त्यस्तो प्रक्रियाका लागि पार्टीभित्र जारी मागको सम्बोधन गर्ने प्रयास स्वरूप सीपीएफको पुनर्गठन गरिएको थियो ।
सन् २०१० को आम निर्वाचनपछि, *द कन्जर्भेटिभ पार्टीलिबेरल*

डेमोक्रेटहरूसँग गठबन्धन सरकारमा प्रवेश गरेको थियो । त्यसैकारण, पुनर्जागरण गरिएको सीपीएफ, द कन्जर्भेटिभ पार्टीको सन् २०१५ को आम निर्वाचनको लागि बनाइएको नीतिगत प्लेटफर्म भन्दा फरक छ र यसले पार्टीको पहिचान नविकरण गर्ने विषयमा जोड दिन्छ । त्यसैले सीपीएफ मुख्यतया सन् २०१५ का लागि नीति निर्माण गर्न र पार्टीका लागि दीर्घकालीन सोचको योजना बनाउने विषयमा केन्द्रित छ ।

सीपीएफलाई आधिकारिक रूपमा पुनःघोषणा गर्न आयोजित कार्यक्रममा पार्टी सहअध्यक्ष ब्यारोनेस वारसीले सीपीएफ सम्बन्धी यस्तो बताए :

> *"तपाईं जो भए पनि, तपाईं जहाँ बस्ने भए पनि, राजनीतिमा तपाईंको अनुभव जे भए पनि, ...सीपीएफले प्रत्येक कन्जर्भेटिभ सदस्यलाई, बेलायतका लागि महत्वपूर्ण विषयहरूको बारेमा हाम्रो पार्टीमा तपाईंको आवाज सशक्त हुनेछ, र तपाईंको आवाज सुनिनेछ र गणना गरिनेछ भन्ने प्रष्ट पारेको छ । . . . नयाँ सीपीएफ संरचनाका कारण, तपाईंको निर्वाचन क्षेत्रबाट सरकारमा रहेका कन्जर्भेटिभ मन्त्रीहरूसम्म जाने एउटा सीधा रेखा बनेको छ ।*

पुनर्गठित सीपीएफले निरन्तर सुझाव लिने सामान्य विषयहरूको सूची तयार गरेको थियो, साथै मासिक आधारमा परामर्शका लागि जारी गर्ने विषयगत शिर्षकहरूको नियमित तालिका पनि निर्धारण गरेको थियो । पार्टीले सल्लाह मागेका केही विषयहरू यस प्रकार छन् :

- वृद्ध हुँदै गैरहेको जनसंख्या ;
- नयाँ सुरक्षा चुनौती ;
- प्रविधि र नवीनतामा परिवर्तन ;
- प्राकृतिक स्रोतमा बढ्दो दबाब ;
- उदीयमान अर्थतन्त्रबाट चुनौति ;
- गरिबीको कारण ;
- उच्च रोजगारदर सुनिश्चित गर्ने ;
- बढी किफायती आवास प्रदान गर्ने ;
- आय असमानता र बाल गरिबीलाई कम गर्ने ;
- प्राकृतिक पुँजीको संरक्षण गर्ने ; र
- केन्द्रमा हुने प्रशासनिक झण्जट घटाउने।

पार्टी सदस्यहरूलाई यी विषयहरूको जवाफ दिन र यी निर्धारित विषयहरू भन्दा बाहिरको नीतिमा आफ्नै विचारहरू उत्पन्न गर्न आफ्नै स्थानीय नीति समूहहरू गठन गर्न आग्रह गरियो । स्थानीय सीपीएफ समूहहरूलाई देहाय बमोजिमको जिम्मेवारी र प्रक्रिया तोकिएको थियो:

- सीपीएफ समूहहरूले स्थानीय कन्जर्भेटिभ पार्टी सङ्गठनको प्रचार शक्तिमा योगदान पुर्याउनेछन् ;
- सीपीएफ समूहहरूले वर्षमा विभिन्न चोटि बैठक गर्नेछन् ;
- सीपीएफ समूहले केन्द्रमा प्रतिवेदन पठाउँनेछन् ;
- सीपीएफ समूहहरूलाई आफ्ना विचारहरू माथि छलफल गर्न आफ्ना बाँकी समुदायलाई भेट्न प्रोत्साहित गरिनेछ ; र
- भावी चुनौतीहरू सम्बन्धी निर्धारित कागजातहरूको दृष्टिकोणको सङ्कलन सम्बन्धित कन्जर्भेटिभ मन्त्रीलाई दिइनेछ जसले त्यसको जवाफ दिनेछन् ।

स्थानीय समूह र व्यक्तिविशेषलाई परामर्शमा इमेलद्वारा जवाफ पठाउन प्रोत्साहित गरिन्छ ।[११] सीपीएफले आफ्ना सदस्यहरूलाई सबै विद्यमान नीतिगत कागजात डाउनलोड गर्न र आफ्नो क्षेत्रको स्थानीय सीपीएफ एकाइ फेला पार्न सहज बनाउनका लागि पार्टीको वेबसाइटभन्दा भिन्दै आफ्नो छुट्टै वेबसाइट पनि कायम राखेको छ ।[१२] सीपीएफका कर्मचारीले निश्चित नीतिगत विचारबारे परामर्शको घोषणा र प्रवर्धन गर्न, र ऐन कानुन र बजेट सम्बन्धी कन्जर्भेटिभ पार्टीको प्रस्तावहरूबारे विचार आलेखहरू प्रकाशित गर्न नियमित रूपमा कन्जर्भेटिभ पार्टीको ब्लगको प्रयोग गर्दछन् । सीपीएफले स्थानीय सीपीएफ समूहहरूले नीतिगत कागजातको मस्यौदा लेखन गर्दा निश्चित सार्वजनिक नीतिगत सुझाव सङ्कलनको लागि सदस्यहरूलाई प्रचार प्रसारको क्रममा घरदैलो गर्दा प्रयोग गर्न सर्वेक्षण पत्रहरू वितरण गर्दछ ।

पुरानो सीपीसीले प्रयोग गरेको जस्तै प्रक्रिया अनुसार, प्रत्येक कागजात पेश भएपछि राष्ट्रिय सीपीएफ टोलीले पढ्छ र सारांश बनाउँछ । यो सारांश सम्बन्धित मन्त्रीलाई पठाइन्छ र मन्त्रीले यसमा प्रतिक्रिया दिन्छन् । त्यसपछि, मन्त्रीको

प्रतिक्रिया सदस्यहरूमाझ वितरण गरिन्छ ।

सीपीएफको कामको मेरूदण्ड यिनै मासिक छलफलहरू हुन्, तर सुझाव र परामर्शको लागि अतिरिक्त अवसरहरू पनि रहन्छन् । सीपीएफले पार्टीका सम्मेलनहरूमा अतिरिक्त क्रियाकलापहरूको आयोजना गर्दछ, साथै आफ्नै सीपीएफ हिउँदे सम्मेलनको पनि आयोजना गर्दछ । अन्य गतिविधिहरूमा प्यानल छलफल, वार्षिक प्रवचन र आफ्नो कार्यविभाजन अनुसारका विषयहरूमा पार्टीका मन्त्रीहरू र संसद सदस्यहरूसंग सदस्यहरूको अनौपचारिक छलफल समेत पर्दछन् ।

पछिल्लो समयमा, सीपीएफले आफ्नो राष्ट्रिय कन्जर्भेटिभ कार्यक्रमको समन्वयलाई सुदृढ पार्न र संयुक्त अधिराज्यभरि यसको पहुँच विस्तार गर्न आफ्नो प्रयासमा ध्यान केन्द्रित गरेको छ ।सङ्गठनले सन् २०१२ मा इङ्गल्यान्डको उत्तरी क्षेत्रमा १९ नयाँ सीपीएफ समूहहरू थपेको थियो र ती क्षेत्रहरूमा विस्तारका लागि थप योजनाहरू बनेका छन् । सीपीएफ प्रतिनिधिहरू संयुक्त अधिराज्य बाहिर आफ्नो पहुँच विस्तार गर्दै अन्तरराष्ट्रिय कन्जर्भेटिभ नीतिसम्बन्धी छलफलमा पनि सङ्लग्न भएका छन् । उदाहरणका लागि, डिसेम्बर २०१२ मा उक्त पार्टीले युरोपियन युनियनमा बोल्न प्रतिनिधिहरू पठायो ।

सिकेका पाठहरू

कन्जर्भेटिभ पार्टीको नीति निर्माणमा भएको विकास क्रमले स्थापित लोकतन्त्रिक देशहरूका राजनीतिक दलहरूले आफ्नो नीति प्रक्रियामा सहभागिता बढाउन गरेका केही प्रयासलाई प्रस्ट पार्दछ । सुरुमा सन् १९९८ मा पार्टी नीति प्रक्रियामा सदस्य सहभागिताका अवसरहरू बढाउने तरिकाको रूपमा पेश गरिएको सीपीएफले हालै थप सुधारहरू गरेको थियो । यी परिवर्तनहरूले देखाएअनुसार राजनीतिक दलहरूले विभिन्न सरोकारवालाहरूबाट नयाँ आवश्यकता र माग दुबैको प्रतिक्रियामा आफ्नो नीति विकास प्रक्रियालाई अनुकूल बनाउँछन् ।

डेमोक्रेटिक र रिपब्लिकन पार्टीहरू, संयुक्त राज्य अमेरिका

पृष्ठभूमि

संयुक्त राज्य अमेरिका अस्तित्वमा आएदेखि नै व्यवहारमा मूलतः दुई-दलीय व्यवस्था रहिआएको छ ।[१३] तेस्रो पार्टीहरू अस्तित्वमा आए तापनि तिनीहरूले साधारणतया राष्ट्रिय राजनीतिमा उल्लेखनीय प्रवेश प्राप्त गर्न सफल भएका छैनन्, र धेरै गरेमा दुई प्रमुख दलमध्ये एक वा दुवैलाई आफूले उठाएका विषयहरूमा छलफल गर्न प्रोत्साहित सम्म गरेका छन् । उदाहरणका लागि, सन् १९९२ को राष्ट्रपति निर्वाचनको अघि तेस्रो पक्षका उमेदवार रस पेरोटको चुनावी प्रचार प्रसार सरकारी कार्यक्रमहरू कटौती गर्नुपर्ने विषयमा केन्द्रित थियो । संवादको यस नयाँ विषयले *रिपब्लिकन* पार्टी र *डेमोक्रेटिक* पार्टीहरूबिच हुने नीतिगत वादविवादमा उल्लेखनीय प्रभाव पारेको थियो । त्यसपछिका वर्षहरूमा पेरोट र उनको रिफर्म पार्टी प्रतिको समर्थन घट्दै गएको छ तर अहिले रिपब्लिकनपार्टीले पेरटका अधिकांश समर्थकहरूलाई समेटेको छ र उनले उठाएका धेरै मुद्दाहरूलाई ग्रहण गरेको ।

चित्र ९ ले देखाए अनुसार संघीय प्रणाली संयुक्त राज्य अमेरिकाकाको राजनीतिक पार्टीहरूबिच मुख्य असहमतिको विषय बन्दै आएको छ। त्यसपछिको बहसको विषय भनेको राज्यहरू र संघीय सरकारबिच शक्तिको सन्तुलन सम्बन्धी विवाद हो । *डेमोक्रेटिक* र *रिपब्लिकन* दलहरू १८औं शताब्दीमै स्थापना भएका भए तापनि दुवै राजनीतिक दलहरूले सन् १९२० को दशकसम्म निर्धारित पार्टी मुख्यालय स्थापना गरेका थिएनन्। त्यसअघि दलहरूले निश्चित उमेदवारहरूसँग सम्बन्धित अस्थायी चुनावी अभियान वा प्रचार प्रसार समितिहरू गठन गर्थे र दुई निर्वाचन बिचको समयमा देखिँदैनथे । परम्परागत रूपमा दलहरू नीतिगत भन्दा निकटताको माध्यमबाट प्रभाव पार्ने शक्तिशाली व्यक्तित्वहरूले आयोजना गरेको स्थानीय र राज्य स्तरको परिचालनमा पनि भर पर्ने गरेका छन् । १९ औंशताब्दीमा, धेरै राष्ट्रिय घरेलु नीति भूमि विकास र पश्चिमतर्फ बस्तीहरू विस्तार गर्ने प्रयासमा केन्द्रित थियो । दोस्रो विश्वयुद्ध नहोउन्जेल अधिकांश विदेश नीति सम्बन्धी निर्णयहरू राष्ट्रपतिले गर्थे । तसर्थ, राजनीतिक दलहरू २०

चित्र ९: संयुक्त राज्य अमेरिकाको दुई दलीय प्रणाली

टेक्स्ट बक्स ९: पैरवी समूहहरू

पैरवी अर्थात् लबी समूहहरूले अमेरिकी नीति प्रक्रियामा प्रभावशाली भूमिका खेल्छन् । पैरवी गर्नेहरूले प्रायजसो द्विपक्षीय वा गैर-पक्षीय आधारमा 'सत्ता पक्ष र प्रतिपक्ष दुवै तिर' काम गर्दछन् भन्ने धारणा प्रचलित भए तापनि पैरवीकर्ताहरू, राजनीतिक दल र राष्ट्रिय नीतिका एजेण्डाहरूबिचको सम्बन्ध त्यति उदाहरणीय छैन ।अक्सर, निर्वाचित पदाधिकारीहरू आफूलाई विशिष्ट नेताको रूपमा हेर्छन् र यी समूहहरूको समर्थनमा निर्वाचित हुन्छन् । स्वार्थ समूहका पक्षधरहरूले विधायकहरूलाई चुनावी प्रचार प्रसार अभियानको लागि आर्थिक कोश, अनुसन्धान सहयोग, विधायिकामा प्रयोग गर्ने भाषा, सार्वजनिक समर्थन र मिडिया सम्पर्क जस्ता महत्वपूर्ण स्रोतहरू प्रदान गर्न सक्छन्। पार्टीका गठबन्धनहरूले यी सम्बन्धहरूको संरचना गर्न मद्दत गर्दछन् । उदाहरणका लागि, कट्टरपन्थी तथा धार्मिक नागरिकहरूको समूहलाई *रिपब्लिकन*का पदाधिकारीहरूले सघाएका छन् भने श्रमिक सङ्गठन तथा विभिन्न उदारवादी नागरिक समूहहरू (उदाहरणका लागि, महिला तथा नागरिक अधिकार संस्थाहरू) *डेमोक्रेटिक* पदाधिकारीहरूसँग आवद्ध छन् । द्विपक्षीय भएको दाबी गर्नु एउटा प्रभावकारी पैरवी रणनीति रहेको भए तापनि पैरवीकर्ताहरूबारे गरिएको एक विस्तृत अनुसन्धानले तिनीहरू मुख्यतया आफ्नै पक्षको सञ्जालभित्र काम गर्दछन् भन्ने देखाएकोछ ।

सन्दर्भसामग्री: *डेमोक्रेटिक नेशनल कमिटि, द चार्टर अफ बाइलज् अफ द डेमोक्रेटिक पार्टी* (वाशिंटन डि.सि.: डेमोक्रेटिक पार्टी, २०१२), धारा १ (दफा १.क, १.घ र ४), बाइलज् धारा २ (दफा १.ङ) ।

औंशताब्दीसम्म नीतिगत विकासमा सङ्लग्न थिएनन् ।

अमेरिकी इतिहासको अधिकांश समय, राष्ट्रिय मनोनयन अधिवेशनहरूमा निर्माण गरिएका पार्टी प्लेटफर्महरू नै पार्टीको राष्ट्रिय नीति निर्माणलाई प्रभावित पार्ने प्रमुख शक्ति थिए । तर, बीसौँ शताब्दीको सुरु देखि बहालवाला राष्ट्रपति र संसदले राष्ट्रिय पार्टी नीतिमा निकै प्रभाव पार्ने गरेका छन् । दोस्रो विश्वयुद्धपछि, *थिङ्क ट्यांक* भनिने विभिन्न प्रकारका बुद्धिजीवी संस्थाहरूले पनि नीति विकासमा प्रभाव पार्न थालेका छन् (अमेरिकी थिङ्क ट्यांकहरूबारे थप जानकारीका लागि यस दस्तावेजको भाग १ मा टेक्स्ट बक्स ४ हेर्नहोस्) । हालैको अनुसन्धानले आजको पैरवी र वकालतमा नागरिक समूहहरू मुख्य कर्ता बनेको देखाएकोछ ।टेक्स्ट बक्स ९ ले पैरवी सम्बन्धी संक्षिप्त सारांश प्रदान गर्दछ ।

दुवै पार्टीले आफ्ना राष्ट्रिय समितिहरू - डेमोक्रेटिक नेशनल कमिटि (डीएनसी) र *रिपब्लिक* नेशनल कमिटि (आरएनसी) मार्फत आफ्नो नीति निर्माण र मनोनयन प्रक्रियालाई नियन्त्रण गर्दछन्। हरेक चार वर्षमा एकपटक हुने महाधिवेशनका बेला पार्टी प्लेटफर्महरू गठन, अनुमोदन र पुनर्गठन गरिन्छ । यस अवधिमा दलहरूले राष्ट्रपति पदका लागि पनि उमेदवार (दलका आधिकारिक नेताहरू) मनोनयन गर्ने गर्दछन् ।

डेमोक्रेटिक पार्टीको पार्टी प्लेटफर्म अर्थात् दस्तावेज

पार्टीको बडापत्र अर्थात् चार्टर[१४] अनुसार, *डीएनसी*को जिम्मेवारीमा: सबै पार्टी सदस्यहरूलाई नीति निर्माणमा भाग लिने समान अवसर प्रदान गर्ने, पार्टीको नीति निर्माण गर्ने र प्रचार गर्ने, पार्टीको राष्ट्रिय महाधिवेशनको लागि आह्वान गर्ने, र महाधिवेशन समिति अन्तर्गत स्थायी समितिहरू गठन गर्ने विषयहरू पर्दछन् । यसबाहेक, डेमोक्रेटिक पार्टीको नियमले पार्टी प्लेटफर्महरूको अनुमोदन गर्ने जिम्मेवारी राष्ट्रिय महाधिवेशनलाई दिएकोछ ।

अगस्ट २०१० मा, डीएनसीले *डेमोक्रेटिक* राष्ट्रिय महाधिवेशनको "आह्वान"[१५] गरेको थियो, *डेमोक्रेटिक* राष्ट्रिय महाधिवेशन समिति २०१२, आइ.एन.सी.(छोटकरीमा द डीएनसीसी)को स्थापना गरेको थियो, र तीन महाधिवेशन स्थायी समितिहरू (प्लेटफर्म, नियम र प्रमाणिकरण समितिहरू) गठन गरेको थियो । यस आह्वानले प्रत्येक समितिको नियम र क्षेत्राधिकारलाई नियन्त्रण गर्दछ, तर समितिहरूलाई थप कार्यविधिहरू अपनाउने अधिकार पनि हुन्छ । उदाहरणका लागि, डी.एन.सी.सँगको परामर्शमा प्लेटफर्म समितिले भेला, सुनुवाइ र फोरमहरूको संख्या, र तिनीहरूको समय र स्थान र उपस्थित हुने समिति सदस्यहरूको सूची निर्धारण

गर्दछ। तिनीहरूको पहिलो भेला अघि डी.एन.सि.ले प्लेटफर्म समिति सदस्यहरूलाई विचार गर्नुपर्ने विषयहरूबारे एउटा दस्तावेज वितरण गर्दछ। यसबाहेक, डीएनसी अध्यक्षले आफ्नो अध्यक्षसँगै मस्यौदा उपसमितिमा १५ जना सदस्य नियुक्त गर्दछन् ।

प्लेटफर्म समितिको सदस्यता संरचनामा राज्य पार्टी संरचनाको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरू, सदस्यको रूपमा छोटकरीमा पी.एल.इ.ओ. भनिने पार्टी नेता र निर्वाचित पदाधिकारीहरू पर्दछन् । सन् २०१० को महाधिवेशन घोषणामा १६१ जना प्रतिनिधि र २५ जना सदस्य थिए । यस आह्वानको नियम ८ क (३) अनुसार, "स्थायी समितिका सदस्यहरू *डेमोक्रेटिक* राष्ट्रिय अधिवेशनमा प्रतिनिधि वा वैकल्पिक प्रतिनिधि हुनु आवश्यक छैन ।"[१६] राज्यको राष्ट्रिय अधिवेशनले राज्यलाई छुट्याइएको संख्यामा प्लेटफर्म समिति सदस्यहरू चुन्दछ ; कहिलेकाहीँ "सुपर डेलिगेट्स" अर्थात् विशेष प्रतिनिधि समेत भनिने पी.एल.इ.ओ.सदस्यहरूको चुनाव डीएनसी कार्यकारी समितिले गर्दछ; र प्लेटफर्म समितिको अध्यक्ष कार्यकारी समितिले निर्वाचित गर्दछ । समितिको सदस्यता पुरुष र महिलामा समान रूपले विभाजित हुनुपर्छ ।
प्लेटफर्म समितिको मुख्य कार्य भनेको डेमोक्रेटिक पार्टीको प्लेटफर्मलाई डीएनसी समक्ष सिफारिस गर्नु हो । प्लेटफर्मको विषयवस्तु सुनुवाइ, प्लेटफर्म र लिखित प्रस्तुतिद्वारा निर्धारण गरिन्छ । प्लेटफर्म समिति अध्यक्षले प्लेटफर्मको मस्यौदा तयार गर्न १५ सदस्यीय उपसमिति गठन गर्दछन् र राष्ट्रपति उमेदवारले मताधिकारनभएको एक अतिरिक्त सदस्य नियुक्त गर्दछन् ।

उक्त उपसमितिले रिपोर्ट तयार पारेपछि प्लेटफर्म समितिले त्यसमा मतदान गर्दछ र अनुमोदन गरिएको मस्यौदा अधिवेशनमा प्रतिनिधिहरूलाई वितरण गर्दछ। तसर्थ, प्रतिनिधिहरूसित त्यसको विषयवस्तु पुनरावलोकन गर्न धेरै समय हुँदैन । अधिवेशनले आफ्नो अध्यक्ष छान्ने बित्तिकै प्लेटफर्म समितिको अध्यक्षले अधिवेशनमा रिपोर्ट प्रस्तुत गर्दछन् । यस प्रस्तुतिमा अल्पसंख्यक रिपोर्टहरू वा संशोधनहरू समावेश हुन सक्छन्, जसमा पछि मतदान गरिन्छ । संशोधन प्रक्रियापछि अधिवेशनले प्लेटफर्मको लागि सम्पूर्ण दस्तावेजलाई एकैचोटि वा खण्ड खण्ड गरेर मतदान गर्दछ । दुवै अवस्थामा, प्रतिवेदनलाई आधिकारिक पार्टी प्लेटफर्मको रूपमा ग्रहण गर्न बहुमत आवश्यक हुन्छ। चित्र १० ले *डेमोक्रेटिक* पार्टी प्लेटफर्मको मस्यौदा तयार गर्ने प्रक्रियालाई सारांशमा समेटेको छ ।

चित्र १०: द डेमोक्रेटिक पार्टी प्लेटफर्म



द रिपब्लिकन पार्टी प्लेटफर्म

डीएनसीलाई जस्तै आरएनसीलाई पनि राष्ट्रिय महाधिवेशनको आह्वान गर्ने अधिकार हुन्छ ।[१७] राष्ट्रिय महाधिवेशनमा चारओटा समिति हुन्छन्: प्रस्तावना, क्रेडेन्शिअल अर्थात् प्रमाणिकरण, नियम तथा कार्याव्यवस्था र महाधिवेशनको स्थायी सङ्गठन। अध्यक्षहरू आरएनसीद्वारा नियुक्त हुन्छन् र प्रत्येक राज्यको प्रतिनिधिमण्डलले आफ्ना प्रतिनिधिहरू (एक पुरुष र एक महिला) लाई समितिहरूमा निर्वाचित गर्दछन्। प्रस्तावना सम्बन्धी समितिले दलीयप्लेटफर्मका लागि प्रस्ताव सङ्कलन गर्ने जिम्मा लिएको हुन्छ। मस्यौदामा समावेश गरिएका विषयमा आर.एन.सी. र राष्ट्रपति मनोनयन टोलीले नियुक्त गरेका समितिका नेताहरूले निर्णय गर्ने गर्दछन्। समितिका नेताहरूमा पार्टीका महत्वपूर्ण कार्यकर्ताहरू, राज्य स्तरका प्रतिष्ठित सदस्यहरू, चन्दा दाताहरू आदि पर्दछन् । प्रस्तावना समितिलाई प्रतिवेदन तयार गर्ने जिम्मेवारी हुन्छ र सो प्रस्तावनालाई मतदानले सदर गरिसकेपछि यो रिपब्लिकन पार्टीको राष्ट्रिय प्लेटफर्म बन्छ । यस समितिमा राज्य स्तरका १०७ सदस्य, एक अध्यक्ष र दुई सह-अध्यक्ष हुन्छन् । डीएनसीको कार्यवाहीमा जस्तै प्रस्तावना समितिले पनि अधिवेशनले राष्ट्रपतिको उमेदवार मनोनयन गर्नु अघि आफ्नो प्रतिवेदन पेश गर्दछ। परम्परागत रूपमा राज्य प्रतिनिधिमण्डल र सहायक समितिहरूलाई आफ्नो छुट्टै कार्यवाही सञ्चालन गर्ने अधिकार हुन्छ । त्यसैले, अधिकांश सञ्चालन नियमावलीहरू स्थायी समिति आँफैले पेश गर्दछन् भने मस्यौदा उपसमितिले प्रस्तावना समितिले तयार पारेको मस्यौदामा बहस र संशोधन गर्दछ ।

मस्यौदा उपसमितिमा प्लेटफर्मको संशोधन र बहस सकिएपछि पहिला प्रस्तावना समितिमा र त्यसपछि महाधिवेशनमायसलाई खण्ड खण्ड गरी बहस र मतदान गरिन्छ । आरएनसी नियमअनुसार छलफलको क्रममा प्रस्तावना समिति सदस्यहरूको एक चौथाइ वा महाधिवेशनमाकम्तीमा पनि छ ओटा राज्यको प्रतिनिधित्व गर्ने बहुमत प्रतिनिधिहरूले यो प्लेटफर्मलाई संशोधन गर्न सक्छन् ।[१८] बहस पछि प्लेटफर्म र संशोधन प्रस्तावहरू मतदानको लागि महाधिवेशन सामु पेश गरिन्छ । प्लेटफर्म र संशोधन दुवै पारित हुनको लागि बहुमतको आवश्यकता पर्दछ । त्यसपछि मात्रै प्रतिवेदन पार्टीको प्लेटफर्म बन्दछ र जनतालाई वितरण गरिन्छ। चित्र ११ ले रिपब्लिकन पार्टी प्लेटफर्मको प्रारूप तयार गर्ने प्रक्रियालाई सारांशमा प्रस्तुत गरेको छ।

नीति कार्यन्वयन
कार्यकारी

संविधान अनुसार, राष्ट्रपतिहरूले विधेयक पेश गर्न पाउँदैनन् र ऐतिहासिक रूपमा तिनीहरू संसदीय पार्टी कोकस अर्थात् संसदीय दलमा भाग लिने गर्दैनन् । प्रतिनिधि सभा र सीनेटका सदस्य नेताहरू अक्सर धेरै वर्षसम्म पदमा रहन्छन् र फरक-फरक नीति भएका थुप्रै राष्ट्रपतिहरूले सेवा गरेको देख्तछन् । फलस्वरूप, राष्ट्रपतिहरूलाई आफ्नै पार्टी भित्रका प्रतिनिधि सभा र सीनेटमा सदस्य रहेका नेताहरूका साथसाथै गभर्नर भनिने राज्य प्रमुखहरूलेनियमित रूपमा चुनौती दिने गर्दछन् । त्यसैले, पार्टी पदाधिकारी, सदस्य र विधायकहरू सहमतिमा छन् भन्ने सुनिश्चित गर्न छलफल र सम्झौताले महत्वपूर्ण भूमिका खेल्दछन् । राष्ट्रपतिहरू दलीय व्यक्तिको रूपमा निर्वाचित भए तापनि विधायिकाबाट आफ्नो नीति पारित गराउनको लागि कहिलेकाहीं तिनीहरूले विपक्षी दलका (साथै आफ्नै दलका) सदस्यहरूलाई व्यक्तिगत रूपमा मनाउनु, लोभ्याउनु वा सकारात्मक प्रलोभनमा पार्नु पर्दछ । अर्कोतिर, तिनीहरूले पार्टीका विरोधी नेताहरूको समर्थन प्राप्त गर्न जनमत जगाउने उद्देश्यले राष्ट्रको नाममा गरिने सम्बोधनहरू प्रयोग गर्न सक्छन् ।

विपक्षी दलहरूसँग कुरा गर्दा राष्ट्रपतिको पक्षमा काम लाग्न सक्ने भए पनि नेताहरूले आफ्नै पार्टी र मताधारबाट आफूलाई अलग नपार्न होसियार हुनुपर्छ । कार्यपालिका आफ्नो नियन्त्रणमा हुँदा, पार्टीहरूले आफ्नो स्थानलाई सुदृढ पार्नको र संसदमा बहस गर्न धेरै स्रोतसाधनहरू दिउन् भनी राष्ट्रपतिबाट आशा गर्दछन्; तर कतिपय राष्ट्रपतिहरू तटस्थ व्यक्ति बन्न खोज्छन् र पार्टी स्वतन्त्रतालाई जोड दिन "त्रिभुजिकरण"को रणनीति प्रयोग गर्दछन्। राष्ट्रपतिले अर्को पक्षले समर्थन गरेका विषयहरूको वकालत गर्दा "त्रिभुजिकरण"को प्रयोग र यो शासकीय नियन्त्रण विभाजन हुँदा सबैभन्दा प्रभावकारी हुन्छ । उदाहरणका लागि, सन् १९९६मा *डेमोक्रेटिक* पार्टीका बिल क्लिङ्टन राष्ट्रपतिको दोस्रो कार्यकालको लागि निर्वाचनमा भाग लिँदा उनले

चित्र ११: द रिपब्लिकन पार्टी प्लेटफर्म



परम्परागत रूपमा रिपब्लिकन पार्टीका मानिसहरूले समर्थन गरेका कर कटौती, कल्याणकारी नीति सुधार र सन्तुलित बजेटका विषयहरूको पक्षमा वकालत गरे । रिपब्लिक पार्टीका नेता राष्ट्रपति रोनाल्ड रेगनले पनि सम्झौता गर्न त्रिभुजिकरणको प्रयोग गरे । तिनले *डेमोक्रेट*हरूसँग सम्झौता गरे, रिपब्लिकनहरूको नीति र विचारलाई बेवास्ता गरे र आफ्ना सहकर्मी पार्टी सदस्यहरूलाई सभाहरूबाट बहिष्कार गरे । यसबाहेक, हालैका वर्षहरूमा राष्ट्रपतिहरूले कार्यकारी आदेश तथा अन्तरराष्ट्रिय सम्झौताहरूमा नीतिगत पहलहरू गर्न थालेका छन् ।

कङ्ग्रेस अर्थात् महाधिवेशन

सन् १९४० को दशकमा पार्टी नीति समितिहरू सिनेटमा गठन गरिएका थिए । यी संस्थाहरूले सार्वजनिक कोश प्राप्त गर्दछन् र पार्टीको नीति विकासमा प्रतिनिधि सभाका आफ्ना समकक्षीहरू भन्दा ठुलो भूमिका निर्वाह गर्दछन् । उदाहरणका लागि, सन् २०१३ मा सिनेटर श्युमेरको नेतृत्वमा सीनेट *डेमोक्रेटिक* नीति तथा सञ्चार समितिले ५० ओटा राज्यमा रिपब्लिकनको बजेट प्रस्तावले महिला तथा बालबालिकालाई कस्तो असर गर्ला भन्ने विश्लेषण गऱ्यो । साथै, सीनेट रिपब्लिकन नीति समितिले डेमोक्रेटिक सीनेट बजेट प्रस्तावहरू र *डेमोक्रेटिक*हरूले विचार गरिरहेको सरकारी खर्चको स्तरबारे चिन्तित हुँदै सूचना प्रकाशित गऱ्यो । प्रतिनिधि सभाका नीति समितिहरूले विधानमा कम ध्यान केन्द्रित गर्दछन् र चुनावी अभियानको सन्देशमा बढी ध्यान केन्द्रित गर्दछन् ।

प्रतिनिधिसभा र सिनेटमा हुने कार्यवाहीलाई अलग अलग नियमले नियन्त्रण गर्दछ। यी मध्ये केही मतभेदहरूलाई ध्यानमा राख्दै, प्रतिनिधि सभामा भएका छलफलहरू भन्दा सीनेटमा भएका छलफलहरू बढी महत्वपूर्ण हुन्छन् । यसो हुनुको कारण के हो भने, समय बित्दै जाँदा नियमहरू विकास हुँदै गए, र प्रतिनिधा सभामा भएको परिवर्तनले सदस्यहरूलाई व्यक्तिगत प्रभाव बढायो र नेतृत्वको कतिपय तजविजी अधिकारलाई बलियो बनायो, तर सीनेट पार्टी नेताहरूलाई कुनै अतिरिक्त अधिकार प्रदान गरेन । यस प्रकार, सीनेटमा गरिने कामको लागि मूलतः मनबाटै

उर्जा आउनुपर्छ । तैपनि, सीनेटर एक्लैले पनि अझै सम्म फ्लीप्बस्टर भनिने विधि प्रयोग गरि फ्लोरको छलफललाई अवरुद्ध गरेर वा बहसको लागि कार्यसूचीमा राखिएको विधेयकमा अनौपचारिक रूपमा 'रोक' लगाएर सीनेटको पूरै कार्यवाहीलाई अवरुद्ध गर्न सक्छन् । सीनेट भित्रको नीतिगत प्रक्रिया दुई पक्षबिच सहमती जुटाउने प्रयास गर्ने साना अन्तरपार्टी समूहहरूद्वारा सहजिकरण गरिएको हुन्छ । नीतिगतको बिषयलाई आधारमा यी अन्तरपार्टी गठबन्धनलाई विभिन्न रूपमा छ जनाको समूह, सात जनाको समूह, १० जनाको समूह आदि भन्ने गरिन्छ।

प्रतिनिधि सभामा आफ्नो बहुमत भए नभएको वा ह्वाइट हाउसमा आफ्नो नियन्त्रण भए नभएको आधारमा पार्टीका ककस वासंसदीय दलले विभिन्न भूमिकाहरू खेल्छन् । ध्रुविकरण तीव्र भएको अवस्थामा, राष्ट्रपतिको पार्टीका सांसदहरूलाई राष्ट्रपतिको विचारहरूलाई समर्थन गनुपर्ने ठुलो दबाब हुन्छ । बहुमत भएको दलसँग प्रतिनिधि सभाको नियम बनाउने, समितिहरूलाई नियन्त्रण गर्ने, कार्यसूची तय गर्ने र नियमावली समितिको नेतृत्व गर्ने जस्ता नेतृत्वका अधिकार हुन्छन् भने अल्पसंख्यक संसदीय दल वा कोकससँग नीतिगत विषयहरूमा छलफल गर्ने र प्रस्ताव गर्ने स्वतन्त्रता बढी हुन्छ । दुई प्रमुख दलले विधायिकाको एजेण्डाहरू उत्पादन गर्न आफूलाई पुनःसंरचना गरेका छन्, तर प्रत्येकको पुनःसंरचना भएको तरिका भिन्न थियो । डेमोक्रेटिक पार्टीको ककस गठबन्धनको ढाँचा जस्तै छ, जसमा संसदीय दल तुलनात्मक रूपमा समितिका सभापतिहरूको मातहत रहेजस्तो हुन्छ र आन्तरिक नियन्त्रण बढी हुन्छ । यसको विपरीत, वर्षौंसम्म प्रतिपक्षमा बसेको अनुभवको आधारमा विकास भएको रिपब्लिकन पार्टीको ढाँचा बढी केन्द्रीकृत र बाहिरी मूल्य छ ।

सन् १९८० देखि १९९५ सम्म रिपब्लिकनहरूको सदनमा बहुमत नहुँदा, उनीहरूले उद्यमी सदस्यहरूका लागि पार्टी नेतृत्वको पद सिर्जना गरे । जस्तैः सम्मेलन उपाध्यक्ष, सम्मेलन सचिव, अनुसन्धान समिति अध्यक्ष र नीति समिति अध्यक्ष । सन् १९९५ मा बहुमतको पार्टी बनेपछि यो संरचनालाई काँटछाँट गरि छरितो बनाइयो । यस्तो पुनर्गठन आंशिक रूपमा सन् १९९५ मा सभाको सभामुख निर्वाचित भएका रिपब्लिकन नेता न्युट गिंग्रिचको कारणले भएको थियो । गिंग्रिचले सभामुखको रूपमा आफ्नो ओहदाको अधिकार बढाउनको लागि प्रतिनिधि सभा नियमावलीको परिमार्जन गरे र रिपब्लिकन सम्मेलन नियमलाई संशोधन गरेः समितिको कर्मचारी संख्या एक तिहाईले घटाइयो ; समितिका अध्यक्षहरूको कार्यकालको सीमा तोकियो; सभामुख र थोरै नेताहरूको समूहलेसमिति अध्यक्षहरू र कर्मचारी निर्देशकहरू छाने; र पार्टीको नीति सभामुख र तिनको सल्लाहकार समितिले निर्धारण गऱ्यो । *डेमोक्रेटिक* पार्टीले आफू बहुमतमा र रिपब्लिकन नेता रेगन राष्ट्रपति हुँदा पार्टीको नयाँ नीति क्षमता सुरु गऱ्यो । सन् १९८१ मा कोकस चेयर गिलीसको नेतृत्वमा *डेमोक्रेटिक* कोकसले पहिलो विषयगत सम्मेलन आयोजना गरेको थियो । पार्टीका सदस्यहरूलाईमात्र खुला गरिएको यो विषय सम्मेलन पछि पार्टीको नीतिबारे छलफल गर्ने वार्षिक कार्यक्रम बन्न पुग्यो । त्यसै साल, पछिसदस्यहरूले विभिन्न समितिहरू माझ नीतिगत विषयहरूमा काम गर्न सकून् भनेर नीतिगत कार्य दलहरू गठन गरियो ।

सिकेका पाठहरू

संयुक्त राज्य अमेरिकाका पार्टीहरूले छुट्टै किसिमका चुनौतीहरूको सामना गर्दछन्। विधायिका र कार्यपालिकाका अंगहरू बिच बाँडिएका शक्तिहरूको परिणामस्वरूप, एउटा अंगले अन्य अंगका नेताहरूको समर्थन बिना कुनै निश्चित नीतिलाई अघि बढाउन सक्दैन । कार्यपालिका र विधायिकाका अंगहरू एकै पार्टीको नियन्त्रणमा हुँदा पनि यो जटिलता रहन्छ । विभिन्न स्वार्थ वा विभिन्न कारणहरूले गर्दा एउटै राजनीतिक दलका व्यक्तिहरूले पनि नीतिगत मुद्दाहरूमा एक अर्कालाई चुनौती दिन्छन् ।

साधारणतया उमेदवारहरूले दलीय टिकटमा निर्वाचनमा भाग लिने भए तापनि तिनीहरूले पार्टीको प्लेटफर्म बाहिरका विषयहरूमा पनि अभियान चलाउन सक्छन् । *प्राइमरी* चुनावमा कानुनी योग्यता पूरा गर्ने जो कोही पनि उमेदवारको रूपमा भाग लिनसक्छन् । अमेरिकामा राजनीतिक दलहरूले उमेदवार चयनमाथि कम नियन्त्रण राख्ने भएकाले नयाँ व्यक्तिले पनि सदस्यता विस्तारमा सक्रिय बनेर र स्थानीयत तहमा बढी समर्थन र आर्थिक सहायता जुटाएर "पार्टीका भित्री व्यक्ति'' भननिनेहरूलाई हराउन सक्छन् । दलका

नेताहरूले उमेदवार छनोटमा थोरै प्रभाव पार्ने भएकाले तिनीहरूलाई पार्टी नीति प्रति बफादार राख्न पनि मुश्किल हुन्छ ।

यसबाहेक, अमेरिकी पार्टीहरूमा ऐतिहासिक रूपमै विकेन्द्रीकृत संरचना भएको हुनाले पार्टीमा कुनै एक मात्र तत्वले नियन्त्रण गर्ने अवस्था छैन । राष्ट्रिय, राज्य, नगर, निर्वाचन क्षेत्र, काउण्टी र मतदान केन्द्र तहमा पार्टीका सङ्गठनहरू हुन्छन् । त्यही पनि राष्ट्रिय र राज्य स्तरमा यो विभाजित छ । एजेन्डा निर्धारण, अभियान वा चुनाव प्रचार प्रसारको लागि चन्दा सङ्कलन र उमेदवार चयनको लागि राष्ट्रिय र राज्य तहमा कार्यपालिका र विधायिकाका प्रत्येक अंगका आ-आफ्नै छुट्टै पार्टी सङ्गठन हुन्छन् । समग्रमा, गभर्नर वा राष्ट्रपति वा कार्यपालिकामा पार्टीको नियन्त्रण रहे नरहेको अवस्था अनुसार प्रत्येक पार्टी सङ्गठनको शक्ति फरक हुन्छ। निर्वाचन क्षेत्रमा पार्टीसदस्य भनेर छुट्टै पार्टी सदस्य हुँदैनन्, तर औपचारिक सदस्यता नभएका कार्यकर्ता हुन्छन् जसले राजनीतिक गतिविधिहरू कसरी र कहिले भाग लिने आफैँ निर्णय गर्दछन् ।

अन्य स्थापित देशका राजनीतिक दलहरूको तुलनामा अत्यन्त विकेन्द्रीकृत भए तापनि, यी दुई पार्टीहरू सन् १९८० र १९९० को दशक पछि थप एकतावद्ध भएका छन् । यो राष्ट्रिय पार्टी कमिटीहरूको बढ्दो शक्ति र संसदीय धारहरूको परिणाम हो । उदाहरणका लागि, सन् १९७० र १९८० को दशक तिरको संसदीय सुधारले दुवै पार्टीलाई पार्टीको एजेण्डाको प्रतिनिधित्व नगर्ने समिति अध्यक्ष र सूचिकृत सदस्यलाई पार्टीको आन्तरिक मतदानले हटाउन मिल्ने व्यवस्था गऱ्यो । यसबाहेक, नागरिक समूहहरू राजनीतिक रूपमा अझ बढी सक्रिय भएसँगै, उनीहरूले हरेक दलको नीतिगत कार्यसूचीको आलोचना गर्न थालेपछि दुई दलबिचको भिन्नता अझै बढेको छ । यसको प्रतिफलस्वरूप, दुई पार्टी बिच सरकारको आकार र समाज र बजारमा सरकारले गर्ने हस्तक्षेप सम्बन्धी लामो समयदेखि रहिआएको भिन्नतासँगै हाल समलिंगी विवाह, विद्यालयहरूमा प्रार्थना गर्ने कि नगर्ने, गर्भपतनको अधिकार र देशको राजनीतिक क्षेत्रमा विभिन्न अल्पसंख्यकहरूलाई कसरी न्यायोचित तरिकाले समावेश गर्ने लगायतका विषयहरूमा समेत भिन्नता देखिन थालेको छ ।

बेल्जियम र क्यानाडाका ग्रीन पार्टीहरू

ग्रीन पार्टीहरू युरोपका पश्चिमी लोकतान्त्रिक मुलुकमा सन् १९७०को दशक ताका सुरु भएका राजनीतिक प्रवृत्ती हुन् । आर्थिक र सामाजिक विकासका वातावरणीय प्रभावबारे बढ्दो चिन्ताहरूको कारण सामाजिक न्याय, प्रत्यक्ष लोकतन्त्र, सैन्यवाद विरुद्धको अभियान तथा वातावरणीय सुरक्षाको लागि वकालत गर्न विविध स्थानीय पहलहरूको सुरुवात भयो । निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता बढाउने विषयमा ग्रीन पार्टीले गरेको जोडका कारण अक्सर तिनीहरूको संरचना केन्द्रिय स्तरका नेताहरूको हातमा शक्तिको सञ्चय कम हुने तरिकाले गरिएको हुन्छ ।

आजको दिनमा अफ्रिका, अमेरिकी क्षेत्र, एसिया प्रशान्त क्षेत्र र युरोप लगायत संसारका सबै ठाउँमा ग्रीन पार्टीहरू अस्तित्वमा छन् । १० भन्दा धेरै देशहरूमा सरकारमा सहभागी भएका छन् । सन् २००१ मा विश्व ग्रीन सम्मेलन आयोजना गर्न ग्रीन पार्टीका प्रतिनिधिहरू अष्ट्रेलियामा भेला भए, र भेलाले पर्यावरणीय विवेक, सहभातिामूलक लोकतन्त्र, अहिंसा र विविधताको सम्मान जस्ता साझा सिद्धान्तको खाका कोर्दै एक विश्व वडापत्र अनुमोदन गऱ्यो ।ग्रीन पार्टीहरूले संसारका विभिन्न ठाउँमा विभिन्न तहको सफलता पाएका छन् । सफलताको विभिन्न तह हुनुको एक कारण के हो भने निर्वाचन प्रणाली फरक हुँदा तिनीहरूलाई संसदमा सहभागी हुने र सरकार गठन गर्ने फरक फरक अवसर प्राप्त भएको छ ।यसका अतिरिक्त सांस्कृतिक भिन्नताले गर्दा ग्रीन पार्टीहरू अलग अलग देशमा अलग अलग तरिकाले सञ्चालित छन् । उदाहरणको लागि, अष्ट्रेलिया, क्यानाडा र न्यु जिल्याण्डको ग्रीन पार्टीमा आदिवासी आन्दोलनले प्रभाव पारेको छ । यसको एउटा उदाहरण के हो भने क्यानेडियन ग्रीन पार्टीले आफ्नो नीतिको लेखाजोखा गर्न सात पुस्ते नीति अवलम्बन गर्दछ । *इरोकुइस*को महान कानुनको प्रावधानको आधारमा, यसले कुनै पनि सार्वजनिक नीतिहरूलाई त्यसले भविष्यका सात पुस्ता सम्मलाई पार्ने असरको आधारमा मापन गरिन्छ ।

द फ्लेमिस ग्रीन पार्टी

बेल्जियमका फ्रान्सेली भाषा बोल्ने क्षेत्र र फ्ल्याण्डर्स् दुवै क्षेत्रमा सने १९७०को दशकताका हरित (ग्रीन) राजनीतिक विकल्प सुरु भएको हो । *लिभ डिफिरेन्टली (अगालेभ)* अर्थात् फरक तरिकाले जिउनुहोस् भन्ने फ्ल्याण्डर्स्को वातावरणीय अभियानले सन् १९७९, १९८१ र १९८२ को चुनावहरूमा उमेदवार उठायो । यस समूहले युरोपेली चुनावमा २.३ प्रतिशत मत पायो । यति भोटले प्रतिनिधि चुन्न नपुग्ने भए तापनि, कुनै प्रचार प्रसार संयन्त्र वा पैसा नभएको पार्टीको लागि यति मत पाउनु भनेको ठुलो कुरा थियो । यो नतिजाबाट प्रभावित भएर यस अभियानले भविष्यमा चुनावको प्रचार प्रसारको तयारी गरेर नयाँ पार्टीको जग बसाल्नको लागि एक राजनीतिक कार्यसमूहको स्थापना गऱ्यो । सन् १९८१को संसदीय चुनावमा तिनीहरूले पहिलो चोटि राष्ट्रिय संसदमा सिट जिते ।

कार्य समूहले पार्टीको लागि देहायबमोजिमका तीनओटा दस्तावेजहरूको विकास गरे :

- पार्टी संरचना भित्र शक्तिको बाँडफाँडको व्याख्या गर्ने र पार्टी नेताहरूको भूमिकाको व्याख्या गर्ने एक मस्यौदा विधान,
- पार्टीको आधारशिलाको रूपमा मूल्य र कार्यक्रमगत सिद्धान्तहरू उल्लेख गरेको सैद्धान्तिक बडापत्र,
- वातावरणीय आन्दोलनबाट राजनीतिक दलसम्म पुग्ने रूपान्तरणको खाका कोर्ने एक संक्रमणकालीन दस्तावेज, जसमा आफ्नो आन्दोलनको विशिष्टिकृत क्षेत्र बाहिर सदस्यता कसरी विस्तार गर्ने भन्ने विषयमा चरणवद्ध व्याख्या गरिएको थियो ।

यो सैद्धान्तिक बडापत्र त्यसपछि कहिल्यै पनि परिवर्तन भएको छैन, र यसलाई पार्टी स्थापनाको व्याख्या गर्ने ऐतिहासिक दस्तावेजको रूपमा लिइन्छ । अर्थतन्त्र, सामाजिक मुद्दा र शिक्षा, जस्ता निश्चित नीतिगत विषयका विधानहरू र कार्यक्रमका विषयवस्तुहरू नियमित रूपमा अद्यावधिक गरिन्छ ।

नियम र संरचना

वर्तमान पार्टी नियमावली अनुसार, देहायका चार निकायहरूले नीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछन् ।

१. **महाधिवेशन –** उपस्थित कुनै पनि सदस्यले मतदान गर्न पाउँछन् र कुनै निश्चित पार्टी एकाइबाट कुनै निश्चित प्रतिनिधि हुँदैनन् । दलीय सिद्धान्त, पार्टीको कार्यक्रम,

राजनीतिक रणनीति र पार्टीको कानुनलाई अनुमोदन र संशोधन गर्ने जिम्मेवारी सहितको यो सर्वोच्च निकाय हो। महाधिवेशनले संघीय वा क्षेत्रीय गठबन्धन सरकारमा सहभागिता सम्बन्धी निर्णय गर्दछ।

२. **राजनीतिक परिषद् –** परिषद्मा प्रादेशिक तथा स्थानीय शाखा, निर्वाचित पदाधिकारी, दलका युवा र ज्येष्ठ नागरिक लगायत सबै दलीय संरचनाबाट प्रतिनिधिहरू समावेश गरिएको हुन्छ ।राष्ट्रिय कार्यकारी तथा संसदीय समूहहरू मतदान नगर्ने प्रतिनिधिहरू हुन् । यस परिषद्लाई पार्टीको राजनीतिक निर्देशन, निर्वाचन प्लेटफर्म लगायतका विषयमा निर्णय गर्ने अधिकार हुन्छ र पार्टीको बजेट र आर्थिक विषयमा अन्तिम अनुमोदनको अधिकार हुन्छ ।पार्टी नेता, संसदीय समूह र सांसद दुवैलाई राजनीतिक परिषद्ले प्रतिवेदन पेश गर्न र प्रश्न गर्न सक्छ। राजनीतिक परिषद्ले पार्टी अधिवेशनहरू पनि बोलाउँछ ।

३. **राष्ट्रिय कार्यकारी –** राष्ट्रिय कार्यकारी सबै क्षेत्रमा अधिवेशन गरि छानिएका प्रतिनिधिहरूबाट बनेको हुन्छ र यसमा दलका नेता, उपनेता, पार्टी सचिव र संसदीय दलका नेताहरू पनि रहन्छन्। राष्ट्रिय कार्यकारी पार्टीको सञ्चालन, राजनीतिक रणनीति, चुनावी अभियान र अल्पकालीन राजनीतिक सञ्चार र पार्टीको अवधारणा प्रस्तुत गर्नको लागि जिम्मेवार हुन्छ। यसलाई महाधिवेशनको आयोजना गर्ने र कार्यसूची बनाउने अधिकार हुन्छ तर महाधिवेशन आह्वान गर्ने अधिकार हुँदैन ।

४. **नेता र उपनेता –** यी दुई नेतालाई महाधिवेशनले एकसाथ निर्वाचित गर्दछ । यीनले पार्टी प्रवक्ताको भूमिका निर्वाह गर्दछन् र यिनीहरू पार्टीको राजनीतिक र सांगठनिक कार्यका लागि जिम्मेवार हुन्छन् । संसदीय दलले पार्टीका नेतासँग नियमित परामर्श बैठक गर्दछन् र समय समयमा जननिर्वाचित पदाधिकारीहरूले पार्टीको राष्ट्रिय परिषद् र क्षेत्रीय नेताहरूसँग रिट्रिटमा सहभागी हुने गर्दछन् ।

व्यवहारमा नीति निर्माणको प्रक्रिया

विकास गर्न लागिएको नीतिको प्रकारको आधारमा पार्टीले फरक फरक प्रक्रियाहरूको प्रयोग गर्दछ :

१. आधारभूत नीतिगत प्लेटफर्महरू,

२. निर्वाचन घोषणापत्रहरू, वा

३. दैनिक राजनीतिक अवधारणा प्रस्तुत गर्ने काम ।

आधारभूत नीतिगत प्लेटफर्मको निर्धारण पार्टी महाधिवेशन वा राजनीतिक परिषद्ले गर्ने गर्दछ भने कुन निकायले निश्चित मुद्दाहरूमा काम गर्ने भन्ने विषय राष्ट्रिय कार्यकारी परिषद्ले निर्धारण गर्दछ । विगत ३० वर्षदेखि कार्यक्रमका विषयहरू सम्बन्धी महाधिवेशनमा समान प्रक्रिया प्रयोग गरिआइएको छ, र त्यसमा देहाय बमोजिमका कदमहरू पर्दछन् :

- आर्थिक तथा वैचारिक अधिवेशनहरूमा उठेका विषयहरूको आधारमा वा संसदीय समूहहरूले महत्वपूर्ण ठानेका विषयहरूमा राष्ट्रिय कार्यकारी परिषद्ले कुनै विषयको प्रस्तावना गर्दछन् । अध्ययन विभागले हरेक विषयमा श्वेतपत्र भनिने पृष्ठभूमि दस्तावेज तयार गर्दछ । श्वेतपत्रको आधारमा अध्ययन विभागले पनि महाधिवेशनमा प्रस्तुत गर्ने मस्यौदा भाषा तयार गर्दछ ।
- राजनीतिक परिषद्ले महाधिवेशनको लागि अन्तिम मस्यौदा अनुमोदन गरिसकेपछि, यसलाई संशोधन सुझावहरूको लागि स्थानीय सदस्यहरूमा पुऱ्याइन्छ ।
- अध्ययन विभागले संशोधन सुझावहरूको सङ्कलन गरि दुईओटा समूहमा विभाजन गर्दछ : विषयवस्तुलाई सबल बनाउने वा भाषिक त्रुटी सच्याउने सुझावहरू र महाधिवेशनमा छलफल गरि मतदान गर्नुपर्ने संशोधन सुझावहरू ।
- महाधिवेशन अघि, पार्टीले पार्टीलाई संशोधन सुझाव पठाएका मानिसहरूलाई (यसमा खासगरि पार्टीका स्थानीय समूहका प्रतिनिधिहरू रहन्छन्) दोहोरिएका प्रस्तावहरू माथि छलफल गर्नको लागि बोलाउँछ, र संशोधनहरू एकीकृत गरेर महाधिवेशनमा मतदान गर्नुपर्ने बुँदाहरूलाई घटाउनको लागि सहमतिमा ल्याउने प्रयास गर्दछ ।
- महाधिवेशन भन्दा ठीक अघि, पार्टी सचिवालयले निर्णय वृक्ष भनिने निर्णय गर्ने प्रक्रियाको रेखाचित्र निर्धारण गर्दछ, जसले गर्दा महाधिवेशन प्रतिनिधिहरूलाई प्रत्येक संशोधन मतले पार्ने प्रभावहरूबारे बुझ्न सजिलो बनाउँछ ।
- अन्तिममा, महाधिवेशनले बाँकी संशोधन प्रस्तावहरू र कार्यक्रमका विषयमा छलफल र मतदान गर्दछ ।

राजनीतिक परिषद्ले सञ्चालन गर्ने नीतिगत प्रस्तावहरूको लागि संशोधन प्रक्रिया आन्तरिक भए तापनि, मस्यौदा कार्यससमूहले पार्टीको सदस्यहरू र बाहिरका सरोकारवालाका व्यापक समूहहरूसँग परामर्श गर्दछ । प्रस्तावहरू प्रस्तुत गर्ने, छलफल गर्ने र मतदान गर्ने प्रक्रियाको लागि दुई वा दुई भन्दा बढी बैठकहरू चाहिन्छ ।

राजनीतिक परिषद्ले निर्वाचन घोषणापत्रको लागि मस्यौदा अनुमोदन गरिसकेपछि, राष्ट्रिय कार्यकारीले निर्वाचन कार्यक्रमको खाका कोर्नको लागि पार्टी भित्रका विभिन्न सरोकारवालाहरूलाई समेटेर कार्यक्रम आयोग गठन गर्दछ । यस प्रक्रियामा निर्वाचनका पुराना कार्यक्रमहरूको प्रयोग हुन्छ, कार्यक्रमका विषयमा महाधिवेशन दस्तावेजहरूको प्रयोग हुन्छ, राजनीतिक परिषद्ले गरेको कार्यक्रमका निर्णयहरू, अन्य ग्रीन पार्टीहरूका कार्यक्रमहरूको प्रयोग हुन्छ र गएको निर्वाचन पछि संसदीय दलले लिएको राजनीतिक अडानहरूलाई वर्तमान राजनीतिक मुद्दाहरूका महत्वपूर्ण पक्षहरूबिच सन्तुलन कायम गर्न र प्रचार प्रसार योजनामा मेल खाने रणनीतिक प्राथमिकता प्रयोग गरिन्छ । त्यसपछि, पार्टी नेतृत्वको सहयोगमा अध्ययन विभागले निर्वाचन कार्यक्रमको मस्यौदा तयार गर्दछ । पार्टी नेताले निर्वाचन मस्यौदा कार्यक्रममा निर्वाचन प्रचार प्रसारका रणनीति प्रयोग भएको सुनिश्चित गर्दछन् । त्यसपछि छलफल, संशोधन र मतदानको लागि अन्तिम मस्यौदा राजनीतिक परिषद् समक्ष प्रस्तुत गरिन्छ । गएको १० वर्षमा, धेरै भन्दा धेरै नागरिक समाज समूहहरूले सबै राजनीतिक दलहरूलाई आफ्नो ज्ञापनपत्र वा राजनीतिक इच्छा सूची पेश गरेका छन् । ती अनुरोधहरू समावेश गर्ने वा त्यसको सम्बोधन गर्ने प्रक्रिया निर्वाचन कार्यक्रमको कार्यक्रमगत तयारीको महत्वपूर्ण पक्ष हो ।

महाधिवेशन र राजनीतिक परिषद्ले स्वीकृत गरेका राजनीतिक दस्तावेजहरूको आधारमा, पार्टी नेता र राष्ट्रिय कार्यकारीले दैनिक राजनीतिक मुद्दाहरूमा पार्टीको अवधारणा प्रस्तुत गर्दछन् । पार्टी नेता, आमसंचार समूह र संसदीय दलले आगामी हप्ताको लागि राजनीतिक संचारको क्षेत्रबारे राष्ट्रिय कार्यकारीलाई प्रस्ताव गर्दछन् । अन्त्यमा, संसदीय समूहहरूसँगको परामर्शमा पार्टीका नेताले राजनीतिक संचार सञ्चालन गर्दछन् वा कुनै निश्चित विषयमा कसले नेतृत्व लिने भन्ने निर्णय गर्दछन्।

संसदीय जिम्मेवारी

सन् १९८० को दशकमा यस पार्टीबाट संसदमा धेरै सदस्य निर्वाचित भए । यस पार्टीले आफ्नो नीतिगत अवधारणामाथि प्रकाश पार्न विविध परम्परागत र अपरम्परागत साधनहरू प्रयोग गरेको छ । उदाहरणको लागि, सन् १९८० को दशकको मध्य तिर, ग्रीन पार्टीका एक सांसदले राष्ट्रिय बजेट तथा कार्यक्रममा रहेको कामकाजी महिला तथा परिवारहरूलाई सहयोग पुऱ्याउने एक कार्यक्रमको कटौती गर्ने प्रस्तावना विरुद्ध चासो व्यक्त गर्दै संसदमा भान्सामा लगाउने एप्रोन लगाएर सम्बोधन गर्नुभयो । यसका अतिरिक्त, पार्टीले साइकलयात्री र पैदलयात्रीको सुरक्षालाई एक प्रमुख मुद्दाको रूपमा पहिचान गऱ्यो । पार्टीले एक एक प्रदेश गर्दै प्रदेश सभाहरूमा वार्षिक बजेटको लागि हुने बहसहरूमा साइकल करको प्रस्ताव फिर्ता नहुन्जेल त्यस विरुद्ध अभियान चलायो । विद्यालय क्षेत्र वरपर सवारीहरूको अधिकतम गति कम गर्ने प्रयास पनि सफल भयो । त्यसै समयताका संसदका फ्लेमिस र फ्र्यांकोफोन पार्टीहरूले राजधानी क्षेत्रको लागि सञ्चालन संरचनाको समाधान नभएका मुद्दाहरूमा एक अर्कासँग परामर्श गर्न थाले । त्यतिखेर ग्रीन पार्टी प्रतिपक्षमा रहेको भए तापनि तिनीहरू बिचको सहमतिले गर्दा सत्ताधारी गठबन्धनलाई पनि सम्झौता गर्न कर लाग्यो । यसै समय, ग्रीन पार्टीहरूले पनि अन्य पार्टीसँग सम्पर्क गर्दै वार्ता गरेर सम्झौता गर्न थाले । उदाहरणको लागि, ग्रीन पार्टीले संवैधानिक तथा शैक्षिक सुधारहरूको लागि आवश्यक दुई तिहाइ बहुमत जुटाउन सफल भयो ।

संसदमा जिम्मेवारी बढ्दै गएपछि र गठबन्धन सरकारमा सहभागी हुनथालेपछि पार्टीले परम्परागत रूपमा गर्दै आएको साझा निर्णय अभ्यासको प्रक्रियालाई छोट्याउनुपर्ने दबाब बढ्दै गयो । उदाहरणको लागि, सन् २००२मा ग्रीन पार्टीका एक मन्त्रीले नेपाललाई हतियार निर्यात गर्ने सम्झौता गरे, तर निर्यात इजाजत सार्वजनिक भएपछि काण्ड मच्चियो । पार्टीको नियमावली अनुसार, पार्टीको नेतालाई मन्त्री नियुक्त गर्ने वा हटाउने अधिकार हुँदैन । त्यो अधिकार पार्टीको राजनीतिक परिषद्सँग हुन्छ । पार्टी परिषद्ले यस काण्डपछि बैठक आयोजना गर्न तीन दिन लगायो । मन्त्रीले राजिनामा गरून्जेल सम्ममा पार्टीको सार्वजनिक छवीमा क्षति भैसकेको थियो र इजाजत फिर्ता लिन ढिलो भैसकेको थियो । मन्त्री

नियुक्त गर्ने र हटाउने सम्बन्धी पार्टीको नियम विद्यमान रहे तापनि यस घटना पछि पार्टीले अन्य निर्णयहरू छिटो छिटो गर्ने परिपाटी बसाल्यो ।

ग्रीन पार्टीहरूले संसदीय बहसमा प्रभाव पार्न मिलेर काम गर्दछन्। अन्य धेरै स्थापित संसदीय दलहरू जस्तै ग्रीन पार्टीको संसदीय दल पनि चुस्तता बढाउन श्रम विभाजनको प्रयोग गर्दछ। फरक फरक सदस्यहरूलाई छुट्छुट्टै विषयगत क्षेत्रहरूको जिम्मेवारी दिइन्छ र नियमित पार्टी बैठकमा उनीहरूले आफ्नो प्रस्तुती गर्दछन् । संसदीय समितिहरूमा, सदस्यहरूले पार्टीको अडान अनुसार नै मतदान गरून् भन्ने अपेक्षा गरिन्छ । तर, प्लेनरी मा भोट गर्नु अघि, समूहले फरक विचार भएका सांसदहरूलाई आफ्नो कुरा खुला र निर्वाध तरिकाले समूहमा राख्ने मौका दिन्छ । नेताले प्रत्येक सांसदसँग सहकार्यात्मक सम्बन्ध स्थापित गर्न प्रयास गर्दछन् र त्यसै क्रममा प्रत्येक सांसदको लागि विभिन्न मुद्दा कति महत्वपूर्ण छन् भन्ने मापन गर्दछन् । यसको आधारमा, राजनीतिक मुद्दा र यसको राजनीतिक असरको आधारमा, कुनै सांसदलाई आफ्नो विवेक अनुसार मतदान गर्ने वा बहिस्कार गर्ने अनुमति दिन सकिन्छ ।

क्यानेडियन ग्रीन पार्टी

ग्रीनपिस नामक अन्तर्राष्ट्रिय संस्थाको स्थापना क्यानाडामै भएको यथार्थले क्यानाडामा वातावरणीय अभियान बलियो छ भन्ने उदाहरण प्रस्तुत गर्दछ । तर पनि, क्यानेडियन ग्रीन पार्टीले २१ औँ शताब्दी सुरु नहुन्जेल देशमा त्यति धेरै प्रभाव पारेको थिएन । सो पार्टी अत्यन्त विकेन्द्रित थियो र यसको संघीय निर्वाचन प्रचार प्रसार अभियान स्थानीय पहलहरूको सङ्कलन वा सारसंक्षेप जस्तो हुन्थ्यो । यो पार्टीको स्थापना सहमतिमा आधारित निर्णय-प्रक्रिया हुनुपर्छ भन्ने अवधारणामा भएको थियो, तर सन् २००३मा पार्टीले सञ्चालक निकायहरूमा सहमतिमा पुग्न नसके बहुमतको आधारमा निर्णय गर्न सकिने गरि विधान संशोधन गऱ्यो । यसका अतिरिक्त, यसले नीतिगत प्रस्तावनाका प्रक्रियाहरूमा सदस्यहरूको सहभागिता वृद्धि गर्न अनलाइन मतदान प्रणालीको सुरुवात गऱ्यो । पार्टीले सन् २००४को संघीय निर्वाचनमा सबै निर्वाचन क्षेत्रहरूमा वा सिटहरूमा उमेदवार उठायो र खसेको कूल मतको ४ प्रतिशत प्राप्त गरि संघीय सरकारबाट आर्थिक अनुदान पाउन योग्य बन्यो । कर्मचारी वा नीति कार्यसमूहहरू मार्फत् नीति निर्माणको प्रारम्भ गर्ने पार्टी संरचना भएका अन्य पार्टीहरूको व्यवस्था विपरित, क्यानेडियन ग्रीन पार्टीमा सदस्यहरूले व्यक्तिगत रूपमै नीतिको मस्यौदा गर्दछन् र औपचारिक नीतिहरूको प्रस्ताव राख्दछन् । क्यानाडाका अन्य राजनीतिक दलहरूमा गरिने अभ्यास जस्तै निर्वाचन घोषणपत्र निर्माणमा नेताको उल्लेख्य भूमिका हुन्छ, र पार्टीको महाधिवेशनमा आधिकारिक पार्टी प्लेटफर्म माथि छलफल हुन्छ र यसको अनुमोदन हुन्छ ।

नीति निर्माण

क्यानेडियन ग्रीन पार्टीको विधानले प्रत्येक दुई वर्षमा पार्टीको आधिकारिक नीतिगत प्रस्ताव गर्ने र मतदान गर्ने सदस्यहरू; पार्टीको प्रतिनिधित्व गर्ने, पार्टी प्रवक्ताको भूमिका खेल्ने, निर्वाचन घोषणापत्र निर्माणको सुपरिवेक्षण गर्ने र दुई अधिवेशनहरू बिचको समयमा पार्टीको सैद्धान्तिक अडान वा अवधारणाहरू प्रस्तुत गर्ने पार्टी नेता; र संचार रणनीति र निर्वाचन घोषणापत्रको विषयमा पार्टी नेतालाई सल्लाह दिने छायाँ सरकार गरि पार्टी भित्र नीति निर्माण प्रक्रियामा सहभागी हुने तीनओटा तहहरूको रूपरेखा कोरेको छ ।टेक्स्ट बक्स १० र ११ ले हरित (ग्रीन) पहलहरूको सोचको व्याख्या गर्दछ र नीति निर्माणमा छायाँ सरकारले खेल्ने भूमिकाको व्याख्या गर्दछ ।

हरेक दुई वर्षमा हुने महाधिवेशनमा सदस्यहरूले नीतिगत प्रस्तावहरू दर्ता गर्दछन्, छलफल गर्दछन् र मतदान गर्दछन्। यस प्रक्रियामा सहयोग पुऱ्याउन र सदस्यहरू बिच सहमति भएको सुनिश्चित गर्न महाधिवेशनले नीतिगत प्रस्तावहरूमा आएको भाषालाई परिस्कृत गर्दछ । सदस्यहरूले लामो समयदेखि सङ्कलित हुँदै आएका विविध नीतिहरू प्रस्ताव गर्ने भएकाले, पार्टीको आधिकारिक नीति पुस्तक विभिन्न महाधिवेशनहरूमा आएका प्रस्तावहरूको संगालो हो र पार्टीका सदस्यहरूले मात्रै हेर्न पाउने गरि पार्टीको वेबसाइटमा उपलब्ध छ । सन् २०१० सम्ममा, यस संगालोमा कृषि, रक्षा, शिक्षा, वातावरण, आदिवासी जनता, कर प्रणाली र यातायात लगायतका १९ विषयगत क्षेत्रमा वर्गिकृत २७५ ओटा प्रस्तावहरू थिए । सन् २०१२ को महाधिवेशनमा, पार्टीले संगालोमा दोहोरिएका र पुराना

टेक्स्ट बक्स १०: भिजन ग्रीन

सन् २००६ को नेतृत्व छान्ने अधिवेशन पछि, पार्टीले नीतिको प्रभावकारी संचार गर्ने गरि तयार गरिएको भिजन ग्रीन भनिने नयाँ दस्तावेज जारी गऱ्यो । भिजन ग्रीनले मुलुकले सामना गरेको महत्वपूर्ण वातावरणीय, आर्थिक र सामाजिक चुनौतीहरूको विश्लेषण गऱ्यो, र प्रत्येक मुद्दाको लागि समाधानको प्रस्ताव गऱ्यो । ग्रीन पार्टीको क्याबिनेट, पार्टीका कार्यकर्ताहरू, नीतिगत विज्ञहरू र नीतिगत कार्यशा(लामा भाग लिने सहभागीहरूले विकास गरेको दस्त(ावेजले पार्टीले सबैभन्दा महत्वपूर्ण ठानेका विषयह(रूमा उत्कृष्ट अभ्यासका उदाहरणहरू प्रयोग गरि समाधानका उपायहरूको प्रस्ताव गऱ्यो ।

भिजन ग्रीनको फाइदा के हो भने यसले पार्टी नेतृत(वलाई पार्टीले हालसम्म आधिकारिक धारणा नबन(ाएका विषयहरूमा पार्टीको नीतिगत अडानबारे छलफल गर्ने स्थान प्रदान गर्दछ । यसले बेला बेलामा पुनरावलोकन गरिने र अद्यावधिक गरिने पार्टीका नीति तथा कार्यक्रमहरूको पूर्ण वक्तव्यको काम पनि गर्दछ । निर्वाचन घोषणापत्र भन्दा यो कसरी फरक छ भने यसले नीतिहरूको प्राथमिकता निर्धारण गर्दैन र यसमा बजेट पनि समावेश हुँदैन । तर, संचार तथा राजनीतिक पर्यवेक्षकहरूले यसलाई कुनै विष(ायमा ग्रीन पार्टीको धारणा बुझ्नको लागि प्रयोग गर्ने गर्दछन् ।

भएका प्रस्तावहरूलाई हटाउन सफल भयो । यसका अतिरिक्त निरन्तर नीति निर्माण प्रक्रिया जारी गर्ने प्रयास जारी छ ।

द लिभिङ् प्लेटफर्म

सन् २००४मा, घोषणापत्र मस्यौदा प्रक्रियामा सदस्यहरूलाई सहभागी गराउने उद्देश्यले वातावरणीय, वित्तीय तथा आर्थिक स्थीरतामा केन्द्रित हुने चुनावी घोषणा पत्र विकास गर्नको निम्ति पार्टीले *द लिभिङ् प्लेटफर्म* नामक *विकी टुल* प्रयोग गऱ्यो । त्यतिखेर पार्टीमा ८०० जना सदस्य थिए र यस अभ्यासको पहिलो चरणमा लगभग १२० सहभागीहरू थिए । दोस्रो चरणमा, पार्टीले समर्थकहरूलाई घोषणापत्रमा प्रस्तावित सुझावहरू मध्ये आफ्नो प्राथमिकताहरू अभिव्यक्त गर्ने मौका दियो । झण्डै ८०,००० मानिसहरूले आ-आफ् नो सुझाव पेश गरे, आमसंचार माध्यममा चर्चा भयो र पार्टी धेरै ठाउँमा चिनियो । सन् २००४को संघीय चुनावमा, पार्टीले सरकारबाट आर्थिक अनुदान पाउन चाहिने आवश्यक मतको दोब्बर मत प्राप्त गऱ्यो । यसले पार्टीलाई स्थायी कार्यालय खोल्ने र दीर्घकालीन रूपमा आर्थिक सङ्कलन गर्ने अवसर प्रदान गऱ्यो । सन् २००८ सम्ममा, पार्टीले झण्डै १० लाख मत, अर्थात् कुल मतको ६.७ प्रतिशत जितिसकेको थियो । पार्टीको लागि यो उल्लेख्य उपलब्धी भए तापनि, सिट जित्नको लागि सम्बन्धित निर्वाचन क्षेत्रमा सबैभन्दा धेरै मत ल्याउनुपर्ने व्यवस्था भएको प्रत्यक्ष निर्वाचन प्रणाली भएकोले पार्टीलेले संसदमा प्रतिनिधित्व पाउन सकेन ।

क्यानेडियन ग्रीन पार्टीले सन् २०१२को अधिवेशन अघिको नीति निर्माण प्रक्रियाहरूमा धेरै भन्दा धेरै सदस्यहरूलाई सहभागी गराउनको लागि इन्टरनेटको प्रयोगलाई निरन्तरता दियो । सन् २०११को हिउँदमा एक समितिको गठन गरियो र यस समितिले अधिवेशन तयारीको लागि समयरेखा बनायो । समयरेखा देहायबमोजिम थियो ।

- सन् २०१२ को फेब्रुअरी महिनाको मध्यतिर, सदस्यहरूलाई सोही वर्षको मे महिनाको मध्यसम्ममा पार्टीको वेबसाइट मार्फत् नीतिगत वा विधानको लागि प्रस्तावहरू पेश गर्नको लागि आह्वान गरियो ।
- सदस्यहरूले प्रत्येक प्रस्तावको लागि अनलाइन बहसमा भाग लिन पाउँथे र वेबसाइटमा सो प्रस्तावको असरबारे संक्षिप्त सूचना प्रदान गरिएको थियो । यी छलफलहरूमा कसले भाग लिए भन्ने विषयमा पार्टी नेतृत्वको कुनै नियन्त्रण हुँदैनथ्यो । तर, सामान्यतया: व्यवहारमा प्रत्येक प्रस्तावमा छलफल गर्ने खासै धेरै सहभागी हुँदैनथे ।
- सचिवालय कर्मचारीले एक महिनाको समयमा सबै प्रस्तावहरूलाई वर्गिकरण गर्थे र त्यसपछि यी मध्ये केही प्रस्तावहरूमा टिप्पणी गर्न छायाँ सरकारलाई अग्रह गरिन्थ्यो ।
- जुन महिनाको मध्यतिर, सदस्यहरूले सबै प्रस्तावित प्रस्तावहरूमा मतदान गर्न विद्युतीय निमन्त्रणा प्राप्त

गर्थे । कुनै प्रस्ताव अगिंकार गर्नको लागि तयार भएको जस्तो लागेमा हरियो थोप्ला दिने, प्रस्तावमा थप छलफल आवश्यक छ जस्तो लागेमा सुन्तला रङ्को थोप्ला दिने र कुनै प्रस्ताव छलफल गर्नु पर्दैन जस्तो लागेमा रातो थोप्ला दिने गरेर उनीहरूले मतदान गरे । सदस्यहरूलाई मतदान गर्नको लागि जुलाइ महिनाको मध्यसम्मको समय दिइएको थियो र तिनीहरूले अनलाइन मतदानको नतिजा महाधिवेशन भन्दा अगाडि पाए ।

- अधिवेशनमा दुई तिहाइ भन्दा बढी सदस्यहरूले हरियो थोप्ला दिएका प्रस्तावहरूलाई मतदानको लागि एकमुष्ट प्रस्तुत गरियो, र सुन्तला रङ्को र रातो थोप्लाका प्रस्तावहरूलाई उपसमूहहरूमा छलफल गरियो ।

निर्वाचन घोषणापत्र

पार्टी नेताले निर्वाचन घोषणापत्र बनाउन छायाँ सरकारसँग मिलेर काम गर्दछन्। यसमा, कर प्रणालीमा प्रस्तावित गरिएका कुनै पनि परिवर्तनहरूको खाका कोरेको बजेट समावेश हुनेछ र चार वर्षको अवधिमा सरकारी निकायहरूमाझ बजेटको बाँडफाँड कसरी गर्ने भन्ने खाका उल्लेख हुनेछ । नीतिगत प्रस्तावको खर्चहरू निर्वाचन घोषणापत्र मार्फत् प्रस्तुत गर्ने यो निर्णय त्यतिबेला संघीय संसदमा एकजना पनि सांसद नभएको पार्टीको लागि आँटिलो निर्णय थियो ।

सिकेका पाठहरू

बेल्जियम र क्यानाडाका ग्रीन पार्टीहरूको अनुभवले परामर्श गर्ने चाहना र छिटो निर्णय गर्नुपर्ने अवस्था बिचको तनाव पार्टीहरूले व्यहोर्नुपर्ने देखाएको छ। दुवै देशका ग्रीन पार्टीहरू विकास हुँदै जाँदा, र फ्ल्याण्डर्स्को हकमा सरकारमा सहभागी भएपछि तिनीहरूले निर्णय प्रक्रिया र संचारमा चुस्तता बढाउनको लागि प्रक्रियाहरूको सुधार गरे । गएको ३० वर्षमा, फ्लेमिस ग्रीन पार्टीले नागरिकहरूलाई पार्टीको संरचनाबारे राम्ररी बुझाउन, बाहिरी संचारको व्यवस्था सुधार गर्न र अझै चुस्त तरिकाले नयाँ नीतिहरूको सिर्जना गर्न थुप्रै परिवर्तनहरू गरे । अझै महत्वपूर्ण परिवर्तनहरूमा, पार्टीको राष्ट्रिय कार्यकारीमा सांसदहरूलाई निर्णय अधिकार दिने, राष्ट्रिय कार्यकारीलाई पार्टीको दैनिक नीतिगत अवधारणा प्रस्तुतीको जिम्मेवारी दिने र राजनीतिक परिषद् लाई अधिवेशनहरू बिचको समयमा नीति निर्माण निकायको जिम्मेवारी दिने, राजनीतिक प्रवक्ताको पदको नाम पार्टी नेतामा परिवर्तन गर्ने, र पार्टीको नेता र उपनेता बिच दोहोरो पार्टी नेतृत्वको सिर्जना गर्ने विषयहरू पर्दछन् ।

सन् २००३मा ठुलो पराजयको सामना गरेपछि, बेल्जियमको ग्रीन पार्टीले सबै संघीय संसदका सिटहरू गुमायो र लगभग लोप हुने अवस्थामा पुग्यो । त्यसपछि, पार्टीले आफ्ना संरचनाहरू र नीतिहरूमा सुधार गर्ने कामको थालनी गऱ्यो र नयाँ पहिचानको स्थापना गऱ्यो । यसका अतिरिक्त, पार्टीले भावी नेताहरू तयार गर्ने र प्रोत्साहित गर्ने प्रयास स्वरूप एक युवा सदस्यलाई पार्टी भित्र कुनै अतिरिक्त अधिकार नभएको उपनेताको पदमा चयन गऱ्यो । त्यसपछिका दिनमा आफ्नो छुट्टै भूमिका सहित उपनेता एक आधिकारिक ओहदा बनेको छ । क्यानेडियन ग्रीन पार्टीले सहमतिमा काम गर्ने आफ्नो संस्थापन नीतिलाई परिमार्जन गर्दै चुस्तता वृद्धि गर्ने उद्देश्यले सहमतिमा पुग्न नसकेको अवस्थामा सञ्चालक निकायहरूमा बहुमतको आधारमा निर्णय गर्न सक्ने गरि आफ्नो विधान परिवर्तन गऱ्यो ।

सन् १९९० र २०००को दशकमा वातावरणीय मुद्दाहरू मूलधारमा आएपछि, फ्लेमिस सोसल डेमोक्रेट र अन्य पार्टीहरूले वातावरण र सार्वजनिक यातायात जस्ता विषयहरूलाई आफूले ग्रीन पार्टीको जत्तिकै प्राथमिकतामा राखेको दाबी गर्दै प्रचार प्रसार गर्न थाले । यस अभियानले अब ग्रीन पार्टीको आवश्यकता छ कि छैन भन्ने प्रश्न उठायो । प्रतिफल स्वरूप, ग्रीन पार्टीहरूले परम्परादेखि आफ्नो भन्दै आएका मुद्दाहरूमा आफ्नो प्राथमिकता कायम राख्दै, स्वास्थ्य सेवा, सामाजिक सहायतार शिक्षा लगायतका विविध विषयमा पनि आफ्नो विश्वशनियता बढाउनु पऱ्यो । यी प्रयासहरू मतदाताहरूलाई आकर्षित गर्ने कामलाई निरन्तरता दिने र आफ्ना नीतिहरूलाई अद्यावधिक राख्ने, वृहत् बनाउने तथा आफ्ना सदस्य र आम मतदाताहरूको आवश्यकता प्रति उत्तरदायी बनाउने गरि तयार गरिएका हुन् । कुनै पनि राजनीतिक दलको पहिलो नेता वा संस्थापन विचारको आधारमा पार्टीको निश्चित पहिचान निर्माण हुने भए तापनि, नीतिगत छलफलहरूमा आफ्नो सहभागिता विस्तार गर्दै जाँदा पार्टीको वर्तमान बनोट र प्रतिस्पर्धीहरूले गर्ने क्रियाकलापको आधारमा सो पहिचान परिस्कृत हुँदै जान्छ । स्पष्ट नीतिगत प्राथमिकता निर्धारण गर्दा पार्टीमा

टेक्स्ट बक्स ११: नीति निर्माणमा क्यानेडियन ग्रीनछायाँ सरकारको भूमिका

पार्टी नेताले वर्तमान र पूर्व उमेदवारहरू माझबाट छायाँ सरकारका सदस्यहरू छान्दछन्, र प्रत्येक सदस्यलाई कुनै निश्चित नीतिगत क्षेत्रको जिम्मेवारी दिन्छन् । यसको वर्तमान संरचना इन्टरनेटमा प्रकाशन गरिएको छ ।[१९] छायाँ सरकारलाई निर्णय लिने औपचारिक अधिकार हुँदैन । यसको भूमिका पार्टी नेतालाई सल्लाह दिने हो । प्रचलित अभ्यास अनुसार छायाँ सरकारका बैठकहरू गोप्य हुन्छन् । व्यवहारमा, सो समूहले आफ्ना प्रायः बैठक वा विमर्शहरू इमेल ग्रुप मार्फत् गर्थ्यो र निश्चित विषयमा वा सञ्चार रणनीतिमा सहमतिमा पुग्ने प्रयास गर्दथ्यो ।सन् २००६ पछि, पार्टी उपनेताले छायाँ सरकारको कामको संयोजन गरिआएका छन् । सामान्यतयाः यस समूहले पार्टीको नीतिगत सचिवा(लयको भूमिका निर्वाह गर्दछ र उमेदवारहरूको लागि प्रचार प्रसार र अभियान सञ्चालनको लागि तयारी सामग्रीहरू निर्माण गर्दछ । प्रत्येक सदस्यले आफूलाई तोकिएको नीतिगत क्षेत्रमा आगामी प्रचार प्रसार अभियानको लागि दस्त(ावेजहरू तयार गर्दछन् । दस्तावेजले प्रत्येक नीतिगत विषयको लागि पार्टीको अवधारणाको सामान्य व्याख्या, अन्य पार्टीका अवधारणाहरूको सारांश, सन्देश प्रवाहको लागि केही उद्धरणहरू, र आवश्यक परेमा निश्चित शब्दावलीलाई प्रष्ट पार्ने व्याख्याप्रदान गर्दछ । झण्डै १३० पृष्ठमा फैलिएको ५० ओटा नीतिगत विषयहरू छन् ।

गएको केही वर्ष, पार्टीमा छायाँ सरकारलाई सदस्यहरूले उठाएका विचाराधिन प्रस्तावमाथि आफ्नो राय पेश गर्ने जस्ता पार्टीको नीति निर्माण गर्ने आधिकारिक प्रक्रियामा झनै महत्वपूर्ण भूमिका दिनेबारे चर्चा गर्न थालिएको छ । तर, स्थानीय र भुइँस्तरबाट निर्णय गर्ने विषयमा पार्टीले ऐतिहासिक रूपमै जोड दिएको अवस्थामा छायाँ सरकार भित्र र बाहिर दुवै तर्फका सदस्यहरू यस्तो परिवर्तनले श्रेणीदार पद्धति तर्फ धकेल्छ भन्ने चिन्ताले यस परिवर्तनलाई अनुमोदन गर्न इच्छुक छैनन् ।

एकरूपता बढ्दै गए पनि यसको नीतिगत प्रस्तावहरूको संगालोलाई पुनरावलोकन गरेर, नविकरण गरेर तथा विस्तार गरेर मात्रै कुनै पनि पार्टी सदा परिवर्तनशिल समाजहरूको आवश्यकता अनुसार सान्दर्भिक रहन सक्छ ।

अन्त्यमा, टेक्स्ट बक्स १२मा सारांश प्रस्तुत गरिए अनुसार, दुई पार्टी बिचको नीतिगत भिन्नताले राजनीतिक संस्कारले देशै पिच्छे फरक तरिकाले कसरी ग्रीन पार्टीहरू सञ्चालित हुने तरिकामा भिन्नता ल्याउँछ भन्ने देखाउँछ । उदाहरणको लागि, निर्वाचन प्रणालीमा भएको भिन्नताले गर्दा फ्लेमिस ग्रीन पार्टीहरूले संसदमा पटक पटक काम गर्ने अवसर पाए भने, क्यानाडामा रहेका उनीहरूका समकक्षी पार्टीले सन् २०११ आएर मात्रै पहिलो चोटि संघीय संसदमा आप् ्नो प्रतिनिधि पठाउन पायो । यसका अतिरिक्त, पार्टीको राष्ट्रिय संरचनाहरूले कर्मचारी वा नीतिगत कार्यसमूहहरू मार्फत् नीति निर्माण प्रक्रियाको प्रारम्भ गर्ने फ्लेमिस ग्रीन पार्टीहरूको व्यवस्था विपरित, क्यानेडियन ग्रीन पार्टीमा सदस्यहरूले व्यक्तिगत रूपमा औपचारिक नीतिहरूको मस्यौदा र प्रस्ताव गर्दछन् । क्यानाडाका अन्य राजनीतिक दलहरूमा भएको अभ्यास जस्तै, पार्टी महाधिवेशनले आधिकारिक पार्टी प्लेटफर्महरूमा छलफल चलाउने र अनुमोदन गर्ने भए तापनि, राजनीतिक परिषद्ले निर्वाचन घोषणापत्रको अनुमोदन गर्ने व्यवस्था भएको फ्लेमिस ग्रीन पार्टीमा भएको व्यवस्था विपरित, क्यानेडियन ग्रीन पार्टीको नेताले निर्वाचन घोषणापत्रको विकासमा उल्लेख्य प्रभाव पार्दछन् ।

टेक्स्ट बक्स १२: क्यानाडाको ग्रीन पार्टी र फ्लेमिस ग्रीन पार्टीबिच तुलना

आधिकारिक पार्टी नीति	क्यानेडियन ग्रीन पार्टी	फ्लेमिस ग्रीन पार्टी
प्रारम्भ गर्ने:	सदस्यहरूले व्यक्तिगत रूपमा	राष्ट्रिय कार्यकारीले
समर्थन चाहिने:	२० जना सदस्यहरूको ।	राजनीतिक परिषद्को ।
प्रारम्भिक नीतिको मस्यौदा कसले गर्दछ :	• सदस्यहरूले सदस्यहरूको अनलाइन फोरममा मस्यौदा नीति लेख्तछन् । अन्य सदस्यहरूले यसमा प्रतिक्रिया जनाउँन, छलफल गर्न वा वादविवाद गर्न सक्छन् । • प्रस्तावको अन्तिम स्वरूप कस्तो हुने भन्ने विषयको निर्णय प्रस्तावकले गर्दछन्।	• कार्यसमूहले पृष्ठभूमि पत्र निर्माण गर्दछ, बाहिरका सरोकारवालाहरूसँग परामर्श गर्दछ र राष्ट्रिय कार्यकारीसमक्ष कार्यक्रम मस्यौदा पेश गर्दछ । • कार्यक्रम कुनै विषयमा नीतिगत अवधारणा निर्माण गर्ने महाधिवेशन प्रस्तावहरूको सूचीमा आधारित हुन्छ ।
बाहिरका सरोकारवालाहरूबाट आउने सुझाव:	केही पनि छैन । यो 'सदस्यमात्रै' को प्रक्रिया हो ।	मस्यौदा कार्यक्रममाथि आलोचना गर्न र सामग्री थप गर्न आमन्त्रण गरिएका बाहिरका सरोकारवालाहरूसँग साझेदारी गरिन्छ ।
मतदान गर्ने:	• वर्षमा दुई चोटि हुने साधारण बैठक, अर्थात् अधिवेशन । • नीतिगत प्रस्तावहरूलाई वर्गिकरण गर्न सदस्यहरूले अधिवेशन अघि मतदान गर्दछन् । • ६६.६ प्रतिशत भन्दा धेरै समर्थन प्राप्त गर्ने प्रस्तावहरूमाथि एकमुष्ट मतदानमा मतदान गरिन्छ र अन्य प्रस्तावहरू थप बहसको लागि कार्यशालामा लगिन्छ ।	• बहुमतद्वारा सदस्यहरूको महाधिवेशन वा राजनीतिक परिषद् । • संशोधनहरूमा पहिले बहस गर्ने त्यसपछि संशोधन गर्ने, त्यसपछि नीतिगत प्रस्तावहरूमा बहस र मतदान गर्ने । • संशोधन प्रस्तावकहरू संशोधनलाई एकीकरण गर्न भेला हुन्छन् र महाधिवेशनको लागि निर्णय वृक्ष भनिने निर्णय प्रक्रियाको चित्र बनाउने । • महाधिवेशनको समयमा, समान वा विपरित संशोधनमा निर्णय वृक्ष र मतदान लाई एकीकरण गरिन्छ ।
संशोधनहरू:	अधिवेशनमा, कार्यशालामा भाग लिने पार्टीका सदस्यहरूले अधिकतम समर्थन सहित सहमतिमा पुग्न भाषा सुधार्ने विषयमा छलफल गर्ने र प्रस्ताव गर्ने ।	महाधिवेशनमा स्थानीय समूहहरूबाट आएका संशोधनहरूको सूचीकरण गरिन्छ, छलफल गरिन्छ र मतदान गरिन्छ । नीतिगत परिषद्मा, संशोधनहरू त्यतिखेरै प्रस्तुत गरेर मतदान गरिन्छ ।

दैनिक नीतिगत अवधारणा	क्यानेडियन ग्रीन पार्टी	फ्लेमिस ग्रीन पार्टी
प्रारम्भ गर्ने:	पार्टी नेता वा छायाँ सरकार	पार्टीको नेता वा संसदीय दल
समर्थन चाहिने:	पार्टी नियमावलीमा स्पष्ट तोकिएका सर्तहरू छैनन्, तर सामान्यतया: कुनै प्रस्तावको लागि छायाँ सरकारले गरेको पहलमा सहमति जुट्ने गर्दछ।	राष्ट्रिय कार्यकारीको साप्ताहिक बैठकमा, र आवश्यक परेमा, संसदीय दलको बैठकमा छलफल र समीक्षा गरिने ।
प्रारम्भिक नीतिको मस्यौदा कसले गर्दछ :	पार्टीको नेता र आम संचार समूह, वा छायाँ सरकारका सदस्यहरू ।	अध्ययन विभाग र संचार टोली, वा सम्बन्धित सांसदको सचिवालयको कर्मचारी
बाहिरका सरोकारवाल(ाहरूबाट आउने सुझ(ाव:	• पार्टी नेता वा यस विषयमा सङ्लग्न(छायाँ सरकारको सदस्यको तर्जा(वजीमा । • पार्टी नेताले सरोकारवालाहरूसँग पत्रकार सम्मेलन गर्नेछन् ।	• निरन्तर प्रक्रियामा लिइने । • नागरिक समाज समूहहरूको प्राथमिकत(ाबारे सूचित रहन र पार्टी प्रस्तावहरूबारे छलफल गर्न तिनीहरूसँग नियमित बैठक गर्ने । • पार्टी र सरकोकारवालाहरूको सामान्यत(या: अलग अलग संचार पहल हुन्छन् ।
मतदान गर्ने:	मतदान हुनेछैन ।	राष्ट्रिय कार्यकारीले प्रस्तावहरू स्वीकार, इन्कार वा संशोधन गर्न सक्छन् ।
संशोधनहरू:	यो पार्टी नेता वा छायाँ सरकारसँग आन्तरिक प्रक्रिया हो ।	राष्ट्रिय कार्यकारीले प्रस्तावहरू स्वीकार, इन्कार वा संशोधन गर्न सक्छन् ।

निर्वाचन घोषणापत्र	क्यानेडियन ग्रीन पार्टी	फ्लेमिस ग्रीन पार्टी
प्रारम्भ गर्ने:	पार्टी नेता ।	राष्ट्रिय कार्यकारी ।
समर्थन चाहिने:	औपचारिक रूपमा कोही पनि छैनन्, तर छायाँ सरकारबाट सहयोग चाहिँ पाउन सकिन्छ ।	संसदीय समूह वा संसदीय दल
प्रारम्भिक नीतिको मस्यौदा कसले गर्दछ :	पार्टी नेता र छायाँ सरकारका सदस्यहरू ।	अध्ययन विभाग ।
बाहिरका सरोकारवालाह(रूबाट आउने सुझाव:	आगामी चार वर्षको लागि प्रस्तावित सरकारी बजेटको हिसाब गरिएको खर्चसम्बन्धी वाह्य सल्लाह प्राप्त गर्दछ ।	यो सरोकारवालाहरूसँगको निरन्तर छलफल हो ।
मतदान गर्ने:	मतदान हुनेछैन ।	राजनीतिक परिषद् ।
संशोधनहरू:	यो पार्टी नेता वा छायाँ सरकारको आन्तरिक प्रक्रिया हो ।	राजनीतिक परिषद्ले प्रस्तावहरू स्वीकार, इन्कार वा संशोधन गर्न सक्छ । फलो अप हुन दिनको लागि यो पछिको बैठकहरूमा हुने गर्दछ।

द इन्स्टीच्युशसनल रिभोल्युसनरी पार्टी, मेक्सिको

पार्टीको संक्षिप्त इतिहास

द इन्स्टीच्युशसनलरिभोल्युसनरी पार्टी (पीआरआई)ले सन् १९२९मा स्थापना भएदेखि सन् २००० मा राष्ट्रपति चुनावमा हार नव्यहोरेसम्म मेक्सिकोको राजनीतिमा एकछत्र प्रभाव जमाएको थियो । सन् १९२९मा पीआरआई मेक्सिको क्रान्तिका सबै बाँकी नेताहरूको शक्ति एकतृत गर्ने संयन्त्रको रूपमा राष्ट्रिय रिभोल्युशनरी पार्टीको रूपमा स्थापना भएको थियो । सन् १९२८मा राष्ट्रपति निर्वाचित अल्भारो ओब्रेगनको हत्या हुँदा पार्टी पूर्व राष्ट्रपति प्लुटार्को एलियास केलासको नेतृत्वमा थियो । पार्टीको स्थापनाले मेक्सिकोको राजनीतिलाई रूपान्तरण गऱ्यो । छुट्टाछुट्टै नेताले आ-आफ्नै क्षेत्रको शासन गर्ने प्रयास गरे पनि पार्टीले शहरी र ग्रामीण दुवै क्षेत्रको विकासको लागि राष्ट्रव्यापी नीति लागू गऱ्यो । आफ्नो नीतिहरूको लागि समर्थन जुटाउन पार्टीले किसान, मध्यमवर्ग र व्यवसायी जस्ता शक्तिशाली युनियनहरू र अन्य सामाजिक समूहहरूलाई समावेश गऱ्यो ।

सन् १९२९ देखि १९३४ सम्ममा मेक्सिकोमा छोटो छोटो समयको लागि तीन जना राष्ट्रपति भए - एकजना निर्वाचित र दुई जना संसदले नियुक्त गरेको । यस समयमा, पर्दा पछाडिबाट क्यालेसले नै शक्ति सञ्चालन गरिरहनु भयो र उहाँलाई 'वास्तविक नेता' भनिन्थ्यो । तर, सन् १९३६मा राष्ट्रपति लाजारो कार्देनास, क्यालेससँग छुट्टिनुभयो र क्यालेसलाई देश निकाला गरेर सबै शक्ति बहालवाला राष्ट्रपतिमा केन्द्रित हुने व्यवस्था गर्नुभयो । कार्देनासले क्रान्तिको दर्शनलाई पूरा गर्ने तर्फ लक्ष्यित नीतिहरूको लागि पनि आधार खडा गर्नुभयो: जस्तै, ठुला जमिन्दारको भन्दा साना किसानको हित गर्ने भूमिसुधार व्यवस्था लागू गर्ने र मेक्सिकोको राष्ट्रिय पहिचान स्थापित गर्न सघाउने शैक्षिक सुधार गर्ने । पार्टीको सैन्य एकाइको पुन:निर्वाचनमा प्रतिबन्ध लगाई उन्मूलन गर्ने विधानको प्रावधानले क्रान्तिका राजनीतिक नेताहरूलाई देशको राजनीतिक व्यवस्थालाई निरकुंशता तर्फ लाने लोभबाट रोक्यो ।

बलियो राजनीतिक संयन्त्र र बलिया नेताहरूको संयुक्त प्रभाव साथै असमान चुनावी मैदान, कमजोर प्रतिपक्ष र पीआरआईको ठुल्दाई प्रवृत्तीको कारणले गर्दा पार्टीले राष्ट्रपतिको पद, संसद, सबै गभर्नर पदहरू, प्रदेश सभा र धेरै पालिकाहरूमा धेरै दशकसम्म राज गऱ्यो । आजको दिनसम्म पनि, पीआरआई मतदान केन्द्र स्तरसम्ममा उपस्थिति भएको मेक्सिकोको एक मात्र पार्टी हो । किसान, मजदुर र व्यवसायिक सङ्गठनहरूसँग यसको सम्बन्धले पार्टीलाई आफ्ना दर्शनहरूको प्रचार गर्न र केही सामाजिक नीतिहरू लागू गर्न साथै आफ्ना जन नीतिहरूको बारेमा सुझाव सङ्कलन गर्न नागरिकहरूसँग सम्पर्क गर्न सजिलो भएकोछ ।

सन् १९६० सम्म, मेक्सिको क्रान्तिका दर्शनहरू कसरी लागू गर्ने भन्ने विषयमा पीआरआईका प्रत्येक सभापतिको अलग अलग विचार थियो । कतिपयले तेल उद्योगलाई राष्ट्रियकरण गरेर र निर्यात कम गर्नको लागि संरक्षणात्मक अवरोधहरू लागू गरेर राष्ट्रवादी राजनीति गरे । कतिपयले औद्योगिक वृद्धिको प्रवर्धन गरि मेक्सिकोको प्रतिस्पर्धात्मकता क्षमता बढाउने प्रयास गरे । अरुले भूमिसुधार लागू गरेर वा देशको दुर्गम क्षेत्रहरू तिर विद्युत सेवा विस्तार गरेर सामाजिक न्यायमा वृद्धि गर्ने प्रयास गरे । यतिबेला धेरैजसो समयमा, राष्ट्रपतिहरूले आफ्नो नीतिमा पार्टी भित्र र पार्टी बाहिर कतैबाट पनि खासै विरोध भएको पाएनन् ।

सन् १९६०को दशकको अन्त्यतिर, मेक्सिकोका युवाहरूले सुधारको माग गर्न थाले । सरकारले दमनकारी तरिकाले जवाफ दिँदा सन् १९६८ र १९७१ मा धेरै विद्यार्थीहरूको मृत्यु भयो, र थप असन्तुष्टीको बिउ रोपियो । सन् १९८० को दशकको आर्थिक संकट र यसपछि लागू गरिएको मितव्ययिताका प्रावधानहरू, सन् १९८५मा मेक्सिको शहरमा गएको भूकम्पप्रति सरकारले गरेको फितलो प्रतिकार्य र आन्तरिक सुधारको लागि यसले गरेको बेवास्ताले सरकारप्रति जनताको विश्वास धमिलियो । यो विश्वासको संकटले प्रतिपक्षलाई बलियो बनायो र पीआरआईका कतिपय नेताले यो पार्टी छोडी अर्को वैकल्पिक वामपक्षी धारको पार्टी गठन गरे । त्यतिबेलै, राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाबले चुनावी सुधार गरियो, प्रक्रियालाई बढी न्यायोचित बनाइयो र प्रतिपक्षलाई संसदमा सिट जित्न र राष्ट्रपति पदको लागि

समेत प्रतिस्पर्धा गर्न सजिलो बनाइदियो । सन् १९८८मा, पीआरआईका राष्ट्रपति उमेदवार पहिलो चोटि कुल मतको पचास प्रतिशत भन्दा कम आउने जोखिममा परे ।

सन् १९९०को दशकमा, पीआरआईले गरिबी घटाउन सशर्त नगद सहायता कार्यक्रम सहित सशक्त नयाँ कार्यक्रमहरू जारी गऱ्यो । सोही समयमा, सरकारले मेक्सिकोको अर्थतन्त्र उदार बनाउन विदेशी मुद्राको विनिमयमा जारी नियन्त्रण हटायो, सरकारी कम्पनीहरूलाई निजीकरण गऱ्यो, र संयुक्त राज्य अमेरिका र क्यानाडासँग स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरि नयाँ कार्यक्रमहरू लागू गऱ्यो ।

पार्टीका नयाँ कार्यक्रमहरूका बाबजुद, नागरिकहरूको असन्तुष्टी, समग्र राजनीतिक विकल्पहरू, बलियो प्रतिपक्षी उमेदवार र पीआरआईको कमजोर उमेदवारको कारणले सन् २०००मा, पीआरआईले ७० वर्षभन्दा लामो इतिहासमा पहिलो चोटि राष्ट्रपति पद गुमायो र मध्य-दक्षिणपन्थी दल न्याशनल एक्शन पार्टी (पीएएन)ले जित्यो । त्यस वर्ष पीआरआईले पाँच प्रदेश गभर्नर पदमध्ये एउटा मात्र जित्यो, र मेक्सिको शहरको मेयरको निर्वाचनमा तेस्रो स्थानमा आयो ।

त्यसपछिका दिनमा, पीआरआईले नागरिकहरूका अत्यावश्यक आवश्यकताहरूको सम्बोधन गर्न सक्ने पार्टीको रूपमानयाँ पहिचान स्थापना गर्ने गरि काम गरिरहेको छ र पहिलेको अनुभवबाट सिकेर लोकतान्त्रिक अभ्यासको लागि थप प्रतिवद्ध भएकोछ । सन् २०१२मा, यो नविकरण अभियानको प्रतिफल आयो: पार्टीका उमेदवार एनरिक पेना निएटोले मेक्सिकोका नयाँ राष्ट्रपतिको सपथ लिए । सन् २०१२को अन्त्यमा, पीआरआईले सिनेटका सिटहरूको ४० प्रतिशत, राष्ट्रिय विधायिका सिटको ४३ प्रतिशत, प्रदेश गभर्नरहरूको ६२ प्रतिशत, प्रदेश विधायिकाहरूको ४२ प्रतिशत र प्रदेश राजधानी रहेका शहरहरूको ८१ प्रतिशत सिटहरू जितेको थियो । यसले मेक्सिकोका २,५०० भन्दा बढी पालिकाहरू मध्ये आधा भन्दा बढी (५१ प्रतिशत)मा शासन गरिरहेको छ ।प्रारम्भिक सूचनाले जुलाई २०१३ मा हुने प्रदेश र स्थानीय चुनावमा पीआरआईले राम्रो नतिजा ल्याउने संकेत दिएकोछ ।

पार्टीको पहिचान

पार्टीको विधान[२०] ले पीआरआईलाई लोकतन्त्र र सामाजिक न्यायको रूपरेखामा मेक्सिकोलाई आधुनिकिकरण गर्ने राष्ट्रवादी पार्टीको रूपमा परिभाषित गरेको छ । पार्टीले आफूलाई समाजवादी लोकतान्त्रिक पार्टीको रूपमा चिनाउँछ र यो पार्टी सोसिअलिष्ट इन्टरनेशनलको सदस्य पनि हो ।पीआरआईको संरचनामा कृषि सङ्गठन, मजदुर सङ्गठन तथा अन्य लोकप्रिय सङ्गठनहरू समावेश छन् र यसको उपस्थिति देश भरि छ ।

बैचारिक हिसाबले, पीआरआई मेक्सिकोका अन्य दुई मुख्य पार्टी - मध्य-दक्षिणपन्थी पी.ए.एन. र वामपन्थी पार्टी द *डेमोक्रेटिक रिभोल्युशन* (पीआरडी)को बिचमा अवस्थित छ । पार्टीको विधानले मानव अधिकार, लैंगिक समता, र लोकतान्त्रिक र धर्म निरपेक्ष मुलुक प्रति आफ्नो प्रतिवद्धता जनाएकोछ । तिनीहरूले राज्यसँग गरिबी र विभेद विरुद्ध लड्न, मुलुकको सार्वभौमिकताको रक्षा गर्न, र अल्पसंख्यक अधिकारको सम्मान गर्न आग्रह गर्दछन्।

सन् २०१३ मा सार्वजनिक गरिएको एक जनमत सर्वेक्षण[२१]को नतिजा अनुसार, तीन मुख्य राजनीतिक दलका स्वतन्त्र नागरिकहरू माझ पीआरआईको सबैभन्दा उत्कृष्ट छवी छ । सन् २००१ पछिको समयमा, पहिलोचोटि झण्डै आधा भन्दा बढी नागरिकहरूलाई देश राष्ट्रपतिको हातमा छ भन्ने विश्वास छ ।[२२]

पार्टी नियमावलीमा नीति निर्माणको व्यवस्था

ऐतिहासिक रूपमा, पार्टीको निर्वाचन प्लेटफर्म आर्थिक, राजनीतिक तथा सामाजिक अध्ययन प्रतिष्ठान (आइपेस) भनिने मेक्सिकोको राष्ट्रपति चुनावको लागि प्रत्येक छ वर्षमा एक चोटि सक्रिय बनाइने निकायले बनाउने गर्थ्यो । सन् १९८९मा, पार्टीले आइपेसलाई चेन्ज *एक्स.एक्स.आइ मेक्सिकन फाउन्डेसन* नामक युरोपेली पार्टीहरूको नमुनाको आधारमा तयार गरिएको स्थायी थिंक ट्यांकमा परिवर्तन गऱ्यो । सन् २००५मा, फाउन्डेसनलाई सन् १९९४मा हत्या गरिएका राष्ट्रपति उमेदवार तथा फाउन्डेसनका राष्ट्रपति लुइस डोनाल्डो कोलोसियोको सम्झनामा कोलोसियो फाउन्डेसनको रूपमा नाम परिवर्तन गरियो ।

पीआरआईको पार्टी विधान[२३] अनुसार, कोलोसियो फाउन्डेसनलाई पार्टीको सरकारी योजना तथा निर्वाचन प्लेटफर्महरूको विकास गर्ने जिम्मा दिइएकोछ। सबै योजनाहरू तथा प्लेटफर्महरू राष्ट्रिय तहमा राष्ट्रिय राजनीतिक परिषद् (धारा २०)ले अनुमोदन गर्नुपर्छ। त्यसैगरि, प्रदेश राजनीतिक परिषद् र संघीय क्षेत्र राजनीतिक परिषद्ले स्थानीय तहका (धारा ११९) योजना तथा प्लेटफर्महरूको अनुमोदन गर्नुपर्दछ। पालिका तहमा र मेक्सिको शहरको *बोरो*हरूमा राजनीतिक परिषद्ले सरकारी योजनामा समावेश गर्नको लागि योजनाहरू पेश गर्न पाउँछन्। त्यसलाई पछि पालिका सभाहरूले अनुमोदन गर्दछन् (धारा १२६ र १३०)। पार्टीले प्राप्त गर्ने सार्वजनिक पैसामध्ये फाउन्डेसनले अनुसन्धानको लागि छुट्याइएको २ प्रतिशत रकमको काम सञ्चालन गर्दछ। यसले पार्टी बाहिर आफ्नो सेवा बेचेर र चन्दा मार्फत् पनि आम्दानी गर्दछ।टेक्स्ट बक्स १३ ले कोलोसियल फाउन्डेसनबारे थप जानकारी प्रस्तुत गरेको छ।

राष्ट्रिय राजनीतिक परिषद्

राष्ट्रिय राजनीतिक परिषद् भनेको योजना तर्जुमा, निर्णय तथा लेखाजोखा प्रयोजनको लागि पार्टी भित्रका सबैभन्दा उल्लेख्य शक्तिहरूलाई एकतृत गर्ने स्थायी निकाय हो। यसले राष्ट्रिय कार्यकारी समितिको र पार्टीका निर्वाचित पदाधिकारीहरूको कामको सुपरिवेक्षण गर्दछ, र पार्टीको बजेट र वार्षिक कार्ययोजना अनुमोदन गर्दछ। यसमा पार्टीका राष्ट्रिय तथा स्थानीय नेताहरू, राष्ट्रपति (आफ्नो पार्टीको राष्ट्रपति भएको अवस्थामा) र बहालवाला गभर्नर हरू; राष्ट्रिय र प्रदेशका सांसदहरू; मेयरहरू; कोलोसियो फाउन्डेसनका सदस्यहरू; पार्टीका अन्य सङ्गठनहरू, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरू, महिला तथा युवा सङ्गठनहरू; र प्रदेशहरूमा लोकतान्त्रिक तरिकाले निर्वाचित १६० सदस्यहरू सहित ६५० देखि ६७५ जनासम्म सदस्यहरू हुन्छन्। परिषद्मा राष्ट्रिय कार्यकारी समितिका अध्यक्ष तथा महासचिव, पार्टीको राष्ट्रिय र स्थानीय सांसदहरू, र पार्टीका अन्य सङ्गठनहरू सहित १४ सदस्यीय कार्यकारी समिति हुन्छ,। पार्टीको प्लेनरीको बैठक प्रत्येक वर्ष हुन्छ, र यसका प्रत्येक समितिको बैठक प्रत्येक महिनामा हुन्छ।

स्थायी राजनीतिक आयोग

पार्टीको विधानले स्थायी राजनीतिक आयोगलाई राष्ट्रको विकासको लागि सार्वजनिक नीतिहरूको प्रस्ताव गर्ने जिम्मेवारी दिएको छ। आयोग राष्ट्रिय राजनीतिक परिषद् को सहयोगी निकाय हो र यसमा देशको राष्ट्रपति, पार्टी नेताहरू, बहालवाला गभर्नरहरू, संसदमा संसदीय दलका नेताहरू, स्थानीय विधायकहरू र मेयरहरूका पीआरआई प्रतिनिधिहरूले शासन नगरेको राज्यहरूका पार्टी सभापतिहरू र पार्टीका राष्ट्रिय सङ्गठनका नेताहरू पर्दछन्। अन्य राजनीतिक दलहरूसँग संवाद प्रवर्धन गर्ने, अन्तर्राष्ट्रिय परिवेशको अनुगमन गर्ने र पार्टीको विधायिका कार्यसूची सम्बन्धी सिफारिसहरू जारी गर्ने विषय यसको जिम्मेवारीमा पर्छन्।

अन्तिममा, विधानहरूले पार्टी सङ्गठनहरूलाई महिला, युवा, नागरिक समाज, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्ति जस्ता निश्चित समूहहरूको पक्षमा सार्वजनिक नीतिहरूको प्रवर्धन गर्ने गरि सशक्तिकरण गर्दछन्।

संसदीय कार्य समन्वय एकाइहरू

योजना तथा कार्यक्रमहरू अगिंकार गरिसकेपछि, संसदीय कार्य समन्वय एकाइहरूलाई पार्टीको संसदीय कामले सरकारी योजना र निर्वाचन प्लेटफर्महरूको प्रतिनिधित्व गरेको सुनिश्चित गर्ने जिम्मेवारी दिइएको हुन्छ। एउटा संघीय उपप्रमुखहरूको लागि, एउटा सिनेटरहरूको लागि र एउटा स्थानीय उपप्रमुखहरूको लागि गरि, यी तीन एकाइहरू पार्टी संसदीय समूहले पार्टीहरूको कार्यक्रम र प्लेटफर्म अनुसार नै आफ्ना क्रियाकलाप सञ्चालन गरिरहेका छन् भन्ने सुनिश्चित गर्ने, र विधायकहरूले पार्टीको सिद्धान्त अनुसार नै आफ्ना क्रियाकलापहरू सञ्चालन गरिरहेका छन् भन्ने प्रमाणित गर्नेपार्टी सङ्गठनहरू हुन्। यी एकाइहरूले राष्ट्रिय वा प्रदेश तहका उपयुक्त राजनीतिक परिषद्मा कानुन निर्माणका प्राथमिकता क्षेत्रहरू र विशिष्ट सम्झौताहरू प्रस्तुत गर्नुपर्दछ। तिनीहरू पार्टीको कानुनी परामर्श सेवाको लागि पनि जिम्मेवार हुन्छन्। यी एकाइहरूका संरचना र सचिवालय कर्मचारीका विषय सम्बन्धित संसदीय समूहहरूले परिभाषित गर्दछन्। यसका अतिरिक्त, राष्ट्रिय कंग्रेस वा संसदका पार्टी संसदीय समूहहरूले आफ्नो कानुनी काममा

टेक्स्ट बक्स १३: द कोलोसियो फाउन्डेसन

हाल, पीआरआई विधानको धारा २०३ले द कोलोसियो फाउन्डेसनलाई 'सरकारी योजना र निर्वाचन प्लेटफर्महरूको विकास गर्ने', र 'जन नीतिहरूको विश्लेषण, विकास र मूल्यांकन' गर्ने जिम्मेवारी दिएको छ[२४]। यसका अतिरिक्त, फाउन्डेसनले सामाजिक, आर्थिक, तथा राजनीतिक अध्ययन तथा विश्लेषणलाई पनि मार्गदर्शन प्रदान गर्दछ । यसलाई पार्टीको विचारबारे सन्देश प्रवाह गर्ने र पार्टीका सदस्यहरूको राजनीतिक प्रशिक्षणलाई सहयोग गर्ने, साथै राष्ट्रिय तथा स्थानीय तहहरूमा पीआरआई सरकारको योजना तथा निर्वाचन प्लेटफर्महरू (धारा २०३) निर्माण गर्ने जिम्मेवारी पनि हुन्छ । यसका अतिरिक्त, विधानले फाउन्डेसनलाई देहायका कामका लागि जिम्मेवारी तोकेको छ ।

- वैज्ञानिक, प्राविधिक तथा सांस्कृतिक विज्ञहरूलाई आफ्ना क्रियाकलापहरूमा प्रवर्धन गर्ने र सहभागी गराउने ।
- सम्पादकीय र पार्टीको वैचारिक विषयमा पार्टीका अन्य एकाइलाई मार्गदर्शन तथा सहयोग प्रदान गर्ने ।
- संघीय संसदले अनुसन्धान र अध्ययन गर्नको लागि पार्टीलाई छुट्याएको बजेट अनुसारको काम सञ्चालन गर्ने ।
- पार्टीको स्मरण र ऐतिहासिक अभिलेखको निरन्तरताको सुनिश्चित गर्दै अडोल्फो लोपेज मातिओस राष्ट्रिय सूचना तथा अभिलेखिकराण केन्द्रको व्यवस्थापन गर्ने र अद्यावधिक गर्ने ।
- लुइ डोनाल्डो कोलोसियो - हत्या गरिएका राष्ट्रपति उमेदवार जसको नाममा संस्थाको नाम राखियो - का विचारहरूको प्रवर्धन गर्ने ।
- सामाजिक, आर्थिक तथा राजनीतिक विषयहरू; जनमत तथा बजारिकरण; जन नीतिहरूको विश्लेषण, विकास तथा मूल्याङ्कन; र अन्तर्राष्ट्रिय मामिलामा अध्ययन गर्ने; र
- राष्ट्रिय राजनीतिक परिषद्बाट अनुमोदन गराउने गरि राजनीतिक, सामाजिक तथा आर्थिक अनुसन्धानको लागि वार्षिक कार्यक्रम बनाउने ।

फाउन्डेसन र यसका स्थानीय शाखाहरू कानुनी रूपमा पार्टीबाट अलग हुन्, विधानले फाउन्डेसनलाई स्पष्ट रूपमा पार्टी अंगको रूपमा परिभाषित गरेको छ र व्यवहारमा बलियो सम्पर्क सुनिश्चित गर्ने संयन्त्रको व्यवस्था गरेको छ । उदाहरणको लागि, फाउन्डेसनको लागि भनेर राष्ट्रिय, प्रदेश र पालिका सभा स्तरीय पार्टी सभाहरूमा निश्चित संख्याका प्रतिनिधि तोकिएको हुन्छ (धारा ६५, १०५, १२५) र राष्ट्रिय राजनीतिक परिषद् (धारा ७०) र प्रदेश र पालिका स्तरीय राजनीतिक परिषद्हरूमा पनि प्रतिनिधित्व गराइएको हुन्छ(धारा ११०) । विधानले स्थानीय शाखा समितिहरूलाई स्पष्ट रूपमा तोकेर कोलोसियो फाउन्डेसनसँग स्थायी सम्बन्ध कायम गनुपर्ने निर्देशन दिएकोछ । राष्ट्रिय तहमा, फाउन्डेसनको महासभाले पार्टी सभापतिले प्रस्तुत गरेको संक्षिप्त सूचीको आधारमा फाउन्डेसनको अध्यक्षको चयन गर्दछ (धारा ८६) । स्थानीय तहमा, पार्टीका शाखा सभापतिहरूले आफ्नो प्रदेश वा पालिकामा फाउन्डेसनको नेतृत्व गर्न तीन उमेदवारहरूको मनोनय गर्दछन्, यसको अन्तिम निर्णय फाउन्डेसनका राष्ट्रिय नेताहरूले गर्दछन्।

विधान अनुसार, फाउन्डेसनको मूल लक्ष्य पार्टीलाई अनुसन्धान र तालीम सम्बन्धी सहयोग प्रदान गर्नु हो (धारा ६) । विधानले फाउन्डेसनलाई संसदमा रहेका पार्टीका समितिहरूलाई प्राविधिक र कानुनी सहयोग पनि प्रदान गनुपर्ने व्यवस्था गरेको छ (धारा ७) । यसका समिति सभापति र महासचिवपार्टीको सदस्य हुनुपर्दछ (धारा २९, ३०) र फाउन्डेसनका एसोशियटहरू पीआरआईको सदस्य वा समर्थक हुनुपर्छ (धारा १६) । पार्टीको सभापति र महासचिव पदेन सदस्य हुन् (धारा १५) ।

फाउन्डेसनमा पाँच प्रमुख आन्तरिक अंग छन् ।[२५]

१. महासभा - यो फाउन्डेसनको सबै एसोसियटहरू जम्मा हुने स्थान हो र यस निकायको मुख्य निर्णायक निकाय हो । यसका सदस्यहरू संस्थापन, सामान्य, पदेन र मानार्थ एसोसियटहरू हुन सक्छन् । मानार्थ एसोसियटहरूलाई मताधिकार हुँदैन । महासभामा सञ्चालका समितिका सभापति र महासचिवको समान हैसियत हुन्छ ।
२. सञ्चालक समिति - यसमा सभापति, महासचिव, कोशाध्यक्ष र चार जना उपाध्यक्ष रहन्छन् । सभापतिको मनोयन पीआरआईको सभापतिबाट हुन्छ र चार वर्षे कार्यकालको लागि महासभाले अनुमोदन गर्दछ। महासचिव, उपराष्ट्रपति र कोशाध्यक्ष सभापतिले मनोनित गर्दछन्, र तिनीहरूलाई सभापतिले इच्छा बमोजिम हटाउन सक्छन् ।
३. परिषद् - यसमा सञ्चालक समितिका सभापतिले मनोयन गरेका र महासभाले अनुमोदन गरेका १० जना राज(नीतिक, आर्थिक वा सामाजिक नेताहरू समावेश हुन्छन् । यसका मुख्य भूमिकामा, जननीति, सरकारी योजनाहरू र निर्वाचन प्लेटफर्मबारे सुझाव प्रदान गर्ने; नयाँ एसोसियटहरू भर्ना गर्दा सञ्चालक समितिलाई सहयोग गर्ने; र मुद्रित तथा विद्युतीय सामग्रीहरूको प्रकाशनको लागि मापदण्ड तय गर्ने, रहेका छन् । परिषद्को सभापतित्व पनि सञ्चालकसमितिका सभापतिले नै गर्दछन्।
४. बोर्ड अफ ट्रस्टीज् - यो चन्दा उठाउने र संस्थाको विरासत धान्ने एक विशेष पाँच सदस्यीय समिति हो । यसका सदस्यहरू सञ्चालक समितिका सभापतिले मनोयन गर्दछन् र महासभाले अनुमोदन गर्दछ।
५. निगरानी निकाय - यो वित्तीय विवरण तथा कारोबार सहित फाउन्डेसनको सञ्चालनको सुपरिवेक्षण गर्ने सदस्यहरूको एक समूह हो । महासभाले बोर्ड अफ ट्रस्टीज्ले सिफारिस गरेको सदस्यहरूको संख्याको आधारमा एसोसियटहरूलाई यस निकायमा खटाउँछ ।

पीआरआई नीतिको एक झलक

मस्यौदा

द कोलोसियो फाउन्डेसनले पार्टी नीतिहरूको मस्यौदा लेख्छ ।

↓

परामर्श

द कोलोसियो फाउन्डेसनले विभिन्न समूहहरू (जस्तै प्रसिद्ध राजनीतिक, आर्थिक, प्राज्ञिक तथा सामाजिक नेताहरू) सँग परामर्श गर्दछ ।

↓

अनुमोदन

राष्ट्रिय राजनीतिक परिषद्ले राष्ट्रिय स्तरमा फाउन्डेसनले निर्माण गरेका सबै योजना र प्लेटफर्महरूको अनुमोदन गर्दछ ।

सहयोग पुऱ्याउनको लागि लामाड्रिड सौजा फाउन्डेसन नामक छुट्टै थिंक ट्यांकमा लगानी गरेको छ ।

अभ्यासमा नीति निर्माण

सन् २०१२को जुलाई महिनामा, मेक्सिकोका जनताहरूले नयाँ राष्ट्रपति र संसद सदस्यहरूचुन्नको लागि चुनावमा भाग लिए । नागरिकहरूले छ जना प्रदेश गभर्नरहरू, पालिका पदाधिकारीहरू र १२ ओटा प्रदेशमा प्रदेश सभा, र मेक्सिको शहरको मेयर तथा विधायिका सभाको पनि निर्वाचन गरे । यी निर्वाचनहरूको तयारी स्वरूप राष्ट्रिय र प्रदेश तहमा पीआरआईको निर्वाचन घोषणापत्र तयार गर्नको लागि कोलोसियो फाउन्डेसनले छुट्टा छुट्टै प्रक्रियाहरूको नेतृत्व गऱ्यो।
देशैभर, पार्टीको समग्र सोच प्रस्तुत गर्नको लागि, पार्टीले आफ्नो राष्ट्रिय प्लेटफर्म निर्माणमा काम गऱ्यो । ऐतिहासिक रूपमा पार्टीको तर्फबाट राष्ट्रपति उमेदवारले प्लेटफर्म विकास प्रक्रियाको नेतृत्व गर्ने गरेका भए तापनि, हालैका वर्षहरूमा, उमेदवार र अभियानको छुट्टै र स्वतन्त्र प्रक्रियाको रूपमा घोषणापत्र विकास गर्ने गरिएको छ । सन् २०११मा, पार्टीको तर्फबाट राष्ट्रपति उमेदवार छान्नु भन्दा पहिले नै निर्वाचन घोषणापत्रको विकास गरिएको थियो । त्यसैगरि, घोषणापत्रको लक्ष्य पनि परिवर्तन भयो । विगतमा, पीआरआईले पार्टीको दीर्घकालीन सोचको विस्तृत विवरण र देशका धेरै समस्याहरूमा पार्टीले राखेको समाधानको प्रस्ताव सहित लामो र विस्तृत प्लेटफर्महरूको विकास गर्दथ्यो । हालका प्लेटफर्महरू छोटा हुन्छन् र नाप्न सकिने प्रतिवद्धताहरू मात्र उल्लेख गर्दछन् ।

यस्तो नयाँ निर्वाचन घोषणापत्र निर्माण गर्नको लागि, कोलोसियो फाउन्डेसनले स्थानीय तहका जनमत अगुवाहरू, प्राज्ञहरू र उद्यमीहरूसँग विभिन्न फोरमका शृंखलाहरू सञ्चालन गऱ्यो । यस फोरममा फाउन्डेसनले लोकतान्त्रिक शासन र सामाजिक रूपमा सचेत कानुनी शासन; विकासलाई प्रवर्धन गर्ने प्रतिस्पर्धात्मक अर्थतन्त्र; जीवनको गुणस्तर र समानता स्थापित गर्ने विषयमा प्रतिवद्धता; दिगो वातावरणीय नीति; र रणनीतिक विदेश नीति, गरि पाँच ओटा विषयगत क्षेत्रहरूसँग मिलाउने गरि विभिन्न सवालहरूमा छलफल चलाउँथ्यो ।

यसका अतिरिक्त, ज्येष्ठ नागरिकहरू र अपांगता भएका व्यक्तिहरूको सङ्गठन जस्ता पार्टीका कतिपय सङ्गठनहरूले आ-आफ्ना लक्ष्यित समूहहरूमाझ आफ्नो छुट्टै फोरम बहसहरू सञ्चालन गरे । यो प्रक्रियाले देशै भर चर्चा पाएको थियो, र फाउन्डेसनले देशका प्रशिद्ध राजनीतिक, आर्थिक, प्राज्ञिक र सामाजिक नेताहरूसँगको परामर्श गरेर समापन गरेको थियो ।

पार्टीको राष्ट्रिय घोषणापत्र बनाउने प्रक्रियामा औसत नागरिकहरूलाई सहभागी नगराइए तापनि, कोलोसियो फाउन्डेसनको शाखाहरूले सञ्चालन गरेका स्थानीय परामर्शहरूले केही ठोस फाइदाहरू पुऱ्याएका थिए । उदाहरणको लागि, पीआरआईको बलियो उपस्थिति नभएका कतिपय प्रदेशहरूमा, पार्टीको लागि ढोका नखोल्ने विश्वविद्यालयहरू र अन्य संस्थाहरूले गम्भिर प्रतिष्ठानको पहिचान बनाएको फाउन्डेसनको लागि ढोका खोले । यसले प्लेटफर्मलाई अन्तिम रूप दिँदा स्थानीय चासोहरूलाई पनि समेटिएको सुनिश्चित गर्दै बहसलाई समृद्ध बनाउन सहयोग पुऱ्यायो । त्यसैगरि, स्थानीय तहमा फाउन्डेसनले विकास गरेका सञ्जाल र सम्बन्धहरूले पार्टीको स्थानीय प्लेटफर्महरूको निर्माण गर्ने समय आएपछि सहज र थप उत्पादनमूलक संवाद सञ्चालन गर्न सहयोग पुऱ्यायो ।

प्रदेश तहमा र मेक्सिको शहरमा, स्थानीय प्लेटफर्महरूलाई राष्ट्रिय प्लेटफर्म र स्थानीय कानुनसँग सामञ्जस्यता मिलाउनु पर्ने व्यवस्था थियो । फाउन्डेसनले स्थानीय प्लेटफर्महरूको विकासको लागि मार्गदर्शन पनि प्रदान गर्दछ र शाखा नेतृत्वको शक्ति र प्रमाणित क्षमताको आधारमा प्रदेश शाखाहरूलाई स्वायत्तता प्रदान गर्दछ । उदाहरणको लागि, सन् २०११मा फाउन्डेसनले मेक्सिको शहरमा रहेको आफ्नो शाखालाई उसको आफ्नै प्लेटफर्म निर्माण प्रक्रिया तर्जुमा गर्न उल्लेख्य लचकता प्रदान गऱ्यो ।

मेक्सिको शहर र केही ग्रामीण क्षेत्रहरू समेट्ने संघीय क्षेत्रमा 'हामीले चाहेको शहर' (डीएफक्युक्यु)को व्याख्या गर्नको निम्ति नागरिकहरूको लागि फाउन्डेसनले सहभागितामूलक प्रक्रियाको विकास गऱ्यो । यस प्रक्रियाको हिस्साको रूपमा फाउन्डेसनले देहाय बमोजिम नागरिकहरूको सुझाव माग्यो ।

- संघीय क्षेत्रको टोल तथा गाउँहरूका झण्डै एक चौथाइ क्षेत्रमा स्थानीय समस्याहरू, युवाहरूको विशिष्ट सवालहरू र पीआरआईको अभियानलाई नागरिकहरूले सहयोग गर्नुको कारणबारे प्रश्न सहित ५०,००० भन्दा धेरै सर्वेक्षणहरू गरिएको ।
- सदस्यहरू, समर्थकहरू र अन्य नागरिकबाट सूचना साझेदारी गर्ने र सुझाव सङ्कलन गर्ने गैरभौतिक मञ्च अर्थात् फोरमको सञ्चालन गरियो । सहभागीहरूले पार्टीको घोषणापत्रको लागि विद्युतीय रूपमा २३९ प्रस्तावहरू पेश गरे । डीएफक्युक्यु ले पनि ट्वीटर र फेसबुक जस्ता सामाजिक सञ्जालमा उपस्थिति जनायो ; र
- विज्ञहरू, नेताहरू र सदस्यहरूले नागरिक सर्वेक्षणबाट र अनलाइन फोरमबाट आएको मस्यौदा प्लेटफर्ममाथि छलफल गर्न र सबलिकरण गर्नको लागि ११ ओटा विषयगत फोरमहरूको शृंखला सञ्चालन गरे । समावेश गरिएका विषयहरूमा रोजगारी र गरिबी न्यूनिकरण देखि प्रभावकारी सरकार र सुरक्षा सम्मका विषयहरू थिए । कम प्रतिनिधित्व भएका समूहहरूका लागि छुट्टै फोरमहरू आयोजना गर्नुको सट्टा डी.एफ.क्यु.क्यु. ले समृद्ध संवाद प्रवर्धन गर्नको लागि तिनीहरूलाई मुलधारकै फोरमहरूमा पूर्ण रूपमा सहभागी गराउने प्रयास गऱ्यो । संवादका विषयहरू यस प्रकार थिए :

  - रोजगारी तथा आर्थिक वृद्धि;
  - गरिबी, सिमान्तकरण र सामाजिक एकता;
  - पानी, र वातावरणीय तथा दिगो विकास;
  - शहरी विकास, जमिन उपयोग र यातायात;
  - आवास;
  - प्रभावकारी सरकार तथा नागरिक सहभागिता;
  - सँस्कृति तथा मनोरञ्जन ;
  - जनावर संरक्षण ;
  - शिक्षा, स्थायी तालीम तथा खाली समयको सदुपयोग;
  - सुरक्षा; र
  - पोषण, स्वास्थ्य तथा सामाजिक सुरक्षा ।

यस प्रक्रियाको माध्यमले संघीय क्षेत्रको लागि पीआरलाइको आधिकारिक निर्वाचन प्लेटफर्म बन्यो । फाउन्डेसनले शहरको १६ बोरोमध्ये प्रत्येकमा ३,००० भन्दा बढी पार्टी सदस्य र साधारण नागरिकहरूलाई सहभागी गराउँदै समान प्रक्रिया सञ्चालन गऱ्यो जसको नतिजा स्वरूप प्रत्येक बोरोको लागि निर्वाचन घोषणापत्र बन्यो ।

सिकेका पाठहरू

अत्यन्त सार्वजनिक र समुदायमा आधारित डी.एफ.क्यु.क्यु.को यस पहलले जिल्ला तथा बोरो तहहरूमा नागरिकहरूका सबैभन्दा जटिल समस्याहरूलाई सम्बोधन गर्ने पीआरआई घोषणापत्र विकास गर्न सघाउ पुऱ्यायो । यसले पार्टीलाई बढी चरमपन्थी समूहहरूले आमूल परिवर्तनको माग गरेका विषयहरूमा मध्यमार्गी अवधारणा अपनाउन सघाऊ पुऱ्यायो । उदाहरणको लागि, प्लेटफर्मले संघीय क्षेत्रलाई ३२ औँ प्रदेश बन्न आह्वान गरेन, बरु संघीय सरकारबाट थप शक्ति विकेन्द्रित गर्नको लागि माग गऱ्यो र स्थानीय विधान लागू गर्नुपर्छ भन्ने माग गऱ्यो । यसका अतिरिक्त, यस परामर्शदायी प्रक्रियाले पार्टीलाई त्यतिखेर दुवै क्षेत्रहरूमा र १६ ओटा बोरो मध्ये सबै १२ ओटा बोरोहरूमा शासन गर्ने आफ्नो मुख्य प्रतिस्पर्धीदल *द पीआरडी* को कमजोरीहरूको पहिचान गर्न सघाउ पुऱ्यायो । त्यसपछि, पीआरआईले सो सूचनालाई रणनीतिमा समावेश गर्न सफल भयो । त्यत्तिकै महत्वपूर्ण अर्को विषय, स्थानीय स्तरमा गरिएको परामर्शले पार्टीलाई नागरिकहरूलाई सहभागी गराउन सजिलो बनाइदिन्छ, र निर्वाचनमा प्रचार प्रसार गर्न नपाइने तर प्लेटफर्म बनाउन पाइने अवस्थामा अभियान पूर्वको समयमा र सार्वजनिक स्थान र सामाजिक सञ्जालहरूमा उपस्थिति जनाउन सहज बनाइदिन्छ । यसले विश्वविद्यालयहरूसँग थप संवादको लागि पनि ढोका खोलिदियो र पहिले अन्य दलसँग आवद्ध भएका केही प्राज्ञहरूलाई आकर्षित गऱ्यो ।

पीआरआईले संघीय क्षेत्रमा चुनाव जितेन; ऊ मेयरको प्रतिस्पर्धामा पराजित भयो, र यस क्षेत्रका १६ बोरो मध्ये एउटा मात्रै जित्यो । तर, अभियानको क्रममा प्रयोग गरिएको यो नागरिक केन्द्रित घोषणापत्र र विवेकशिल राजनीतिक सन्देश प्रवाहले पार्टीलाई राजनीतिक बहसको लागि कार्यसूची तय गर्न सघाउ पुऱ्यायो । समुदायसँग परामर्श गरि तयार गरिएका पीआरआईका स्पष्ट सन्देशहरूले दक्षिणपन्थी र वामपन्थी दुवै खाले प्रतिस्पर्धीहरूलाई राजनीतिक विकल्पको रूपमा आफूहरूलाई स्थापित गर्नको लागि ठोस प्रस्ताव

तयार गर्नुपर्ने अवस्थामा पुऱ्यायो । पीआरडीले पनि कोलोसियो फाउन्डेसनले सुरु गरेको मोडेलको प्रयोग गऱ्यो र नागरिकहरूको आवश्यकताको पहिचान गर्न एक सर्वेक्षण सञ्चालन गऱ्यो । तर, पीआरडीको अभ्यासले संवादमा कम र राजनीतिक प्रचार प्रसारमा बढी ध्यान दियो ।

राष्ट्रपति उमेदवार र तिनका साथीहरूको सानो समूहले विकास गर्ने यो दस्तावेजलाई नै निर्वाचन प्लेटफर्म मान्ने चलन रहेको समयदेखि हालसम्म पीआरआईमा धेरै परिवर्तन भैसकेकाछन् । भावी निर्वाचन चक्रहरूमा, यो प्रक्रिया विभिन्न परिवेशहरू र नागरिकहरूको आवश्यकताहरूको बैज्ञानिक बुझाइमा आधारित परामर्शात्मक प्लेटफर्म निर्माण प्रक्रिया तर्फ परिस्कृत हुने सम्भावना छ ।

घोषणापत्रकै स्वरूप पनि ठुला ठुला महत्वकांक्षा सहितको विशाल ग्रन्थबाट नागरिकहरूको जीवन सुधार्ने र ठोस तथा मापन गर्न सकिने प्रतिवद्धता सहितको सानो पुस्तिकामा रूपान्तरित हुन थालेको छ । बरु, यसले पार्टीलाई र उसका उमेदवारहरूलाई मानिसहरूको मन छुने सरल सन्देश विकास गर्न सघाउ पुऱ्याउँछ । खासगरि स्थानीय तहमा, यस प्रक्रियामा समुदायहरू र सर्वसाधारणहरू सहभागी हुने क्रम निरन्तर चल्नेछ । तर, राष्ट्रिय प्लेटफर्म निर्माण गर्दा आइपर्ने जटिलताले गर्दा यस प्रक्रियाले जनमत निर्माण गर्ने अगुवाहरू र प्राज्ञहरूको धारणा बुझ्ने कामलाई निरन्तरता दिइरहन सक्छ ।

निर्वाचन घोषणापत्रले उमेदवारको प्रचार प्रसार अभियानको मूल कार्ययोजनाको काम गर्ने अभ्यासले निरन्तरता पाउँनेछ । सार्वजनिक ओहदाका पदाधिकारीहरूले आफ्नो पार्टी प्रति बफादार व्यक्तिहरूलाई मात्र होइन, सबैलाई सेवा दिनुपर्ने भएकाले निर्वाचन प्लेटफर्महरू निश्चित व्यक्तिलाई मात्र सेवा दिने प्रकारको नभई सबैलाई सेवा दिने खालको मार्ग चित्र हुनुपर्दछ । निर्वाचित भैसकेपछि प्रत्येक उमेदवारले निर्वाचन घोषणापत्रलाई आफूले गर्न चाहेको विशिष्ट प्रतिवद्धतामा रूपान्तरित गर्न सक्नुपर्दछ । धेरैजसो उमेदवार हरूमा घोषणापत्रको प्रस्तावको आ-आफ्नै व्याख्या हुन्छन्; अन्यले कतिपयले कुनै निश्चित शब्दावलीसँग असहमति जनाउन पनि सक्छन् ।

लेबर पार्टी, संयुक्त अधिराज्य

पृष्ठभूमि र सारांश

संयुक्त अधिराज्यको लेबर पार्टी सन् १९०० मा ट्रेड युनियन, सामाजिक लोकतान्त्रिक सङ्गठन र सोसलिष्ट सोसाइटिज (समाजवादी संस्थाहरू)को एकीकरणबाट स्थापना भएको थियो। यसको इतिहासलाई हेर्ने हो भने पार्टीका निर्णयहरूको पक्षमा मतदान गर्ने अधिकारसहित उक्त पार्टी विभिन्न सम्मेलन, सदस्यहरूको ठुलो वार्षिक सभा, आन्तरिक सामूहीकरण र पदाधिकारीहरूद्वारा स्थापित भएको हो।[२६] सन् १९८०को दशकसम्म आइपुग्दा यो प्रक्रिया आक्रामक र अस्तव्यस्त बनिसकेको थियो । नीतिगत प्रस्तावहरू पार्टीका सबै तहबाट आए र विभिन्न सरोकारवालाहरूले यस प्रक्रियामा आफ्नो पकड जमाउन प्रतिस्पर्धा गरे । यस प्रक्रियाको विरोधात्मक प्रकृति भनेको धेरै मानिसलाई पाखा लगाइयो र बनाइएका नीतिहरू बृहत् जनमानसलाई आकर्षिक गर्ने खालको भएन ।

सन् १९९७ मा टोनी ब्लेयरको नेतृत्वमा लेबर पार्टीले पार्टनरशिप इन पावर (पी.आई.पी.) अर्थात् सत्तामा साझेदारीभन्ने व्यवस्था अवलम्बन गरी यस प्रक्रियामा सुधार ल्याउने प्रयास गर्दै थुप्रै प्रमुख नीति निर्माण संस्थाहरू निर्माण गऱ्यो। उक्त व्यवस्था र संस्थाहरूले सम्मेलनपूर्व विभिन्न प्रस्तावहरूको छनौट र व्यवस्थापन गरी सम्मेलन बाहिरबाटै नीतिगत निर्णयहरू लिन पार्टीलाई थप लचकता प्रदान गर्दछ ।

पीआईपी ले साविकका प्रक्रियालाई सुधार गरी पार्टीलाई निर्वाचनमा अरु बढी प्रतिस्पर्धात्मक बनाउने नीतिहरूविकास गर्ने अपेक्षा गरिएको थियो । सन् २००१ र २००५ मा पार्टीले हासिल गरेको विजयसँगै पीआईपी का समर्थकहरूले सोचे अनुरूपकै काम भएको बताए । यद्यपि पार्टीभित्रैपी.आई.पी.पर्याप्त मात्रामा समावेशी छ छैन भन्ने बारेमा ठुलो विवाद छ । परिणामस्वरूप उक्त प्रक्रियामा केही परिमार्जन भएका छन् र यसका कारण पार्टी सरोकारवालाहरूको प्रभाव बढेको भए तापनि यो अझैसम्म विवादास्पद छ ।

पार्टीको नियममा नीति विकास

संयुक्त अधिराज्यको लेबर पार्टीको द लेबर पार्टी रुल बुक[२७] अर्थात् लेबर पार्टीको नियमावली भन्ने दस्तावेजबाट निर्देशित तथा सञ्चालित छ । उक्त रुल बुकका पहिलो १० परिच्छेदहरूमा पार्टीका वैधानिक नियमहरूको खाका प्रस्तुत गरी पार्टीको नीति कसरी निर्माण गर्ने भन्ने बारेमा चर्चा गरिएको छ । यस अन्तर्गत आगामी निर्वाचनको घोषणापत्र तयार गर्ने नीति विकासका निरन्तर कार्यक्रमहरू र वर्तमान परिस्थितिका जल्दाबस्दा विषयमा वर्षैभरी गर्नुपर्ने कामको चक्र दुवै पर्दछन् । उक्त प्रक्रिया कार्यान्वयनका लागि नेशनल पोलिसी फोरम, ज्वइन्ट पोलिसी कमिटी र छ ओटा नीति आयोग लगायत अनेक संस्थाहरू स्थापना भए । तीमध्येको नेशनल पोलिसी फोरम समग्र नीति निर्माण प्रक्रियाको रेखदेख गर्न जिम्मेवार छ ।

रुल बुकको दफा ५ ले पार्टीले आफ्नो कार्यक्रम कसरी तय गर्दछ भन्ने बारेमा उल्लेख गरेकोछ । उक्त दफाले ' नीति विचारविमर्श र निर्माण प्रक्रियामा सदस्य, निर्वाचित प्रतिनिधि, सम्बद्ध सङ्गठनहरू र व्यवहारिक हुने अवस्थामा वृहत्तर समुदाय सहभागी हुन सक्ने'[२८] प्रत्याभूत गरेको छ । रुल बुकको उक्त दफाले पार्टीको सम्मेलनले 'पार्टीको कार्यक्रममा विधायिका, वित्तीय वा प्रशासनिक सुधारका के कस्ता विशिष्ट प्रस्तावहरू समेटिनेछ' भन्ने बारेमा पार्टी सम्मेलनले निर्धारण गर्ने उल्लेख गरेको छ । तथापि पी.आई.पी. सम्बन्धी व्यवस्था गरिएको संशोधनमा सम्मेलनको रोजाइ 'नेशनल पोलिसी फोरमले सम्मेलन समक्ष पेश गरेको निरन्तर कार्यक्रममा आधारित हुने र त्यसलाई प्रत्येक संसदमा योग्य सदस्यताको एक पटकका लागि मात्र 'एक सदस्य एक मत' बाट स्वीकृत हुनुपर्नेछ ।[२९]

पार्टीको कार्यक्रममा समावेश हुन कुनै पनि प्रस्तावले सम्मेलनमा कायम रहेको मत संख्याको कम्तीमा दुईतिहाई समर्थन प्राप्त गर्नुपर्दछ।

दफा ५ ले घोषणापत्र (जस्तैः सरकारको लागि लेबर पार्टीको प्रस्तावका रूपमा निर्वाचन वर्षमा मतदाताहरू समक्ष प्रस्तुत गरिएको योजना) मा पार्टीका नीतिहरू समावेश गर्ने सम्बन्धमा कसले निर्णय गर्नेछ भन्ने बारेमा समेत उल्लेख

संयुक्त अधिराज्य लेबर नीति सम्बन्धी प्रक्रियाको एक झलक

मस्यौदा निर्माण

नेशनल पोलिसी फोरमबाट विषयहरूको पहिचान गरी नीतिपत्र तयार

↓

परामर्श

पार्टी सदस्यहरू र सर्वसाधारणबाट अनलाइन मार्फत पृष्ठपोषण प्रदान । सदस्यहरूले नेशनल पोलिसी फोरम तथा नीति आयोगहरू मार्फत समेत सुझाव पेश गर्न सक्ने

↓

स्वीकृति

घोषणापत्रलाई अन्तिम रूप दिन पार्टीका कार्यकारी, नेशनल पोलिसी फोरम तथा संसदीय समूहका प्रतिनिधिहरूको बैठक

गरेको छ । पार्टी सरकारमा रहेको बेला यस निकायमा पार्टीका कार्यकारी सदस्यहरूका साथै मन्त्रिपरिषद् लगायत पार्टीभित्रका अन्य पाँचओटा नेतृत्व तहका निकायका प्रतिनिधिहरू समावेश रहेका हुन्छन् । पार्टी विपक्षमा रहेको बेला यो प्यानल ज्यादै सानो आकारको हुन्छ र यसमा कार्य सदस्यहरू, पार्टीको विधायिका ककसका प्रतिनिधि र नेशनल पोलिसी फोरमका अध्यक्ष र दुई उपाध्यक्ष मात्र रहन्छन् । दफा ५ ले तदर्थ निकायहरूलाई 'निर्वाचनले उठाएको तर घोषणापत्रमा समावेश नगरिएका प्रमुख मुद्दाहरूमा पार्टी दृष्टिकोण स्पष्ट पार्ने'अधिकार समेत दिएको छ ।[३०]

व्यवहारमा नीति विकास

लेबर पार्टी रुल बुकले पार्टीभित्र नीति निर्माणका लागि जिम्मेवार संरचना र अधिकारीहरूमाथि आफ्नो बर्चस्व कायम गरेको छ । तिनीहरूनेशनल पोलिसी फोरम, ज्वइन्ट पोलिसी कमिटी र नीति आयोगहरू रहेका छन् ।

पार्टीको विधानमा नीति निर्माता निकायहरू बारे स्पष्ट उल्लेख भए तापनि नीति निर्माण प्रक्रियालाई ज्यादै सामान्य ढंगमा व्याख्या गरिएको छ । यसमा सदस्यहरूका लागि समावेशी प्रक्रिया प्रत्याभूत गरिएको छ । तर त्यो प्रक्रिया कस्तो हुनेछ भन्ने बारेमा किटान साथ केही बताइएको छैन । यसले पार्टीको चुनावी परिस्थिति जस्तोसुकै हुने भए पनि यसलाई अनुसरण गर्दै पार्टीभित्रै बाट केही हदसम्म नीति निर्माणको लचकता, हेरफेर र पुनरावलोकन गर्न मार्ग प्रशस्त गरेको छ ।

सत्तामा साझेदारी अर्थात् पीआईपी प्रक्रियाको अन्तिम परिणाम भने पार्टी दस्तावेजका रूपमा प्रयोग गरिने नीति निर्देशिका हो । निर्वाचन हुनुपूर्व नेताको कार्यालयले अभियान दस्तावेजका रूपमा पार्टीको घोषणापत्र तयार गर्दछ। ती दुई दस्तावेजहरू स्पष्ट रूपमा एकअर्कासँग मेल खाने हुनुपर्दछ । तर पार्टीको चाहना र नेतृत्वको आवश्यकता सँधै समान हुँदैनन् ।

नेशनल पोलिसी फोरम

नेशनल पोलिसी फोरम पी.आई.पी. प्रक्रियाका प्रमुख निकायहरू मध्ये एक हो र यो पार्टीमा नीति विकास कार्यको रेखदेख गर्न जिम्मेवार हुन्छ । यस अन्तर्गत विशिष्ट मुद्दाहरूमाथि पार्टी सदस्य तथा सरोकारवालाहरूसँग हुने परामर्शको व्यवस्था गरी त्यसका निष्कर्षहरूलाई एकत्रित गर्ने जिम्मेवारी पर्दछन् । पार्टीको नियम बमोजिम नेशनल

तालिका ५ : नेशनल पोलिसी फोरमका सदस्यहरू[३१]

महाशाखा	नेशनल पोलिसी फोरमका सदस्य संख्या
निर्वाचन क्षेत्रका लेबर पार्टीहरू	५०
क्षेत्रहरू	२२
ट्रेड युनियनहरू	३०
संसद सदस्यहरू	९
युरोपेली संसद सदस्यहरू	६
हाउस अफ लर्डस् सदस्यहरू (पियर्स)	२
सरकार/मन्त्रिपरिषद्	८
सोसलिष्ट सोसाइटिज	३
लेबर विद्यार्थीहरू	१
कोअपरेटिभ पार्टी	३
वेल्स, स्कटिस, र उत्तरी आयरल्यान्डका पोलिसी फोरमहरू	९
काला जाती, एसियाली र अल्पसंख्यक जातीयश्रमिकहरू	४
स्थानीय सरकार	९
राष्ट्रिय कार्यकारी समिति	३३
जम्मा	१९४

पोलिसी फोरमको गठन पार्टीको राष्ट्रिय कार्यकारी समिति (एन.ई.सी.)ले गर्छ । उक्त समिति पार्टीको राष्ट्रिय नेतृत्व निकाय हो ।

पार्टीका छ ओटा नीति आयोगहरूद्वारा तयार गरिएका दस्तावेजहरूमाथि छलफल गर्न नेशनल पोलिसी फोरमको बैठक नियमित रूपमा हुने गर्दछ। बैठकपछि यसले परामर्शात्मक अन्तिम दस्तावेज र वार्षिक प्रतिवेदनहरू सम्मेलन समक्ष पेश गर्दछ ।

पार्टीका सबै प्रमुख सरोकारवाला समूहहरूको प्रतिनिधित्व रहेको नेशनल पोलिसी फोरम १९४ जना सदस्यहरूबाट बनेको हुन्छ। पार्टीको नियमले नेशनल पोलिसी फोरममा पार्टीको प्रत्येक महाशाखाका कति जना सदस्य रहनेछन् भन्ने बारेमा खाका प्रस्तुत गरेकोछ । प्रत्येक समूहले आफ्ना सदस्यहरूको चयन कसरी गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार नेशनल पोलिसी फोरममा निहित रहेको छ । तर पार्टीको नियमले महिला तथा युवाहरूको न्यूनतम सहभागिता सम्बन्धी न्यूनतम आधार स्थापित गरेको छ । नियमावली वा विधानमा हालै गरिएको संशोधनले पार्टीका सबै व्यक्तिगत सदस्यहरूले हुलाक मतदान मार्फत नेशनल पोलिसी फोरममा प्रतिनिधिहरू चुन्न सक्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाले पार्टीको तल्लो तहलाई नीतिगत निर्णयहरूमा आफ्नो प्रत्यक्ष सम्बन्ध रहेको अनुभुति गराएको छ । हाल नेशनल पोलिसी फोरममा रहने सदस्यहरूको संख्या विभाजन तालिका ५ मा प्रस्तुत गरिएको छ ।

ज्वइन्ट पोलिसी कमिटी

नीति विकासमा रणनीतिक निरीक्षणको व्यवस्था गर्न ज्वइन्ट पोलिसी कमिटी (जे.पी.सी.)निर्माण गरिएको हो । यसको अध्यक्षता पार्टी नेताले गर्दछन् र यसमा मन्त्रिपरिषद् सदस्य (पार्टी सरकारमा रहेको बेला) वा छायाँ सरकार सदस्य (सरकार प्रतिपक्षमा रहेको बेला), पार्टीको राष्ट्रिय कार्यकारी समिति (एन.ई.सी.) र नेशनल पोलिसी फोरमका सदस्यहरू रहन्छन् ।जे.पी.सी.ले नेशनल पोलिसी फोरमका

काम कार्यवाहीहरूलाई निर्देशित गर्ने र प्राथमिकता तथा बहसहरूको निर्धारण गरी नीति निर्माणका सम्बन्धमा एक निर्देशक समूहका रूपमा कार्य गर्दछ ।

नीति आयोगहरू

लेबर पार्टीमा छओटा नीति आयोगहरू छन् । यी आयोगहरूले ज्वइन्ट पोलिसी कमिटी र नेशनल पोलिसी फोरमद्वारा गरिने छलफलका लागि नीतिगत प्रतिवेदनहरू तयार गर्दछन् । आयोगहरूको बैठक वर्षमा धेरै पटक बस्छ । पार्टीको सबै तह र तप्काबाट पेश भएका नीतिगत प्रस्तावहरूलाई ध्यानमा राखी अगाडि बढ्न यी आयोगहरू जिम्मेवार रहन्छन् । पार्टी मुलुकका समयसापेक्ष मुद्दाहरूमाथि केन्द्रित रहेको सुनिश्चित गर्दै पार्टी र मन्त्रिपरिषद्, सरकार वा छायाँ सरकारसँग नियमित रूपमा संवाद भएको प्रत्याभूति दिलाउन समेत यी आयोगहरू जिम्मेवार रहेका हुन्छन् ।

प्रत्येक नीति आयोगमा सरकार वा छायाँ सरकार, राष्ट्रिय कार्यकारी समिति र नेशनल पोलिसी फोरमबाट प्रतिनिधित्व हुने गरी १६ देखि २० जना सदस्य रहन्छन् । ती छ ओटा आयोगहरूमा ब्रिटेन इन द वर्ल्ड (विश्वमा बेलायत); क्रियटिङ सस्टेनेबल कम्युनिटिज (दिगो समुदायहरूको निर्माण); क्राइम, जस्टिस, सिटिजनशिप एण्ड इक्वालिटीज (अपराध, न्याय, नागरिकता र समानता); एडुकेसन एण्ड स्किल्स (शिक्षा र सीप); हेल्थ (स्वास्थ्य); र प्रोस्पेरिटी एण्ड वर्क (सम्बृद्धिर काम) रहेका छन् ।

सम्पूर्ण नीतिगत प्रस्तुतिहरू उपयुक्त नीति आयोग(हरू) समक्ष प्रतिवेदन गरिन्छ । जसबाट नीतिगत दस्तावेजहरू तयार पार्न मद्दत पुग्नुका साथै आयोगका प्राथमिकता, कार्यक्रम तथा गरिनुपर्ने छलफलका बारेमा जानकारी प्राप्त हुन्छ । आयोगहरूले आफ्ना काम कार्यवाहीको वार्षिक प्रतिवेदन तयार गरी सम्मेलन (कन्फरेन्स) समक्ष पेश गर्दछन् ।

सम्मेलन (कन्फरेन्स)

नेशनल पोलिसी फोरमले तयार पारेका हरेक दस्तावेज सहमति वा स्वीकृतिका लागि अन्ततः सम्मेलन (कन्फरेन्स) समक्ष पेश गरिन्छ । त्यसैले सम्मेलनले गर्न सक्ने बहसहरू मुख्यतः नेशनल पोलिसी फोरम, ज्वइन्ट पोलिसी कमिटी र नीति आयोगहरूद्वारा स्थापित प्राथमिकताहरूबाट निर्धारित हुन्छन् । यसको एउटा अपवाद के छ भने प्रत्येक निर्वाचन क्षेत्रको लेबर पार्टी (जस्तैः स्थानीय पार्टी सङ्गठन) ले नेशनल पोलिसी फोरमबाट नसमेटिएका नीतिगत मुद्दाका बारेमा सम्मेलन समक्ष एउटा एउटा प्रस्ताव पेश गर्न सक्छन् । पार्टीको सम्मेलन वार्षिक रूपमा आयोजना गरिनु पर्दछ । तर आवश्यकपरेमा वर्षमा एकचोटि भन्दा बढी पनि आयोजना गर्न सकिन्छ ।

नीति विकासको चक्र

पी.आई.पी.प्रक्रियाले लेबर पार्टीको घोषणापत्र निरन्तर प्रक्रियाको रूपमा विकास गर्दछ :

१. पहिलो चरणमा एउटा वृहत् दस्तावेज वा थुप्रै स-साना दस्तावेजहरू तयार गरिन्छ । यसले आगामी निर्वाचनका लागि नीति निर्माण गर्ने भएको हुँदा दस्तावेजहरूमा पार्टीले सम्बोधन गर्ने अपेक्षा गरेका प्रमुख मुद्दा वा विषयहरू प्रस्तुत गरिएको हुन्छ ।
२. दोस्रो चरणमा पार्टीले प्रत्येक मुद्दालाई कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा नीतिगत छनौटहरू (जस्तैः विकल्पहरू) को खाका सहितका दस्तावेजहरू तयार गरिन्छ ।
३. तेस्रो चरणमा अन्तिम दस्तावेजहरू तयार गरी नेशनल पोलिसी फोरमको बैठकमा पेश गरी त्यसमा कुनै संशोधन आवश्यक छ छैन भन्ने बारेमा विचारविमर्श गरिन्छ । यस चरणमा पार्टीका प्रत्येक एकाइले नेशनल पोलिसी फोरममा रहेका आफ्ना प्रतिनिधि मार्फत नीतिगत दस्तावेजहरूमा संशोधन प्रस्ताव राख्न सक्छन् ।नेशनल पोलिसी फोरममा संशोधन र सहमति भएपछि ती नीतिगत दस्तावेजहरू स्वीकृतिका लागि वार्षिक सम्मेलनमा पेश गरिन्छ । त्यसमा स्वीकृति तथा सहमति भएपछि ती दस्तावेजहरू पार्टीको नीतिगत कार्यक्रम बन्दछन् र आगामी निर्वाचनको घोषणापत्र त्यसैमा आधारित रही तयार पारिन्छ ।

कागजी रूपमा यो प्रक्रिया तीनवर्षे चक्रमा हुने गर्दछ । तथापि सन् २०१० मा मध्यावधि निर्वाचन आह्वान गरिएकोले राजनीतिक तथा चुनावी वास्तविकताहरूसँग सामजस्यता

कायम गर्न व्यवहारिक रूपमा समयतालिकालाई लचक बनाउनुपर्ने अवस्था आएको थियो । तालिका ६ मा सन् २०१५ अघिका नीति विकासको समयतालिका (घटनाक्रम) प्रस्तुत गरिएको छ ।

नियोजित तीन चरणका प्रक्रिया बाहिर ध्यान दिइनुपर्ने समसामयिक मुद्दाहरूलाई नीति आयोगहरू मार्फत काटछाँट गरी त्यसमाथि छलफल गरिन्छ । यी मुद्दाहरूमा पार्टीका सरोकारवालाहरूको सहभागिताका लागि नीति आयोगहरू जिम्मेवार रहन्छन् ।

पार्टी सदस्यहरूलाई नीति निर्माणमा सङ्लग्न गराउने

सन् १९९७ मा पीआईपी आरम्भ भएदेखि नै लेबर पार्टीले नीति निर्माणमा आफ्ना सदस्यहरूलाई पूर्ण रूपमा सङ्लग्न गराई अद्यावधिक गराउने भन्ने सम्बन्धमा संघर्ष गरेको छ । यसका साथै निर्वाचन सम्बन्धी समयानुकूल, प्राविधिक र प्रतिस्पर्धी नीतिगत प्रस्तावहरू तयार गर्ने विषयमा पनि पार्टीको ध्यान केन्द्रित रहँदै आएको छ । पीआईपी प्रक्रियाका पक्षधरहरूले यसले पार्टीलाई दुईओटा निर्वाचनमा विजयी गराउने घोषणापत्र तयार गरेको जिकीर गर्दै आएका छन् । तथापि पार्टीभित्रै पनि यस प्रक्रियाको चर्को विरोध गर्ने सरोकारवालाहरू छन् । उनीहरूले यस प्रक्रियाले साधारण सदस्यहरूका सुझावलाई बेवास्ता गर्दै महत्वपूर्ण नीतिगत सवालहरूमा निर्णय गर्ने अधिकारलाई केन्द्रिकरण गरेको बताउँदै आएका छन् ।

पार्टी नेतृत्वले समावेशीता र कार्यक्षमताबिच सन्तुलन कायम गर्न निरन्तर प्रयास गरेका छन् । सन् २००८ मा अन्तिम चरणका नीतिगत दस्तावेजहरूमा लिखित रूपमा विशिष्ट संशोधन प्रस्तावहरू पेश गर्न पार्टी सदस्यहरूलाई व्यक्तिगत तहमै आह्वान गर्दा प्राप्त संशोधन प्रस्तावहरूको प्रवाहबाट नेशनल पोलिसी फोरम उत्साहित बनेको थियो ।

पार्टीको नीतिमा यसका व्यक्तिगत सदस्य र सरोकारवाला समूहहरूको सहभागितालाई प्रोत्साहन तथा कायम गर्न लेबर पार्टीले अवलम्बन गरेका अन्य विधि तथा औजारहरू देहाय बमोजिम छन् :

- निश्चित समयको अन्तरालमा प्रत्येक स्थानीय पार्टी सङ्गठनलाई इमेल मार्फत 'डायलग-पार्टनरसिप इन पावर' शीर्षक रहेको न्युजलेटर प्रेषित गरिन्छ । पार्टीको वेबसाइट मार्फत पार्टी सदस्यहरूले विगतका मुद्दाहरू थाहा पाउन सक्छन् ।
- आफ्ना काम कार्यवाहीहरूको अद्यावधिक विवरण सार्वजनिक गर्न सबै छओटा नीति आयोगहरूका अलग्गै वेबसाइट छन् । इमेल वा पत्राचार गरी पार्टी सदस्यहरूले प्रत्यक्ष रूपमा आयोगहरूसँग सम्पर्क गर्न सक्छन् । नीति आयोगहरू विशेषतः प्रासंगिक मुद्दाहरूमा पार्टी सदस्य तथा सङ्गठनहलाई सहभागी गराउन जिम्मेवार हुन्छन् ।
- सन् २००७ मा आयोजित सम्मेलनमा पार्टीले आफ्ना नियमहरूमा संशोधन गरी सबै भ्रातृ सङ्गठन र स्थानीय निर्वाचन क्षेत्रका पार्टीहरूले सम्मेलन समक्ष एउटा समसामयिक मुद्दा पेश गर्न सक्ने व्यवस्था गऱ्यो। पेश भएका ती मुद्दाहरू राष्ट्रिय कार्य समिति वा नेशनल पोलिसी फोरमले सम्मेलन समक्ष प्रस्तुत गरेका प्रतिवेदनमा सारभूत रूपमा सम्बोधन नगरेको हुनुपर्दछ । यसबाट तल्लो तहलाई पार्टीको नीतिगत एजेण्डामा आफ्नो प्रभाव पार्ने अवसर प्राप्त हुन्छ ।
- पार्टीले स्पष्ट, संक्षिप्त र सबैको सहभागिता सुनिश्चित हुने नीतिगत दस्तावेजहरू तयार गर्ने र नीति विकासका सम्बन्धमा स-साना समूह बैठकहरूको आयोजना गर्ने प्रतिबद्धता समेत जनाएको छ । यसले धेरैभन्दा धेरै मानिसलाई नीतिगत छलफलमा सहभागी हुने अवसर प्रदान गर्दछ ।

यहाँ के उल्लेखनीय छ भने पीआईपीले पार्टीलाई बाह्य सङ्गठनहरू जस्तैः स्थानीयवासी समूह, नागरिक समाज सङ्गठन, पेशागत निकायहरू आदिसँग नीति सम्बन्धी परामर्श गर्न सक्षम बनाएको छ । यसले पार्टीलाई आफूसँग आन्तरिक रूपमा नभएको प्राविधिक विशेषज्ञताबाट लाभान्वित भई मतदातामा आधारित सङ्गठनहरूसँग अझ सुमधुर सम्बन्ध कायम गर्न मद्दत पुर्याउनुका साथै पार्टीभन्दा बाहिर जाने संस्कृतिको समेत विकास गरेको छ ।

सन् २०१० पछिका सुधारहरू

सन् २०१० मा सम्पन्न आमनिर्वाचनमा पार्टीको पराजयपछि लेबर पार्टीले आफ्नो नीतिगत प्रक्रियाको नाम पार्टनरसिप इन्टु पावर अर्थात् "साझेदारीदेखि शक्तिसम्म" भन्नेमा मा परिणत गऱ्यो। तर यसको संक्षिप्त रूप भनेपी.आई.पी.लाई नै निरन्तरता दिइयो । रिफाउन्डिङ लेबर अर्थात् लेबर दलको पुनर्स्थापनानाम दिइएको एउटा महत्वपूर्ण परामर्शात्मक प्रक्रिया मार्फत पार्टीले सल्लाह, सुझाव सङ्कलन गरी नीति प्रक्रियामा सुधार ल्याउने उपायहरूको पहिचान गऱ्यो। सन् २०१२ मा सांसदएंगेला इगल नेशनल पोलिसी फोरमको अध्यक्षमा चयन भएपछि उहाँले प्रविधि मार्फत नीति निर्माण प्रक्रियामा निर्वाचन क्षेत्रलाई सङ्लग्न गराउने विषयमा सुधारात्मक पहल गर्ने प्रण गर्नुभयो । बहसहरूमा मुख्य मुद्दाहरूमा छलफल भए । सदस्य, भ्रातृ सङ्गठन, समर्थक र नेशनल पोलिसी फोरमका प्रतिनिधिहरूलाई सङ्लग्न हुने अवसर प्रदान गर्न नयाँ संयन्त्रहरू निर्माण गरियो । सुधार प्याकेज प्रमुख विषयहरू देहाय बमोजिम छन् :

- सदस्य र सर्वसाधारण मानिसले नीतिपत्रहरू पढेर आफ्ना विचार तथा प्रतिक्रिया पेश गर्न सक्ने र वृहत् छलफलको एक हिस्सा बन्ने गरी एउटा अनलाइन नीति केन्द्र (पोलिसी हब)[३२] निर्माण गर्ने,
- नीति प्रक्रियाको अन्तिम वर्षमा मात्रै सिमित नभई नेशनल पोलिसी फोरमका वार्षिक बैठक र ती बैठकका महत्वपूर्ण मुद्दामाथि निर्णय गर्ने अधिकार सहित नीति चक्रभरि नै नेशनल पोलिसी फोरमको भूमिकालाई अझ व्यापक बनाउने,
- सदस्यहरूले उठाएका आवाजको प्रभावलाई बलियो बनाउन निश्चित र प्रकाशित समयतालिका सुनिश्चित गर्ने,
- पार्टीका प्राथमिकताहरू प्रतिबिम्बित हुने गरी नीति आयोगहरूमा सुधार गर्ने,
- सान्दर्भिक तथा मुख्य मुद्दाहरूमाथि अझ बढी केन्द्रित हुने सरल प्रणाली विकास गर्ने,
- ध्यान दिनुपर्ने र परामर्श गर्नुपर्ने मुख्य विषयहरूको पहिचान गरी नेशनल पोलिसी फोरमका कार्यहरूको निर्धारण सम्मेलन (कन्फरेन्स) मा एउटा नयाँ पोलिसी ब्यालट अर्थात् नीतिगत मतदानको व्यवस्था गर्ने,
- स्थानीय पार्टी एकाइहरूको समुदाय सहभागितामा थप जोड दिने, र
- सङ्लग्न सदस्यहरूबाट पृष्ठपोषण लिने कार्यलाई उन्नत बनाइने र त्यसको पेश तथा संशोधनका लागि एउटा 'परीक्षण मार्ग अर्थात् अडिट ट्रेल'तयार गर्ने ।

साथै, वर्तमान चुनौतीहरूसँग जुध्न वृहत् फराकिलो नीतिपत्रहरूमा वार्षिक दस्तावेजहरूमा बढी केन्द्रित गरिएको छ । वार्षिक सम्मेलनमा मतदान मार्फत प्राथमिकताप्राप्त मुद्दाहरूको निर्क्यौल गरिन्छ । अन्तर्क्रियात्मक बहसका लागि सम्पूर्ण नीतिपत्र तथा दस्तावेजहरू अनलाइन नीति हबमा प्रकाशित गरिन्छ । उक्त नीतिमा पार्टी सदस्य र सर्वसाधारण जनता दुबैको समान पहुँच रहेको छ । अन्त्यमा सन् २०१२ मा नेताले २०१५ को घोषणापत्र तयारीका लागि पार्टीका विद्यमान नीतिहरूमाथि पूर्ण समीक्षाका लागि अनुरोध गर्नुभयो । उक्त प्रस्तावित नीति समीक्षा हाल जारी छ ।[३३] यस प्रक्रिया सम्बन्धी समयतालिका (घटनाक्रम) तालिका ६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६ : सन् २०१५ को घोषणापत्रका लागि आवश्यक क्रियाकलापको समयतालिका[३४]

मिति	क्रियाकलाप
२०१२ को सम्मेलन	एक वर्षअघि नै विचारविमर्शका आवश्यक पर्ने मुद्दाहरूको प्राथमिकता निर्धारण गर्न नीति मतदान सम्पन्न
नोभेम्बर २०१२	चुनौतीहरू समेटिएका च्यालेन्ज पेपर्स अर्थात् चुनौती पत्रहरूको प्रकाशन । पार्टी सदस्य र सर्वसाधारण जनतालाई नीति हब मार्फत आफ्ना सुझाव तथा पृष्ठपोषण पेश गर्न आह्वान
मार्च २०१३	नीतिपत्रहरूको प्रकाशन र नीति हब मार्फत त्यस सम्बन्धमा आफ्ना सुझाव तथा पृष्ठपोषण पेश गर्न आह्वान
सेप्टेम्बर २०१३	सन् २०१२/१५ को नीतिपत्र तथा नेशनल पोलिस फोरमको वार्षिक प्रतिवेदनमाथि निर्णय
डिसेम्बर २०१३-जनवरी २०१४	अन्तिम वार्षिक दस्तावेजहरूको प्रकाशन ।
जुन २०१४	नीति कार्यक्रमहरू तयार गर्ने अन्तिम वार्षिक दस्तावेजहरूमा नेशनल पोलिसी फोरमको सहमति
सेप्टेम्बर २०१४	नीति कार्यक्रम सम्बन्धमा वार्षिक सम्मेलनको मतदान
अप्रिल २०१५	घोषणापत्रमा सहमति गर्न पार्टीका कार्यकारिणी, नेशनल पोलिसी फोरम र संसदीय समूहका प्रतिनिधिहरूको बैठक ।

लिबरल पार्टी, क्यानडा

पार्टीको इतिहास

क्यानडाको लिबरल पार्टी क्यानाडाको सबैभन्दा पुरानो संघीय राजनीति दल हो । उक्त पार्टीलाई मध्यमार्गी पार्टी वा मध्यमार्गबाट थोरै वामपन्थी झुकाव भएको पार्टीको रूपमा चिनिन्छ । उदारवादी दर्शनमा आधारित भई स्थापित भएको उक्त पार्टी लिबरल इन्टरनेशनलको सदस्य पनि हो । लिबरल पार्टीका अधिकांश सदस्यहरूले आफूलाई वित्तीय रूपमा रुढीवादी र सामाजिक रूपमा प्रगतिशील भन्न रुचाउँछन् । सन् १८६१ मा स्थापित पहिलो एकीकृत लिबरल पार्टीमा अंग्रेजी र फ्रान्सेली दुबै भाषा बोल्नेहरू सदस्य रहेका थिए । उक्त पार्टी सन् १८७३ पहिलो पटक सत्तामा पुग्यो । त्यसयता उक्त पार्टी विश्वकै सबैभन्दा सफल राजनीति दलहरूमध्येको एक बनेको छ । मुलुकको १४५ वर्ष लामो इतिहासमा उक्त पार्टीले ८३ वर्षसम्म क्यानडाको शासन गरिसकेको छ । त्यसमा पनि ७५ वर्ष त बहुमतको सरकार चलाएको छ । तथापि सन् २००६ मा सत्ताबाट बहिर्गमन भए पश्चात,वामपन्थी पार्टी न्यु डेमोक्रेटिक पार्टीसँगको मत विभाजन, क्युबेकको पृथकतावादी ब्लक अफ क्युबेकको विघटन र दक्षिणपन्थी क्यानडियन अलायन्स पार्टी र मध्य दक्षिणपन्थी प्रोग्रेसिभ कन्जर्भेटिभ पार्टीबिचको एकता आदिका कारण लिबरल पार्टीले ठुलो समर्थन गुमाएको छ ।

सन् २०११ मा सम्पन्न संघीय निर्वाचनमा लिबरल पार्टीले आफ्नो इतिहासमै सबैभन्दा लज्जास्पद पराजय भोग्नुपर्‍यो। उक्त निर्वाचनमा लिबरल पार्टीले जम्मा १८.९ प्रतिशत मत हासिल गरी हाउस अफ कमन्स (निर्वाचित तल्लो सदन) मा तेस्रो पार्टी बन्न पुग्यो । पहिलो र दोस्रो नम्बरमा क्रमशः कन्जर्भेटिभ र नेशनल डेमोक्रेटिक पार्टी रहे । ३०८ सदस्यीय हाउस अफ कमन्समा हाल लिबरल पार्टीको जम्मा ३५ सिट छ । तर १०१ सदस्यीय सिनेट (माथिल्लो सदन) मा भने उक्त पार्टीको ४० सिट छ । प्रान्तीय तहमा १० प्रान्तमध्ये सबैभन्दा ठुलो प्रान्तहरू ओन्टारियो र क्युबेकसहित चारओटामा लिबरल पार्टी नेतृत्वको सरकार छ ।

नीति विकासका नियमहरू

लिबरल पार्टीको विधानले नेशनल पोलिसी एण्ड प्लेटफर्म कमिटी (राष्ट्रिय नीति तथा दस्तावेज समिति) को व्यवस्था गरेको छ । नेता तथा ककसको सहयोगमा नीति विकासका प्रक्रियाको समन्वय, पार्टीका वर्तमान नीतिहरू कायम तथा प्रकाशन र निर्वाचन घोषणापत्र तयार गर्ने जिम्मेवारी उक्त समितिमा निहित छ । तर ती विषयहरूमा नेताको भिटो (निषेधाधिकार) रहन्छ । उक्त समितिमा पार्टी अधिवेशनका प्रतिनिधिहरूले चुनेको अध्यक्ष, नेताले चयन गरेको एक सहअध्यक्ष, नेता, राष्ट्रिय निर्देशक, राष्ट्रिय अभियानका सहअध्यक्षहरू, प्रत्येक आयोगका एकएकजना प्रतिनिधि, नेताले चयन गरेका चारजना पार्टी सदस्य, चारजना ककस सदस्य, प्रत्येक प्रान्त र क्षेत्रबाट निर्वाचित नीति अध्यक्ष रहेका छन् । पार्टीको विधानले समितिमा लिंग र भाषाको सन्तुलन कायम गर्ने व्यवस्था समेत गरेको छ ।

नीति तथा घोषणापत्र निर्माणमा लिबरल पार्टीका नेताको उल्लेख्य अधिकार रहेको छ । पार्टी सरकारमा रहेको बेला यसको नेता प्रधानमन्त्री हुन्छन् । प्रधानमन्त्री कार्यालय अन्तर्गत रहेका स्रोत साधनहरूसमेत नेताकै मातहतमा रहन्छन् । पार्टी प्रतिपक्षमा रहेको बेला ठुलो संख्याका कर्मचारीहरूको बजेट उनीसँगै रहन्छ। पार्टी नेता राष्ट्रिय नीति तथा मञ्च समितिका सदस्य हुन्छन् । सदस्यको हैसियतमा नेताले समितिका २८ सदस्यमध्ये पाँचजनालाई प्रत्यक्ष र तीनजनालाई अप्रत्यक्ष रूपमा नियुक्त गर्न सक्छन् ।साथै, पार्टी घोषणापत्रको नीतिगत पहलकदमीमा भिटो (निषेधाधिकार) हुन्छ । पार्टी अधिवेशनलाई विरोधाभाषपूर्ण तथा वित्तीय प्राथमिकता भन्दा बाहिर गएर प्रस्ताव पारित गर्नबाट रोक्न वा विधान विपरित कार्य गर्न नदिन नेतालाई निषेधाधिकार प्रदान गरिएको हो । अध्यक्षमा निषेधाधिकार रहेको हुँदा नेताहरूलाई उनीहरूको असहमति रहेका विषयलाई बाहिर सार्वजनिक नगर्न दबाब दिने गरिएको छैन । सन् २०१२ मा आयोजित पार्टीको राष्ट्रिय अधिवेशनमा प्रतिनिधिहरूले घोषणापत्रमाथि नेताको निषेधाधिकार अन्त्य हुने गरी प्रस्तुत गरिएको विधान संशोधन प्रस्तावको विपक्षमा मतदान गरे । यसबाट नीति निर्माण प्रक्रियामा नेताको उल्लेख्य प्रभाव कायम भयो ।



नीतिगत संरचना र प्रक्रियाहरू

लिबरल पार्टी प्रान्तीय तथा क्षेत्रीय सङ्गठनहरूको महासंघ हो र यसलाई निर्वाचन क्षेत्र सङ्गठन अर्थात् इलेक्टोरल डिस्ट्रिक्ट एसोसियन्स (जसलाई राइडिङ एसोसियन्स पनि भनिन्छ) मा विभाजन गरिएको छ। साथै, पार्टीमा चारओटा आधिकारिक आयोगहरू छन् जसले अधिवेशनमा आफ्ना प्रतिनिधि पठाउन, नीति प्रस्ताव पेश गर्न, प्रान्तीय सङ्गठन तथा क्लबहरू गठन गर्न र कोष (रकम) सङ्कलन गर्न सक्छन्। ती आयोगहरूमा नेशनल वुमन्स लिबरल कमिशन, योङ लिबरल्स अफ क्यानडा, एबोरिजिनल पिपुल्स कमिशन र सिनियर्स लिबरल कमिशन अफ क्यानडा रहेका छन्। प्रत्येक आयोगका अध्यक्ष स्वतः पार्टीको राष्ट्रिय निर्देशक समितिमा रहन्छन् र प्रत्येक आयोगका नीति अध्यक्ष राष्ट्रिय नीति तथा मञ्च समितिका सदस्य बन्छन्।योङ लिबरल्स अफ क्यानडा र एबोरिजिनल पिपुल्स कमिशन जस्ता केही आयोगहरूले नीति प्रस्तावहरू तयार गरी त्यसमाथि बहस गर्न सिर्जनात्मक संयन्त्रहरूको प्रयोग गरेका छन्। ती संयन्त्रमा 'समर फ्लिङ' भनिने गर्मी याममा गरिने कार्यक्रम र 'क्याम्प वानबि फ्री' भन्ने शिविर, र नीतिगत छलफल सहितको युवाहरूको स्की सप्ताहान्त रहन्छन्, र 'पोलीस्की'र 'ट्विट्सअप' लगायतका महत्वपूर्ण नीति सम्बन्धी कार्यहरूको विद्युतीय माध्यमबाट प्रत्यक्ष प्रसारण गरिन्छ। यस दस्तावेजको भाग ३ को टेक्स्टबक्स ३ मा नेशनल वुमन्स लिबरल कमिशनले पार्टी नीतिमा आफ्नो प्रभाव पार्न आफूले पारित गरियोस् भनेर चाहेका नीतिहरूलाई पिङ्क बुक्सको शृंखलाबद्ध प्रकाशन मार्फत गर्दै आएका प्रयासहरू उल्लेख गरिएको छ। टेक्स्टबक्स १४ मा लिबरल पार्टीका नीतिहरूको मस्यौदा तयारी सम्बन्धी प्रस्तावका प्रक्रियाहरू संक्षेपमा प्रस्तुत गरिएको छ।

विचार सम्मेलनहरू

लिबरल पार्टीले आफ्नो इतिहासभरि नै प्रत्येक पुस्ताका केही महान विचारकहरूसँग सम्बन्ध कायम गरेको छ। पोर्ट होप सम्मेलनसँगै सो कार्य सन् १९३३ मा सुरु भयो। यी विचार सम्मेलनहरूमा पार्टीमा आबद्ध रहेका वा नरहेका प्राज्ञ, अर्थशास्त्री, वैज्ञानिक, कुटनीतिज्ञ र अन्य विषयक्षेत्रका विशेषज्ञहरू सहभागी छन्। पार्टी समर्थकहरूभन्दा पर गई बेला बेलामा त्यस्ता विचारकहरूको भेला गरेर आफूलाई सधैँ ऊर्जाशील राख्दै स्पष्ट रूपमा नयाँ विचारहरू प्रस्तुत गर्न यो पार्टी सक्षम छ।

टेक्स्टबक्स १४ : लिबरल पार्टीका नीति सम्बन्धी प्रस्तावहरू

पार्टी नीतिको निर्माण तथा अनुमोदनका लागि प्रयोग गरिने आधिकारिक संयन्त्रहरूमा राइडिङ एसोसियसन्स र आयोगहरूद्वारा प्रस्तावको मस्यौदा तयारी, प्रोभिन्सियल एण्ड टेरिटोरियल एसोसियसन्सद्वारा प्राथमिकता निर्धारण र पार्टीको राष्ट्रिय अधिवेशनद्वारा स्वीकृति रहेका छन् । लिबरल पार्टीको आधिकारिक विधानमा यो प्रक्रियालाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ । राइडिङ एसोसियसन्स र पार्टी सदस्यहरूलाई यस प्रक्रियाबारे राम्ररी बुझ्न सक्ने बनाउन तपाईंको भनाइ राख्नुहोस्अर्थात् ह्याभ योर से नामक निर्देशिका शृखलाबद्ध रूपमा प्रकाशित छन् । यस निर्देशिकामा नीति उपसमिति कसरी गठन गर्ने, नीति प्रस्तावहरू कसरी लेखेर पेश गर्ने, टाउन हल बैठक, नीति मञ्च, समूह छलफल, बहस, सामूहिक छलफल र नीति सम्बन्धी सामाजिक भेला आदि कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा राइडिङ एसोसियसन्सलाई दिइएको सल्लाह तथा सुझावहरू समेटिएकाछन्। थुप्रै राइडिङ एसोसियसन्सले नीति विकासमा सदस्य तथा सर्वसाधारण जनतालाई सहभागी गराउन नयाँ उपाय सहितका विधिहरू प्रयोगमा ल्याउन थालेका छन् । क्युबेकमा उनीहरूले 'क्याफे पोलिटिक' नामका साना साना कफी पार्टीहरू स्थापना गरेका छन् । यहाँ सदस्यहरूले अनौपचारिक रूपमा नीति सम्बन्धी छलफल गर्दछन्। अन्यले कुनै पनि व्यक्ति विशेषका घरमा नीति सम्बन्धी मासिक छलफल सुरु गरेका छन् । त्यहाँ वक्ताहरूलाई निश्चित विषयहरूमा बोल्न आमन्त्रण गरिन्छ ।नयाँ विचारहरू सामाजिक सञ्जाल (फेसबुकः संयुक्त अधिराज्यका लिबरलहरूद्वारा लिबरल पार्टीको पुनःनिर्माण)मार्फत एकआपसमा आदानप्रदान गरिएको छ ।

प्रत्येक प्रोभिन्सियल एण्ड टेरिटोरियल एसोसियसन्स (प्रादेशिक तथा क्षेत्रीय सङ्गठन) र प्रत्येक आयोगको ककसलाई राष्ट्रिय अधिवेशनमा १० ओटा नीति प्रस्तावहरू विचारविमर्शका लागि प्रस्ततु गर्न अनुमति दिइन्छ । पार्टीको विधानमा कुन निकायले कुन विधि अपनाएर नीतिहरूको निर्माण र प्राथमिकीकरण गर्ने भन्ने बारेमा किटान साथ भनिएको छैन । यसबाट उनीहरूलाई स्थानीय तहलाई समेटेर नयाँ अवसरहरूको प्रयोग गर्ने अवसर प्राप्त हुनुका साथै पार्टी सङ् गठनको विकेन्द्रीकृत प्रकृतिलाई कायम राख्न मद्दत पुगेको छ । सामान्यतयाः प्रत्येक राइडिङ एसोसियसन्स र आयोगका प्रान्तीय सङ्गठनहरूलाई आफ्ना प्रस्ताव पेश गर्न आह्वान गरिन्छ र त्यसलाई प्रान्तीय अधिवेशनले पारित गर्दछ ।

त्यसपछि नीतिगत प्रस्तावहरूलाई राष्ट्रिय अधिवेशनको सम्बन्धित मुद्दामा आधारित कार्यशाला समक्ष पेश गरी प्रतिनिधिहरूले त्यसमाथि बहस गर्दछन्। बहसपछि कुन मुद्दालाई प्राथमिकता दिने भन्ने बारेमा मतदान हुन्छ । प्रतिनिधिहरूले आफूले चाहेजति प्रस्तावमा मतदान गरी प्राथमिकता दिन सक्छन् । तर जति धेरै मतदान गऱ्यो आफ्नो मत त्यति नै कमजोर हुन्छ । यस्तो किन हुन्छ भने कार्यशालाहरू एकै समयमा सञ्चालन गरिन्छन् र प्रतिनिधिहरूले विषयवस्तुका आधारमा आफू कुनकुन कार्यशालामा सहभागी हुने भन्ने बारेमा छनौट गर्नुपर्दछ ।प्राथमिकता दिनुपर्ने पक्षमा सबैभन्दा बढी मत प्राप्त गर्ने प्रस्तावहरूलाई पूर्ण बैठकमा पेश भई बहस पश्चात त्यसलाई मतदाता आकर्षिक गर्ने उपायका रूपमा स्वीकृत गर्ने नगर्ने भन्ने बारेमा निर्णय गरिन्छ । हालसालै विद्युतीय मतदानको प्रयोग गर्ने व्यवस्था मिलाइएको छ ।

कार्यशालामा प्राथमिकता दिइएका र पूर्ण बैठकबाट स्वीकृत भएका प्रस्तावहरू मात्रै पार्टीको आधाकारिक नीति बन्छन् । अधिवेशन हरेक दुई वर्षमा आयोजना हुने, नीति विकासको प्रक्रिया स्थानीय राइडिङबाट प्रान्तीय राइडिङ हुँदै राष्ट्रिय अधिवेशमा पुग्ने भएकोले अधिवेशनमा नीति प्रस्ताव प्रस्तुत गर्दा कैयौँ महिना वा वर्ष वितिसकेको हुन सक्छ । त्यस्तो अवस्था आउन नदिन अधिवेशनमा सामान्यतयाः एउटा संयन्त्र रहेको छ जसले अधिवेशन आयोजना भएको बेला पेश गरियोस् भनी महत्वपूर्ण मुद्दाहरूका सम्बन्धमा आकस्मिक प्रस्तावहरू पेश गर्ने अवसर प्रदान गर्दछ ।

उदाहरणको लागि, सन् २०१० मा मन्ट्रियलमा विचारकहरूको सम्मेलन आयोजना गरियो । क्यानडेली महासंघको १५० औँ वर्षगाँठको अवसरमा आयोजित उक्त सम्मेलनको नाम "क्यानाडा एट १५०: राइजिंग टु द च्यालेन्ज" अर्थात् क्यानडा १५० वर्षमा : चुनौतीसँग जुध्न माथि उठ्दै रहेको थियो । उक्त सम्मेलन सन् २०१७ भित्रमा पार्टीले क्यानडालाई कस्तो बनाउने र त्यसमा कसरी सफलता हासिल गर्ने भन्ने विषयमा केन्द्रित थियो । सम्मेलनको तयारीका क्रममा सहभागितामूलक वेबसाइट, पार्टी नेतासँगको वेब मञ्च, उच्चविद्यालय र विश्वविद्यालयहरूमा आयोजित टाउन हल बैठकहरूमा सहभागी हुन नेताको देशव्यापी भ्रमण, ककस सदस्यहरू र राइडिङ एसोसियसन्सद्वारा देशभरि नै विषयगत गोलमेच बैठक, विशेष राष्ट्रिय ककस बैठक र सक्रिय सामाजिक सञ्जाल अभियान सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रम क्यानडेली राजनीतिक दलले आयोजना गरेको पहिलो सहभागितामूलक मल्टिमिडिया अर्थात् धेरै माध्यमबाट सहभागिता जनाउन सकिनेअभियान थियो । २५० जना सहभागीहरूको भौतिक उपस्थितिका अतिरिक्त स्काइप र प्रत्यक्ष वेब फिड मार्फत देशभरिका सहरहरूमा आयोजित स्याटलाइट सम्मेलनमा थप २,०००जना सहभागी रहेका थिए । तीन दिनको अवधिमा कुटनीतिज्ञ रोबर्ट फोलर, पुलिट्जर पुरस्कार बिजेता लेखक सेरिल वुडुन सहित ५३ जना प्रख्यात विशेषज्ञहरू वक्ताका रूपमा सहभागी भए । अन्य वक्ताहरूमा आर्कटिक (उत्तरध्रुवीय), विश्व अर्थतन्त्र र अन्य क्षेत्रका विश्वविख्यात विशेषज्ञहरू थिए । उक्त सम्मेलनले आमसञ्चारमाध्यमको ध्यान आकृष्ट गर्न नसके तापनि सामाजिक सञ्जालमा व्यापक छाएको थियो । यसबाट पार्टीका सदस्यहरूले भौगोलिक दुरीका बाबजुद आफूहरूको एकअर्कासँग आत्मीय सम्बन्ध जोडिएको र नयाँ जाँगर पलाएको अनुभूत गरे ।

नीतिगत विषय :राष्ट्रिय छलफल नाम दिइएकोप्रत्येक क्षेत्रमा एउटा एउटा गरी देशभर आयोजित सत्रमा पाँच दिनसम्म पार्टी सदस्यहरूलाई आफ्ना विचारहरू राख्न भनिएको थियो । उक्त छलफल तीन महिनासम्म जारी रह्यो । द *क्यानडा एट* १५० भन्ने नारालाई अझ राम्रो र परिस्कृत गरी नीति मञ्चमा संयोजन गर्दै पार्टीले क्यानडेली जनता समक्ष लैजाने कार्य सम्पन्न गर्ने जिम्मेवारी दिइएका पार्टी सदस्यहरूलाई छलफलमा सहभागी हुन निषेध गरिएको थियो । सम्मेलनबाट आएका निष्कर्षहरूका सम्बन्धमा पार्टीको अनलाइन मञ्चमा व्यापक बहस गरी त्यसलाई सन् २०११ का लागि लिबरल पार्टीको घोषणापत्रको आधार बनाइयो ।

कार्यदल र पार्टी नवीकरण समितिहरू

लिबरल पार्टीको नीति विकासमा कहिलेकाहीँ विभिन्न कार्यदलका प्रतिवेदन र छलफल पत्रहरू समेत समावेश भएका हुन्छन् । यी कार्य नीति विकासका औपचारिक प्रक्रियाभन्दा बाहिर हुने भए तापनि निर्वाचनहरूको बिचमा पार्टी नीतिका अधिकांश विषयहरू त्यस्ता प्रतिवेदनहरूबाट लिने गरिन्छ । त्यस्ता प्रतिवेदन तथा पत्रहरू प्रस्तुत गरेका केही समूहहरू देहाय बमोजिम छन् :

लिबरल रिसर्च ब्युरो एण्ड प्राइम मिनिस्टरर्स ककस टास्कफोर्स (लिबेरल अनुसन्धान विभाग तथा प्रधानमन्त्री ककस कार्यदल) : नेशनल लिबरल रिसर्च ब्युरोका कर्मचारीहरू संसदीय ककसका लागि काम गर्दछन् र उनीहरूलाई आधिकारिक रूपमा पार्टीले नभई हाउस अफ कमन्सले नियुक्त गरेको हुन्छ । ककस रिसर्च ब्युरोले आफूलाई लाइब्रेरी अफ पार्लियामेन्टभन्दा फरक राखेको छ किनभने यसलाई राजनीतिक रूपमा तटस्थ हुनु आवश्यक छैन । वास्तवमा ककस अध्येताहरूले पार्टीका अधिकांश सन्देशहरू र यसको धारणाहरूको मस्यौदा तयार गर्दछन् । लिबरल पार्टी सत्तामा रहेको बेला ब्युरोलाई महिला उद्यमी, ज्येष्ठ नागरिक, जलवायु परिवर्तन, सहरी मुद्दा लगायतका विषयमा सर्वसाधारण जनतासम्म पुगेर उनीहरूको भनाइका आधारमा प्रधानमन्त्रीको ककस टास्कफोर्स प्रतिवेदनहरूको मस्यौदा तयार गर्न जिम्मेवारी दिइएको थियो । ती प्रतिवेदनहरू पार्टीको सरकारका सम्बोधन तथा भाषणहरूको लागिसूचनाको रूपमा प्रयोग गरिएको थियो । केही विषयहरू अर्थमन्त्रीको बजेट भाषणमा पनि समावेश गरिएको थियो । ती प्रतिवेदनहरूलाई ककस र मन्त्रीहरूले सरकारको नीति र निर्वाचन घोषणापत्रको मस्यौदा तयार पार्न समेत प्रयोग गरे ।

चेन्ज एण्ड रिनुअल कमिशन्स (परिवर्तन तथा नवीकरण आयोगहरू) : सन् २००५-२००६ मा राष्ट्रिय कार्यकारिणीले 'रेड रिबन टास्कफोर्स'को स्थापनागऱ्यो। उक्त कार्यदलको

रेखाचित्र १२ : सन् २००९ मा आयोजित अधिवेशनपूर्वको समयक्रम

सन् २००९ र २०१२ मा आयोजित अधिवेशनपूर्व पार्टीले अनलाइन मार्फत नीति विकासको अवधारणा प्रयोगमा ल्यायो । अधिवेशनका क्रममा अकस्मात विभिन्न कार्यशालाहरू आयोजना नगरी पार्टीले 'एज अ फ्यामली' नामको अनलाइन छलफल मञ्च खडा गऱ्यो। उक्त मञ्च पार्टी सदस्यहरूका लागि मात्र खुला थियो । यस माप(र्त अधिवेशन हुनुपूर्व उनीहरूले नीतिगत प्रस्तावहरू प्रेषित गरी त्यसको प्राथमिकीकरण गरेका थिए । यसको समयक्रम देहाय बमोजिम छ ।

अगष्ट ३०, २००८
- प्रत्येक प्रान्तीय र क्षेत्रीय सङ्गठनहरू र संघीय आयोगहरूद्वारा १०/१० ओटा प्रस्ताव राष्ट्रिय नीति तथा मञ्च समिति समक्षपेश

नोभेम्बर ३०
- सबै प्रस्तावहरूलाई विभिन्न कार्यशालाहरूमा बाँडफाँट
- राष्ट्रिय नीति तथा मञ्च समितिका लागि कार्यशालाहरू सदस्यहरू मात्र सहभागी हुन पाउने वेबसाइट मार्फत आयोजना

जनवरी २०, २००९
- राष्ट्रिय नीति तथा मञ्च समितिद्वारा प्रस्तावहरूलाई एकै ठाउँमा मिश्रण

फेब्रुअरी १५
- प्रस्तावहरूको अनुवाद सम्पन्न
- प्रस्तावहरू लिबरल पार्टीको सदस्यका लागि मात्र खुला 'एज अ फ्यामली' भन्ने वेबसाइटमा राखिएको ।

फेब्रुअरी १५–मार्च १५
- प्रस्तावहरू माथि पार्टीका सबै सदस्यहरूको बहस

मार्च २२–२८
- प्रस्तावहरूको प्राथमिकीकरण गर्न सदस्यहरूको मतदान

अप्रिल १
- मतदानको नतिजा अनलाइन मार्फत सार्वजनिक

अप्रिल ३०–मे ३
- प्राथमिकीकरण गरिएका प्रस्तावहरूमाथि अधिवेशनको पूर्ण बैठकमा बहस

अन्तिम प्रतिवेदन 'सबैका लागि बनेको पार्टी, जित्नका लागि बनेको पार्टी'ले रकमसङ्कलन, नीति विकास र पार्टी सङ्गठनका सम्बन्धमा सिफारिसगऱ्यो । यी अधिकांश विषयहरू राष्ट्रिय अधिवेशनबाट अनुमोदन भइसकेका थिए । यसैगरी, चेन्ज एण्ड रिनुअल आयोगहरूले सन् २००६ र २००८ मा सार्वजनिक नीति प्रतिवेदनहरू तयार गरी अनलाइन छलफल र क्षेत्रीय बैठक, भर्चुअल अर्थात् गैर स्थलगत टाउन हल बैठक, पार्टीका वरिष्ठ नेताहरूसँग गरिएका अन्तर्वार्ता र ककस छलफल पत्रबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा पार्टीलाई आधुनिकीकरण गर्न सिफारिस गऱ्यो ।

अनलाइन औजारहरू : सन् २००९ र २०१२का राष्ट्रिय अधिवेशनहरूको तयारी गर्ने क्रममा पार्टीले अनलाइन मार्फत नीति विकास कार्यको परीक्षण गऱ्यो। सदस्यहरू मात्रै सहभागी अनलाइन छलफल मञ्चलाई एउटा परिवारको रूपमा *(एज अ फ्यामिली)* भनी चित्रण गरिएको थियो । उक्त मञ्चले सदस्यहरूलाई महाधिवेशनपूर्व नीतिगत सुझावहरूलाई प्राथमिकीकरण गरी पठाउन अनुमति दिइएको थियो । रेखाचित्र १२ मा सन् २००९ को पार्टी अधिवेशनअघि नीतिगत प्रस्तावहरूको मस्यौदामाथि छलफल गरी त्यसको प्राथमिकीकरण गर्न घोषणापत्रले के योगदान गऱ्यो भन्ने सम्बन्धमा संक्षेपमा प्रस्तुत गरिएको छ । उक्त विधिको फाइदा भनेको प्रतिनिधिहरूले मात्रै होइन सबै पार्टी सदस्यहरूले प्रस्तावहरूको प्राथमिकीकरणका लागि आ-आफ्ना भनाइ राख्न पाएका थिए । लिबरल पार्टीको नीति विकासका लागि *एज अ फ्यामिलीले* पार्टी सदस्यहरूका लागि मात्र अनलाइन छलफलको मञ्चमा निरन्तरता पाइरहेको छ । लिबरल पार्टीले सबैको पहुँचमा कडाइ गरिएका अन्य थुप्रै अनलाइनमा आधारित मञ्चहरू प्रयोगमा ल्याएको छ । तीमञ्चहरूमा मुख्यतः राइडिङ एसोसियसन्सका अध्यक्ष, उमेदवार, ककस सदस्य र तिनका कर्मचारीहरूलाई मात्रै पहुँचको अधिकार छ । पार्टीले ती मञ्चहरूलाई क्लब तथा विभिन्न संघसंस्थालाई आफ्ना नीतिगत विचारहरू सम्बन्धित क्षेत्र, प्रान्त र देशभरिका राइडिङ एसोसियसन्सका विचार हरूसँग तुलना गर्ने लगायत समान विचारका सम्पर्कका विकास तथा आवश्यकता सहयोग आदानप्रदान गर्ने एउटा औजारका रूपमा प्रयोग गर्ने योजना बनाएको छ ।

निर्वाचन घोषणापत्र निर्माण

पार्टीको सबैभन्दा पहिलो बृहत् निर्वाचन घोषणापत्र सन् १९८८ को चुनावी अभियानका क्रममा सार्वजनिक गरिएको थियो । पार्टीको आधिकारिक रंग रातो र सेतो भएकोले घोषणापत्रलाई बोलीचालीको भाषामा रेडबुक भनिन्छ । लिबरल रिसर्च ब्युरोले तयार गर्ने रेडबुकमा विचारकहरूको सम्मेलन र नीतिगत प्रस्तावहरूमा उठाएका निष्कर्षलाई समावेश गरिन्छ। सन् १९८८ को निर्वाचन घोषणापत्रले आफ्ना प्रतिज्ञाहरू पुरा गर्न आवश्यक बजेट र त्यसका स्रोतहरू खुलाएन । यस कारण चुनावी अभियानका बेला पार्टी लज्जित हुनुपरेको थियो । तर त्यसपछिका रेडबुकले भने स्वतन्त्र अर्थविद्हरूद्वारा प्रमाणित गरिएको विस्तृत लागत विवरणहरू समावेश गरिएका छन् ।

सन् २००७ मा यसअघिको घोषणापत्र निर्माण प्रक्रियाका बारेमा तल्लो तहका पार्टी सङ्गठनबाट आएका आलोचनाको प्रतिक्रिया दिँदै पार्टी नेता स्टेफेन डिओनले संसद सदस्य मार्था हल फिन्ड्लेलाई जनतासम्म पुग्ने एउटा प्लेटफर्मको अध्यक्षमा नियुक्त गरी उहाँलाई आगामी रेडबुकमा के के विषय समावेश गर्नुपर्छ भन्ने सम्बन्धमा बृहत् परामर्श गर्न निर्देशन दिनुभयो । यस प्रक्रिया अन्तर्गत ३५ ओटाभन्दा बढी समुदायमा १७५ ओटा सत्रको आयोजना गरियो । यसमा पार्टी सदस्यहरूको नभई सर्वसाधारण जनताका सझावहरूसङ्कलन गरियो ।

सन् २००९ मा आयोजित राष्ट्रिय अधिवेशनमा पार्टीको विधान सम्बन्धी थुप्रै संशोधन प्रस्तावहरू पारित गरियो । तीमध्ये एउटा संशोधनले पार्टीको आधिकारिक घोषणापत्र निर्माणको प्रक्रियालाई मूर्तरूप दियो । यस अन्तर्गत नेता, ककस र पार्टीको प्रतिनिधित्व सहितको राष्ट्रिय नीति तथा मञ्च समितिको गठन, पार्टीका नीतिहरू कार्यान्वयन सम्बन्धमा ककस जवाफदेही अधिकारीबाट प्रतिवेदन गरि नुपर्ने र पार्टीको कुनै पनि नीतिमा भिटो (निषेधाधिकार) प्रयोग गर्नुअघि नेताले परामर्श गर्नुपर्ने सम्बन्धमा नीति अनुमोदन उपसमितिको गठन आदि व्यवस्था छन् ।

संसदमा अवलम्बन गरिने नीति प्रक्रिया

लिबरल पार्टीको विधानको दफा ५९ (२) ले ककसमाथि हुने पार्टीको अधिकारको सीमा निर्धारण गरेको छ । यसमा के भनिएको छ भने ककस पार्टीको सांगठनिक निकाय होइन । यसकारण विधानले ककसमाथि जिम्मेवारी लाद्न पाउनेछैन र ककस पार्टीको अधिकारक्षेत्रमा पर्दैन ।[३५] आफ्ना निर्वाचन क्षेत्रको प्रतिनिधिका रूपमा संसदसदस्यहरूको भूमिका सुनिश्चित गर्दै उनीहरूको स्वतन्त्रताको प्रत्याभूती गर्न त्यस्तो व्यवस्था आवश्यक छ । तथापि पार्टीका लागि कसले बोल्ने भन्ने सम्बन्धमा पार्टी र ककसबिच द्विविधा सिर्जना भएको छ ।

पार्टी सत्तामा रहेको बेला प्रधानमन्त्री समेत हुने नेता र निर्वाचित सांसदहरू पार्टी सदस्यहरूप्रति मात्रै नभई आफूले जितेका वा नजितेका सबै निर्वाचन क्षेत्रहरूप्रति जवाफदेही हुन्छन् । त्यसैले आफ्ना निर्वाचन क्षेत्रका आवाजहरूमाथि कुनै प्रकारको बन्देज लगाउने अधिकार पार्टीसँग छैन । अर्कोतर्फ, चुनावी अभियानका क्रममा पार्टीले विभिन्न प्रतिज्ञाहरू गर्ने हुँदा नीति कार्यान्वयन गर्न पार्टी नेतृत्व जवाफदेही हुन्छ ।

तथापि, पार्टी नेताले दण्ड र सजाय मार्फत ककसको सन्दर्भमा अनुशासनका नियमहरू लागू गर्न सक्छन् । प्रतिपक्षमा रहँदा पनि पार्टी नेताले ककस ह्विप मार्फत कुन समितिमा कुन सांसद रहने, को विदेश भ्रमणमा जाने, छायाँ सरकारमा कसलाई नियुक्त गर्ने र निर्वाचनमा पार्टीको तर्फबाट कसलाई उमेदवार बनाउने भन्ने बारेमा निर्णय गर्न सक्छन् ।

पार्टीलाई अर्को के चुनौती छ भने कुनै पनि सामाचार तत्कालै आमजनता समक्ष पुग्छ । प्रस्तावहरू माथि अधिवेशनमा मतदान गर्नुपर्ने हुँदा पार्टी नीति निर्माण गर्ने परम्परागत संयन्त्र ज्यादै सुस्त छ ।यसले गर्दा पार्टीको दैनिक निर्णय प्रक्रियामा ती नीतिहरू उपयोगी हुन सकेका छैनन् । लिबरल पार्टी सत्तामा रहेको बेला नीति सम्बन्धी निर्णयहरू मुख्यतः मन्त्रिपरिषद्ले गर्ने गरेको थियो । प्रतिपक्षमा रहँदा समेत ककसका समालोचक र ककस संसदीय समितिले दैनिक आउने नयाँ मुद्दा तथा सवालहरूका बारेमा प्रतिक्रिया दिन्छन् । कुनै पनि मुद्दामा पार्टी नेताले बोल्दा उनको प्रत्येक शब्दलाई सञ्चारमाध्यम र आमजनताले पार्टीको आधिकारिक नीति ठानेका हुन्छन् । पार्टीको निर्वाचन घोषणापत्रलाई पार्टी नीतिको अभिव्यक्तिका रूपमा भन्दा पनि एउटा रणनीतिक सञ्चारऔजारका रूपमा हेरिएको हुन्छ । पार्टीको अधिवेशनमा प्रस्तावहरू अनुमोदित हुने नहुने बारेमा बढी चासो नदिइ पार्टीका रणनीतिज्ञहरूले अक्सर बन्द कोठाभित्र बसेर घोषणापत्र लेख्ने गर्दछन्।

सत्तामा रहँदा र प्रतिपक्षमा रहँदा पनि ककसले मुख्य संयन्त्रको रूपमा साप्ताहिक ककस बैठकहरूको आयोजना गरी पार्टीको नीतिमाथि बहस गर्दछ । संसदीय सत्र चालु रहेको समयमा क्षेत्रीय ककसको साप्ताहिक बैठक र त्यसपछि सबै सांसद र सिनेटरहरूको उपस्थितिमा राष्ट्रिय ककस बैठकको आयोजना गरिन्छ । क्षेत्रीय ककसका क्रममा सांसदहरूले निश्चित नीतिगत निर्णयबाट आफ्ना क्षेत्र वा निर्वाचन क्षेत्रमा परेको प्रभावका बारेमा आफ्ना विचारहरू राख्दै सामान्यतयाः पार्टी नेतृत्वले परिस्थितिलाई सही ढंगबाट सम्बोधन गर्न नसकेको भन्दै आलोचना गर्दछन्। अक्सर क्षेत्रीय ककसले राष्ट्रिय ककससम्म लैजानुपर्ने एक वा दुईओटा महत्वपूर्ण मुद्दाहरूमा सहमति कायम गर्दछन् र सांसद रसिनेटरहरूलाई कुनै पनि नीति जनतामाझ लोकप्रिय हुन्छ वा त्यसले पार्टीलाई झन् बढी क्षति पुऱ्याउँछ भन्ने बारेमा आफ्ना व्यक्तिगत धारणा राख्न अनुमति दिइन्छ । यी बैठकहरूले सांसदहरूलाई भित्री रूपमा फरक विचार तथा मत राख्न दिने भए तापनि आमजनतामाझ आफूहरू एक ढिक्का भएर अगाडि बढेको देखाउँछन् ।

ककसले संसदमा विधेयक र विभिन्न प्रस्तावहरूमाथिको मतदान, समितिको काम र प्रतिक्रिया, प्रश्नोत्तर समयमा सोधिएका प्रश्नहरू मार्फत दैनिक रूपमा पार्टी नीतिबारे स्पष्ट पार्ने गर्दछ । पार्टी सरकारमा रहेको बेला मन्त्रीहरूले आफ्ना विषयक्षेत्रमा संसदीय कार्यसूची निर्धारण गर्दछन् भने विभिन्न मुद्दाहरूमाथि सरकारको धारणा बनाउने काम मन्त्रिपरिषद्ले गर्दछ । पार्टी प्रतिपक्षमा रहेको बेला ककस विधायिका समितिले नीतिको समन्वय गर्ने भूमिका निर्वाह गरी हाउस अफ कमन्सको सत्र चलिरहेको समयमा बैठक गर्ने राष्ट्रिय ककसको एक हिस्साको रूपमा रहन्छ । साथै, यसले ककस नेतृत्व समक्ष विभिन्न विषयहरूमा सिफारिस गर्दछ । समालोचकहरूले सरकारको वा निजी सदस्यहरूबाट

निश्चित विषयमा प्राप्त विधेयकको पृष्ठभूमि र त्यसले उठान गरेका विषयवस्तु प्रस्तुत गर्नुपर्दछ । त्यसपछि समितिले विधेयकमा राम्रा नराम्रा पक्षहरूबारे छलफल सम्पन्न गरेको भोलिपल्ट उक्त समितिका अध्यक्षले राष्ट्रिय ककस समक्ष सिफारिस गर्दछन् । यस समितिको कुनै पनि बैठकमा कुनै पनि ककस सदस्यलाई आमन्त्रण गर्न सकिन्छ। आफ्नो निजी विधेयक वा प्रस्तावका बारेमा आवश्यक सहयोग आवश्यक परेमा कानुन बनाउन आदेशपत्र समावेश गर्नुअघि त्यसलाई सबैभन्दा पहिला समिति समक्ष पेश गर्नुपर्दछ ।

लिबरल ककस सामान्यताः वर्षमा दुई पटक रिट्रिटमा जान्छ। हिउँदे रिट्रिट क्रिश्मस पर्वमा संसद स्थगन गरिएको समयमा जनवरी महिनामा दुईदेखि तीन दिनसम्म ओटावामा आयोजना हुन्छ । गृष्म रिट्रिट भने ओटावाबाहिर दुईदेखि तीनसम्म चल्छ । उक्त रिट्रिटमा क्षेत्रीय ककस, महिला ककसको बैठक हुनुका साथै एक दिनभरि पूर्ण ककसको आयोजना गरिन्छ । पूर्ण ककसले संसदको आगामी सत्रको दिशा तय गर्दछ। यी ककस बैठकहरूपछि महत्वपूर्ण निर्णय तथा नीति सार्वजनिक हुन्छ। उदाहरणका लागि सन् २००२ मा जाँ क्रेटियनले क्युबेकको शिकोटिमीमा आयोजना गरिएको गृष्म ककसका क्रममा आफ्नो राजीनामाको मिति घोषणा गर्नुभएको थियो । सबै राइडिङ एसोसियसन्सको प्रतिनिधित्व सुनिश्चित गर्न हालैका वर्षहरूमा अघिल्लो निर्वाचनमा पराजित उमेदवारहरूलाई समेत केही ककस बैठकमा आमन्त्रण गरिएको छ। ककस सदस्यहरूबिचको अनौपचारिक कुराकानी र आत्मीयतालाई सहजीकरण गर्न ककस रिट्रिटमा सामाजिक क्रियाकलापहरू समेत समावेश गरिन्छ । ककस आयोजना गरिएको क्षेत्रका सञ्चारमाध्यमहरूलाई पनि यस्ता क्रियाकलापहरू सहभागी हुने अवसर दिइन्छ ।

पार्टीका नीतिगत प्रस्तावहरूको कार्यान्वयनका लागि ककसलाई पार्टीप्रति जवाफदेही बनाउन विभिन्न संयन्त्रहरूको व्यवस्था गरिएको छ। पार्टी विधानको दफा ३३ (४) अनुसार, 'राष्ट्रिय नीति तथा मञ्च समितिका सदस्यहरू मध्येबाट एकजनालाई ककस सम्बन्धी जवाफदेहिता अधिकृतका रूपमा नियुक्त गर्न नेता जिम्मेवार हुनेछन् । त्यस्तो व्यक्ति ककसको सदस्य वा पार्टी नेता प्रधानमन्त्री भएको अवस्थामा मन्त्रिपरिषद्को सदस्य समेत हुनसक्नेछन्। ककस सम्बन्धी जवाफदेहिता अधिकृतले काउन्सिल अफ प्रेसिडेन्ट्सद्विवार्षिक रूपमा आयोजना हुने प्रत्येक अधिवेशन समक्ष ककसद्वारा गरिएको नीति कार्यान्वयन सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ । नेताले उक्त व्यवस्था बमोजिम ककससम्बन्धी जवाफदेहिता अधिकृत नियुक्त नगरेमा वा सोही बमोजिम गर्नुपर्ने प्रतिवेदन पेश नगरेमा सो सम्बन्धमा नेताले पार्टीको आगामी अधिवेशनमा त्यस सम्बन्धी यथार्थ प्रस्तुत गर्नुपर्नेछ ।'[३६]

ककस सम्बन्धी जवाफदेहिता अधिकृतले राष्ट्रिय अधिवेशनमा यसले गरेका प्रगतिको लिखित प्रतिवेदन सार्वजनिक गरी वितरण गर्नुपर्दछ। उक्त प्रतिवेदनमा अघिल्लो अधिवेशनयता प्रत्येक प्रस्ताव लगायत ककस कार्यदलको प्रतिवेदन, संसदीय समितिमा भए गरेका काम कारवाहीहरू, प्रश्नोत्तरका क्रममा सोधिएका प्रश्न, सदस्यहरूले व्यक्तिगत रूपमा पेश गरेका विधेयक, निर्वाचनको बारेमा राष्ट्रिय मञ्चमा समाविष्ट नीति आदि विषयका सम्बन्धमा ककसले गरेका काम कार्यवाहीको यथार्थ चित्रण गरिन्छ । अधिवेशनको क्रममा नेता तथा ककसले जवाफदेहिता सत्रको पूर्ण बैठकमा प्रगति विवरणका सम्बन्धमा उठाइएका प्रश्नहरूको जवाफ दिन्छन् ।

सिकेका पाठहरू

विगत धेरै दशकको अवधिमा लिबरल पार्टीले नीति विकास सम्बन्धमा निर्माण गरिएका असंख्य संयन्त्रहरूको परीक्षण तथा अनुभव गरिसकेको छ। ती संयन्त्रहरूमध्ये केहीमा नीति प्रस्ताव, विचार सम्मेलन, कार्यदल, पार्टी नवीकरण समिति, पार्टीको चुनावी घोषणापत्र तथा रेडबुक, पार्टी नेतृत्व, लिबरल ककस, स्थानीय तहको नीति प्रक्रिया, आयोग, अनलाइन माध्यम आदि छन् । विश्वभरका राजनीतिक दलहरूले जस्तै यस पार्टीले पनि नीति विकासका क्रममा धेरैजसो उस्तै विषयमा संघर्ष गर्नुपरेको छ। ती विषयहरूमा नेतृत्वको भूमिका माथि प्रश्न, संसदीय ककस र पार्टी सदस्यहरूको कार्यशैली र आफ्नो सिद्धान्तमा अडिग रहेर नीति विकासलाई कसरी समावेशी बनाउन सकिन्छ भन्ने विषय आदि रहेका छन् । आधुनिक प्रविधिका विकाससँगै सूचनाको सहज पहुँच भएको छ र पार्टी सदस्यहलाई आफ्ना विचारहरू ब्लग, फेसबुक र अनलाइन छलफल मार्फत सार्वजनिक रूपमा अभिव्यक्त गर्न सक्ने विकल्पहरू छन् । लोकप्रिय आवाजहरूलाई पार्टीको नीति विकासमा

कुन हदसम्म समेटिएको छ भन्ने विषयले अन्ततः पार्टीले भविष्यमा हासिल गर्ने सफलता निर्धारण गर्दछ। लिबरल पार्टी सबैभन्दा तल खस्केको बेला यसले जोखिम मोल्न र नयाँ उपायहरूको परीक्षण गर्न प्रयासगरेको छ । विगतका सफलता र गल्तीबाट पाठ सिक्न सक्ने पार्टीहरू मात्रै दीर्घकालीन रूपमा सफल हुन सक्छन् ।

पार्टी सदस्य र बाहिरका प्राज्ञहरूका नीति विकास कार्यमा सङ्लग्न हुँदा उनीहरूले आफ्नो कामबाट पार्टी नेतृत्वको निर्णयमा प्रभाव पर्छ भन्ने बारेमा हेक्का राख्नुपर्छ । अक्सर लिबरल पार्टीले नयाँ नेता वा नेशनल बोर्ड चयन गर्दा साविकमा रहेको नेतृत्वको नीतिलाई निरन्तरता दिनुभन्दा पनि नयाँ नीतितर्फ अघि बढ्ने पहल गर्दछ। यसबाट चुनावी अभियानमा पार्टीको सन्देश प्रवाह गर्न चाहने मानिसहरूमा आशंका पैदा गर्दछ। अर्कोतर्फ पार्टी सदस्यहरूलाई उनीहरूबाट भएका प्रयासको सराहना गरियो भने यसले पार्टी स्वयंसेवकहरूमा नयाँ जोश जगाउने गरेको छ। यसको उदाहरणका लागि अल्बर्टा भर्चुअल अर्थात् गैरस्थलगत नीति कार्यसम्पादन समूहलाई लिन सकिन्छ । यसको बारेमा मन्त्रीले छलफलपत्रमा लिखित रूपमै ईमेल मार्फत प्रशंसा गरेका थिए ।

विशेषज्ञहरूबाट सूचना सङ्कलन गरी प्रत्यायोजित अधिवेशन मार्फत पार्टी सदस्यहरूबाट त्यसको पुनः परीक्षण गर्ने विधि समावेशी र उपयुक्त प्रक्रिया नभएको भन्दै आमजनताले यसलाई सहजै ग्रहण गर्न सकेका छैनन् । तल्लो तहका सदस्यहरूलाई सहभागी गराउन पार्टीले अनलाइन परामर्शलाई तीव्रता दिँदै नेता तथा ककसलाई जवाफदेही हुन र जनतामाझ प्रतिवेदन गर्न अनिवार्य गराएको छ ।प्राज्ञ तथा विशेषज्ञहरूको सम्मान हुने वातावरणमा पार्टीको नीतिगत कार्यसूचीलाई नयाँ जीवन दिन विचार सम्मेलन र छलफलहरूप्रभावकारी माध्यम हुन् । तर सूचना र इन्टर नेटको सहज पहुँच भएको कारण शिक्षित जनता धेरै भएको वातावरणमा अझ बढी समावेशी संयन्त्रहरूको आवश्यकता पर्छ । ती संयन्त्रहरूमा अनौपचारिक सामाजिक भेला मार्फत स्थानीय तहको सहभागिता, अनलाइन छलफल र सामाजिक सञ्जालको प्रयोग आदि छन् । सफलता प्राप्त गर्न कुनै पनि पार्टीले आफूलाई समयसँगै परिवर्तन गर्नुपर्छ ।
लिबरल पार्टीले दीर्घकालीन सफलता प्राप्त गर्नुका कारणहरूमध्ये पार्टीभित्र युवाहरूको प्रभावशाली भूमिकालाई लिइन्छ । राष्ट्रिय कार्यकारिणीर राष्ट्रिय स्थायी समितिमा पार्टीको युवा आयोगलाई स्थान दिइन्छ र राष्ट्रिय अधिवेशनमा युवा क्लबका प्रतिनिधिहरूलाई आमन्त्रण गरिन्छ । साथै, पार्टीको कुनै पनि अधिवेशनका प्रतिनिधिहरू मध्ये कम्तीमा २५ प्रतिशत व्यक्ति २६ वर्षमुनिको हुनुपर्ने व्यवस्था गरिएको छ । आमजनतासम्म पुग्न युवा आयोगले नयाँ प्रविधिको प्रयोग गरी दुरदर्शी नीतिको परिचालन गर्दै आएको छ । दिर्घकालीन रूपमा सफल हुन चाहने कुनै पनि पार्टीले युवाको बलियो उपस्थिति सुनिश्चित गरी पार्टीको महत्वपूर्ण निर्णयमा प्रभाव पार्न युवालाई वास्तविक अधिकार प्रदान गर्नुपर्दछ ।

लिबरल पार्टी सफल हुनुको अर्को कारण क्यानडाका आदिवासी जनता र महिला लगायत समुदयाभित्रका विभिन्न आवाजलाई ध्यान दिनु रहेको छ । देशको प्रत्येक निर्वाचन क्षेत्रमा पार्टी अधिवेशन सदस्यहरूको संख्या बराबर छ । यसको अर्थ देशको कुनै पनि क्षेत्रलाई विभेद गरिएको छैन । साथै, कुनै नीति वा कार्यक्रम राष्ट्रिय तहमा लागू गर्नुअघि त्यसको परीक्षणकोरूपमा स्थानीय तथा प्रान्तीय तहमा कार्यान्वयन गर्नुले पनि पार्टीलाई फाइदा पुगेको छ । टेक्स्टबक्स १५ मा क्षेत्रीय मञ्चमा रहेका ब्रिटिश कोलम्बिया र अल्बर्टाले राष्ट्रिय तहमा नीति विकास बारे जानकारी गराउन कसरी मद्दत गऱ्यो भन्ने बारेमा चर्चा गरिएको छ ।

टेक्स्टबक्स १५ : क्षेत्रीय घोषणापत्रहरू

क्यानडाको लिबरल पार्टीमा नीति तथा प्लेटफर्म विकासका सबैभन्दा उल्लेखनीय परीक्षणमध्येको एक प्रान्तीय तहमा भयो । परम्परागत रूपमा लिबरल पार्टीले विशेषगरी अल्बर्टा प्रान्तमा र पश्चिमी क्षेत्रमा राम्रो गरेको छैन । सन् १९६८ देखि २००६ को अवधिमा लिबरल पार्टीले सत्ता चलाउँदा संघीय ककस र मन्त्रिमण्डलमा अल्बर्टाबाट उल्लेख्य प्रतिनिधित्व हुन सकेन । यसले पार्टीसँग उक्त प्रान्तको सम्बन्ध थप विस्थापित गऱ्यो ।

अल्बर्टाका लिबरल सदस्यहरूले लिबरल पार्टीले आफूलाई वर्षौंसम्म बेवास्ता गरेको भन्दै ब्रिटिस कोलम्बियाको सिद्धान्त अवलम्बन गरे । सन् २००४ को निर्वाचनमा ब्रिटिस कोलम्बियाका संघीय लिबरल सदस्यहरूले ब्रिटिस कोलम्बियामा बनेको शीर्षकमा अलग्गै क्षेत्रीय घोषणापत्र जारी गरे । पार्टीको आधिकारिक घोषणापत्रभन्दा फरक रहेको उक्त दस्त(ावेजले लिबरल पार्टीले चुनाव जितेको अवस्थामा ब्रिटिस कोलिम्बियामा कार्यान्वयन गर्नैपर्ने अवस्था आउने गरी थुप्रै नीतिहरूको खाका प्रस्तुत गऱ्यो। उक्त रणनीतिको कारण राष्ट्रिय पार्टीले हारे पनि ब्रिटिस कोलम्बियाबाट चुनाव जित्ने उमेदवारको संख्या बढेर पाँचबाट आठमा पुग्यो ।

सन् २००५ मा अल्बर्टा लिबरल ककसले मेड इन अल्बर्टा एजेण्डालाई अगाडि बढाउन पार्टीको बोर्ड परामर्शको नेतृत्व गऱ्यो। उक्त ककसले किचेन बैठकहरूको आयोजना गर्न लिबरल पार्टी अफ क्यानडा इन अल्बर्टासँग निकट रहेका काम कार्यवाही अगाडि बढायो । यसका लागि सदस्यहरू कुनै हलमा भेला भएर वा कसैको घरमा गएर चुनावी घोषणापत्रमा समावेश गर्नुपर्ने विषयहरूका बारेमा परामर्श गरे । पार्टी नेतृत्वबाट प्रस्तावहरू सिधै अस्वीकृत नहुने सुनिश्चित गर्न उक्त ककसले नेशनल लिबरल ककस रिसर्च ब्युरो, प्रधानमन्त्रीको कार्यालय र मन्त्रीको क्षेत्रीय कार्यालयसँग मिलेर काम गऱ्यो। स्थानीय पार्टीको शाखाका प्रतिनिधिहरूबिच केही मतभेद भए तापनि राष्ट्रिय तहको घोषणापत्रका सम्बन्धमा आफ्नै नेतृत्वमाथि दबाब सिर्जना गर्नका लागि ककसको समर्थन परिचालन गर्न उक्त प्रक्रियाले सहज गरायो ।

यस प्रक्रियाले विषयगत अनलाइन नीति समूह मार्फत किचेन बैठकमा आमन्त्रण गरिएका स्थानीय पार्टी सदस्यहरूको व्यापक परिचालनमा समेत सहयोग पुऱ्यायो । यी नीति समूहहरूलाई अल्बर्टा ककस सदस्यहरूले राष्ट्रिय गृष्मकालीन ककस रिट्रिटमा आफ्ना ककस साथीहरूलाई उपलब्ध गराउने प्रतिज्ञा गरेका विषयवस्तु समेटी नीति दस्तावेजहरू तयार पार्न लगाइयो । यी भर्चुअल नीति कार्यसम्पादन समूहको सफलता आपसी समन्वयको स्तरमा निर्भर रह्यो । छलफलमा उठेका विषयहरूलाई नीति दस्तावेजमा समेट्न सक्षम नेताहरूसँग समन्वय गर्नु आवश्यक हुन्छ । तथापि, अल्बर्टा ककस सदस्यहरूले पनि अन्तिम प्रतिवेदनको प्रवर्धन तथा वितरण गर्न इच्छुक भए । केही अवस्थाहरूमा सम्बद्ध मन्त्रीहरूले नीति कार्यसम्पादन समूह समक्ष लिखित पृष्ठपोषण पठाए जुन सदस्यहरूका लागि ज्यादै उत्साहवर्धक थियो । उदाहरणका लागि, कृषि नीति कार्यसम्पादन समूह आफ्नो सक्रियताको कारण उक्त समूहलाई प्रान्तीय कार्य बोर्डमा प्रतिनिधित्व सहित पार्टीकोआधिकारिक स्थानीय समितिमा रूपान्तरण गर्न सफल भयो ।

दुर्भाग्यवश सन् २००६ मा सम्पन्न आमनिर्वाचनमा पराजित भई अल्बर्टामा एक सिट पनि जित्न सकेन । फलस्वरूप पार्टीलाई सन् २००६ को जस्तै चुनावी मुद्दा अगाडि सार्ने उत्साह जागेन । तथापि, हाल जारी परीक्षणको एउटा प्रभावको रूपमा लिबरल पार्टी अफ क्यानडा इन अल्बर्टाकी नीति अध्यक्ष सन् २००६ मा राष्ट्रिय नीति अध्यक्षमा चयन भइन् । आफ्नो छ वर्षे कार्यकालमा उनले राष्ट्रिय स्तरमा नयाँ नीति विकासको लागि सिकिएका पाठहरूको उपयोग गरिन् । वास्तवमा, लिबरल पार्टीको अनलाइन छलफल मञ्च *एज अ फ्यामिलीकै* आधारमा अल्बर्टामा भर्चुअल नीति कार्यसम्पादन समूहहरू तयार गरिएको थियो । पार्टीको सन् २००६ को रेड रिबन कमिटीले महत्वपूर्ण सिफारिसहरू पेश गऱ्यो। तीमध्ये केही अल्बर्टाबाट सिकिएका पाठहरूमा आधारित थिए र त्यसयता तिनीहरूलाई अनुमोदन गरी लिबरल पार्टीको विधानमा समावेश गरिएको छ ।

लिबरल पार्टी, फिलिपिन्स

पार्टीको संक्षित इतिहास

फिलिपिन्सको लिबरल पार्टी सन् १९४६ मा गठन भएको हो । उक्त पार्टी तत्कालीन अवस्थामा आफ्नोप्रभुत्व रहेको नेशनलिष्ट पार्टीबाट अलग भएको समूहले गठन गरेको हो । युद्धकाल पश्चातको अवस्थामा स्थापित लिबरल पार्टीको मूल जरो सन् १९२२ मा विभाजन भएको नेशनलिष्ट पार्टीलाई समेत मान्ने गरिन्छ । तत्कालीन सिनेट अध्यक्ष मानुअल क्वेजोन र प्रतिनिधिसभाका सभामुख सेर्गिओ ओस्मेनाबिचको मतभेदका कारण लिबरल पार्टीको जन्म भएको हो। सिनेट अध्यक्ष क्वेजोनले अहिलको लिबरल पार्टीको पूर्ववर्ती पार्टी कलेक्टिभ लिबरल पार्टी गठन गर्नुभयो।त्यसैले सुरुआतदेखि नै लिबरल पार्टी एक उदारवादी र प्रगतिशील विचारधारा बोकेको पार्टी मानिन्छ ।[३७]

फिलिपिन्सका सबैभन्दा पुराना पार्टीहरूमध्येको एक रहेको लिबरल पार्टीको गौरवमय इतिहास छ । उक्त पार्टी देशमा भएका कैयौँ राजनीतिक उथलपुथलको साक्षी बनेको छ । पार्टीको विकासक्रमलाई सामान्यतयाः तीन कालखण्डमा विभाजन गर्न सकिन्छ । पहिलो, सन् १९४६-१९७२ को अवधि । उक्त अवधिमा पार्टीको गठन भयो । सोही समयमा सैनिक कानुनको घोषणा भयो । व्यवहारतः दुईदलीय व्यवस्था रहेको फिलिपिन्सको राजनीतिमा सत्तार शक्तिको लागि ठुलो संघर्ष भयो । लिबरल पार्टी र नेशनलिष्ट पार्टीले पालैपालो सत्ता चलाए । अन्य पार्टीलाई सत्तामा पुग्ने कुनै मौका भएन । आफ्नो प्रभुत्व कायम राख्न सफल यी दुई पार्टीको सदस्यता प्राप्त गर्नुभनेको कुनै पनि व्यक्तिको ठुलो भाग्य मानिन्थ्यो । यी दुवैको वैचारिक नीति तथा आधार समान थिए ।

दोस्रो, सन् १९७२-१९८६ को अवधि। उक्त अवधिमा विवाद, अन्तरविरोध र पुनर्गठन देखियो । सैनिक कानुनका कारण दुईदलीय शासन प्रणालीको अन्त्य भयो र युद्धकालपछिको अवस्थामा जस्तो यी पार्टीहरूले जनतालाई आकर्षित गर्न सकेनन्। राजनीतिक दल र अन्य प्रजातान्त्रिक संस्थाहरूको जरो उखेल्ने वा आवाज दबाउने कामहरूभए । बेनिङ्गो 'निनोयी' अक्विनो जुनियर लगायतका प्रभावशाली नेताहरूलाई सैनिक हिरासतमा लिइयो भने कतिपयको हत्या समेत भयो ।

अन्ततः फिलिपिन्समा पुनर्जागरण र एकीकरणको समय आयो । सन् १९८६ मा प्रजातन्त्रको पुनर्स्थापना भई सन् १९८७ मा आमनिर्वाचन गरियो । यस अवधिमा लिबरल पार्टी दुई पटकसम्म सरकारको गठबन्धन साझेदार बन्यो । तर पनि आफ्नो पहिचान कायम राख्न उक्त पार्टीले विभिन्न सवालहरूमा अन्य गठबन्धन साझेदारहरूको विरोध गर्न छाडेन। उदाहरणको लागि, कोराजोन अक्विनोको शासनकालमा अमेरिकी सैन्य आधार शिविरविरुद्धको अन्दोलनमा उक्त पार्टी अग्रपंक्तिमा उभिएको थियो । साथै, पार्टीले राष्ट्रपति रामोसको शासनकालमा संविधान संशोधनको विरोध गर्नुका साथै माकापागल अर्रोयोको राजीनामा माग गर्दै थालिएको आन्दोलनको नेतृत्व गऱ्यो ।[३८]

सन् २०१० मा पार्टी निर्वाचनको तयारीमा जुटिरहेका बेला पूर्वराष्ट्रपति कोराजोन अक्विनोको निधन भयो । त्यसपछि उहाँका एकमात्र छोरा तत्कालीन सिनेटर बेनिङ्गो सिमन 'नोयनोय' अक्विनो तृतीयलाई राष्ट्रपति पदको उमेदवार बनाउने निर्णय गरियो । निर्वाचनमा अक्विनोले अत्यधिक बहुमत हासिल गर्नुभयो । योसँगै आधा शताब्दीभन्दा लामो अवधिमा लिबरल पार्टीबाट राष्ट्रपति पदमा निर्वाचित हुने उहाँ पहिलो व्यक्ति हुनुभयो ।[३९]

पार्टीको पहिचान

लिबरल पार्टीको विधानमा उल्लेख गरिएको 'परिकल्पना, ध्येय तथा उद्देश्यहरू'ले यस पार्टीको विचारधारा प्रतिबिम्बित गर्दछन्। विधानमा 'सामाजिक समता, ऊर्जाशील बजार अर्थतन्त्र, राजनीतिक खुलापन, पर्यावरणीय सन्तुलन र इमान्दार तथा प्रभावकारी सरकारमा आधारित न्यायपूर्ण, सम्बृद्ध र विवेकशिल नागरिक समाज' स्थापना गर्ने आकांक्षाउल्लेख गरिएको छ ।[४०]

सैनिककानुनको खारेजीपछि पार्टीले युवा विभाग गठन गऱ्यो। उक्त युवा विभाग इन्टरनेशनल फेडेरेसन अफ लिबरल एण्ड रेडिकल युथको पहिलो एसियाली सदस्य बन्यो । लिबरल पार्टी पनि लिबरल इन्टरनेशनलको पहिलो एसियाली सदस्य

हो । साथै, उक्त पार्टी राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सञ्जालको सदस्य बन्ने फिलिपिन्सकै पहिलो पार्टी हो । यसका अतिरिक्त लिबरल पार्टी काउन्सिल अफ एसियन लिबरल्स एण्ड डेमोक्र्याट्सको एक संस्थापक सदस्य रहेको छ । आफ्ना अधिकारी र सदस्यहरूमा उदारवादी राजनीतिक विचारधाराको बिजारोपण गर्न पार्टीले दुईओटा ठोस कदम चालेको छ । पहिलो, फिलिपिन्सको उदारवादी विज्ञ समूह नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिजसँगको सहकार्य[४१]। दोस्रो, बेसिक ओरियन्टेसन अन लिबरल डेमोक्रेसी (बोल्ड) सेमिनारहरूको आयोजना । लिबरल पार्टीसँगको सहकार्यमा नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिजले सञ्चालन गरेको बोल्ड अभियानले पार्टीमा आबद्ध हुन इच्छुक व्यक्तिहरूलाई आधारभूत उदारवादी सिद्धान्तका बारेमा प्रशिक्षण दिने लक्ष्य लिएको छ ।

पार्टीका नियमहरू

पार्टीको विधानले पार्टीका नीतिहरू तय गर्न जिम्मेवार निकायहरूबारे किटान साथ उल्लेख गरेकोछ । सबैभन्दा महत्वपूर्ण चारओटा निकायहरूमा राष्ट्रिय निर्देशनालय, राष्ट्रिय कार्य परिषद्, राष्ट्रिय राजनीतिक परिषद् र राष्ट्रिय बोर्ड रहेका छन् । तिनीहरूबिचको सम्बन्धका बारेमा तलको रेखाचित्र १३ मा उल्लेख गरिएको छ ।

राष्ट्रिय निर्देशनालयले पार्टीको लागि सामान्य नीति तथा निर्देशिकाहरू निर्धारण गर्दछ। यसमा देशका चारओटा प्रमुख भौगोलिक क्षेत्रका प्रत्येक पार्टी शाखा समितिका साधारणसभाद्वारा नियुक्त प्रतिनिधिहरूरहन्छन् । ती भौगोलिक क्षेत्रहरूमा लुजोन, विसायास, मिन्डानाओ र राष्ट्रिय राजधानी क्षेत्र पर्दछन् । साधारणसभाहरू पार्टी अध्यक्षको आह्वानमा आयोजना गरिन्छ । पार्टीको विधान अनुसार प्रत्येक छवर्षमा कम्तीमा एक पटक उक्त साधारणसभाको आयोजना गर्नुपर्दछ । राष्ट्रिय कार्य परिषद्ले साधारणसभाको बनोट र कार्यविधि सम्बन्धी नियम रनिर्देशिकाहरू बनाउँछ ।
साधारणसभाले राष्ट्रिय निर्देशनालयको लागि माथि उल्लिखत सबै भौगोलिक क्षेत्रहरूबाट समान प्रतिनिधित्व हुने गरी बढीमा १०० प्रतिनिधि चयन गर्दछ। पार्टीका साधारण नियम र निर्देशिकाहरू निर्धारण गर्नुका अतिरिक्त राष्ट्रिय निर्देशनालयले पार्टी पदाधिकारीहरूको समेत चयन गरी पार्टी अध्यक्षको आह्वानमा प्रत्येक तीन वर्षमा कम्तीमा एक पटक वा आवश्यकता अनुसार जति पटक पनि बैठकको आयोजना गर्न सक्दछ। साथै, पार्टी महासचिवले हस्ताक्षरको प्रमाणित गरे बमोजिम ७५ प्रतिशत सदस्यहरूको सहमतिका आधारमा पनि बैठकको आयोजना गर्न सकिन्छ ।

राष्ट्रिय कार्य परिषद्को प्रत्यक्ष सुपरिवेक्षणमा पार्टीका सबै अंगहरूले पार्टी नीति तथा निर्देशिकाहरूको कार्यान्वयन तथा प्रशासन गर्दछन्। राष्ट्रिय कार्य परिषद्मा पार्टीको राष्ट्रिय तहका सबै पदाधिकारी, पार्टीको तर्फबाट सरकारमा रहेका पदाधिकारी, सिनेटर, प्रतिनिधिसभा सदस्य, गभर्नर, मेयर, अध्यक्ष, उपाध्यक्ष आदिको प्रतिनिधित्व रहेको हुन्छ । साथै, यसमा पार्टीका पूर्वअध्यक्ष तथा उपाध्यक्ष, सम्बद्ध क्षेत्रगत सङ्गठनका राष्ट्रिय अध्यक्ष, युवा, महिला, सहरी गरिब, श्रमिक, किसान आदि लगायत पार्टी अध्यक्षबाट मनोनित र राष्ट्रिय निर्देशनालयबाट अनुमोदित राष्ट्रिय स्तरमा ख्याती कमाएका व्यक्तिहरूको समेत प्रतिनिधित्व हुन्छ ।

बैठकमा पार्टी अध्यक्ष उपस्थित नभएको अवस्थामा उनको औपचारिक निर्देशन बमोजिम राष्ट्रिय कार्य परिषद्ले यसमा निहित रहेका सम्पूर्ण काम, कर्तव्य र अधिकारहरू निर्वाह गर्दछ। राष्ट्रिय कार्य परिषद्का सदस्यहरूको कार्यकाल तीन वर्ष रहेको छ भने यसको वैठक एक वर्षमा कम्तीमा एक पटक बस्नुपर्छ । तर यसको बैठक विभिन्न तरिकाबाट गर्न सकिन्छ । पार्टी अध्यक्षले कुनै पनि बेला बैठक आह्वान गर्न सक्छन् । दुईतिहाई सदस्यहरूको माग बमोजिम पनि बैठक आह्वान गर्न सकिन्छ । यसैगरी पार्टी महासचिवले हस्ताक्षरको प्रमाणित गरे बमोजिम राष्ट्रिय राजनीतिक परिषद्का सदस्यहरूको सामान्य बहुमतले समेत बैठक बोलाउन सक्छ ।

राष्ट्रिय कार्य परिषद्को सत्र चालु नरहेको बेला राष्ट्रिय राजनीतिक परिषद्ले त्यसका सबै अधिकारहरूको प्रयोग गर्दछ। यसमा पार्टीका राष्ट्रियस्तरका पदाधिकारीहरू, निवर्तमान अध्यक्ष, संसदीय ककसका अध्यक्ष, स्थानीय प्रमुख कार्यकारीहरूका अध्यक्ष र स्थानीय विधायकहरूको लिबरल लिगका अध्यक्ष रहन्छन् । यसको बैठक वर्षमा दुई पटक वा पार्टी अध्यक्षको आह्वानमा आवश्यकता अनुसार बस्छ । लिबरल पार्टी हाल सरकारमा रहेको छ । त्यसैले संसदीय ककसका अध्यक्ष, स्थानीय प्रमुख कार्यकारीहरूका

रेखाचित्र १३ : पार्टी निकायहरूको सम्बन्धमा विधानमा उल्लेखित व्यवस्था

अध्यक्ष र स्थानीय विधायकहरूको लिबरल लिगका अध्यक्षको भूमिका राष्ट्रिय राजनीतिक परिषदमा अझ बढी महत्वपूर्ण भएकोछ । पार्टीको राष्ट्रिय निर्णय गर्ने संरचनामा उनीहरूको उपस्थितिले सरकारका विभिन्न तहमा नीतिगत समन्वयलाई सुदृढ बनाउँछ ।

पार्टीको नेशनल बोर्डमा सातजना प्रमुख पदाधिकारीहरू रहन्छन् । उनीहरूमा अध्यक्ष, उपाध्यक्ष, सभापति, कार्यकारी उपसभापति,र नीति, प्लेटफर्म, पैरवीका कार्यकारी उपसभापति, महासचिव र कोषाध्यक्ष लगायत पर्छन् । यो बैठक नियमित रूपमा हुन्छ र यसले राष्ट्रिय राजनीतिक परिषद् र राष्ट्रिय कार्य परिषद्को सत्र चालु नरहेका बेला तिनीहरूका सम्पूर्ण काम कार्यवाहीहरूको जिम्मेवारी बहन गर्दछ ।

पार्टीमा राष्ट्रिय स्थायी आयोगहरू मध्येको एकसार्वजनिक नीति, प्लेटफर्म तथा पैरवी आयोगसमेत रहेको हुन्छ ।उक्त आयोग पार्टीको सार्वजनिक शिक्षा तथा नीति अनुसन्धान कार्यक्रमको लागिजिम्मेवार हुन्छ । स्थायी आयोगहरूद्वारा अनुमोदित सबै नीति तथा नियमावलीहरू राष्ट्रिय राजनीति

परिषद्बाट स्वीकृत हुनुपर्दछ ।

माथि उल्लेखित वैधानिक प्रावधानहरूले के देखाउँछन् भने लिबरल पार्टीले नीति तर्जुमा तथा कार्यान्वयनका लागि जिम्मेवार पार्टीका अंगहरू स्पष्ट रूपमा किटान गरेको छ । ती अंगहरूको बरियताक्रम पनि स्पष्ट उल्लेख गरिएको छ (रेखाचित्र १३) । प्रमुख नेता तथा प्रमुख कार्यकारी अधिकृतका रूपमा पार्टी अध्यक्षको भूमिका पनि विधानमा समेटिएको छ । विधानमा लेखिएको छ, 'पार्टी अध्यक्षले आवश्यकता अनुसार तत्काल कदम चाल्नुपर्ने अवस्थामा नेशनल बोर्ड, राष्ट्रिय कार्य परिषद् र राष्ट्रिय राजनीतिक परिषद्का सम्पूर्ण अधिकार तथा काम कार्यवाहीहरूको प्रयोग गर्नेछन् ।'[४२] तर पार्टी अध्यक्षले राष्ट्रिय कार्य परिषद्को अर्को सत्रमा ती अधिकारहरूको प्रयोगका बारेमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

नीति विकास र व्यवहारमा यसको कार्यान्वयन

लिबरल पार्टीको नीति विकासमा उच्च तहका राष्ट्रिय नेताहरूको मात्रै सङ्लग्नता हुन्छ । पार्टीको विधान बमोजिम पार्टीको नीति निर्माण गर्ने सबैभन्दा माथिल्लो निकाय राष्ट्रिय निर्देशनालय हो । तथापि, विगतमा यसको बैठक विधान अनुसार नबोलाइएका उदाहरणहरू पनि छन् । यसकारण राष्ट्रिय कार्य परिषद्ले राष्ट्रिय निर्देशनालयको भूमिका निर्वाह गरेको भए तापनि राष्ट्रिय कार्य परिषद् र राष्ट्रिय निर्देशनालय दुवैले बैठक आयोजना नगरेका घटना पनि छन्। व्यवहारमा राष्ट्रिय बोर्डका केही पदाधिकारीहरू र सरकारमा रहेका केही प्रमुख पदाधिकारीहरू मात्रको सहभागितामा बैठक भइरहन्छ । नीतिगत मस्यौदा निर्माण, कार्यान्वयन र मूल्यांकन गर्ने सम्बन्धमा पार्टीको चरणबद्ध प्रक्रिया भने स्पष्ट छैन । नीति निर्माणको पहलकदमी गरिएको बेला उनीहरू तदर्थ भई पार्टी पदाधिकारीहरू विशेषगरी अध्यक्षको सहयोगमा निर्भर रहेको पाइन्छ । सन् २०१० को निर्वाचनको तयारीका क्रममा अवलम्बन गरिएको रणनीतिक योजनाले यसको पुष्टि गर्दछ।

रणनीतिक योजना (सन् २००४–२०१०)

सन् २००४ को निर्वाचनपछि लिबरल पार्टीले तत्कालीन पार्टी अध्यक्ष तथा सिनेट अध्यक्ष फ्रयाङ्क्लीन फ्रयाङ्क ड्रिलोनको पहलकदमीमा रणनीतिक योजना सन् २००४-२०१० सार्वजनिक गऱ्यो। उक्त योजना सन् २००४ मा आयोजित रणनीतिक योजना सम्मेलनमा भएको छलफलबाट प्राप्त निष्कर्षमा आधारित थियो । यसको मस्यौदा निर्माणका लागि सम्मेलनमा भएको छलफलबाट प्राप्त निष्कर्षका अतिरिक्त राष्ट्रिय आयोजक आयोगसँग गरिएको छलफलबाट प्राप्त टिप्पणी तथा निष्कर्ष र नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिज लगायत अन्य सम्बद्ध संस्थाहरूसँग गरिएको अन्तरक्रियालाई समेत आत्मसात गरिएको थियो । उक्त योजना दस्तावेजको सुरुमा सन् २००४ को मे महिनामा सम्पन्न निर्वाचनपछि पार्टीको अवस्था कस्तो रहेको छ र पार्टीलाई अझै बलियो बनाउन चाल्नुपर्ने तत्कालीन तथा दिर्घकालीन कदमहरूका बारेमा उल्लेख गरिएकोछ । यस अन्तर्गत पार्टी सदस्यहरूको शिक्षा, आपसी समन्वय तथा मेलमिलाप सुदृढ गर्ने, समयसापेक्ष मुद्दाहरूमा पार्टीको अडान स्पष्ट गरी आमजनता समक्ष त्यसलाई सम्प्रेषण गर्ने, एक ढिक्का भईप्रभावकारी काम गर्ने र पार्टी कार्यक्रमलाई एकीकृत राष्ट्रिय सङ्गठनको रूपमा अगाडि बढाउने आदि छन् ।

यस प्रयोजनको लागि विभिन्न मुद्दाहरूमा आफ्ना सदस्य तथा पदाधिकारीहरूबिच सहमति कायम गर्नको निम्ति पार्टीले उदारवादी नीति रलोकतन्त्रलाई साझामञ्चका रूपमा निरन्तरता दिन आह्वान गऱ्यो।प्लेटफर्मको निर्धारण भइसकेपछि कुनै पनि विषयमा पार्टीको धारणा सार्वजनिक गर्न तथा सार्वजनिक बहसहरूको आयोजना गर्न त्यस्तो मञ्चहरूको उपयोग गर्न सकिन्छ । आफ्नो लक्ष्यमा पुग्न पार्टीले अन्य समूहसँग साझेदारी वा गठबन्धन समेत गर्न सक्छ । सोसल कन्ट्रयाक्ट विथ फिलिपिनो पिपल अर्थात् (फिलिपिनी जनतासँग सामाजिक करार)को गठनबाट उक्त साझेदारी वा गठबन्धन गर्न सक्ने विषय स्पष्ट हुन्छ ।

सोसल कन्ट्रयाक्ट विथ फिलिपिनो पिपल (फिलिपिनी जनतासँग सामाजिक करार)

रणनीतिक योजनाको निष्कर्ष बमोजिम विभिन्न संघसंस्थाहरू सँगको समन्वयमा सन् २०१० को राष्ट्रपति निर्वाचनका लागि तत्कालीन राष्ट्रपति सिनेटर अक्विनोको घोषणापत्र तयार गर्न लिबरल पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सोसल कन्ट्रयाक्ट विथ फिलिपिनो पिपलको

टेक्स्टबक्स १६ : प्रजनन स्वास्थ्य ऐन

लिबरल पार्टी हाल सत्तारूढ पार्टी हो । पार्टीको मानार्थ अध्यक्ष समेत रहनुभएका राष्ट्रपति अक्विनोले नीति विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुन्छ । जिम्मेवार मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०१२ को हकमा भने उहाँको भूमिका त्योभन्दा फरक छ । सन् २००० मा फिलिपिन्सले सन् २०१५ भित्रमा सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्ने प्रतिबद्धता जनाउँदै सहस्राब्दी घोषणापत्रमा हस्ताक्षर गऱ्यो। ती लक्ष्यहरूमा लैंगिक समानता र स्वास्थ्यमा सुधार ल्याउने विषय समेत समावेश छन् । अगष्ट २०१० मा सरकारले युएसएआईडी (अमेरिकी अन्तर्राष्ट्रिय विकास सहयोग संस्था)सँगको सहकार्यमा 'मे प्लानो सिला' नाम दिइएको परिवार नियोजनलाई प्रवर्धन गर्ने एउटा सञ्चार रणनीति घोषणा गऱ्यो। आम रूपमा प्रजनन स्वास्थ्य ऐन भन्ने गरिएको उक्त कानुनले परिवार नियोजनका साधनहरूको सर्वव्यापी पहुँच, प्रजनन शक्ति नियन्त्रण, बन्ध्याकरण, यौन शिक्षा र मातृसेवा प्रत्याभूत गर्ने लक्ष्य लिएको छ । तथापि, उक्त कानुन मस्यौदाको तयारीका क्रममा समाजका रूढिवादी सदस्यहरूबाट चर्को विरोध भयो ।

विधेयकलाई प्रवर्धन गर्न र यसमा आफ्नो ठुलो समर्थन रहेको देखाउन राष्ट्रपति अक्विनोले प्रतिनिधिसभाका सदस्यह(रूलाई दुईपटक सम्मव्यक्तिगत चियापान कार्यक्रममा निमन्त्रणा गर्नुभयो । यसको पहिलो उद्देश्य उनीहरूको समर्थनबाट विधेयकलाई अगाडि बढाउनु थियो । अर्को उद्देश्य भनेको यसलाई बहुमतबाट पारित गर्न आदेश दिने नदिने भन्ने बारेमा उनीहरूको राय सुझाव लिनु थियो ।संसदका सहयोगीहरूले उहाँको आग्रहलाई आत्मसात गरेपछि राष्ट्रपतिले क्याथोलिक पादरिहरूको डर चिन्ता मत्थर गर्ने प्रयास स्वरूप क्याथोलिक धर्मगुरु, सांसद र प्रजनन स्वास्थ्यका पक्षधर सम्मिलित थुप्रै बैठकहरू आयोजना गर्नुभयो । तर त्यसबाट उल्लेख्य परिणाम प्राप्त हुन सकेन ।

संसदले विधेयकमाथि मतदानको तयारी गरेपछि लिबरल पार्टीका अध्यक्ष, आन्तरिक तथा स्थानीय सरकार मन्त्री म्यानुअल रोक्सास द्वितीय र लिबरल पार्टीका एक पूर्वअध्यक्ष सबैले आफ्ना सहयोगीहरूलाई सिधै प्रस्तावित विधेयकमा समर्थनका लागि आग्रह गर्न पार्टी मुख्यालयमा एउटा संसदीय दलको भेला आयोजना गरे । के पनि भन्ने गरिएको छ भने राष्ट्रपति अक्विनोले व्यक्तिगत रूपमै टेलिफोन सम्पर्क गरी प्रतिनिधिहरूलाई विधेयकमाथि समर्थन जनाउन निर्देशन दिनुभएको थियो । उहाँले विधेयकको पक्षमा मतदान गर्न वा संसदीय सत्रमा अनुपस्थित हुन सुझाव दिनुभएको थियो । यसैगरी पार्टीका उच्च पदस्थ सदस्यले विधेयकको पक्षमा मतदान नगर्ने प्रतिनिधिलाई प्रतिबन्ध लगाइने चेतावनी दिएका थिए ।[४४] राष्ट्रपति अक्विनोले अत्यन्त जरुरी कदम भन्दै विधेयक प्रमाणीकरण गरेपछि मात्र पार्टीले त्यस प्रति ऐक्यबद्धता प्रकट गरेको थियो ।

पार्टीको निर्देशन उल्लंघन गर्ने सदस्यलाई कसरी प्रतिबन्ध लगाउने भन्ने बारेमा विस्तृत विवरण भने खुलाइएन । यद्यपि, फिलिपिन्सको राजनीतिक संस्कृतिमा राष्ट्रपति तथा राष्ट्रपतिसँग अक्सर राजनीतिक सम्बन्धमा भएका सभामुखले आफ्नो प्रभावमा पारी प्रशासनको प्राथमिकतामा रहेको विधेयक पारित गर्न रकम निकासा गर्ने, समितिका अध्यक्षह(रूबिच बाँडफाँट गर्ने र अन्य प्रोत्साहन रकम दिने गरेको विश्वास गरिन्छ । यसरी राष्ट्रपति अक्विनोले प्राप्त गरेको समर्थनको परिणामस्वरूप प्रजनन स्वास्थ्य विधेयक संसदको दुवै सदनबाट पारित भई सन् २०१२ मा यसले कानुनको रूप लिएको थियो ।

उदयको समय सन् २००९ को डिसेम्बर महिनालाई लिन सकिन्छ। त्यतिबेला ५० जना अभियन्ताहरू सिनेटर अक्विनो र उनका उपराष्ट्रपतिउमेदवार मार रोक्सासको चुनावी अभियान तथा यसको ढाँचा तयार गर्न जुटेका थिए।
नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिज अर्थात् नीतिगत अध्ययनका लागि राष्ट्रिय प्रतिष्ठानका अध्यक्षले उक्त अभियानको नीति समूहको बैठक बोलाई सरकारको लागि एउटा प्लेटफर्म विकास गरी अभियानको मुख्य सन्देश तयार पारे । यस कार्यमा उनलाई कङ्ग्रेस सदस्य डिना अब्दा लगायत थुप्रै सरकारी पदाधिकारी र विषयगत नेताहरूले सहयोग गरे । यसरी सहयोग गर्नेहरू लिबरल पार्टीका सदस्य बाहेकका व्यक्तिहरू पनि थिए। त्यसपछि नीति सुधार सम्बन्धी प्रस्ताव तयार गरी विभिन्न क्षेत्रका सम्बन्धमा हुने छलफललाई सहजीकरण गर्न नीति समूहले भेलाहरूको आयोजना गऱ्यो। ती क्षेत्रहरू व्यवसाय तथा आर्थिक विकास, शिक्षा, सुशासन, विदेश नीति, कृषि, स्वास्थ्य र अन्य चासोका विषयहरू थिए ।[४३] यस प्रक्रियाको परिणामस्वरूप अक्विनोको राष्ट्रपति निर्वाचन प्रचार प्रसार अभियानका लागि १६ बुँदे एजेण्डा सार्वजनिक गरियो । यसको नाम थियो सोसल कन्ट्र्याक्ट विथफिलिपिनो पिपुल (फिलिपिनी जनतासँग सामाजिक करार) । ती एजेण्डाहरूछओटा विषय (रूपान्तरणकारी नेतृत्व, अर्थतन्त्र, सरकारी सेवा, लैंगिक समानता, शान्ति सुरक्षा र वातावरण) मा केन्द्रित थिए।
सामाजिक करारका विषयवस्तुहरू स्पष्ट रूपमा लिबरल पार्टी र स्वयंसेवकहरूले सन् २०१० को निर्वाचनका लागि तयार गरेको परिवर्तनको प्लेटफर्मबाटसाभार गरिएको थियो र यसले राष्ट्रपति अक्विनोको सत्ता सञ्चालनमा समेत एक मार्गदर्शकको रूपमा काम गरेको छ। भ्रष्टाचार न्यूनीकरण, प्रजनन स्वास्थ्य, शान्ति सम्झौताको ढाँचा, शैक्षिक सुधार लगायतका विषयहरूमा राष्ट्रपतिले गरेका वाचाहरूलाई विभिन्न कानुनहरू मार्फत साकार रूप दिइएको छ । तथापि, सामाजिक करार बमोजिम मस्यौदा गरिएका केही विधेयकहरू अझैसम्म संसदमा विचाराधीन रहेका छन् । उदाहरणको लागि सूचनाको स्वतन्त्रता सम्बन्धी विधेयकलाई लिन सकिन्छ । उक्त विधेयक प्रभावशाली लिबरल नेता तथा संसद सदस्य लोरेन्जो एरिन तानाडाले पेश गर्नुभएको थियो । तर यस विधेयकले प्रशासनबाट राम्रो समर्थन प्राप्त गर्न सकेन । टेक्स्टबक्स १६ मा प्रस्तुत सूचनाको स्वतन्त्रता सम्बन्धी विधेयक र प्रजनन स्वास्थ्य ऐनको अवस्थाले कुनै पनि कानुन बनाउन राष्ट्रपतिको कति धेरै भूमिकाहुन्छ भन्ने देखाउँछ ।

नीति विकास प्रक्रियामा सुधार

पार्टीको विधानले पार्टीको नीतिगत दिशा निर्धारण गर्न जिम्मेवार निकायहरूबारे स्पष्ट किटान गरेको भए तापनि पार्टी अध्यक्षमा निहित शक्तिका कारण नीति विकासमा प्रगति हुने नहुने विषय मुख्यतः उनैको हातमा हुन्छ। समग्र फिलिपिनी समाज जस्तै लिबरल पार्टीमा पनि ठुलाठुला प्रभावशाली व्यक्तित्वहरूको प्रभुत्व रहेको छ। संस्थाको प्रकृति र दिशा निर्धारण उनीहरूले नै गर्दछन्। यसले गर्दा नेताहरू सिंगै पार्टी सरह छन् । धेरै पर्यवेक्षकहरूले संस्थामा विधिको भन्दा व्यक्तिको प्रभुत्व भएको कारण देशमा राजनीतिक विकासले गति लिन नसकेको कुरा स्वीकार गरेका छन् । हाल लिबरल पार्टी सत्तामा छ र व्यक्ति पूजा गर्ने परम्पराले गर्दा सिंगो पार्टी नै राष्ट्रपति अक्विनोको नीतिगत घोषणा माथि आवश्यकता भन्दा बढी निर्भर भएको देखिन्छ। पार्टीका नीतिहरू राष्ट्रपति अक्विनोको नीतिहरूसँग सामञ्जस्य हुनु आवश्यक भए तापनि नीति विकासको सन्दर्भमा लिबरल पार्टी अझ बढी अग्रसर हुनसक्थ्यो । उदाहरणको लागि, ज्यादै विवादास्पद प्रजनन स्वास्थ्य विधेयक माथिको बहसमा पार्टीले आफ्ना धारणा बनाउन सकेन । राष्ट्रपति अक्विनोले तत्काल आवश्यक रहेको भन्दै त्यसको प्रमाणिकरण गरेपछि मात्र सोही बमोजिम पार्टीले आफ्नो धारणा सार्वजनिक गऱ्यो।

लिबरल पार्टी सत्तामा आएको तीन वर्ष बितिसक्दा पनि पार्टीको नीति निर्माण प्रक्रिया उस्तै छ। पार्टी प्रतिनिधिहरू यसमा सुधार नहुनुमा दुईओटा कारण रहेको बताउँछन् । पहिलो, सन् २०१०-१२ को अवधिमा लिबरल पार्टीका महत्वपूर्ण पदाधिकारीहरू राष्ट्रपतिको मन्त्रिमण्डलमा रहनु र आफ्नो अधिकांश समय तथा ऊर्जालाई पार्टीका आन्तरिक मामिलामा भन्दा सत्ता सञ्चालनमै केन्द्रित गर्नु । दोस्रो, सन् २०१२-१३ को अवधिमा पार्टीको मुख्य चासोको विषय मध्यावधि निर्वाचन हुनु ।

यद्यपि, सन् २०१४-२०१५ को मध्यावधि निर्वाचनपछिको दुई वर्षले पार्टी निर्माणका विभिन्न विषयहरूको सम्बोधन गर्ने अवसर प्रदान गरेको र सन् २०१६ को राष्ट्रपति निर्वाचनका

लागि पार्टी विद्युतीय भोटिङ मेसिनमा फर्केको पार्टी पदाधिकारीहरू बताउँछन् । यी पदाधिकारीहरूले समूहहरूका रूपमा नीति विकासमा महत्वपूर्ण योगदान गर्न लिबरल सिटिजन्स र नेशनल ईन्स्टिच्यूट अफ पोलिसी स्टडिजमा सम्भावना रहेको स्वीकारगर्दछन्। विशेषगरी महिला, किसान, माझी समुदाय, युवा, श्रमिक र सहरी गरिब लगायत तल्लो तहलाई परिचालन गरी उनीहरूको समर्थन जुटाउन एउटा प्रयासको रूपमा लिबरल सिटिजन्सलाई लिइन्छ । उक्त समूहमा देशव्यापी रूपमा २०,००० भन्दा बढी सदस्य रहेकोदाबी गरिएको छ ।

सुरुआती अवस्थामा विशेषगरी यी क्षेत्रहरूलाई निर्वाचनका बेला समर्थन प्राप्त गर्न परिचालन गरिएको थियो । तर यसो गर्दा ती क्षेत्रहरूलाई अलग्याउने वा राजनीतिकरण गर्ने जोखिम हुन्छ र केही क्षेत्रका नेताहरू आफू कुनै निश्चित राजनीतिक पार्टीसँग आबद्ध रहेको भनी चिनिने चाहना नराख्न सक्छन् । फिलिपिन्समा राजनीतिक दलहरूप्रति हेर्ने आम दृष्टिकोणका कारण यस्तो अवस्था आउन सक्छ । अर्कोतर्फ लिबरल पार्टी सत्तामा रहेको बेला आयोजनाहरूको ठेक्का पाउने आशमा ती क्षेत्रका नेताहरूले उक्त पार्टीमा आबद्ध हुने चाहना गर्न सक्छन् । लिबरल पार्टीको नीति निर्माण प्रक्रियालाई विकेन्द्रीकरण गर्न लिबरल सिटिजन्स(उदारवादी नागरिकहरूको सञ्जाल)सँग काम गर्ने अभियान चलेको छ । यस सम्बन्धी प्रस्तावमा देहायका दुईओटा मुख्य विषय छन् :

१. लिबरल सिटिजन्स नीतिगत छलफल : प्रत्येक प्रान्त, नगरपालिका वा सहरमा उक्त समूहको तीनजना सम्मिलित सांगठनिक संरचना हुन्छ । तिनीहरूमा विषयगत नेता, सामुदायिक आयोजक र सूचना प्रविधि विशेषज्ञ रहेका छन् । उक्त संरचनाले पार्टी र स्थानीय निर्वाचन क्षेत्रबिच नीति सम्बन्धी विषयमा सञ्चार आदानप्रदान गर्न सहजीकरण गर्दछ। क्षेत्रगत नेता र समुदाय आयोजकले तल्लो तहमा हुने नीतिगत सवालहरूमाथि छलफल तथा बहस गर्न सहजीकरण गर्दछन्। यी नीतिगत छलफलका निष्कर्षहरू सूचना प्रविधि विशेषज्ञद्वारा पार्टीको राष्ट्रिय मुख्यालय समक्ष प्रेषित गरिन्छ ।
२. नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिजद्वारा नीति संष्लेषण : पार्टी मुख्यालयले नीतिगत छलफलबाट आएका सुझावहरूसङ्कलन गरेपछि नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिजलाई विभिन्न नीतिगत धारणाहरूको प्रशोधन तथा एकीकृत गरी सारांशमा पढ्न मिल्ने ढाँचामा पेश गर्ने जिम्मेवारी दिइन्छ । त्यती गरिसकेपछि नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिजले कार्यपालिका तथा विधायिका शाखा दुवैका मुख्य सरकारी पदाधिकारीहरू र क्षेत्रगत नेताहरूको गोलमेच छलफलको आयोजना गर्न सक्छ । नीतिगत सहमति कायम भएपछि नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिजले सम्बन्धित विषयमा लिबरल पार्टीको नीतिगत धारणाका बारेमा सम्बन्धित सरकारी पदाधिकारीहरूलाई एउटा ज्ञापनपत्र पेश गर्दछ। सर्वसाधारण जनताको जानकारी र उनीहरूबाट सुझाव लिनको लागि उक्त नीतिगत अवधारणा पार्टीको वेबसाइटमा पनि प्रकाशित गरिन्छ ।

हालैका समयमा चुनावी जीत र युवाहरूको प्रवेशले पार्टी निर्माण तथा विकास प्रक्रियालाई सुदृढ गराउनसक्छ । पार्टीका नीतिहरूको तर्जुमा, कार्यान्वयन र पुनरावलोकनको सन्दर्भमा नागरिक सहभागिताले लिबरल पार्टीलाई जनताको वास्तविक पार्टीमा रूपान्तरण गर्ने आशा गर्न सकिन्छ ।

द न्यु डेमोक्रेटिक पार्टी, ब्रिटिश कोलम्बिया,क्यानडा

पार्टीको इतिहास

ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टी (बीसीएनडीपी) सन् १९६१ मा स्थापना भएको क्यानडाको न्यु डेमोक्रेटिक पार्टीको एउटा अंश हो । ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको स्थापना पछि ब्रिटिश कोलम्बियामा १३ ओटा आमनिर्वाचन सम्पन्न भएका छन् । यस अवधिमा उक्त पार्टीले सन् १९७२, १९९१ र १९९६ गरी तीन पटकसम्म आफ्नो सरकार गठन गरेकोछ । ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टी मध्यमार्गबाट थोरै वामपन्थी झुकाव राख्ने पार्टी हो ।परम्परागत रूपमा यसलाई स्वास्थ्य सेवा, शिक्षा, वातावरण संरक्षण र गरिबी निवारण जस्ता सामाजिक मुद्दाहरू जोडतोडका साथ उठाउने पार्टीको रूपमा हेर्ने गरिन्छ ।क्यानडाको न्यु डेमोक्रेटिक पार्टी सोसलिष्ट इन्टरनेशनलको सदस्य रहेकाले प्रकारान्तरले ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टी पनि सोससिष्ट इन्टरनेशनलको सदस्य हो ।

साढे नौ वर्षसम्म सत्तामा रहेपछि सन् २००१ मा ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टी प्रान्तीय निर्वाचनमा पराजित भयो । उक्त पार्टीले कुल खसेको मत मध्ये झण्डै २२ प्रतिशत मत प्राप्त गरेको भए तापनि विधायिका सभामा जम्मा दुई सिटमात्र जित्न सफल भयो ।कैयौँ वर्षसम्म अप्ठ्यारो गरी सरकारमा बसेपछि व्यहोर्नुपरेको यो पराजयले पार्टीको भविष्यमाथि नै प्रश्न चिन्ह खडा गऱ्यो।यसले फेरि पनि जनताको विश्वास प्राप्त गर्ला भन्नेमा आशंका पैदा भयो । तथापि, सन् २००५ सम्म आइपुग्दा नयाँ नेताको चयनसँगै र दुईजना विधायिका सभा सदस्यहरूले सदन र प्रान्तमा निर्वाह गरेको भूमिकाको कारण उक्त पार्टीले कुल खसेको मतमध्ये ४२ प्रतिशत मत प्राप्त गर्न सफल भयो ।यो सत्तारूढ ब्रिटिश कोलम्बिया लिबरल पार्टीको भन्दा जम्मा ४ प्रतिशतलेमात्रै कम थियो । यसैगरी, सन् २००९ को आमनिर्वाचनमा प्राप्त गरेको मतको अनुपात पनि सन् २००५ कै समान थियो । सन् २०१३ को मे महिनामा सम्पन्न निर्वाचनमा भने ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीलाई थोरै धक्का लाग्यो र तीन सिट गुमाउँदै कुल खसेको मतको जम्मा ३९.५ प्रतिशत मात प्राप्त गऱ्यो। उक्त निर्वाचनमा ब्रिटिश कोलम्बिया लिबरल पार्टीले कुल ८५ मध्ये ४९ स्थानमा विजय हासिल गऱ्यो।

पार्टीका नियमहरू

ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको विधान नै नीति विकास सम्बन्धी व्यवस्था भएको एकमात्र दस्तावेज हो । पार्टीको निर्णयकर्ता निकायको रूपमा प्रान्तीय अधिवेशन रहेको छ । अधिवेशनमा पार्टी प्रतिनिधिहरूले प्रस्तावित नीति प्रस्तावहरू माथि छलफल गरी मतदान गर्दछन्। पार्टी सरकारमा रहेको बेला अधिवेशन वार्षिक रूपमा आयोजना गरिन्छ भने प्रतिपक्षमा रहँदा हरेका दुई वर्षमा आयोजना हुन्छ । तल दिइएका पार्टी विधानका दफाहरूले अधिवेशमा नीति प्रस्ताव पेश गर्ने प्रक्रियाहरू उल्लेख गरेका छन् ।[४५]

१०.०५- अधिवेशनमा विचार गरियोस् भनी प्रस्तुत गरिएका प्रस्तावहरू प्रोभिन्सियल कन्स्टीचुएन्सी एसोसियसन, चार्टर्ड क्लब, योङ पिपुल्स सेक्सन, सम्बद्ध सङ्गठन, प्रान्तीय परिषद्, सम्पूर्ण नीति पुनरावलोकन समिति र नियम बमोजिम गठन भएको प्रान्तीय पार्टीका सङ्गठनहरूबाट प्राप्त भएको हुनुपर्नेछ ।

१०.०६- अधिवेशनमा विचार गरियोस् भनी पेश गरिएका प्रस्तावहरू प्रान्तीय सचिवले अधिवेशन सुरु हुनुभन्दा कम्तीमा ६० दिन अगाडि प्राप्त गरेको हुनुपर्नेछ ।

१०.०७- यसरी प्राप्त भएका सबै प्रस्तावहरू प्रत्येक प्रोभिन्सियल कन्स्टिचुएन्सी, योङ पिपुल्स सेक्सन र सम्बद्ध सङ्गठनहरूलाई अधिवेशन सुरु हुनुभन्दा कम्तीमा ३० दिन अगावै उपलब्ध गराउनुपर्नेछ ।

१०.०८- अधिवेशनमा कार्यवाही अगाडि नबढाइएका सबै प्रस्तावहरू थप परिमार्जनका लागि सम्बन्धित प्रेषकहरूलाई नै फिर्ता गर्नुपर्नेछ । अधिवेशन अन्त्य भएको १२० दिन भित्र प्रान्तीय परिषद्ले सम्पूर्ण कन्स्टिचुएन्सी एसोसियसनलाई अधिवेशनमा

प्राप्त प्रस्तावहरूको स्थितिको बारेमा जानकारी गराउनुपर्नेछ ।

नीतिको व्याख्या तथा कार्यान्वयन सम्बन्धी अन्य दुईओटा महत्वपूर्ण व्यवस्थाहरू निम्न अनुसार छन् ।

११.०१- प्रान्तीय नेता पार्टीको प्रवक्ता रहनेछन् र उनले अधिवेशन तथा प्रान्तीय परिषद्ले दिएका अधिकारको अधिनमा रही पार्टी नीतिहरूका बारेमा आमजनता समक्ष स्पष्ट व्याख्या गर्नेछन् ।

१५.०३- अधिवेशनले घोषणा गरेका नीतिगत निर्णयहरूको प्रचारप्रसार, विस्तार र थपघट गर्ने विशिष्ट जिम्मेवारी प्रान्तीय परिषदमा रहनेछ । त्यस्तो प्रचारप्रसार वा विस्तार अधिवेशनको नीति विपरित हुनुहुँदैन ।

पार्टीको विद्यमान नीतिको स्पष्टता, कार्यान्वयन वा सम्भाव्यतामा कुनै समस्या आएको लागेमा त्यस बारेमा सम्बद्ध नीति समिति वा नीति पुनरावलोकन समितिको ध्यानाकर्षण गर्ने जिम्मेवारी विधायिका सभा सदस्यको हुनेछ । नीति पुनरावलोकन गर्न मनासिव र जरुरीलागेमा वा नीति समितिको छलफलबाट समस्या समाधान हुन नसकेमा उक्त विषयलाई आवश्यक निर्णयका लागि यसै दफा बमोजिम प्रान्तीय परिषद् समक्ष पेशगर्नुपर्नेछ ।

व्यवहारमा नीति विकास

परम्परागत रूपमा प्रान्तीय कार्यकारिणी सदस्यहरू रहेको नीति पुनरावलोकन समितिले नीति प्रक्रियाको समन्वय गरी कार्यकारिणी, प्रान्तीय परिषद् र आवश्यकता अनुसार अधिवेशनसमक्ष सिधै प्रतिवेदन पेशगर्दछ। प्रस्तावहरू प्राप्त भई प्रकाशन गरी विभिन्न सदस्य निकायहरूलाई वितरण गरेपछिको केही महिनासम्म सम्बन्धित नीति पुनरावलोकन समितिले प्रस्ताव तथा नीतिगत धारणाको जाँचबुझ गरी चुस्त दुरुस्त रहे नरहेको यकीन गरी अधिवेशनमा हुने बहसको प्राथमिकता निर्धारण गर्दछ। बहसको समय सिमित हुने र प्रस्तावमाथि विषय क्षेत्रका आधारमा बहस गरिने भएकोले धेरै जना प्रायोजकहरूले प्रस्तुत गरेका प्रस्तावलाई माथिल्लो श्रेणीमा राखिने सम्भावना हुन्छ भने सामान्यतया: नीति पुनरावलोकन समितिले पेश गरेका नीतिगत धारणा र प्रस्तावलाई प्राथमिकता दिइन्छ । अधिवेशनमा कार्यवाही नगरिएका सबै प्रस्तावहरू थप परिमार्जन र विचारविमर्शका लागि सम्बन्धित प्रस्तावकहरूलाई फिर्ता गरिन्छ ।

अधिवेशनमा सदस्यहरूले प्रस्तावहरूको प्राथमिकता निर्धारणका लागि आग्रह गर्ने वा आकस्मिक प्रस्ताव पेश गर्न पाउने व्यवस्था छ । कुनै मुद्दा वा त्यसले पारेको प्रभावका बारेमा पार्टी विधानमा उल्लेखित समयसीमा समाप्त भएपछि मात्र थाहा भएमा, त्यस्तो मुद्दालाई आकस्मिक प्रस्ताव मानिन्छ । प्रस्ताव समितिले बहस हुने प्रस्तावहरूमा समेत आवश्यक संशोधन गरी यस बारेमा अधिवेशनको पूर्ण बैठकमा जानकारी गराउँछ ।

ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीमा एउटा बलियो लक्षित समूह तथा विचार अनुसन्धान कार्यक्रम (आइडिया रिसर्च प्रोग्राम) को व्यवस्था छ । यसलाई सम्भावित नीतिगत प्रयासहरूको मापन गर्न वा विद्यमान नीति तथा मुख्य प्राथमिकताहरूप्रति आमजनताको कस्तो प्रतिक्रिया रहनेछ भन्ने बारेमा मूल्यांकन गर्न उपयोग गरिन्छ । अधिवेशनको क्रममा अनुमोदित निकायबाट भन्दा पनि मतदानबाट रणनीति तय गर्ने प्रक्रियासँग असहमती जनाउने सदस्यहरू पनि हुने भएकोले मतदान कहिलेकाहीँ पार्टीभित्रै पनि विवादास्पद विषय बनेको छ । तथापि, विगत २० वर्षको अवधिमा अधिकांश पार्टी नेताहरूलाई कुनै पनि विषयमा नियमित रूपमा जानकारी गराइएको सुनिश्चित गर्न पार्टीले प्रयास गरेको छ । अनुसन्धानका सम्बन्धमा पार्टी कार्यकारिणी, प्रान्तीय परिषद् र ककससमक्ष प्रतिवेदन पेश गरिन्छ । रणनीतिको व्यहोरालाई अन्तिम रूपमा दिने तथ्याङ्कको बुझाइले नेताहरूलाई प्रभावकारी रूपमा सञ्चार गर्न सक्षम बनाउँछ ।

नीतिहरूको मस्यौदा निर्माणमा सङ्लग्न पार्टी संरचनाहरू सबैभन्दा धेरै नीतिगत प्रस्तावहरूनिर्वाचन क्षेत्र सङ्गठनबाट तयार गरिन्छन् र प्रत्येक सङ्गठनले एकअर्काको भन्दा केही फरक पद्धतिहरू अवलम्बन गर्न सक्छन्। प्रस्तावहरूको तयारी, त्यसमाथि बहस र आवश्यकता अनुसार संशोधन भइसकेपछि पार्टीको प्रान्तीय सचिव समक्ष पेश गरिन्छ ।

नीति पुनरावलोकन समितिहरू– प्रस्तावहरूको पुनरावलोकनका लागि आवश्यक व्यवस्था गर्नुका अतिरिक्त नीति पुनरावलोकन समितहरूले प्रस्तावहरू र ठोस नीतिगत वक्तव्यहरू नियमित रूपमा तयार गर्दै आएका छन्।

युवा सङ्गठन र विधिपूर्वक गठन गरिएका निकायहरू (योङ पिपुल्स सेक्सन एण्ड ड्युली कन्स्टिच्युटेड बडीज्)– पार्टीको विधानले युवा सङ्गठन(द योङ् न्यु डेमोक्रेट्स, वाईएनडी), विधिपूर्वक गठन गरिएका निकायहरू (महिला अधिकार समिति, डब्ल्युआरसी), वातावरण सम्बन्धी स्थायी समिति (एससीओई), कृषि सम्बन्धी स्थायी समिति (एससीओए), र यौनिक तथा लैंगिक अल्पसंख्यकको ककस(एलजीबीटी) को गठनलाई मान्यता दिएकोछ । पार्टी कार्यकारीमा यी पाँच निकायहरूको प्रतिनिधित्व हुन्छ र यिनीहरू नीति विकास कार्यमा निरन्तर सक्रिय रहन्छन् ।

आवद्धसङ्गठनहरू– न्यु डेमोक्रेट्सको संस्थापक साझेदारको रूपमा विभिन्न व्यक्ति, क्षेत्रीय परिषद्, प्रान्तीय युनियन र ब्रिटिश कोलम्बिया श्रमिक महासंघ लगायत ट्रेड युनियन आन्दोलनका सदस्यहरू अधिवेशनको लागि प्रस्तावहरू तयार गर्नेनिकायहरूमा निर्वाचनक्षेत्र स्तरीय सङ्गठनपछि दोस्रो ठुलो सङ्गठन हो । यी सङ्गठनहरूले एउटा छुट्टै उपाध्यक्ष र बिना विभागीय सदस्य सहित पार्टीको कार्यकारीमा प्रतिनिधित्व गर्दछन्। पार्टी र ककस दुवैले यी आवद्ध सङ् गठनका सदस्यहरूसँग निकट रहेर काम गर्दछन्।

चार्टर्ड क्लबहरू– प्रान्तीय कार्यकारिणीमा प्रतिनिधित्व हुनुका अतिरिक्त योङ न्यु डेमोक्रेट्स क्लबहरूलाई निर्वाचन क्षेत्र स्तरीय सङ्गठनहरू मार्फत नियुक्त गर्न सकिन्छ। प्रान्तस्थित उच्च शिक्षा प्रतिष्ठनहरूमा कैयौँ क्लबहरू रहेका छन् । धेरै निर्वाचन क्षेत्र स्तरीय सङ्गठनहरूका स्थानीय कार्यकारिणीमा पनि योङ न्यु डेमोक्रेट्सको पनि प्रतिनिधित्व रहेको हुन्छ । ब्रिटिश कोलम्बियाका धेरै निर्वाचन क्षेत्र भौगोलिक रूपमा ठुलो छन् र एउटा समुदायबाट अर्को समुदायसम्म यात्रा गर्न अप्ठ्यारो छ। हिउँदको समयमा त त्यो पनि मुश्किल हुन्छ। त्यसैले निर्वाचन क्षेत्र स्तरीय सङ्गठनहरूमा ती समुदायको प्रतिनिधित्व गर्न चार्टर्ड सङ्गठनहरू स्थापना गरिएको हो । इन्टरनेटको पहुँचले अझ बढी प्रभावकारी रूपमा सञ्चार सम्पर्क कायम गर्न सघाउ पुगे तापनि आफ्ना समुदायका जनतालाई एकै ठाउँमा ल्याउन धेरै क्लबहरू क्रियाशिल छन् ।

ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको नीति प्रक्रियाको एक झलक

मस्यौदा निर्माण

पार्टी शाखा र विभागहरूद्वारा नीति प्रस्तावहरू तयार गरी नीति पुनरावलोकन समिति समक्ष पेश । नीति पुनरावलोकन समितिले समेत नीति प्रस्तावहरू तयार गर्न सक्ने

↓

परामर्श

प्राथमिकताप्राप्त प्रस्तावहरूमाथि पार्टीको सम्मेलनमा प्रतिनिधिहरूको बहस

↓

अनुमोदन

निर्वाचन योजना समिति र पार्टी कार्यकारीहरूद्वारा घोषणापत्रको निर्धारण

प्रान्तीय परिषद् र प्रान्तीय कार्यकारिणी – पार्टीको प्रान्तीय परिषदमा ८५ ओटा निर्वाचन क्षेत्रका प्रतिनिधि, अधिवेशनबाट निर्वाचित कार्यकारी सदस्य, द योङ न्यु डेमोक्रेट्सबाट मनोनित चारजना सदस्य, आबद्ध सङ्गठनहरूका छजना प्रतिनिधि, एलजीबीटीआई ककसका एकजना सहअध्यक्ष र पार्टीका पूर्वअध्यक्ष रहेका हुन्छन् । प्रान्तीय परिषद् र कार्यकारीबाट प्रस्तावित प्रस्तावहरू मुख्यगरी प्रशासनिक नीतिसँग सम्बन्धित हुन्छन् ।

निर्वाचन घोषणापत्रको निर्माण

निर्वाचन चक्रको पूर्वनिर्धारित समयभन्दा अक्सर १२ महिना अगाडि पार्टीको नीति पुनरावलोकन समिति र ककस नीति समितिहरूले गरेका नीतिगत कार्यहरूको जिम्मेवारी प्लेटफर्म समितिले लिन्छ ।प्लेटफर्म समिति पार्टीद्वारा स्थापित निर्वाचन योजना समितिको उपसमिति हो । उक्त समितिले अघिल्ला घोषणापत्रहरूको समीक्षा गरी त्यस अवधिमा भए गरेका परिवर्तनको समीक्षागर्दछ। साथै, प्राथमिकताहरूको पहिचान, विद्यमान नीतिको समीक्षा, ककसबाट भएका प्रयास र गत निर्वाचनयता गरिएका प्रतिबद्धताहरूको मूल्यांकन तथा समीक्षा गरी उक्त समितिले आसन्न निर्वाचनपूर्व वा निर्वाचन अभियानका क्रममा घोषणा गर्न सकिने नयाँ कार्यक्रमहरू प्रस्ताव गर्दछ । कार्यक्रमहरू तयार गरी प्राथमिकता निर्धारण गरिसकेपछि घोषणापत्रका प्रस्तावहरूको खर्च अनुमान गरिन्छ । तर घोषणापत्रमा के के विषय समेट्ने भन्ने सम्बन्धमा निर्वाचन मिति नजिक नआएसम्म अन्तिम निर्णय गर्न सकिँदैन । चुनावी अभियान सुरु हुनुभन्दा करिब दुई महिना अगाडि सरकारले वार्षिक प्रान्तीय बजेट पेश गर्दछ। यथार्थता र विश्वसनीयता सुनिश्चित गर्न त्यस बेलासम्ममा घोषणापत्र तयार भइसक्छ ।प्लेटफर्मको तयारी चरणमा प्रान्तीय कार्यकारी, प्रान्तीय परिषद् र ककस समक्ष नियमित रूपमा प्रतिवेदन पेश गरिन्छ ।यसका लागि निर्वाचन योजना समिति र प्रान्तीय कार्यकारी अन्तिम निर्णायक निकायहरू हुन् ।

अधिवेशनहरूका बिचमा नीति निर्माण

प्रान्तीय परिषद्को बैठक त्रैमासिक रूपमा बस्छ । बहस तथा अनुमोदनका लागि उक्त परिषद् समक्ष नीति प्रस्तावहरू पेश गर्न सकिनेछ । नीति पुनरावलोकन समितिका आवद्ध उपसमितिद्वारा गरिनुपर्ने थप कार्यका लागि निर्देशन जारी भएपछि परिषद्लाई अधिवेशनबाट प्राप्त प्रस्तावहरूमाथि कार्यवाही गर्न अधिकारदिइन्छ । नीति पुनरावलोकन गर्न मनासिव र जरुरीलागेमा वा नीति समितिको छलफलबाट समस्या समाधान हुन नसकेमा उक्त विषयलाई आवश्यक निर्णयका लागि प्रान्तीय परिषद् समक्ष पेश गर्नुपर्नेछ । परिषद् का बैठकहरू र अधिवेशनको बिचमा नीति प्रस्तावहरू माथि आवश्यक काम कार्यवाही गर्ने अधिकार प्रान्तीय कार्यकारीमा निहित रहन्छ । प्रान्तीय कार्यकारीको बैठक मासिक रूपमा वा आवश्यकता अनुसार जति पटक पनि बस्न सक्छ ।

पार्टीको विधानले प्रान्तीय नेतालाई पार्टीको प्रमुख राजनीतिक प्रवक्ता मानेको छ । अधिवेशन र प्रान्तीय परिषद्को अधिकारको अधिन रही उक्त नेताले आमजनता समक्ष पार्टी नीतिहरूको व्याख्या गर्दछन् । आवश्यक परेमा,नेताहरूले अधिवेशनलाई सम्बोधन गरी विवादास्पद विषयहरू माथि छलफल र नीतिगत बहसको लागि पृष्ठभूमि तय गर्दछन् ।

पार्टीको विद्यमान नीतिको स्पष्टता, कार्यान्वयन वा सम्भाव्यतामा छलफल गर्नु आवश्यकलागेमा विधायिका सभा सदस्यहरूले त्यस बारेमा सम्बद्ध नीति समिति वा नीति पुनरावलोकन समितिको ध्यानाकर्षण गराउँछन्। पार्टीको विधानले अधिवेशनलाई सबैभन्दा माथिल्लो निर्णयकर्ता निकायका रूपमा उल्लेख गरे तापनि परम्परागत रूपमा र अभ्यासमा संसदीय ककस उपल्लो दर्जाको र सबैभन्दा सक्रिय निकाय हो । विधायिका सभाको सत्र चलिरहेको बेला सार्वजनिक चासोका दैनिक मुद्दाहरूका सम्बन्धमा भएका प्रतिकार्य वा रणनीतिमाथि छलफल गर्न दिनहुँ ककस बैठक हुन्छ । त्यसपछि पार्टी नेताले त्यस्ता मुद्दाहरूको प्रतिकार्य गर्दै कसरी अगाडि बढ्ने, पार्टीको नीति कहाँ स्पष्ट छैन वा पार्टीको कुन धारणाले राजनीतिक जटिलता ल्याउन सक्छ भन्ने सम्बन्धमा निर्णय लिनुपर्छ । मुद्दाहरूलाई प्रान्तीय परिषद् वा कार्यकारी समक्ष लैजाने विषय विधान बमोजिम र रोजिएको बाटो भए तापनि यो सँधै व्यवहारिक हुँदैन र जरुरी मुद्दाहरूको व्यवस्थापन गर्ने क्रममा कहिलेकाहीँ ककस र पार्टीबिच फाटो आउने गरेको छ ।आधिकारिक भेलाभन्दा बाहिर पार्टी र ककसले आफ्ना सदस्यहरूलाई सुसूचित राख्न सञ्चारका विभिन्न विधिहरूको प्रयोग गर्दछन्।

यस अन्तर्गत पार्टीको सूचनापत्र वान्युजलेटर, ककसको प्रेस विज्ञप्ति, इमेल मार्फत नियमित सम्प्रेषण हुने सामग्री र अन्य प्रकाशनहरू रहेका छन् ।

सरकारमा नीति निर्माण

सत्तामा भएको बेला अक्सर केही अप्ठ्यारो भए तापनि नीति कार्यान्वयन प्रक्रिया स्पष्ट छ । प्रधानमन्त्री तथा पार्टी नेताले पार्टीको चुनावी अभियानका प्राथमिकताहरू प्रतिबिम्बित हुने गरी मन्त्रिमण्डल र मन्त्रिमण्डल समिति गठन गर्दछन्। चुनावी अभियानका आधारमा विधायिका एजेण्डाहरू प्रस्तुत गर्दै पार्टी पहिलो ९० वा १८० दिनको लागि तयार हुन्छ । ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको नीतिगत प्रयासहरूमा आधारित रहेको मस्यौदाकानुनहरू ककसमा पठाइन्छ । ककसले उक्त कानुनमा रहेका मुख्य अवरोधहरूको सम्बोधन गरी सदनमा पेश गर्दछ ।

प्रत्येक चोटि विधायिका अधिवेशन सुरु हुँदा सरकारको तर्फबाट 'स्पिच फ्रम द थ्रोन' भनिने सम्बोधन मार्फत् सरकारको नीति तथा कार्यक्रम प्रस्तुतगरिन्छ । उक्त सम्बोधनमापार्टीले चुनावी अभियानमा उठाएका मुद्दा र अधिवेशनमा प्रस्तुत भए बमोजिम आगामी दिनका सम्भावित प्राथमिकताहरूलाई समावेश गरिएको हुन्छ । तथापि, चुनावी अभियान अगावै नीति विकास सम्बन्धी सबै कार्य सम्पन्न भइसक्ने हुँदा यस बारेमा भने सरकारका सुरुआती दिनहरूमा उक्त विषयलाई सम्बोधन गरिएको हुँदैन ।

कुनै पनि विवादास्पद विषयका बिच नीति विकास कार्यको सहजीकरणका लागि सरकारले सरकार र प्रतिपक्षका विधानसभा सदस्यहरू रहेका विधायिका स्थायी समितिहरू गठन गर्न सक्छ । कुनै मुद्दामा आवश्यक कार्य गर्नु परेको अवस्थामा सार्वजनिक सुनुवाई र प्रान्तव्यापी भ्रमण अक्सर उक्त प्रक्रियाका एउटा हिस्सा बन्छ ।

प्रतिपक्षमा नीति निर्माण

विधानसभा सदस्य संख्याका आधारमा प्रतिपक्षी ककसलाई बजेट प्रदान गरिन्छ र प्रतिपक्षी नेताले अतिरिक्त बजेट प्राप्त गर्दछन्। ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको ककसमा उक्त रकम कर्मचारीहरूको नियुक्ती र सम्बन्धित क्रियाकलापहरूमा खर्च गर्ने परम्परा छ । विकास सम्बन्धी कार्यको हकमा ती कर्मचारीहरू अनुसन्धान तथा सञ्चार टोली, नीति निर्देशक र पहुँच निर्देशक रहन्छन् । उनीहरूले नेतालाई प्रतिवेदन पेश गर्दछन्। नीति विकासको लागि पार्टीमा सिमित स्रोत साधन उपलब्ध भएको अवस्थामा उक्त ककस विशेषगरी स्वंयसेवक सहभागितामा भर पर्छ । ककस कर्मचारीहरूद्वारा गरिने अनुसन्धान, नीति विकास र पहुँच सम्बन्धी क्रियाकलापहरू विधानसभा सदस्यहरूलाई सहयोग गर्न लक्षित हुनुका साथै यसले सरकारका मन्त्रीहरूको समालोचकको जिम्मेवारी निर्वाह गर्दछ ।

टेक्स्टबक्स ७ मा प्रस्तुत तुलनात्मक खण्डले देखाए जस्तै ब्रिटिश कोलिम्बया न्यु डेमोक्रेटिक पार्टीले विभिन्न विधानसभा सदस्यहरूलाई निश्चित नीतिगत क्षेत्रहरूमा संयोजकका रूपमा नेतृत्व गर्ने जिम्मेवारी दिन समालोचक वा छायाँ मन्त्रिमण्डल प्रणाली अवलम्बन गर्दछ। विधानसभा सदस्यहरूले पार्टीको नीतिगत अवधारणालाई जोड दिन दैनिक प्रश्न गर्ने अवधि, सदस्यको निजी विधेयक, वक्तव्य र प्रस्तावहरूको समेत प्रयोग गर्दछन्। सदनमा आफूले निर्वाह गर्नुपर्ने भूमिकाको अतिरिक्त सम्पूर्ण विधानसभा सदस्यलाई विभिन्न समितिका कामहरूको जिम्मेवारी दिइन्छ। उनीहरूले माथि उल्लेखित विधायिका स्थायी समिति वा आन्तरिक कमस समितिहरूसँग काम गर्नपर्ने हुन्छ। उनीबाट सम्पादन हुने कार्यले पार्टीको नीति पुनरावलोकन समिति, सामाजिक नीतिसमिति र दिगो आर्थिक नीति समितिको प्रतिबिम्बित गर्दछ। न्यूनतम ज्याला वृद्धि, जलवायु परिवर्तन वा ब्रिटिश कोलम्बियाका सदस्यहरूका लागि महत्वपूर्ण विशिष्ट मुद्दाहरूमाथि काम कार्यवाही गर्न विधानसभा सदस्यहरूले विशेष कार्यदल वा समितिहरू गठन गर्न सक्छन् ।

विधानसभा अधिवेशन चालु नभएको बेला प्रान्तका विभिन्न समुदायमा नियमित रूपमा ककस बैठक सञ्चालन हुन्छ । उक्त बैठकले नीति निर्माण सम्बन्धी विचारविमर्श भइहेको बेला प्रान्तीय राजधानीसम्म पुगेर त्यस सम्बन्धमा सुझाव तथा प्रतिक्रिया दिन नसक्ने सङ्गठनहरूलाई लक्ष्यित गर्दछ।

अन्त्यमा, विधानसभा सदस्यहरूलाई ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको प्रतिनिधित्व नरहेको निर्वाचन क्षेत्रको

साथी बनेर नियमित रूपमा काम गर्न जिम्मेवारी दिइन्छ । सम्बन्धित निर्वाचन क्षेत्रका कार्यकारी सदस्यहरूसँग भेट गरी ककसका क्रियाकलापहरूका बारेमा अवगत गराउन, आवश्यक सल्लाह तथा सहयोग प्रदान गर्नका लागि भ्रमण गर्न सहज होस् भन्नका लागि अक्सर पार्टीले विधानसभा सदस्यहरूलाई भौगोलिक निकटताका आधारमा जिम्मेवारी दिने गर्दछ।

सिकेका पाठहरू

समयसँगै ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको नीति निर्माण सम्बन्धी पूर्वाधारमा धेरै परिवर्तन आएको भए तापनि यसका आधारभूत पक्षहरू उस्तै छन् जसलाई पार्टीको विधानमा विस्तृत वर्णन गरिएको छ। पार्टीको नीति विकासको आधारशीला भनेको पार्टी सदस्यता हो । नीति प्रक्रियाको लागि आफ्नो स्थानीय निर्वाचन क्षेत्रका सङ्गठनहरू तथा पार्टी अधिवेशनमा व्यक्तिगत सदस्यहरूको सहभागिता र विभिन्न कार्यकारी निकायहरूमा ती सदस्यहरूको नेतृत्व, निर्वाचित प्रतिनिधिहरूको भूमिका महत्वपूर्ण हुन्छ । ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीमा नीति विकास तथा कार्यान्वयनको सफलतामा पार्टीको विचारधारा र सत्तामा रहेका निकायहरूबिच उत्पन्न हुने तनावलाई मान्यता दिइएको छ। तर यसबाट अवरोधहरू नआउने भन्ने होइन । पार्टीका कार्यकारिणी र संसदीय ककसको सहयोग लिई यसमा सन्तुलन कायम गर्ने प्रमुख जिम्मेवारी नेताको हुन्छ।

पार्टी नीतिहरूको व्याख्या र सञ्चार गर्ने प्रान्तीय नेताको जिम्मेवारी सम्बन्धमा पार्टी नियमले गरेको व्यवस्था कहिलेकाहीँ पार्टी र संसदीय ककसभित्रै विवादको स्रोत बन्ने गरेको छ । पार्टी नीति आफ्नो आशयमा धेरै हदसम्म स्पष्ट भए तापनि नीति अनुमोदनको उपल्लो निकाय पनि छ जसमा कहिले सजिलै सहमति हुन्छ भने कहिले विवाद उत्पन्न हुन्छ । सत्तामा रहँदा करको भार र सार्वजनिक ऋणका बारेमा निर्वाचन क्षेत्रमा बढ्दो चिन्ताका बारेमा सचेत रहने र प्रतिपक्षीमा रहँदा सरकार चलाउन आफू तयार रहेको भन्दै विश्वास दिलाउने पार्टीले निश्चित नीतिहरूको कार्यान्वयनमा केही लचक हुनु आवश्यक पर्न सक्छ । पार्टी नेताले नीतिका मूल्य मान्यताहरूमा सन्तुलन कायम गर्नुपर्छ । नीतिहरू सदर गरिसकेपछि यसमा केही सम्झौता पनि गर्नुपर्ने हुन्छ । तर यसरी सन्तुलन गर्ने कार्य अक्सर एउटा संघर्ष नै हुन्छ ।

यसैगरी, मन्त्रिमण्डलका सदस्य वा प्रतिपक्षी आलोचकका रूपमा पार्टीको नीति प्रक्रियामा विधानसभा सदस्यहरूको औपचारिक तथा अनौपचारिक जिम्मेवारीहरू रहेका हुन्छन् । पार्टीको नीति विकास प्रक्रियामा सहभागी हुन विधानसभा सदस्यहरूसँग प्रशस्त मार्गहरू हुन सक्छन् । मन्त्रिमण्डलकोसदस्य वा प्रतिपक्षी आलोचक वा पार्टी नेतृत्वले दिएका जिम्मेवारीहरूका आधारमा उनीहरूले आफ्नो निर्वाचन क्षेत्र र पार्टी मार्फत नेतृत्व प्रदान गर्दछन्। विधानसभा सदस्यहरू स्वतः अधिवेशनको प्रतिनिधि हुन्छन् र र परम्परागत रूपमा प्रान्तीय कार्यकारिणी एकजना विधानसभा सदस्य रहन्छन् । प्रान्तीय परिषद्को बैठकमा उनीहरूले आफ्ना भनाइ राख्न सक्छन् तर मतदान भने गर्न पाउँदैनन् । उनीहरूले नीति पुनरावलोकन समितिसँग निकट रही काम गर्ने अपेक्षा गरिन्छ । त्यसैले पार्टी विधानले नीति विकासमा विधानसभा सदस्यको भूमिका स्पष्ट उल्लेख नगरे तापनि उनीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

अन्त्यमा, टेक्स्टबक्स १७ मा प्रस्तुत 'पुनरावलोकन, नवीकरण, पुनर्निर्माण' प्रयासमा उल्लेख भए जस्तै विभिन्न समयमा नीति प्रस्ताव प्रक्रिया, विरोधाभाषपूर्ण प्रस्तावहरूलाई समञ्जस्य गर्नुपर्ने आवश्यकता वा लामो समयदेखि थन्केर बसेका प्रस्तावहरूको अद्यावधिक गर्नुपर्ने विषयमा चासो व्यक्त गरिएका छन् ।

टेक्स्टबक्स १७ : "पुनरावलोकन, नवीकरण, पुनर्निर्माण" प्रयास

सन् २००१ मा पार्टीले सत्ताको बहुमत गुमाउँदै जम्मा दुईजना विधानसभा सदस्यमा सिमित भयो । पार्टी पारजित भएको दुई दिनभित्रै 'पुनरावलोकन, नवीकरण, पुनर्निर्माण' प्रयास नामक प्रस्ताव पृष्ठपोषणका लागि प्रान्तीय परिषदमा पेश गरी पछि कार्यान्वयनमा ल्याइयो । उक्त प्रयासको स्तम्भ भनेकै नीति पुनरावलोकन प्रक्रिया थियो । किनभने ब्रिटिश कोलम्बिया न्यु डेमोक्रेटिक पार्टीको नीतिको समय कहिल्यै सकिँदैन र नियमित रूपमा नीति पुनरावलोकन गर्ने व्यवस्था पनि थिएन । यस समयमा नीतिहरूको सारांश प्रस्तुत गरिएका अधिवेशनबाट अनुमोदित दस्तावेज, सरकारमा पार्टीको अभिलेख र निर्वाचन सुधारका कार्यक्रमहरू पुरानो भइसकेका थिए । त्यसरकारण उक्त प्रयासले विद्यमान नीतिसँग बाझिएका नयाँ नीतिहरूलाई सामञ्जस्य गर्न, पुराना नीतिहरूलाई विस्थापित गर्न, आमसञ्चार माध्यम र सर्वधारण जनताको पहुँचमा रहेका एकल नीतिहरूलाई ठुलो नीतिगत प्रस्तावहरूमा वा प्लेटफर्महरूमा एकीकृत गर्न निर्वाचनक्षेत्र स्तरीय सङ्गठनहरूबाट सुझाव माग्यो ।

'पुनरावलोकन, नवीकरण, पुनर्निर्माण' योजना शरद ऋतुमा सम्पन्न अधिवेशनको मुख्य केन्द्रविन्दु र सन् २००४ को वसन्त ऋतुमा आयोजना गरिएको सातओटा क्षेत्रीय अधिवेशनहरूको आधार बन्यो । यी अधिवेशनमा सहभागीहरूले प्रस्ताव प्रक्रियाका विकल्पहरू, नीति पुनरावलोकन समितिहरूको भूमिका र पुनःजागृत नीति प्रक्रियाहरूका बारेमा छलफल गरे । प्रक्रियामा आधारभूत परिवर्तन नगरिए तापनि सदस्यतालाई प्राथमिकता दिइयो । अधिवेशनहरूबाट प्राप्त एउटा ठोस परिणाम भनेको पार्टीको वेबसाइट मार्फत सदस्यहरूलाई उपलब्ध गराइएको नीति डाटावेशको निर्माण थियो ।

सोसल डेमोक्रेटिक पार्टी, बोस्निया र हर्जगोभिना

पार्टीको संक्षित इतिहास

बोस्निया र हर्जगोभिनाको सोसल डेमोक्रेटिक पार्टी बोस्निया र हर्जगोभिनाको उद्‌गम अस्ट्रिया-हंगेरी साम्राज्यलाई मानिन्छ । सन् १९०९ मा गठित उक्त पार्टी देशको पहिलो बहुजातीय पार्टी हो । सन् १९३० को दशकमा यो पार्टी युगोस्लाभ लिग अफ कम्युनिष्ट्स्मा आबद्ध भयो जसबाट दोस्रो विश्वयुद्धमा फासीवादको प्रतिकार गर्न सम्भव भयो । युद्धपछि युगोस्लाभ लिग अफ कम्युनिष्टस्ले सन् १९९० मा वहुदलीय व्यवस्थाको उदय नहुन्जेल कुनै पनि राजनीतिक प्रतिपक्षीबिना ४५ वर्षसम्म सत्ता चलायो । सन् १९९१ मा पहिलो पटक वहुदलीय निर्वाचनमा द लिग अफ कम्युनिष्ट्स अफ बोस्निया र हर्जगोभिनाले कुल मतको १२.३ प्रतिशत हासिल गऱ्यो। सन् १९९२-१९९५ को युद्धमा उक्त पार्टी आफ्नो नाम परिवर्तन गरी आफ्नो पुरानै नाम बोस्निया र हर्जगोभिनाको सोसल डेमोक्रेटिक पार्टी राख्यो । युद्धकालमा र फेरि सन् २०००-२००२ मा उक्त पार्टी सरकारमा थियो ।

आफ्नो एक शताब्दीभन्दा पुरानो इतिहासमा सन् २०१० को अक्टोबरमा सम्पन्न आमनिर्वाचनमा सोसल डेमोक्रेटिक पार्टी सबै भन्दा धेरै मत प्राप्त गरी देशको सबैभन्दा ठुलो राजनीतिक दल बन्न सफल भयो । उक्त पार्टीले संसदीय निर्वाचनमा दुई लाख ८४ हजार मत हासिल गर्नुका साथै त्रिपक्षीय राज्यको राष्ट्रपति पदको उमेदवार जेल्जिको कोम्सिकले पार्टीको तर्फबाट तीन लाख ३७ हजार मतका साथ विजय प्राप्त गर्नुभयो । हाल बोस्निया र हर्जगोभिनाको प्रतिनिधिसभामा ४२ मध्ये उक्त पार्टीको ८ सिट छ भने फेडेरेसन अफ बोस्निया एण्ड हर्जगोभिना (बोस्निया र हर्जगोभिना महासंघ) को प्रतिनिधिसभामा ९८ मध्ये २८ सिट छ । रिपब्लिका स्राप्स्का सहितको फेडेरेसन अफ बोस्निया एण्ड हर्जगोभिना बोस्निया र हर्जगोभिना राज्य बनेको दुईओटा निकाय हुन् । उक्त पार्टी बोस्निया र हर्जगोनि, फेडेरेसन अफ बोस्निया एण्ड हर्जगोभिना र फेडेरेसन अफ बोस्निया एण्ड हर्जगोभिनाका १० मध्ये पाँचओटा प्रान्तका सत्तारूढ गठबन्धन साझेदार हो । सन् २०१२ मा सम्पन्न स्थानीय निर्वाचनमा उक्त पार्टीले १४५ मध्ये ११ स्थानमा मेयरको पदमा विजय हासिल गरेको थियो ।

पार्टीको पहिचान

आफ्नो कार्यक्रममा सोसल डेमोक्रेटिक पार्टीले आफूलाई 'वामपन्थी विचारधाराप्रति झुकाव भएको पार्टी, श्रमिकहरूको पार्टी र आफ्नै पौरखबाट बाँच्ने पार्टी' को रूपमा चिनाउँछ । साथै, उक्त पार्टीले आफूलाई 'निर्वाचन क्षेत्रका जनता (जातीय अल्पसंख्यक) र सामाजिक राज्य तथा नागरिकसमाजका मूल्य मान्यता स्वीकार गर्ने नागरिकहरूको एउटा सङ्गठन' भन्न मन पराउँछ ।[४६] सोसल डेमोक्रेटिक पार्टी हाल पार्टी अफ युरोपियन सोसलिष्ट्स् र सोसलिष्ट इन्टरनेशनलको सदस्य हो । सोसल डेमोक्रेटिक पार्टीको विधान र पार्टी कार्यक्रम छ । यसको पछिल्लो संस्करण पार्टी महाधिवेशनले सन् २००५माअनुमोदन गरेको थियो । विधान र पार्टी कार्यक्रम दुवै कार्यसम्पादन समूहहरूले बनाएका हुन् । कार्यसम्पादन समूहहरूमा उच्चपदस्थ पार्टी पदाधिकारी र पार्टीसँग आवद्ध प्राज्ञहरू रहेका हुन्छन् । विधान र पार्टी कार्यक्रम तयार भएपछि पार्टीका शाखाहरूमा प्रस्तुत गरी अन्त्यमा महाधिवेशनबाट अनुमोदन भएका थिए । यी दुवै दस्तावेजमा पार्टीका मूल्य मान्यताहरू र देश तथा आन्तरिक कार्यव्यवस्थाका लागि यसको परिकल्पनालाई विस्तृत रूपमा व्याख्या गरिएको छ । पार्टी सदस्यहरूबाट गरिएको अनुरोध भन्दै सन् २००५ मा उक्त पार्टीले मध्यवामपन्थी धार परित्याग गरी वामपन्थी धार अवलम्बन गऱ्यो।

पार्टीका नियमहरू

सोसल डेमोक्रेटिक पार्टीको विधान अनुसार युवा, ज्येष्ठ नागरिक, युनियन अभियन्ता र महिलाहरूका लागि चारओटा स्थायी मञ्च छन् । पार्टीको प्रमुख निकाय (बोर्ड) द्वारा स्थापित यी मञ्चहरू सोही निकायको मातहतमा हुन्छन् । प्रत्येक मञ्चको आ-आफ्नै कार्यविधि र नियमहरू छन् । यसका अतिरिक्त पार्टीको विधानले तदर्थ सल्लाहकार समूह वा कार्यसम्पादन समूह, मञ्च र परिषद्‌हरूको गठन गर्नसक्ने अधिकार दिएको छ । पार्टीको सम्बन्धित संरचनाले कुनै पनि तहमा यी एकाइहरू गठन गर्न सक्छ । यस्ता एकाइहरूको स्वरूप, आकार, नियम र कार्यविधि

फरकफरक हुन्छन् र पार्टी सदस्य नरहेका व्यक्तिहरूलाई पनि समावेश गर्न सकिन्छ । तदर्थ निकायहरूले विशिष्ट नीतिगत मुद्दाहरूका सम्बन्धमा सल्लाह सुझाव दिन सक्छन् वा तिनीहरूलाई सान्दर्भिक मुद्दाहरूमा नीतिगत प्रस्तावहरू बनाउन जिम्मेवारी दिन सकिन्छ । प्रत्येक एकाइले स्वयं पार्टी नीतिहरूको प्रस्ताव गर्न सक्छन् वा पार्टीको मुख्य निकाय (बोर्ड) ले पार्टी अध्यक्ष मण्डल (प्रेसिडेन्सी) को अनुरोधमा वा अनुरोधबिना नै तिनीहरूलाई सान्दर्भिक नीति निर्माण गर्न आदेश दिन सक्छ ।

विधायिका निकायहरूमा रहेका सोसल डेमोक्रेटिक पार्टीका सदस्यहरूले पार्टीको कार्यक्रम कार्यान्वयन गर्नैपर्छ । साथै, नीतिगत मुद्दाहरूमा र दैनिक सवालहरूमा पार्टी अध्यक्ष मण्डल (प्रेसिडेन्सी) बाट भएका निर्णयहरूको पालना गर्नुपर्छ। सोसल डेमोक्रेटिक पार्टीको ककस प्रमुखका रूपमा रहने पार्टीका सचेतकहरू स्वतः पार्टी अध्यक्ष मण्डल (प्रेसिडेन्सी) को सदस्य हुन्छन् । अध्यक्ष मण्डल (प्रेसिडेन्सी) मा पार्टी अध्यक्ष र महासचिव लगायत उनीहरूको प्रतिनिधित्व हुने व्यवस्था छ । राज्य र निकाय तहका सचेतकहरू प्रत्यक्ष रूपमा पार्टी अध्यक्ष मण्डलप्रति जिम्मेवार हुन्छन् भने तल्लो तहका सचेतकहरूले क्षेत्रीय वा स्थानीय पार्टी नेतृत्वको प्रत्यक्ष सुपरिवेक्षण तथा मार्गदर्शनमा रहेर काम गर्दछन्।

पार्टीको प्रमुख निकाय (बोर्ड) ले महाधिवेशनद्वारा अनुमोदित पार्टी कार्यक्रमको कार्यान्वयनमा मार्गदर्शन गर्दछ। यद्यपि, विधानले पार्टीको मुख्य निकाय (बोर्ड) ले पार्टी कार्यक्रम वा विधानमा हेरफेर गर्न नसक्ने व्यवस्था गरेको छ । निर्वाचनहरूको बिचमा पार्टीले विभिन्न राजनीतिक बहसहरूमा उठाइएका गहन सवाल तथा मुद्दाहरूसङ्कलन गर्न आफ्ना मञ्च र परिषद्हरूको प्रयोग गर्दछ। उदाहरणको लागि, लिगल काउन्सिल (कानुनी परिषद्)ले मुलुककोसंविधान संशोधन प्रक्रियामा पार्टी अध्यक्ष मण्डल (प्रेसिडेन्सी) लाई आफ्नो धारणा बनाउन सहयोग गर्दछ। यसैगरी, डेभलपमेन्ट काउन्सिल (विकास परिषद्) ले महत्वपूर्ण आर्थिक तथा विकास निर्माणका मुद्दाहरूमा तदर्थ आन्तरिक अवधारणापत्र तयार गर्दछ।

सन् २००८ को स्थानीय निर्वाचनको लागि पार्टी नवीकरण तथा नीति विकास

सन् २००६ मा सम्पन्न आमनिर्वाचनमा पार्टीले लज्जास्पद पराजय भोग्नुपर्‍यो। परिणामस्वरूप त्यसपछिको गठबन्धनमा उक्त पार्टीलाई सहभागी गराइएन । त्यसपछिको चार वर्षसम्म उक्त पार्टी प्रतिपक्षमा बस्यो । आमनिर्वाचनमा लगातार दोस्रो पटक पराजित हुनुको कारणमा सोसल डेमोक्रेटिक पार्टीभित्रै दुईथरी धारणा थिए । एकथरीले पार्टीको विचारधारा र यसले अवलम्बन गरेको बहुजातीय विशेषताका कारण देशमा जातीयताका आधारमा विभाजित जनताको मत प्राप्त गर्न नसकिएको बताए । अर्कोथरीले पार्टीको विचारधारा र मूल्य मान्यताकै कारण पार्टीले सन् २००६ को निर्वाचनमा पराजयको सामना गरेको भन्न नमिल्ने जिकिर गर्दै नयाँ समूहहरूलाई पार्टीमा प्रवेश गराउन र चुनावी अभियानमा जनतालाई राम्ररी बुझाउन नसकिएको कारण हार भएको बताए । सन् २००७ को पूर्वार्द्धमा आइपुग्दा पछिल्लो थरीको धारणा सदर भयो र पार्टीभित्र महत्वपूर्ण परिवर्तनहरू गरिएको छ । पहिलो, नयाँ महासचिवको रूपमा नर्मिन निक्सिकलाई नियुक्त गरी पार्टी पूर्वाधार पुनर्गठन र यसको जगलाई वृहत् बनाउन जिम्मेवारी दिइयो । दोस्रो, पार्टीले आफ्नो सञ्चार क्रियाकलाप र मतदाताहरूसम्मको पहुँचमा बढाउन पहलकदमी गर्‍यो।

सोसल डेमोक्रेटिक पार्टीले सन् २००७ को अप्रिलमा आफ्नो पहिलो डेज अफ स्ट्रेटिजिक प्लानिङ (रणनीतिक योजनाका दिनहरू) नामक कार्यक्रम आयोजना गर्‍यो। पार्टी प्रतिको आकर्षण कसरी बढाउने र विद्यमान पार्टी संरचनाभित्र कस्तो परिवर्तन गर्ने भन्ने सम्बन्धमा छलफल गर्न उक्त कार्यक्रममा पार्टीका सबैभन्दा प्रभावशाली ५० जना सदस्य सहभागी भए । तीन दिनसम्म सञ्चालन भएको रणनीतिक योजना सम्बन्धी सत्रका निष्कर्षहरू नवनियुक्त महासचिवद्वारा पार्टीको प्रमुख निकाय (बोर्ड) समक्ष प्रस्तुत गरियो र तिनीहरू अनुमोदित पनि भए ।

त्यसको साढे तीन दिनमा पार्टीले महत्वपूर्ण आन्तरिक सुधार गरी आमजनताको बिचमा आफ्नो सार्वजनिक छवि सुधार गर्न मेहनत गर्‍यो। देखिने गरी भएको पहिलो परिवर्तन भनेको पार्टीको नयाँ लोगो अर्थात् प्रतीक चिन्ह सार्वजनिक

गरिनु रहेको थियो । उक्त लोगो पहिलेको भन्दा सरल हुनुका साथै त्यसमा परम्परागत रातो र सेतो रंगको सम्मिश्रण थियो । यसैगरी, पर्दा पछाडि अझ बढी अर्थपूर्ण सुधारका प्रयासहरू भइरहेका थिए । उक्त प्रयासहरू अन्तर्गत देशको भविष्यका लागि महत्वपूर्ण मानिएका सोसल डेमोक्रेटिक पार्टीका केही प्रमुख मूल्य मान्यताहरू आत्मसात गर्ने विभिन्न सरोकारवालाहरूसम्म पुग्ने नयाँ रणनीति पनि थियो । उदाहरणका लागि, गैरसरकारी क्षेत्रका प्रमुख व्यक्तित्वहरूसँग नियमित भेटघाटहरू गरियो । ती भेटघाटको परिणामस्वरूप युद्धपछि नागरिकहरूबाट भएका विरोध प्रदर्शनको पहिलो शृंखला सुरुभयो । यसले साराजेभोमा नागरिक समाज र वामपन्थी समूहहरूलाई मेयर र प्रान्तीय सरकारविरुद्ध एक ठाउँमा ल्यायो । पार्टीले आफ्ना विभिन्न क्रियाकलापहरूमा अग्रणी उदारवादी प्राज्ञहरूलाई पनि आमन्त्रण गरी उनीहरूसँग भएको छलफलका विषयवस्तुहरू बारे पार्टी नेताहरूलाई अवगत गरायो । यसका अतिरिक्त पार्टीले प्रमुख श्रमिक संघका प्रतिनिधिहरूसँगको सम्पर्कलाई ताजा गरायो जसबाट थुप्रै हडतालहरूमा श्रमिकहरूले सार्वजनिक रूपमै पार्टीप्रति समर्थन जनाए ।

सोसल डेमोक्रेटिक पार्टीले सन् २००८ को स्थानीय निर्वाचनपूर्व छनौट गरिएका नगरपालिकाहरूमा सहभागितामूलक स्थानीय विकास प्रक्रिया मार्फत आफ्नो छविमा सुधार ल्याउने काम गऱ्यो।नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूटले ती प्रयासहरूमा प्राविधिक सहयोग उपलब्ध गरायो भने सोसल डेमोक्रेटिक पार्टीले आफ्नो लोकप्रियता जाँच गर्न इन्टरनेशनल रिपब्लिकन ईन्स्टिच्यूट मार्फत मत सर्वेक्षण गऱ्यो। यसका अतिरिक्त पाटीले आफ्ना र मुख्य प्रतिद्वन्द्वीहरूका वक्तव्य तथा क्रियाकलापहरूका बारेमा सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण भएका समाचार र लेख रचनाको विश्लेषण लगायत पार्टी सम्बन्धी गुणात्मक र परिमाणात्मक अनुसन्धान गऱ्यो। यिनै प्रयासहरूको फलस्वरूप सोसल डेमोक्रेटिक पार्टीले सन् २००८ को स्थानीय निर्वाचनमा झण्डै एक लाख ९० हजार मत प्राप्त गर्न सफल भयो जुन सन् २००६ को आमनिर्वाचनमा प्राप्त गरेको मतको करिब ४० प्रतिशत बढी हुन आउँछ । यो प्रभावशाली परिणामको मुख्य कारण नै सन् २००७ मा पार्टीभित्रै थालिएका सुधारहरू हुन् भन्नेमा कुनै शंका छैन । त्यसयता पार्टीले गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कसङ्कलनका लागि अझ बढी स्रोत साधनहरूको लगानी गर्दै आएको छ ।

सङ्कलित तथ्याङ्कको विश्लेषणले सत्तारूढ पार्टीप्रतिको नैराश्यताका कारण मात्रै दिग्भ्रमित मतदाताहरूले सोसल डेमोक्रेटिक पार्टीलाई निर्वाचित गर्दछन् भन्ने कुनै ग्यारेन्टी नभएको देखायो । यसैगरी, मतसर्वेक्षण र लक्षित समूह छलफलहरूले अधिकांश अनिर्णित मतदाताहरूले आगामी दिनमा देश र जनताका लागि कसरी राम्रो काम गर्न सकिन्छ भन्ने बारेमा ठोस विचारहरू सुन्न चाहेको औँल्याए । यसका अतिरिक्त जनतम सर्वेक्षणहरूले परामर्शात्मक विधि मार्फत र नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूटको सहयोगमा नीति विकास गरिएका नगरपालिकाहरूमा पार्टीले तुलनात्मक रूपमा धेरै मत हासिल गरेको देखायो । यसले सन् २०१० को आमनिर्वाचन अभियानमा पार्टीलाई नयाँ गति दिन मद्दत गऱ्यो।

सन् २०१० को आमनिर्वाचनका लागि नीति विकास

सन् २००९ मा आइपुग्दा सोसल डेमोक्रेटिक पार्टीले सन् २०१० मा हुने आमनिर्वाचनका लागि नयाँ चुनावी कार्यक्रम तयार गर्ने प्रक्रिया अगाडि बढायो । पार्टीको पाँचौं महाधिवेशनले पार्टीको नवगठित प्रमुख निकाय (बोर्ड) र अध्यक्ष मण्डल (प्रेसिडेन्सी) लाई सन् २००५ मा सम्पन्न चौथो महाधिवेशनबाट अनुमोदित नीतिहरूका आधारमा चुनावी कार्यक्रम तयार गर्न जिम्मेवारी दियो । उक्त निकाय (बोर्ड) लाई पार्टीको उच्चपदस्थ अधिकारी, स्वतन्त्र विज्ञ तथा नागरिक समाजका प्रतिनिधि, युनियन, स्थानीय पार्टीका शाखा, युवा तथा अन्य समूह सम्मिलित कार्यसम्पादन समूहहरूको बैठक आयोजना गर्न स्वीकृति दिइयो ।

त्यसपछि पार्टीको प्रमुख निकाय (बोर्ड) ले अर्थतन्त्र, सामाजिक न्याय, शिक्षा र स्वास्थ्य क्षेत्रमा सन् २०१० को निर्वाचन लागि महत्वपूर्ण नीति बनाउन पाँचओटा कार्यसम्पादन समूहको बनोट र कार्यादेश अनुमोदन गऱ्यो। ती पाँचओटा नीतिगत क्षेत्रहरू जनमत सर्वेक्षण, लक्षित समूह छलफल, सञ्चामाध्यमको अनुगमन तथा विश्लेषणको नतिजाका आधारमा छनौट गरिएको थियो ।

ती पाँचओटा कार्यसम्पादन समूह एकअर्काबिच भिन्नभिन्न थिए ।त्यसमा देभभरिका विज्ञहरूलाई समावेश गराइएको थियो । समूहको सदस्यता पार्टी सदस्यहरूका लागि निषेध गरिएको थिएन। ती समूहहरूको गठन गर्नुका लक्ष्यहरूमध्ये पार्टीमा आबद्ध नरहेका नागरिकहरूको समर्थनमा सुधार गर्नु एक थियो । त्यसैले नीति विकासको प्रक्रियालाई वास्तविक नीति निर्माणमा जत्तिकै महत्वपूर्ण रूपमा लिइएको थियो । साथै, उक्त प्रक्रियालाई पार्टी नीति निर्माणमा आफ्नो पनि प्रभाव परोस् भन्ने इच्छा गरेका युनियन, नागरिक समाज समूह लगायत समाजका विभिन्न समूहहरूसम्म पुग्ने एउटा माध्यमको रूपमा हेरिएको थियो । निर्वाचन सम्बन्धी कार्यक्रम तयार एउटा तदर्थ समिति पनि गठन गरिएको थियो जसमा पाँचैओटा कार्यसम्पादन समूहका नेता र महासचिव सङ्लग्न थिए ।नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूटले उक्त समितिलाई प्राविधिक सहयोग उपलब्ध गरायो ।

प्रत्येक कार्यसम्पादन समूहले आ-आफ्नो सान्दर्भिक क्षेत्रमा नीति प्रस्तावको मस्यौदा तयार गरे । ती प्रस्तावमाथि मतदाताहरूले बहस गरे । प्रत्येक कार्यसम्पादन समूहले देशभरिका सहरी क्षेत्रहरूमा ७० ओटाभन्दा भन्दा बढी सार्वजनिक छलफलको आयोजना गरे । ती छलफलमा १०,००० भन्दा बढी नागरिक सहभागी भई पृष्ठपोषण दिए । ती छलफलहरूमा पार्टी सदस्यहरूको परिचालन र नागरिकहरूको सहभागितामा स्थानीय पार्टी शाखाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे । सार्वजनिक बैठक तथा छलफलका आधारमा प्रस्तावित नीतिहरूका कतिपय पक्षहरू परिवर्तन गरियो भने कतिपय पक्षहरूलाई हटाइयो । उदाहरणको लागि, शिक्षा नीतिको पहिलो मस्यौदाले पार्टीले देशभरिका नागरिकहरूका लागि माध्यमिक विद्यालयसम्मको शिक्षा अनिवार्य रूपमा कार्यान्वयन गरिने व्यवस्था मिलाएको थियो । शिक्षक युनियनका प्रतिनिधिहरूले उक्त प्रस्तावलाई स्वागत गरे तापनि सार्वजनिक छफफलका सहभागीहरूले उक्त व्यवस्था कार्यान्वयन गर्न देशमा आवश्यक स्रोत साधानको अभाव रहेको बताए । त्यसका आधारमा उक्त प्रस्तावमा हेरफेर गरियो । फेरि शिक्षक युनियनका प्रतिनिधिहरूले त्यसको कार्यान्वयनबाट देशको बजेट व्यवस्था अस्तव्यस्त हुने स्वीकार गरेपछि पार्टी आफ्नो नीतिगत धारणाबाट पछाडि हट्यो ।

अन्य चारओटा नीतिगत क्षेत्रमा पनि त्यस्तै प्रकारको समायोजन गरियो । उदाहरणको लागि, स्वास्थ्य नीतिमाथि भएको सार्वजनिक छलफलका क्रममा विमा कम्पनीहरूले

सोसल डेमोक्रेटिक पार्टीको सन् २०१० को घोषणापत्र निर्माण प्रक्रियाको एक झलक

मस्यौदा निर्माण

पार्टीका कार्यसम्पादन समूहहरूद्वारा नीति सम्बन्धी धारणा तयार

↓

परामर्श

टाउन हल बैठकहरू मार्फत पार्टी सदस्य र सर्वसाधारण जनताबाटसुझाव सङ्कलन

↓

अनुमोदन

पार्टीको प्रमुख निकाय (बोर्ड) बाट घोषणापत्र अनुमोदन

औषधोपचार खर्च व्यहोर्ने विषयले आन्तरिक औषधि कम्पनीहरूलाई प्रतिकूल प्रभाव पार्ने स्पष्ट भयो । फलस्वरूप उक्त नीतिमा परिमार्जन गरी विमा कम्पनीहरूले समेटेका औषधोपचार सुविधाहरूको क्षेत्र अनुसार आन्तरिक औषधि कम्पनीहरूले औषधि उत्पादन गर्ने विषय समावेश गरियो ।

पार्टी महासचिवले प्रस्तावहरूको मस्यौदा निर्माणमा भए गरेका हेरफेर र प्रगतिका बारेमा पार्टीको अध्यक्ष मण्डल (प्रेसिडेन्सी) र प्रमुख निकाय (बोर्ड) लाई नियमित रूपमा प्रतिवेदन गरे । मस्यौदा प्रक्रिया र देशव्यापी रूपमा आयोजित सार्वजनिक छलफलको शृंखला सम्पन्न भएपछि पार्टीको मुख्य निकाय (बोर्ड) ले सन् २०१० को लागि निर्वाचन कार्यक्रम अनुमोदन गऱ्यो।

गठबन्धन सरकारमा नीति कार्यान्वयन

सन् २०१० को आमनिर्वाचनमा सोसल डेमोक्रेटिक पार्टीले ऐतिहासि विजय प्राप्त गऱ्यो। आफ्नो स्थापना भएयता पहिलो पटक उक्त पार्टी देशको अग्रणी राजनीतिक शक्ति बन्यो । तथापि, सरकारको जटिल संरचनाका कारण गठबन्धन निर्माण प्रक्रिया कठिनपूर्ण भयो । उक्त पार्टीले फेडेरेसन अफ बोस्निया एण्ड हर्जगोभिनाका १० मध्ये पाँचओटा प्रान्तमा गठनबन्ध सरकार गठन गऱ्यो। त्यसको चार महिनापछि फेडेरेसन अफ बोस्निया एण्ड हर्जगोभिनाको सरकार बनाउन उक्त पार्टीले अन्य पार्टीहरूसँग सहमति कायम गऱ्यो। सन् २०१० मा तयार पारिएको निर्वाचन कार्यक्रमले प्रान्तीय र स्थानीयतह दुवैमा सरकार गठन गर्ने आधार प्रदान गऱ्यो। निर्वाचनको समयमा तयार गरिएका पाँचओटा नीतिमा समेटिएका अधिकांश व्यवस्थाले सन् २०११ को मार्च महिनामा गठन भएको चारवर्षे कार्यकालको संघीय गठबन्धन सरकारमा स्थान दिइयो । साना गठनबन्धन साझेदारहरूको सहभागिता हुनुका साथै गठबन्धनमा निर्माणका क्रममा तिनीहरूले केही प्रमुख नीतिहरूमा समर्थन जनाएको हुँदा सरकारलाई ती नीतिहरू कार्यान्वयन गर्न बल पुग्यो । यसबाट सोसल डेमोक्रेटिक पार्टीका लागि बहुजातीय निर्वाचन क्षेत्र र फाँसीवाद विरोधी मान्यताको प्रतिनिधित्व गर्ने एक राजनीतिक शक्तिको रूपमा ठुलो उपलब्धि मानियो ।

सन् २०१० को निर्वाचनमा विजय प्राप्त गरेलगत्तै सोसल डेमोक्रेटिक पार्टीले अवैध रूपमा आर्जन गरेको सम्पत्ति जफत गर्ने, फासीवादी र नव फासीवादी सङ्गठनहरूमाथि प्रतिबन्ध लगाउने र संवैधानिक सुधार गर्ने आदि जस्ता मुलभूत मूल्य मान्यताहरूलाई प्राथमिकता दिँदै त्यससम्बन्धी कानुन बनाउन विधायिकामा पहलगऱ्यो। तथापि, राज्य तहमा गठबन्धन सरकार निर्माणका लागि वार्ता गर्न झण्डै अर्को वर्ष लाग्यो । सत्ता गठबन्धनका लागि भएको वार्ता अनुसार पार्टी नेताहरूसामु अप्ठ्यारा सर्तहरू प्रस्तुत गरियो । जसअनुसार राज्य तहको सरकारमा सामेल हुनका लागि उक्त पार्टीले गठबन्धन साझेदारहरूको माग बमोजिम आफ्ना नीतिगत धारणा विपरित कैयौँ मुद्दामा सम्झौता गर्ने वा सन् २०१० को चुनावी घोषणापत्रमा समेटिएका प्रावधानहरूमै अडिग रहने वा सरकारमा नगई प्रतिपक्षमै बस्ने भन्ने विकल्पहरू आए । गहन आन्तरिक बहसपछि पार्टी नेतृत्वले राज्य तहमा गठनबन्ध साझेदार बन्नका लागि चुनावी घोषणापत्रका थुप्रै पक्षहरूमा सम्झौता गर्ने निर्णय गऱ्यो।राज्य तहकोसरकार गठन भएको केही समयपछि पार्टीका उपाध्यक्ष जेज्जेको कोम्सिकले सोही सम्झौताप्रति असहमति प्रकट गर्दै आफूले सबै जिम्मेवारीबाट राजीनामा दिने चेतावनी दिनुभयो । तर बहुसंख्यक पार्टी नेताहरूले पार्टीले प्राप्त गरेको मतको हिस्सा र पार्टी कार्यकर्ताहरूको अपेक्षा तथा चाहना अनुसार सोसल डेमोक्रेटिक पार्टी सरकारमा जानुपरेको धारणा राखे । पार्टीले आफ्ना मूल्य मान्यता विपरित सम्झौता गरेको भन्दै कोम्सिकले राजीनामा दिनुभयो ।

गठबन्धन सरकारमा रहँदा यसका नीतिहरूका कारण सोसल डेमोक्रेटिक पार्टीले एकातर्फ इस्तीनोम्जेर जस्ता निगरानी समूहहरूबाट केही आलोचनाको सामना गर्नुपरेको छ भने अर्कोतर्फ केही नीतिगत सफलता हासिल गर्न सकेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषसँग भएको सम्झौताका आधारमा सन् २००६-२०१० को सत्तारूढ गठबन्धनले भूतपूर्व योद्धाहरूको सुविधा कटौती गर्न खोज्यो । त्यसको विरोधमा भूतपूर्व योद्धा सङ्गठनहरूले शृंखलाबद्ध प्रदर्शन गरेपछि उक्त प्रयास सफल भएन । सन् २०१० को चुनावी घोषणापत्रमा सोसल डेमोक्रेटिक पार्टीले भुतपूर्व योद्धाहरूको सुविधाका बारेमा थुप्रै प्रस्तावहरू समेटिएका थिए र निर्वाचनपछि उक्त पार्टीका उच्चपदस्थ नेताले फेडेरेरसन अफ बोस्निया एण्ड हर्जगोभिनाको भूतपूर्व योद्धा मामिला मन्त्रीको जिम्मेवारी लिए । सुविधा प्राप्त गर्न अयोग्य व्यक्तिहरूमाथि धनराशी

खेर गएको र विभिन्न श्रेणीका भूतपूर्व योद्धाका लागि प्रदान गरिने रकमका सम्बन्ध स्पष्ट मापदण्ड नरहेको भन्दै ती मन्त्रीले आफ्ना प्रयासहरूलाई सफल बनाउन सबै पार्टी संरचनाहरू परिचालन गरे । भूतपूर्व योद्धा सङ्गठनहरूको लोकप्रियता र राजनीतिक प्रभाव प्रशस्त भए तापनि वैधानिक भूतपूर्व योद्धाहरूलाई ठगहरूबाट जोगाउन आवश्यक कारण दशाउँदै ती मन्त्री सन् २०१० को चुनावी घोषणापत्रमा उल्लेखित एउटा मुद्दा कार्यान्वयन गर्न सफल भए । सुरुमा अलोकप्रिय मानिएको उक्त नीति आखिरमा सफल र लोकप्रिय हुन पुग्यो ।

सिकेका पाठहरू

सोसल डेमोक्रेटिक पार्टीले विविधताले भरिपूर्ण र विभाजित समाज रहेको मुलुकमा ठोस नीतिहरूमाथि आफ्नो ध्यान केन्द्रित गरेपछि पार्टी र मुलुक दुवैले महत्वपूर्ण छलाङ मारे । विशेषगरी नागरिकहरूको जीवन गुणस्तरलाई प्रभावित पारेका मुद्दाहरूमाथि बहस गर्न सोसल डेमोक्रेटिक पार्टीको योगदान छ । पहिचानको राजनीतिले अक्सर वास्तविक जीवनका समस्याहरूलाई ध्यान नदिई राष्ट्रवादी र लोकरिभ् ज्याइँका मुद्दाहरूमाथि मात्रै आफ्नो ध्यान केन्द्रित गर्दछ जसका कारण जातीय वा धार्मिक राजनीतिले नरमपन्थी (मध्यमार्गी) लोकतान्त्रिक शक्तिहरूलाई प्रतिस्पर्धाबाट वञ्चित गराउँछ । सोसल डेमोक्रेटिक पार्टीले पहिचान सम्बन्धी राजनीतिक बहसलाई बेवास्ता नगरी जनताको जीवनस्तर उकास्ने पार्टीको अवधारणालाई यसअघि समर्थन नगर्ने विचार गरेका कति मतदाताहरू छन् भन्ने देखाउन सर्वसाधारण जनतालाई जीवन गुणस्तरका मुद्दाहरूमा सामेल गरायो । यसका अतिरिक्त सोसल डेमोक्रेटिक पार्टीका प्रस्तावहरूले योजना बनाएर सोही आधारमा चुनावी अभियानमा गरेका वाचाहरू पूरा गर्न पार्टी लागिपरेको देखाए । यसले पार्टीप्रतिको विश्वसनीयता बढाउनुका साथै पार्टी सत्ता चलाउन तयार रहेको सन्देश दियो । नीतिहरू स्पष्टसँग प्रकट गर्नु महत्वपूर्ण हुन्छ । सोसल डेमोक्रेटिक पार्टीले चुनावी अभियानका क्रममा विभिन्न परिवेशमा आफूलाई फाइदा पुग्ने नीतिहरूको उपयोग गऱ्यो। तथापि, राजनीति दलहरूले मतदाताहरूलाई आफूतिर आकर्षिक गर्न सक्ने आकर्षक व्यक्तित्व भएका र लोकप्रिय उमेदवारहरूलाई पनि चुनावी मैदानमा उतार्नुपर्छ । नीति मस्यौदा निर्माणको प्रक्रियाले परम्परागत रूपमा पार्टीका सबै एजेण्डाप्रति सहमत नभएका व्यक्ति तथा समूहहरूसम्म पुगी आफ्नो आधारलाई फराकिलो बनाउन सोसल डेमोक्रेटिक पार्टीलाई मद्दत गऱ्यो। नीति मस्यौदा निर्माण प्रक्रियाको नेतृत्व गर्ने सबै पाँचओटा कार्यसम्पादन समूहहरू एकअर्काबिच फरक-फरक हुनुका उनीहरू गैरदलीय सदस्यहरूसँग खुला थिए । गैरदलीय सदस्यहरूमा शिक्षा क्षेत्रका उपल्लो दर्जाका विज्ञहरूछन् । बहस तथा छलफलमा उनीहरूलाई आमन्त्रण गरी पृष्ठपोषण प्राप्त गरियो । तर उनीहरूले पार्टी सदस्य वा कार्यकर्ताका रूपमा आफूलाई चिनाएनन् । मस्यौदा निर्माण प्रक्रिया मार्फत पार्टीले आफूहरू बहुसंख्यक समूहबाट जोखिममा परेको अनुभव गरेका कारण पहिलेदेखि नै राष्ट्रवादी पार्टीहरूलाई मतदान गर्दै आएका देशभर छरिएर रहेका अल्पसंख्यक समूहहरूसँग पनि सम्बन्ध कायम गऱ्यो। न्याय नीति समूहले योजनाबद्ध रूपमा ती समूहहरूसम्म पुगी उनीहरूलाई नीतिको मस्यौदा निर्माणमा सहभागी गराउनुका साथै पार्टी अधिकारीहरूलाई समान अवसरका लागि सार्वजनिक रूपमा पैरबी गर्न लगायो । सोसल डेमोक्रेटिक पार्टीले एउटै छानामुनि दुईओटा विद्यालय सञ्चालन गर्ने (शिक्षामा पृथकीकरणको एउटा स्वरूप) व्यवस्था अन्त्य गर्न अभियान चलाएको बेला उक्त कार्य विशेष रूपमा प्रभावकारी भएको थियो ।

सोसल डेमोक्रेटिक पार्टीले एक वर्षभन्दा बढी समय लगाएर निर्वाचनपूर्वका आफ्ना पाँच नीतिहरू निर्माण गऱ्यो जसले अन्य कुनै पनि पार्टी मतदाताहरूलाई आकर्षित गर्न धेरै समय खर्च नगरिरहेको समयमा उक्त पार्टीलाई अर्थपूर्ण क्रियाकलापहरू सञ्चालन गरी मतदाताहरूसम्म पुग्न सक्षम बनायो । यसबाट कयौं नागरिकहरूले आफ्ना जल्दाबल्दा मुद्दाहरूको सम्बोधनका लागि आफूसँग भएका समस्या समाधानका प्रस्तावहरू सुन्न सोसल डेमोक्रेटिक पार्टी गाउँ सहरमा आएको सम्झे ।

बोस्निया र हर्जगोभिनाका सडक सञ्जालहरूको अवस्था युरोपमै सबभन्दा दयनीय अवस्थामा छ । सोसल डेमोक्रेटिक पार्टीले आफूले 'यसअघिका सरकारहरूले बनाएका सबै राजमार्गहरूको किलोमिटर जोड्दा पनि लामो हुने हुने राजमार्गहरू निर्माण गर्ने' वाचा गऱ्यो। चुनावी अभियानअघि, चुनावका क्रममा र पार्टीले सरकारको नेतृत्व गरेपछि उक्त

वाचा एउटा चर्चाको विषय बन्यो । यो एउटा विवेकपूर्ण वाचा थियो किनभने देशमा सन् २०१० मा ४० किलोमिटरभन्दा थोरै राजमार्गको सञ्जाल थियो । यसको अर्थ- चार वर्षको कार्यकालमा उक्त वाचा पूरा गर्न सजिलो थियो । सन् २०१० को आमनिर्वाचन सम्पन्न भएको साढे दुई वर्षपछि आजसम्म पनि आफ्नो क्षमता र विश्वसनीयताको प्रमाणका रूपमा सोही नीतिको उपयोग गरिहरेको छ किनभने सन् २०१४ मा हुने आगामी आम निर्वाचन अगाडि बोस्निया र हर्जगोभिनामा झण्डै ६० किलोमिटर लामो अतिरिक्त राजमार्ग निर्माण भइसक्नेछ ।

युनियन अफ डेमोक्रेटिक फोर्सेस, बुल्गेरिया

पार्टीको इतिहास र पृष्ठभूमि

सन् १९८९ मा बर्लिनको पर्खाल ढलेपछि बुल्गेरियाको लोकतान्त्रिक शासन पद्धतिमा संक्रमणकाल सुरु भयो । सडक संघर्षको कारण कम्युनिष्ट पार्टी सत्ता छाड्न बाध्य भयो ।नवोदित राजनीतिक दल, युनियन, नागरिक समाज सङ्गठन र क्लबहरूले कुनै ढिलाई नगरी दशकौंसम्म दबाइएको अभिव्यक्ति स्वतन्त्रता र सङ्गठन निर्माण गर्न पाउने स्वतन्त्रताको उपयोग गर्न थाले । सन् १९८९ को डिसेम्बर ७ मा समान राजनीतिक विचार भएका सङ्गठनहरू मिलेर युनियन अफ डेमोक्रेटिक फोर्सेस नामक पार्टी गठन गरे । सन् १९९० मा छओटा राजनीतिक दलहरू उक्त पार्टीमा आबद्ध भए । सोही वर्ष सम्पन्न भएको सन् १९३१ यताकै पहिलो स्वतन्त्र निर्वाचनमा युनियन अफ डेमोक्रेटिक फोर्सेस संसदको दोस्रो ठुलो पार्टीको रूपमा स्थापित हुँदै देशको प्रमुख प्रतिपक्षी दल बन्यो ।

क्लब, सङ्गठन, युनियन र राजनीतिक दलहरू मिलेर बनेको युनियन अफ डेमोक्रेटिक फोर्सेसभित्रै विभिन्न विचारधारा रहेको भए तापनि उक्त पार्टीले सुरुमा एकजुट भएर साम्यवाद विरोधी मुद्दालाई प्राथमिकतामा राख्यो । निर्वाचन मार्फत संसदमा गएर अन्य मुद्दाहरूमा नीति निर्माण गर्ने सम्बन्धमा चुनौतीको सामना गर्नु परेपछि सदस्यहरूलाई सामूहिक प्राथमिकताका विषयहरूमा आपसी सहमति कायम गर्न कठिन भयो । यिनै मतभेदका कारण उक्त गठबन्धन छिट्टै विभाजित भयो । उदाहरणको लागि, कम्युनिष्ट पार्टीका पूर्वनेताहरू विरुद्ध मुद्दा चलाउने विषयमा गठबन्धनभित्रै चारओटा धार देखापरे । यसले नीतिगत मुद्दाहरूमा सहमति कायम गर्न सक्ने युनियन अफ डेमोक्रेटिक फोर्सेसको क्षमतालाई अझ बढी कमजोर बनायो । यिनै अप्ठ्याराहरूका कारण सन् १९९१ को निर्वाचनअघि उक्त गठबन्धनको प्लेटफर्म केही नीतिगत मुद्दाहरूमा बाहेक अन्य सबैमा तटस्थ बस्यो । निर्वाचनमा युनियन अफ डेमोक्रेटिक फोर्सेसले विजय हासिल गरे तापनि आन्तरिक द्वन्द्व र विवाद कायमै रह्यो । यसैका कारण संसदमा सरकारविरुद्ध अविश्वासको प्रस्ताव पेश गरियो । सन् १९९४ को संसदीय निर्वाचनमा युनियन अफ डेमोक्रेटिक फोर्सेस पराजित भयो ।

पार्टीको विचारधारा स्पष्ट गर्ने प्रयास

सन् १९९४ मा पार्टीले इभान कोस्तोवलाई नयाँ अध्यक्षका रूपमा चयन गऱ्यो। विभिन्न समूहहरूलाई एकताबद्ध गरी समान राजनीतिक विचारधारा भएको एउटा औपचारिक पार्टी निर्माण गर्न कोस्तोभ प्रतिबद्ध हुनुभयो । यसबाट नै पार्टीको पहिचान स्थापित हुने र नीतिगत प्राथमिकताहरूलाई मूर्तरूप दिन सकिन्छ भन्नेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो । एउटा राजनीतिक दलभित्र रहेका सबै समूहहरूका लागि मान्य हुने वृहत् क्रिश्चियन लोकतान्त्रिक विचारधारा लागू गर्न कठिन हुने भए तापनि उक्त विचारधारा उक्त पार्टीभित्रका कम्युनिष्टविरोधी शक्तिहरूलाई एकै ठाउँमा ल्याउन महत्वपूर्ण हुने विश्वास गरियो । क्रिश्चियन लोकतान्त्रिक मूल्य मान्यताभित्र रही युरोपियन पिपुल्स पार्टीमा आबद्ध हुने र पार्टीभित्रकै फरक समूहहरूलाई एकताबद्ध गर्ने प्रयास स्वरूप उक्त पार्टीले कोनराड अडेनाउर फाउन्डेसनको सहयोगमा'चार्टर अफ द भ्याल्युज् एण्ड द प्रिन्सिपल्स् अफ युडीएफ एज अ युरोपियन पिपल्स् पार्टी' अर्थात्युरोपेली जनताहरूको पार्टीको रूपमा युनियन अफ डेमोक्रेटिक फोर्सेसको मूल्य मान्यता र सिद्धान्तको बडापत्र तयार गऱ्यो। युनियन अफ डेमोक्रेटिक फोर्सेसको स्पष्ट राजनीतिक धारको खाका बनाउन र पार्टीलाई परम्परागत राजनीतिक पार्टीसँग सम्बन्ध जोड्न उक्त दस्तावेज सफल भए तापनि विचारधाराको स्पष्ट किटान गर्ने प्रयासहरूका कारण प्रासंगिक मुद्दाहरूमा नीति निर्माण गर्न पार्टीसामु पर्याप्त समय र स्रोत साधनको अभाव भयो ।

नीति निर्माण सम्बन्धी नियम र संरचनाहरूको तयारी

यस अवधिमा पार्टीका नीति निर्माण सम्बन्धी संरचनालाई मूलधारमा ल्याउने प्रयासहरू पनि भए । नीति विकासलाई संस्थागत गर्ने प्रयास स्वरूप पार्टीले नीति तथा प्लेटफर्म विकास संरचनाहरू निर्माण गऱ्यो। पार्टीमा विभिन्न आवाजहरूको प्रतिनिधित्व गर्ने गठबन्धन साझेदारहरू ती समूहहरूमा सहभागी भए । ११ जना सदस्य रहेको राष्ट्रिय कार्य परिषद् गठन भयो जसमा पार्टी अध्यक्ष, चारजना नायव उपाध्यक्ष, सङ्गठनात्मक कार्य र स्थानीय संरचनाहरूसँग सञ्चार गर्न जिम्मेवार महासचिव, संसदीय समूहका अध्यक्ष

टेक्स्टबक्स १८ : सुधारका कार्यक्रमहरूको परिणामस्वरूप बनेको युनियन अफ डेमोक्रेटिक फोर्सेसका संचनाहरू

राष्ट्रिय अधिवेशनः हाल अस्तित्वमा नरहेको राष्ट्रिय अधिवेशन युनियन अफ डेमोक्रेटिक फोर्सेसको सबैभन्दा माथिल्लो निकाय रहेको थियो । उक्त निकाय पार्टीका विनियम तथा कार्यक्रमहरूको अनुमोदन तथा वैधानीकरण गर्न र राष्ट्रिय कारिकारिणी परिषद्का सदस्यहरूको प्रत्यक्ष चयन गर्न जिम्मेवार थियो ।

राष्ट्रिय कार्य परिषद् : यस निकायमा ११ जना व्यक्ति थिए । यस अन्तर्गत युनियन अफ डेमोक्रेटिक फोर्सेसका अध्यक्ष, चारजना नायव उपाध्यक्ष, सङ्गठनात्मक कार्य र स्थानीय संरचनाहरूसँग सञ्चार गर्न जिम्मेवार महासचिव, संसदीय समूहका अध्यक्ष र गठबन्धनमा सामेल विभिन्न पार्टीका चारजना निर्वाचित सांसदको प्रतिनिधित्व रहेका थिए । राष्ट्रिय समन्वय परिषद् हाल अस्तित्वमा छैन ।

राष्ट्रिय परिषद् : यो निकाय हालसम्म पनि अस्तित्वमा छ । अधिवेशनहरूका बिचमा यो पार्टीको सबैभन्दा माथिल्लो निकाय हो । यसमा स्थानीय संरचनाका अध्यक्षहरू र क्षेत्रीय निकायको नेतृत्वका एकएकजना सदस्य रहेका छन् । यस अन्तर्गत पार्टीको संसदीय समूहका सबै सांसद् राष्ट्रिय कार्य परिषद्का सदस्यहरू समेत सामेल छन् । धेरै जनसंख्या भएका सहरहहरूको अझ राम्रो प्रतिनिधित्व सुनिश्चित गर्न यस अन्तर्गत त्यस्ता सहरलाई विशेष प्राथमिकता दिई राष्ट्रिय परिषद्मा बढी प्रतिनिधित्व प्रदान गरिन्छ ।

नियन्त्रणकारी परिषद् (कन्ट्रोलिङ काउन्सिल) : यो एउटा निगरानी निकाय हो । यसको गठन राष्ट्रिय परिषद्द्वारा गरिन्छ र यसमा चारजना सदस्य रहन्छन् । यो हालसम्म पनि अस्तित्वमा छ । उक्त निकाय पार्टीका सबै तहमा आर्थिक कारोबारको सुपरिवेक्षण गर्न जिम्मेवार हुन्छ । युनियन अफ डेमोक्रेटिक फोर्सेसको सदस्य बन्न इच्छुक व्यक्तिहरूलाई अस्वीकार गरिएको भन्ने उजुरीहरू र पार्टीबाट निलम्बिन सदस्यहरूका विरुद्धमा परेका उजुरीहरूको सम्बोधन गर्न उक्त निकायलाई विशेषाधिकार प्राप्त छ ।

र गठबन्धनमा सामेल विभिन्न पार्टीका चारजना निर्वाचित सांसदको प्रतिनिधित्व रह्यो । राष्ट्रिय समन्वय परिषद्ले राष्ट्रिय कार्य परिषद्लाई आगामी स्थानीय निर्वाचनका लागि राष्ट्रिय निर्वाचन कार्यक्रम तयार गर्ने अधिकार दियो । विशिष्टकृत कार्यसम्पादन समूहहरूले विशिष्ट विषयगत क्षेत्रहरू जस्तैः स्वास्थ्य सेवा, शिक्षा, अर्थतन्त्र र कृषि लगायतका क्षेत्रहरू हेर्ने संसदीय आयोगहरूबाट उठाइएका निश्चित मुद्दाहरूमा आफ्नो ध्यान केन्द्रित गऱ्यो। यी समूहहरूमा युनियन अफ डेमोक्रेटिक फोर्सेसका स्थानीय तथा क्षेत्रीय संरचनाहरूका प्रतिनिधि र विभिन्न नीतिगत क्षेत्रका विज्ञहरू सामेल थिए । राष्ट्रिय कार्य परिषद्ले कार्यक्रमका आधारभूत बुँदाहरू तयार गर्न एक सामान्य कार्यसम्पादन समूह गठन गरी विशिष्टकृत कार्यसम्पादन समूहहरूद्वारा जोड दिइएका विचारहरूलाई त्यसमा समावेश गऱ्यो। यी कार्यसम्पादन समूहहरू तदर्थ भएकाले निर्वाचनपछि तिनीहरू अस्तित्व समाप्त भयो ।

सन् १९९५ को स्थानीय निर्वाचनपछि युनियन अफ डेमोक्रेटिक फोर्सेसले आफ्ना संरचनाहरूलाई पुनः संगठित गर्ने र आफ्ना मूल्य मान्यताहरू जनता समक्ष लैजाने कार्य जारी राख्यो । टेक्स्टबक्स १८ ले त्यसमा आएका परिवर्तनहरूलाई सारांशमा प्रस्तुत गरेको छ । निर्णय प्रक्रियामा स्थानीय संरचनाहरूको प्रभावलाई बढावा दिने प्रयासको परिणामस्वरूप बहुसङ्गठनात्मक तहहरूको निर्माण भई आन्तरिक सञ्चार जटिल बन्न गयो । शाखाहरूबाट क्षेत्रीय नेतृत्व (राष्ट्रिय संरचनाहरूमा सञ्चार गर्न जिम्मेवार निकाय) सम्म सूचना पुगेको समयमा तल्लो तहबाट सङ्

कलन गरिएका अधिकांश उपयोगी सूचना बिचैमा गायब वा गलत भइसकेको हुन्थ्यो र सुधारका लागि गरिएका स्थानीय सिफारिसहरू अक्सर प्रभावहीन बन्ने गर्थ्यो । सिद्धान्तहरूको दस्तावेज निर्माण गर्ने दिशामा आइपरेका यिनै चुनौती र सबैका प्रयासहरू एकसाथ सोही कार्यमा मात्रै केन्द्रित भएको कारण सन् १९९७ को निर्वाचनका लागि तयार गरिएको राजनीतिक कार्यक्रम उक्त पार्टीको घोषणापत्रको व्याख्या गर्ने दर्शनशास्त्रीय निबन्ध जस्तो बन्न पुग्यो र यसले विशिष्ट नीतिगत प्रस्तावहरूको सिंहावलोक प्रस्तुत गर्न सकेन । सन् १९९७ को निर्वाचनमा युनियन अफ डेमोक्रेटिक फोर्सेसले विजय हासिल गरे तापनि धेरैले उक्त सफलता प्राप्त गर्नुमा पार्टीको पुनः सङ्गठन भन्दा पनि अघिल्लो सरकारका खराब कामहरू नै मुख्य कारण भएको ठानेका छन् ।

सन् १९९७ र २००१ को बिचमा बुल्गेरियाले उत्तर एटलान्टिक सन्धि सङ्गठन(नेटो) र युरोपेली युनियनसँग आबद्ध हुने प्रक्रिया अगाडि बढाएपछि युनियन अफ डेमोक्रेटिक फोर्सेस नेतृत्वको सरकाले स्वास्थ्य सेवा, शिक्षा र निवृत्तिभरण प्रणाली जस्ता मुद्दाहरूमा शृंखलाबद्ध नीतिगत निर्णय गर्नुपर्ने समस्याको सामना गर्नुपर्‍यो। यसले पार्टीका गुटहरूमा प्रचण्ड बहसको परिस्थिति सिर्जना गर्‍यो। उक्त विभाजनका कारण पार्टीभित्र भएको विभाजन छताछुल्ल भई नीति प्रस्तावहरूमा ऐक्यबद्ध हुन कति संघर्ष गर्नुपरेको छ भन्ने बारेमा स्पष्ट भयो । नीतिगत विवादको समाधानका लागि पार्टीले आह्वान गर्न सक्ने संस्थागत संयन्त्रको अभाव कायमै थियो र सरकारभित्रै पनि नीतिगत धारणा बनाउन समेत कुनै प्रक्रिया अगाडि बढाइएको थिए । नीतिहरूका सम्बन्धमा राम्रोसँग सञ्चार, परीक्षण र अनुसन्धान हुन सकेन जसका कारण आमजनता र पार्टी सदस्यहरू पनि निश्चित निर्णयहरूको औचित्यका बारेमा स्पष्ट हुन सकेनन् । लम्बवत (माथिबाट हुँदै तल) निर्णय प्रक्रियाले यसअघि नै आफ्ना विचारलाई बेवास्ता गरिएको अनुभव गरेका केही पाटी सदस्यहरूलाई झन् बढी अधिकारविहीन बनायो । उदाहरणको लागि, सरकारमा रहेको बेला पार्टीका विभिन्न समूहहरूले सरकारी स्रोत साधनहरूको निजीकण गर्नु महत्वपूर्ण भन्ने सहमति गरे तापनि उक्त प्रक्रिया कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा सहमति कायम गर्न सकेका थिएनन् । केही सदस्यहरूले सबै चिजलाई पश्चिमा कम्पनीहरूद्वारा थोरै मूल्यमा छिट्टै निजीकरण गरिनुपर्नेमा जोड दिए । केहीले सेयर निष्काशन गरी कलकारखानाका कामदारहरूलाई वितरण गर्नुपर्ने माग गरे । अन्यले निश्चित क्षेत्रहरूलाई मात्रै निजीकरण गरी अन्यलाई सरकार मातहतमा राखिनुपर्ने बताए । निजीकरण गर्ने प्रक्रिया भष्टाचारबाट प्रेरित भएको र औसत बुल्गेरियाली नागरिकको हितमा नरहेको भन्ने आवाज बाहिर आएपछि भन्दै युनियन अफ डेमोक्रेटिक फोर्सेसप्रति पार्टी सदस्यहरूको विश्वास घट्न थाल्यो । आफ्ना विचारहरू राख्ने कुनै ठाउँ नभएको भन्दै निराश बनेका केही सांसदहरूले नीतिगत विमति जनाउँदै संसदीय समूहबाट राजीनामा दिए ।

सार्वजनिक रूपमै पार्टी नेताहरूले नीतिगत मद्दाहलाई छाडेर सिद्धान्तहरूको दस्तावेजमा उल्लेखित पार्टीका सिद्धान्त र मूल्य मान्यताहरूमाथि आफ्नो ध्यान केन्द्रित गर्ने प्रयास गरे । देशव्यापी रूपमा यी सिद्धान्तहरूलाई बढावा दिने कार्य परिषद्को प्रयासले उक्त पार्टी आमजनताको माग र हितबाट अझै पछाडि सरेको देखियो । पार्टीको ध्यान आफ्ना मूल्य मान्यतामाथि केन्द्रित भइरहँदा आमजनता भने निजीकरण प्रक्रियामा मौलाएको भ्रष्टाचार, देशका दुईओटा आणविक भट्टी बन्द गर्ने गरी युरोपेली संघसँग भएको सम्झौता, युनियन अफ डेमोक्रेटिक फोर्सेसका स्थानीय नेताहरूबाट भइरहेको अख्तियार दुरूपयोग जस्ता व्यवहारिक मुद्दाहरूका सम्बन्धमा सरकारको स्पष्ट धारणा सुन्न इच्छुक थिए ।

सन् २००१ मा सम्पन्न संसदीय निर्वाचनमा खराब नतिजाको सामना गरेपछि युनियन अफ डेमोक्रेटिक फोर्सेसले आफ्ना नियमहरूमा संशोधन तथा सुधार गरी नयाँ प्रावधानहरू समेट्यो जुन आजसम्म पनि विनियमहरूमा कायम छ । ती सुधारहरूमा अन्तरपार्टी सञ्चारलाई प्रभावकारी बनाउन स्थानीय तहका पार्टी संरचनाहरूको सरलीकरण, युवा र युनियन अफ डेमोक्रेटिक फोर्सेसमा आबद्ध महिला सङ्गठन जस्ता भ्रातृ सङ्गठनहरू र साना तथा मझौला उद्यम युनियनको हैसियत किटान र राष्ट्रिय निर्वाचन मुख्यालय तथा आन्तरिक निर्वाचन आयोगका भूमिका तथा जिम्मेवारीहरूको खाका तयार आदि छन् । विनियमहरूमा गरिएका संशोधनले पनि निर्वाचनपछि नीति निर्माणमा पार्टीले सामना गर्नुपरेका समस्यालाई सम्बोधन गर्ने प्रयास गर्‍यो। यी विनियमहरूले नीति विकास विज्ञ समूहहरूको निर्माण गरी प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बैठक बसी छलफल गर्नका लागि क्षेत्रगत नीति सचिवहरूको

टेक्स्टबक्स १९ : युनियन अफ डेमोक्रेटिक फोर्सेस पार्टीका नीति विकास समूहहरू

युनियन अफ डेमोक्रेटिक फोर्सेस पार्टीको नियम अनुसार नीति विकास समूहहरूका कार्यादेश देहाय बमोजिम छन् :

१. जल्दाबल्दा सार्वजनिक मुद्दाहरूका सम्बन्धमा नीतिपत्र तथा दस्तावेजहरू तयार गर्ने, पार्टीका सिद्धान्त तथा मूल्य मान्यता बमोजिम दिर्घकालीन रणनीति निर्माणमा सुझाव दिने, विधायिकी मस्यौदा लेख्ने, संसदीय नियन्त्रणका लागि प्रश्नहरू तयार गर्ने,
२. सम्बन्धित नगरपालिकासँग प्रासंगिक जल्दाबल्दा स्थानीय मुद्दाहरू सम्बन्धी नीतिपत्र तथा दस्तावेजहरूको मस्यौदा तयार गर्न स्थानीय संरचनालाई सहयोग गर्ने,
३. नियन अफ डेमोक्रेटिक फोर्सेस अन्तर्गत रहेको राष्ट्रिय कार्य परिषद् र राष्ट्रिय परिषद्को अनुरोधमा विभिन्न मुद्दाह(रूका सम्बन्धमा दस्तावेजहरूको मस्यौदा तयार गर्ने ।

क्षेत्रगत नीति सचिवहरूले राष्ट्रिय कार्य परिषद् र संसदीय समूहसँग नियमित रूपमा बैठक गर्दछन्। युनियन अफ डेमोक्रेटिक फोर्सेसका सांसदहरूले उनीहरूका सम्बन्धित संसदीय समितिमा छलफल गरिएका विषयवस्तुहरू सान(दर्भिक क्षेत्रगत नीति सचिव समक्ष पेश गर्नुपर्दछ ।

चयन गर्न राष्ट्रिय परिषद्लाई जिम्मेवारी दियो । टेक्स्टबक्स १९ मा यी नीति समूहहरूको कार्यादेश सारांशमा प्रस्तुत गरिएको छ । ती समूहहरूले अन्तरिम नीति दस्तावेज तथा पत्रहरू गरी मन्त्रीहरूको क्षेत्रगत लक्ष्य अनुसरण गरेका विषयमाथि विशेष ध्यान दिन्छन् । यसले पार्टीलाई प्रतिपक्षमा रहँदा प्रस्तावित नीतिहरूप्रति प्रतिक्रया जनाउन वा सरकारमा रहँदा आवश्यक उपायहरू अवलम्बन गर्ने अवसर प्रदान गर्दछ। विज्ञह समूहहरूले नीतिगत दस्तावेज तथा पत्रहरू तयार गरी स्वीकृति तथा अनुमोदनका लागि राष्ट्रिय कार्य परिषद् र राष्ट्रिय परिषद् समक्ष पेश गर्दछन्। त्यस सम्बन्धमा राष्ट्रिय कार्य परिषद् र राष्ट्रिय परिषद्ले प्रारम्भिक समीक्षा गरेपछि महाधिवेशन प्रतिनिधिहरूद्वारा स्वीकृत नीतिगत प्लेटफर्मनिर्माण गर्न पार्टीले उस्तै तर त्यो भन्दा ढिलो प्रक्रिया अवलम्बन गर्दछ ।

सन् २००१ मा सम्पन्न निर्वाचन पछिको अवस्थामा नीति विकासलाई संस्थागत गर्न भएको प्रगतिका बाबजुद क्षेत्रगत नीति सचिवहरूसँग पार्टीको अनुभव मिश्रित रहेको छ । केहीले अन्यको तुलानामा आफ्ना नीति प्रस्तावहरूमा राष्ट्रिय कार्य परिषद् र राष्ट्रिय परिषद्को स्वीकृति प्राप्त गर्न धेरै बढी सफलता हासिल गरेका छन् । यसका अतिरिक्त नीति विकासमा पार्टीसँग आबद्ध समूहहरूको सहभागिताका बारेमा पार्टीका नियमहरूमा उल्लेख गरिएको छैन र उक्त विषयलाई अक्सर बेवास्ता गर्ने गरिएको छ । परिणामस्वरूप यी समूहहरूले कहिलेकाहीँ अनुमोदन भएपछि मात्रै आफ्नो रुची वा विशेषज्ञता सम्बन्धी नीतिहरूका बारेमा थाहा पाउँछन् । तर हालैका वर्षहरूमा युनियन अफ डेमोक्रेटिक फोर्सेसले सरकारका थुप्रै निर्णयहरूमा आफ्नो प्रभाव पार्न सफलता प्राप्त गरेका छन् । नीतिगत क्षेत्रहरूको नेतृत्व गर्न राजनीतिक नेता वा विज्ञहरू नियुक्त गरिएका केही निश्चित विषयहरूमा पार्टीले विस्तृत र खोजपूर्ण नीतिहरू निर्माण गर्न सकेको छ । उदाहरणको लागि, आर्थिक नीति समूहको अध्यक्षमा अर्थतन्त्रको विषयमा कार्यरत एक गैरसरकारी संस्थाका पूर्वप्रमुखलाई नियुक्त गरियो । उक्त समूहले तयार गरेका थुप्रै नीतिपत्रहरूले प्रशंसा बटुलेका छन् ।

सिकेका पाठहरू

कम्युनिष्ट सरकारलाई पराजित गर्ने सुरुको लक्ष्यमा सफलता पाएको युनियन अफ डेमोक्रेटिक फोर्सेसले आफू सरकारमा गइसकेपछि सामुहिक नीगित एजेण्डामा विभाजित सदस्यहरूलाई एकै ठाउँमा ल्याउन सकेन ।

युनियन अफडेमोक्रेटिक फोर्सेस पार्टीको नीति प्रक्रियाको एक झलक

मस्यौदा निर्माण

नीति कार्यसम्पादन समूहहरूद्वारा अनुसन्धान र नीति प्रस्तावहरूको मस्यौदा तयार

↓

परामर्श

राष्ट्रिय कार्य परिषद्द्वारा मस्यौदा अनुमोदन गरी अनुमोदनका लागि राष्ट्रिय परिषद् समक्ष पेश

↓

अनुमोदन

नेतृत्वद्वारा स्वीकृत मस्यौदाहरू पार्टीका महाधिवेशन प्रतिनिधिहरूको औपचारिक अनुमोदन लागि पेश

सरकार चलाउँदाको दबाब त छँदै थियो, त्यसमाथि यी चुनौतीहरूका कारण पार्टी नेताहरूले कहिलेकाहीँ आपसी सहमतिका आधारमा भन्दा पनि का आधारमा नीति निर्माण गर्नुपर्‍यो। नयाँ चुनौतीहरू थपिएपछि पार्टीले आफ्नो विचारधारा प्रष्ट पार्ने र नीति निर्माण सम्बन्धी नियम तथा संरचनाहरूलाई अझ स्पष्ट गर्ने प्रयास अगाडि बढायो । एकातर्फ पार्टीका सिद्धान्तहरू समेटिएको दस्तावेज निर्माणले पार्टीभित्रै विभाजित समूहहरूलाई एक ढिक्का बनाउन सक्ने विचारधाराहरूको सँगालो प्रस्तुत गर्‍यो। अर्कोतर्फ युनियन अफ डेमोक्रेटिक फोर्सेसले आमजनतालाई परिचालन गर्ने गरी ती सिद्धान्तहरू बमोजिम विशिष्ट नीतिगत प्रस्तावहरूमा सन्तुलन कायम गर्न कठिनाइका सामना गर्नुपर्‍यो। परिणामस्वरूप, उक्त पार्टी धेरै मतदाताहरूको सम्पर्क बाहिर रहेको देखिन आयो । उक्त प्रक्रियामा पार्टी एकाइहरूलाई सहभागी गराउन उचित सन्तुलन कायम गर्ने प्रयास गर्दा नीति निर्माणलाई गति प्रदान र संस्थागत गर्न लामो समय लाग्यो । पहिल्यै तयार पारिएको विचारधारा तथा नीतिगत सहमति निर्माण प्रक्रियाले सन् १९९० को दशकमा पार्टीले भोगेका केही चुनौतीहरू कम गर्न मद्दत गरेको भए तापनि पार्टी सदस्यहरूबिच रहेको मतभेदमा कारण सुरुआती दिनहरूमा उक्त कार्य असम्भव जस्तै थियो । सन् १९९४ देखि सन् २००१ सम्मा पार्टी अध्यक्ष रहनुभएका इभान कोस्तोभले अर्को नयाँ खोल्न युनियन अफ डेमोक्रेटिक फोर्सेस परित्याग गर्नुभयो । युनियन अफ डेमोक्रेटिक फोर्सेसको अनुभवबाट धेरै अनुभव सँगाल्नुभएका कोस्तोभको नयाँ पार्टी डेमोक्रेट्स फर अ स्ट्रङ बुल्गेरियाले आफ्ना कार्यकारी सदस्यहरूलाई नीति विकास आयोगहरूको अध्यक्षता ग्रहण गर्ने जिम्मेवारी दियो । डेमोक्रेट्स फर अ स्ट्रङ बुल्गेरियाका वरिष्ठ नेताहरूको बढ्दो सङ्लग्नताले पार्टीभित्र ती आयोगहरूको सम्मान हुने सुनिश्चत गर्न गर्‍यो। यसका अतिरिक्त नीति विकासमा पार्टी नेताहरूको सक्रिय सहभागिताका कारण कार्यसम्पादन समूहका सदस्यहरूलाई काम गर्न प्रोत्साहन मिलेको छ । आयोगका सदस्यहरूले अक्सर आफ्ना आयोगले समेटका क्षेत्रहरूका लागि पार्टीका प्रवक्ता भई छायाँ मन्त्रीका रूपमा जिम्मेवारी निर्वाह गर्न र सरकारमा पार्टीको धारणा बनाउनका लागि अझ राम्रो तयारी गर्न आफूसँग भएको विशेषज्ञताको उपयोग गर्दछन्। उक्त प्रक्रियामा सांसद्हरूलाई समेत सङ्लग्न गराउने पद्धतिले पार्टीका नीति विकास कार्यसम्पादन समूह र संसदीय समूहहरूबिचको सम्बन्भ सुदृढ बनाएको छ जसका कारण ती निकायहरूका बिचमा धेरै मतभेद सिर्जना भएको छैन । नीतिगत मुद्दाहरूमा आपसी सहमति कायम गर्न सहज होस्

भन्नका लागि डेमोक्रेट्स फर अ स्ट्रङ बुल्गेरियाले उक्त प्रक्रियाको मानकीकरण गर्न नीतिपत्र विकासको ढाँचा तयार गर्नुका साथै सो कार्यमा सङ्लग्न हुने व्यक्तिहरूको संख्या पनि सिमित बनाएको छ । पछि आएर नीति कार्यसम्पादन समूहहरूमा डेमोक्रेट्स फर अ स्ट्रङ बुल्गेरियाका सम्बद्ध समूहहरूलाई पनि सङ्लग्न गरिएको छ। यसबाट उनीहरूका दृष्टिकोणलाई नीति विकास प्रक्रियामा समेट्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

द युनियन फर अ पपुलर मुभमेन्ट, फ्रान्स

पृष्ठभूमि र सारांश

फ्रान्सको द युनियन फर अ पपुलर मुभमेन्ट (अर्थात् लोकप्रिय आन्दोलनको लागियुनियन) पूर्वराष्ट्रपति ज्याक सिराकद्वारा थुप्रै मध्यदक्षिणपन्थी राजनीतिक दलहरूको एउटा गठबन्धनका रूपमा सन् २००२ मा गठन गरिएको थियो । राष्ट्रिय निर्वाचनपूर्व उक्त पार्टीले नीति र यसका व्यहोराहरूको प्लेटफर्मका विषयमा वृहत् परामर्शहरूको आयोजना गर्दछ। उदाहरणको लागि, सन् २००७ को राष्ट्रपति निर्वाचन र संसदीय निर्वाचनमा द युनियन फर अ पपुलर मुभमेन्टले 'प्रोजेक्ट फर फ्रान्स' (फ्रान्सको लागि परियोजना) सुरु गऱ्यो। यसअन्तर्गत ५०० भन्दा बढी नीतिगत प्रस्तावहरू तयार भए । सन् २०१२ को निर्वाचनपूर्व उक्त पार्टीले यस्तै प्रकारको अर्को अभियान 'प्रोजेक्ट २०१२' सार्वजनिक गऱ्यो। उक्त अभियान अन्तर्गत पार्टी सदस्य तथा समर्थक, विज्ञ समूह, पेशागत संघसस्था, निर्वाचित अधिकारी र पार्टीको सदस्य वा समर्थक नरहेका मतदाताहरूलगायत वृहत् जनस्तरबाट राय सङ्कलन गरियो । द युनियन फर अ पपुलर मुभमेन्टले आफ्नो स्थापनाकाल देखि नै नीति निर्माणका सम्बन्धमा वृहत् र समावेशी परामर्श अभ्यासको प्रयोग गर्दै आएको भए तापनि ती परामर्शहरू पार्टी विधानमा आधारित छैनन् ।बरु विभिन्न राजनीतिहरूको गठबन्धन र सामुहिक आन्दोलनलाई एकताबद्ध गरी परिचालन गर्नुपर्ने व्यवहारिक आवश्यकताबाट निर्देशित छन् ।[४७]

पार्टी नियमअनुसार नीति निर्माण

द युनियन फर अ पपुलर मुभमेन्ट विभिन्न नियम तथा आन्तरिक नियमावली तथा अन्य नियमावलीहरूबाट सञ्चालित छ । यी नियमावलीहरूले सदस्यहरूलाई पार्टीभित्रको बहसमा भाग लिन पाउने र कङ्ग्रेसमा मतदान गर्न पाउने अधिकार प्रत्याभूत गरेका छन् ।कङ्ग्रेसमा पार्टीका सबै सदस्यहरू रहन्छन् ।

द युनियन फर अ पपुलर मुभमेन्ट अन्तर्गत पार्टीका राष्ट्रिय सचिवहरू रहनेएक अभिमुखीकरण समिति हुन्छ । अभिमुखीकरण समिति पार्टीको प्लेटफर्म निर्माण तथा कार्यान्वयनको रेखदेख गर्न जिम्मेवार हुन्छ । साथै, उक्त समितिले पार्टी र सांसदहरूको आपसी समन्वय सुनिश्चित गर्दछ। पार्टीको राजनीतिक व्युरोले पार्टी अध्यक्षको प्रस्तावका आधारमा ती राष्ट्रिय सचिवहरूको नियुक्ती गर्दछ ।[४८]

व्यवहारमा नीति निर्माण

द युनियन फर अ पपुलर मुभमेन्टले नीति निर्माण सम्बन्धीविस्तृत र समावेशी विधि तयार गरेको छ । आफ्ना नीति प्रस्तावहरूका पृष्ठपोषण, विज्ञहरूको सल्लाह तथा राय लिन उक्त पार्टीले वृहत् जनमानस सम्म पुग्ने प्रयास गर्दछ। राष्ट्रिय निर्वाचनअघिका वर्षहरूमा यस प्रकारको व्यापक अभ्यास गरिएको छ र सो कार्यको रेखदेख द युनियन फर अ पपुलर मुभमेन्टका महासचिवले गर्दछन् ।

उदाहरणको लागि, सन् २००७ को राष्ट्रपति निर्वाचन र संसदीय निर्वाचनअघि द युनियन फर अ पपुलर मुभमेन्टले 'प्रोजेक्ट फर फ्रान्स' नामक नीतिमाथि व्यापक परामर्शको आयोजना गऱ्यो । उक्त नीतिको नारा 'भविष्यको प्लेटफर्म निर्माण गरौं : एक प्लेटफर्म, एक टोली' अर्थात् लेट्स् बिल्ड द प्लेटफर्म अफ द फ्युचर: वान प्लेटफर्म, वान टीम रहेको थियो । द युनियन फर अ पपुलर मुभमेन्ट धेरै राजनीतक दलहरूको एउटा गठबन्धन तथा आन्दोलन भएको हुँदा यसका सबै सदस्यहरूको समर्थनप्राप्त घोषणापत्र बनाउनु आवश्यक थियो ।

पार्टीका विधायकहरू रहेका नीति समितिहरू गठन गरियो । यी समितिहरूले विशिष्ट विषय वा शीर्षकहरूमा १६८ ओटा छुट्टाछुट्टै सम्मेलनको आयोजना गरे । सम्मेलनमा विभिन्न क्षेत्र तथा पृष्ठभूमिका विज्ञहरूलाई वक्ताका रूपमा आमन्त्रण गरियो । सम्मेलनले प्रतिवेदनहरू तयार गरी बहसका लागि द युनियन फर अ पपुलर मुभमेन्टको वेबसाइट मार्फत सार्वजनिक गऱ्यो। उक्त बहस सन् २००५ को मार्च महिनादेखि सन् २००६ को अक्टोबर महिनासम्म आयोजना गरियो । पार्टीको वेबसाइट मार्फत धेरैजसो सम्मेलन र बहसहरूको प्रत्यक्ष प्रशारण गरिएको थियो ।

साथै, पार्टीले आफ्ना सदस्यहरूको लागि एउटा विशेष पत्रिका जारी गर्दै नीति क्षेत्रहरूको सूचिलाई अति महत्वपूर्ण देखि

द युनियन फर अ पपुलर मुभमेन्टको घोषणापत्र निर्माण प्रक्रियाको एक झलक

मस्यौदा निर्माण

पार्टीका नीति समितिहरूद्वारा विषयहरूको पहिचान गरी विभिन्न पृष्ठभूमि भएका विज्ञहरूको सहभागितामा विषयगत छलफल मञ्चहरूको आयोजना

↓

परामर्श

मञ्चहरूले तयार गरेका प्रतिवेदनमाथि छलफल तथा बहसका लागि अनलाइन मार्फत प्रकाशन

↓

अनुमोदन

प्राथमिकता प्राप्त नीति प्रस्तावहरू पार्टीको राष्ट्रिय परिषद् र पूर्ण सदस्यको मतदानद्वारा अनुमोदित

कम महत्वपूर्णसम्म श्रेणीकरण गरी सर्वेक्षणमा सहभागी हुन निर्देशन दियो । पार्टी सदस्यहरूलाई अनलाइन मार्फत वा शाखा कार्यालयमै गएर नीति प्रस्तावहरू माथि मतदान गर्ने अवसर दिइएको थियो । परिणामस्वरूप, ५०० भन्दा नीतिगत प्रस्तावहरू तयार भए । पार्टी नेताद्वारा अध्यक्षता गरिएको तदर्थ घोषणापत्र समितिले ती नीतिहरूलाई प्रस्तावित घोषणापत्रमा समावेश गरी राष्ट्रिय परिषद् समक्ष पेश गऱ्यो। राष्ट्रिय परिषद्ले प्रस्तावमा आवश्यक संशोधन गरी घोषणापत्रको अन्तिम संस्करणलाई स्वीकृत गऱ्यो। त्यसपछि एक साताको समय दिएर उक्त घोषणापत्रलाई सबै सदस्यहरूको मतदानका लागि पार्टी शाखाहरूमा राखियो । घोषणापत्रको अन्तिम संस्करण देहाय बमोजिमका पाँच सिद्धान्तहरूमा आधारित थियो :

- काम र योग्यता,
- सुरक्षा र सम्मान,
- न्याय र समता,
- व्यक्तिगत जिम्मेवारी र जवाफदेहीता, र
- विश्वास

सन् २०१२ को निर्वाचन अघि द युनियन फर अ पपुलर मुभमेन्टले यस्तै किसिमको नीतिगत प्रक्रिया अवलम्बन गरेको थियो । यसलाई रेखाचित्र १४ र १५ मा सारांशमा प्रस्तुत गरिएको छ ।

सिकेका पाठहरू

द युनियन फर अ पपुलर मुभमेन्टका नियमहरूले पार्टी नीति कसरी निर्माण गर्ने भन्ने बारेमा सापेक्षिक रूपमा थोरै उल्लेख गरेको भए तापनि व्यवहारमा उक्त पार्टीले सन् २००७ र सन् २०१२ का राष्ट्रिय निर्वाचनका लागि घोषणापत्र बनाउन विस्तृत परामर्शात्मक क्रियाकलापहरू अवलम्बन गऱ्यो। साँच्चै नै उक्त पार्टीले आफ्नो स्थापनाकाल देखि नै वृहत् र समावेशी परामर्श अभ्यास गर्दै आएको छ । यी अभ्यासहरू पार्टी नियममा आधारित छैनन् । बरु विभिन्न राजनीतिहरूको गठबन्धन र सामूहिक आन्दोलनलाई एकताबद्ध गरी परिचालन गर्नुपर्ने व्यवहारिक आवश्यकताबाट निर्देशित छन् । यस्ता अनुभवले अधिकारीहरूलाई उनीहरूका व्यक्तिगत परिवेशमा सुहाउँदो नीति प्रक्रिया तयार गर्नकालागि लचक बनाउन पार्टी नियमलाई कसरी संरचित गर्न सकिन्छ भन्ने उदाहरण पेश गरेका छन्। द युनियन फर अ पपुलर मुभमेन्टले विभिन्न सरोकारवालाहरूलाई नीति प्रक्रियामा सहभागी गराउन

अनेक विधिहरू आत्मसात गरेको छ । ती विधिहरूमा अनौपचारिक सर्वेक्षण नीति मञ्चहरू (जसमध्ये केहीलाई इन्टरनेट मार्फत प्रत्यक्ष प्रशारण गरिन्छ), पार्टी पत्रिकाका विशेष संस्करण, पार्टी शाखामा गएर वा अनलाइन मार्फत नै मतदान गर्ने विकल्प आदि रहेका छन् । यी प्रक्रियाहरूको विस्तृत विवरण पार्टीका जनसम्पर्क सामग्रीहरूमा उल्लेख गरिएका छन् ।त्यसले उक्त पार्टी सबै वर्गका जनताको विचारहरू सुन्न तयार छ भन्ने सन्देश दिन मद्दत गरेको छ ।

रेखाचित्र १४ : द युनियन फर अ पपुलर मुभमेन्टको सन् २०१२ को घोषणापत्र निर्माण प्रक्रिया[४९]

डिसेम्बर २०१०	• सन् २०१२ को लागि घोषणापत्र निर्माण प्रक्रिया सुरु ।
जनवरी २०११	• नेशनल काउन्सिल अफ क्लब्स एण्ड थिङ्क ट्याङ्स (क्लब र विज्ञ समूहहरूको राष्ट्रिय परिषद्) गठन । नीति विकास प्रक्रियामा पार्टीमा आवद्ध ३३ ओटा क्लब र विज्ञ समूहरूरुको सहभागिता अभिवृद्धि गर्न यस्तो प्रकारको नयाँ अभियानको ढाँचा तयार पारिएको हो । उक्त परिषद्ले नीति सम्मेलनहरूको आयोजना गर्न मद्दत गर्नुका साथै यी कार्यक्रमका उपलब्धीहरूमाथि छलफल गर्न नियमित रूपमा बैठक गर्दछ । • नीति छलफलमा सहभागी हुन पार्टी संरचनाहरूलाई आमन्त्रण ।
मार्च-डिसेम्बर २०११	• २० ओटा भन्दा बढी नीति सम्मेलनको आयोजना । प्रत्येक सम्मेलनमा धर्मनिरपेक्षता, रोजगारी सिर्जना, ग्रामिण जनजीवन, आप्रवासन, समाजमा महिलाको भूमिका, सामाजिक लोकतन्त्रको भविष्य, सामाजिक न्याय, पर्यटन र विश्वव्यापीकरण जस्ता विभिन्न विषयगत क्षेत्रहरूमाथि बहस ।
सप्टेम्बर २०११	• गृष्मकालीन बैठकका क्रममा घोषणापत्र तयारीको स्थितीको अद्यावधिक ।
अक्टोबर ११	• पार्टी नेतृत्व, मन्त्री, सांसद र विभिन्न पार्टी समूहका प्रतिनिधिहरू सम्मिलित घोषणापत्र मस्यौदा समितिको पहिलो पटक आयोजना ।
नोभेम्बर २०११	• पहिलो सारांश सम्मेलन : सामाजिक तथा आर्थिक नीतिहरू । • दोस्रो सारांश सम्मेलन : शिक्षा र राज्यको भूमिका ।
नोभेम्बर २०११	• तेस्रो सारांश सम्मेलन : युरोप र विश्वमा फ्रान्सको भूमिका । • सन् २०१२ को घोषणापत्र मस्यौदा समितिको अन्तिम बैठक । • राजनीति व्युरो समक्ष मस्यौदा घोषणापत्र पेश । • पार्टी सदस्यहरूलाई मस्यौदा घोषणापत्र वितरण ।
जनवरी २०१२	• सदस्यहरूद्वारा मस्यौदा घोषणापत्रमाथि मतदान । • राष्ट्रिय परिषद्द्वारा घोषणापत्र स्वीकृत ।

रेखाचित्र १५ : संख्याको आधारमा द युनियन फर अ पपुलर मुभमेन्टको नीति प्रक्रिया

७८,०००	● पार्टीको वेबसाइट मार्फत नीतिहरूमाथि खसेको मत ।
१७,६००	● इमेल र पत्र मार्फत पेश ।
१३,०००	● नेशनल कन्फरेन्स (राष्ट्रिय सम्मेलन) का सहभागीहरू ।
८,०००	● घोषणापत्रमाथि गरिएका टिप्पणीहरू ।
५,००० भन्दा बढी	● कार्यसम्पादन समूहहरूको बैठक आयोजना ।
३९३	● २१ मन्त्री, ८६ सांसद र १९३ जना विज्ञ र विदेशी पाहुना सहित सम्मेलनमा सहभागी वक्ताहरू ।
१२०	● राष्ट्रिय सचिव, एसोसियसन र सांसद्का प्रतिवेदनहरू ।
५० भन्दा बढी	● नेशनल काउन्सिल अफ क्लब्स एण्ड थिङ्क ट्याङ्कद्वारा आयोजित औपचारिक वार्तालाप र सम्मेलनहरू ।
२७	● राष्ट्रिय सम्मेलनहरू

अन्तिम टिप्पणी – भाग २

१. एएनसीको विधान, डिसेम्बर २०१२ मा अन्तिम पटक संशोधन गरिएको । http://www.anc.org.za/show.php?id=10177

२. अफ्रिकन नेशनल कङ्ग्रेस, एएनसी विधानको नियम ५.१.३, सम्पादन एएनसी (म्यानगउन्गः एएनसी, २०१२), ७

३. यस घटना अध्ययन यहाँ उल्लिखित पुस्तकको सम्पादित संस्करण हो । पोलिटिकल पार्टीज्, पब्लिक पोलिसी एन्ड पार्टीसिपेटरी डेमोक्रेसी, सम्पादन श्यानन ओकनेल (वासिङ्गटन डीसीः एनडीआई, २०११) मा भएको श्या(नन ओकनेल, "कन्जरभेटिभ पार्टी, संयुक्त अधिराज्य"

४. आम निर्वाचनपछि कन्जरभेटिभ पार्टीले लिबरल डेमोक्र् याटसँग गठबन्धनमा बनाएका थिए ।

५. संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टी, कन्जरभेटिभ पार्टीको विधान, जुलाई २००४ मा संशोधन गरिएको । -लण्डनः कन्जरभेटिभ पार्टी, २००४), ६ (भाग ३, हरफ ११) ।

६. ऐ., १३

७. ऐ., १३

८. ऐ., १४

९. ऐ., ३०, ४४, ४७

१०. जोनाथन इसाबी, "ब्यारोनेस वार्सीले सीपीएफल(ाई पुनः सुरुवात गर्दै गर्दा आफू अध्यक्ष भएपछि पार्टी सदस्यका लागि के गरिन् भनेर व्याख्या गर्दै ।" टोरी डायरी कन्जरभेटिभ होम, जनवरी २७, २०११, http://conservativehome.blogs.com/theto-rydiary/2011/01/baroness-warsi-explains-what-she-has-done-forparty-members-since-becoming-chairman-as-she-relaunch.Html .

११. अउा२अयलकभचखबतष्खभकाअफमा इमेल पठाउन सकिन्छ ।

१२. "कन्जरभेटिभ पोलिसी फोरम", संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टी,

१३. स्टेफेन डब्ल्यु स्किमिड्ट, मार्क सी सेल्ली तथा बारबारा ए बार्डेस्, अमेरिकन गमरमेन्ट एन्ड पोलिटिक्स टुडेः ब्रिफ एडिसन, २००८-२००९ (बेलमोन्टः वाड्सवोर्थ सेन्गेज लर्निङ, २००८), १७३-७४ मा प्रकाशित "इन्ट्रेस्ट ग्रुप्स एन्ड पोलिटिकल पार्टीज"

१४. अझ एकिनका साथ भन्नुपर्दा कुनै निश्चित विष(यमा कसैको पक्षमा काम गर्ने वा कुनै विषयमा पैरवी गर्ने डेमोक्र्याटहरूहरूले ५९ प्रतिशतको दरमा आफ्ना सहकर्मीहरूहरू छान्छन् भने रिपब्लिकनहरूहरूले पनि आफ्नै पार्टीका सदस्यहरूहरूलाई अलि कम तर पनि ४१ प्रतिशतको उच्च दरमा समावेश गर्छन् (हेन्ज, लउम्यान, नेल्सन तथा स्यालिसबरी, १९९३: १७९) ।

१५. डेमोक्रेटिक न्शेनल कमिटी, २०१२ को डेमोक्रेटिक राष्ट्रिय सम्मेलनको लागि आह्वान (वासिङ्गटन डिसीः डेमोक्रेटिक पार्टी, २०१०), http://www.thegreen-papers.com/P12/2010-08-20-draFt_2012_call_for_convention_8_19_10.pdf.

१६. ऐ., ८।

१७. रिपब्लिकन न्शेनल कमिटी, रिपब्लिकन पार्टीका नियमह(रूहरू (वासिङ्गटन डिसीः रिपब्लिकन पार्टी, २०१२), https://www.gop.com/wp-content/up-loads/2012/09/2012_RULES_adopted.pdf

१८. सम्मेलनमा प्रतिनिधिहरूहरू हरेक पटक फरक तरिकाले चयन हुन्छन् । त्यसमा प्रतिनिधि सभाका सदस्यहरूहरू, गभर्नर जस्ता समग्र क्षेत्र प्रतिनिधित्व गर्ने निर्वाचित निर्वाचित प्रतिनिधिहरूहरू; अमेरिकी भुभागका पार्टी सदस्यहरूहरू तथा पार्टीको प्राइमरी निर्वाचनमा मत हाल्ने आंशिक सदस्यहरूहरू जो पार्टीको निश्चित सुत्रका आधारमा प्रतिनिधिका रूपमा चुनिएका छन् ।

१९. छाया सरकार, क्यानडाको ग्रीन पार्टी, ८/१४/२०१३ मा हेरिएको । http://www.greenparty.ca/con-tact/cabinet

२०. पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल, डिक्लेरेसन डे प्रिन्सिपियोस (डिस्ट्रिटो फेडरलः पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल, २०१३), http://pri.org.mx/transformandoamexico/documen-tos/declaraciondePrincipios2013.pdf

२१. रोय क्याम्पोस, प्याक्टो पोर मेक्सिको वाई लस पार्टीडस पोलिटिकोस (डिस्ट्रिटो फेडरलः कन्सल्टा मिटोफ्स्की, २०१२), http://consulta.mx/web/images/mex-icoopina/2012/20121203_na_Pactopormexi-co_PartidosPoliticos.pdf.

२२. रोय क्याम्पोस, मेक्सिकोः इभ्यालुयसन डे गोबियर्नो इनरिके पेना निएटो सेगुन्डो सेमेस्ट्रे (डिस्ट्रिटो फेडरलः कन्सल्टा मिटोफ्स्की, २०१२), http://consulta.mx/web/im-

ages/evgobierno/2013/evagob_trimestre2.pdf .

२३. पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल, इस्टाटुटोस् डेल पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल (न्युइभो लियोन : पीआरआई, २०१३), ८/१६/२०१३ मा हेरिएको, http://www.ife.org.mx/documentos/PPP/docs_pdf/Pri_estatUtos.PdF .

२४. ऐ.

२५. फाउन्डेसन कोलोसियो इस्टाडो डे मेक्सिको, इस्टाटुटो डे ला फाउन्डेसन कोलोसियो, ए. सी. (टोलुका: फ(ाउन्डेसन कोलोसियो इस्टाडो डे मेक्सिको, २०१३), http://colosioedomex.org.mx/node/35

२६. यस घटना अध्ययन तल दिइएको दस्ताबेजको सम्पादित तथा अद्यावधिक गरिएको संस्करण हो । पोलिटिकल पार्टीज्, पब्लिक पोलिसी एन्ड पार्टीसिपेटरी डेमोक्रेसी, सम्पादन श्यानन ओकनेल (वासिङ्गटन डीसी: एनडी(आई, २०११) मा भएको श्यानन ओकनेल, "लेबर पार्टी, संयुक्त अधिराज्य", १६(२१ ।

२७. संयुक्त अधिराज्यको लेबर पार्टी, लेबर पार्टीको नियम पुस्तिका २०१० । (लण्डन: लेबर पार्टी, २०१०), http://www.leftfutures.org/wp-content/uploads/2011/02/labour-Party-rule-Book-2010.pdf

२८. ऐ., १०

२९. ऐ., १०

३०. ऐ., १०

३१. यस घटना अध्ययन तल दिइएको दस्ताबेजको सम्प(ादित तथा अद्यावधिक गरिएको संस्करण हो । ओकनेल, "लेबर पार्टी, संयुक्त अधिराज्य", १८

३२. युयोर ब्रिटेन, द लेबर पार्टी, ८/१२/२०१३ मा हेरिएको http://www.yourbritain.org.uk

३३. "लेबर्स पोलिसी रिभ्यु", द लेबर पार्टी, ७/१९/२०१३ मा हेरिएको, http://www.yourbritain.org.uk/agenda-2015/policy-review.

३४. लेबर पार्टी, रिफाउन्डिङ लेबर : रियल चेन्ज फर पार्टनरसिप इन टु पावर, सम्पादन लेबर पार्टी (लण्डन: लेबर पाटी, २०१२), १० मा रहेको "एनेक्स ए : अ टाइमटेबल अफ एक्टिभिटी फ्रम नाउ अनटिल अ २०१५ जेनरल इलेक्सन" । http://www.leftfutures.org/wp-content/uploads/2012/09/re-FoUnding-la-BoUr-2012-report.pdf .

३५. लिबरल पार्टी अफ क्यानडा, विधान (भ्यानकुभार: लिबरल पार्टी अफ क्यानडा, २०११), ७/१४/२०१३ मा हेरिएको, http://convention.liberal.ca/files/2011/12/lPc-2009-constitution-en-revised-June018-2011.pdf.

३६. ऐ., ३१

३७. लिबरल क्रोनिकल्स: ६० इयर्स अफ द लिबरल पार्टी १९४६-२००६, सम्पादन जे मालाया तथा एफ एबेड -मनिला: फ्रेडरिक एबर्ट स्टिफटुङ, २००९), २८ मा रहेको एम क्वीजोन, तृतीय, "द लिबरल आइडेन्टिटी" ।

३८. रिफर्मिङ द फिलिपिन पोलिटिकल पार्टी सिस्टम: आइडियाज एन्ड इनिसियटिभ्स, डिबेट्स एन्ड डाइन(ामिक्स (मनिला: फ्रेडरिक इबर्ट स्टिफटुङ, २००९) मा जे टीहानकी, सिटिजन पार्टी लिंकेजेज इन द फिलिपि(न्स: फेलियर टु कनेक्ट ?

३९. लिबरलले राष्ट्रपति जितेको अन्तिम पटक भनेको डियोस्डाडो माकापागलले १९६१ को निर्वाचनमा जितेको हो ।

४०. पार्टीडो लिबरल पिलीपिनास, फिलिपिन्सको लिबरल पार्टीको संसोधित विधान । (सान हुआन: द लिबरल पार्टी अफ फिलिपिन्स, २००४), अगस्ट १३, २०१३ मा हेरिएको । http://www.liberalparty.org.ph/lP2012/liBerals_in_government/Pages/execUtive_files/lP_constitution.pdf.

४१. १९८९ मा स्थापना भएको एनआईपीएस फिलिपिन्समा उदारवाद तथा लोकतन्त्रलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने मुख्य ईन्स्टिच्यूट हो । उदार राजनीतिको लागि प्रतिबद्ध रहेको ईन्स्टिच्यूटले एलपी तथा अन्य उदार समुह तथा संस्थाहरूहरूसँग नजिकबाट काम गर्दछ । तर फिलिपिन्समा यो ईन्स्टिच्यूट एक स्वतन्त्र, गैर सरकारी संस्था र अन्य संस्था तथा पार्टीभन्दा फरक कानुनी व्यक्तिको रूपमा दर्ता भएको छ ।

४२. पार्टीडो लिबरल पिलीपिनास, पार्टीको संसोधित विधान, १० ।

४३. डब्ल्यु भिलाकोर्टा, नोयनोय: ट्रियुम्फ अफ अ पिपल्स क्याम्पेन, (मनिला: एनभिल पब्लिसिङ, इन्क, २०११)

४४. फोनबुइना, २०१२

४५. द न्यु डेमोक्रेटिक पार्टी अफ ब्रिटिस कोलम्बिया, द कन्स्टिच्युसन अफ द न्यु डेमोक्रेटिक पार्टी अफ ब्रिटिस कोलोम्बिया (बर्नावाई: एनडीपी-बीसी), २०१० । उक्त विधान विद्युतीय ढाचाँमा उपलब्ध छ जसलाई धधध। दअलमउ।अब मा रहेको वीसी एनडीपीको वेबसाइटमा पनि पाउन सकिन्छ वा वीसी एनडीपीको प्रादेशिक कार्यालयमा bcndp@bcndp.caपठाउन सकिन्छ ।

४६. द सोसियल डेमोक्रेटिक पार्टी, प्रोगाम - सोसी(जालडेमोक्राटस्के पार्टीजे बोस्ने आई हर्सगोभिने (साराजेभो: एसडीपी), अगस्ट १३, २०१३ मा हेरिएको । http://www.sdp.ba/dokumenti/dokumenti/Program_sdP_Bih.pdf

४७. यो घटना अध्ययन तल दिइएको दस्तावेजको सम्पादित तथा अद्यावधिक गरिएको अंश हो : पोलिटिकल पार्टीज्, पब्लिक पोलिसी एन्ड पार्टीसिपेटरी डेमोक्रेसी, सम्पादन श्यानन ओकनेल (वासिङ्टन डिसी: एनडीआई, २०११), ३४-३६ मा रहेको श्यानन ओकनेल, एल युनियन पाउर अन माउभमेन्ट पोपुलेयर, फ्रान्स ।

४८. युनियन पउर अन माउभमेन्ट पपुलेयर, लेस स्टाटट्स डे एलयुएमपी, http://www.u-m-p.org/sites/default/files/media/ documents/les-statuts2.pdfको धारा २१ ।

४९. प्रिपेरेसन डु प्रोजेटः अन लङ ट्राभेल डे कोप्रोडक्सन, ले म्यागाजिन डे एल युनियन ५५.४ (२०११):५ http://statique.lemouvementpopulaire.fr/divers/supp.mag%2055-Projet_2012_bdf.pdf

सन्दर्भ सामग्री

अफ्रिकन लिबरल नेटवर्क । एग्रिमेन्ट अफ अ ड्राफ्ट लिबरल मेनिफेस्टो फर अफ्रिका । जुन १३, २०१३ । http:// www.africaliberalnetwork.org/news_item.aspx¿x¿i_Pageid=14333&i_news_catid=18

अफ्रिकन नेशनल कङ्ग्रेसकङ्ग्रेस, विधान । म्यानगाउङ्ग: एएनसी, २०१२

अफ्रिकन नेशनल कङ्ग्रेसकङ्ग्रेस, टुवार्डस् अ प्यान अफ्रिकन म्यानिफेस्टो । अविदजान: एएनसी, २०१२

अमेरीकन पोलिटिकल साईन्स एसोसीएसन, टुवार्ड ए मोर रेस्पन्सिबल टु- पार्टी सिस्टम: अ रिपोर्ट अफ द कमीटि अन पोलि(टिकल पार्टिज । न्यूयोर्क: रैनहार्ट, १९५०

एन्डेवेग, रुडी एण्ड थोमासेन,ज्याक । पाथवेज टु पार्टी यूनीटि: साङ्शन्स, लोयल्टी, होमोजेनेटी, एण्ड डिभिजन अफ लेबर ईन द डट्च पार्लियामेन्ट,पार्टी पोलिटिक्स १७:५ (२०११): ६५५-६७२।

अष्ट्रेलियन लेबर पार्टी, नेशनल कन्स्टिच्युसन २००९ । http://www.alp.org.au/australian-labor/our-platform

बल, टेरेन्स एन्ड ड्याग्गर,रिचार्ड । पोलिटिकल आइडियोलोजी एन्ड द डेमोक्रयाटीक आईडिएल न्यूयोर्क: पिएरसन लन्गम्यान, २००६ ।

बेल, टिम एण्ड बर्गम्यान,टोर्जबोर्न । क्यापटिभ्स नो लन्गर बट सर्भेन्ट स्टील? कन्ट्र्याक्ट पार्लेमेन्ट्यारीजम एण्ड द न्यू माईनोरिटी गभर्नेन्स ईन स्वीडेन एण्ड न्यूजिल्याण्ड, गभर्मेन्ट एण्ड अपोजिशन ४१:३ (२००६): ४२२ ।

बेटम्यान, जोइल । इन द स्याडोज: द स्याडो क्याबिनेट इन अष्ट्रेलिया, अष्ट्रेलिया: पार्लियामेन्ट अफ अष्ट्रेलिया, २००८ ।

बेल्लामी, रिचार्ड, डेमेर्क्यासी, कम्प्रमाइज एण्ड द रेप्रेजेन्टेशन प्याराडक्स : कोएलिशन, गभर्मेन्ट एण्ड पोलिटिकल इन्टेग्रिटी, गभर्मेन्ट एण्ड अपोजिशन ४७:३ (२०१२): ४४३।

जैमी ब्लेक र भ्यान डे वाल्ले, निकोलस, पार्टिज् एण्ड ईस्युज् न फ्रान्कोफोन वेस्ट अफ्रिका: टुवार्ड्स अ थेउरी अफ नन-मोबिलाईजेशन, डेमोक्राटाईजेसन १८:५(२०११):११२५-११४५।

"म्याथिज्स बोगार्ड्स, कम्प्यारेटिभ स्ट्राटिजिज् अफ पोलिटिकल पार्टी रेगुलेशन," इन पोलिटिकल पार्टिज इन कन्फ्लिक्ट-प्रोन सोसाईटिज: रेगुलेशन, इन्जिनिएरिङ् एन्ड डेमोक्रेटिक डिभेलपमेन्ट, इडी.बेन रैली एन्ड पर् नोर्डलुन्ड, ४८-६६ टोक्यो: युनाइटेड नेशन्स युनिभर्सिटी प्रेस, २००८ ।

क्यानेडियन ग्रीन पार्टी, कन्स्टिच्युसन डु पार्टी भर्ट डु क्यानडा । ओटावा: क्यानेडियन ग्रीन पाटी, २०१२ । http://www.greenparty.ca/fr/party/documents/constitution

क्यानेडियन ग्रीन पार्टी, कन्स्टिच्युसन अफ द ग्रीन पार्टी अफ क्यानडा । ओटावा: क्यानेडियन ग्रीन पाटी, २०१२ । http://www.greenparty.ca/party/documents/constitution

रोय क्याम्पोस, मेक्सिको: इभ्यालुयसन डे गोबियर्नो इनरिके पेना निएटो सेगुन्डो सेमेस्ट्रे, डिस्ट्रिटो फेडरल: कन्सल्टा मिटोफ्स्की, २०१२, http://consulta.mx/web/images/evgobierno/2013/evagob_trimestre2.pdf ।

रोय क्याम्पोस, प्याक्टो पोर मेक्सिको वाई लस पार्टीडस पोलिटिकोस, डिस्ट्रिटो फेडरल: कन्सल्टा मिटोफ्स्की, २०१२, http://consulta.mx/web/images/mexicoopina/2012/20121203_na_Pactopormexico_PartidosPoliticos.pdf ।

केरी, जोन तथा रेयनल्ड्स, एन्ड्रियु । पार्टीज एन्ड एकाउन्टेबल गभरमेन्ट इन न्यु डेमोक्रेसिज । पार्टी पोलिटिक्स १३:२

(२००७):२५५-२७४ ।

कार्टी, केनेथ, पार्टीज एज फ्रानचाइज सिस्टम्सः द स्ट्राटर्किएल अर्जनाइजेशनल इम्पेरिटिभ । पार्टी पोलिटिक्स १०, जनवरी २००४: ५-२४

चिजम्यान, निक एन्ड मार्जा हिन्फेलार, पार्टिज, प्लाटफर्म्स, एन्ड पोलिटिकल मोबिलाईजेशनः द जामीबिएन प्रेजीडेन्शिएल इलेक्शन अफ २००८ । अफ्रिकन अफेर्स १०९:४३४ (२००९): ५१-७६ ।

कोसेम्यान्स, थियरी आदि । लिबरल प्रिन्सिपल्स कम्पेर्ड । डोर्नः ईएलएफ, २०११ ।

कोरोनेल, जे । आई थिंक (ट्यांक), दियरफोर आई एम (लिबरल) । फ्रिडम टु अर्गनाइज, सं जे कोरोनेल, ५१-६१ । मनिलाः काउन्सिल अफ एशियन लिबरल्स एन्ड डेमोक्र्याट्स, २०१२ ।

डेमोक्रेटिक नेशनल कमिटी, २०१२ को डेमोक्रेटिक राष्ट्रिय सम्मेलनको लागि आह्वान । वासिङ्गटन डिसीः डेमोक्रेटिक पार्टी, २०१०,http://www.thegreenpapers.com/P12/2010-08-20-draFt_2012_call_for_convention_8_19_10.pdf.

डेमोक्रेटिक नेशनल कमिटी, द चार्टर एन्ड बाइलज् अफ द डेमोक्रेटिक पार्टी । वासिङ्गटन डिसीः डेमोक्रेटिक पार्टी, २०१२ ।

डी वाइली, जिन मिसेल तथा चोलोभा, ब्लागोभेस्टा । द लिबरल पार्टीज इन सेन्ट्रल एन्ड इस्टर्न युरोपः विकनेस एन्ड पोटेन्सियल फाइनल रिपोर्ट । बेल्जियमः हाइज प्रिन्टर्स, २०१३ ।

रबिन एकस्ले, द ग्रीन स्टेटः रिथिंकीङ् डेमोक्रेसी एण्ड सोभेरेनिटी, क्यामब्रिज, म्यासाचुसेट्सः एमआईटी प्रेस, २००४ । http://books.google.com/books?id=1Pl2Ub5mFPoc&dq=isb-n:9780262550567&source=gbs_navlinks_s.

युरोपियन ग्रीनस । अ ग्रीन न्यु डिल फर युरोप । ब्रसेल्सः युरोपियन ग्रीनस, २००९ । http://europeangreens.eu/euro-archive/fileadmin/logos/pdf/manifesto_eUroPean_greens.pdf.

फर्न्यान्डेज-अल्बेर्टोस, जोसे् एण्ड लाप्युन्टे,भिक्टर । डुम्ड टु डिस्ग्री? पार्टी-भोटर डिस्सीप्लीन एण्ड पोलीसि ग्रिडलक अन्डर डिभाईडेड गभर्मेन्ट, पार्टी पोलिटिक्स १७:६ (२०११): ८०१-८२२।

फ्लेमिस ग्रीन पार्टी । प्रोग्राम्मा फेडेराल भरकिइजिन्जेन २०१० । ब्रसेल्सः फ्लेमिस ग्रीन पार्टी, २०१० । http:// groen.be/uploads/programma/groen_verkiezingsprogramma_2010.pdf

फ्लेमिस ग्रीन पार्टी । स्टाटुटेन ग्रोइन ! २०११ । ब्रसेल्सः फ्लेमिस ग्रीन पार्टी, २०१० । http://groen.be/uploads/docs/statuten_na_congres_van_19_maart_2011.pdf 154

फोबुयना, कारमेला । आरएच लः द लङ एन्ड रफ रोड । ऱ्यापलर बेटा, डिसेम्बर २८, २०१२ । http://www.rappler.com/newsbreak/18730-rh-lawthe-long-and-rough-road.

फ्र्याङ्कल्यान्ड, जिनी ई, लुकार्डी, पउल तथा रिहोउक्स, बेनोइट । ग्रीन पार्टीज इन ट्रान्जिसनः द एन्ड अफ ग्रास रुट डेमोक्रेसी ? पोलिटिकल स्टडिज रिभ्यु १० (२०१२) : ८५-१६० ।

फुकुमाया, फ्रान्सिस । द इन्ड अफ हिस्ट्री एन्ड द लास्ट म्यान । न्युयोर्कः फ्रि प्रेस, २००६ ।

फाउन्डेसन कोलोसियो इस्टाडो डे मेक्सिको, इस्टाटुटो डे ला फाउन्डेसन कोलोसियो, ए. सी., टोलुकाः फाउन्डेसन कोलोसियो इस्टाडो डे मेक्सिको, २०१२, http://colosioedomex.org.mx/node/35

ग्लोबल ग्रीनस, चार्टर अफ द ग्लोबल ग्रीनस (डाकार: ग्लोबल ग्रीनस, २०१२ । http://www.globalgreens.org/global-charter. 2012_0.pdf

गोन्जालेज-एकोस्टा, एड्वर्ड, पोलिटिकल पार्टिज एन्ड पोलिसी डिभेलपमेन्ट: द कन्डिसन्स विच लिड पोलिटिकल पार्टिज टु एडोप्ट प्रोग्रेसिभ पोलिसिज । यूएनडीपी/आईडीईए, जुलाई १, २००९ । जुन १३, २०१३ मा हेरिएको । www.idea.int/resources/analysis/pp_policy_development.cfm.

ग्रीन पार्टी अफ क्यानडा । बजेट ओभरभ्यु । ओटावा: ग्रीन पार्टी अफ क्यानडा, २०११ । http://www.greenparty.ca/platform2011/budget.

ग्रीन पार्टी अफ क्यानडा । इट्स टाइम टु भोट ग्रीन । ओटावा: ग्रीन पार्टी अफ क्यानडा, २०११ । http://www.greenparty.ca/ sites/greenparty.ca/files/attachments/greenbook-2011- en.pdf.

ग्रीन पार्टी अफ क्यानडा । भिजन ग्रीन । ओटावा: ग्रीन पार्टी अफ क्यानडा, २००७ । http://www.greenparty.ca/vision-green

ग्रीन पार्टी अफ क्यानडा । स्याडो क्याबिनेट । ओटावा: ग्रीन पार्टी अफ क्यानडा, २०११ । http://www.greenparty.ca/contact/cabinet.

गुन्थर, रिचर्ड तथा डाईमण्ड,ल्यारी, स्पिसिज अफ पोलिटिकल पार्टीज: ए न्यू टाइपोलोजी, पोलिटिकल पार्टिज ९.२ (२००३): १६७-१९९।

ह्यारीस, जोन, टाईम टु पुट द पार्टी ब्याक इन्टु कन्फ्रेन्स शीजन, द गार्डियन, अक्टोबर ८, २०१२, जुन १० २०१३

मा हेरिएको । http://www.guardian.co.uk/politics/2012/ oct/08/put-party-back-conference-season .

हारुप, रूप मार्टीन तथा मिलर, विलियम लकले । इलेक्सन्स एन्ड भोटर्स: अ कम्प्यारेटिभ इन्ट्रोडक्सन । ब्यासिङस्टक: म्याकलिन एजुकेसन, १९८७ ।

हेउड, एन्ड्रियु, पोलिटिकल आइडियोलोजिज्: एन इन्ट्रोडक्सन । न्युयोर्क: सेन्ट मार्टिन्स प्रेस, १९९२ ।

इन्टर अमेरिकन डेभलपमेन्ट बैंक । द पोलिटिक्स अफ पोलिसिज् । वासिङ्टन डीसी: इन्टर अमेरिकन डेभलपमेन्ट बैंक, २००६ ।

जोनाथन इसाबी, "ब्यारोनेस वार्सीले सीपीएफलाई पुन: सुरुवात गर्दै गर्दा आफू अध्यक्ष भएपछि पार्टी सदस्यका लागि के गरिन् भनेर व्याख्या गर्दै ।" टोरी डायरी कन्जरभेटिभ होम, जनवरी २७, २०११, http://conservativehome.blogs.com/thetorydiary/2011/01/baroness-warsi-explains-what-she-has-done-forparty-members-since-becoming-chairman-as-she-relaunch.Html .

केली, नर्म तथा एसीयाग्बोर, सेफाकोर, पोलिटिकल पार्टिज एण्ड डेमोक्रेसी ईन थियोरीटिकल एण्ड प्राक्टिकल पर्सपेक्टिभ्स: पार्लियामेन्ट्री ग्रुप्स, वासिङ्गटन डीसी: एनडीआई, २०११ ।

केन्याको निजी क्षेत्रको गठबन्धन । नेशनल बिजिनेस एजेन्डा । अन्तिम पटक संसोधित २०१३ । http://www.kepsaor.ke/index.php/resource-centre/national-business-agenda ।

केईएसपीए । नेशनल बिजिनेस एजेन्डा । अन्तिम पटक संसोधित २०१३ । http://www.kepsaor.ke/index.php/resource-centre/national-business-agenda.

किट्टिल्सन, मिकी कउल । वुमेन, पार्टीज् एन्ड प्ल्याटफर्मस् इन पोस्ट इन्डस्ट्रियल डेमोक्रेसीज् । पार्टी पोलिटिक्स १७:६६ (२०११): ६६-९२ ।

लेबर पार्टी, रिफाउन्डिङ लेबर : रियल चेन्ज फर पार्टनरसिप इन टु पावर, सम्पादन लेबर पार्टी, लण्डन: लेबर पाटी, २०१२, मा रहेको "एनेक्स ए : अ टाइमटेबल अफ एक्टिभिटी फ्रम नाउ अनटिल अ २०१५ जेनरल इलेक्सन" । http://www.left-futures.org/wp-content/uploads/2012/09/reFoUnding-la-BoUr-2012-report.pdf .

"लेबर्स पोलिसी रिभ्यु", द लेबर पार्टी, ७/१९/२०१३ मा हेरिएको, http://www.yourbritain.org.uk/agenda-2015/policy-review.

संयुक्त अधिराज्यको लेबर पार्टी, लेबर पार्टीको नियम पुस्तिका २०१० । (लण्डन: लेबर पार्टी, २०१०), http://www.leftfutures.org/wp-content/uploads/2011/02/labour-Party-rule-Book-2010.pdf

युयोर ब्रिटेन, द लेबर पार्टी, ८/१२/२०१३ मा हेरिएको http://www.yourbritain.org.uk

लिबरल डेमोक्र्याट्स । फेडरल कन्फ्रेन्स रिपोर्ट । न्युकासल गेट्सहेड: लिबरल डेमोक्र्याट्स । जुन १४, २०१३ मा हेरिएको । http://www.libdems.org/uk/siteFiles/resources/ docs/conference/2012-spring/2012%20new-castle-gateshead%20spring%20conference%20report.pdf.

लिबरल पार्टी अफ क्यानडा । डकुमेन्ट्स् । जुलाई १२, २०१३ मा हेरिएको । http://www.liberal.ca/party/documents/

लिबरल पार्टी अफ क्यानाडा, ह्याभ योर से, अ गाइड टु पोलीसि डिभेलभमेन्ट, ओटोवा: लिबरल पार्टी अफ क्यानाडा, २०१३, http://www.liberal.ca/files/2013/07/haveyoUr-say.v2013.pdf.

लिबरल पार्टी अफ क्यानडा, लिबरल पार्टी अफ क्यानडा कन्स्टिच्युसन । भ्यानकुभर: एलपीसी, २०११ ।

लिबरल पार्टी अफ क्यानडा वुमेन्स ककस । द पिंक बुक: अ पोलिसी फ्रेमवर्क फर क्यानडाज् फ्युचर, भोलुम १ । ओटोवा: लिबरल वुमेन्स ककस, २००६ ।

लिबरल पार्टी अफ फिलिपिन्स । पार्टी इन पावर: द लिबरल पार्टी स्ट्राटेजिक प्लान २००४-२०१० । मनिला: लिबरल पार्टी अफ फिलिपिन्स, २००५ ।

मैर, पिटर । द वेस्ट युरोपियन पार्टी सिस्टम । रेभ्युई इन्टरनेशनल डे ड्रोइट कम्पेरे ४३: ३ (१९९१): ७४४ ।

मैर, पिटर, हाऊ पार्टिज् अर्गनाईज: चेन्ज एण्ड एड्याप्टेशन इन पार्टी अर्गनाईजेसन्स् इन वेस्टर्न डेमोक्यासिज् , लण्डन: सेज पब्लिकेसन्स, १९९४ ।

मैर, पिटर तथा मुड्डे,कास, द पार्टी फ्यामिली एण्ड इट्स स्टडी,एनअल रीभ्यू अफ पोलिटिकल साइन्स १ (जुन १९९८):२११-२२९

मालोभा, डरिना तथा क्राउज,केभिन, पार्लियामेन्टरी पार्टी ग्रुप्स ईन स्लोभाकिया, इन पार्लियामेन्टरी पार्टी ग्रूपस ईन यूरोपियन डेमोक्र्यासिज, नुट हैडर एण्ड रुड कोले, १९५-२१३ (लण्डन: रुटलेड्ज, २०००)।

मान्टाशे, गुवीडे । एएनसी स्टेटमेन्ट अन पोलिसी कन्फेरेन्स स्टेट अफ रेडिनेस । एएनसी, जुन २५, २०१२ । जुन १४, २०१३ मा हेरिएको । http://www.anc.org.za/show.php?id=9719 ।

बिल मार्स आदि । अ न्यु गाइड टु द डेमोक्रेटिकडेमोक्रेटिक हर्ड ।द न्यू योर्क टाईम्स, अगष्ट ३०, २०१२ मा अद्यावधिक गरिएको । http://www.nytimes.com/interactive/2012/09/02/ sunday-review/a-new-guide-tothe-demo-

cratic-herd. html?ref=sunday-review

मे, जोन । अपिनियन सट्रक्चर अफ पोलिटिकल पार्टीज्: द स्पेशल ल अफ कर्भिलिनियर डिस्प्यारिटी । पोलिटिकल स्टडिज २.२ (१९७३): १३५-५१ ।

मकगान, जेम्स, थिंक ट्यांक एन्ड पोलिसी एडभाइस इन द युएस । फिलाडेल्फिया: फरेन पोलिसी रिसर्च ईन्स्टिच्यूट, २००५ ।

मिडोज्, डोनेला । द लिमिट्स टु ग्रोथ: अ रिपोर्ट फर द क्लब अफ रोम्स प्रोजेक्ट अन द प्रेडिकामेन्ट अफ म्यानकाइन्ड । न्युयोर्क : युनिभर्स बुक्स, १९७४ ।

पर्सपेक्टिभ्स् अन पोलिटिकल पार्टीज्, स्कारोको सम्पादन, ११२ । न्युयोर्क: पालग्रेभ म्याकमिलान, २००२ मा मोर्से, एन्सन । ह्वाट इज पार्टी ?

नेशनल इस्टिच्युट फर पोलिसी स्टडिज । अबाउट एनआईपीएस । http://www.nips.org.ph/about.php

नागोउरनी, एडम । जीओपी एडप्ट्स प्युरिटी प्लेज आफ्टर रिभिजन्स् । द न्युयोर्क टाइम्स, जनवरी ३०, २०१० । जुन १०, २०१३ मा हेरिएको । http://www.nytimes.com/2010/01/30/us/politics/30purity.html.

नागोउरनी, एडम । जीओपी कन्सिडर्स प्युरिटी रिजोलुसन फर क्यानिडेट्स । द न्युयोर्क टाइम्स, नोभेम्बर २९, २००९ । जुन १०, २०१३ मा हेरिएको । जततउस्ररतजभअबगअगकादयिनक। लथतष्भकाअफरद्दण्ण्ढरज्ञज्ञरद्दघरनयउ(अयलकष्मभचक(उग(चष्तथ(चभकयगितष्यल(ायच(अबलमष्मबतभक।

एनडीआई, वोलिभियाज् पोलिटिकल पार्टी सिस्टम एन्ड द इन्सेन्टिभ्स फर द प्रो पुअर रिफर्म । वासिङ्टन डिसी: एनडीआई, २००५ ।

एनडीआई, म्यानुअल अन पोलिटिकल पार्टी आइडेन्टिटी एन्ड आइडियोलोजी । वासिङ्टन डिसी: एनडीआई, २००८ ।

एनडीआई, पेरुज् पोलिटिकल पार्टी सिस्टम एन्ड प्रमोसन अफ प्रो पुअर रिफर्म । वासिङ्टन डिसी: एनडीआई, २००५ ।

एनडीआई, पोलिटिकल पार्टीज्, पब्लिक पोलिसी एन्ड पार्टिसिपेटरी डेमोक्रेसी । वासिङ्टन डिसी: एनडीआई, २०११ ।

एनडीआई, सेलेक्टिङ क्यान्डिडेट्स फर लेजिस्लेटिभ अफिस । वासिङ्टन डिसी: एनडीआई, २००८ ।

न्यु डेमोक्रेटिक पार्टी अफ ब्रिटिस कोलम्बिया, द कन्स्टिच्युसन अफ द न्यु डेमोक्रेटिक पार्टी अफ ब्रिटिस कोलोम्बिया, बर्नावाई: एनडीपी-बीसी, २०१० ।

नोभो डुरस्ट्भो, नोभो डुरस्ट्भो (द न्यु सोसाइटी) । अन्तिमपटक अद्यावधिक गरिएको २००६ । जततउस्ररधधधालयखयम(चगकतखयालभत ।

पार्टीडो लिबरल पिलीपिनास, फिलिपिन्सको लिबरल पार्टीको संसोधित विधान । (सान हुआन: द लिबरल पार्टी अफ फिलिपिन्स, २००४), अगस्ट १३, २०१३ मा हेरिएको । http://www.liberalparty.org.ph/lP2012/liBerals_in_government/Pages/execUtive_files/lP_constitution.pdf.

द न्यू योर्क टाईम्स, अ न्यु गाइड टु द डेमोक्रेटिक हर्ड ।अगष्ट ३०, २०१२ मा अद्यावधिक गरिएको । http://www.nytimes.com/interactive/2012/09/02/ sunday-review/a-new-guide-tothe-democratic-herd. html?ref=sunday-review

नोरीस,पिप्पा । मेज ल अफ कर्भिलिनियर डिस्प्यारीटि रीभिजिटेडः लिडर्स, अफिसर्स, मेम्मबर्स एण्ड भोटर्स ईन ब्रिटिस पोलि(टिकल पार्टिज,पार्टी पोलिटिक्स १.१ (जनवरी १९९५): २९-४७ ।

ओकनेल, श्यानन तथा एनडीआई । पोलिटिकल पार्टीज्, पब्लिक पोलिसी एन्ड पार्टीसिपेटरी डेमोक्रेसी, (वासिङ्गटन डीसी: एनडीआई, २०११

पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल, डिक्लेरेसन डे प्रिन्सिपियोस, डिस्ट्रिटो फेडरलः पार्टीडो रिभोलुसियोनारियो इ(न्स्टच्युसनल, २०१३ ।

http://pri.org.mx/transformandoamexico/documentos/declaraciondePrincipios2013.pdf.

पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल, इस्टाटुटोस् डेल पार्टीडो रिभोलुसियोनारियो इन्स्टिच्युसनल (न्युइभो लियोन : पीआरआई, २०१३), ८/१६/२०१३ मा हेरिएको, http://www.ife.org.mx/documentos/PPP/docs_pdf/Pri_estat-Utos.PdF .

आकाश

पउन, आकाश तथा ह्यालिफ्याक्स, स्टुआर्ट । अ गेम अफ टु हाल्भ्सः हाउ कोयलिसन गभरमेन्ट्स रिन्यु इन मिड टर्म एन्ड द लास्ट फुल टर्म । लण्डनः ईन्स्टिच्यूट फर गभरमेन्ट, २०१२ ।

प्रिपेरेसन डु प्रोजेटः अन लङ ट्राभेल डे कोप्रोडक्सन, ले म्यागाजिन डे एल युनियन ५५.४ (२०११):५ । http://www.wo-book.com/WBp71dk4ag5r-5-a/03-nicolas-sarkozy/Page-5.html

लिबरल क्रोनिकल्सः ६० इयर्स अफ द लिबरल पार्टी १९४६-२००६, सम्पादन जे मालाया तथा एफ एबेड -मनिलाः एलपीको साठीऔं वार्षिकोत्सव आयोजक समिति, २००६)मा रहेको एम क्वीजोन, तृतीय, "द लिबरल आइडेन्टिटी" ।

स्टेटमेन्ट बाई द हेड अफ द एएनसी एनईसी पोलिसी सब- कमिटी अन द रिलिज अफ पोलिसी डिस्कशन डक्यूमेन्ट्स, एएनसी, मार्च ५, २०१२, जुन १४, २०१३ मा हेरिएको, http://www.anc.org.za/show.php?id=9418.

रैली,बेन, डेमोक्रेसी ईन डिभाडेड सोसाईटिज् : ईलेक्टोरल ईन्जिनियरिङ् फर कन्फ्लिक्ट म्यानेजमेन्ट, क्यामब्रिजः क्यामब्रिज युनिभर्सिटी प्रेस, २००१ ।

रेनटउल, जोन, "डिफाइनिङ मोमेन्ट याज व्लेयर वीन्स ब्याकिङ फर क्लज आईभी ।" द इन्डिपेन्डेन्ट, मार्च १४, १९९५ । जुन १०, २०१३ मा हेरिएको । http://www.independent.co.uk/news/defining-moment-as-blair-winsbacking-for-clause-iv-1611135.html

रिपब्लिकन नेशनल कमिटी, रिपब्लिकन पार्टीका नियमहरू (वासिङ्गटन डिसीः रिपब्लिकन पार्टी, २०१२), https://www.gop.com/wp-content/uploads/2012/09/2012_RULES_adopted.pdf .

रडरिगेज, ए.एम., द मिथ अफ द पार्टीः द लिबरल्स बिट्वीन ट्रेडिसनल एन्ड न्यु पोलिटिक्स । पिलिपिनास ४४ (२००५): ११-३२, १५५ ।

पोलिटिकल पार्टी सिस्टम्स एन्ड डेमोक्रेटिक डेभलपमेन्ट इन इस्ट एन्ड साउथइस्ट एशिया, सम्पादन डब्ल्यु. स्याकसेनरोडर तथा ई. फ्रिन्ज्स, १-३५, एल्डरसट, इंगल्यान्डः आशगेट पब्लिशिङ लि., १९९८ मा स्याकसेनरोडर, डब्ल्यु., पार्टी पोलिटिक्स एन्ड डेमोक्रेटिक डेभलपमेन्ट इन इस्ट एन्ड साउथइस्ट एशियाः अ कम्प्यारेटिभ भ्यु ।

अमेरिकन गभरमेन्ट एन्ड पोलिटिक्स टुडेः ब्रिफ एडिसन, २००८-२००९ । बेलमोन्टः वाड्सवोर्थ सेन्गेज लर्निङ, २००८, मा प्रकाशित स्किमिड्ट, स्टेफेन डब्ल्यु, सेल्ली, मार्क सी तथा बार्डेस्, बारबारा ए, इन्ट्रेस्ट ग्रुप्स एन्ड पोलिटिकल पार्टीज्

सुसन स्किमिड्ट एण्ड जेम्स भी. ग्रीमाल्डी, "द फास्ट राईज एण्ड स्टिप फल अफ ज्याक एब्रामोओफ" द वासिङ्टन पोस्ट, डिसेम्बर २९, २००५, जुलाई १५, २०१३ मा हेरिएको ।

http://www.washingtonpost.com/wp-dyn/content/article/2005/12/28/ar2005122801588.html

सोसिजालडेमोक्राटस्का पार्टीजा हाभ्राट्स्के । एसडीपी होमपेज । अगस्ट १८, २०१३ मा हेरिएको । www.sdp.hr/naslovna

स्टीन, एरनेस्टो, टोम्मासी, मारियनो, इकेबारिया, कोल्डो, लोरा, इडुआर्डो, तथा पायने, मार्क । द पोलिटिक्स अफ पोलिसिज् । वासिङ्टन डीसीः इन्टर अमेरिकन डेभलपमेन्ट बैंक, २००६ ।

स्वीडिस सोसल डेमोक्र्याटीक पार्टी, रूल्स फर द कोअपरेशन बिटवीन द इलेक्टेड रेप्रेजेन्टेटिभ्स एण्ड द पार्टी अर्जनाईजेशन्स, इन कन्स्टीट्यूशन, ३३ । स्टकहोमः एसपपी, २००१

टागुईवालो, एम । द लिबरल पार्टी अफ फिलिपिन्सः आइडेन्टिटी एन्ड डेस्टिनी याज द पोलिटिकल पार्टी अफ ब फ्युचर पि(फिलिपिन्स । लिबरल पार्टीको ६० औँ वार्षिकोत्सवमा गरिएको प्रस्तुति, जनवरी १६, २००६ ।

टेलर, ब्रोन । अ ग्रीन फ्युचर फर रिलिजन ? फ्युचर्स ३६ (२००४): ९९१-१००८ । http://www.brontaylor.com/environmental_articles/pdf/taylor--greenFuture4rel.

रिफर्मिङ द फिलिपिन पोलिटिकल पार्टी सिस्टमः आइडियाज एन्ड इनिसियटिभ्स, डिबेट्स एन्ड डाइनामिक्स (मनिलाः फ्रेडरिक इबर्ट स्टिफटुङ, २००९) मा टीहानकी, जे, सिटिजन पार्टी लिंकेजेज इन द फिलिपिन्सः फेलियर टु कनेक्ट ?

टीहानकी, जे, लिबरलिज्म अ प्राइमर । माकाटी सिटीः नेशनल ईन्स्टिच्यूट फर पोलिसी स्टडिज, २००५ ।

द सोसियल डेमोक्रेटिक पार्टी, प्रोगाम - सोसीजालडेमोक्राटस्के पार्टीजे बोस्ने आई हर्सगोभिने (साराजेभोः एसडीपी), अगस्ट १३, २०१३ मा हेरिएको । http://www.sdp.ba/dokumenti/dokumenti/Program_sdP_Bih.pdf

ट्रोय, टेभी । डिभ्यालुइङ द थिंक ट्यांक । नेशनल अफेयर्स १० (२०१२): ७५-९० ।

उफेन, ए, पोलिटिकल पार्टी एन्ड पार्टी सिस्टम इन्स्टिच्युसनलाइजेसन इन साउथइस्ट एशियाः अ कम्प्यारिजन अफ इन्डोनेशिया, फिलिपिन्स तथा थाइल्यान्ड । जीआईजीए कार्यपत्र नं ४४, २००७

संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टी । बिल्ट टु लास्ट । जुन १३, २०१३ मा हेरिएको । http://conservativehome.blogs.com/torydiary/files/ built_to_last.pdf.

संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टी । कन्जरभेटिभ पोलिसी फोरम । http://www.conservativepolicyforum.com

संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टी । कन्जरभेटिभ पार्टीको विधान । वेस्टमिन्स्टरः कन्जरभेटिभ पार्टी ।

संयुक्त अधिराज्यको लिबरल डेमोक्र्याट्स । विधान । ब्राइटनः संयुक्त अधिराज्यको लिबरल डेमोक्र्याट्स, २०१२ ।

युनियन पउर अन माउभमेन्ट पपुलेयर, लेस स्टाटट्स डे एलयुएमपी, http://www.u-m-p.org/sites/default/files/media/ documents/les-statuts2.pdf को धारा २१ ।

भिलाकोर्टा, डब्ल्यु नोयनोयः ट्रियुम्फ अफ अ पिपल्स क्याम्पेन, मनिलाः एनभिल पब्लिसिङ, इन्क, २०११

वान्टचेकन, लिवोनार्ड । पोलिसी डेलिबरेसन एण्ड भोटिङ् बिहेभिएरः एभिडेन्स फ्रम ए क्याम्पेन एक्सपिरिमेन्ट इन बेनिन, (प्रिन्स्टन यूनिभर्सीटिः अप्रकाशित (२०१३)।

पर्सपेक्टिभ्स अन पोलिटिकल पार्टीज, इड. स्कारो, १६४ न्यूयोर्कः पालग्रेभ म्याक्मिलन, २००२, मा वुडरो विल्सन, १८८५, रेस्पनसीबल पार्टी गभरमेन्ट ।

वोलीनेट्ज, स्टीभ बी., द ट्रान्सफर्मेसन अफ वेस्ट्रन यूरोपीयन पार्टी सिस्टम्स्, वेस्ट युरोपियन पोलिटिक्स २:१ (१९७९), २२ ९-२३० ।

जेकब जुमा, स्टेटमेन्ट अफ द नेशनल एक्जेक्यूटिभ कमिटी अन द ओकेजन अफ द १०१ एनीभर्सरी अफ द एएनसी अफ्रिकन नेशनल कङ्ग्रेसकङ्ग्रेस, जनवरी ८, २०१३, जुन ११, २०१३ मा हेरिएको । http://www.anc.org.za/show.php?id=10013.156

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स
२०३० एम स्ट्रीट, एनडब्लू
पाँचौ तल्ला
वाशिङ्टन, डिसी २००३६
टेलिफोन : २०२-७२८-५५००
फ्याक्स : २०२-७२८-५५२०
वेबसाइट : www.ndi.org